CC-0. In Public Domain. Digitization by eGangotri

A257

ऐतिहासिक र सामाजिक सन्दर्भमा

गोरखादरबारक्षेत्रको सांस्कृतिक पक्ष : यसको उद्भव र विकास

(समाजशास्त्रीय-मानवशास्त्रीय अध्ययन)

Sociological-Anthropological Research on

The Gorkha Palace Complex : The Origin and Development of its rituals and traditions

अनुसन्धानकर्ता
लोकप्रसाद शर्मा भट्टराई

प्रकाशक

महेन्द्र-संस्कृत-विश्वविद्यालय

बेलझुण्डी, दाङ, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म.सं. वि. को विभिन्न जातजातिको सांस्कृतिक अनुसन्धान आयोजनाअन्तर्गत
अनुसन्धान गरिएको परियोजनाको प्रतिवेदन

ऐतिहासिक र सामाजिक सन्दर्भमा

गोरखादरबारक्षेत्रको सांस्कृतिक पक्ष : यसको उद्भव र विकास

(समाजशास्त्रीय-मानवशास्त्रीय अध्ययन)

Sociological-Anthropological Research on

The Gorkha Palace Complex : The Origin and Development of its rituals and traditions

अनुसन्धानकर्ता
लोकप्रसाद शर्मा भट्टराई

महेन्द्र-संस्कृत-विश्वविद्यालय

बेलझुण्डी, दाङ, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक :

गोरखादरबारक्षेत्रको सांस्कृतिक पक्ष : यसको उद्भव र विकास

प्रकाशक :

महेन्द्र-संस्कृत-विश्वविद्यालय

बेलझुण्डी, दाङ

प्रकाशन मिति :

चैत्राष्टमी, २०५४

संस्करण :

प्रथम

प्रकाशित प्रति :

१००० थान

मूल्य : २८५/-

कम्प्युटर विन्यास :

पपुलर कम्प्युटर सर्भिसेज प्रा. लि.

पुतलीसडक, काठमाडौं

पोष्टबक्स नं. ३८८०

मुद्रक नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स कोअपरेटीभ लि.
डिल्लीबजार, काठमाडौं फोन नं. ४२७४५६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मति

परापूर्वकालदेखि नै नेपालको इतिहासमा राजपरम्पराको अत्यन्त गौरवमय स्थान रहेको छ। हाम्रा शाहवंशीय राजाहरूमध्ये प्रतापी राजा द्रव्यशाह, न्यायमूर्ति राजा रामशाह, राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राष्ट्रपिता श्री ५ त्रिभुवन, साहित्य, कला एवं संस्कृतिका समुन्नायक तथा संस्कृत-वाङ्मयका मर्मज्ञ श्री ५ महेन्द्र र राष्ट्रंको सर्वाङ्गिण विकास र नेपाली जनताको चाहनालाई सर्वोपरि मानिबक्सने, राष्ट्रिय एकताका प्रतीक वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवका महनीय कार्यहरू नेपाली जनमानसमा अमर बनेर रहेका छन्।

प्रत्येक देशको आ-आफ्नै सांस्कृतिक परम्परा रहेको हुन्छ र त्यही परम्परा नै वास्तवमा त्यस देशको विशिष्ट पहिचान हो। राष्ट्रको संस्कृतिमा नै देशको अस्तित्त्व लुकेको हुन्छ। नेपाली संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको रहेको छ। प्राचीनकालदेखि नै नेपालमा वसोवास गर्दै आएका विभिन्न जातजानिहरूले आ-आफ्नै परम्परा, मूल्य र मान्यताहरू पालना गर्दै आइरहेका छन्। तिनै विभिन्न जातजाति, भाषाभाषी एवं धर्मावलम्बीहरूको एकीकृत संस्कृति नै वास्तवमा नेपाली संस्कृति हो। यसको मूलमा परस्पर मैत्री, सहिष्णुता, भ्रातृत्व, आपसी सद्भाव र अनेकतामा एकता रहेका छन्। जसको सम्वाहन र संरक्षण हाम्रो राजसंस्थाबाट भएको छ।

गोरखाका राजा पृथ्वीनारायण शाह र मौसूफका उत्तराधिकारीहरूले नेपालको एकीकरणका साथै सांस्कृतिक एकीकरण गरेको कुरा विभिन्न समयमा आयोजना हुने धार्मिक एवं सांस्कृतिक परम्पराबाट स्पष्ट हुन्छ। नेपालमा रहेका जातजातिहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपनाएको आ-आफ्नो रीतिरिवाजलाई कायम राख्दै एकापसमा भाइचाराको भावना विकसित गराउन गोरखादरबारले अपनाएको पूजापद्धति अहिले पनि अनुकरणीय रहेको छ ।

विभिन्न भाषिक, सांस्कृतिक एवं सामाजिक मूल्य र मान्यताको अन्वेषण गरी तिनलाई प्रकाशनमा ल्याउने विश्वविद्यालयको नीतिअनुरूप नेपाली संस्कृतिको प्रतीकका रूपमा रहेका गोरखादरबारक्षेत्रमा अपनाइएका पूजा, पर्व, प्रथा र परम्पराहरूका सम्बन्धमा महेन्द्र संस्कृत विश्वविद्यालयको विशेष अनुसन्धान कार्यक्रमअन्तर्गत लोकप्रसाद भट्टराईले अनुसन्धान गरी तयार पार्नुभएको **'गोरखादरबारक्षेत्रका सांस्कृतिक पक्ष : यसको उद्‌भव र विकास'** नामक ग्रन्थ प्रकाशित हुन लागेकोमा मलाई खुसी लागेको छ । यसबाट सम्बद्ध क्षेत्र र विषयमा अभिरूचि राख्ने जिज्ञासुहरू लाभान्वित हुनेछन् भन्ने पूर्णविश्वास लिएको छु ।

२०५४ साल चैत २२ गते
चैत्र शुक्ल अष्टमी

माधवराज गौतम
उपकुलपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको उदयपूर्व नेपाल राष्ट्र धेरै टुक्रामा विभाजित थियो। यसको फलस्वरूप देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा ठूलो बाधा परिरहेको थियो। यी स-साना राज्यहरूमा झैझगडा र वैमनस्यताले प्रश्रय पाएको थियो। यसको निराकरणको लागि नेपालको एकीकरण हुनु अत्यावश्यक थियो।

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको एकीकरण महायज्ञमा विभिन्न जातजातिहरूको महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाटै तत्कालीन नेपालका विभिन्न स्थानमा बसोबास गर्ने विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्वीहरूलाई एक सूत्रमा बाँधी एउटा साझा नेपाली संस्कृतिको विकास गर्ने परम्पराको थालनी भयो। अप्राप्य वस्तु प्राप्त गर्न जति कठिन हुन्छ त्यो भन्दा धेरै कठिन प्राप्य वस्तुको संरक्षण गर्न हुन्छ। नेपाल एकीकरण अभियानका नायक श्री ५ पृथ्वीनारायणका नीतिको अनुशरण गर्ने शाहवंशीय राजाहरूले यो परम्परालाई अझ सुदृढ बनाउँदै लगे जसको फलस्वरूप नेपालको सांस्कृतिक एकता रहन सम्भव भएको हो। नेपालको सांस्कृतिक एकतालाई अक्षुण्ण राख्न वर्तमान पुस्ता पनि सजग र जागरूक बन्नुपर्दछ। नेपालको सांस्कृतिक एकताको परिचय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि हुनुपर्दछ।

यसै सिलसिलामा तयार पारिएको **"गोरखादरबारक्षेत्रको सांस्कृतिक पक्ष : यसको उद्भव र विकास"** नामक ग्रन्थ जनसमक्ष प्रकाशित भएको छ। अनुसन्धाता लोकप्रसाद भट्टराईले खोजविन गरी तयार पार्नुभएको प्रस्तुत पुस्तकवाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबारक्षेत्रका परम्पराहरूको बारेमा यथार्थ जानकारी पाउन सहयोग मिल्नेछ भन्ने विश्वास मैले लिएको छु। महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्री माधवराज गौतमज्यूको प्रशासनिक कुशलताको कारण विश्वविद्यालयको प्राज्ञिक उन्नयनको साथै अन्य गतिविधिमा पनि गतिशीलता आएको छ। फलस्वरूप अनुसन्धान र प्रकाशनमा उत्कृष्ट कार्यहरू भएका छन् । ती मध्ये यो पनि एउटा ग्रन्थ हो जो विश्वविद्यालयकै अनुसन्धान केन्द्रको सांस्कृतिक अध्ययन अन्तर्गत गोरखादरबारक्षेत्रमा प्रचलित पूजा, पर्व, प्रथा र परम्पराहरूका सम्बन्धमा श्री भट्टराईले तयार पार्नुभएको हो ।

विश्वविद्यालयको अनुसन्धान कार्य अन्तर्गतका अनुसन्धानात्मक उत्कृष्ट कृतिहरूको प्रकाशन गर्दै जाने विश्वविद्यालयको उद्देश्यअनुरूप यो ग्रन्थ पनि प्रकाशन गर्न लागिएको हो । यसले नेपाली जनसमाजमा स्पृहणीय स्थान प्राप्त गर्ने कुरामा ठूलो विश्वास लिएको छु ।

अन्त्यमा बाल्मीकी विद्यापीठका उपप्राध्यापक श्री वासुदेव खनालले यस पुस्तकको प्रकाशनमा प्रशंसनीय मिहेनत गर्नुभएको छ । पुस्तकको प्रकाशनपूर्व गर्नुपर्ने भाषिक संपादन, समायोजन एवं कम्प्युटर र प्रेससम्वन्धी अन्य कामको सुव्यवस्था मिलाई प्रकाशनार्ह बनाउनुभएकोमा म उहाँलाई हृदयत: धन्यवाद दिन चाहन्छु ।

२०५४ साल चैत २२ गते
चैत्राष्टमी

प्रा.डा. बाबुराम पोखेल
शिक्षाध्यक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

मानवसभ्यता अतिलामो समयक्रममा विकसित हुँदै आजको अवस्थामा आइपुगेको हो । यही संस्कृति र सभ्यता निर्माण गर्ने विशिष्ट गुणले युक्तभएका कारणले नै त हो मानिसलाई प्राणीजगतमा अद्वितीय **(Unique)** र सर्वोपरि स्थान मिलेको भन्ने कुरा बिर्सनुहुँदैन ।

समाजका निरन्तर उन्नयनशील प्रवृत्तिलाई परिमार्जन, परिपोषण र मानवज्ञानका सीमालाई फराकिलो पार्ने क्रममा मानविकी र समाजविज्ञानअन्तर्गत मानवको लामो इतिहास र मानव जातिले आर्जन गरेको अनुभवजन्य पदचिन्ह अर्थात् उसको संस्कृतिको अध्ययन अतिमहत्त्वपूर्ण हुन्छ । मानवसंस्कृतिको अध्ययनका क्रममा भौतिक मानवशास्त्र, सांस्कृतिक मानवशास्त्र, पुरातत्त्व जस्ता मूल विषयहरू र तिनका विविध विशिष्टीकृत शाखाशास्त्रहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ । यस्तो अध्ययन र ज्ञानले मानवजातिलाई अनुभवजन्य अतीतबाट सिकेर आगामी दिनको दिशा निर्देश गर्न सघाउ पुग्दछ । यस्तो साँस्कृतिक मानवशास्त्रको अध्ययनबाट मानवका अतीतका दशा, वातावरणसँग उसले साहचर्य र सहसम्बन्ध राख्दै आफ्नो अस्तित्व रक्षागर्ने क्रममा विकास गरेको प्रविधि, आर्थिक सन्जाल, राजनीतिक र सामाजिक संगठन, मूल्य र मान्यता, दण्डविधान, प्रथा, विश्‍वास, धर्म, परम्परालगायत बहुविध विषयको साङ्गोपाङ्ग निरूपण गर्न सम्भव हुन्छ ।

प्रस्तुत महत्त्वलाई मनन गरेर आधुनिक संसारमा यस्तो साँस्कृतिक अध्ययनलाई बढी महत्त्व दिन थालिएको छ । यो क्रम पाश्चात्य संसारमा बढी चलेको देखिन्छ भने प्राच्य संसार पनि यस धारबाट अलग छैन । नेपालमा पनि यस्तो अध्ययनले हालका वर्षमा निकै महत्त्व पाउन थालेको छ। महेन्द्र संस्कृत विश्‍वविद्यालयको 'जातजातिको साँस्कृतिक अध्ययन' कार्यक्रमअन्तर्गतको एक परियोजनाको रूपमा ऐतिहासिक र सामाजिक सन्दर्भमा प्रस्तुत गोरखादरबारका पर्व, पूजा, प्रथा र परम्पराहरूको अध्ययन गर्ने प्रस्तुत कार्य पनि यसै आधारमा उभिएको एक उपज हो भन्नुपर्दछ ।

नेपालको सन्दर्भमा लिच्छवि शासनको अवसानपछि यस भूखण्डमा राजनीतिक तथा प्रशासनिक विखण्डन र दुर्बलताले प्रश्रय पाउन थालेपछि विक्रमको पन्ध्रौं शताब्दीमा गण्डकी प्रस्रवण भेत्रमा उदाएका अन्य चौबीसी राज्य जस्तै तिनको समानान्तर रूपमा रहेको गोरखाराज्यले अन्ततोगत्वा सम्पूर्ण नेपालको एकता सम्भव बनाई सो कार्यको नेतृत्व गरेकोले सो राज्यको सफलता र सम्वलताको स्रोत बनेको तत्कालीन गोरखादरबार र उसले विकास गरेका साँस्कृतिक तत्त्व र तिनको समग्र र सूक्ष्म अध्ययनबाट अनेकौं रहस्यमय तथ्यको खुलासा हुने अनुमानका साथ प्रस्तुत परियोजनाको कार्य प्रस्ताव गरिएको थियो । वर्तमान समयसम्म पनि एउटा रोमान्चकारी, लोमहर्षक साँस्कृतिक पर्व र प्रथाहरूलाई जीवित राख्दै आएको सन्दर्भमा गोरखादरबारको उक्त प्रथाको मजबुत जग रहेको स्वत: अनुभव हुन्छ । वर्तमान सन्दर्भमा लामो समयदेखि लोकाचार र परम्पराको आधारमा जीवित रहेका यहाँका परम्परा थोरै शास्त्रसम्मत र धेरै लौकिक विशेषताको सम्मिश्रणबाट साझा आश्रय स्थल **(Melting pot)** बन्न गएको स्वीकार्नु पर्ने देखिन्छ । यहाँका विभिन्न पूजा र पर्वका बारे यसैकारण अत्यन्त कम लिखित सामग्री भेटिएको र यस ठाउँको प्रस्तुत प्रथा वा परम्पराका पूर्ववर्ती सम्भाव्य क्षेत्र वा श्रोत त झन संरक्षणको अभावमा अधिकांशत: विलुप्त बनेको सन्दर्भमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अध्ययनले वर्तमान समयमा चालू रहेका पूजा, पर्व र रीतिस्थिति तथा परम्पराको विवरणात्मक अभिलेखन कार्यलाई महत्त्व दिई सोहीअनुसार काम गरिएको छ। त्यस्ता पर्वहरूको विवरणात्मक लेखन गरी तिनलाई ऐतिहासिक, सामाजिक, समाजशास्त्रीय, मानवशास्त्रीय सिद्धान्तको सन्दर्भमा विश्लेषणात्मक प्रस्तुति गर्ने समेत जमर्को गरिएको छ।

यो अनुसन्धान प्रतिवेदनको विश्लेषणको क्रममा मानवशास्त्रीय दृष्टिकोणबाट व्याख्या गर्दा कहीं कहीं सैद्धान्तिक विषयवस्तुहरूलाई प्रष्ट्याउनका लागि अंग्रेजी शब्दावलीहरूको प्रयोग गर्नुपरेको छ। त्यसैगरी अनुसन्धान स्थलको सामाजिक, धार्मिक र ऐतिहासिक विषय र प्रसङ्गहरूसँग सम्बद्ध तथ्यलाई यथावत् रूपमा प्रस्तुत गर्ने सन्दर्भमा पर्याप्त मात्रामा स्थानीय शब्दावलीहरू, झर्रा शब्दहरू, संस्कृत शब्द र पदावलीहरू प्रयोग गरिएका छन्। ती शब्दावलीहरू जस्ताको तस्तै राख्नु मा नै अनुसन्धानको महत्त्व रहने हुँदा सोही अनुसार प्रयोग गरिएको व्यहोरा सम्पूर्ण विज्ञ पाठकहरूमा अनुरोध गर्न चाहन्छु।

त्यसैगरी अनुसन्धानको प्रतिवेदन लेखन गर्दा कुनै पनि व्यक्ति, परिवार, सम्प्रदाय, संस्था वा त्यस्ता मूल्य एवं परम्परालाई जानी-जानी उचो-नीचो पार्ने वा टेढो-मेढो पार्ने प्रयास भएको छैन; तापनि कमजोरीवश त्यस्तो देखिन गएको भए सारा भूल, गल्ती र कमजोरीहरूलाई मेरो मात्र कमजोरी मान्दै म यसका लागि सबैसँग क्षमा माग्न चाहन्छु।

प्रस्तुत कार्यबाट नेपाल सम्बन्धी अध्ययन अनुसन्धान गर्ने परवर्ती अनुसन्धानकर्ता, जिज्ञासु पाठक एवं इच्छुक सम्बद्ध विषयका विद्यार्थीहरूले कुनै न कुनै रूपमा आ-आफ्नो आवश्यकता र सन्दर्भअनुसार सामग्री प्राप्त गर्न सक्नेछन् भन्ने आशा गर्दै प्रस्तुत परियोजना कार्य गर्न वातावरण सिर्जना गरिदिने महेन्द्र संस्कृत विश्वविद्यालय अनुसन्धान समितिलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। साथै अनुसन्धानका क्रममा सहयोग लिइएका सबै व्यक्ति र संस्थाप्रति आभार व्यक्त गर्दछु। त्यसमध्ये प्रस्तुत विषयमा काम गर्न मलाई धेरै अघिदेखि प्रेरित गर्ने श्री दिनेशराज पन्त, विश्वनाथ ढकाल विशेष धन्यवादका पात्र हुनुहुन्छ। अनुसन्धानका क्रममा सम्बद्ध विषयमा डा. साफल्य अमात्य, डा. प्रेमकुमार खत्रीको सहयोग अविस्मरणीय रहेको म सम्झन्छु। प्रज्ञा-प्रतिष्ठानमा हर्षनाथ भट्टराई, ज्ञानमणि नेपाल तथा जगमान गुरुङसँग भएको छलफल पनि सन्दर्भानुसार फलदायी भएको मेरो ठहर छ। अन्तमा तन्त्र सम्बद्ध विषयमा सामग्री प्रदान गरी आत्मीयता प्रदर्शन गर्ने स्थानेश्वर तिमिल्सिना र अन्य विषयमा जनकलाल शर्मा, मुकुन्दराज अर्याल, श्री नील्स गुत्सो र अन्य धेरै व्यक्तिहरूको सहयोगको म उच्च मूल्यांकन गर्दछु। अनुसन्धान प्रतिवेदनलाई पुस्तकाकारमा ल्याउने क्रममा निकै लामो समय खर्च गरी अनुसन्धानका भाषागत पक्षमा रूचीपूर्वक हेरी अद्योपान्त शुद्धाशुद्धि हेर्न सहयोग गर्नु हुने वाल्मीकि विद्यापीठका उपप्राध्यापक श्री वासुदेव खनालजीलाई विशेष धन्यवाद दिन चाहन्छु। त्यसैगरी असीम धैर्यका साथ कम्प्युटरमा विन्यास गर्नुहुने पपुलर कम्प्युटर सर्भिसेज प्रा.लि.का श्री ठमनाथ घिमिरेजी पनि धन्यवादका पात्र हुनुहुन्छ। साथै अनुसन्धानका सफलताहरूलाई सिंगो समाज र यसका संस्था तथा सहयोगी व्यक्तिहरूसँग बाँड्न चाहन्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोध परिचय

वर्तमान नेपाल अधिराज्यको राजनीतिक स्वरूप र सोसँगै यसको सामाजिक, आर्थिक र साँस्कृतिक स्वरूपको निरूपणमा ऐतिहासिक समयमै नियामक भूमिका खेल्ने गोरखा शाह राजप्रासाद र त्यहाँका सांस्कृतिक स्तम्भहरूको साङ्गोपाङ्ग अध्ययन गर्नु नेपाल विषय अध्ययनको जुनसुकै विधालाई पनि कुनै न कुनै रूपमा महत्त्वपूर्ण प्रतीत हुन्छ भन्नु अत्युक्ति हुने छैन। मानवजाति वा अझ भनौं कुनै विशिष्ट जाति, समूह वा क्षेत्रमा बसोबास गर्ने मानिसको अनन्त सफलताको वा विफलताको निरूपण उसको सांस्कृतिक आधारले गर्छ भनिन्छ। यस सन्दर्भमा कैयौं समयका आरोह अवरोहमा समेत पिसिंदै र निख्खरा हुँदै कुनै न कुनै रूपमा आज पनि समृद्ध प्रतीत हुनेगरी प्रस्तुत गोरखादरबारको विभिन्न अर्वपर्व र पूजाआजाजन्य सांस्कृतिक परम्परा नै त्यो चीज हो वा त्यो रहस्यको प्रतीकात्मक चीज हो जसले पचासौं राज्यमा नभएका शक्तिको आफूमा उत्सर्जन गरी नेपालको एकीकरणलाई बल पुऱ्यायो र यसलाई अखण्ड अटल राज्यको रूपमा चिरकालसम्म ठडिन ऊर्जा प्रदान गऱ्यो। निश्चय पनि एउटा संस्कृतिहीन मूढे समूहमात्रै पृथ्वीनारायण-अभियानको आधार थियो भने अनेकौं समयका तुफानी चम्कामा यो समूह कालकवलित भैसक्ने थियो। त्यसैकारण पन्ध्रौं-सोह्रौं शताब्दीको गोरखा शाह राजप्रासाद र गोरखा-राज्यका जनताले एउटा गठिलो संस्कृतिको निर्माण गरेकोमा विश्वस्त हुँदै त्यसै सिङ्गो सांस्कृतिक संजालको फाटफुट र प्रातिनिधिक गुण पक्कै पनि गोरखादरबारको परिसरमा आज पनि जीवित सांस्कृतिक प्रथा, परम्परा र झाँकीमा प्रतिविम्बित भएको हुनुपर्छ भन्ने मान्यताका साथ सो पर्गेल्ने उद्देश्यले प्रस्तुत शोध परिकल्पना गरिएको थियो।

प्रस्तुत शोध कार्यमा मूलत: गोरखादरबारको परिसरमा वर्षदिनभरिमा कुनकुन दिन कस्ताकस्ता पूजा, पर्व पर्दछन् र तिनलाई कसरी पूरा गर्ने गरिन्छ भन्ने जस्ता विषयको विवरण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

त्यस्तो विवरणात्मक अभिलेखन **(Documentation)** गरिसकेपछि तिनका स्वरूप, गुण, विशेषता र लक्षणका आधारमा उक्त परम्पराको प्रारूप र पूर्ववर्ती तथा परवर्ती परम्पराका सन्दर्भमा तुलना प्रतितुलना गर्ने कार्यलाई महत्त्व दिइएको छ। त्यससँगै त्यस्तो पूर्ववर्ती र परवर्ती परम्परासमेतको सहधर्मितामा र ऐतिहासिक-सामाजिक घटनाक्रमको सापेक्षतामा यसको मूल्यांकन गर्ने काम गरिएको छ। त्यसैगरी यहाँको साङ्गोपाङ्ग परम्पराजनित कार्यलाई धर्मशास्त्रीय तथा समाजशास्त्रीय, मानवशास्त्रीय सिद्धान्तको सन्दर्भमा समेत पर्याप्त मात्रामा विश्लेषण र मूल्यांकन गरिएको छ। स्वयं एउटा सम्पन्न, समृद्ध स्मारक तथा सांस्कृतिक, धार्मिक र ऐतिहासिक दृष्टिले समेत महत्त्वपूर्ण स्थलको रूपमा परिचित उक्त क्षेत्रका सन्दर्भमा निहित क्षेत्रीय विकासको **(Area Development)** विषयमा समेत यस शोधमा विषय प्रवेश गरिएको छ। यसलाई प्राज्ञिक मानवशास्त्र **(Academic anthropology)** र प्रायोगिक मानवशास्त्रको **(Applied anthropology)** मिलन विन्दूका रूपमा प्रस्तुत गरेर सामुदायिक विकासको सन्दर्भमा स्थापना गर्ने प्रयास गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोध विधि

प्रस्तुत शोध कार्य मूलत: प्राथमिक स्रोतमा आधारित रहेको छ। यस अनुसन्धानमा सम्वद्ध विषयवस्तु समेटिने गरी कुनै पूर्ववर्ती कार्य नभएकोले द्वितीयक (**Secondary**) स्रोतको उपयोग गर्ने अवस्था यहाँ उपलब्ध भएन। सांस्कृतिक प्रथा, रीतिस्थिति, जनविश्वास र अनुश्रुतिलाई लिपिवद्ध गर्न सो क्षेत्रसँग सम्बद्ध कार्य गर्ने व्यक्ति वा तिनको परिवारका अन्य सदस्यहरूलाई समेत स्रोत व्यक्तिको रूपमा लिई तिनीहरूसँग लामो संसर्ग र अन्तरक्रिया गरी सामग्री प्राप्त गरिएको छ। त्यसका लागि पुरोहित, सुसारेहरू, नगर्चीहरू, योगीहरू र अन्य थुप्रै सहयोगी काम गर्ने कामदारहरूको सहयोग लिइएको छ। यस क्रममा विभिन्न जाति समूहका ती कामदारहरूको जातीय इतिहास (**Ethnohistory**) लाई पर्याप्त महत्त्व दिंदै अध्ययनक्रममा तिनका मौखिक कहानी (**Oral history & case study**) को पनि प्रयोग गरिएको छ।

मुख्यगरी वर्षदिनभरि आयोजना भएका सबै पर्वहरूलाई प्राय: प्रत्यक्ष सहभागी भई अवलोकन (**Participicatory Observation**) विधिवाट लेखन गरिएको हो। यी कार्यका लागि मेरो पारिवारिक पृष्ठभूमि परम्परागत रूपमा गोरखादरवारको परम्परागत थरघरको अधिकारले अधिकृत भएकोले लामो अनुभव, संसर्ग, अवलोकन र खासगरी स्वयं मेरो पिताजीका ज्ञान र अनुभव एवं परिवारका सानादेखि ठूलासम्म सबै सदस्यको यस ठाउँमा हुने आवतजावतले मलाई अनुसन्धान कार्यमा स्रोत सहज प्राप्य बनाएको हो। पूजा-पर्वसँग सम्बद्ध अभिलेख र परिशिष्टमा रहने सामग्रीहरू गोरखादरवार, जिल्लास्थित र केन्द्रीय स्तरका समेत विभिन्न कार्यालयहरूवाट र व्यक्ति विशेषवाट समेत प्राप्त गरिएको छ।

अनुसन्धानमा विवरणात्मक अभिलेखन गरिसकेपछि यथार्थ अध्ययन गरी धर्मशास्त्र, समाजशास्त्र तथा मानवशास्त्रका सिद्धान्तको आधारमा समेत विश्लेषण गर्ने यथाशक्ति जमर्को भएको छ। तुलना, प्रतितुलनाको लागि पूर्ववर्ती र परवर्ती परम्परा सम्वद्ध स्थलसँग सम्बद्ध स्रोत व्यक्ति (**Key Informant**) र वूढापाका जानिफकारहरूसँग सूचना संग्रह गर्ने र आफू स्वयंले ती स्थलको भ्रमणसमेत गरी सामग्री संकलन गरिएको हो। अन्तमा गोरखादरवारमा आउने दर्शनार्थीहरूको पनि सर्वेक्षण (**Visitor's appriaisal**) समेत गरी जन अभिमत एकत्रित गर्ने काम गरी प्रस्तुत अनुसन्धानलाई यसरूपमा प्रस्तुत गर्न सकिएको छ। उपयोग गरिएका द्वितीयक स्रोतलाई मूलपाठमा, पाद-टिप्पणीमा वा सन्दर्भ सामग्रीमध्ये यथास्थान प्रस्तुत गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

क्र.सं.	विषय	पृष्ठसंख्या
	सम्मति	
	प्रकाशकीय	
	सम्पादकीय	
	भूमिका	
	शोधपरिचय	
	शोधविधि	

भाग १

गोरखादरबारक्षेत्रको परिचय

१.१	गोरखादरबारक्षेत्रको भौगोलिक चिनारी	१
१.२	गोरखादरबारक्षेत्रको ऐतिहासिक महत्त्व	१०
१.३	गोरखादरबारक्षेत्रका स्मारकहरू र तिनको महत्त्व	१३
१.४	गोरखादरबारक्षेत्रको धार्मिक र सांस्कृतिक महत्त्व	१९
१.५	गोरखादरबारक्षेत्रको सांस्कृतिक व्यवस्था : विगत र वर्तमान	२३

भाग २

गोरखादरबारक्षेत्रका पूजा र पर्वहरू

२.१	गोरखादरबारकी श्रीभवानीको पूजा	३४
२.१.१	गोरखादरबार र सम्बद्ध पीठहरूमा दुर्गोत्सव अर्थात् वडादशैं पर्व	३४
२.१.१.१	गोरखादरबार दशैंघर पूजाको पूर्वतयारी	३४
-	वलि रोक्का गर्ने	३४
-	मालसिरी फुकाउने	३५
-	माटो हेराउने	३६
२.१.१.२	आश्विनकृष्ण अमावस्या (औंसी)	३६
२.१.१.३	आश्विनशुदी प्रतिपदा (घटस्थापना)	३७
-	श्रीभवानीको सवारी	३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- घटस्थापना ३८
- प्रतिपदाको दिन तोकिएको काम ३९
- पातीपर्सादी ४४
- पूजाकोठादेखि वाहिर हुने अन्य आङ्गिक अनुष्ठान ४५

२.१.१.४ आश्विनशुदी द्वितीया ४८

२.१.१.५ आश्विनशुदी तृतीया ४९

२.१.१.६ आश्विनशुदी चतुर्थी ५०

२.१.१.७ आश्विनशुदी पञ्चमी ५०

२.१.१.८ आश्विनशुदी षष्ठी ५३

२.१.१.९ आश्विनशुदी सप्तमी ५४

- फूलपाती ५५
- सल्यानीभार वोलाउने ५५
- पूर्णकलश सिँगार्ने ५७
- फूलपाती पर्सने ६०
- पूर्णघडाको पूजा ६३
- दशैंघर पस्ने ६४
- वाजा फिराउने ६४
- दीपभगवान्को सवारी ६४
- नवपत्रिकाको पूजा ६६
- दशैंघर बस्ने ६६

२.१.१.१० आश्विनशुदी अष्टमी (महाष्टमी) ६६

- आलम फेर्ने ६७
- सर्जाम भित्र्याउने ६७
- श्रीभवानीको पूजा ६८
- राँगा पर्सने ६८
- राँगा वलि ६८
- कालरात्रि ७१
- अन्यपीठहरूमा पूजा ७२

२.१.१.११ आश्विनशुदी नवमी (महानवमी) ७३

- श्रीभवानीको महानवमीको पूजा ७३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- सतार राँगाको वलि ७६
- कन्याकोठामा हुने पूजा ७६
- सरकारी वोकाको वलि ७८
- निशान पूजा ७८
- रेवन्त पूजा ७९
- महानवमीका दिन अन्य पीठ-पीठमा हुने पूजाको काम ८०

२.१.१.१२ आश्विनशुदी दशमी (विजयादशमी) ८१
- विसर्जन गर्ने ८१
- टीकाको साइत गर्ने ८२
- टीका थाप्ने काम ८२
- फागु ८२
- आलम ढाल्ने र वलि गर्ने काम ८३
- सवारी चलाउने ८४
- डोली सेलाउने ८५

२.१.१.१३ आश्विनशुदी एकादशी ८७
२.१.१.१४ आश्विनशुदी चतुर्दशी ८७
२.१.१.१५ आश्विनशुदी पूर्णिमा ८८
२.१.२ गोरखादरवार र सम्वद्ध पीठहरूमा चैतेदशैं ८८
२.१.२.१ चैत्रशुदी अष्टमी (चैत्राष्टमी) ८८
२.१.२.२ चैत्रशुदी नवमी (रामनवमी) ९०
२.१.३ गोरखादरवार श्रीकालिकामा प्रतिअष्टमी पूजा ९०
२.१.४ गोरखादरवार श्रीकालिकामा नुहागी पूजा ९१
२.२. श्रीगोरखनाथजीमा हुने पूजा ९२
२.२.१ श्रीगोरखनाथजीमा हुने नित्यनैमित्तिक पूजा ९२
२.२.२ श्रीगोरखनाथजीमा हुने विशेष पर्वपूजाहरू ९३
(१) शिवरात्रि ९३
(२) वैशाखशुदी पूर्णिमा (चण्डीपूर्णिमा) ९३
(३) साउने भण्डारा ९४
२.२.३ गोरखादरवारमा सम्पन्न हुने अन्य सांस्कृतिक तथा सामाजिक पर्व र पूजाहरू ९४
(१) अक्षय-तृतीया ९५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) साउने संक्रान्ति ९५
(३) नाग-पञ्चमी ९५
(४) जनै-पूर्णिमा ९६
(५) कुशे-औंसी ९६
(६) जलधारा ९६
(७) समीक्षे ९६
(८) लाखपाती ९६
(९) गाईजात्रा ९७
(१०) कृष्णजात्रा ९७
(११) वैशाख महिनामा पशुपतिमा हुने जलधारा ९९
(१२) कार्तिकमा हुने महादीप पूजा ९९

भाग ३

गोरखादरबारक्षेत्रका रीतिस्थिति र परम्पराहरू

३.१ गोरखादरबार श्रीभवानीतर्फ बजाइने बाजागाजा १००
३.१.१ गोरखादरबारको परम्परागत पर्व तथा पूजाका दिनहरूमा बजाइने बाजागाजा १००
- मालसिरी भाका १०१
- नवगाहभाका १०५
- फागुभाकाको वाजा १०९
- चाँचरीभाका ११०
- वेलाराग वा ६ स्वरेभाका १११
- असारेभाका ११४
- भित्रीबाजा ११५
- अन्य ११६
३.१.२ श्रीभवानीतर्फ वजाइने बाजाहरूको लहरीका आधारमा विवेचना ११६
३.२ गोरखादरबारक्षेत्रमा हुने जपपाठ तथा पुराणहरूको विवरण ११७
३.२.१ गोरखादरबार दशैंघरमा हुने जपपाठहरू ११७
(१) दुर्गासप्तशती पाठ ११७
(२) शुक्ल यजुर्वेद पाठ ११८
(३) सामवेद पाठ ११८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) नवचण्डी पाठ १३८

(५) तीनवटा सहस्रनामहरूको पाठ ११९

(६) सिद्ध मन्त्रको जप ११९

(७) भित्रदेवतामा हुने जप तीन १२०

३.२.२ गोरखादरबारसँग सम्बद्ध अन्य पीठहरूमा हुने जपपाठ १२१

(१) उपल्लाकोट १२१

(२) तल्लाकोट १२१

(३) गोरखनाथजीका स्थानमा हुने गोरक्षसहस्रनाम पाठ १२१

३.२.३ गोरखादरबार दशैंघरमा लगाइने पुराण १२३

(१) मार्कण्डेय पुराण १२३

३.२.४ गोरखादरबार दशैंघरबाहेक अन्य पर्वमा लगाइने जपपाठ तथा पुराणहरूको विवरण १२३

३.२.४.१ प्रतिअष्टमी पूजाका दिनमा हुने जपपाठहरू १२३

(१) दुर्गा सप्तशती पाठ १२४

(२) गणेशसहस्रनाम पाठ १२४

(३) सामवेद पाठ १२४

३.२.४.२ दशैंघरबाहेक अन्य पर्वमा हुने पुराण १२५

(१) चतुर्मास पुराण १२५

३.३ गोरखादरबारक्षेत्रका परम्पराहरू १२५

३.३.१ वंशगत उत्तरदायित्व वा हक अधिकार सर्ने वंशपरम्परा १२६

३.३.२ थरघर कायम गर्ने परम्परा १२८

(१) थरघर तोकिएका हाल वैतनिक हैसियतका पदहरू १२८

(२) थरघर तोकिएका हाल अवैतनिक हैसियतका पदहरू १२८

३.४ गोरखादरबारको भार, सगुन, वलक र भारापृथा १३१

(१) सल्यानीभार १३१

(२) लाम्गराको गाग्राभार १३२

(३) सातथर कुन्दूरको गाग्राभार १३२

(४) धर्मानदीको माछा ल्याउने १३२

(५) बुङ्कोटघाटको माछा १३२

(६) सगुने १३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७) वलक १३३
(८) भारा १३३
(९) खेताला, ह्यामी, ज्यामी १३३
३.५ वर्षदिनभरिमा गोरखादरबार र सम्बद्ध पीठहरूमा हुने बलिहरूका विवरण १३३
३.६ गोरखादरवारको सांस्कृतिक परम्पराका सन्दर्भमा उल्लेख्य ऐतिहासिक परिवारहरू र व्यक्तिहरू १३४
(१) राना १३५
(२) बोहोरा १३५
(३) खवास १३६
(४) भट्टराई १३७
(५) खनाल १३७
(६) अर्याल १३८
(७) पाण्डे १३९
(८) पन्थ (त) १३९
(९) भारत र सरवर अर्थात् (अश्लामी र पुलामी) १४०
(१०) आशानाथ र सुन्दरनाथ तथा तिनका सन्तान १४०
(११) बिसे नगर्ची र धन्या दमाई १४०
(१२) राजप्रतिनिधि रणरुद्र शाह १४१
(१३) चौधरी (पुनजोति चौधरी, कृष्णचौधरी) १४१
३.७ गोरखादरवारको पौरोहित्य परम्परा १४२
३.८ गोरखादरवारबाट मानसम्मान स्वरूप प्रसाद तथा नेग पाउने व्यक्ति र तिनको योगदान १४४
- गोरखादरवारका कर्मचारी बाहेकका नेगदारहरू १४५
- कन्याको नेग १४७
३.९ गोरखादरवारको पूजासम्वन्धी चलन प्रचलन र किम्वदन्तीमा आधारित परम्पराहरू १४८
(क) वलि रोक्का गर्ने, खुन गर्ने, हातछाडा गर्ने १४८
(ख) वारनाको उर्दी १४८
(ग) धुवाँविर्ताको मोहीहरूलाई भारा माफ १४८
(घ) फूलपातीमा सल्यानीभार ल्याउनेहरू बोलाएपछि मात्र दरवार आउनुपर्ने १४९
(ङ) फूलपातीमा धार्नेगौंडामा वाजा वजाउन नहुने १४९
(च) तल्लाकोटमा पूजा भएपछि मात्र माथि दरवारमा पूजा वलिदान गर्ने १४९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) फूलपाती सेलाउने र लाखपाती बगाउने ठाउँ १४९
(ज) नयाँ अन्न हनुमानजी र गोरखनाथलाई चढाउने १५०
(झ) गोरखादरबारकै साइतमा दशैंमा घटस्थापना गर्ने र टीका थाप्ने १५०

भाग ४

गोरखादरबारको रीतिस्थितिको तुलनात्मक र शास्त्रीय विवेचना

४.१ गोरखादरवारको सांस्कृतिक प्रथाको उद्भव, विकास र परवर्ती परम्परामा यसको प्रभाव १५१
४.१.१ गोरखाको शाह राजघराना : लसघदिखि गोरखादरवारसम्म १५३
४.१.२ गोरखाकालिका र समकालीन अन्य शाह दरवार र निकटस्थ शक्तिपीठको पूर्ववर्ती उपासना परम्परा १५६
४.१.२.१ स्याङ्जा लसर्घाकी आलमदेवी १५६
४.१.२.२ भीरकोट बडामौलाकी श्रीकालिका १५७
४.१.२.३ कास्कीकोट कालिका १५८
४.१.२.४ लमजुङकोट कालिका १५८
४.१.३ परवर्ती परम्परामा गोरखादरवारको उपासना परम्पराको प्रभाव १६०
४.१.३.१ हनुमानढोका दरवार १६०
४.२ गोरखादरवारको पूजा परम्पराको शास्त्रीय विवेचना, विश्लेषण र मूल्यांकन १६२
४.२.१ गोरखादरवारको दुर्गोत्सव पद्धतिको ऐतिहासिक व्याख्या १६३
४.२.२ गोरखादरवारको दुर्गोत्सव परम्पराको समाजशास्त्रीय/मानवशास्त्रीय विश्लेषण १६४
४.२.३ वैदिक संस्कृतिको सन्दर्भमा गोरखादरवारको परम्परा १६८
४.२.३.१ वलि विधानको सैद्धान्तिक आधार १७०
४.२.४ गोरखादरवारको सांस्कृतिक पर्व र प्रथाहरूको पद्धति र शास्त्रीय विश्लेषण १७४

भाग ५

सिफारिस, निष्कर्ष र उपसंहार

५.१ गोरखादरवारक्षेत्र र स्थानीयक्षेत्रको विकाससँग यसको सह-सम्वन्ध १८२
५.१.१ स्थानीय वातावरण संरक्षण र दिगो विकासको प्रश्नसँग गोरखादरवारक्षेत्र १८२
५.१.२ गोरखादरवारक्षेत्र र यसक्षेत्रको पर्यटन विकासको सम्वन्ध १८४
५.२ गोरखादरवारक्षेत्रका पर्वपूजा र परम्पराहरू र तत्सम्बन्धी जनअभिमत १८६
५.३ निष्कर्ष र उपसंहार १८७
सन्दर्भ ग्रन्थ सूची १९२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्टमा रहेका सामग्रीहरूको विषयसूची

परिशिष्ट १	१
परिशिष्ट २	२
परिशिष्ट ३	५
परिशिष्ट ४	८
परिशिष्ट ५	१०
परिशिष्ट ६	१२
परिशिष्ट ७	२२
परिशिष्ट ८	३३
परिशिष्ट ९	३५
परिशिष्ट १०	४७
परिशिष्ट ११	४८
परिशिष्ट १२	५१
परिशिष्ट १३	५३
परिशिष्ट १४	५५
परिशिष्ट १५	५८
परिशिष्ट १६	६१
परिशिष्ट १७ (क)	६२
परिशिष्ट १७ (ख)	६३
परिशिष्ट १८	६४
परिशिष्ट १९ (क)	६७
परिशिष्ट १९ (ख)	६७
परिशिष्ट २०	६८
परिशिष्ट २१	६९
परिशिष्ट २२	७०
परिशिष्ट २३	७१
परिशिष्ट २४	९३
परिशिष्ट २५	९४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग १
गोरखादरबारक्षेत्रको परिचय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - १

गोरखादरबारक्षेत्रको परिचय

१.१ गोरखादरबारक्षेत्रको भौगोलिक चिनारी

नेपाल अधिराज्यको मध्य-पहाडी भागमा अवस्थित गण्डकी अञ्चलको पूर्वी सीमानामा गोरखा जिल्ला पर्दछ। यसै गोरखा जिल्लाको प्रशासनिक सदरमुकाम रहेको पोखरीथोक बजारको परिसरमा ऐतिहासिक गोरखादरबारक्षेत्र पर्दछ। नेपाली सभ्यताको मध्यकालीन स्वर्णयुगमा प्रसिद्ध बनेका नाथ सम्प्रदायका योगी गोरखनाथको तपोस्थल रहेका कारण यस भेगको नामकरण "गोरखा" भन्ने रहन गएको हो भन्नेमा लोक विश्वास रहेको पाइन्छ। हुन त गोरखाभेगमा गोरखा नाम रहनुका बारेमा विविध प्रकारका दन्त्य कथात्मक आख्यानहरू सुन्न पाइन्छ। परन्तु त्यसमध्ये यस क्षेत्रको सम्बन्ध गोरखनाथसँग हुनु नै प्रमुख र विश्वसनीय तर्क मान्नुपर्ने देखिन्छ।

पूर्वमा बूढीगण्डकीको सीमाना, पश्चिममा लमजुङ जिल्ला तथा दक्षिणको मर्स्याङ्दी र त्रिशूली नदीको सीमानाले बाँधिएको गोरखा जिल्लाको उत्तरी सीमाना पनि गोरखा-हिमालश्रृंखलादेखि उत्तरपट्टि रहेको लार्के भोटको तिब्बत-नेपाल सीमाना नै हो। यसप्रकार वर्तमान प्रशासनिक जिल्लाको रूपमा विशाल भूखण्ड ओगटेको गोरखा जिल्लाको निकट दक्षिणी भागमा प्रस्तुत गोरखादरवारक्षेत्र पर्दछ। सिद्धगोरखनाथको नामसँग संघत्व (Associate) प्राप्त गरेर गोरखा नामकरण गरिएको यस क्षेत्रको नाम त्यसभन्दा अघि के थियो भन्ने बारेमा थाह पाउन अझै मुस्किल परेको छ। गोरखामा प्राप्त तिथि-मिति खुलेको सं. १२२ भनिएको वि.सं. ७५५ को राजा शिवदेव द्वितीयको हुनसक्ने खण्डित अभिलेख तथा राजा जयदेव द्वितीयको गोरखादरबारको हनुमान भञ्ज्याङको अभिलेखले समेत यस कुरामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाई स्पष्ट गर्न सकेन। पूर्ण पाठ पढ्न नसकिने यी अभिलेखहरू यदि सबै पढ्न सकिने अवस्थामा रहेका भए यसबारेमा हामीलाई स्पष्ट हुने थियो भन्ने कुरामा कुनै शंका छैन। वर्तमानमा पढ्न सकिने जति भागको अभिलेखमा अन्य देवीदेवताको बारेमा उल्लेख भए तापनि गोरखनाथको बारेमा उल्लेख नहुनुले त्यतिबेलासम्ममा यस ठाउँमा गोरखनाथको उपस्थिति नभएको र यस ठाउँको अरू नै कुनै नाउँ थियो कि भन्ने अड्कल गर्नु स्वभाविक भएको छ। त्यति भएर पनि हनुमान भञ्ज्याङको अभिलेखमा 'सर्वदेव' भन्ने शब्द उल्लेख भएर महादेवको बारेमा केही भनिएको बुझिन्छ भने वर्तमानमा त्यस क्षेत्रमा लिच्छविकालीन कुनै शैव तीर्थ नभेटिएबाट त्यस शब्दले गोरखनाथलाई इंगित गरेको हुँदै होइन भन्ने प्रमाण हामीसँग उपलब्ध छैन। अनुश्रुतिका अनुसार भन्ने हो भने वर्तमान गोरखादरबार भेगको पहाडको गोरखनाथ - पूर्व समयमा 'स्वर्णगिरी' भन्ने नाम रहेको थियो भनिन्छ भने उता गोरखा जिल्लाको दक्षिणी भेगमा अवस्थित प्रसिद्ध मनकामनामाईको परम्परागत गुठीको पूजा गर्ने वज्राचार्यहरूले आफ्नो संकल्प वाक्यमा आज पनि यस क्षेत्रलाई 'विशाखा प्रदेश' भन्ने गरेबाट यस क्षेत्रको ऐतिहासिक नामकरण सम्वन्धी उत्तरवर्ती अनुसन्धानकर्ताहरूलाई थप विचार गर्न मद्दत पुऱ्याएको छ।

यसप्रकार कम्तिमा पनि ऐतिहासिक युगको अघिल्लो प्रहरबाटै 'गोरखा' भन्ने नामले परिचित वर्तमान गोरखाक्षेत्रको पृष्ठभूमिमा विकास भएको मध्यकालीन गोरखाराज्यको सक्रियतामा विखण्डित नेपाल अधिराज्यको एकीकरणसमेत सम्भव भएकोले यो गोरखा शब्द नेपालीत्वको समेत प्रतीक भएर रहेको छ। आज आएर 'गोरखा' शब्दले भौगोलिक परिचयमात्र नबोकी यसको अर्थ विस्तार भएको र यो शब्द नै समग्र संस्था बनेको हामी पाउँछौं। वि.सं. १६१६ भाद्रवदी अष्टमी, रोहिणी नक्षत्र शुक्रवारका दिनमा गोरखादरबारको गद्दीमा तत्कालीन खड्का भनिने मगर शासकलाई (यो शासक वंशका ऐतिहासिक उपस्थिति र परिचयका बारे थुप्रै मतहरू प्रस्तुत भएका छन्।) विस्थापित गरी द्रव्य शाहलाई (लोक आख्यानहरूमा दर्भ शाह भनिएको) राजतिलक दिइँदा गोरखाराज्य केही गाउँमा मात्र सीमित थियो। यस्तो राज्यलाई द्रव्य शाह र उनका सन्तानहरूको नेतृत्वमा गोरखाका भारदारहरूले बढाउँदै लगेर पृथ्वीनारायण शाहको आगमन पूर्व निकै ठूलो बनाइसकेका थिए। पृथ्वीनारायण शाह पूर्वको गोरखाराज्यको पश्चिम, दक्षिण र उत्तरी सीमाना वर्तमान गोरखा जिल्लाकै अनुरूप थियो भने पूर्वी सीमाना वर्तमान धादिङ जिल्लाको अधिकांश भाग र नुवाकोट जिल्लाको केही भागसमेत समाहित गर्दा हुने आकारमा प्रस्तुत थियो। यति सीमित भूभागमा चिनिने गोरखाराज्यलाई पृथ्वीनारायण शाहको गोरखा अभियानले पूर्वमा टिष्टा र पश्चिम सतलजसम्म पुऱ्याएको कुरा नेपालका इतिहासको पहिलो कक्षाको विद्यार्थीलाई समेत थाहा भएको कुरा हो। यसरी यति ठूलो राष्ट्रिय ऐतिहासिक घटनालाई पृष्ठभूमि प्रदान गर्ने गोरखाराज्यमा अवस्थित गोरखादरबारक्षेत्र तत्कालीन समयमा पनि आफ्नो राज्यको केन्द्र भागतर्फ नै अवस्थित रहेको रहेछ भनेर जानिन्छ।

हाल गोरखा जिल्लाको सदरमुकाम गाविसको रूपमा रहेको गोरखकाली गाविसको (गोरखकाली गाविस हाल पृथ्वीनारायण नगरपालिकामा परिणत भएको छ।) नाम समेत गोरखादरवारक्षेत्रमा अवस्थित सिद्ध गोरखनाथ तथा देवीकालीको नामको स्मारकको रूपमा रहेको छ। यसै गोरखकाली गाविसको वडा नं. १ मा गोरखादरवार रहेको छ भने गोरखादरवार संरक्षित स्मारकक्षेत्र अन्तर्गत गोरखादरबारको स्वामित्वमा रहेका अन्य वन तथा सम्वद्ध भूभाग, गोरखादरवारबाट पूर्वतर्फ सिंगै कुइरेभीर डाँडो र रानीवनलाई समेट्दै पूर्वमा फिनामसम्म पुग्दछ भने पश्चिमतर्फ तल्लोकोट मुनि सतीपीपल नजिकसम्म पुगेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसदेखि नाहेक गोरखादरबारक्षेत्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्तासँग अन्तरंग सम्बन्ध राख्ने र अन्य धार्मिक र सांस्कृतिक स्थलहरू तथा स्मारकहरू गोरखकाली गाविसका अन्य भूभाग तथा जिल्लाका अन्य भूभागमा समेत अवस्थित छन्। त्यसमध्ये द्रव्यशाहको राज्याभिषेक चौतारा गोरखाबजारबाट पश्चिमतर्फ वडा नं. ६ को पसलाङमा पर्दछ।

राजा राम शाहले बनाउन लगाएका मुरलीधरनारायण (चित्र नं. १), रामेश्वर महादेव (चित्र नं. २) तथा गणेश (चित्र नं. ३) अनि पछिल्लो कालको राधाबल्लभेश्वर महादेवका मन्दिरहरू गोरखाबजार नजिकको ऐतिहासिक पुष्करतीर्थको परिसरमा रहेका छन्। गोरखाबजारको मुख्य केन्द्रमा गोरखाको ऐतिहासिक तल्लो दरबार रहेको छ।

चित्र नं. १

गोरखा पोखरीथोक स्थित मुरलीधर नारायणको मन्दिर। **यो दुईतले प्यागोडा शैलीको मन्दिर नेपालका शाह राजाहरूको प्रथम वास्तुकृति बन्ने सौभाग्य पाएको श्री ५ राम शाहको कृति हो।**

यहाँ तल्लो दरबार भगवती रहेकी छन् भने गोरखाबजारवरपर बराहमा बाराही, गोरखा-मैदानमा मैदानकाली, तारानगर गाविसको विरेनचोकमा विरिम्काली, ढुंगाडे भञ्ज्याङमा ढुंगाडे भृगवती तथा नारेश्वरमा विन्दवासिनी र मनकामना गाविसमा रहेको मनकामना मन्दिर गोरखादरबारसँग सम्बद्ध प्रमुख शक्तिपीठहरू हुन्।

यी माथि बताइएका शक्तिपीठहरूको अलावा गोरखादरबार भित्र-बाहिर तथा वरपर संरक्षित स्मारकक्षेत्रभित्र ठूलो संख्यामा अन्य देवीदेवताका पीठहरू तथा ऐतिहासिक र सांस्कृतिक प्रसंगसँग एक न एक प्रकारले अन्तरसम्बन्धित स्मारकहरू रहेका छन्। यसप्रकार असंख्य स्मारकीय सम्पदाहरूको केन्द्रीय परिवृत्तमा रही सबै पीठहरूको महत्त्वलाई समेत चहकिलो पार्ने अखण्ड शक्तिको केन्द्रका रूपमा ऐतिहासिक गोरखादरबार (चित्र नं. ४) रहेको छ। वर्तमान गोरखाबजारबाट ३० मिनेटको उकालो सिंढी बाटो उत्तरतर्फ उक्लँदै गएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं.- २

गोरखा पोखरीथोकस्थित रामेश्वर महादेवको मन्दिर। यो मन्दिरले प्रस्तुत वास्तु शैलीका नेपाली मन्दिरहरूमध्येमा विशिष्ट स्थान राख्दछ। यो मन्दिर राजा राम शाहले बनाउन लगाएका हुन् भने यस मन्दिरको अगाडि राजा पृथ्वीपति शाहले राख्न लगाएको उनको शालिक अद्यापि छँदैछ।



चित्र नं. ३

श्री ५ रामशाहको पालामा बनेको गोरखा पोखरीथोकस्थित शिखरशैलीको श्रीगणेशको मन्दिर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरवारमा पुगिन्छ। यसरी काठमाडौंबाट पोखरातर्फ जाँदा पृथ्वीराजमार्गको आँवुखैरेनीवाट उत्तर मोडिने गोरखा नारायणगढ राजमार्गको आँवुखैरेनी गोरखाको जम्मा २४ कि.मि. कालोपत्रे सडकको दूरीमा गोरखावजार रहेको छ।

चित्र नं. ४

शरदकालमा देखिने गोरखाबजारको दृश्य।
प्रस्तुत चित्रमा बजारको मध्यभागमा एक चोकयुक्त कलात्मक दरबार रहेको प्रष्ट देखिन्छ।

काठमाडौंवाट जम्मा १४१ कि.मि. को दूरीमा रहेको यो ठाउँ अधिराज्यका विभिन्न सहरहरूको सडक सम्पर्कमा रहेको छ। यसरी सडक यातायातले सुगम वनेको गोरखावजार नजिक रहेको गोरखादरवारक्षेत्र तथा यससँग सम्वद्ध अधिकांश पीठ तथा सम्पदाहरू एक दिनमै भ्रमण गरेर सकिने दूरीमा रहेका छन्। गोरखावजारको केन्द्रमा रहेको तल्लो दरवार ११३५ मि. उचाइमा रहेको छ भने ऐतिहासिक गोरखादरवार यस ठाउँभन्दा २४० मि. उचाइ अर्थात् १३७५ मि. को उचाइमा रहेको छ। यस दूरीलाई इङ्गित गर्दै आफ्नो एक पत्रमा ऐतिहासिक पुरुष कुलराज पाण्डेले गोरखादरवार (पुरानो दरवार) बाट २०५५ हात मुनि नयाँ दरवार (तल्लो दरवार) वन्न लागेको कुरा राजालाई जाहेर गरेका छन्।[1]

पृथ्वीराजमार्ग वनेपछि देशका अन्य भूभागसँग सम्पर्क गर्न यो बाटो प्रचलित भएपनि सो राजमार्ग निर्माणपूर्व चालू रहेको काठमाडौंदेखि पश्चिमतर्फ नेपालको मूल हुलाकी बाटोको निकटस्थ नै गोरखादरबारक्षेत्र रहेको छ। यसप्रकार पहिल्यैदेखि प्रसिद्ध र पायक पर्ने ठाउँमा रहेको संरक्षित गोरखा स्मारकक्षेत्रभित्र रहेको गोरखादरवार तथा तल्लो दरवार गरी यी दुई भव्य स्मारकहरू नै गोरखास्मारकक्षेत्रका महत्त्वका केन्द्र बिन्दुहरू हुन्।

---

१ पन्त, दिनेशराज, गोरखाको इतिहास भाग ४ (२०५०), पृ. २५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





रेखा चित्र नं. - १

Gorkha - Tallo darbar

Proportions of the northern facade. Seven axis at an interval of 4,26 m define the vertical pattern (4,26=a=3c=6d) whereas the height of a storey (b=2/3 a) determines the horizontal pattern.

Lines connecting the centers of windows and doors produce a romboid figure with the central horizontal line along the middle of the building. The romboid contains 64 small rombiods, thus representing a version of the ***manduka mandala****.*

गोरखा बजारस्थित ऐतिहासिक गोरखा तल्लो दरबारको
उत्तरखण्डको मण्डुकमण्डल शैलीमा निर्मित वास्तु संरचनाको आकृति । (साभार - निल्स गुत्सो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाबजारबाट ३० मिनेटको उकालो र ओरालोको फासलामा रहेका यी दुई दरबार-स्मारकहरूको बीचमा अत्यन्त घना आवादी रहेको पाइन्छ। यस भूभागमा केही वर्षअघि गोरखादरबारक्षेत्र संरक्षण आयोजनाले जग्गा अधिग्रहण गरी वृक्षारोपण गरेको बाहेक वनसम्पदाहरू शून्य रहेको पाइन्छ। गोरखादरबारबाट पूर्वतर्फ रहेको संरक्षित 'कालीवन' र 'रानीवन' बाहेक यो गोरखाको पूरै क्षेत्र खुरिखण्ड र उजाड रहेको पाइन्छ। ऐतिहासिक रूपबाटै आजभन्दा ४०० वर्ष अघिदेखि राज्यकेन्द्र तथा त्यसभन्दा अघिदेखि नै प्रसिद्ध ठाउँ रहीआएको गोरखादरबारक्षेत्रमा सदीयौं अघिदेखि घना आवादी हुनु स्वाभाविक देखिन्छ। हाल आएर वदलिएको परिस्थितिमा ऐतिहासिक रूपमा नै सामाजिक र आर्थिक दृष्टिले समेत अधिक जनघनत्व हुनु स्वाभाविक घटनाका स्वभाविक परिणतिको रूपमा स्वीकार गर्न सकिने भए तापनि यस तथ्यले यसक्षेत्रको जनजीवनलाई नराम्रो र दीर्घकालीन असर पारेको देखिन्छ। गोरखादरबारक्षेत्रको चारैतर्फ भएको व्यापक जनघनत्वले संरक्षित गोरखादरबारक्षेत्रको वन उपजहरूमाथि पनि निकै दवाव पारेको छ। ऐतिहासिक रूपमा गोरखाका राजाहरूले गोरखामा आवादी बढाउन अन्यत्रका जनतालाई आकर्षित गर्ने तथा पाटनका व्यापारी झिकाई बसोबास गर्न लगाएबाट तत्कालीन समयको विशिष्ट ऐतिहासिक परिस्थिति नै यसक्षेत्रमा अत्यधिक जनघनत्व बढाउन जिम्मेवार रहेको पाइन्छ।

यसरी दुई सय वर्षअघि नै घना आवादी भइसकेको गोरखादरबारक्षेत्र वरपरका विभिन्न ऐतिहासिक स्मारकहरूमध्ये पन्थ काजीहरूको वस्ती रहेको मैदान तथा रानाथोक अनि त्यस्तै अन्य क्षेत्रमध्ये पीपलथोक तथा गुरुङथोक जस्ता बस्तीहरूमा तत्कालीन समयमा इनारहरू रहेको तथा रानीवनमा रत्नावतीले धारो बनाउन लगाएको देखिँदा तत्कालीन समयमा यसक्षेत्रमा प्रशस्त जलभण्डार रहेको देखिन्छ। गोरखादरबारक्षेत्र वरपर रहेका हाल पानी कम भएको तथा सुकेको अवस्थामा रहेका विभिन्न धारा तथा हिटीहरूले यो कुरा प्रमाणित गर्दछन्। यसरी यथेष्ट जलभण्डार भए तापनि ३००-४०० वर्षदेखि नै निरन्तर रूपमा बढ्दै आएको आवादी र यसले आश्रय तथा अधिक उपयोग गर्दै आएको यहाँको वनसम्पदाको दयनीय शोषणको प्रतिफलस्वरूप वर्तमानमा मरुभूमितुल्य बनेको यसक्षेत्रको अधिक स्रोतको उपयोग र भौगर्भिक विपदासमेतका सम्भावनाहरू भूगोल तथा भूगर्भविद्हरूले व्यक्त गरेबाट यस दिशामा सचेत पहलकदमीको खाँचो महसुस हुन्छ। यस अवस्थामा सुधार तथा प्रस्तुत गोरखादरबारक्षेत्रका स्मारकहरूको संरक्षण र सम्बर्द्धन हेतु गोरखादरबारक्षेत्रको प्राकृतिक वातावरण सुधार र पुन:स्थापनका दिशामा गोरखादरबारक्षेत्र संरक्षण आयोजनाले केही काम गरिसकेको र यसबाट सकारात्मक परिणामहरू आउन थालेको पाइन्छ। (हेर्नुहोस् चित्र नं. ५)

यी विभिन्न कहाली लाग्दा यथार्थको बाबजुद पनि विकराल प्राकृतिक विप्लव व्यहोर्न नपरेको यसक्षेत्रको भूबनोट तथा भौगर्भिक संरचना केही मजबुत नै मान्नुपर्ने देखिन्छ तापनि निरन्तर रूपमा भूमिगत जलभण्डार घट्दै तथा स्रोतहरू अधोगमन (उभोको मूल तलतिर प्रकट हुने) हुन थालेपछि यस ठाउँमा प्राकृतिक दुर्घटनासमेत अस्वाभाविक नहुन सक्छ।

पश्चिममा पसलाङबाट पूर्वतर्फ विभिन्न थुम्काहरू (peak) तथा भञ्ज्याङहरू बन्दै गोरखादरबार तथा उपल्लाकोटसम्म अग्लने गोरखादरबार रहेको यो गोरखाको डाँडो उत्तर तथा दक्षिणतर्फ जलाधार रहने गरी विभाजित भएको छ। गोरखादरबार तथा पहाडको सोही समानान्तर श्रेणीमा क्रमश: होचो हुँदै गएका तल्लाकोट, मैदान तथा पसलाङका थुम्काहरू चारैतर्फ खुलेका र अत्यन्त दर्शनीय (चित्र नं. ३) बनेका छन्। यी थुम्काहरूबाट दक्षिणतर्फ लामो महाभारतश्रृंखला र गोरखाबजारका दक्षिणीक्षेत्रहरू रमणीय देखिन्छन् भने उत्तरतर्फ सिङ्गै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरी गोरखाका लेकाली तरेलीहरू तथा पूर्वमा गणेशहिमालदेखि वौद्ध, हिमालचुली, पिक २९, मनास्लु, लमजुङहिमाल, माछापुच्छ्रे तथा अन्नपूर्णाका सबै चुचुराहरू छर्लङ्ग देखिन्छन्। गोरखावजार भने डाँडाको दक्षिणी काखमा रहेकोले दक्षिणतर्फ मात्र खुलेको छ (चित्र नं. ६)।



चित्र नं. ५

उपल्लाकोटबोट लिइएको गोरखादरबार तथा सोदेखि पश्चिमतर्फको भू-भागको दृश्य। यहाँ गोरखादरबार वनको बीचमा रहेको वनदुर्ग जस्तै देखिन्छ। पृष्ठभूमिमा दरौंदी नदी पनि देखिएको छ।

गोरखावजार तथा गोरखादरवार क्षेत्र कुनै पनि महिनामा न गर्मी न जाडोले पिरोल्ने ठाउँ हो। गोरखावजारमा शीतकालमा पनि कुइरो लाग्दैन भने असार, साउन महिनामा गोरखादरवार तथा उपल्लाकोटक्षेत्रमा हुस्सु लाग्दछ। माथि नै भने झैं वनसम्पदाको हिसावले विसर्जनतर्फ उन्मुख हुन थालेको यस क्षेत्रको कालीवन र रानीवनमा यथेष्ट हुर्किएको वन पाइन्छ। यस वनमा खल्लु, लालीगुराँस, टिम्बुर, चिलाउने तथा कटुसका रुख पाइन्छन् भने पानीअमलाप्रभृति उच्च सिमसारमा पाइने वुटचान पनि यो वनमा पाइन्छ। भर्खरै वृक्षारोपण गरिएको गोरखादरवार, राम शाहको चौतारा तथा तल्लाकोटक्षेत्रमा भने सल्ला, उत्तीस, कपूर, काइँयो प्रभृति रुख तथा फूल फुल्ने जातका रुख र लहराहरू लगाइएको हामी पाउँछौं।

यसप्रकार गोरखादरवार संरक्षित स्मारकक्षेत्रको ठूलो भूभागमा हुर्कन लागेको वनको उचित व्यवस्थापन तथा संरक्षण गरी धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व भएको गोरखादरवारक्षेत्रमा अन्तर्निहित पर्यटकीय सम्भावनाको भरपुर उपयोग गर्ने गरी भावी कार्यक्रम तर्जुमा गर्न यस क्षेत्रको भविष्य निर्माणको लागि महत्त्वपूर्ण विषय हुन गएको छ। पर्यटन प्रवाहका लागि आकर्षणका यथेष्ट वस्तुहरू विद्यमान रहेको प्रस्तुत क्षेत्रमा सडक, सञ्चार तथा स्वास्थ्य सुविधाहरूको पूर्वाधार खडा भैसकेको छ। अव यहाँ वाँकी रहेको यथेष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानीको आपूर्ति तथा फोहोर निष्काशनको समस्यालाई बुद्धिमत्तापूर्ण योजना तथा स्रोतको उचित व्यवस्थापनबाट समाधान गर्न सकिन्छ । खानेपानीको समस्या समाधानार्थ दीर्घकालीन रूपमा दरौंदी नदीको पानी लिफ्ट गर्ने वा वारपाक नजिकको 'राङरुङ' खोला तथा आरुघाटको इस्तुल, आर्खेतखोला, माछाखोला, खोर्लाखोला आदि उत्तरी गोरखाका खोलाहरूको उद्गमस्थल पहिल्याई सम्भावनाका आधारमा गुरूत्वाकर्षण प्रणाली Gravity System बाटै पानी ल्याउन सकिनेतर्फ स्थानीय मानिसको विश्वास भएकाले त्यतातिर सम्वन्धित निकायको ध्यानाकृष्ट गराउँदै तथा गोरखाबजारभन्दा तल्लो उचाइमा रहेका सडक वरपरका स्थानमा भने वक्राङको फचलैंदीबाट पानी ल्याउने योजना गर्न सिफारिस गर्नुपर्ने देखिन्छ । त्यसैगरी मानेपानीबाट ल्याइएको पानी चारैतर्फ वितरण गर्नुको सट्टा त्यसलाई मैदान, सतीपीपल तथा पसलाङ जस्ता ठाउँमा मात्रै वितरण गर्ने र बजारभन्दा माथिल्लो भागमा रहेका पानीको अभाव रहेका अन्य ठाउँमा ढाँड, फिनाम तथा गह्रापानी तर्फबाट पानी ल्याउन सकिने देखिन्छ । त्यसदेखि वाहेक उचाइ र सम्भावनाका आधारमा बोक्सेपानी, वराहा, तीनधारे, खोपीधारा, छहरे, धारापानी, छिपिटोल तथा रोहटेपानी जस्ता दह्रो पानीका मूल भएका धाराहरूका पानीको वैज्ञानिक व्यवस्थापन गर्न सके यस क्षेत्रको लगभग आगामी २० वर्षसम्ममा विकसित हुने पर्यटन बजारको समेत पानीको मागको आपूर्ति सम्भव हुने देखिन्छ ।



चित्र नं. ६
श्रीगोरखनाथको तपोभूमि र श्री ५ पृथ्वीनारायण शाहको जन्मस्थल ऐतिहासिक गोरखादरबार । पृष्ठभूमिमा माछापुच्छ्रे, अन्नपूर्णा र लमजुङहिमालको दृश्य देखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.२ गोरखादरबारक्षेत्रको ऐतिहासिक महत्त्व

गोरखादरबारक्षेत्र वर्तमान नेपाल अधिराज्यको स्वरूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्ने पृथ्वीनारायण शाहको गोरखा अभियानको पृष्ठभूमिमा रहेको प्रतीकात्मक दृष्टिले महत्त्वपूर्ण क्षेत्र भएकाले नेपाल र नेपाली जाति तथा तिनका भाषा, सभ्यता तथा संस्कृतिका दृष्टिले यो क्षेत्रको विशिष्ट ऐतिहासिक महत्त्व रहेको छ। गोरखाका दूरदर्शी राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपालको एकीकरण सम्भव नभएको भए सम्भवत : विखण्डित नेपालराज्यभित्रका असंख्य टुक्रा राज्यहरू सहजै भारतीय-बेलायती उपनिवेशको चक्कामुनि पिँधिन सक्ने देखिन्छ। यसप्रकार 'नेपाल' र 'नेपाली' भन्ने ऐतिहासिक यथार्थलाई सम्भव बनाउने गोरखादरबारक्षेत्रको विशिष्ट महत्त्व रहेको छ। गोरखा सेना र तत्कालीन सामरिक परिवेशलाई उद्दीपन गरी अनुकूल वातावरण र भौतिक स्रोतसमेत आपूर्ति गर्न सक्षम गोरखाको विशिष्ट ऐतिहासिक अवस्थाले गोरखा-अभियानलाई उद्दीपकको काम गरेको देखिन्छ। यसरी आज नेपाल र नेपालीत्वको परिचायक बनेको गोरखाराज्यको केन्द्रीय प्रतीकस्वरूप रहेको गोरखादरबारक्षेत्रको विशिष्ट महत्त्व रहेको छ।

यसप्रकार नेपाल अधिराज्यको वर्तमान आर्थिक, राजनीतिक र सांस्कृतिक स्वरूप निर्माणमा निर्णयकारी भूमिका खेल्ने गोरखाराज्य तथा मध्यकालीन गोरखाली शाह राजपरम्पराको इतिहाससँग प्रत्यक्ष सम्बन्ध राख्ने गोरखादरबारक्षेत्रको यस सन्दर्भमा उल्लेखनीय महत्त्व रहेको छ। वर्तमान गोरखादरबारक्षेत्र गोरखामा शाह राजाहरूको आगमनपूर्व पनि राजदरबार रहेको, लिच्छविकालमा पनि महत्त्वपूर्ण धार्मिक क्षेत्र र 'जनपद' समेत भएको र शाहकालमा त बलियो चौबीसी राज्यहरूमध्येको एक गोरखाराज्यको केन्द्र भएकोले बढी महत्त्व राख्ने विषय बनेको छ। गोरखादरबारक्षेत्रको बृहत्तर परिसर तथा संरक्षित गोरखास्मारकक्षेत्रका र गोरखादरबारसँग सम्बद्ध अन्य धार्मिक पीठ तथा स्मारकहरूमध्ये अधिकांश स्मारकहरू गोरखाली शाह राजाहरूको शासनकालका विभिन्न घटनाहरूको स्मारकको रूपमा रहेका छन् (चित्र नं. ७ र ८)। माथि भने झैं नेपाल एकीकरणको नेता पृथ्वीनारायण शाह र उनीभन्दा १० पुस्ता पहिलाका उनका पूर्वज राजाहरूको राजदरबार रहेको तथा शाह राजाहरूको आराध्यदेव गोरखनाथ तथा इष्टदेवी कालीको पीठ हुनाको कारण गोरखादरबारक्षेत्रको महत्त्व जसरी ऊर्ध्वगामी भएको छ, त्यसमाथि यही दरवार नै पृथ्वीनारायण शाहको जन्मथलो समेत भएबाट यसको महत्त्वमा चारचाँद थपिएको छ।

लिच्छविकालदेखि नै महत्त्वपूर्ण क्षेत्र रहेको वर्तमान गोरखाक्षेत्रमा प्राचीन समयमा आई आफ्नो तप:स्थल बनाएका सिद्ध गोरखनाथको प्रेरणा र प्रभाव तथा गोरखालीको शक्तिबाट नेपालएकीकरणमा शाह राजाहरूलाई विजय सम्भव भएकोमा हाम्रो समाजको विश्वास रहेको सन्दर्भमा यस ठाउँको महत्त्व महकित हुन्छ। तत्कालीन समयमा स्थानीय खड्का शासकलाई विस्थापित गरी सं. १६१६ मा गोरखाको गद्दीमा द्रव्य शाह विराजमान हुनुपूर्वदेखि नै वर्तमान गोरखादरबार रहेको ठाउँमा जेजस्तोसुकै अवस्थाको भए तापनि गोरखाको दरबार रहेकोमा विश्वास गर्ने ठाउँ छ। द्रव्य शाह पछिका राजा पुरन्दर शाहको पालामा गोरखामा हात्ती पालिएको र यही हात्ती हेर्न आएका वारपाकी राजाले गोरखालाई नून दिने कुरामा मन्जुर भएको कथाको आधारमा गोरखादरबार नजिक रहेको हात्तीसारको ऐतिहासिक महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. ७
गोरखादरबारको पूर्वीपार्श्वभागमा धुनी पाटीको दृश्य ।
पृष्ठभूमि हुकँदै गरेको उपल्लाकोट तर्फको मनमोहक वनसम्पदा देखिएको छ ।

चित्र नं. ८
गोरखादरबारसँगै रहेको कलात्मक एक चोकयुक्त भवनको दृश्य ।
यो भवन राजा पृथ्वीपति शाहको पालामा अतिथिगृहका रूपमा निर्माण गरिएको विश्वास गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रष्टिन्छ। त्यसपछि नगरा बनाउन थाली अपूरो नै रहेको अवस्थाको नगरामा पाइएका अभिलेखहरू राजा छत्र शाहको र गोरखादरबारको मन्दिर खण्डको पश्चिमी लङमा रहेको होचो कोठा स्वयं राजा डम्बर शाहको स्मारकको रूपमा रहेका छन्। हाल गोरखा बजार रहेको पोखरीथोक भनिने पुष्करतीर्थको परिसरमा शिखर शैलीको **(Mountain summit)** गणेशमन्दिर (चित्र नं ३,), राजकीय गुम्बज शैलीको **(Some)** रामेश्वर महादेवमन्दिर तथा नेपाली शैलीको **(Pagoda)** मुरलीधर नारायणका मन्दिरहरू राजा राम शाहका स्मारकको रूपमा प्रस्तुत छन्।

तत्कालीन समयमा न्याय र विद्याको लागि कहलिएको गोरखाराज्यका न्यायप्रेमी राजा राम शाहको अरू स्मारकको रूपमा तल्लोकोट नजिकै रहेको धर्म चौतारो तथा यिनैका पालामा बनेको मानिएको गोरखादरबार स्वयं प्रस्तुत छ। गोरखादरबारको पूर्वतर्फ आवतजावतको सिंढी बनाउने राजा रुद्र शाह यसै आधारमा चिनिन्छन्। गोरखाका गोरखनाथमा कानफट्टा योगीद्वारा गोरखनाथको पूजा लगाउने चलन बसाएको, गोरखादरबार प्रवेशको पूर्व तथा पश्चिमको मूलद्वारमा उनैको पालामा भव्य गणेशको तथा हनुमानको मूर्ति (चित्र नं.११) समेत रहेका कारण पृथ्वीपति शाहको पनि गोरखादरबारक्षेत्रका सम्बन्धमा ऐतिहासिक महत्त्व रहेको छ। वंशावलीमा यिनैले श्रीकालीको स्थापना गरेको, दशैंघर बनाएको भन्ने कुरा उल्लेख छ।

यी राजापछि गोरखाको गद्दीमा बस्ने युवराजको पहिल्यै मृत्यु भइसकेको थियो। त्यसैकारण उत्पन्न उत्तराधिकारको हकको प्रश्नमा गोरखाली भारदारको सहयोगमा नरभूपाल शाह गोरखाको राजा भएको यस प्रसङ्गमा उनी विशेष स्मरणीय भएका छन्। यसप्रकार पृथ्वीनारायण शाह पूर्वका उनका पूर्वजहरूसँग सम्बद्ध विभिन्न स्मारकहरू जसरी गोरखादरबारक्षेत्रको ऐतिहासिकताको सन्दर्भमा महत्त्वपूर्ण भएका छन् त्यसैगरी गोरखा स्मारक संरक्षित क्षेत्रका विभिन्न भूभागहरू गोरखाली भारदारहरूको गाथासँग संघत्व **(Association)** प्राप्त गर्दछन्।

गोरखाको पसलाङको चौतारो द्रव्य शाहको पहिलो राज्याभिषेक चौताराको रूपमा प्रसिद्ध छ भने हाल सी.डी.ओ. आवास रहेको जग्गा वीर योद्धा बुद्धिबल रानाको स्मारकको रूपमा रहेको छ। काठमाडौं विजय गरेपछि आफ्नो दरबारको वरिपरि भारदारको घर बनाइदिने इच्छा व्यक्त गर्ने पृथ्वीनारायण शाहका पुर्खाले आफ्ना गुरु पुरोहितका लागि दरबार वरिपरि आवासको प्रबन्ध मिलाएका थिए। त्यसमध्ये गुरु तथा काजीको पद पाएका पन्थहरूलाई रानाथोक र मैदानमा, भट्टराई पुरोहितलाई हाल गणेशको मन्दिर रहेको गोरखादरवारको पश्चिमतर्फको भागमा तथा अर्याल पुरोहितलाई गोरखादरबारदेखि दक्षिण पूर्वतर्फको हनुमान भञ्ज्याङपारिको जग्गामा घडेरी प्रदान गरिएको थियो भनिन्छ।

यतिमात्र नभई विभिन्न समयमा बन्ने तथा जीर्णोद्धारसमेत हुँदै आएको गोरखादरबार तथा ऐतिहासिक तल्लो दरबारको वास्तुकलाहरू समकालीन रूपमा वास्तुकलाको ऐतिहासिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण छन् भने रामेश्वर महादेव मन्दिरमा प्रस्तुत राजकीय गुम्बज शैली नेपालकै तत्सम्बन्धी प्रथम नमुना भएबाट तथा मुरलीधरनारायण तथा गणेशको मन्दिरमा प्रयुक्त शैलीहरू गोरखाको वास्तुकलाको सन्दर्भमा पहिलो र गोरखाली शाह राजाहरूको पहिलो स्मारक रहेको कारण विशेष ऐतिहासिक महत्त्व राख्छन् भन्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३ गोरखादरबारक्षेत्रका स्मारकहरू र तिनको महत्त्व

प्रमुख रूपले गोरखादरवारक्षेत्रको महत्त्व सं. १६१६ देखि सं. १८०० सम्म अर्थात् पृथ्वीनारायण शाहको आगमनपूर्वको समयसम्म गोरखाली शाह राजाहरूको राजकीय राजदरवार तथा प्रशासनको केन्द्र यही दरवारमा रहनु तथा नेपाल एकीकरणको नेताको समेत यही दरवारमा जन्म हुनुजस्ता ऐतिहासिक कारणले नै उज्यालिएको छ। यसै ऐतिहासिक यथार्थलाई सम्झाउने स्मारकको रूपमा रहेको गोरखादरवार र यससँग सम्वद्ध अन्य स्थलहरूमा निर्मित मानवीय भौतिक संरचनामा भव्य स्मारकहरू तथा प्राकृतिक र सांस्कृतिक सम्पदाहरू विशेष राष्ट्रिय महत्त्वले युक्त भएकाले यस क्षेत्रलाई राष्ट्रिय सम्पदा सूचीमा समावेश गरिएको छ र साथै यस क्षेत्रको समग्र ऐतिहासिक, कलात्मक र सांस्कृतिक विशिष्टताका साथमा रहेका मानवजातिका सांस्कृतिक सम्पदा र सामाजिक स्वरूपलाई संरक्षण गर्न यसलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्नुपर्ने देखिन्छ। पहाडको थाप्लोमा रहेको साँघुरो ठाउँमा चट्टानयुक्त पेटिका **(Plaza)** मा नै जग उठाई सुन्दर तेलिया ईंटले बनाइएको गोरखादरवारका दरवारखण्ड र मन्दिरखण्ड भनेर जानिने दुई विशाल खण्डहरू ४ तल्लायुक्त छन् र दुवै खण्डलाई सानो र कलात्मक रंगमहलले जोडेको छ (चित्र नं. ९)। यीमध्ये पश्चिमतर्फको सुनको गजुर भएको खण्डलाई मन्दिर खण्ड र पूर्वतर्फको खण्डलाई दरवार खण्ड (रेखाचित्र नं. २) भनिन्छ। दरबारदेखि पश्चिमपट्टि दमाईपाटी भनिने एउटा कलात्मक पाटी छ भने दरवारदेखि पूर्वतर्फ रहेको यस्तै पाटीलाई धुनीपाटी भनिन्छ (चित्र नं. ७) जहाँ गोरखनाथजीको लागि महाभोग (रोट) पकाइन्छ। प्रस्तुत धुनिपाटीदेखि दक्षिणतर्फको गोरखनाथको गुफा र यसदेखि पूर्वतर्फ केही फलक मुनि 'चौघेरा' भनेर जानिने सानो चौकयुक्त कलात्मक भवन रहेको छ। जसको स्थलयोजना र भवनको वास्तुआकृति रेखाचित्र नं. ३ र ४ मा दिइएको छ। त्यसैगरी सो भवनसँगै रहेको श्रीविद्या मन्दिरको वास्तुसंरचना रेखाचित्र नं. ५ मा दिइएको छ। यसप्रकारवाट माथि वताइएका सबै दरवार तथा पाटी र भवनहरूमा प्रचुर समृद्ध काष्ठकलाको प्रयोग भएको छ भने छानाहरू झिंगटीले छाइएको छ। यसको अतिरिक्त गोरखादरबारक्षेत्रको अर्को महत्त्वपूर्ण र भव्य स्मारक भनेको गोरखादरवारदेखि २४० मि. उँधो गोरखावजारको बीचमा रहेको कलात्मक तल्लो दरबार (रेखा चित्र नं. १) नै हो। ऐतिहासिक रूपमा गोरखाको पोखरीथोकको दरवार सं.१८९५ फाल्गुण १३ गते शुक्रवारमा शिलान्यास भएको बारे लेखिएको[२] पाइएको यो दरबार विक्रमको उन्नाइसौं सदीको अन्तिम दशकको उत्तरार्द्धमा निर्माण सुरु भई जङ्गवहादुरको उदयपूर्व नै पूरा भइसकेको देखिन्छ। यो दरवार पनि बीचमा चोक भएको र गाह्रोमा तेलिया इँटा लगाइएको एवं झिंगटीले छाइएको जस्तो विशेषताले युक्त छ। वास्तुकलाविद्हरूले यसको निर्माण 'मण्डूक-मण्डल' सिद्धान्तको आधारमा भएको बताएका छन्। प्रशस्त काष्ठकलाले युक्त काठका सामग्रीहरू प्रयोग गरेर बनाइएको यो स्मारकको हालै पुनस्थापन **(Rennovation)** कार्य सकिएको छ।

चारतल्ले आकृतिमा प्रस्तुत यो दरबार काष्ठकलाको अनुपम कृतिहरूका दृष्टिले गोरखादरवारभन्दा एक कदम अगाडि रहेको छ। यसप्रकार महत्त्वपूर्ण दुई दरवारहरूको अतिरिक्त गोरखा संरक्षित स्मारकक्षेत्र वरपर रहेका अन्य विभिन्न मन्दिर, पाटी तथा कोटघरहरू, स्मारकहरूको गणना गर्दा बिर्सन नहुने वस्तुहरू हुन्। जसमध्ये तल्लो कोटमा रहेको कोटघरको स्थलयोजना रेखाचित्र नं. ६ मा दिइएको छ।

---

[२] गोरखाको इतिहास-भाग ४, दिनेशराज पन्त, पृ. २६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



रेखा चित्र नं. २ : गोरखादरबारको पूर्वीभागको वास्तुआकृति ।



चित्र नं. ९ : चौघेरा भवनसहित गोरखादरबारको मुख्यस्थलको चित्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकारबाट भौगोलिक सुन्दरताले युक्तभई कलात्मक स्मारकहरू एवं सम्बद्ध ऐतिहासिक तथ्यका कारण राष्ट्रिय महत्त्व राख्ने भएको गोरखादरवारक्षेत्र धार्मिक र सांस्कृतिक दृष्टिले उत्तिकै महत्त्वपूर्ण देखिन्छ। अत्यन्त समृद्ध पूर्वीय वास्तु सिद्धान्तका आधारमा स्थल योजना गरी वनाइएका गोरखादरवार र तल्लो दरवारक्षेत्रको नगरायणको ऐतिहासिक र शास्त्रीय अध्ययनको दृष्टिले अति नै ठूलो महत्त्व रहेको छ। त्यसैगरी त्यसबेलाको कलाचेतनाको ऐतिहासिक, शास्त्रीय र तुलनात्मक अध्ययनका लागि गोरखादरवार र तल्लो दरवारक्षेत्रमा प्रयुक्त अनुपम काष्ठ र प्रस्तर कलाका सामग्रीले स्रोत प्रदान गर्ने हुँदासमेत यी स्मारकहरूको महत्त्व बोध हुन्छ।

गोरखादरवारका विभिन्न आन्तरिक र बाह्य अङ्ग उपाङ्गहरूको (Interior & exterior organ) अन्तरसम्बन्धवाट सिङ्गो संरचनाको (Holistic structure) महत्त्वमा विशिष्ट अर्थ राख्दछ। सो स्थलमा आज प्रचलित विभिन्न पर्व, पूजा र प्रथाहरूको (Rituals & traditions) वास्तुकलासँग पनि विशेष महत्त्व रहेको छ। श्रीभवानीलाई विभिन्न अवसरमा विभिन्न भागमा आसिन गराउनु पर्ने तथा विभिन्न पूजाकार्य विभिन्न ठाउँमा गर्नु पर्ने चलन रहनुले विशिष्ट खालको आङ्गिक संरचना भएको वास्तुकलाको माग गरेको प्रतीत हुन्छ। त्यसैगरी प्रयुक्त वास्तुशील्पले तत्कालीन गोरखा दरवारसँग सम्वद्ध ऐतिहासिक घटनासँग विशेष सम्बन्ध राख्ने हुँदा कालक्रमिक रूपमा ऐतिहासिक मानवशास्त्रीय अध्ययनका सन्दर्भमा यसको विशेष महत्त्व रहेको प्रष्ट देखिन्छ।



रेखा चित्र नं. ३

गोरखादरबार परिशरको चौघेरा भवनस्थलको क्षेत्र योजना। (साभार निल्स गुत्सो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



रेखा चित्र नं. ४

गोरखादरबार परिसरको चौघेरा भवनको विभिन्न पाटाहरूको वास्तुआकृति ।

(साभार - निल्स गुत्सो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



रेखा चित्र नं. ५
गोरखादरबार परिसरमा रहेको कलात्मक प्रस्तरले मात्र बनेको श्रीविद्या मन्दिरको वास्तुआकृति ।
(साभार – निल्स गुत्सो ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



रेखा चित्र नं. ६

तल्लोकोटको कोटघरको क्षेत्रको स्थलयोजना। (साभार - निल्स गुत्सो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.४ गोरखादरबारक्षेत्रको धार्मिक र सांस्कृतिक महत्त्व

गोरखादरवारक्षेत्रमा पाइएका एक दुई जीर्ण अभिलेखहरूका आधारमा हामीलाई लिच्छविकालीन गोरखाको धार्मिक र सांस्कृतिक अवस्थाको संकेत मिल्दछ तापनि यस क्षेत्रको वर्तमान धार्मिक र सांस्कृतिक विशेषताको सम्वन्ध भने खास रूपमा द्रव्य शाहको गोरखा आगमन पश्चातको घटनासँग सम्वन्धित छ । गोरखादरवारक्षेत्रमा पाइएका दुई लिच्छविकालीन अभिलेखका आधारमा त्यतिवेला वर्तमान गोरखादरवार रहेको क्षेत्र तथा उपल्लाकोट क्षेत्रमा वज्रयानी सम्प्रदायद्वारा वज्रभैरव नामका देवता तथा अन्य स-साना चैत्यहरू स्थापना गरिएको पुष्टि मिल्दछ भने त्यस्ता चैत्यहरू यस परिसरमा आज पनि देख्न पाइन्छ । गोरखनाथ गुफाको उक्त अभिलेखले नेपालमै बज्रयान सम्प्रदायको उपस्थितिको प्रथम प्रमाण प्रस्तुत गर्दछ जसमा उल्लिखित वज्रभैरव देवतालाई निङमापा वौद्ध सम्प्रदायमा 'धोर्जे झ्याङ्जे' भन्ने गरिएवाट यसको प्रसार उत्तरी गोरखाको 'रुई भोट' क्षेत्रवाट (वुढीगण्डकी नदी प्रणालीको वाटो भएर) भएको हुनसक्ने पनि देखिन्छ । अर्कोतिर डिल्लीरमण रेग्मीले हरिराम जोशीको हवाला दिँदै उनले रुद्रयामल तन्त्रमा ६४ भैरवहरूको वारे उल्लेख गरेको पाएकोले यी वज्रभैरव पनि शैवमतका देव हुन कि भन्ने सम्भावना व्यक्त गरेका छन् । यसो भए तापनि तत्कालीन समयमा यस क्षेत्रका समाजको स्वरूप तथा उसको धर्म तथा संस्कृतिको वारेमा हामीलाई खासरूपमा थाहा हुन सकेको छैन ।

वि.सं. १६१६ मा गोरखाको राजगद्दी प्राप्त गर्ने द्रव्य शाह तथा उनका नाति राम शाहसमेतलाई गोरखाका संरक्षक सिद्ध गोरखनाथले वरदान दिई राम शाहको ७ औं पुस्ताका पृथ्वीनारायण शाहवाट नेपालएकीकरण हुने भविष्यकथन गरेका थिए भनिन्छ । यसप्रकार नेपालएकीकरणका प्रेरक र नियन्ताका रूपमा लोकले विश्वास मानेको श्रीगोरखनाथ तथा शक्तिस्वरूप कालीको प्रसंग गोरखाको समाजको धार्मिक पक्षको ऐतिहासिक अध्ययनका क्रममा महत्त्वपूर्ण तथ्य प्रतीत हुन्छ । यसै प्रसङ्गसँग गोरखा मनकामनाको आविर्भावको कथा पनि गोरखामा जोडेर भन्ने गरिन्छ । हुन पनि गोरखाका राजाहरू विशेष रूपमा आफूलाई शिवभक्त भन्न रुचाउँथे भन्ने कुरा वि.सं. १७३७ मा राजा पृथ्वीपति शाहले रामेश्वर महादेव मन्दिर (चित्र नं. २) अगाडि आफ्नो सालिकसमेत राख्न लगाएवाट उक्त कुराको पुष्टि हुनजान्छ ।

राजा राम शाहले पुष्करतीर्थ भनिने हालको गोरखावजारक्षेत्रमा गणेशप्रभृति पाञ्चायन मन्दिर बनाउन लगाई पूजा चलाएको, राजा पृथ्वीपति शाहले गोरखादरवार दशैंघरमा दशैंघर भगवतीको पूजा चलाएको तथा पृथ्वीनारायण शाहले गोरखा मनकामनाकी मनकामना माईको नित्य नैमित्तिक पूजाको लागि गुठी राखी माईको मन्दिरमा सेवारत नमस्कार मुद्रामा आफ्नो सालिकसमेत राख्न लाएवाट गोरखाका शाह राजाहरू शिव तथा शक्तिको विशेष रूपमा उपासना गर्दथे भन्ने वुझिन्छ । यसप्रकार मनकामनाको पर्वपूजा गुभाजू (वौद्ध अनुयायी) हरूद्वारा गराउनु, गोरखादरवार दशैंघर पूजामा ब्राह्मण, मगर, क्षेत्री, कुमाल, दरै, दमै, चुरेटा, कामी, सार्कीप्रभृति समुदायका मानिसको संलग्नता हुनुपर्ने थिति वांधिनु जस्ता कारणले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालीन गोरखाराज्य जातीय मिलाप र धार्मिक सहिष्णुताको दृष्टिले प्रशंसनीय नै बनेको देखिन्छ ।

यसप्रकारको ऐतिहासिक पृष्ठभूमिमा खडा भएको गोरखादरबारक्षेत्रका धार्मिक र सांस्कृतिक पर्व एवं परम्पराहरू आजभन्दा ४०० वर्षअघि सुरु भई आजसम्म जीवित नै रहेको हामी पाउँछौं शिवका भक्त र शक्तिका उपासक गोरखाली शाह राजाहरूको पुर्ख्यौली थलो रहेको गोरखादरबार आसपासको क्षेत्र नै हिन्दू धर्मावलम्बीको बाहुल्य भएको क्षेत्रको रूपमा जानिन्छ। दरवार वरपरको ठूलो वस्तीको रूपमा रहेको गोरखावजारक्षेत्रमा नेवारहरूको ज्यादा आवादी भए पनि वरपरको क्षेत्रमा मगर, ब्राह्मण, क्षेत्री, सार्की आदि जातजातिको समान रूपमा वसोवास रहेको पाइन्छ। यस भेगमा रहेका जातजातिहरूको वितरणलाई मध्यकालीन गोरखा सभ्यताले महत्त्वपूर्ण र ऐतिहासिक प्रभाव पारेको पाइन्छ। मानवशास्त्रीहरूको वर्गीकरणअनुसार मगर तथा कुमाल जस्ता सीमित समुदायको अतिरिक्त यहाँ वस्ने वहुसंख्यक समुदाय ककेसीयन प्रजातिका रहेका छन्। गोरखा सभ्यता फस्टाएको बेला एक न एक रूपमा राज्यको महत्त्वपूर्ण पद सम्हालेका ऐतिहासिक पुरुषका सन्तानहरू नै आजका गोरखाका वासिन्दा हुन्। ऐतिहासिक समयमा माथि बताइए झैं वौद्ध तथा हिन्दू मत तथा तिनका विविध सम्प्रदायहरू विकसित भएको गोरखादरबारक्षेत्रमा आज दुई मतावलम्वीका बीच पाइने धार्मिक सहिष्णुता र सद्भाव कायम गर्न गोरखाको सोही मजवुत ऐतिहासिक आधारशिला कामायावी भएको हामी पाउँछौं। हिन्दू र बौद्ध धर्मावलम्बी मात्र होइन गोरखा अभियानको क्रममा हातहतियार बनाउन पृथ्वीनारायण शाहले बोलाएर गोरखामै वसोवास गराएका मुसलमान कालीगढहरू प्रतिको तत्कालीन उदाहरणीय उदारता देख्दा हामी नतमस्तक हुन्छौं। त्यसप्रकारबाट आफ्नो अभियानमा महत्त्वपूर्ण सघाउ पुऱ्याउने मुसलमानहरूलाई कदरस्वरूप गोरखादरवारले निजहरूले इष्टदेवी गोरखकालीको दशैंघर पूजा हुँदा आभूषण ल्याउनु पर्ने दरवन्दी बाँधी रीतिस्थिति कायम गरेको पाइन्छ। यसप्रकार ऐतिहासिक रूपमै विभिन्न जात थर, सम्प्रदायका व्यक्तिलाई तिनको हैसियत र सामाजिक स्थितिका आधारमा दशैंघर पूजामा अधिकार र कर्तव्य सुम्पने गरी स्थिति बाँधेवाट गोरखाको तमाम वासिन्दाको मिलन तथा सौहार्द्रता नवीकरण गरिने थलोको रूपमा गोरखादरवारका परम्पराहरू प्रस्तुत हुन्छन्। आज गोरखादरवारक्षेत्र स्थानीय रूपले मात्र होइन राष्ट्रिय धर्म तथा संस्कृतिका अध्ययनका दृष्टिले समेत महत्त्वपूर्ण क्षेत्र बनेको छ। नेपालको पूर्ववर्ती धातुका सिक्काहरूमा तथा नोटहरूमा समेत गोरखनाथ तथा भवानीको नाम अंकित हुनु, राष्ट्रिय चाड बडादशैंको फूलपातीमा हनुमानढोकाको राजगद्दी भएको दरबारको दशैंघर पूजामा गोरखादरबारबाट फूलपाती लानैपर्ने परम्परा भएको सन्दर्भमा गोरखादरवारक्षेत्रको राष्ट्रिय रूपमै धार्मिक र सांस्कृतिक महत्त्व प्रष्टिन्छ। नेपालवारे अध्ययन गर्न आउने विदेशी जिज्ञासु अनुसन्धानकर्ताहरू नेपालको ऐतिहासिक आधारशिलालाई जोड दिँदै गोरखाक्षेत्रको समाज तथा नेपाली शाह राजाहरूको ऐतिहासिक थलोको जिज्ञासापूर्वक अध्ययन गर्न थालिएवाट नेपाली समाज र संस्कृतिको सन्दर्भमा गोरखाको विशिष्ट महत्त्व सुवासित हुन्छ। पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म दर्जनौं भाषा-भाषिका र धार्मिक आस्था भएको विषम समाजलाई यसै गोरखादरवारले भौगोलिक रूपमा मात्र नभई सांस्कृतिक रूपमा समेत विविधतामा एकताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शंखघोष गरेको फलस्वरूप राष्ट्रभाषा नेपालीको महत्त्व स्थापित भएको र राज्यधर्म हिन्दू भए पनि सबै धर्मलाई फुल्ने फल्ने अवसर प्रदान गरिएबाट गोरखाराज्यले अवलम्बन गरेको पहाडी हिन्दूसभ्यता राष्ट्रिय रूपले र संस्कृतिको दृष्टिले महत्त्वपूर्ण भएको छ ।

स्थानीय रूपले भन्ने हो भने गोरखादरबारक्षेत्र स्थानीय समाजको धार्मिक र सांस्कृतिक पथ-प्रदर्शक बनेको हामी पाउँछौं । मध्यकालमा शाह राजाहरूद्वारा इष्टदेवीको रूपमा स्थापना गरिएकी गोरखकालीको धुमधामपूर्वक दुर्गोत्सव गर्ने परम्पराबाट विस्तारै दशैं चाडले अत्यन्त व्यापक सामाजिक मान्यता प्राप्त गर्दै आज यो चाड सम्बद्ध परम्परा समग्र राष्ट्रिय जीवनमा प्रमुख प्रभाव राख्ने प्रथाको रूपमा विकसित भएको छ। ऐतिहासिक अवस्थामा विभिन्न ऐतिहासिक महत्त्वका काम गर्ने पुरुषलाई स्मरणीय बनाइरहन गोरखादरबारको दशैंघर पूजामा निजका सन्तान वा थरघरले कुनै विशिष्ट काम गर्नेगरी स्थिति बाँधिएको तथा एकीकरणका क्रममा जुनजुन ठाउँमा दखल हुँदै जान्थ्यो ती ठाउँका जनतासँग निकट सम्बन्ध, अन्तरक्रिया तथा आत्मीयता प्राप्त गर्ने उद्देश्यले तत् तत् ठाउँका जनताहरूलाई गोरखादरबार दशैंघर पूजामा भार, सगुन, वलक, सिर्तो बुझाउनु पर्ने र सो काम गरेबापत निजहरूले यथोचित पारिश्रमिकसमेत पाउने व्यवस्था गरेको देखिन्छ । त्यतिमात्र नभएर गोरखादरबारमा सम्पन्न हुने चाड र पर्वहरूमा स्थानीय जनताको सहभागिता गराउन त्यस्ता दिनहरूमा गोरखादरबारको कटुवालद्वारा ३६ थुम भित्र (३६ थुमको अवधारणा गोरखादरबारको पूजा पर्वको सम्बन्धमा विशेष महत्त्व राख्दछ। यसको सान्दर्भिक व्याख्या यसै अनुसन्धानका पछिल्ला पृष्ठहरूमा गरिएको छ ।) बारनाको उर्दी लगाउने चलन अद्यापि छँदैछ । तत्कालीन समयका स्थितिहरूमा गोरखादरबारका पूजाहरूमा हरतरहले सहयोग पुऱ्याउनु स्थानीय जनताको कर्तव्य जस्तै मानिएको छ । बारना सुनाइएका दिनमा खेतबारीमा खनजोत गर्न नहुने र यदि कसैले गरेमा गोरखादरबारका कर्मचारीले गरेको सजाय सहनुपर्ने प्रथा गोरखामा केही वर्षअघिसम्म कायम थियो ।

माथि बताइएका निर्देशित स्वरूपका सहभागिताको अतिरिक्त स्थानीय बासिन्दाहरू साउने संक्रान्तिमा लुतो फाल्दा गोरखादरबारमा कण्डारक पूजाको बढाइँ गरिसकेको सुनेपछिमात्र घरघरमा राँको बाल्छन् । नयाँ धान पाकेपछि मार्ग महिनामा श्रीगोरखनाथजीमा रोट चढाउने (हेर्नुहोस् : गोरखनाथको गुफामा रहेको गोरखनाथजीको प्रतीक चित्र नं. १०) र मकै पाकेपछि हनुमानलाई (हेर्नुहोस् : गोरखादरबारस्थित हनुमानभञ्ज्याङमा रहेको हनुमानको मूर्ति चित्र नं. ११) चढाउने परम्परा पनि गोरखाको जीवनपद्धति भैसकेको छ । गाईजात्रामा टोलटोलबाट निस्कने जात्रा गोरखादरबार पुऱ्याउने तथा कृष्णाष्टमीमा कृष्णको रथसमेत गोरखादरबार पुऱ्याउनुपर्ने र सो जात्रा तथा रथयात्रामा आउने मान्छेहरूलाई खुवाउन फलफूल तथा रथमा चढाउने भेटीको समेत गोरखादरबारको पुरानो दरबन्दीमा व्यवस्था गरिएको छ । वडादशैंमा गोरखादरबारको साइतमा घटस्थापना गर्ने, त्यहींको टीकाको साइतमा विजयादशमीको टीका लगाउने जस्ता परम्परा पनि गोरखामा रहेका पाइन्छन् ।

गोरखादरबारक्षेत्रमा रहेका मुख्य पीठहरूमध्ये गोरखादरबार परिसरमै रहेको गोरखकाली तथा गोरखनाथजी मुख्य हुन् । नेपाल राष्ट्रका नियन्ता र पालक मानिएका यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबाको नित्यनैमित्तिक रूपमा कानफट्टा योगीहरूद्वारा पूजा तथा गौरक्षसहस्रनाम पाठ हुन्छ। उता गोरखाली शाह राजाहरूलाई राज्यलक्ष्मी भोग गर्ने शक्ति प्रदान गर्ने गोरखकाली देवीको पूजा गोरखादरबारकै मन्दिरखण्डको भित्रपट्टि पूजाकोठामा हुन्छ। संवत् १८५६ पूर्व वडादशैंमा नवरात्रभर तथा चैत्राष्टमीको दिन एक वर्षमा दुईपटकमात्र यी देवीको दशैंघर पूजा हुन्थ्यो भने १८५६ पछि तिनै देवीको सम्झनामा उनैको प्रतीकमा प्रति अष्टमीमा १ भेंडो तथा १ कुभिण्डोको सरकारी बलिसमेत गरी पूजा गर्ने चलन चलेको देखिन्छ। दशैंघर पूजाको साविक दरसाविकको भव्यपूजा नै खास रूपमा उल्लेख्य देखिएको गोरखादरबारक्षेत्रको धार्मिक र सांस्कृतिक सन्दर्भमा यसैको बारेमा आगामी अध्यायहरूमा सूक्ष्मरूपले वर्णन तथा विश्लेषण गरिनेछ।



चित्र नं. १०

गोरखा दरबारस्थित श्री गोरखनाथ गुफाको दृश्य।

चित्रमा देखिएको विशेष सिंहासन श्री गोरखनाथको मुख्य प्रतीक हो।

राज्यलक्ष्मी भोगका लागि शास्त्रीय मतअनुसार सिफारिस गरिएको विशिष्ट पद्धतिद्वारा गरिने गोरखादरबार दशैंघरको प्रस्तुत दुर्गोत्सव पूजा तमाम हिन्दू मत र खास गरी शाक्त-समुदायको अध्ययन र मुख्य रूपमा नेपाली संस्कृतिका दृष्टिले केन्द्रीय वृत्तमा स्थापित रहेको छ भन्नुमा अतिशयोक्ति हुनेछैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.५ गोरखादरबारक्षेत्रको सांस्कृतिक व्यवस्था : विगत र वर्तमान

विक्रमको सत्रौं शताब्दीको सुरुआतमै स्थानीय शासकको पतनपश्चात् गोरखाराज्यका राजाको रूपमा द्रव्य शाह स्थापित भएका हुन् । उनले लिगलिगकोटको राज्य यसअघि नै दखल गरिसकेका थिए (हेर्नुहोस् : लिगलिगको कोटघरको भग्नावशेषको दृश्य चित्र नं. १२) । गोरखामा दखल गरेपछि द्रव्यशाहका उत्तराधिकारी शाह राजाहरूले पनि स्थानीय मगर शासकको वर्तमान गोरखादरबार रहेकै ठाउँको राजभवनलाई आफ्नो आवासको रूपमा प्रयोग गर्दथे भन्ने मान्न सकिने प्रमाण हाम्रा अगाडि उपस्थित भएका छन् । त्यसप्रकार राजकीय आवासको रूपमा प्रयोग गरिएका राजभवनलाई विस्तारित र भव्यताका साथ निर्माण गर्ने काम राजा राम शाहको पालामा सुरु गरिएको र उनका उत्तराधिकारीहरूले यो क्रम पूरा गरेको कुरामा विश्वस्त हुने यथेष्ट ठाउँ छ । द्रव्य शाहका नाति छत्र शाहले बनाउन लगाएको व्यहोरा कुँदिएको मोहर्न बाँकी रहेको नगरा गोरखादरबार रङ्गमहलमा रहनुबाट यो नगरा अन्यत्रबाट ल्याएको नभई यसै ठाउँमा बनाइएको हुन सक्ने देखिन्छ । त्यसैगरी उनका भाइ प्रतापी राजा राम शाहले पुष्करतीर्थको भव्य पाञ्चायन मन्दिरहरू बनाउन लगाएको देखिएबाट त्यत्रो निर्माण भएको राम शाहको पालासम्म गोरखादरवार निर्माण भइसकेको हुनसक्ने देखिन्छ । यसैको परिपूरक प्रमाणका रूपमा राम शाहका छोरा डम्बर शाहले बनाउन लगाएको डम्बर कोठाको खण्ड गोरखादरबारमा रहनु तथा उनका नाति रुद्र शाहका पालाको चन्द्ररूप शाहको अभिलेखयुक्त तोप-गोला गोरखादरबारको रंगमहलमा पाइनुजस्ता तथ्यलाई अघि सारेर यी पूरक अंगहरू राम शाहको अवसान पश्चात् बनेको प्रमाण जुटिसकेको सन्दर्भमा गोरखादरवारको मूल स्वरूप भने यी घटनाभन्दाअघि अर्थात् राम शाहको पालामा बनिसकेकोमा विश्वास गर्न सकिने देखिन्छ । यसप्रकारबाट पृथ्वीनारायण शाहको कान्तिपुर विजय भई राजधानी काठमाडौं सर्नुपूर्वसम्म राजदरवारको रूपमा रहेको प्रस्तुत सम्पदा आज तिनै ऐतिहासिक घटनालाई स्मरण गराउने स्मारकको रूपमा रहेको छ । यसरी राम शाहको पालामा बनेको हुनसक्ने देखिएको गोरखादरबारलाई वरपरका मन्दिर, पाटी, बाटो आदि बनाई सुशोभित पार्ने काम राम शाहका उत्तराधिकारी राजाहरूले गर्दै रहेको देखिन्छ भने विभिन्न प्रमाणहरूका आधारमा संवत् १८६३ ताका मुख्य रूपमा र अरू अवस्थामा पनि गोरखादरवार पटकपटक जीर्णोद्धार भइरहेको पाइन्छ । उता हालै पुनर्स्थापन कार्य सकिएको भनिएको गोरखाबजार नजिक अवस्थित गोरखाको तल्लो दरवारको निर्माणको बारेमा भने यसै अनुसन्धानको अघिल्लो उपशीर्षक अर्थात् परिच्छेद १.३ मा बताइसकिएको छ ।

यसप्रकार राजप्रासादको रूपमा ऐतिहासिक कालमा महत्त्व पाएको गोरखादरबारक्षेत्र ऐतिहासिक महत्त्वका साथसाथै धार्मिक र सांस्कृतिक महत्त्वले समेत प्रदीप्त बनेको छ भन्ने कुरा अगाडि बताइसकिएको छ । यसप्रकार गरिमामय बनेको यस क्षेत्र वर्तमानमा यिनै ऐतिहासिकताको आधारमा राष्ट्रिय महत्त्वको तथा वास्तुकलाको दृष्टिमा आश्चर्यजनक प्राकृतिक र मानवीय सीपको उदाहरणीय संरचना बनेको कारण मानव जातिले नै गर्व गर्न लायक अन्तर्राष्ट्रिय सम्पदा बनेको छ भन्नु अत्युक्ति हुनेछैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ११ : गोरखादरबारको हनुमान भञ्ज्याङस्थित श्रीहनुमानको प्रस्तर मूर्ति । यो मूर्ति राजा पृथ्वीपति शाहको पालामा स्थापना गरिएको विश्वास गरिन्छ ।



चित्र नं. १२ : लिगलिगकोटको एक दृश्य । यो ऐतिहासिक घले राज्यको कोटमा सर्वप्रथम आधिपत्य गरेर नै श्री द्रव्यशाहले गोरखा विजय गर्न कदम बढाएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विभिन्न ऐतिहासिक घटनाहरूको समग्र अभिव्यक्ति गर्ने यो स्मारक लामो समयसम्मको भौतिक तथा सांस्कृतिक निर्माणको सिङ्गो प्रतिफल हो । माथि भने झैं जसरी शाह राजाहरूको पुस्तौंपुस्ताको योगदानबाट यस क्षेत्रलाई मानवीय भौतिक निर्माणको नमूनाको रूपमा प्रस्तुत गर्नु सम्भव भएको छ । त्यसैगरी यस बृहत्तर क्षेत्र सम्बद्ध सांस्कृतिक धरोहरको निर्माणको लागि त्यत्तिकै लामो समयको ज्ञान, विज्ञान, विवेक, बुद्धि र कलाको प्रयोग भएको पाइन्छ । मगर शासकको राजभवनलाई नै राजकीय आवासको रूपमा प्रयोग गर्दै पुस्ता दरपुस्तासम्ममा गोरखाली शाह राजाहरूले त्यसै ठाउँलाई एउटा भव्य दरबार-स्मारक बनाई मानवीय निर्माण कौशलको परिचय दिएका थिए । गोरखादरबारको भारदारीले सत्रौं शताब्दीको सुरुदेखि नै उदाहरणीय सभ्यता निर्माणको अभियानअन्तर्गत द्रव्य शाह र उनका उत्तराधिकारीहरूको नेतृत्वमा सभ्यता निर्माण गर्न थालेका थिए । लोकविश्वासअनुसार नेपालराज्यका संरक्षक गोरखनाथको इच्छा र आशीर्वाद अनुरूप गोरखाका शाह राजाहरू नेपाल एकीकरण गर्न इच्छुक थिए परन्तु उक्त कार्यको पूर्णाङ्ग सफलता पृथ्वीनारायण शाहलाई मात्र मिल्ने र त्यसका लागि उनका पूर्वजहरूद्वारा मार्ग प्रशस्त पार्ने योजना सिद्ध गोरखनाथको रहेको थियो । त्यसैकारण राज्यलक्ष्मीको भोग तथा अष्टसिद्धिका लागि गोरखनाथको प्रेरणाअनुसार गोरखामा श्रीभवानीको विधिपूर्वक दुर्गोत्सव जस्तो भव्य अनुष्ठान गर्ने परम्परा बसालेको देखिन्छ । राजा राम शाहको पालादेखि नै उक्त पर्व मनाउन थालिएको भन्ने कुरा परोक्ष रूपमा वंशावलीहरूले बताएको र किम्वदन्तिहरूले समेत यस्तै कुरा अभिव्यक्त गरे पनि गोरखादरबारमा हुने दुर्गोत्सवको विधि तथा ऐतिहासिकताको बारेमा ठोस रूपमा बताउने प्रमाण प्राप्त हुन सकेको छैन तापनि प्राप्त तथ्य र प्रमाणका आधारमा यस बारेमा अगाडि विचार गर्नु परेको छ ।

राजा राम शाहले आफ्नो पालामा पुष्करतीर्थ परिसरमा गणेश, महादेव तथा नारायणप्रभृति पाञ्चायनको मन्दिर बनाई पूजा चलाएको देखिँदा पाञ्चायनमा नपुग देवीको पूजा पनि सोही समयदेखि चलाएको हुनसक्ने देखिन्छ भने अर्कोतिर पछिल्लो समय अर्थात् १८५६ पूर्व समयमा गोरखादरबार श्रीभवानीको पूजाको रूपमा दशैंघरपूजाको मात्र व्यवस्था भएको र उता गोरखादरबार श्रीभवानीको अविर्भावसम्बन्धी कथामा यसैप्रकार यी देवीको उत्पत्ति विशिष्ट निमित्त कार्यका लागि भएको भन्ने आशय व्यक्त हुनाले नित्यनैमित्तिक रूपमा पूजा हुने गरी गोरखादरबार देवीको पूजा राम शाहको पालामा चलेको थिएन भन्नेमा तर्क बलियो हुन्छ । यसका आधारमा गोरखादरबारको दशैंघरको श्रीभवानीको पूजाको बारेमा सूक्ष्म संकेतहरू नरभूपाल शाहको पालाका खर्चको टिपोटले गरेको छ । उक्त टिपोटमा यस्ता हरफहरू परेका छन् :

१७ राँगा ७ चौधरीहस्ते

९ राँगो १ सतार चौधरीहस्ते

૭ राँगो १ विश्वामित्र जैसीहस्ते

२ राँगो १ वेकोटमहस्ते

४ रां २ षरी रणपल्याकमांहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४ रां २ मैधिमहाँ

२ रां १ आरूमहां

२ रां १ फूजेलमहां

५ रां २ उपल्लाकोटके

रां २ लिंलिंगमहा[३]

यसै टिपोटको अर्को ठाउँमा उक्त राँगा किन्ने प्रसंगमै च्यांगली, भिर्कोट, देउराली, ल्हकांग, ढुंगाकोट, वक्रांग, ताकुनराग, बोर्लांग आदि ठाउँको नाउँ पनि उल्लेख भएको छ। माथिको अभिलेखको आधारमा मात्रै सबै कुरा बताउन नसकिए पनि आजतक गोरखादरबारमा बडादशैंको महानवमीका बलिको विशेष आकर्षणको रूपमा रहेको 'सतार राँगो' को बलि त्यतिबेला पनि गर्ने गरेको देखियो भने गोरखादरबार दशैंघर पूजामा आजभैं सयौंको संख्यामा बलि गरिन्थ्यो वा गरिँदैनथ्यो भन्नेबारे यसै भन्न सकिने अवस्था नभएकाले र माथिकै अभिलेखको आधारमा चौधरीहस्ते किनिएको उक्त सतारको अतिरिक्त ७ राँगा गोरखादरबारमै काटिने कुरा विश्वसनीय जँच्दछ। यसै अभिलेखमा नाउँ लिइएका गोरखाभेगका अन्य ठाउँहरू राँगा किनिएको ठाउँको रूपमा मात्र उल्लेख भएको हो कि ती रांगा तिनै ठाउँमा बलि गर्नका लागि किनिएको हो भन्नेबारेमा पनि हामीलाई स्पष्ट हुन नसके तापनि उपर्युक्तबमोजिमका अधिकांश ठाउँका कोट र थुममा बडादशैंमा आज पनि स्थानीय जनताले कोट देवीको बलिपूजा गर्ने गरेको देखिएकाले त्यतिबेला ती ठाउँमा गोरखादरबारले नै बलि चढाउन पठाउने गर्थ्यो कि भन्ने अड्कल लाग्दछ। त्यसमध्ये उपल्लाकोट देवीको बडादशैं पूजामा आज पनि उपर्युक्त अभिलेख बमोजिम नै २ वटा राँगा गोरखादरबारले दिने गरेबाट उपर्युक्तबमोजिम ७ वा यस्तै सीमित संख्यामा राँगा तथा अन्य बलि दिई दशैं पूजा गरिने गोरखादरबारमा त्यस समयपछिमात्र आजको आकारमा बलि तथा पूजा हुने व्यवस्था गरिएको हो कि भन्ने तर्कगर्नु स्वाभाविक भएको छ। त्यसो भएर पनि हामीलाई यसै समयदेखि गोरखादरबारमा जुनसुकै रूपमा भए पनि देवीको पूजाआजा हुने र सो पूजामा बाजा बजाउने आज भैं नगराका नगर्ची र पञ्चैबाजाहरूको व्यवस्था गरिएको कुरा ज्ञात हुन्छ। उक्त कुराको प्रमाणको रूपमा उपर्युक्त बमोजिमकै अभिलेखमा परेका "१= नगर्चि २ कै जैमन्याके रघुवाके, १= मेध्याके पञ्चवाज्याके भरुवाके सुदार्सके"[४] भन्ने वाक्यांशलाई अघिसार्न सकिन्छ। आज पनि गोरखादरबारको श्रीभवानीको पूजाको लागि १ नगरा र १ पञ्चैबाजा र श्रीगोरखनाथजीतर्फ १ नगराको व्यवस्था भएकाले आजको व्यवस्थाले उपरोल्लेखित बमोजिको नरभूपाल शाहको अभिलेखमा संकेतित व्यवस्थासँग समता राख्दछ, किनभने उपर्युक्त अभिलेखमा पञ्चैबाजा बजाउनेहरू र नगर्ची २ लाई समेत नगद दिँदा खर्च भएको देखिन्छ। यसप्रकारबाट उपर्युक्त अभिलेखमा सतार राँगोको साथै अन्य राँगाहरूको व्यवस्था हुनु, उपल्लाकोटका लागि २ राँगाको व्यवस्था हुनु तथा पञ्चैवाजा तथा नगर्चीको व्यवस्था देखिनुले तत्कालीन समयमा गोरखादरबार दशैंघरको श्रीभवानीको कुनै न कुनै रूपमा पूजाहुने गरेको देखिन्छ।

---

[३] गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त, पृष्ठ ७६३-७६४।

[४] गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त पृष्ठ ७६७-७६८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्तबमोजिम नरभूपाल शाहको खर्चको टिपोटमा "१= मल्यानीके हात्ती आउँदा"[५] भनिएकोले आज झैं गोरखादरबारमा दशैंघरको पूजामा मंगलेनीहरूले गीत गाउने रहेछन् कि भनेर अड्कल लगाउन सकिने र तिनीहरू हात्ती चढेर आउँदा भेटी चढाउन उपर्युक्त खर्च हुने देखिएबाट गोरखादरबार दशैंघर श्रीभवानीको पूजा सुरु भएको बारे यसको ऐतिहासिकताको निर्धारणको लागि यस प्रसंगको महत्त्व रहेको देखिन्छ। यसबाट फूलपातीको कलश हात्तीमा बोकाएर ल्याइन्थ्यो कि भनेर अडकल गर्नुपर्ने भएको छ किनभने हात्तीलाई मंगलसूचक र गणेशको प्रतीक मानिन्छ।

उता द्रव्य शाह तथा राम शाहलाई दर्शन दिई कार्य निर्देश गर्ने सिद्ध गोरखनाथको सपनामा भएको आज्ञाबमोजिम पृथ्वीपति शाहले गोरखनाथको गुफा (चित्र नं. १०) मा उनको प्रतीक बनाई नित्यनैमित्तिक पूजा चलाएको हो भन्ने अनुश्रुतिलाई गोरखामा सत्य र तथ्य घटनाझैं भन्ने गरिन्छ। गोरखनाथजीको नित्यनैमित्तिक पूजाको व्यवस्था गरी घिमिरे ब्राह्मणबाट योगी बनेका आशानाथ भन्ने व्यक्तिकै सन्तानबाट गोरखनाथजीको पूजागर्ने गरी मिलाएको व्यवस्था अद्यापि चालू रहेको हो भनिन्छ। हुनपनि उपर्युक्त नरभूपाल शाहको खर्चको टिपोटमा नगर्ची २ को उल्लेख भएबाट सोमध्ये एक नगर्ची गोरखनाथजीतर्फको बाजा बजाउने चाहिँ हुनसक्ने देखिएकोले यसले उपर्युक्त तथ्यलाई स्पष्ट गर्दछ।

प्रस्तुत हिसाबले पृथ्वीनारायण शाहको आगमनपूर्व समयदेखि नै कुनै न कुनै रूपमा चलेको गोरखादरबारको श्रीभवानीको पूजा तथा गोरखनाथजीको पूजाको व्यवस्थाका सन्दर्भमा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीका पालामा पुनर्व्यवस्थित गर्ने काम भएको हुनसक्ने देखिन्छ। गोरखादरबार दशैंघर भगवतीको दशैंघर पूजामा प्रयोग गर्ने प्रशस्त भाँडाकुँडाहरू, गरगहनाहरू तथा आभूषणहरूसमेत र अझ विशेष रूपमा पृथ्वीनारायण शाहदेखि वर्तमान महाराजाधिराजको पालासम्मका प्राय: सबै राजाहरूको पालामा आफ्नो नामको चाँदीका सिक्काको मोहरमाला, सुकीमाला वा रूपैयाँमाला श्रीभवानीमा चढाएको पाइनुले पृथ्वीनारायण पूर्वका मात्र होइनन् उनका उत्तराधिकारी राजाहरूसमेत यसप्रति आस्थावान् भएको देखिन्छ।

यसरी सिङ्गै देशको महत्त्वको केन्द्रका रूपमा रहेको गोरखादरबारलाई भव्य स्मारकको रूपमा रूपान्तरित गराई धार्मिक र सांस्कृतिक रूपले शताब्दीयौं लगाएर स्थापित गराइएको सांस्कृतिक गरिमा पृथ्वीनारायण शाहका पूर्वज तथा उत्तराधिकारी राजाहरूको विशेष चाखको परिणाम हो। माथि उल्लेख भएझैं विगत युगमा बनेर समयान्तरमा जीर्णोद्धार र सुधार हुँदै रहेको गोरखादरबार स्मारकको भौतिक पक्ष जस्तै यहाँको सांस्कृतिक पक्षको पनि संरक्षण र सम्बर्द्धन हुँदै आएको देखिन्छ। साबिकमा दशैंघर पूजा मात्र हुने गरेको गोरखादरबारकी श्रीभवानीको प्रतीकमा पूजा गर्नेगरी संवत् १८५६ पछि प्रतिअष्टमी पूजा चलाएको देखिन्छ। प्रस्तुत प्रतिअष्टमी पूजाको लागि संवत् १८५६ आश्विनशुक्ल अष्टमीको दिन संकल्प गरी श्री ५ गीर्वाणयुद्धकी मुमाबाट तनहुँ पुरकोटमा गुठी राखिदिएको कुरा गोरखादरबारको

[५] गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त, पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरखण्डको भित्तामा टाँसिएको ताम्रपत्रबाट ज्ञात हुन्छ, जसको पूर्णपाठ यसैको परिशिष्ट २ मा दिइएको छ। यस व्यवस्थाबाट प्रतिअष्टमीको गुठीपूजा तथा चैत्राष्टमी र बडादशैंसमेतको श्रीभवानीमा पूजा हुँदा गुठीतर्फको विभिन्न नगद र जिन्सीहरू प्राप्त गर्ने व्यवस्था मिलाइएको थियो भने सो बाहेक चैत्राष्टमी र बडादशैं तथा अन्य पर्वमा श्रीभवानीको मामुलियत पूजाका लागि चाहिने नगद जिन्सीमध्ये केही राजकीय तवरबाटै व्यवस्था मिलाइएको हुन्थ्यो भने बलिका राँगा, बोका तथा अन्य जिन्सी थुमथुमका जनताले बुझाउनुपर्ने व्यवस्था मिलाइएको थियो। वर्तमानमा भने थुमथुमका जनताले ल्याउने जिन्सी तथा पुरकोट गुठीबाट सामान आउन छाडेपछि गोरखादरबारबाटै 'बलिको लागि - १', 'मामुललियत पूजाको लागि - १', 'गुठी पूजाको लागि - १', 'दाउराको लागि -१' गरी चारथरिको ठेक्काबाट घटाघट गरी सामान प्राप्त गर्ने व्यवस्था मिलाइएको छ। (विभिन्न पर्वहरूका लागि चाहिने सामानहरूको विस्तृत विवरणका लागि हेर्नुहोस् यसैको परिशिष्ट ६, ७ र ८) राजकीय व्यवस्थाअन्तर्गत आउने पूजा सामानहरू भने आज पनि कौशी तोसाखाना कार्यालय वा उसको ठेकेदारबाट पर्व-पर्वका लागि लगतबमोजिम प्राप्त हुने गर्दछ। विभिन्न घरघर तथा थुमका जनताबाट आउने भार र सगुनहरूमध्ये केही भार सगुनहरू बाहेक अन्य अधिकांश भार तथा सगुनहरू आज पनि पर्व-पर्वमा प्राप्त हुँदै रहेका छन्। यिनै स्रोतहरूबाट पर्व-पर्वका लागि प्राप्त हुने सामानहरूमध्ये गोरखादरबार तथा यससँग सम्बद्ध अन्य पीठहरूको पर्वपूजाको लागि आवश्यक पूजा सामान तथा जिन्सीहरू आपूर्ति गर्ने गरिन्छ। उता गोरखाका विभिन्न भागमा राखिएको ठूलो परिमाणको खेत तथा पाखो गुठीहरूबाट तोकिएबमोजिम सामान प्राप्त हुन छाडेकाले गोरखनाथजीको पूजा कायम राख्न गाह्रो परेको बुझिन्छ भने यससमस्यालाई समाधान गर्न विशेष पर्वहरूका लागि आवश्यक केही नगद तथा जिन्सी सामानको व्यवस्था श्री ५ को सरकारका तर्फबाट गोरखादरबारले गर्ने गरेको पाइन्छ।

यसप्रकार सयौं वर्षअघिदेखि बडो सुव्यवस्थित व्यवस्थापन र दूरदर्शी दृष्टिले व्यवस्थित गरिएका गोरखादरबारक्षेत्रका पर्वपूजाहरूको व्यवस्था र तिनसँग सम्बद्ध रीतिस्थितिहरू आज त्यस क्षेत्रका लागि मार्गदर्शक कानून बनेर रहेका छन्। यस्तो व्यवस्थामा उपर्युक्त बमोजिमको दरबार-स्मारकको संरक्षण, सम्बर्द्धन तथा सफाइ कायम राख्न झाडूबडारू, धोबी, रोहचे तथा पूजाकाममा सयौंका संख्यामा पूजाहारी, सुसारे, पुरोहित, वानादार र अन्य थुप्रै पदहरूको व्यवस्था गरिएको पाइन्छ। तीमध्ये आज श्री ५ को सरकारको वैतनिक कामदारको हैसियतबाट परम्परागत पर्वपूजाको काम गर्ने अधिकांश कमदारहरूको २०१५ साल पूर्व धान खान्कीको व्यवस्था गरिएको थियो। निश्चित परिमाणमा मोहीबाट धान पाउने गरी राखिएका खेतहरू बिर्ता तथा जागिर उन्मूलन पश्चात् मोहीकै नाममा दर्ता भएपछि उपरोल्लेखित कामदारहरूलाई श्री ५ को सरकारबाट भत्ताको रूपमा आर्थिक सुविधा पाउने व्यवस्था गरिएको देखिन्छ। बिर्ता उन्मूलन पश्चात् पनि कहिले राजदरबार कहिले गृहपञ्चायत मन्त्रालयअन्तर्गत रहेको गोरखादरबार २०३१ सालपश्चात् पुरातत्त्व विभागअन्गर्तत रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातत्त्व विभागअन्तर्गत रहन आएपछि उल्लिखित काम गर्ने गोरखादरवारका कामदारहरूलाई श्री ५को सरकारको वैतनिक कर्मचारीहरू सरह अधिकार र कर्तव्य तोकी नि.से.नि. बमोजिम काम लगाइएको छ। यसोगर्दा गोरखादरबारको परम्परागत पर्वपूजा र मूल्य संरक्षण हुन नसक्ने तथा नि.से.नि. को दायराभित्र बाँधिई सेवा प्रवेश गर्ने व्यवस्था हुन जाँदा विशिष्ट काम गर्ने व्यक्तिहरूमा अपेक्षित विशिष्ट कार्यदक्षता सम्भव नहुने कुरा सम्वन्धित क्षेत्रसँग सम्वद्ध व्यक्तिहरूको ठहर छ। उता भर्खरै शिक्षा, संस्कृति र समाजकल्याण मन्त्रालयबाट सारी युवा, खेलकूद र संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग अन्तर्गतको कार्यालयको रूपमा प्रस्तुत गोरखादरबारलाई गोरखा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय भन्ने नामकरण गरी संगठन संरचना तयार पारिएको छ। मूल रूपमा स्मारक संरक्षण र यसको भौतिक पक्षको व्यवस्थापनलाई जोड दिई सोहीअनुरूप कार्य-विवरण बनाइएका अधिकांश दरबन्दी व्यवस्था, पूजाकार्यमा खट्नेमा कार्यदक्षता र अध्ययनशीलताको अभाव, उपयुक्त सेवा प्रवेशको नियमको अभाव, पूजा र परम्पराजस्ता क्षेत्रमा स्थानीय जनअभिरूचिको अभाव तथा व्यवस्थापनको नेतृत्वमा रहनेहरूवाट गोरखादरबार सम्बद्ध सांस्कृतिक महत्ता र यसको गरिमाप्रति देखाउने गरिएको उदासीनता तथा त्यस्ता व्यक्तिहरूको अनभिज्ञता जस्ता कारणवाट गोरखादरवारको सांस्कृतिक धरोहरको सुरक्षण कार्य दिनानुदिन जटिल बन्दै गएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग २

गोरखादरबारक्षेत्रका पूजा र पर्वहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विभिन्न ऐतिहासिक घटनाहरूको समग्र अभिव्यक्ति गर्ने यो स्मारक लामो समयसम्मको भौतिक तथा सांस्कृतिक निर्माणको सिङ्गो प्रतिफल हो। माथि भने झैं जसरी शाह राजाहरूको पुस्तौंपुस्ताको योगदानबाट यस क्षेत्रलाई मानवीय भौतिक निर्माणको नमूनाको रूपमा प्रस्तुत गर्नु सम्भव भएको छ। त्यसैगरी यस बृहत्तर क्षेत्र सम्बद्ध सांस्कृतिक धरोहरको निर्माणको लागि त्यत्तिकै लामो समयको ज्ञान, विज्ञान, विवेक, बुद्धि र कलाको प्रयोग भएको पाइन्छ। मगर शासकको राजभवनलाई नै राजकीय आवासको रूपमा प्रयोग गर्दै पुस्ता दरपुस्तासम्ममा गोरखाली शाह राजाहरूले त्यसै ठाउँलाई एउटा भव्य दरबार-स्मारक बनाई मानवीय निर्माण कौशलको परिचय दिएका थिए। गोरखादरबारको भारदारीले सत्रौं शताब्दीको सुरुदेखि नै उदाहरणीय सभ्यता निर्माणको अभियानअन्तर्गत द्रव्य शाह र उनका उत्तराधिकारीहरूको नेतृत्वमा सभ्यता निर्माण गर्न थालेका थिए। लोकविश्वासअनुसार नेपालराज्यका संरक्षक गोरखनाथको इच्छा र आशीर्वाद अनुरूप गोरखाका शाह राजाहरू नेपाल एकीकरण गर्न इच्छुक थिए परन्तु उक्त कार्यको पूर्णाङ्ग सफलता पृथ्वीनारायण शाहलाई मात्र मिल्ने र त्यसका लागि उनका पूर्वजहरूद्वारा मार्ग प्रशस्त पार्ने योजना सिद्ध गोरखनाथको रहेको थियो। त्यसैकारण राज्यलक्ष्मीको भोग तथा अष्टसिद्धिका लागि गोरखनाथको प्रेरणाअनुसार गोरखामा श्रीभवानीको विधिपूर्वक दुर्गोत्सव जस्तो भव्य अनुष्ठान गर्ने परम्परा बसालेको देखिन्छ। राजा राम शाहको पालादेखि नै उक्त पर्व मनाउन थालिएको भन्ने कुरा परोक्ष रूपमा वंशावलीहरूले बताएको र किम्वदन्तिहरूले समेत यस्तै कुरा अभिव्यक्त गरे पनि गोरखादरबारमा हुने दुर्गोत्सवको विधि तथा ऐतिहासिकताको बारेमा ठोस रूपमा बताउने प्रमाण प्राप्त हुन सकेको छैन तापनि प्राप्त तथ्य र प्रमाणका आधारमा यस बारेमा अगाडि विचार गर्नु परेको छ।

राजा राम शाहले आफ्नो पालामा पुष्करतीर्थ परिसरमा गणेश, महादेव तथा नारायणप्रभृति पाञ्चायनको मन्दिर बनाई पूजा चलाएको देखिँदा पाञ्चायनमा नपुग देवीको पूजा पनि सोही समयदेखि चलाएको हुनसक्ने देखिन्छ भने अर्कोतिर पछिल्लो समय अर्थात् १८५६ पूर्व समयमा गोरखादरबार श्रीभवानीको पूजाको रूपमा दशैंघरपूजाको मात्र व्यवस्था भएको र उता गोरखादरबार श्रीभवानीको अविर्भावसम्बन्धी कथामा यसैप्रकार यी देवीको उत्पत्ति विशिष्ट निमित्त कार्यका लागि भएको भन्ने आशय व्यक्त हुनाले नित्यनैमित्तिक रूपमा पूजा हुने गरी गोरखादरबार देवीको पूजा राम शाहको पालामा चलेको थिएन भन्नेमा तर्क बलियो हुन्छ। यसका आधारमा गोरखादरबारको दशैंघरको श्रीभवानीको पूजाको बारेमा सूक्ष्म संकेतहरू नरभूपाल शाहको पालाका खर्चको टिपोटले गरेको छ। उक्त टिपोटमा यस्ता हरफहरू परेका छन् :

१७ राँगा ७ चौधरीहस्ते

९ राँगो १ सतार चौधरीहस्ते

० राँगो १ विश्वामित्र जैसीहस्ते

२ राँगो १ वेकोटमहस्ते

४ रां २ षरी रणपल्याकमांहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४ रां २ मैधिमहाँ

२ रां १ आरूमहां

२ रां १ फूजेलमहां

५ रां २ उपल्लाकोटके

रां २ लिंलिंगमहा[३]

यसै टिपोटको अर्को ठाउँमा उक्त राँगा किन्ने प्रसंगमै च्यांग्ली, भिर्कोट, देउराली, ल्हकांग, ढुंगाकोट, वक्रांग, ताकुनराग, बोर्लांग आदि ठाउँको नाउँ पनि उल्लेख भएको छ। माथिको अभिलेखको आधारमा मात्रै सबै कुरा बताउन नसकिए पनि आजतक गोरखादरबारमा बडादशैंको महानवमीका बलिको विशेष आकर्षणको रूपमा रहेको 'सतार राँगो' को बलि त्यतिबेला पनि गर्ने गरेको देखियो भने गोरखादरबार दशैंघर पूजामा आजभैँ सयौंको संख्यामा बलि गरिन्थ्यो वा गरिँदैनथ्यो भन्नेबारे यसै भन्न सकिने अवस्था नभएकाले र माथिकै अभिलेखको आधारमा चौधरीहस्ते किनिएको उक्त सतारको अतिरिक्त ७ राँगा गोरखादरबारमै काटिने कुरा विश्वसनीय जँच्दछ। यसै अभिलेखमा नाउँ लिइएका गोरखाभेगका अन्य ठाउँहरू राँगा किनिएको ठाउँको रूपमा मात्र उल्लेख भएको हो कि ती रांगा तिनै ठाउँमा बलि गर्नका लागि किनिएको हो भन्नेबारेमा पनि हामीलाई स्पष्ट हुन नसके तापनि उपर्युक्तबमोजिमका अधिकांश ठाउँका कोट र थुममा बडादशैंमा आज पनि स्थानीय जनताले कोट देवीको बलिपूजा गर्ने गरेको देखिएकाले त्यतिबेला ती ठाउँमा गोरखादरबारले नै बलि चढाउन पठाउने गर्थ्यो कि भन्ने अड्कल लाग्दछ। त्यसमध्ये उपल्लाकोट देवीको बडादशैं पूजामा आज पनि उपर्युक्त अभिलेख बमोजिम नै २ वटा राँगा गोरखादरबारले दिने गरेबाट उपर्युक्तबमोजिम ७ वा यस्तै सीमित संख्यामा राँगा तथा अन्य बलि दिई दशैं पूजा गरिने गोरखादरबारमा त्यस समयपछिमात्र आजको आकारमा बलि तथा पूजा हुने व्यवस्था गरिएको हो कि भन्ने तर्कगर्नु स्वाभाविक भएको छ। त्यसो भएर पनि हामीलाई यसै समयदेखि गोरखादरबारमा जुनसुकै रूपमा भए पनि देवीको पूजाआजा हुने र सो पूजामा बाजा बजाउने आज भैं नगराका नगर्ची र पञ्चैबाजाहरूको व्यवस्था गरिएको कुरा ज्ञात हुन्छ। उक्त कुराको प्रमाणको रूपमा उपर्युक्त बमोजिमकै अभिलेखमा परेका "१= नगर्चि २ कै जैमन्याके रघुवाके, १= मेध्याके पञ्चवाज्याके भरुवाके सुदार्सके"[४] भन्ने वाक्यांशलाई अघिसार्न सकिन्छ। आज पनि गोरखादरवारको श्रीभवानीको पूजाको लागि १ नगरा र १ पञ्चैबाजा र श्रीगोरखनाथजीतर्फ १ नगराको व्यवस्था भएकाले आजको व्यवस्थाले उपरोल्लेखित बमोजिको नरभूपाल शाहको अभिलेखमा संकेतित व्यवस्थासँग समता राख्दछ, किनभने उपर्युक्त अभिलेखमा पञ्चैबाजा बजाउनेहरू र नगर्ची २ लाई समेत नगद दिंदा खर्च भएको देखिन्छ। यसप्रकारबाट उपर्युक्त अभिलेखमा सतार राँगोको साथै अन्य राँगाहरूको व्यवस्था हुनु, उपल्लाकोटका लागि २ राँगाको व्यवस्था हुनु तथा पञ्चैवाजा तथा नगर्चीको व्यवस्था देखिनुले तत्कालीन समयमा गोरखादरबार दशैंघरको श्रीभवानीको कुनै न कुनै रूपमा पूजाहुने गरेको देखिन्छ।

---

३ गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त, पृष्ठ ७६३-७६४।

४ गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त पृष्ठ ७६७-७६८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्तबमोजिम नरभूपाल शाहको खर्चको टिपोटमा "१= मल्यानीके हात्ती आउँदा"[५] भनिएकोले आज झैं गोरखादरबारमा दशैंघरको पूजामा मंगलेनीहरूले गीत गाउने रहेछन् कि भनेर अड्कल लगाउन सकिने र तिनीहरू हात्ती चढेर आउँदा भेटी चढाउन उपर्युक्त खर्च हुने देखिएबाट गोरखादरबार दशैंघर श्रीभवानीको पूजा सुरु भएको बारे यसको ऐतिहासिकताको निर्धारणको लागि यस प्रसंगको महत्त्व रहेको देखिन्छ। यसबाट फूलपातीको कलश हात्तीमा बोकाएर ल्याइन्थ्यो कि भनेर अडकल गर्नुपर्ने भएको छ किनभने हात्तीलाई मंगलसूचक र गणेशको प्रतीक मानिन्छ।

उता द्रव्य शाह तथा राम शाहलाई दर्शन दिई कार्य निर्देश गर्ने सिद्ध गोरखनाथको सपनामा भएको आज्ञाबमोजिम पृथ्वीपति शाहले गोरखनाथको गुफा (चित्र नं. १०) मा उनको प्रतीक बनाई नित्यनैमित्तिक पूजा चलाएको हो भन्ने अनुश्रुतिलाई गोरखामा सत्य र तथ्य घटनाझैं भन्ने गरिन्छ। गोरखनाथजीको नित्यनैमित्तिक पूजाको व्यवस्था गरी घिमिरे ब्राह्मणबाट योगी बनेका आशानाथ भन्ने व्यक्तिकै सन्तानबाट गोरखनाथजीको पूजागर्ने गरी मिलाएको व्यवस्था अद्यापि चालू रहेको हो भनिन्छ। हुनपनि उपर्युक्त नरभूपाल शाहको खर्चको टिपोटमा नगर्ची २ को उल्लेख भएबाट सोमध्ये एक नगर्ची गोरखनाथजीतर्फको बाजा बजाउने चाहिँ हुनसक्ने देखिएकोले यसले उपर्युक्त तथ्यलाई स्पष्ट गर्दछ।

प्रस्तुत हिसाबले पृथ्वीनारायण शाहको आगमनपूर्व समयदेखि नै कुनै न कुनै रूपमा चलेको गोरखादरबारको श्रीभवानीको पूजा तथा गोरखनाथजीको पूजाको व्यवस्थाका सन्दर्भमा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीका पालामा पुनर्व्यवस्थित गर्ने काम भएको हुनसक्ने देखिन्छ। गोरखादरवार दशैंघर भगवतीको दशैंघर पूजामा प्रयोग गर्ने प्रशस्त भाँडाकुँडाहरू, गरगहनाहरू तथा आभूषणहरूसमेत र अझ विशेष रूपमा पृथ्वीनारायण शाहदेखि वर्तमान महाराजाधिराजको पालासम्मका प्राय: सबै राजाहरूको पालामा आफ्नो नामको चाँदीका सिक्काको मोहरमाला, सुकीमाला वा रूपैयाँमाला श्रीभवानीमा चढाएको पाइनुले पृथ्वीनारायण पूर्वका मात्र होइनन् उनका उत्तराधिकारी राजाहरूसमेत यसप्रति आस्थावान् भएको देखिन्छ।

यसरी सिङ्गै देशको महत्त्वको केन्द्रका रूपमा रहेको गोरखादरबारलाई भव्य स्मारकको रूपमा रूपान्तरित गराई धार्मिक र सांस्कृतिक रूपले शताब्दीयौं लगाएर स्थापित गराइएको सांस्कृतिक गरिमा पृथ्वीनारायण शाहका पूर्वज तथा उत्तराधिकारी राजाहरूको विशेष चाखको परिणाम हो। माथि उल्लेख भएझैं विगत युगमा बनेर समयान्तरमा जीर्णोद्धार र सुधार हुँदै रहेको गोरखादरबार स्मारकको भौतिक पक्ष जस्तै यहाँको सांस्कृतिक पक्षको पनि संरक्षण र सम्बर्द्धन हुँदै आएको देखिन्छ। साबिकमा दशैंघर पूजा मात्र हुने गरेको गोरखादरबारकी श्रीभवानीको प्रतीकमा पूजा गर्नेगरी संवत् १८५६ पछि प्रतिअष्टमी पूजा चलाएको देखिन्छ। प्रस्तुत प्रतिअष्टमी पूजाको लागि संवत् १८५६ आश्विनशुक्ल अष्टमीको दिन संकल्प गरी श्री ५ गीर्वाणयुद्धकी मुमावाट तनहुँ पुरकोटमा गुठी राखिदिएको कुरा गोरखादरबारको

---

[५] गोरखाको इतिहास - भाग ३, दिनेशराज पन्त , पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरखण्डको भित्तामा टाँसिएको ताम्रपत्रबाट ज्ञात हुन्छ, जसको पूर्णपाठ यसैको परिशिष्ट २ मा दिइएको छ। यस व्यवस्थाबाट प्रतिअष्टमीको गुठीपूजा तथा चैत्राष्टमी र बडादशैंसमेतको श्रीभवानीमा पूजा हुँदा गुठीतर्फको विभिन्न नगद र जिन्सीहरू प्राप्त गर्ने व्यवस्था मिलाइएको थियो भने सो बाहेक चैत्राष्टमी र बडादशैं तथा अन्य पर्वमा श्रीभवानीको मामुलियत पूजाका लागि चाहिने नगद जिन्सीमध्ये केही राजकीय तवरबाटै व्यवस्था मिलाइएको हुन्थ्यो भने बलिका राँगा, बोका तथा अन्य जिन्सी थुमथुमका जनताले बुझाउनुपर्ने व्यवस्था मिलाइएको थियो। वर्तमानमा भने थुमथुमका जनताले ल्याउने जिन्सी तथा पुरकोट गुठीबाट सामान आउन छाडेपछि गोरखादरबारबाटै 'बलिको लागि - १', 'मामुललियत पूजाको लागि - १', 'गुठी पूजाको लागि - १', 'दाउराको लागि -१' गरी चारथरिको ठेक्काबाट घटाघट गरी सामान प्राप्त गर्ने व्यवस्था मिलाइएको छ। (विभिन्न पर्वहरूका लागि चाहिने सामानहरूको विस्तृत विवरणका लागि हेर्नुहोस् यसैको परिशिष्ट ६, ७ र ८) राजकीय व्यवस्थाअन्तर्गत आउने पूजा सामानहरू भने आज पनि कौशी तोसाखाना कार्यालय वा उसको ठेकेदारबाट पर्व-पर्वका लागि लगतबमोजिम प्राप्त हुने गर्दछ। विभिन्न घरघर तथा थुमका जनताबाट आउने भार र सगुनहरूमध्ये केही भार सगुनहरू बाहेक अन्य अधिकांश भार तथा सगुनहरू आज पनि पर्व-पर्वमा प्राप्त हुँदै रहेका छन्। यिनै स्रोतहरूबाट पर्व-पर्वका लागि प्राप्त हुने सामानहरूमध्ये गोरखादरबार तथा यससँग सम्बद्ध अन्य पीठहरूको पर्वपूजाको लागि आवश्यक पूजा सामान तथा जिन्सीहरू आपूर्ति गर्ने गरिन्छ। उता गोरखाका विभिन्न भागमा राखिएको ठूलो परिमाणको खेत तथा पाखो गुठीहरूबाट तोकिएबमोजिम सामान प्राप्त हुन छाडेकाले गोरखनाथजीको पूजा कायम राख्न गाह्रो परेको बुझिन्छ भने यससमस्यालाई समाधान गर्न विशेष पर्वहरूका लागि आवश्यक केही नगद तथा जिन्सी सामानको व्यवस्था श्री ५ को सरकारका तर्फबाट गोरखादरबारले गर्ने गरेको पाइन्छ।

यसप्रकार सयौं वर्षअघिदेखि बडो सुव्यवस्थित व्यवस्थापन र दूरदर्शी दृष्टिले व्यवस्थित गरिएका गोरखादरबारक्षेत्रका पर्वपूजाहरूको व्यवस्था र तिनसँग सम्बद्ध रीतिस्थितिहरू आज त्यस क्षेत्रका लागि मार्गदर्शक कानून बनेर रहेका छन्। यस्तो व्यवस्थामा उपर्युक्त बमोजिमको दरबार-स्मारकको संरक्षण, सम्बर्द्धन तथा सफाइ कायम राख्न झाडूबडारू, धोबी, रोहचे तथा पूजाकाममा सयौंका संख्यामा पूजाहारी, सुसारे, पुरोहित, वानादार र अन्य थुप्रै पदहरूको व्यवस्था गरिएको पाइन्छ। तीमध्ये आज श्री ५ को सरकारको वैतनिक कामदारको हैसियतबाट परम्परागत पर्वपूजाको काम गर्ने अधिकांश कमदारहरूको २०१५ साल पूर्व धान खान्कीको व्यवस्था गरिएको थियो। निश्चित परिमाणमा मोहीबाट धान पाउने गरी राखिएका खेतहरू बिर्ता तथा जागिर उन्मूलन पश्चात् मोहीकै नाममा दर्ता भएपछि उपरोल्लेखित कामदारहरूलाई श्री ५ को सरकारबाट भत्ताको रूपमा आर्थिक सुविधा पाउने व्यवस्था गरिएको देखिन्छ। बिर्ता उन्मूलन पश्चात् पनि कहिले राजदरबार कहिले गृहपञ्चायत मन्त्रालयअन्तर्गत रहेको गोरखादरबार २०३१ सालपश्चात् पुरातत्त्व विभागअन्गर्तत रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातत्त्व विभागअन्तर्गत रहन आएपछि उल्लिखित काम गर्ने गोरखादरबारका कामदारहरूलाई श्री ५को सरकारको वैतनिक कर्मचारीहरू सरह अधिकार र कर्तव्य तोकी नि.से.नि. बमोजिम काम लगाइएको छ। यसोगर्दा गोरखादरबारको परम्परागत पर्वपूजा र मूल्य संरक्षण हुन नसक्ने तथा नि.से.नि. को दायराभित्र बाँधिई सेवा प्रवेश गर्ने व्यवस्था हुन जाँदा विशिष्ट काम गर्ने व्यक्तिहरूमा अपेक्षित विशिष्ट कार्यदक्षता सम्भव नहुने कुरा सम्बन्धित क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूको ठहर छ। उता भर्खरै शिक्षा, संस्कृति र समाजकल्याण मन्त्रालयबाट सारी युवा, खेलकूद र संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग अन्तर्गतको कार्यालयको रूपमा प्रस्तुत गोरखादरबारलाई गोरखा स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भन्ने नामकरण गरी संगठन संरचना तयार पारिएको छ। मूल रूपमा स्मारक संरक्षण र यसको भौतिक पक्षको व्यवस्थापनलाई जोड दिई सोहीअनुरूप कार्य-विवरण बनाइएका अधिकांश दरबन्दी व्यवस्था, पूजाकार्यमा खट्नेमा कार्यदक्षता र अध्ययनशीलताको अभाव, उपयुक्त सेवा प्रवेशको नियमको अभाव, पूजा र परम्पराजस्ता क्षेत्रमा स्थानीय जनअभिरूचिको अभाव तथा व्यवस्थापनको नेतृत्वमा रहनेहरूबाट गोरखादरबार सम्बद्ध सांस्कृतिक महत्ता र यसको गरिमाप्रति देखाउने गरिएको उदासीनता तथा त्यस्ता व्यक्तिहरूको अनभिज्ञता जस्ता कारणबाट गोरखादरबारको सांस्कृतिक धरोहरको सुरक्षण कार्य दिनानुदिन जटिल बन्दै गएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग २

गोरखादरबारक्षेत्रका पूजा र पर्वहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - २

गोरखादरबारक्षेत्रका पूजा र पर्वहरू

अनुसन्धान शीर्षकले समेटेको वस्तुवमोजिम यहाँ गोरखादरवारक्षेत्रका सम्पूर्ण पीठ र मठमन्दिरलाई महत्त्व दिँदै अनुसन्धान गरिएकाले पूजा, पर्व र सांस्कृतिक प्रथाको कुरा गर्दा सोहीबमोजिम बुझ्नुपर्ने देखिन्छ। यस बृहत्तर क्षेत्रभित्र माथि नै बताएझैं विभिन्न समयमा राजा, राजपरिवार, भारदारिया र सर्वसाधारण व्यक्तिले समेत स्थापना गरेका थुप्रै देवदेवालय रहेका र अन्तत: ती सांस्कृतिक प्रथाका सन्दर्भमा गोरखादरवारका परम्पराका सहधर्मी हुन पुगेका छन्। यहाँ शैव, शाक्त, वैष्णव, गोरखनाथी सम्प्रदायसमेतसँग सम्वद्ध स्थलहरू रहे पनि तिनको गोरखादरवारसँग निकट सम्वन्ध रहेको र तिनको सांस्कृतिक पक्षको व्याख्या गर्न बसेको वेला मूल रूपले विषय आकृष्ट हुनेपक्ष गोरखादरवारकी श्रीभवानीको पर्वपूजा र परम्परा हुनेभएकाले सोको विस्तृत व्याख्यात्मक विवरणात्मक लेखन गर्नुपूर्व गोरखादरबारक्षेत्रमा मुख्य रूपले सम्पन्न हुने पर्वहरूको संक्षेपीकृत हिसावमा निम्नानुसार वार्षिक तालिका प्रस्तुत गरिन्छ।

गोरखादरबार र सो सम्बद्ध पीठमा दुर्गोत्सव लगायत अन्य पर्व तथा पूजा–आजाको काम गर्ने दिनहरूको वार्षिक तालिका

सि.नं.	पर्वको नाम	स्थान	तिथिमिति	पूजा र पर्वको मुख्य विवरण
१.	अखण्ड जलधारा	श्रीपशुपतिनाथ गोरखादरवार	वैशाख महिनाभर	यस अवसरमा गोरखादरवार परिसरको श्रीपशुपतिनाथमा अखण्ड जलधारा गरिन्छ।

Prof. Madhav.Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.	अक्षयतृतीया	गोरखादरबार	वैशाखशुक्ल तृतीया	यस दिन गोरखादरबारले तीर्थयात्री, आगन्तुक, फकिरलाई जौको सातु र खुदोपानी बाँड्दछ ।
३.	समीक्षे	गोरखादरवार	वैशाखशुक्ल अष्टमी	यस दिन विभिन्न थुम र टोलबाट गोरखनाथ र श्रीकालिकामा सामुहिक पूजा र वलि चढाउन ल्याउने चलन छ ।
४.	जलधारा	रामेश्वरमहादेव पोखरीथोक	वैशाखशुक्ल पञ्चमी	यस दिन श्रीमहादेवमा रुद्रीपाठ गरी बजारदेखि दरबारसम्म असारे भाकामा बाजा बजाउँदै रोमाञ्चक पाराले पानी माग्ने काम गरिन्छ ।
५.	लाखपाती	दरौंदी नदी गोरखा वेनीखोला	वैशाखशुक्ल दशमी	यस दिन सवालाख पीपलको पातमा गाईको दूधले मन्त्र लेखी दरौंदी नदीमा बगाउने तथा महादेव र गंगापूजाको काम गानावजानाका साथ हुन्छ ।
६.	चण्डीपूर्णिमा	चण्डी र उपल्लाकोट	वैशाखशुक्ल पूर्णिमा	यस दिन चण्डिका स्थानमा बलिपूजा तथा उपल्लाकोटका वज्रभैरवमा (वर्षदिनमा मात्र यसै एक दिन हुने) विशेष पूजा गरी रोट चढाइन्छ ।
७.	प्रतिअष्टमी पूजा	गोरखा दरवार	प्रत्येक महिना र प्रत्येक पक्षको अष्टमी	प्रत्येक पक्षको अष्टमी तिथिमा श्रीभवानीमा पाठ, पूजा, वलि तथा कन्या भोजनसमेत गराई पूजा सम्पन्न हुन्छ । यस अवसरमा यात्रुहरूले प्रशस्त संख्यामा भेंडा र बोका बलि चढाउन ल्याउने गरेको पाइन्छ । चैत्रशुदी र आश्विनशुदी पक्षका २ अष्टमीमा भने विशेष पर्वको कामसमेत गर्नुपर्दछ । (गोरखादरबारमा प्रत्येक शुक्ल पक्षमा अष्टमीको तिथिले उदय हुँदा १ पला मात्र भेटे पनि सोही दिन र वदी (कृष्णपक्ष) मा भने अष्टमीले न्यूनतम १३ घडी भोग नगर्ने भए अघिल्लै दिन पूजा काम गरिन्छ ।)
८.	ठूलो एकादशी	गोरखादरवार	आषाढशुक्ल एकादशी	यस दिनबाट गोरखादरबारमा विधिवत् यज्ञमा चर्तुमास भागवत पुराण वाचन गर्ने काम प्रारम्भ हुन्छ ।
९.	साउने संक्रान्ति	गोरखादरवार	श्रावण संक्रान्ति	यस दिन कण्डारक पूजा गरी नयाँ फलफूल चढाउने र वढाईंका साथ लुतो फाल्ने काम हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०.	साउने भण्डारा	गोरखादरवार	श्रावणशुक्ल प्रतिपदा-पञ्चमी	यस पाँच दिनमा भण्डारा भैरवको वलिपूजा गरी योगीहरूलाई भण्डारा खुवाइन्छ ।
११.	नागपञ्चमी	गोरखादरवार	श्रावणशुक्ल पञ्चमी	यस दिन दरबारमा नागको चित्रपटको विधिवत् पूजा गरी टाँस्ने काम हुन्छ ।
१२.	जनै पूर्णिमा	गोरखादरवार	श्रावणशुक्ल पूर्णिमा	यस दिन विधिपूर्वक मन्त्रणा गरिएको रक्षाबन्धन ल्याएर बाजागाजाका साथ गद्दीमा चढाउने र श्री ५ महाराजाधिराज कहाँ समेत पठाउने काम हुन्छ ।
१३.	गाईजात्रा	गोरखादरवार	भाद्रकृष्ण प्रतिपदा	यस दिन गोरखादरवार वरपरका विभिन्न टोलबाट सिङ्गारिएका गाईसमेतको झाँकी गोरखादरवारमा ल्याएर प्रदर्शन गरिन्छ ।
१४.	दहिजात्रा (कृष्णाष्टमी)	गोरखादरवार	भाद्रकृष्ण अष्टमी	यस दिन पोखरीथोकमा श्रीकृष्ण (मुरलीधरनारायण) को रथयात्रा गरी बाजागाजासाथ गोरखादरवारमा ल्याई फेरि पोखरीथोक लगिन्छ ।
१५.	कुशे औंसी	गोरखादरवार	भाद्रकृष्ण औंसी	यस दिन पवित्र मन्त्रोच्चारण गरी काटेको कुश ल्याएर विधिपूर्वक दरबारमा चढाइन्छ ।
१६.	मालसिरी फुकाउने	गोरखादरवार, प्राङ्गण	आश्विनकृष्ण अष्टमी	यस दिन अन्य प्रत्येक अष्टमीका कामको अतिरिक्त दुर्गोत्सवका बेला वजाइने मालसिरी भाकाको बाजा बजाउन आरम्भ गरिन्छ ।
१७.	ब्राह्मण निमन्त्रणा	गोरखादरवार, पण्डितपाटी	आश्विनकृष्ण औंसी	यस दिन नवरात्रमा जपपाठ गर्ने ब्राह्मणहरूलाई निमन्त्रणा गरिन्छ ।
१८.	घटस्थापना	गोरखादरवार	आश्विनशुक्ल प्रतिपदा	दुर्गोत्सव प्रारम्भको यो दिनको विस्तृत विवरण सम्बद्ध पाठमा दिइएको छ ।
१९.	द्वितीया	गोरखादरवार	आश्विनशुक्ल द्वितीया	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२०.	तृतीया	गोरखादरवार	आश्विनशुक्ल तृतीया	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२१.	चतुर्थी	गोरखादरवार	आश्विनशुक्ल चतुर्थी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२२.	पञ्चमी	गोरखादरवार	आश्विनशुक्ल पञ्चमी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३.	षष्ठी	गोरखादरबार	आश्विनशुक्ल षष्ठी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२४.	फूलपाती	गोरखादरबार	आश्विनशुक्ल सप्तमी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२५.	महाष्टमी	गोरखादरबार	आश्विनशुक्ल अष्टमी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२६.	महानवमी	गोरखादरबार	आश्विनशुक्ल नवमी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२७.	टीका	गोरखादरबार	आश्विनशुक्ल दशमी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२८.	एकादशी	गोरखादरबार	आश्विनशुक्ल एकादशी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
२९.	अखिलबलि	गोरखादरबार	आश्विनशुक्ल चतुर्दशी	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
३०.	कोजाग्रत	गोरखादरबार	आश्विनशुक्ल पूर्णिमा	यस दिनको पूजा कामको बारेमा मूल पाठ हेर्नुहोला ।
३१.	महादीपदान	रामेश्वर महादेव पोखरीथोक	आश्विनशुक्ल पूर्णिमादेखि कार्तिकशुक्ल पूर्णिमासम्म	प्रस्तुत अवसरमा साँझमा श्रीमहादेवको सन्ध्या आरती विशेष प्रकारले बाजागाजाका साथ गरिन्छ ।
३२.	पञ्चक	गोरखादरबार	कार्तिककृष्ण त्रयोदशीदेखि कार्तिकशुक्ल द्वितीया	प्रस्तुत यमपञ्चकभर गोरखादरबारका पीठ देवदेवता र अन्य भागमा साँझपख तोरीको तेलमा बत्ती बाली दीपावली गरिन्छ ।
३३.	नुहागी	गोरखादरबार	कार्तिकशुक्ल द्वादशी	यस अवसरमा विधिपूर्वक पूजा गरी श्रीभवानीमा नयाँ अन्न चढाइन्छ ।
३४.	शिवरात्रि	गोरखादरबार	फाल्गुणशुक्ल चतुर्दशी	यस दिन श्रीगोरखनाथजीको विशेष पूजा गरी योगीहरूलाई भण्डारा खुवाइन्छ ।
३५.	ब्राह्मण निमन्त्रण	गोरखादरबार	चैत्रशुक्ल सप्तमी	यस दिन चैत्राष्टमीको दुर्गोत्सवमा पाठपूजा गर्ने ब्राह्मण योगीलाई निम्ता गरिन्छ ।
३६.	चैते दशैं	गोरखादरबार	चैत्रशुक्ल अष्टमी	यस दिन हुने कामको विवरण मूल पाठमा हेर्नुहोला ।
३७.	रामनवमी	गोरखादरबार	चैत्रशुक्ल नवमी	यस दिन श्रीभवानीको पूजा सकेको उपलक्ष्यमा मेला लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१ गोरखादरबारकी श्रीभवानीको पूजा

२.१.१ गोरखादरबार र सम्बद्ध पीठहरूमा दुर्गोत्सव अर्थात् बडादशैं पर्व :

अनुश्रुति र लोकमान्यताअनुसार नेपालराज्यका संरक्षक सिद्ध गोरखनाथको प्रेरणाले गर्दा गोरखाका राजा द्रव्य शाहका उत्तराधिकारी शाह राजाहरूले कामना पूजा अर्थात् निमित्त अनुष्ठानको रूपमा विशेष विधिपूर्वक दुर्गोत्सव गर्ने परम्परा बसाएको देखिन्छ। आज पनि विशेष लोमहर्षकताका साथ सम्पन्न गरिने गोरखादरवार दशैंघरको दुर्गोत्सव आजको रूपमा कहिलेदेखि सुरु गरिएको थियो भन्नेबारे निर्क्योल गर्ने प्रमाण हामीसँग उपलब्ध नभए तापनि उपलब्ध प्रमाणका आधारमा यसबारे यसै अनुसन्धानको परिच्छेद १.५ मा वताइसकिएको छ। गोरखाली शाह राजाहरूले आफ्नो राज्यमा शान्ति सुव्यवस्था, अविछिन्न राज्यलक्ष्मीको भोग तथा आयु आरोग्यको कामना गरी गर्ने विशिष्ट प्रकारको प्रस्तुत पर्वपूजा राजसी महायज्ञको रूपमा दृष्टिगोचर हुन्छ। प्रत्येक वर्ष आश्विनशुक्ल प्रतिपदाको दिनदेखि आश्विनशुक्ल पूर्णिमाको दिनसम्ममा विविध क्रियाकलाप तथा अनुष्ठान पूरा गरी यो पर्वपूजा सम्पन्न गरिन्छ परन्तु यस पर्वको पूर्वतयारीका लागि सम्वद्ध कार्यहरू भने उक्त पर्व सुरु हुनुभन्दा २ महिना अघिदेखि नै सुरु हुन्छ। गोरखादरबारमा सम्पन्न हुने यो गरिमामय धार्मिक परम्परा यससँग सम्वद्ध अन्य पीठका सहकारितामा अझ गौरवान्वित हुन पुग्छ। प्रस्तुत पर्वका प्रत्येक दिनहरूमा गोरखादरवारम्म सम्पन्न हुने क्रियाकलापहरूका बारे यहाँ सविस्तार तथ्याङ्कन तथा विश्लेषण गर्ने काम गरिन्छ।

२.१.१.१ गोरखादरबार दशैंघर पूजाको पूर्वतयारी :

बलि रोक्का गर्ने :

गोरखादरवारमा सुरु हुन गैरहेको दशैंघरको दुर्गोत्सवका लागि घटस्थापनाको दिनदेखि धेरै अगाडि नै अर्थात् करिव दुई महिना पूर्व नै तयारीको काम सुरु भैसकेको हुन्छ। यसमध्ये श्रावण संक्रान्तिको दिनवाट गोरखादरवारको कसाईंलाई गोरखादरवार वरपरका भूभागमा बडादशैंको लागि आवश्यक नाप-आकारमा चाहिने सतार राँगो कहाँ कहाँ छ ? सो खोजी पत्ता लगाई सर्वोत्कृष्टताको आधारमा प्रथम, द्वितीय, तृतीय तोकी रोक्का गर्ने कार्य गर्न खटाइन्छ। यहाँ यस्तो रोक्का गर्ने वा वलि रोक्का गर्ने भन्ने शव्दले उक्त 'तोकिएका वलिका लागि सम्भाव्य पशुहरू गोरखादरबारको पूजाका प्रयोजनको लागि आवश्यक ठहऱ्याइएको छ, त्यसैले सर्वसाधारणले ती पशु अन्य प्रयोजनमा प्रयोग नगर्नु भनी' दिइएको आदेशको सन्दर्भमा बुझ्नुपर्दछ। यसरी बलि रोक्का गर्न खटाइएको कसाईंले तोकिएको आधारहरू अनुरूप हुने खालका त्यस्ता राँगाहरू कहाँ कहाँ छन् ? सोको जानकारी गोरखादरवारलाई गराउँछ, त्यस्तै सूचनामा आधारित भई गोरखादरवारले प्रथम राँगालाई रोक्का गर्ने आदेश दिई द्वितीय तृतीय हुने राँगाका धनीलाई समेत वैकल्पिक रूपमा रोक्का गराइएको जानकारी गराउँछ। यस प्रकारवाट रोक्का गरिएका प्रस्तावित सतार राँगो बलि गर्न लानु अगावै कालगतिले मरेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैकल्पिक राँगाहरूको क्रमैसँग स्वभाविक रूपले पालो आउने प्रचलन छ। उता उहिल्यै उहिल्यै त्यसरी तोकिएका राँगाहरू काट्ने, डाम्ने जस्ता कार्य गरी गोरखादरबारको दशैंघर पूजाको मर्यादा हनन गराउने वा सोलाई असहयोग गर्ने चेष्टा गरेमा त्यस्ता व्यक्तिलाई कडा कारवाही गर्ने गरिन्थ्यो भने यस्तै व्यवस्था गोरखादरबार बडादशैंमा हुने कालरात्रिको बलि बोका १ तथा भद्रकालीको लागि बलि गर्ने बोका १ लाई पनि गरिएको पाइन्छ। सतार राँगोलाईझैं यी बलिलाई नाप-आकार छनौट गर्ने, खोज्ने तथा सूचना गरी वैकल्पिक क्रम तोक्ने काम गोरखादरबारका भित्रिया तथा भीरकोटे सुसारेहरूले गर्दछन् भने त्यस्ता बलि तोकिएका पशुलाई दिन इन्कार गर्ने वा अनास्था प्रकट गर्नेलाई सजाय गर्ने पुरानो नियममा व्यवस्थासमेत भएको थियो। पुरानो व्यवस्थाअनुसार आज झैं सम्पूर्ण बलिहरू ठेक्काप्रथाबाट प्राप्त गर्नुपूर्व दरबारका कामदारहरूले दशैं अगावै नजिकका गाउँहरूमा गई बलिका लागि चाहिने अन्य साधारण राँगा, बोका र भेंडाहरू समेत रोक्का गर्ने गर्दथे र त्यस्ता बलिहरू रोक्का भएपछि जानाजान त्यस्तो बलिलाई बलि गर्न नहुने गरी विकृत पार्ने काम गर्ने पशुधनीलाई एक रुपियाँ जरिवाना गर्ने गरिएको कुरा संवत् १९९२ सालको गोरखादरबारको सवालको पृष्ठ ७ मा लेखिएको 'गोरखादरबारको कामलाई रोक्का भयाको बोका सुँगुरको पाठा खुन गर्नेहरूलाई मो रु १।-जरिवाना गर्नु' भन्ने वाक्यले पुष्टि गर्दछ। त्यसबेला त्यस्तो प्रशासनिक र न्यायिक अधिकारसमेत गोरखादरबारले प्रयोग गर्नेगरेको देखिन्छ। आजकल भने गोरखादरबारको सम्पूर्ण पर्वलाई चाहिने बलिहरू घटाघटद्वारा ठेक्कामा लगाइन्छ। त्यसकारण बलिहरू गाउँमा गई रोक्का गर्ने चलन खाली सतार राँगो १ र कालरात्रि तथा भद्रकालीको पूजाको लागि चाहिने बलि बोका २ को लागि मात्र कायम रहेको पाइन्छ। आजकल त्यसरी तोकिएका बलिहरूका पालक किसानसँग गई चाँडै नै मोलतोल मिलाई राख्न ठेकेदारलाई अह्राउने गरिन्छ। यसरी साउने संक्रान्तिपछि सतार राँगो १ र कालरात्रि, भद्रकालीको बलिको लागि चाहिने बोका २ रोक्का गर्न कामदार खटाइएपछि गोरखादरबारमा दशैंको चहलपहल सुरु भएको मानिन्छ। हाल बलिलाई ठेक्का लाग्नुपूर्व अर्थात् श्री ५ पृथ्वीनारायण शाहपछि गोरखादरबार दशैंघरलाई आवश्यकपर्ने राँगा, बोकामध्ये थरघरका बानीयाँले बोकाहरू किन्ने र बस्नेतहरूले राँगा किनी पर्वपूजाको काम चलाई सरकारमा जाहेरी गर्ने चलन रहेछ भन्ने कुरा यसै अनुसन्धानको परिशिष्ट १० मा रहेको पूर्वप्रकाशित रणबहादुर शाहका पालाको संवत् १८५० को पत्रले बताउँछ।[1]

मालसिरी फुकाउने :

नेपाली लोकजीवनमा विभिन्न महिना तथा ऋतुहरूमा गाइने विशिष्ट ऋतु गीतहरूको ठूलो छाप परेको पाइन्छ। त्यसमध्ये असोज महिनामा गाइने मालसिरी गीत दुर्गोत्सवको सहकारितामा विशेष रूपले महिमामय भएको छ। गोरखादरबार दशैंघर श्रीभवानीको दुर्गोत्सव गरिँदा आजकल गाइने विभिन्न प्रकारका मालसिरी गीतहरू यो पर्वमा ऐतिहासिक रूपमा नै अस्तित्ववान् भएको हुनसक्ने कुरा यसैको परिच्छेद १.५ मा बताइएको नरभूपाल शाहको

---

१ मनकामना, २०३८, गाउँ सुधार समिति बक्राङ भोगटेनी, गोरखा, पृ. २६४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खर्चको टिपोट भनिने ऐतिहासिक अभिलेखले संकेत गरेको छ। गोरखादरवारमा हुने दुर्गोत्सवका बेला आश्विनशुक्ल प्रतिपदादेखि ऐ. को पूर्णिमाको दिनसम्म विभिन्न अवसरहरूमा मंगलेनीहरूले यो मालसिरी गीत गाउँछन् भने यस्ता गीतहरू गाउँदा सप्तमी (फूलपाती) को दिनसम्म बजाइने मालसिरी भाकामा वाजा वजाउन भाद्रशुक्ल अष्टमीका दिनदेखि सुरु गरिन्छ। यस दिन साबिक प्रति अष्टमीको पूजाका कामहरूमध्ये वलि पर्नुपूर्वका कामहरू साबिकबमोजिम सिद्धिएपछि गोरखादरवारको तल्लो पटाङ्गिनीमा वसी गोरखादरवारका हाकिम, पुरोहित, सुसारे, कटुवालको उपस्थितिमा पञ्चैवाजातर्फको सहनाई वजाउने वानादारले भाका फिराई फिराई मालसिरी रागमा सहनाई फुक्छ र पञ्चैवाजाको अन्य बाजाहरूले यसै भाकालाई अनुसरण गरी वाजा बजाउँछन्। यसै कार्यलाई गोरखादरवारमा "मालसिरी फुकाउने" भनिन्छ। यस रागमा वाजा बज्न थालेपछि वास्तविक अर्थमा गोरखादरवारमा बडादशैंको आगमनको आभास मिल्दछ। यससम्वन्धी थप कुरा 'गोरखादरवारको सांस्कृतिक प्रथा र पर्वहरूको शास्त्रीय विश्लेषण' नामक यसैको पछिल्लो अध्यायमा दिइएको छ।

माटो हेराउने :

गोरखादरवारमा दशैंको आगमनको संकेत गर्ने मालसिरी फुकाउने काम भैसकेपछि सोही दिन अर्थात् भाद्रशुदी अष्टमीका दिन दशैंघर लिपपोत गर्न आवश्यक पवित्र माटो ल्याउन शुभ साइत जुराउने काम गरिन्छ। यस्तो माटो खन्नका लागि गोरखादरवारदेखि उत्तरतर्फको भोगटेनी भन्ने ठाउँमा सो प्रयोजनको जरगा रहेको छ भनिन्छ। प्रस्तुत सिलसिलामा उपर्युक्त दिन गोरखादरवारका पुरोहितहरूद्वारा माटो खन्न प्रस्तावित खवास मगरकी कन्याको नामका आधारमा र तोकिएका थप अन्य गोप्य आधारहरूका सहायताले सोही पक्षका कुनै दिनलाई माटो खन्न उपयुक्त दिन ठहऱ्याउने काम गरिन्छ। यसरी ठहऱ्याइएको दिन तोकिएको दिशातर्फ मुख फर्काई तोकिएको समयमा खवास कन्याहरूद्वारा खनेको माटो नै श्रीभवानीको दशैंघर लिपपोत गर्न विधिपूर्वक ल्याउने चलन छ।

२.१.१.२ आश्विनकृष्ण अमावस्या (औंसी) :

यस दिनको भोलिपल्टदेखि हुन गइरहेको दशैंघर पूजाको यज्ञ आरम्भको पूर्व सन्ध्यामा यस दिन तयारीका अन्तिम चरणका कामहरू गरिन्छन्। यसै दिन परम्परागत रूपमा थुमथुमबाट आउने तथा गुठियारहरूवाट आउने नवरात्रको लागि चाहिने सरसामानहरू रुजु गरिन्थ्यो परन्तु आज प्रस्तुत व्यवस्था कायम नभएकाले सामान ल्याउनका लागि नियुक्त ठेकेदारहरूले ल्याउने सामान मध्ये 'गुठी' तथा 'पर्व' का ठेकेदारले नवरात्र भरको लागि चाहिने सामग्री ल्याएपछि शुद्धता, पवित्रता र स्तरीयता हेरेर बुझ्ने काम गरिन्छ। यसै दिन कौशी तोसाखाना तथा राजदरवारवाट दशैंका लागि प्राप्त सामानहरू पनि रुजु गर्ने काम गरिन्छ।

भोलिपल्टदेखि हुने दुर्गोत्सव जस्तो महापूजाको लागि श्रीभवानीको पूजा गर्ने मूल पुरोहित जना एकले सोही दिन शिर मुण्डन (कपाल खौरने) गरी हविष्य (एक छाक मात्र भोजन गर्ने) वस्दछन्। दशैंघर पूजाको आङ्गिक काम गर्ने अन्य पुरोहितहरूले समेत यस दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हविष्य बस्नुपर्दछ। यसै दिन अपरान्हपछि गोरखादरबारका राजप्रतिनिधिले दरबार अगाडिको पटाङ्गिनीमा अवस्थित पण्डित पाटीमा बसी श्रीभवानीको दुर्गोत्सवमा पाठ पूजा गर्ने पुरोहित तथा योगी पुजारीहरू प्रत्येकको नाम लेखी सुपारी दिएर निमन्त्रण गर्ने काम गर्दछन्। यसैदिन भोलिपल्ट हुन गइरहेको घटस्थापनाको साइतका बारेमा राजज्योतिषबाट प्राप्त निर्णय सम्बन्धित व्यक्तिहरूलाई सुनाई अमङ्गल योग, नक्षत्र आदि परेको भए सोको शान्ति गर्नेबारे तय गरिन्छ। यसरी अपरान्हको काम सिद्धिन्छ भने भोलिपल्ट बिहान ब्रह्ममुहूर्तमा नै श्रीभवानीको प्रतीकलाई कैलाशपुरीबाट पूजाकोठामा सवारी चलाउनुपर्ने भएकाले साँझसम्ममा सबै भित्रिया तथा भीरकोटे सुसारेहरू दरबारमा आइपुग्दछन्। यसप्रकार निकटस्थ कार्यको पूर्व तयारीका रूपमा रहेको यस दिनको काम यसरी समाप्त हुन्छ।

२.१.१.३ आश्विनशुदी प्रतिपदा (घटस्थापना) :

श्रीभवानीको सवारी :

आश्विनशुक्ल प्रतिपदाको दिनदेखि गोरखादरबार दशैंघर श्रीभवानीको विशेष दुर्गोत्सव पूजा आरम्भ हुन्छ। यस दिन ब्रह्ममुहूर्तमा कैलाशपुरीबाट श्रीभवानीको प्रतीकलाई गोप्य अनुष्ठानका साथ पूजाकोठामा ल्याइन्छ। प्रत्येक वर्षको बडादशैंको अवसरमा १५ दिन तथा चैत्राष्टमीको एक दिनबाहेक अन्य अवस्थामा भवानीको सवारी गोरखादरबारको दरबारखण्डको सबैभन्दा माथिल्लो तल्लाको कैलाशपुरीमा भएको हुन्छ। उक्त ठाउँबाट यस दिन ठीक साइतमा श्रीभवानीको प्रतीकहरूमध्ये क्रमिक रूपमा भित्रिया सुसारे बोहोरा (क्षेत्री), भित्रिया सुसारेद्वारे (मगर), तथा भित्रिया सुसारे सारू (मगर) हरूले बोकेर निस्कन्छन् भने भवानीको अन्य आभूषण, अलंकार तथा पूजामा प्रयोग हुने पवित्र भाँडाकुँडाहरू रहने ठाउँबाट ती सामानहरू लिएर श्रीभवानीको सवारीको पछिपछि भीरकोटे सुसारेहरू पूजाकोठातर्फ लाग्दछन्। यसरी गोरखादरबारको पूर्व-उत्तर कोणमा रहेको बार्दलीमा बसेर भीरकोटे सुसारेले समय अन्दाज गरी साइत पत्ता लगाएपछि उसैको इशाराबमोजिम भित्रिया सुसारेले श्रीभवानीको प्रतीकलाई वैडचाउने चलन रहेको थियो। यसरी साइत हेर्ने महत्त्वपूर्ण काम हुने उक्त बारदलीको संरचना गोरखादरबारको अंशबाट हाल हटाइएको छ। यसप्रकार ठीक साइतमा श्रीभवानीको प्रतीकलाई कैलाशपुरीबाट उठाउनासाथ सो सवारी चलाउने मुख्य भित्रिया सुसारे बोहोराले बडाईं तथा नगरा दिन अह्राउँछ। यसरी आदेश पाउनासाथ श्रीभवानीको सम्मानमा दरबार पटाङ्गिनीमा दुई नाल बन्दूक पड्काइन्छ भने मंगलेनीहरूले मालसिरी भाकामा गीत गाउँछन् र श्रीभवानीतर्फका बानादारहरूले दमाईपाटीमा बसी नगरा बजाउन थाल्दछन्। यसप्रकार कैलाशपुरीबाट श्रीभवानीको सवारी पूजाकोठातर्फ जान कैलाशपुरीको भ्याङबाट ओर्लेपछि सवारीभन्दा अगाडि अगाडि ह्यामीहरूले बाटो पोत्दै जान्छन् र यसरी पवित्र पारिएको बाटोबाट ठडचौरो तथा मैनबत्ती बालेर भवानीको सवारी पूजाकोठासम्म चलाइन्छ। यसप्रकार कैलाशपुरीबाट पूजाकोठासम्म दरबार तथा रंगमहलखण्डका भित्री कोठाहरूकै बाटो श्रीभवानीको सवारी चलाइन्छ। यसरी चलाइएको सवारीलाई नजिकबाट हेर्न सर्वसामान्य यात्रुहरूले नपाउने चलन छ। सवारी हेर्न आएका असंख्य यात्रुहरूले दरबारको तल पटाङ्गिनीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसेर बन्दूक पड्काएको र बढाँई सारिएको अनुमानको भरमा सवारीको दर्शन गर्ने गर्दछन्। सवारीको दर्शन गर्न भनी रातीदेखि नै टाढाटाढाबाट आउने भक्तहरूको भजन, अस्तु गाउने गाइने तथा सेवा लगाउने मान्छेहरूका करतल गायनबाट यतिवेला दरवार पटाङ्गिनी रमणीय र आल्हादपूर्ण भक्तिभावमा निर्लिप्त भएको जो कसैलाई पनि अनुभव हुन्छ।

घटस्थापना :

बडादशैं पर्वको विशेष प्रकारले महत्त्व भएको कार्यमध्ये घटस्थापना गर्ने कार्य पनि एक हो। यो कार्य नवरात्रारम्भको पहिलो दिन अर्थात् आश्विनशुक्ल प्रतिपदाको दिन सम्पन्न गरिन्छ। यसै कार्यको स्मरणमा यस दिनलाई 'घटस्थापनाको दिन' भनिन्छ। गोरखादरवारमा श्रीभवानीको विधिपूर्वक दुर्गोत्सव गर्ने महायज्ञको आरम्भ हुने यो कर्म आश्विनशुक्ल प्रतिपदाको दिन विहान सम्पन्न गरिन्छ राजज्योतिषीको निर्णय मुताविक प्राप्त भएको साइतमा घटस्थापना गर्नका लागि सूर्योदयको साइतबाट गणना गरी ठीक साइत पहिल्याउनका लागि श्रीभवानीको सवारी कैलाशपुरीबाट बैडाउने बेलामा नै घडी थाप्ने काम गरिन्छ। नाडीको रौं देखिने बेलामा घडी थाप्दा मात्र तोकिएको वेला वा साइतको पत्तो लाग्ने भएकाले वैज्ञानिक घडी प्रचलनमा आउनुपूर्व गोरखादरबारमा साइत पहिल्याउन अपरिहार्य रूपमा प्रयोग गर्ने गरिएको यो विधि आज पनि परम्परित रूपमा प्रचलनमा रहेको छ। सूर्योदयको समय अन्दाज गरी दीप, कलश, गणेश स्थापना तथा पूजा गरी पानीले भरिएको बाटामाथि तामाको घडी (करिब १ माना पानी अट्ने पिँधमा सानो प्वाल भएको कचौरा आकारको तामाको भाँडा) राखिन्छ। यस कार्यका लागि गोरखादरबारको दरवन्दीअनुसार १,१ मानाका ३ टपरी चामल, घडा थाप्न १ पाथी धान तथा पूजाका सामानहरू उपलब्ध गराइन्छ। यसरी स्थापना गरिएको घडी २४ घण्टामा ६० पटक भरिएर डुब्ने भएकाले एकपटक उक्त घडी डुब्न २४ मिनेट लाग्ने देखिन्छ। यसप्रकार ठीक घडी तथा पलाको अन्दाज पाउन ठीक आकारको प्वाल र ठीक समयमा स्थापना गरिएको घडी विश्वसनीय देखिन्छ। यसरी साइत पैल्याउन गोरखादरबारको धुनीकोठामा घडी थाप्ने नित्य कामहरूमध्ये घटस्थापनाको दिन १ र विजयादशमीको दिन १ समेत दुई दिनमात्र सो कामपर्ने देखिन्छ।

घटस्थापनाको दिन यसरी घडी थापिसकेपछि तोकिएको घडी तथा पला पत्ता लगाउन पला काट्ने काम गरिन्छ। सिङ्गो रूपमा कति घडी विती कति पलमात्र वित्ने साइत घटस्थापनाको लागि प्राप्त भएको छ सोहीअनुसार सिङ्गै वित्नपर्ने घडी वितेपछि नाडीका चालका आधारमा पला अन्दाज गरी १ पला, २ पला भन्दै त्यसको सूचना भित्र पूजाकोठासम्म प्रसारण गरिन्छ र तोकिएको पला पुगेको उद्घोषण भएपछि सो साइतमा भित्र पूजाकोठामा पूर्णघडाको पूजा गरी विधिवत् घटस्थापना गरिन्छ। यसै घटस्थापनाको साइतको लागि अन्तिम पला काटेपछि दुई नाल बन्दूक पड्काई बढाँई गरिन्छ भने मालसिरी गाउने, सेवा लाउने, अस्तु गाउने जस्ता मंगल-गायन गर्ने काम तथा नगरा बजाउने काम पनि गरिन्छ। यसै घटस्थापनाको साइत भैसकेपछि श्रीगोरखनाथजीतर्फ गोरखनाथको गुफामा योगीहरूले र श्रीभवानीतर्फ जमराकोठामा भित्रिया सुसारेहरूले पवित्र माटोमा जौको वीऊ छरेर जमरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्ने काम सम्पन्न गर्छन्। यसप्रकार दशैंघर श्रीभवानीको दुर्गोत्सवको विधिवत् आरम्भ यसै पूर्णघडाको घटस्थापना गर्ने कार्यले गर्दछ। यसप्रकारबाट थापिने घट्ट (पूर्णघडा) को पूजाको लागि १ पाथी धान, १ पाथी चामल तथा १२० गोटा सुपारी गोरखादरबारको तोसाखानाले उपलब्ध गराउँछ।

प्रतिपदाको दिन तोकिएको काम :

आश्विनशुक्ल प्रतिपदाको दिन गोरखादरबार दशैंघरमा घटस्थापनाको काम सिद्धिएपछि नवरात्रका रोज-रोजको काम सुरु हुन्छ। यस दिन बिहानै कैलाशपुरीबाट सवारी चलाइएको श्रीभवानीको प्रतीकलाई गोरखादरबारको मन्दिरखण्डको पूजाकोठामा राखिन्छ भन्ने कुरा यसअघि नै वताइसकिएको छ। यसरी सवारी चलाइसकेपछि नवरात्रका रोज-रोज गरिने सप्तमीका दिनसम्मको साबिक काम प्रारम्भ हुन्छ। यसरी रोज-रोजमा हुने काममा बिहानै 'भण्डार्नी कन्या' भनिने दुई जना खनखवास थरका मगरका कन्याहरूद्वारा ल्याइएको शुद्ध जल पूजास्थल लिपपोत गर्ने तथा पवित्र कार्यमा प्रयोग गर्ने गरिन्छ। यस्ता भण्डार्नी कन्याहरू नियुक्ति वा छनौट गर्ने काम भित्रिया सुसारे-द्वारेले यसअघि नै गरिसकेको हुन्छ। यसरी छनौट गरिने भण्डार्नी कन्या खनखवास थरको मगरको छोरी हुनुपर्ने चलन छ। यसरी पूजा काममा संलग्न हुने गरी भण्डार्नी कन्या छानिन महिनावारी भएकी, दन्तद्वारे (दाँत छिचरो भएकी), कठपाइले (पैतालाले भूँई टेक्दा जमीनमा खाली भई छाप नआउने), कुइरा आँखा भएकी, कैला कपाल, ठूलो नाक भएकी, कपाल काटेकी आदि शारीरिक विशेषता भएकी हुन नहुने प्रचलन छ। यसरी नवरात्रभरका लागि छानिएका भण्डार्नी कन्यालाई घटस्थापनाकै दिन ५ हात तुलको पछ्यौरा - १, चोलो पाट वा चिउलीको - १, ५ गजको गहुनको फरिया - १, र सौभाग्य दिइन्छ। उक्त पोशाक पैरिई ती दुई कन्याले नवरात्रका प्रत्येक दिन बिहानै शुद्ध जल ल्याउँछन् र तिनलाई भित्रिया सुसारे-द्वारेले आँखामा पट्टी बाँधिदिई पूजाकोठामा लैजान्छन् र भवानीको सिंहासन वरपर पोत्न लगाउने चलन रहेको छ भनिन्छ। यो कुरा गोप्य भएकोले यसको सत्यता स्पष्ट गर्न सकिएन।

उता प्रतिपदाको दिन बिहानै मन्दिरखण्डको प्राङ्गणमा गहना कलश माझ्ने बाँडाद्वारा श्रीभवानीको पूजामा सोही दिनदेखि प्रयोग गर्ने भाँडाहरू माझ्ने काम हुन्छ भने नवरात्रका रोज-रोजभरि श्रीभवानीको ढोकामा आई सेवा लगाउनुपर्ने स्थानीय नेवारहरूद्वारा यस दिन पनि बिहानभरि मालसिरी राग तथा अन्य भक्तिभावपूर्ण भजन गायन गर्दछन्। माथि वताएअनुसार घटस्थापना गर्ने कार्य सिद्धिएपछि सो दिन पूजामा प्रयोग गरिने विभिन्न प्रकारका पूजासामानहरू पूजाकोठामा भित्र्याउने काम हुन्छ। त्यसप्रकार श्रीभवानीको पूजाका लागि भित्र्याइने पूजा सामानहरू, प्रयोग गरिने पूजा र सामान प्राप्त हुने स्रोतका आधारमा दुई प्रकारको रहेको हामी पाउँछौं। गुठीतर्फका पूजा सामानहरू भित्रिया तथा भीरकोटे सुसारेहरूले भण्डार कोठाबाट बुझेर ल्याई दरबारको धुनीकोठामा बसेर शुद्ध पूजाका भाँडाहरूमा राख्ने, केलाउने तथा जाँच्ने काम गरिसकेपछि ठूलो टपरीमा राखी भित्रिया सुसारे बोहोराले लाने तथा अन्य सामान र भाँडाकुँडाहरू अन्य सुसारेले बोकी दरवार प्राङ्गणतर्फबाट पूजाकोठातर्फ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लैजान्छन्। यसरी सर्जाम भित्र्याउँदा दरबारको ढोकाबाट निस्केपछि पञ्चैबाजा बजाउन लगाउनु पर्दछ। यसरी भित्र्याइने पूजासामानमा गुठीतर्फका दरबन्दी बमोजिमका सामानहरू, षोडशोपचार पूजाका लागि चाहिने पूजाका सामग्रीहरू तथा रोज-रोजका लागि तोकिएका विशेष सामग्रीहरू पर्दछन्। यसरी विधिपूर्वक पूजाकोठामा भित्र्याइने गुठी दरबन्दीतर्फका सामानहरूको अतिरिक्त मामुलियत व्यवस्थातर्फका पूजाका सामानहरू पनि गुठीको सर्जाम भित्र्याइसकेपछि भित्रिया तथा भीरकोटे सुसारेहरूले पूजाकोठामा भित्र्याउँछन्। यस्तो मामुलियत सामान भण्डार कोठाबाट पूजाकोठातर्फ लैजाँदा भने गुठी सर्जाम भित्र्याउँदाझैं पञ्चैबाजा बजाइरहनु पर्दैन। यसप्रकार श्रीभवानीतर्फ रोज-रोजको पूजा सर्जाम भित्रीइसकेपछि गोरखनाथजीतर्फ पनि रोज-रोजको पूजा सामान भण्डारबाट बुझिलिई गोरखनाथजीका पुजारी योगीहरूले गुफातर्फ लैजान्छन्। नवरात्रका रोज-रोजमा गोरखनाथजीतर्फ भने गुठीको सामान लानुपर्दैन खाली मामुलियतको पूजासर्जाम मात्र भित्र्याइन्छ। यसरी नवरात्रका दिनमा गोरखनाथजीतर्फ र श्रीभवानीतर्फ पूजामा लगिने मामुलियत पूजा सामान ठूलो टपरीमा हाली नरिवल पगरीसमेत बराबरकै भाग लगाई दुईतर्फ लगिन्छ। नरिवल र पगरीको हकमा गोरखनाथजीतर्फ यही घटस्थापनाको दिनमा र पूर्णिमाको दिनसमेत गरी नवरात्रभरमा दुई दिनमात्र लानुपर्दछ भने श्रीभवानीतर्फ भने रोज-रोजका प्रत्येक पूजासर्जाममा नरिवल र पगरीसमेत संलग्न गरी भित्र्याउनुपर्ने चलन छ। यसरी भित्र्याइने पूजा सामानमध्ये विशेष रूपले सुगन्धित 'कस्तुरा' को समविष्टि हुनु यहाँको विशेष आकर्षण हो। श्रीभवानीतर्फ १,१ माना चामलको ९ टपरी, श्रीगोरखनाथतर्फ १, १ मानाको ३ टपरी र श्रीभैरवतर्फ ५ मुठी प्रत्येकको ३ टपरी, चामलको सर्जाम मामुलियततर्फबाट पूजाका लागि दरबन्दी भएको पाइन्छ। यसरी प्रत्येक रोजका लागि दरबन्दीमा परेका मामुलियत पूजाका सर्जामबाहेक माथि बताएझैं विधिपूर्वक श्रीभवानीको पूजाका लागि पञ्चैबाजा बजाएर भित्र्याइने गुठीको पूजा सामानमा भने ४ माना ५ मुठी चामल दरबन्दी भएको छ। जसमध्ये दीप, कलश र अक्षताका लागि ३ टपरी चामल पूजाकोठा बाहिरको पाठ गर्ने कोठामा नै राखिन्छ। पूजाको सर्जाम भित्र्याउने काम भ्याइसकेपछि भित्रिया सुसारेले श्रीभवानीको पूजा गर्ने मूल पुरोहितलाई बोलाएर पूजाकोठामा लैजान्छन्।

यसरी श्रीभवानीको पूजाकोठातर्फ पूजाका लागि पुरोहित प्रवेश गरिसकेपछि श्रीभवानीका अन्य सहवर्ती पीठहरूमा पनि गोरखादरबार तोसाखाना तथा मंगलेनीहरूले छुट्टाछुट्टै पूजाका सर्जाम बनाई प्रत्येक रोजहरूमा झैं यस दिनका लागि चाहिने सर्जाम दिने गर्दछन्। गोरखादरबार तोसाखानाबाट यसरी गोरखादरबार वरपरका पीठहरूमा नवरात्रमा जाने पूजासामानको प्रकृतिका आधारमा ती पीठहरूलाई विभिन्न रूपमा वर्गीकरण गर्न सकिन्छ। गोरखादरबार तोसाखानाबाट प्रत्येक रोजमा १ माना चामलको अक्षता, सिन्दूर, अबीर, केशरी, फूल, पञ्चामृत, मिठाइ, मसला, जौतिल, सुपारी, श्रीखण्ड र रक्तचन्दनसमेतको पूजा सामान जाने पीठहरूमा उपल्लाकोट - १, उपल्लाकोट बज्रभैरव- १, उपल्लाकोट विन्ध्यवासिनी -१, कोठा गणेश -१, भञ्ज्याङ गणेश (हनुमान भञ्ज्याङस्थित) - १, भञ्ज्याङ सरस्वती (हनुमान भञ्ज्याङस्थित)- १, कोटभण्डार गणेश - १, श्रीविद्या (चौघेरा परिसरमा अवस्थित) - १, अच्यूतनारायण - १, पशुपति १, तथा १ माना चामलको अक्षतासहितको पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान श्रीभवानीको ढोकामा देवीभागवत पुराण भन्ने ठाउँमा तथा ३ माना चामलको अक्षतासहितको पूजा सामान मार्कण्डेय पुराण भन्ने यज्ञका लागि दरबन्दी व्यवस्थित गरिएको छ। यी पीठहरूमध्ये धेरैजसो पीठहरूमा तोसाखानाको उपर्युक्त पूजासामानको अतिरिक्त राजदरवारबाट प्राप्त हुने पूजा सामानहरू पनि कलस्यौली, मंगलेनीहरूले तयार पारी रोज-रोजमा दिने गर्दछन्।

यसरी रोजरोजमा पूजाको सामान जानेपीठहरू बाहेकका अन्य पीठहरूका लागि प्रस्तुत घटस्थापनाका दिनमा नै नवरात्रभरका लागि ४ माना चामलको अक्षता, सिन्दूर, अवीर, केशरी, धजा, श्रीखण्ड, रक्तचन्दन, जौतिल, मिठाइ, मसलासहितको एक-एक पूजा सामान पठाइन्छ भने यस्ता पीठहरूमा महाष्टमीका दिन २ माना चामलको अक्षतासहितको पूजा सामान पठाइन्छ। यसरी घटस्थापनाको दिनबाट सुरु हुने दुर्गोत्सवका अवसरमा गोरखादरवार सम्वद्ध श्रीभवानीको मूलपूजा, श्रीगोरखनाथजी तथा अन्य पीठहरूमा गोरखादरबार तोसाखानाबाट विभिन्न पूजा-सामान पठाउनुपूर्व नै श्रीभवानीको पूजाकार्यमा संलग्न हुने सवै कर्मचारी र कामदारहरूलाई रातो रंगाइएको कोराको भोटो तथा धोती एवं धरा (छोटो धोती) समेतको चोखो र पवित्र कपडा (जुन कौशी तोसाखानावाट प्राप्त हुन्छ) पूजा काममा लगाउनका लागि बाँडिन्छ। त्यसपछि पीठपीठमा जाने पूजा सामान पठाउने काम सिद्धिएपछि तोसाखानावाट गोरखादरबारका भण्डारेले तल्लाकोटका लागि चीज बनाउन ६ माना, उपल्लाकोटका लागि चीज बनाउन कटुवालमार्फत ६ माना तथा श्रीभवानीको लागि चीज वनाउन चामल ४ पाथी दिने गरी दरबन्दी व्यवस्था गरिएको छ। (गोरखादरवार र सम्वद्ध पीठहरूमा हुने दशैंघर पूजाका बेलामा राँगा, बोका र सुँगुरको बलि पूजा हुँदाका लागि तथा अन्य तामसी पूजामा चढाउनका लागि उपर्युक्त वमोजिम जाँड बनाइने कामलाई चीज बनाउने भनिन्छ।)

माथि बताएझै सबै खालका पूजा सामानहरू श्रीभवानीको पूजाकोठामा विधिपूर्वक भित्रिइसकेपछि पञ्चगव्य आदि खाई मूलपुरोहित पूजाकोठामा प्रवेश गर्दछन्। मूलपुरोहित श्रीभवानीको पूजाकोठमा प्रवेश गरेपछि श्रीभवानीको विधिपूर्वक दुर्गोत्सव पूजाकार्य सुरु हुन्छ। पूजाकोठामा तोकिएका ३ प्रकारका विशेष जपहरू, दुर्गासप्तशती पाठ १ आवृत्ति तथा अन्यपूजाको विशेष अनुष्ठान गर्ने सिलसिलामा सर्वप्रथम पञ्चैवाजा तथा त्यसपछि दोस्रो पटकमा नगरा वजाउन अह्राइन्छ। यसरी वाजा वजाउन थालेपछि मालसिरीका विशिष्ट राग, ताल र गीतहरूमा तोकिएका गीतहरू मंगलेनी तथा कलस्यौलीहरूले दरवारतर्फका झ्यालमा बसेर गाउँछन्। पूजाका विशिष्ट अनुष्ठानहरूमा पञ्चैबाजा - १ तथा नगरा - १ समेत वजिसकेपछि मूलपुरोहित र भित्रिया सुसारे पूजाकोठावाट बाहिरी पाठ गराइने कोठामा ब्राह्मणवरण गर्न आउँछन्। यस अवसरमा मूलपुरोहितद्वारा नवरात्रभर श्रीभवानीको अनुष्ठानका लागि गरिने जपपाठको संकल्प गरी तत्सम्वन्धी काम गर्ने प्रत्येक ब्राह्मणलाई चन्दन, अक्षता, फूल लगाई सुपारी प्रदान गरी कौसी तोसाखानावाट प्राप्त रातो भोटो, धोती, उपर्ना, कुशासन, आचमनी, पन्चपात्रो आदि दान गरिन्छ। यसरी जपपाठ गर्नका लागि संकल्प तथा वरण गर्दा गोरखादरवारका चार पुरोहितलाई दुर्गा सप्तशती पाठ र दुर्गासहस्रनाम,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशसहस्रनाम एवं विष्णुसहस्रनाम पाठका लागि, सामवेदी जवान दुईलाई सामवेद पाठका लागि तथा साङ्गोपाङ्ग पाठका लागि जवान नौ र यजुर्वेद पाठका लागि जवान ४ समेत जम्मा १३ जना ब्राह्मणहरू अन्यत्रबाट खोजी नवरात्रभरका लागि पाठ गराउन यसैबेला वरण गरिन्छ। कौसी तोसाखानाको दरवन्दीवमोजिम व्यवस्था गरिएका गोरखादरवारको वडादशैंको दुर्गोत्सवका लागि तोकिएका जपपाठमध्ये उल्लिखितवाहेक दुर्गा सप्तशती पाठ गर्ने १, १ जवान ब्राह्मणका लागि उपल्लाकोट तथा तल्लाकोटमा नै वरण गरी श्रीभवानीको जपपाठ गर्ने सरह नै र श्रीगोरखनाथजीका गुफामा नवरात्रभर गोरक्षसहस्रनाम पाठगर्ने कानफट्टा योगी एघार जनालाई पनि सोही सरहका भोटो, धोती, उपर्ना आदि प्रदान गरी वरण गरिन्छ। तर गोरखनाथजीतर्फ पाठ गर्ने योगीहरूलाई भोटोको सट्टा कुर्ता दिनुका साथै सवै लुगाहरू समेत रातोको सट्टा पहेँलो रङ्गले रङ्गाएर दिने गरिन्छ।

यसप्रकारबाट वरणको काम सिद्धिएपछि पाठ गर्ने कोठामा ब्राह्मणहरूद्वारा सारस्वरसहित पाठ सुरु हुन्छ भने वरणको काम सिध्याएर पूजाकोठामा भित्रिएका मूलपुरोहितद्वारा अनुष्ठानका क्रममा श्रीभवानीको मुख्य पूजा हुन्छ। यस अवसरमा भित्रिया सुसारे तीनद्वारा शङ्ख, घण्टा र डमरु वजाउने काम हुन्छ। यसरी पूजा कोठामा शङ्ख, घण्टा वजको सुनेपछि भवानीको पूजा भएको वुझेर पूजाकोठा वाहिर वसेका भीरकोटे सुसारेले दौडेर झ्यालमा गई नगर्चीहरूलाई 'नगरा देऊ' भन्ने चलन छ। सो आदेश सुन्नासाथ श्रीभवानीको सम्मानमा नगरा वजाइन्छ भने नगराको आवाज आउनासाथ मंगलेनीहरूद्वारा मालसिरी गाउने काम सुरु हुन्छ। यसप्रकारको शङ्ख, घण्टा, नगरादिको प्रक्रिया चाहिँ गोरखादरवार श्रीभवानीको सम्पूर्ण पूजामा एकै प्रकारको रहेको पाइन्छ।

यसरी गोप्य पूजाकोठामा श्रीभवानीको पूजा सिद्धिएपछि मूलपुरोहित तथा भित्रिया सुसारेहरू पूजासामानसमेतको थाली, अर्घौता, कर्मपात्र (तिलानी) समेत लिई पाठ गर्ने कोठामा आउँछन्। त्यसपछि यस दिनका लागि तोकिएका वलि लिन भीरकोटे सुसारेलाई पठाइन्छ। उसले पहिल्यै वाहिर ल्याएको निखर कालो रङ्गको शुद्ध पवित्र वोका - १ लिएर ढोकामा आएपछि पानी छर्किएर चोख्याई वलिलाई ढोकाबाट भित्र प्रवेश गराइन्छ। यतिबेलासम्ममा सबै ब्राह्मणहरूद्वारा जपपाठ गर्ने काम सिद्धिइसकेको भए वाहिरी ढोकाहरू सवै वन्द गरी मूलपुरोहितद्वारा उक्त वलि गर्ने वोकालाई छागवलि संकल्प तथा पूजा र कुभिण्डोको वलि तथा पूजा गरिन्छ। त्यसपछि विधिपूर्वक पूजा गरिएको खड्गद्वारा (खुकुरी) गोरखादरवारको हानमार गर्ने मूल सुसारे (राना मगर) ले पहिला कुभिण्डो तथा पछि वोकालाई मार हानी वलि दिने काम गर्दछन्। यसरी वलि दिनासाथ नगरा दिन अह्राइन्छ भने नगरा बजेको सुन्नासाथ मंगलेनीहरूले मालसिरी गाउन थाल्दछन्।

यसप्रकारबाट प्रत्येकपटक मुख्य पूजा तथा बलि हुँदा पञ्चैवाजा तथा नगरादिनका लागि माथि झ्यालवाट सुसारेहरूले अह्राउने र सो अह्रोट सुन्नासाथ श्रीभवानीका नगर्चीहरूले नगरा र पञ्चैवाजा वजाउने काम वर्षदिनभरिका पर्वहरूमा एकै रूपले गरिन्छ भने यसरी पञ्चैवाजा र नगरा बज्दा नवरात्रभर भने मंगलेनीहरूले मंगल गीतहरू गाउने चलन रहेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी आश्विनशुदीको प्रतिपदा र सो पछिका रोजहरूमा गरेको बोका बलिपूजा शेष भएपछि बिलो लगाई बाँड्ने चलन छ। यसमध्ये टाउको मूलपुरोहितले पाउने, फोक्सो गोरखादरबारका हाकिमले पाउने, कलेजो राजप्रतिनिधिले पाउने ह्याकुलो हजामले पाउने, पछाडिको सपेटा २ द्वारेले पाउने, अगाडिको १ सपेटा पुरोहितले पाउने, मुटु, मृगौला र काँध भित्रिया सुसारे वोहोराले पाउने, करङ, लाम्टा, काँध भण्डारेले पाउने, छाला सार्कीले पाउने, आन्द्राभुँडी रोचेले पाउने र अन्य भाग सवैलाई बराबर विलो लगाउने चलन पाइन्छ। यसरी नेग दिने परम्परा नेपाली समाजको संस्कृतिसँग तादात्म्य राख्ने कुरा भए पनि हाल माथि भनेझैं लगाउने गरिएको नेग परम्पराअनुकूल नभै प्रभावका कारण व्यक्तित्वले प्रभावित भएको पाइन्छ।

माथि बताएझैं घटस्थापनाका दिनको बलि दिने काम सिद्धिएपछि मूलपुरोहित तथा भित्रिया सुसारेहरू कन्या पूजाका लागि दरवार खण्डको कन्यापूजा गरिने कोठातर्फ लाग्दछन्। महानवमीका दिन राजकन्याका नौं कन्यालाई कन्याकोठामा, मामुलियत कन्यालाई भण्डारकोठामा र बडादशैंका महानवमी र चैत्रदशैंको चैत्राष्टमीका दिन पूजा गरिने गुठीका कन्या तथा कुमारहरूलाई रङ्गमहल खण्डको माथिल्लो तल्लाको कोठामा पूजा गरिने वाहेक गोरखादरबारका अन्य सम्पूर्ण पर्वहरूमा पूजा गरिने कन्या तथा कुमारहरूलाई दरबारखण्डको भण्डारभन्दा माथिल्लो तलाको 'राज-भान्सा' भनिने कोठामा पूजा गरिन्छ। यसैअनुरूप प्रस्तुत घटस्थापनाको दिन गरिने कन्याको पूजा पनि यसै राज-भान्साकोठामा गरिन्छ।

कन्यापूजा गरिने कोठामा पुगेपछि भित्रिया सुसारे सारूले कन्यालाई काखमा राख्दछ, वोहोराले शुद्धजल खन्याएर कन्याको गोडा धोइदिन्छ, द्वारेले कन्याको गोडा धोएको जल श्री ५, राजप्रतिनिधि तथा गादीमा चढाउनका लागि बोहोतामा थापेर राख्दछ र गोडा धोइसकेपछि सबैले सो जलसमेत ग्रहण गरिसकेपछि कन्यालाई पूजाको आसनमा लगेर राखिन्छ। कन्याको 'पाद-प्रक्षालन' सकिएपछि मूलपुरोहितद्वारा दीप, कलश तथा गणेश पूजा गरिसकेपछि कन्यापूजाका लागि आवाहन, ध्यान, अङ्गन्यास, तथा षोडशोपचारले पूजा गरिन्छ। सँगै कौसी तोसाखानाबाट प्राप्त पाटको चोलो - १, गहूनको फरिया ९ हाते-१, तुलको पछ्यौरा - १, चुरा, धागो, इजार, ऐना, बट्टा, सिन्दूर, टीका, काइँयोसमेतको सौभाग्य - १ र रु ।५० पैसा दक्षिणासमेत दिइन्छ। अन्तमा कन्याको अङ्गपूजा र प्रार्थना पूजा सकेपछि कन्यासँग प्रसाद मागिन्छ। कन्याले फूलप्रसाद दिएपछि कन्यापूजाको काम सकिन्छ र भान्से ब्राह्मणीद्वारा कन्यालाई भुजा (भात), दाल, माछा, मासु, दही, चिनी आदिको भोजन गराइन्छ। यसप्रकारबाट कन्यालाई भोजन गराउन ४ माना चामलको दरबन्दी गोरखादरबारले गरेको छ। चामलका अतिरिक्त ठेक्काबाट प्राप्त हुने माछा, मासु, दहीसमेत भण्डारवाट नै उपलब्ध हुन्छ।

प्रस्तुत कन्यापूजाको कार्य गोरखादरवार श्रीभवानीको पूजा हुने प्रायः सबै पर्वहरूमा गरिने अङ्गपूजाको रूपमा प्रस्तुत भएकाले कुनै पनि पर्वमा कन्यापूजा गर्दा छुट्टै यज्ञ आरम्भ गरी कर्मपात्रादि वनाउनुका सट्टा श्रीभवानीको पूजाकोठाबाटै कर्मपात्र (तिलानी) हरू ल्याउने गरिन्छ भन्ने कुरा विर्सन नहुने कुरा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि वताएझैं घटस्थापनाको दिनदेखि नवमीका दिनका लागि सप्तमीका दिनसम्म पूजा गरिने जम्मा नौ व्राह्मणी कन्याहरू विभिन्न थरघरको हुनुपर्ने परम्परा गोरखादरवारमा रहेको छ। प्रतिपदाको दिन २ वर्षकी, द्वितीयाको दिन ३ वर्षकी, चतुर्थीको दिन ४ वर्षकी गर्दै नवमीको दिनको लागि सप्तमीको दिन खुवाइने कन्या १० वर्षकी हुनुपर्ने तथा प्रतिपदाको दिन अर्याल थरकी, द्वितीयाको दिन भट्टराई थरकी, तृतीयाको दिन खनाल थरकी, चतुर्थीका दिन पाण्डे थरकी, पञ्चमीका दिन कोइराला थरकी, षष्ठीका दिन पाण्डे, पन्थ थरकी कन्या - २ र सप्तमीका दिन कडरिया र लोहनी थरकी कन्या - २ हुनुपर्ने परम्परागत प्रचलन भएअनुरूप प्रस्तुत घटस्थापनाको दिन अर्याल थरकी २ वर्षकी कन्यालाई पूजा गर्ने चलन गोरखादरवारमा रहेको छ। गोरखादरवारमा पूजा गरिने व्राह्मणी कन्याहरू पनि भण्डार्नी कन्या जस्तै शारीरिक विकृति नभएका हुनुपर्ने प्रचलन रहेको छ। परम्परागत रूपमा गोरखादरवारको पूजा काममा ल्याइने कन्याहरूको उपयुक्तता जाँची वरण गर्नका लागि गोरखादरवारमा 'कन्या वर्ने' भन्ने पदको व्यवस्था गरिएको पाइन्छ। वर्तमानमा भने कन्या वर्ने जागिर खाने व्यक्तिले कन्याको उपयुक्तता जाँच्ने आधारहरू के के हुन् र त्यो काम आफ्नो पदको पदीय दायित्व हो भन्ने कुरासमेत नजानेको देखिन्छ।

प्रतिपदाका दिन तोकिएको विधिपूर्वक हुने पूजाकार्यको पछिल्लो चरणमा गरिएको कन्यापूजाको कामपछि मूलपुरोहित - १ र भित्रिया सुसारे तल ओर्लिएर आएर पूजा कोठामा प्रवेश गरेपछि पूजा विसर्जनमा धूप दीप गर्ने क्रमसँगै वाहिर नगर्चीहरूलाई पञ्चैवाजा दिन अह्राइन्छ र यो अन्तिम पञ्चैवाजा वजेपछि गोरखादरवारको दशैंपर्वको अन्य रोज-रोजको पूजा काम सिद्धिए जस्तै प्रस्तुत प्रतिपदाका दिनको पूजा काम सिद्धिन्छ। तत्पश्चात् पूजाकोठावाट वाहिरी कोठामा पातीपर्सादी र पञ्चामृतसमेत ल्याएर प्रसाद वाँड्ने चलन छ। यस कार्यलाई 'पातीपर्सादी' गर्ने भनिन्छ। यस कार्यसँग ऐतिहासिक महत्त्वको उल्लेख्य र विशिष्ट परम्पराको संघत्व पनि रहेको हामी पाउँछौं।

पातीपर्सादी :

श्री ५ पृथ्वीनारायण शाहका पालामा राजधानी काठमाडौं सर्नुपूर्व गोरखा राजकुलको राजदरवार रहेको प्रस्तुत गोरखादरवारमै राजा, रानी, युवराज, युवराज्ञी जस्ता विशिष्ट व्यक्तिहरूको समेत उपस्थित हुने कारणवाट चलेको हुनसक्ने यो परम्पराको सम्वन्ध श्रीभवानीको पूजाको पर्सादी राजालाई सर्वप्रथम टक्र्याउनुसँग रहेको छ। तत्कालीन समयमा सम्भवत: पूजाकार्य सकिएपछि पुरोहितद्वारा राजा रानीलाई प्रसादी टक्र्याउने चलन रहेको कारणवाट स्थापित प्रस्तुत प्रचलन आज पनि कुनै न कुनै रूपमा चालू रहेको हामी पाउँछौं। आज गोरखादरवारमा राजकीय आवास नभए तापनि शाह राजाहरूको प्रतीक स्वरूप गोरखादरवारमा रहेको ऐतिहासिक राजगद्दीमा चढाउनका लागि प्रत्येक पूजाका दिन पूजा सिद्धिएपछि पुरोहित मार्फत जल, फूल, अक्षता, चन्दन तथा अवसरअनुसार रक्षावन्धन तथा तिलकसमेत पठाइने गरिन्छ। तत्कालीन समयमा विधिपूर्वक गरिने 'पुष्पाभिषेक' समारोहका रूपमा यो परम्परा चालू रहेको हामीलाई अनुभव हुन्छ। 'मध्यकालमा पुष्पाभिषेक विधानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलन रहेको बुझिन्छ। अभिषेक मुख्य गरी पुरोहितद्वारा गरिन्छ। .... पुरोहितले मन्त्रपूर्वक यसरी पुष्पाभिषेक गरेपछि सो राज्य स्थिर हुन्छ भन्ने धारणा यस पद्धतिभित्र रहेको छ। आथर्णवपरिशिष्टमा उल्लिखित यस पुष्पाभिषेक पद्धतिको वर्णन प्रसङ्गमा 'राज्यं पुरोहिते न्यस्य' अर्थात् यसरी पुष्पाभिषेक गरी राज्य नै पुरोहितको भरमा राखेर राजाले निश्चित भई शासन गर्नु भन्ने भावको वचनसमेत परेको छ। यस विधानको अन्तमा पुरोहितद्वारा मन्त्रिएको पुष्प आदि माङ्गलिक वस्तु राजाको शिरमा राखिने हुनाले यो अभिषेक 'पुष्पाभिषेक' कहलिएको हो।'[२]

गोरखादरबारमा हुने प्रत्येक पर्व र पूजा कार्यका अन्तमा प्रस्तुत विधिअनुसार फूलको थुँगा वा गुच्छाले राजाको प्रतीकको रूपमा रहेको राजगद्दीमा अभिषेक गर्ने चलन आजतक चालू रहे तापनि यसको शास्त्रीय विधिको बारेमा अन्य विषयजस्तै यस विषयमा पनि यहाँका हाल कार्यरत मानिसहरूमा अज्ञानता रहेको कारण प्रत्येक पूजापर्वमा गरिने कार्य, विधि र अनुष्ठान देखासिकी र श्रुति परम्परामा मात्र जीवित रहने विडम्बना दृष्टिगोचर भएको छ। माथि उल्लेख गरिएको 'पुष्पाभिषेक' अनुष्ठानको अभीष्ट राज्य स्थिर राख्ने कामनासँग गाँसिएको सन्दर्भमा राज्यलक्ष्मीको भोग र अष्टसिद्धिको लागि गरिने गोरखादरवारको भगवतीको उपासनामा पुष्पाभिषेकको छनक भेटिने कुरामा सङ्गति भएको हामी पाउँछौं।

प्रस्तुत प्रकारबाट अन्य प्रत्येक पर्वको समापन पूजामा जस्तै प्रस्तुत प्रतिपदाको दिनमा पनि राजगद्दीमा पर्सादी पठाएपछि राजा, रानी, युवराज, मुमाबडामहारानी जस्ता राजपरिवारका विशिष्ट सदस्यहरू प्रत्येकलाई बाँसको ढुंग्रामा पञ्चामृतसमेत राखी फूल, अक्षता र पर्सादी पठाई मूलपुरोहितद्वारा रोलक्रममा भित्रिया र भीरकोटे सुसारे एवं पुरोहितहरूले प्रसाद ग्रहण गर्ने चलन छ। यसरी आफूहरूले प्रसाद प्राप्त गरेपछि आएका भक्तजन तथा गोरखा दरवारका विशिष्ट व्यक्तिहरू र थरघरका व्यक्तिहरूलाई पर्सादी दिने काम गरिन्छ। पातीपर्सादीको काम सिद्धिएपछि श्रीभवानीको पूजाकोठामा हुने रोज-रोजको काममध्ये यसप्रकार प्रतिपदाको काम समाप्त हुन्छ र साँझमा श्रीभवानीको पूजाकोठामा सुसारेहरूले धूप, दीप गरी 'सन्जे' जगाउँदा मूलढोकावाहिर पञ्चैवाजा बजाउने काम हुन्छ।

पूजाकोठादेखि बाहिर हुने अन्य आङ्गिक अनुष्ठान

नवरात्रका प्रत्येक रोजमा जस्तै यस दिन पनि श्रीभवानीतर्फ भित्र्याउनुपर्ने मूल अङ्गको पूजासामान पूजाकोठातर्फ भित्र्याइसकेपछि वरपरका अन्य पीठहरूमा पूजासामान पठाउने काम हुन्छ। यसप्रकार मूल अङ्गमा पूजा कार्यको थालनी भई बाजा वज्न थालेपछि मात्र कोठाका गणेश, कोटभण्डारका गणेश, अच्यूतनारायण, पशुपति, उपल्लाकोट देवी, विन्ध्यावासिनी र भैरव गरी ३, भञ्ज्याङ्ग गणेश र सरस्वती जस्ता पीठहरूमा पाठ-पूजा गर्नुपर्ने गोरखादरबारको सनातन परम्परा रहेको पाइन्छ। यसरी यता मूल अङ्गको विधिवत् पूजा हुँदैजाँदा सम्बद्ध पीठहरूको पाठपूजाको काम पनि सिद्धिन्छ र श्रीभवानीतर्फ वलिको कार्य सकिई कन्यापूजाको

---

२ राज्याभिषेकको ऐतिहासिक महत्त्व, धनवज्र बज्राचार्य CONTRIBUTION, vol. 2, No. 1, Feb. 1955.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तयारी हुन थालेपछि मन्दिरपूर्वको रङ्गमहलखण्डको भूइँ तल्लामा दीप, कलश, गणेश र व्यासासनको स्थापना र पूजा गरी वक्ता (पण्डित) र गणेश आसनमा बसी मार्कण्डेय पुराण भन्ने काम सुरु हुन्छ। नवरात्रका नौ दिनका लागि सप्तमीको दिनभित्रै मार्कण्डेय पुराणअन्तर्गत दुर्गा सप्तशतीको जम्मा १३ अध्यायको पाठ र नेपालीमा त्यसको महात्म्य बताइने कार्य गरिने भएकाले प्रत्येक दिन १ वा २ अध्यायको दरले पाठ गर्ने र महात्म्य भन्ने चलन रहेको छ। प्रस्तुत पुराण भन्ने कार्यमा सहयोग र सुसार गर्ने कार्य गोरखादरबारको दरबारिया हजामको कार्यभित्र पर्दछ। निजले व्यासासन सफा गर्ने, फूल टिप्ने, पूजासामान आदि ल्याइदिने चलन रहेको पाइन्छ। पुराण भन्ने काम सिद्धिइसकेपछि दीपस्थापना गरी पूजा गरिएको अक्षता भित्रिया सुसारेले लाने र अन्य सामान गणेशले लैजाने गरेको पाइन्छ।

रङ्गमहलखण्डमा भनिने मार्कण्डेय पुराण जस्तै श्रीभवानीको ढोकामा भनिने चतुर्मास पुराण भनेर जानिने देवीभागवत महात्म्य भन्ने कार्यपनि भित्र बलिदानको कार्य सिद्धिएपछि नवरात्रभर पनि सदा झैं भन्नुपर्ने भए तापनि विभिन्न कारणवश गोरखादरबारमा चर्तुमास पुराण भन्ने कार्य हाल कैयौं वर्षदेखि अवरुद्ध भएको पाइन्छ। जसको प्रमुख कारण आर्थिक समस्या हो भन्ने बुझिन्छ। यसका साथै प्रस्तुत कार्य नहुनुमा सो कार्यको जिम्मेवारी लिने परिवारको लापर्वाही र गोरखादरबार प्रशासनको असक्षमतालाई पनि दोष दिनुपर्ने हुन्छ।

गोरखादरबार श्रीभवानीको पूजा कार्यमा बाजा बज्न थालेपछि अन्य पीठहरूमा जस्तै गोरखादरबार पूर्वतर्फ गोरखनाथ गुफादेखि माथि रहेको अचानोमा भगवान् ठिंगा भैरवका प्रति नवरात्रका प्रत्येक रोजहरूमा जस्तै प्रतिपदाको दिन १ बोकाको बलि दिइन्छ। यसप्रकार ठिंगा भैरवलाई दिइएको रोज-रोजको बोका बलि गर्ने कार्यलाई 'भैरुङबलि' गर्ने भनिन्छ। यो कार्य ९ दिनको लागि सप्तमीका दिनसम्म चालू रहन्छ।भैरुङबलि गरेको बोकाको टाउको कलस्यौली[३] ले नेग पाउने, ह्याकुलो हजामले[४] पाउने, कलेजो राजप्रतिनिधिले[५] नेग पाउने, फोक्सो हाकिमले

---

३ गोरखादरबार दशैंघरको पूजाको कार्यमा मङ्गल गीत गाउनका लागि आश्विनशुदी पक्षभरका लागि साविकमा राजदरबारका दुई जना नानीहरू मंगलेनी बनेर आउने चलन थियो। त्यसैगरी ती दुई जनासँग फूलपातीमा कलश बोक्नका लागि राजदरबारबाटै भित्रेनी नानीहरू कलस्यौली बनेर आउने चलन थियो। गोरखादरबार र काठमाडौंदरबारबीचका संवाहक र श्री ५ का निकटस्थ मानिने यस्ता कलस्यौली नानीहरूको गोरखादरबारका रीतिस्थिति र पूजाव्यवस्थामा ठूलो योगदान हुने कुरा आज पनि यहाँ स्मरण गरिन्छ। हाल उक्त व्यवस्था कायम नरहेकाले २००७ सालपछि हनुमान ढोकाका निम्नस्तरका महिला कर्मचारीहरूलाई उक्त मंगल गीत गाउन तालिम दिई दशैं पर्वमा गोरखादरबारमा कलस्यौली तथा मंगलेनी बनाई पठाउने गरेको पाइन्छ।

४ राजा राम शाहको पालामा सिद्धिनरसिंह मल्लसँग वाणिज्यसन्धि भई २४ कोठी महाजन गोरखामा झिकाउँदा तीसँगै आएका नेवारका निकटस्थ निम्नजात मानिने धोवी, कुश्ले, नाउ जस्ता व्यक्तिहरूको गोरखादरबारमा पनि ऐतिहासिक अस्तित्व भएको पाइन्छ भने हालको दरबन्दीमा कार्यरत नेवार जातकै हजामको भने मूलपुरोहितको हविष्य बस्ने दिनमा शिरमुण्डन गरिदिने काम रहेको पाइन्छ।

५ आफूले इष्टदेवी मानेको गोरखादरबार श्रीभवानीको पूजा कार्यमा गोरखाली शाह राजाहरूको ठूलो श्रद्धा रहेको हामी पाउँछौं। त्यसकारण गोरखादरबार दशैंघरको दुर्गोत्सवका पूजाका प्रत्येक अनुष्ठानहरूमा तत्कालीन समयमा गोरखाका शाह राजाहरू आफै संलग्न हुने गरेको बुझिन्छ भने शाही-आवास पनि राजधानी सरेकै बखत काठमाडौं सरेपछि श्री ५ पृथ्वीनारायण शाहले गोरखादरबारसँग राम्रो अन्तरक्रिया चालू राख्न र यसको राम्रो रेखदेखका लागि आफ्ना विश्वस्त भैयाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेग पाउने, १ सपेटा भान्से वाहुनीले पाउने[६] गरिएको देखिन्छ। भैरुङबलिको वलि गर्ने कार्य भने गोरखादरवारका कटुवालले गर्ने चलन छ।

माथि वताएझैं आश्विनशुदी पक्षको नवरात्रभर श्रीभवानीको प्रत्येक रोज-रोजमा हुने पूजासामान श्रीभवानीतर्फ भित्रिइसकेपछि नरिवल पगरीसमेत अन्य पूजासामानहरू ठूलो टपरीमा हाली कानफट्टा योगीहरूले गोरखनाथको गुफामा भित्र्याउँछन्। (नरिवल पगरी भने घटस्थापनाको दिन र पूर्णिमाको दिनमा मात्र चढाउने चलन छ)।

गोरखनाथजीमा मामुलियतको पूजा सर्जाम भित्र्याउँदा नवरात्रको प्रत्येक रोजमा झैं यस दिन पनि अन्य कुराको अतिरिक्त प्रति ५ मुठी चामलको ३ सर्जाम श्रीभैरवलाई र प्रति १ माना चामलको ३ सर्जाम श्रीगोरखनाथजीको पूजाको लागि लगिन्छ। यसप्रकार सामान भित्र्याउने काम सकिएपछि गोरखनाथजी प्रति २ पटक नगरा वजाई पूजागर्ने कार्य गरिन्छ भने साँझमा १ नगरा वजाई सन्जे लगाइन्छ। गोरखनाथजीको पूजा कानफट्टा योगीहरूले डमरू, घण्टा तथा नाथ वजाएर वडो लोमहर्षक ढंगले सम्पन्न गर्दछन्।

दशैंघरको विशेष पूजा भई श्रीभवानी गोरखादरवारको पूजाकोठामा राज होउन्जेल श्रीगोरखनाथजीमा कोरा पूजा मात्र गर्नुपर्ने 'महाप्रसाद' रोट भने चढाउन नहुने प्रचलन रहेको छ। त्यसकारण आश्विनशुदी प्रतिपदादेखि आश्विनशुदी पूर्णिमाका दिन श्रीभवानी कैलाशमा

रणरुद्र शाहलाई गोरखादरवारको राजप्रतिनिधि नियुक्ति गरी ठूलो जिम्मा दिएको बुझिन्छ। यसरी नियुक्त राजप्रतिनिधिलाई गोरखादरवारसम्बन्धी ठूलो अधिकार भएको बुझ्दछौं। श्री ५ पृथ्वीनारायण शाहले नैजराम मैधासीलाई लेखेको एक पत्रमा 'अघि नुवाकोटका देवीजात्रा र दशैंमा नेपाली राजाका भाइछोराले संकल्प गर्नुपर्दो रहेछ' भन्ने शब्द परेकाले गोरखादरबार दशैंघर पूजामा समेत नेपाली राजाका राजप्रतिनिधि मानिएका उपर्युक्त व्यक्तिले पूजासंकल्प पनि गर्ने चलन रहेछ कि भनेर सोच्नु स्वाभाविक भएको छ। आज पनि दुर्गोत्सव पूजा सिद्धिएपछि विजयादशमीका दिन गोरखादरवारका सबै कामदारले श्री ५ को प्रतिनिधिको रूपमा नियुक्त राजप्रतिनिधिसँग टीका जमरा थाप्ने चलन छ। आजकल प्रत्येक चैत्रदशैं तथा वडादशैंका लागि राजदरबारले राजप्रतिनिधि नियुक्त गरी गोरखादरवारमा पठाउने गर्दछ।

६ कृषिप्रधान नेपाली समाजको आफ्नै खालको सांस्कृतिक विशिष्टता रहेको हामी पाउँछौं। बहुसंख्यक नेपाली समाजको बीच प्रिय र प्रचलित दशैं पर्वले आज राष्ट्रिय पर्वको रूप धारण गरेको छ। नेपाली समाजमा मनाइने दशैंपर्वको प्रभाव आर्थिक जीवनमा र समग्र जीवनपद्धतिमा समेत परेको हामी पाउँछौं। गरीववर्गले पनि दुर्गापूजा गरी बोका, राँगा वा सुँगुर वलि दिने गरी दशैंलाई मासु खाने पर्वका रूपमा विकास गरेको देखिन्छ। यसरी वलि गरी दुष्ट शक्ति (Evil Power) का प्रति विजय प्राप्त गरेको आत्मसन्तुष्टि प्राप्त गर्दै सामाजिक सम्वन्धको पुनर्नवीकरणमा सघाउ पुऱ्याउने चाडको रूपमा दशैंको विशेष महत्त्व रहेको पाइन्छ। कृषिप्रधान नेपाली पहाडिया जीवनमा दशैंमा घरमा बलि गरिएको पशुको मासुलाई नेगको रूपमा बाँड्ने चलन रहेको छ। त्यसमध्ये पुच्छर घरको लुगा सिइदिने दमाईलाई र काँध चाहिँ कृषि औजारहरू बनाइदिने कामीलाई दिने चलन बढी प्रचलनमा छ। सोही चलनअनुरूप तत्कालीन समयमा गोरखादरवारमा राजकीय आवास हुँदा पूजा कार्यमा बलि भएको बोकाको पुच्छर दर्जी (राजाको पोषाक सिउने र हाल श्रीभवानीको पोषाक सिउने) लाई र काँध कामीलाई दिने चलन रहेको अनुमान वढी विश्वसनीय हुनसक्ने देखिन्छ। तर वर्तमानमा सोही कामअनुसार नेग दिने परम्परागत चलनमा विकृति र विचलन ल्याई व्यक्तिगत प्रभाव र अन्य असंगत कारणबाट गोरखादरबारमा वितरण भएको मनचिन्ते नेगप्रथा सांस्कृतिक र सामाजिक कारणबाट पुष्टि हुन सक्ने समान्यप्रथाको रूपमा दृष्टिगोचर हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवारी नहुन्जेल १४ दिन र चैत्राष्टमीको दिन एक गरी वर्षमा जम्मा १५ दिनसमेत श्रीगोरखनाथजीमा 'महाप्रसाद' विनाको साधारण पूजामात्र गरिन्छ ।

२.१.१.४ आश्विनशुदी द्वितीया :

गोरखादरवार दशैंघरमा श्रीभवानीको दुर्गोत्सवको दोस्रो दिन अर्थात् आश्विनशुदी द्वितीयाको दिन पनि विहानै श्रीभवानीको मूल ढोका खोलेपछि वाहिर ढोकामा दर्शन गर्ने यात्रुहरूको घुइँचो लाग्छ । उता तोकिएको कामका लागि भण्डार्नी कन्याले साविकझैं ल्याएको चोखो जलद्वारा भित्रिया सुसारे र द्वारेको सहायताले श्रीभवानीको पूजास्थल पोत्ने काम हुन्छ । विभिन्नथरि सेवा लगाउनुपर्ने मान्छेले मन्दिर अगाडि घण्टौंसम्म मालसिरी र अन्य भाकामा सेवा लगाउँछन् । फूलवारीका मोहीहरूद्वारा ल्याइएको फूल बुझ्ने काम भइसकेपछि करिब ९ बजेवाट घटस्थापनाको दिन संकल्प गरिएका र सोही दिन सरह नै गर्नुपर्ने जपपाठका लागि ब्राह्मणहरू पाठ गर्ने कोठामा प्रवेश गरी आफ्नो आफ्नो काम थाल्दछन् । करिब १० वजेवाट भित्रिया तथा भीरकोटे सुसारेहरूद्धारा दरवार खण्डको धुनी कोठामा बसी नरिवल पगरीसहित गुठीको पूजा सर्जाम ठीक पारी पञ्चैबाजा वजाउन लगाएर पूजाकोठामा भित्र्याएपछि मामुलियततर्फको पूजासामान श्रीभवानीतर्फ र योगीहरूद्वारा श्रीगोरखनाथजी र श्री भैरवतर्फ लग्ने काम हुन्छ । पूजासामान भित्रिइसकेपछि साविकवमोजिम बोर्लाङघाटका माझीद्वारा बुझाउन ल्याइएको श्रीमा भोग लगाउने माछाका झूतहरू[७] श्रीभवानीको पूजाकोठामा भित्र्याउने काम हुन्छ र त्यसपछि मूलपुरोहितलाई बोलाई पूजाकोठामा लाने काम गरिन्छ ।

यसप्रकारवाट पूजा सुरु भइसकेपछि प्रत्येक रोजरोजमा झैं यस दिन पनि पहिला पञ्चैबाजा त्यसपछि दुई नगराका साथ श्रीभवानीको पूजा भैसकेपछि साविकवमोजिम मूलढोकाको भित्रपट्टि एक कालो निखर बोकाको बलि र नगरा दिने काम हुन्छ । यहाँ प्रत्येक पटक नगरा वा पञ्चैवाजा वज्नासाथ मंगलेनीहरूद्वारा मंगल गाउने काम स्वाभाविक रूपले हुँदै जान्छ भन्ने कुरा वुझ्नुपर्दछ । श्रीभवानीको पूजाकाम सुरु भैसकेपछि साविकमा झैं गोरखनाथजीमा पनि दुई नगराको साथ पूजा हुन्छ भने भैरुङबलिको 'वलि' गर्ने काम तथा पीठ-पीठमा पूजा हुने क्रम पनि स्वाभाविक रूपलें सञ्चालित हुन्छ । उता श्रीभवानीतर्फ कुभिण्डो र बोकाको बलि भैसकेपछि तल मन्दिरको ढोकाबाहिर साविकवमोजिम मार्कण्डेय

---

[७] श्रीभवानीको दुर्गोत्सव हुँदा चढाउनुपर्ने धर्मानदीको माछा प्रतिपदाकै दिनबाट चढाउने गरी परम्परागत व्यवस्था भएको कुरा परिशिष्ट ९ मा रहेको गृहपञ्चायत मन्त्रालयको पत्रले बुझाए पनि गोरखादरबारको समस्या समाधानार्थ २०३९ सालमा गठित उच्चस्तरीय आयोगको प्रतिवेदनको पृष्ठ २० मा उक्त भोग लगाउने माछा द्वितीयाको दिनबाट मात्र ल्याउने कुरा उल्लेख भएको र वर्तमानमा पनि उक्त माछा द्वितीयाको दिनबाट मात्र ल्याई भोग लगाउन चढाउने गरेको पाइन्छ । त्यसैगरी उक्त माछा कति चढाउने भन्नेबारे मतमतान्तर रहेको पाइयो । उपर्युक्त परिशिष्ट ९ मा रहेको पत्र र उच्चस्तरीय प्रतिवेदनको पृष्ठ २० मा समेत दैनिक रोज-रोजमा दरौंदी नदीमा जाल हाली २४ झूत आलो माछा ल्याउनुपर्ने भनिएको पाइन्छ भने हाल उक्त काम गर्ने सल्यानटार गाविस ३ बस्ने काले माझी भन्नेले द्वितीयाको दिन १६ झूत, तृतीयाको दिन १७ झूत, चतुर्थीको दिन १८ झूत, पञ्चमीको दिन १९ झूत, षष्ठीको दिन २० झूत र सप्तमीका दिन ३२ झूत माछा बुझाउनुपर्ने परम्परागत व्यवस्था रहेको कुरा बताउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराण तथा चतुर्मास पुराणको यज्ञ आरम्भ हुन्छ भने माथि राजभान्सा कोठामा कन्यापूजाको काम हुन्छ। यस दिन पूजा गरिने कन्या भट्टराई थरको ब्राह्मण कन्या हुनुपर्ने र ती कन्या ३ वर्षको हुनुपर्ने परम्परागत मान्यता छ। कन्यापूजाको काम समाप्त भैसकेपछि भित्रिया सुसारे र मूलपुरोहित तल पूजाकोठामा ओर्लिई धूपदीपका साथ पञ्चैवाजा बजाउन लगाई त्यसदिनको पूजा समाप्त गर्दछन्। त्यसपछि सदाझैं पातीपर्सादी भैसकेपछि आश्विनशुदी द्वितीयाका दिनको पूजाको काम समाप्त हुन्छ। अन्य दिनहरूको तुलनामा यसदिन हुने पूजाकामको थप आकर्षण भनेको 'चन्द्रदर्शन' नै हो। ठीक वेलामा विधिपूर्वक प्रतिमा र काश्यपत्रमा पूजा गरी श्री ५ को लागि मूलपुरोहितद्वारा यस दिन चन्द्रदर्शन गर्ने काम हुन्छ। आश्विनशुदी द्वितीयाको चन्द्रदर्शनबाट आयु, आरोग्य, सुखसुमृद्धि वढ्छ भन्ने लोकविश्वासको सन्दर्भमा यस परम्परालाई समन्वित गरी हेर्नु उपयुक्त हुन्छ। साँझमा सन्जे लगाएको बेला पञ्चैबाजा वजाइसकेपछि यस दिनवाट पञ्चैवाजाका नगर्चीहरू मूलपुरोहितको आवासमा गई पञ्चैबाजा वजाई "सेवा" लगाउनुपर्ने प्रचलन छ।

२.१.१.५ आश्विनशुदी तृतीया :

आश्विनशुदी पक्षका नवरात्रको ९ दिनका लागि सप्तमीको दिनसम्म हुने प्रत्येक रोजरोजको काममा धेरैजसो समानता पाइन्छ। यसमा खासगरी सुरुका दिनहरूमा भएको पूजाकामको अतिरिक्त प्रत्येक दिनमा शुक्लपक्षमा चाँदनीको आकारमा विकास भएझैं प्रत्येक दिनका कन्याहरू ठूलो-ठूलो चाहिने (Gradual Upgrading), श्रीभवानीको प्रतीकमा पहिन्याउने र चढाउने सामग्री थप्दै लगी भव्यताको लक्ष्य गर्ने जस्ता दुई एक विशेषताहरू दृष्टिगोचर हुन्छ।

प्रस्तुत विशेषतामा प्रतिविम्बित भएझैं प्रस्तुत आश्विनशुदी तृतीयाका दिनको गोरखादरवार दशैंघरको दुर्गोत्सव पूजाको अवसरमा प्रत्येक रोजरोजमा झैं बिहानै सेवा लगाउने, लिपपोत गर्ने, पूजासामग्री भित्र्याउने र पाठपूजाको काम सुरु भइसकेपछि श्रीगोरखनाथजी, भैरव तथा अन्य पीठहरूमा पूजाको काम चालू हुन्छ। यस दिन पूजाकाम सुरु भइसकेपछि श्रीभवानीको निकटस्थ दशैंघर पूजामा प्रयोग गर्नुपर्ने भाँडाकुँडा र श्रीभवानीलाई पहिन्याउने गरगहना रुजू गर्दै माझ्ने तथा सफा गर्ने प्रयोजनका लागि यस दिन ठूला भाँडाकुँडाहरू वाटा, झारी, तिलानी र अन्य सुनचाँदीका गहना माझी भित्र पूजाकोठामा लगिन्छ।

यसरी गहनाहरू रुजू गर्ने तथा सफा गर्ने काम गोरखादरवार पटाङ्गिनीमा वसेर गर्दछन्। यस कामका लागि गोरखादरवार हेरचाह कार्यालयका एक कर्मचारीले गहना लगतमा भिडाइ रुजू गर्दछन् र यसै कार्यालयका बाँडाले उक्त भाँडाकुँडा र गरगहनाहरू माझ्ने काम गर्दछन्। तृतीयाको दिन ठूला र मोटा भाँडाकुँडाहरू माझ्ने, चतुर्थीको दिन चाँदीको गहना र पञ्चमीको दिन मूल्यवान् सुनका गहनाहरू, आशा, गुर्जा, छत्र, चमर, दीप, कलश, सोठाहरू माझ्ने, सफा गर्ने चलन रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यता गहना भाँडा माझेर पूजाकोठामा भित्र्याउने काम चालू रहेको हुन्छ भने उता श्रीभवानीको पूजाकोठामा १ पञ्चैवाजा, २ नगरासहित पूजाकाम सिद्धिएपछि यथास्थानमा १ बोकाका वलिको काम पनि साविकबमोजिम पूरा हुन्छ। बलिपछि यस दिनको लागि तोकिएकी ४ वर्षकी खनाल थरकी ब्राह्मणीकन्याको पूजा गरिसकेपछि पूजाकोठामा धूपदीप र बाहिर पञ्चैवाजाकासाथ पूजा समाप्ति गरिन्छ।

दशैंघर श्रीभवानीको दुर्गोत्सवको लागि प्रत्येक रोजरोजमा पूजा हुँदा श्रीभवानीमा अर्पण गरिने दैनिक पूजासामानबाहेक प्रत्येक दिन श्रीको आभूषण र अलङ्कार थप्दै लाने गरी पूजा हुने प्रचलन यहाँको सन्दर्भमा महत्त्वपूर्ण र विशिष्ट प्रतीत हुन्छ। यसका लागि माथि नै भनेझैं प्रतिपदाको दिन श्रीभवानीमा प्रतिमा र द्वितीयाको दिन काँस्यपात्र चढाइन्छ। तृतीयाको दिन गोलाकार चाँपको पिर्का, चतुर्थीको दिन कुमकुम धूप र कस्तूरा (मृगकस्तूरीको शारीरिक अवयव), पञ्चमीका दिन श्रीखण्ड, रक्तचन्दन र मधुपर्क, षष्ठीको दिन सफेद श्वेत साडी र सप्तमीका दिन लालसाडी (रातो साडी) चढाउनुपर्ने स्थिति बाँधिएको पाइन्छ। लोकले जीवित र अलौकिक देवीका रूपमा यी देवीलाई मानेको र लोकविश्वासमा यी देवीको पूजा गर्दा नङ काटिदिनुपर्ने, कपाल कोरिवाटी गरिदिनुपर्ने, विभिन्न आभूषण र वस्त्रहरू फेराइदिनुपर्ने आदि प्रचलन रहेको पाइन्छ। उक्त विश्वासका सन्दर्भमा प्रस्तुत आभूषणका सामग्रीका विषयलाई हेर्नु उपयुक्त हुन्छ। यति मात्र होइन नवरात्रभरमा देवीलाई चोला, साडी, पटुका, पछ्यौरा आदि समेत चढाउनुपर्ने चलन रहेको छ।

२.१.१.६ आश्विनशुदी चतुर्थी :

आश्विनशुदी चतुर्थीको दिन पनि गोरखादरबार दशैंघर श्रीभवानीको नवरात्रका प्रत्येक रोजमा हुने पूजाकाम साबिकबमोजिम नै चालू हुन्छ। पाठपूजा, नगरा आदि सदाझैं यस दिन पनि समान हुन्छ। श्रीभवानीमा चढाइने रोजरोजको विशेष सामानमध्ये यस दिन कुमकुम, धूप र कस्तूरा चढाइन्छ भने कन्याको हकमा यस दिन पाँच वर्षकी पाण्डे थरकी ब्राह्मणी कन्यालाई पूजा गर्ने चलन रहेको छ। यसरी साबिकबमोजिम नै अन्य सबै पूजाकाम हुने हुँदा यस दिनमा हुने पूजाकामको विवरण यस अघि नै रोजरोजमा हुने कामको वर्णन गर्दा बताएबमोजिम हुने कुरा स्वतः सिद्ध छ।

२.१.१.७ आश्विनशुदी पञ्चमी :

माथि नै बताएझैं गोरखादरवार दशैंघरमा श्रीभवानीको पूजा हुँदा श्रीगोरखनाथजीमा सबै रोजहरूमा विहान २ नगराको कोरा पूजा र साँझमा १ नगरा र 'सन्जे' जगाउने काम हुने गरी पूजाकाममा विल्कुल एकरूपता भए पनि यता श्रीभवानीतर्फ क्रमिक विकास हुँदै जाने पूजाविधि र परम्परा हाम्रो सामु टड्कारो देखिन्छ। प्रस्तुत पञ्चमीका दिन पनि श्रीभवानीतर्फ हुने पाठ, पूजा तथा बज्ने नगराका आवृत्तिहरूमा समेत समानता पाइन्छ। यस दिन अन्य कुराको अतिरिक्त श्रीभवानीमा विशेष रूपमा श्रीखण्ड, रक्तचन्दन र मधुपर्क चढाइन्छ।[८] यसै

[८] प्रत्येक रोज-रोजमा श्रीभवानीमा चढाइने अतिरिक्त सामानहरूको कुनै क्रमका बारे सम्बन्धित क्षेत्रका मानिसमा ज्ञान नभएको पाइयो। त्यसमध्ये पूजासामान उपलब्ध गराउने भण्डारको लगतमा काँसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनमा श्रीभवानीलाई निकटस्थ दशैंघर पूजा हुँदा अलङ्कृत गरिने वहुमूल्य सुनका गहनाहरू र बाँकी भाँडाकुँडा र गहनाहरूरुजू गरी उजिल्याउने काम गरी पूजाकोठामा लगिन्छ । (चित्र नं. १३, १४, १५, १६) ।

यस दिन भित्र पूजाकोठामा पूजाकाम सकेर बलि गर्नुपूर्व आलमको कपडा सिउन र श्रीभवानीको पोशाक सिउन दिनुपर्ने चलन छ ।[९] श्रीभवानीको मन्दिरअगाडि अग्लो बाँसमा ठड्याइएको रातोसेतो कपडा मिलाई राखिएको दुईवटा ध्वज (आलम) महाष्टमीका दिन फेर्नलाई प्रत्येकको ११ मिटरका दरले दुई थान राम्रो कपडा काट्ने र सिउने काम आलमे दमाईले गर्दछ । त्यसैगरी श्रीभवानीको पोशाक फेर्नका लागि यसैदिन भित्री राखेको चोली तथा लहङ्गा सिउने काम गोरखादरवारको दर्जीले गर्दछ । आफूलाई शाही आवास गोरखादरवार छँदादेखि नै राजपरिवारको लुगा सिउँदै आएको शाहीदर्जीको सन्तान मान्ने हालका दर्जीको गोरखादरबारमा पूर्णवैतनिक हैसियत छ भने त्यस्तै हैसियत आलमेको पनि छ । आश्विनशुदी पञ्चमीका दिन सिउनुपर्ने आलम र माईको पोशाक सिउन शुद्ध, पवित्र भई हविष्य वसी विधिपूर्वक सो काम गर्नुपर्ने स्थिति रहेको कुरा यिनीहरू बताउँछन् ।[१०]

पञ्चमीको दिन हुने उपर्युक्त विशेष कामबाहेक अन्य रोजरोजका सबै काम सकी पातीपर्सा.ी भैसकेपछि मन्दिरअगाडिको पटाङ्गिनीमा कालरात्रि तथा भद्रकालीका दुई ठूला निखरा बोकाहरू पर्सने र गुठका निखरा २ वटा काला बोका पर्सने काम गरी यस दिनको पूजाकाम समाप्त हुन्छ ।

थाल र प्रतिमा द्वितीयाको दिन, तृतीयाको दिन मधुपर्क, चतुर्थीको दिन श्रीखण्ड, सिन्दूर, अबीर, कुमकुम आदि लेखेको पाइयो भने २०५२ साल वडादशैंमा पूजा गर्ने मूलपुरोहित (राजदरवारबाट आउने) ले समेत उक्त सामान चढाउने क्रम भए नभएको र त्यसको शास्त्रीय आधार बारे अनभिज्ञता प्रकट गरेकाले उक्त सामान कुनकुन दिन कुन सामान चढाउने भन्नेवारे भित्रिया सुसारे बोहोराको अभिमतलाई यहाँ प्रकट गरिएको छ । यससम्वन्धी शास्त्रीय व्याख्या अन्तिम भागमा गरिएको छ ।

९ गोरखादरवार श्रीभवानीप्रति प्रीति गरी राजपरिवार तथा अन्य सर्वसाधारण जनताले चढाएका समानहरूको लगत अद्यावधिक गर्ने काम हालै सकिएको छ । श्री ५ पृथ्वीनारायण शाह र सोभन्दा पछिका राजाहरूद्वारा चढाइएका कुनै न कुनै सामग्री गोरखादरबारका उक्त भाँडाकुँडा र गरगहनाहरूमा भेटिन्छ । यसमा विशेष गरी श्री ५ रणवहादुर शाह, श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाह तथा महारानी सोमप्रभादेवी, महारानी ललितत्रिपुरासुन्दरी देवीहरूले चढाएका धेरै सामान देखिन्छन् । राजपरिवारले ती सामान चढाउँदा तत्कालीन कर्पदार, खजान्ची, काजी आदि मार्फत गरी चढाएको देखिन्छ भने पछिल्लो समयका सामानहरू पुरोहित तथा कलस्यौली मार्फत् गरी चढाएको पाइन्छ । गोरखादरवार श्रीभवानीको भण्डारमा रहेका यी बहुमूल्य सामानहरूमध्ये धेरैजसोमा रहेको अभिलेखमा 'यो ....गोर्षा दरबार दशैंको .... हो । कसैले लोभानी पापानी गरे पंचमहापातक होला' भन्ने खालका वाक्यहरू कुँदिएका छन् । गोरखादरवार श्रीभवानीमा रहेका तत्कालीन समयका प्रचलित आकार र बुट्टाका गरगहनाहरूमध्ये चाँदीका खकालेमाला, चाँदीका सुकीमाला, चाँदीका मोहरमाला, चाँदीका मुण्डमाला, कम्पनीमाला (भारतीय चाँदीका सिक्काका माला), चाँदीका तुलसीपत्रमाला, चाँदीका आरती, खोरी, खड्ग, मुकुटहरू, आशा, गुर्चा, सोंठा मुख्य छन् भने सुनका किकिंपाहरू, तरीवलहरू (अष्टजल), चम्पाकलीमाला, मुगाको हैकलमाला, वनमाला, कर्णफूलहरू मुख्य छन् ।

१० आलमको कपडा सिउँदा सोको किनारमा भ्यागुता, सर्प, खजुरो आदिको आकृतिमा कपडाका टुक्रा काटी किनारमा टाँस्ने चलन पहिला पहिला रहेको र त्यसैका कारणले यसअघि आलम सिउने धेरै आलमेहरू अल्पायुमा मरेका हुन् भन्ने विश्वासका कारण आजकल त्यस्तो गर्ने चलन नभएको कुरा उक्त काम गर्ने व्यक्तिहरू बताउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. १३, १४, १५, १६

Gorkha - Dasai - Panchami (5th day) Cleaning the The Ritual Instruments, which are being used on phulpati and Astami/Navami.

माथिका चित्रहरूमा आश्विनशुदी पञ्चमीका दिन गोरखादरबार श्रीभवानीको पूजाकोठाबाट पूजाकामभा प्रयोग हुने सामानहरू सुसारेहरूले बाहिर ल्याउँदैछन् र बाँडाले उक्त पूजासामान माझी सफा गरी सुकाउने काम गर्दैछन्। चित्रहरूमा 'आशा', 'गुर्जा', 'सोठा', 'चमर', 'दीप', 'कलश' आदि सामानहरू देखिएको छ। (साभार - निल्स गुत्सो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.१.८ आश्विनशुदी षष्ठी :

आश्विनशुदी षष्ठीका दिन पनि गोरखादरबार दशैंघरको विधिवत् पूजाको कार्य साबिकबमोजिम सुरु भए तापनि यस दिनको आफ्नो छुट्टै र थप विशेषता रहेको पनि देखिन्छ। यस षष्ठीको दिन र त्यसको भोलिपल्ट अर्थात् सप्तमी (फूलपाती) को दिनलाई गोरखादरबार दशैंघर पूजाको सन्दर्भमा 'रोज खापिने' दिन भनिन्छ।[११] यस दिन साबिकमा चढाइने सामानहरू दोब्बर गरी चढाउने चलन भएकाले सोहीअनुरूपका सामानहरू भित्र्याई साबिकअनुसार पूजाकार्य सम्पन्न गरिन्छ। यस दिन ७ र ८ वर्षका पाँडे र पन्थ थरका ब्राह्मणी कन्याहरूलाई २ रोजका लागि भनेर पूजा गरिन्छ भने श्रीभवानीतर्फ र भैरुङ बलिको समेत साबिक १,१ वटाको सट्टा २, २ वटा निखर कालो बोकाको बलि दिइन्छ।

प्रस्तुत दिन हुने विधिवत् पूजाकाम सिद्धिएपछि मूलपुरोहित तथा मंगलेनीहरूलाई गोरखादरबारले फलाहार दिने चलन छ। भोलिपल्ट हुनगइरहेको फूलपातीको कामको तयारी पनि यसैवाट सुरु हुन्छ। त्यसका लागि यसैदिन साँझ ऐतिहासिक पिपले भन्ने ठाउँमा बिल्वनिमन्त्रणाको कार्य सम्पन्न हुन्छ। उक्त कार्यको लागि बिल्वनिमन्त्रणा निमित्त ३ मांना ५ मुठी अनि असौंपूजा र बेलपत्र पूजाको लागि ४, ४ माना चामलको अक्षता, पूजासामानहरू आदि लिएर साँझ परेपछि दरबारका भीरकोटे सुसारेहरू पिपलेमा आइपुग्छन्।

उक्त ठाउँमा सर्वप्रथम घेरा लगाई भुस छरेर दुष्ट शक्तिलाई प्रतिबन्धित गरेपछि तीनवटा ढुङ्गालाई चुला बनाई त्यसमाथि अष्टदलको रेखी हालेर त्यहाँ महाकाली, महालक्ष्मी र महासरस्वतीको बोधन पूजा गरी १ भेंडा तथा १ बोकाको बलि (चित्र नं. १७) दिई बिल्वनिमन्त्रण गर्ने चलन छ। प्रस्तुत कार्यको शास्त्रीयव्याख्या पछिल्ला अध्यायमा गरिएको छ।

यसप्रकारवाट बिल्वनिमन्त्रणाको पूजाकामको लागि गोरखादरबारबाट आएका पुरोहित उक्त काम सकेपछि फर्कन्छन् भने भीरकोटे सुसारेहरू र डोली बोक्ने बस्नेतहरू समेत मिली उपर्युक्तबमोजिम बलि गरिएका भेंडा, बोकाको मासु तथा गोरखादरबारबाट दिइएको३पाथी रक्सी र चिउराको भोज खाई भोलिपल्ट हुने फूलपातीका लागि आवश्यक वन्य उत्पादन खोज्न वनतर्फ लाग्ने गर्दछन्।

हनुमानढोका दशैंघरमा पनि उक्त नवपत्रिकाको निमित्त बिल्वनिमन्त्रण गर्न ३ जना मगरसहित ६ जना सुसारेले जीवनपुरमा गई १ बोका र १ भेंडा बलि दिई बिल्वनिमन्त्रणा गर्ने चलन रहेको छ। यसप्रकारबाट बिल्वनिमन्त्रणा गरी नवपत्रिका भित्र्याइने अवसरमा हनुमानढोका दशैंघरमा द्रोणपुष्प, जयन्ती, असौंपात, दाडिमको पात, नावोधान, सामा, बेलपत्र,

---

[११] गोरखादरबारमा दुर्गोत्सवको ९ दिन नवरात्रमा हुने पूजामध्ये अष्टमी र नवमीको गरी दुई दिनको लागि षष्ठी र सप्तमीका दिनमा नै ती दिनका लागि तोकिएको पूजा सामग्रीसमेत चढाई सोहीअनुरूप पाठपूजासमेत खप्टचाएर गर्ने चलन छ। फूलपातीको दिन नवपत्रिका भित्रिएपछि सुरु हुन गइरहेको महाष्टमी र महानवमीको विशेष बलि प्रधान राजसी पूजाकार्य गर्दा काम नअलमलियोस् र पूजा अपूर्ण हुन नजाओस् भन्नाको लागि साबिक रोजका दुई दिनमा नै अष्टमी र नवमीका लागि समेत पाठपूजा गरिसकिएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोरवेल, केरा र साथमा मानेपिँडालु, उखु, अदुवा, हलेदो आदि पनि भित्र्याउने चलन छ । यस्तै प्रकारका सामान गोरखादरवार दशैंघरको नवपत्रिका प्रवेशको अवसरमा भित्र्याउने चलन छ । उक्त सामग्रीवारे एउटा पुरानो दुर्गोत्सवको पुस्तकमा 'कदली, दाडिमी, धान्य पुट्य, हरिश, मान, कचु, विल्व, अशोक, जयन्ती' भनी उल्लेख गरेको पाइएको छ ।

चित्र नं. १७

आश्विनशुदी षष्ठीका दिन पिपलेमा बिल्वनिमन्त्रणा पूजाका अवसरमा गरिएको भेंडो बलिको दृश्य ।

२.१.१.९ आश्विनशुदी सप्तमी :

हिन्दू मतअन्तर्गत शाक्त सम्प्रदायका मानिसहरूले विशेष विधिपूर्वक दुर्गोत्सव पूजा गर्दछन् र त्यसमध्ये आश्विनशुदी सप्तमी तिथिमा गरिने विशेष नवपत्रिका प्रवेशको कार्य विशिष्ट महत्त्व राख्ने वाला छ ।

गोरखादरवार श्रीभवानीको प्रस्तुत दिन साविक रोज-रोजमा गरेकै विधिपूर्वक पूजाकार्य सुरु हुन्छ र विहान ९ वजेतिर अजङ्गको मातेको सतार राँगो ल्याएर ढोकामा वाजागाजासाथ पर्सिएपछि पटाङ्गिनीको ठूलो मौलामा वाँधिन्छ। यसरी सतार ल्याएको अवस्थामा गोरखादरबारको वाहिरी ढोकासम्म सुसारेहरूले भित्रीवाजा वजाउँदै जान्छन् र साथमा गएका पुरोहितले ढोकामै सतार राँगोलाई अवीर, सिन्दूर, अक्षता, फूल, वस्त्र पहिऱ्याएर पूजा गर्ने काम सकेपछि सतारलाई मौलामा ल्याएर वाँधिन्छ । यसरी सतार पर्सने काम सकेपछि यस दिन रोज खापिने भएकाले सोहीअनुसार अघिल्लो दिनसरह सवै पूजासामान र विधिपूर्वक (पूजाको काम हुन्छ र) रोज-रोजको कामअन्तर्गत अन्तिम २ दिनको लागि सप्तमीका दिन गर्ने सम्पूर्ण कार्य सकिएपछि यसै दिनवाट मार्कण्डेय पुराण भन्ने कार्य पनि सकिन्छ । माथि नै वताएझैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस दिन कडरिया र लोहनी थरका ब्राह्मणी कन्यालाई खुवाउनुपर्ने परम्परागत थितिरीति भए पनि आजकल उपलब्ध अन्य ब्राह्मणी कन्यालाई पूजा गर्ने गरेको पाइन्छ । यसप्रकार रोज खापिने दिन हुने श्रीभवानी र श्रीभैरुङ्वलिको समेत २, २ वटा वोकाको बलि र सम्वद्ध सवै पीठहरूमा समेत तोकिएको पूजाकाम सकिएपछि गोरखादरवार दशैंघरका लागि परम्परागत रूपमा सम्पन्न गर्नुपर्ने रोजरोजको काम समाप्त हुन्छ ।

यसरी सप्तमीका दिन करीब ३ बजेतिर रोजरोजको पूजाकाम सकिएपछि, खास अर्थमा गोरखादरबार दशैंको सांस्कृतिक झाँकी प्रस्तुत हुन थाल्छ । यसरी सप्तमीका दिन ३ बजेपछि रोजको काम सकेर सोही दिन साँझ भित्र्याउनुपर्ने फूलपाती लिन जानको लागि तयारी सुरु हुन्छ ।

फूलपाती :

गोरखादरबार दशैंघर पूजाको मुख्य आकर्षण स्वरूप रहेको प्रस्तुत फूलपातीको कार्यपछि महाष्टमी, महानवमी र विजयादशमीको दिनसम्म रातदिन लगाएर सम्पन्न गर्नुपर्ने विशेष पूजाकामको थालनी हुन्छ ।

आश्विनशुदी सप्तमीका दिन रोजरोजको काम सकिएपछि दरबारको बानियाँद्वारा बुझाउन ल्याएको ४ मुरी खड्गपूजाको[१२] चामल श्रीभवानीको ढोकामा भरी भित्र पूजाकोठामा लगिन्छ । त्यसपछि गोरखादरबारका पुरोहित तथा श्रीभवानीको पूजा गर्ने मूलपुरोहित एवं कलस्यौंली, मंगलेनी जम्मा भई गोरखादरबारको भण्डारकक्षमा पूर्णकलशको सिंगारपटार एवं पूजा गर्ने कार्य सुरु गर्दछन् ।

सल्यानी भार बोलाउने :

सिंगार्ने काम सुरु भएपछि गोरखादरबारका कटुवालले सगुन बोक्न आएको सगुने कुमाललाई वोलाएर भण्डारकक्षमा लैजान्छन् भने हनुमानढोका (गोरखा) मा आएर बोलाहटको प्रतीक्षामा बसेका सल्यानी भार ल्याउने मान्छेलाई पनि बोलाउँछन् । यसरी सल्यानटारदेखि ल्याउने भार २४ जनाले बोकेर ल्याउँछन् र त्यसमा १२ जना दराई जातका मानिसले २४ घरी केरा र १२ जना कुमाल जातिका मानिसले ४८ वटा गाग्रा ल्याउनुपर्ने स्थिति बाँधिएको छ (चित्र नं. १८) । त्यसैगरी यसै दिनका लागि चाहिने बुङ्कोटघाटको माछाको भार, लामगराको गाग्राको भार, सातथर कुन्दुरको भार यसअघि नै प्राप्त गरिसकिएको हुन्छ र

---

१२ गोरखादरबार दशैंघर श्रीभवानीको दुर्गोत्सवमा खड्गपूजा कार्यको लागि ४ मुरी साली धान बुझाउन कोखे गा.वि.स. को जग्गा गुठी राखेको पाइन्छ । दशैंको फूलपातीका दिन दशैंघरमा हुने पूजामा खड्गपूजाको विशेष महत्त्व छ । यसदिन तनहुँ वन्दिपरका खड्गदेवी मन्दिरमा रहेको मुकुन्दसेन (चक्रवर्ती) को खड्गको पूजा तथा जात्रा गरिने र दोबाटोमा भेडाको बलि गरी परम्परागत रूपमा त्यसलाई खोस्न गरिने सांस्कृतिक मल्लयुद्ध निकै रोमाञ्चकारी हुने गर्दछ । यस युद्धलाई तत्कालीन समयको रामकोटे र झप्रीफाँटे जनताको राजनीतिक स्वार्थको अर्थमा त्यहाँको परम्परागत पर्वमा प्रतिविम्बीत भए झैं लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबारे थप कुराहरूको सम्वन्धमा संलग्न परिशिष्ट (९) र परिच्छेद ३.४ मा समेत विस्तृत व्याख्या गरिएको छ ।

चित्र नं. १८

बडादशैंको फूलपातीको दिन सल्यानटारका कुमाल तथा दरै जातिका मानिसहरू परम्परागत प्रचलन अनुसार गोरखादरबारमा ल्याई बुझाउनुपर्ने गाग्रा तथा केराको भार ल्याएर गोरखादरबार पटाङ्गिनीमा बुझाउन लाग्दैछन् ।

माथि बताएझैं विशेष महत्त्वपूर्ण सल्यानटारको भार ल्याउने मानिसहरूसँग भार वुझिसकेपछि सो भार ल्याउनेमध्ये केराको भार ल्याउने दराई जातिका मानिसलाई उनीहरूसँग भार ल्य।उने कुमालहरूले ल्याएका गाग्रामा गोरखादरवार नजिकैको हिटी (कुवा) मा गई चोखो पानी भरेर ल्याउन लगाइन्छ (चित्र नं. १९) । उनीहरूले पानी भरेर ल्याएका ४ वटा गाग्राहरू पछि फूलपाती भित्र्याउने 'पूर्णघडा पूजा' भन्ने कामका लागि प्रयोग गरिन्छ । यता यसरी तोकिएका सबै भार, सगुन र सो दिन ल्याउनुपर्ने ठेक वुझिसकेपछि गोरखादरवारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भण्डारबाट सो काम गर्ने मानिसहरूलाई तोकिएको सिदा (चामल), नगद दस्तुर र साथमा गाग्रा ल्याउने कुमालहरूलाई चक्रपूजा (माटोको भाँडा बनाउने साधन यन्त्र) को लागि पूजासामान दिइन्छ भने भण्डारकक्षमा विधिपूर्वक पूर्णकलशको पूजा गर्ने कार्य भइरहेको हुन्छ। कुमाल र दराई जातिलाई विशेष रूपले मङ्गलकार्यको वाहक र सगुने जातको रूपमा चिन्ने चलन छ।

चित्र नं. १९

सल्यानटारबाट भार बुझाउन ल्याउने दरैहरू बडादशैंको फूलपातीका दिन साइतको पूर्णकलश भर्ने शुद्धजल बोकेर गोरखा दरबार तर्फ लाग्दैछन्।

पूर्णकलश सिँगार्ने :

फूलपाती लिन जानका लागि भण्डारकक्षमा पूर्णकलश सिंगार्ने क्रमसँगै श्रीभवानीको विशेष पूजाको कार्य पूजाकोठामा पनि भइरहेको हुन्छ। यस क्रममा सर्वप्रथम भण्डारकोठामा पुरोहितहरूद्वारा स्वस्तिवाचन पाठ र मंगलेनीहरूको मंगलगायनको करतल ध्वनिसँगै साइतको वढाइँ दिन अह्राइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी २ नाल बढाइँ (बन्दुक पड्काएको) सुनेपछि नगर्चीहरूले नगराहरू बजाउँछन्। गोरखादरबार दशैंघर पूजाको विशिष्ट कार्यहरूमा यसै अवसरदेखि बढाइँ गर्न थालेपछि पूर्णिमाको दिन विहानसम्म निरन्तर र बारम्बार बढाइँ दिने काम परिरहन्छ। दशैंका अवसरमा बढाइँ गर्नेवित्तिकै नगरा बज्ने काम स्वाभाविक रूपले हुने कुरा गोरखादरबारको दशैंघरको वर्णनका क्रममा बुझ्नुपर्दछ।

माथि बताएझैं कलश सिंगार्ने क्रममा दिइएको पहिलो बढाइँको साइत श्री ५ ले पूर्णकलशको दर्शन गर्ने साइत हो। यस अवसरमा उक्त कलशमा पूर्वमुख भएर भण्डार्नी कन्याहरूले जल खन्याउँछन् र सो अवसरमा श्री ५ को तर्फबाट राजप्रतिनिधि र हाकिमले रुपियाँ राखी पूर्णकलशको दर्शन गर्दछन्। पूर्णकलशको दर्शनको काम सकेपछि कलशमा चामल, दाल, रोटी, जनै, सुपारीको सगुन चढाउनुका साथै रक्तचन्दन, केशरीले कलश सिंगारी दूबो, वेलपत्र र जातजातका फूलका माला तथा धजाहरूले कलश सिंगार्ने र पूजा गर्ने काम सुरु हुन्छ। यसरी पूर्णकलश सिंगार्दा जरासमेतको गुनकेशरीको विरुवा अनिवार्य रूपले चाहिने मानिन्छ। यसप्रकार पूर्णकलश सिंगार्दा दिइएको नगरा थामिइसकेपछि उता पूजाकोठामा भित्रिया सुसारेहरूद्वारा शंख, घण्टा बजाई श्रीभवानीको विशेष अनुष्ठान गरिन्छ। यस्तो शंख, घण्टा पूजाकोठामा बजेको सुनेपछि भीरकोटे सुसारेले बढाइँ दिन र नगरा बजाउन अह्राउँछन्। यसक्रममा बढाइँ भैसकेपछि नौनिसान जंगीनिसान र डोलीसहितको हवालाको सामान बोक्ने समूह फूलपाती लिन जाने ठाउँतर्फ प्रस्थान गर्दछन् (चित्र नं. २०)।



चित्र नं. २०

बडादशैंको फूलपातीको दिन फूलपाती लिन जाने क्रममा पूर्ण कलश सिंगार्न शुरू भएपछिको साइतमा चँवर, सोठा, निशान सहितको हावालाको सामान लिएर डोली बोक्ने र सुसारेहरू दरबारबाट प्रस्थान गर्दैछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार हवाला प्रस्थान गर्ने बेला दिइएको नगरा वज्न छाड्दा उता ती मानिसहरू तल्लाकोटमुनिको फूलपाती सिंगार्ने चौतारामा पुगिसक्छन् भने यता उक्त नगरा थामिएपछि भित्रिया सुसारे सारूले पूजाकोठावाट ऐना लिएर गई कलस्यौली नानीलाई आफ्नो अनुहार हेर्न लगाउँछन् । यस विधिको विशिष्ट अर्थ रहेको हामीलाई अनुभव हुन्छ । श्रीभवानीको प्रतीक पूर्णकलश वोक्न राजकीय ढाँचामा सिंगारिएकी कलस्यौली नानीले ऐनामा आफ्नो प्रत्यक्ष विम्वमा श्रीभवानीको प्रतिविम्व दर्शन गर्ने विश्वासका साथ उक्त प्रचलन चलाइएको वुझिन्छ । यसरी ऐनामा भवानी स्वरूपको दर्शन गरेपछि कलस्यौलीले रुपियाँ राखी ढोग्नु पर्छ । यति काम गरिसकेपछि कालो उखुको ढाँकमा माछा, दहीको ठेकी, केरा र साग झुण्डयाएर सगुने कुमाललाई वोक्न दिइन्छ भने कलशलाई छाता ओढाउनका लागि छातेलाई छाता दिइन्छ र तिनको अघिअघि दीपे (मैनवत्ती र पानस वाल्ने) लाई हिँड्न लगाई कलश उठाउने वढाइँ दिन र नगरा दिन अह्राइन्छ र यसको साथमा कलशको प्रस्थान गराइन्छ (चित्र नं २१) । विशेष आकर्षक पाटको लहंगा र चोलोको पहिरनमा सजिएका कलस्यौली, मंगलेनी र हातमा फूलअक्षताका टपरी लिएका पुरोहितहरूसँगै गोरखादरवारका राजप्रतिनिधि, हाकिम, कटुवाल, सुरक्षाकर्मीहरू र अन्य असंख्य जिल्लाका प्रतिष्ठित व्यक्तिहरू सम्मिलित प्रोशेसन गोरखादरवारवाट प्रस्थान गरी नगरा र वढाइँको साथ विजयोत्सव गरेझैं फूलपाती लिन प्रस्थान गर्दछन् (चित्र नं. २२) ।



चित्र नं. २१
गोरखादरबारबाट फूलपाती लिन प्रस्थान गरेको दृश्य । प्रोशेसनको अगाडि उखुको ढाँक, साग र दहीको ठेका बोकेको सगुने तथा चिराग बोक्ने मानिस देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. २२

बडादशैंको फूलपातीको दिन गोरखादरबारबाट फूलपाती लिन जाने प्रोशेसनको दृश्य। यसमा अघिअघि बाजा बजाउनेहरू र भार एवं सगुन बोक्नेहरू छन् र तिनीहरूभन्दापछि विशेष पोशाकमा सिंगारिएका ३ जना कलस्यौली, मंगलेनी र सिंगारिएको कलश बोक्ने कलशे छन्। पूर्णकलशलाई ठूलो भल्लरछाता ओढाइएको छ। सो कलशभन्दापछाडि भजनकीर्तन गर्ने र पुरोहितहरू हिँडेका देखिन्छन्।

हनुमानढोकावाट फूलपाती लिन जमल गएझैं गोरखादरवारवाट फूलपाती लिन तल्लाकोटमुन्तिरसम्म जाने चलन छ। फूलपाती लिन जाने क्रममा डाँडाको उत्तरतर्फ फर्किएको वाटोको एक खण्डभर वाजागाजा वजाउन नहुने चलन छ जसवारे अन्य प्रसङ्गमा विस्तृत रूपले वताइने छ। यसप्रकारवाट फूलपाती लिन गएको प्रोशेसन फूलपाती पर्सने ठाउँमा पगेर अडिन्छ। त्यस अवसरमा त्यहाँ पर्सने ठाउँमा सिंढीहरू गोवरमाटोले पोत्ने काम हुन्छ। फूलपाती लिन गएको प्रक्रिया हेर्न र श्रीभवानीको फूलपातीको दर्शन गर्न आउने अत्यन्तै ठूलो जनसमूहले यो ठाउँ भरिभराउ हुन्छ। विशिष्ट व्यक्तिहरूले फूलपाती पर्सिएको हेर्नका लागि यस ठाउँमा उहिल्यै पाटी रहेको भए तापनि हाल उक्त पाटी भग्नावशेषमा परिणत भएको छ।

फूलपाती पर्सने :

फूलपाती पर्सने प्रोशेसन आइपुगेपछि फूलपाती सिंगार्ने चौतारावाट फूलपातीको डोली र नौंनिशानहरू पर्सने ठाउँमा आउँछन्। यसअघि नै भार, सगुन, पूर्णकलश र गाना वजानाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथ गोरखादरवारवाट फूलपातीको डोलीलाई पर्सिएर ल्याउन गएको पुरोहित, कलस्यौली, मंगलेनी आदिको समूह पर्सने ठाउँमा पुगेर सिंगारिएका निशान, हवाला र नवपत्रिकाको डोली ल्याउनेहरूलाई पर्खेर बस्दछन् (चित्र नं. २३)। दरवारवाट आएका नौनिशान र डोलीसहितको हवालाको सामान उपर्युक्त चौतारामा पुगी अघिल्लो दिन विल्वनिमन्त्रणाको भोज खाएपछि नवपत्रिका खोज्न हिँडेका सुसारेहरूले ल्याएका सामानहरू डोलीमा राखी सिंगारिएका नौनिशान र जंगी निशानको सुरक्षामा पर्सने ठाउँतर्फ आएका हुन्छन्। पर्सने ठाउँमा आएपछि वीचमा डोली र दुईतर्फ लाइनमा निशानहरू उभिएपछि रु. १।- भेटी र नरिवल पगरी राखी श्री ५ को तर्फवाट मूलपुरोहितले श्रीभवानीको डोलीको दर्शन गर्दछन् र फूलपाती छर्दै पुरोहितहरूले स्वस्तिवाचनका साथ ३ पटक डोलीको प्रदक्षिणा गर्दछन् (चित्र नं. २४)। यसप्रकार डोलीको दर्शन गर्दा नगरा र वढाइँ दिएपछि मंगल गाउने काम पनि चालू हुन्छ। यसप्रकारवाट फूलपाती पर्सने काम सिद्धिएपछि निशानहरू, डोली र पूर्णकलश वोक्नेहरूसहितको लावालस्कर दरवारतर्फ फर्कन्छन्। यस अवसरमा अन्य स्थानीय भजनमण्डल, सेवा लगाउनेहरू, अस्तु गाउने गाइनेहरू र अन्य भक्तजनहरू पनि भक्तिभावमा डुब्दै डोलीसँगै दरवार पुग्दछन्।

चित्र नं. २३

गोरखादरबारबाट फूलपाती लिन गएको प्रोशेसन पर्सने ठाउँमा पर्खिएर बसेपछि तलबाट सिँगारिएका डोली निशानसहित भएर आउँछन्। चित्रमा अगाडि जंगीनिशान र उसको पछाडि डोली बोकेका सुसारे (मगरहरू) र एकापट्टि कुनामा लाइन लागेर नौनिशानहरू उभिई पर्सने तयारीमा रहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. २४

फूलपाती पर्सने ठाउँमा पुरोहितहरूले डोलीको प्रदक्षिणा (Circumambulation) गर्दैछन् । फूलअक्षता छर्दै गरिने यो प्रदक्षिणा तीन पटक गर्ने चलन छ ।

चित्र नं. २५

निसान नगरा बाजागाजाका साथ नवपत्रिकाको डोली दरबारतर्फ लगिदैं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. २६

फूलपाती लिएर गोरखा दरबार आइपुग्नै लागेको प्रोशेसनको दृश्य।
प्रस्तुत फोटो दरबारबाट तल्लो भेगतर्फको दृश्यांकन गरिएको हो।

पूर्णघडाको पूजा :

यता श्रीभवानीको मूलढोकाको भित्रपट्टि ढोका बन्द गरेर पूर्णघडाको यज्ञको तयारी भएको हुन्छ भने उता फूलपाती लिएर आउनेहरू दरबारप्राङ्गणमा आई भित्र्याउने प्रतीक्षामा वस्दछन् (चित्र नं. २७)। सो क्रममा मंगलेनीहरूले मालश्री गाउने र गाइनेहरूले अस्तु गाउने तथा भजनीयाहरूले भजन गाउने क्रम चालू रहन्छ। उता फूलपाती पर्सने काम सकेर आएपछि मूलपुरोहित पूजाकोठाभित्र पसी विधिवत् यज्ञमा ४ दिशाका पूर्णघडाको पूजा गरिन्छ। त्यसपछि फूलपातीको डोली भित्र्याउन श्रीभवानीको सम्मानमा १ कालो बोकाको संकल्प-पूजा गरिन्छ। उक्त कालो बोकाको वलि गरेपछि काटिएको बोका घिसार्ने भीरकोटे सुसारे अघिअघि र मूलपुरोहित १ र भित्रिया सुसारे ३ जना पछिपछि लागेर फूलपातीको डोलीको तीनपटक प्रदक्षिणा गर्दछन्। उपरोक्त कार्यहरू सम्पन्न भएपछि भित्रिया सुसारेद्वारा फूलपातीको डोली वोकेर श्रीभवानीको मन्दिरमा भित्र्याइन्छ र साथमा निशानहरू पनि पूजाकोठाभित्र भित्रिन्छन्। उपरोक्त कार्य सूर्यास्तको समयमा सूर्यको विम्व आधा अस्ताइसकेको र आधा देखिँदै गरेको अवस्था पार्नु पर्ने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. २७

गोरखादरबारको पटाङ्गिनीमा फूलपाती लिएर फर्केको प्रोशेसन पूजाकोठामा भित्रिने पर्खाइमा ।

दशैंघर पस्ने :

फूलपाती भित्रिने काम सकिएपछि वास्तविक अर्थमा गोरखादरबार दशैंघरमा दशैंको सुरुआत हुन्छ । यसैबेला गोरखादरबारको पटाङ्गिनीमा बसी राजप्रतिनिधिको तर्फबाट कटुवालले गोरखादरबारका पुरोहितहरू र देवताहरू प्रत्येकको नाम बोलाई 'दशैंघर पस्नू' भन्ने निमन्त्रणा गर्दछन् ।

बाजा फिराउने :

दशैंघर पस्ने काम सकिएपछि पटाङ्गिनीको बाहिरपट्टि बसी श्रीभवानीका बानादारहरूले नवगाह भाकामा बाजा बजाउँछन्। यसलाई बाजा फिराउने भनिन्छ। साविक भाद्रशुदी अष्टमीको दिनदेखि बज्दै आएको मालसिरी भाकाको बाजा अब निकटस्थ दशैंपूजामा नबज्ने भएकोले अबआइन्दा हुने बलिप्रधान पूजामा बज्ने नवगाह भाकामा बाजा बजाउन आरम्भ भएको संकेतस्वरूप यो कार्य गरिएको हो ।

दीपभगवान्को सवारी :

बाजा फिराउने काम सकिएपछि प्रस्तुत फूलपातीको दिन साँझ ८ बजेतिर दीपभगवान्को सवारी पूजाकोठातर्फ चलाइन्छ । यस कार्यमा श्रीभैरवका प्रतीक दीपभगवान्लाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो कपडाले सम्पूर्ण रूपमा छोपेर चन्द्रहार जस्ता चाँदीका आभूषण पहिऱ्याई दरबारको भण्डारकक्षबाट पूजाकोठातर्फ बैडाउँछन्, उक्त अवसरमा बढाइँ र नगरा पनि दिइन्छ। उपर्युक्त दीपसवारी चलाउँदा सवारीसाथमा भीरकोटे सुसारेहरूले जोरमादल र जोरझ्याली भएको भित्री बाजा पनि बजाउँदै जान्छन् (चित्र नं.२८)। सवारी मन्दिरखण्ड अगाडिको मौलामा पुगेर अडिएपछि नगरा बज्न पनि थामिन्छ। त्यसपछि भित्र दीपसवारी भित्र्याउन १ कालो बोकाको बलि दिइन्छ र साथमा नगरा र बढाइँ पनि। दीप सवारी भएको सम्मानमा बलि गरिएको बोकालाई घिसार्दै अघिअघि भीरकोटे सुसारे र पछिपछि मूलपुरोहित र भित्रिया सुसारे बोहोरा र सारूले ३ पटक दीपको प्रदक्षिणा गरिसकेपछि सवारी पूजाकोठाभित्र चलाइन्छ। यस अवसरमा सवारीसाथ अत्यन्तै पुराना हातहतियार बन्दुक, भाला, धनु, काँड, बर्छाहरू पनि पूजाकोठातर्फ लगिन्छ। ती हातहतियारहरू देवी कालीको शस्त्रास्त्र हुन् भनेर मानिन्छ।



चित्र नं. २८

फूलपातीको दिन फूलपाती भित्र्याइसकेपछि रात्रको पहिलो प्रहरमा दरबार खण्डबाट मन्दिरखण्डतर्फ दीप भगवानको सवारी गराउँदाको दृश्य। दृश्यमा चन्द्रहार, किकिंपा, मुकुट पहिऱ्याएको भगवानको प्रतीकलाई पूजाकोठामा भित्र्याउने पर्खाइमा सुसारेहरू सवारी चलाएर मूलयूपमा (मौलो) आइपुगेका देखिन्छन्। अब एकछिन मै प्रस्तुत कार्यको साइतका लागि पूजाकोठाभित्र बोकाको बलि हुनेछ र बलि गरिएको बोकालाई घिसार्दै ३ पटक दीपको प्रदक्षिणा गरेपछि सवारी पूजाकोठामा चलाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवपत्रिकाको पूजा :

फूलपातीको दिन साँझमा दीपको सवारी चलाइसकेपछि भण्डारकक्षबाट पूजाकोठातर्फ पूजासामान भित्र्याइन्छ यसैमा श्रीभवानीको पोशाकसमेत पर्दछ। त्यसपछि पहिला पञ्चैबाजा र १ नगरा बजाई भित्र पूजाकोठामा पूजा हुन्छ। गोरखादरबार श्रीभवानीको पूजाकोठामा गद्दीसीन श्री ५ हरू र त्यहाँका भित्रिया सुसारे तथा मूलपुरोहितले मात्र प्रवेश पाउने भएकाले सामान्य रूपमा अन्य व्यक्तिले त्यहाँको बारेमा थाहा नपाउनु स्वभाविक हो र कैयौं कुरा थाहा भएकै अवस्थामा पनि व्यक्त गर्न नहुने परम्परामा आघात नपार्नु उपयुक्त हुन्छ। माथि वताएझैं पञ्चैबाजा र नगरा वजाएको अवस्थामा सम्भवत: खड्गपूजा र नवपत्रिकाको पूजा हुन्छ र सोपछि प्रति ३, ३ लहरीको २७ आवृत्ति नगरा दिन लगाई भित्र पूजाकोठामा शंख, घण्टा डमरु बजाएको सुनिन्छ। सम्भवत यो वेला महामायाको भद्रकालीरूपको पूजा हुन्छ। उपर्युक्त बमोजिम श्रीभद्रकालीको पूजाको काम सकेपछि राती १० वजेतिर मूलपुरोहित र भित्रिया सुसारेहरू बलि गर्ने ठाउँमा आउँछन् र पञ्चमीको दिन पर्सिएर राखेको कालो वोकालाई विधिवत् छागपूजा र संकल्पको विधान पुऱ्याई वलि दिइन्छ र साथमा बढाइँ र नगरा पनि दिइन्छ। यसै कार्यलाई गोरखादरवार दशैंघरमा भद्रकाली गर्ने भनिन्छ।

दशैंघर बस्ने :

माथि वताएझैं भद्रकाली गर्ने काम समाप्त भएपछि उहिल्यै, उहिल्यै दशैंघर बस्ने ब्राह्मणहरू र सुसारेहरू जाग्राम वस्ने चलन थियो यसैलाई दशैंघर वस्ने भनिन्थ्यो। तर आजकल सवै व्यक्तिहरू मूलपुरोहितलगायत आ-आफ्नै घर जाने गरेकाले दशैंघर बस्ने गरेको पाइन्न र दशैंघर वस्ने भनेको के हो भनेर कालान्तरमा वुझ्न चाहने अनुसन्धानकर्तालाई यस कुराले अन्यौलमा पार्न सक्ने देखिन्छ। यसरी दशैंघर वस्न गोरखादरवारका सबै पूजाका कामदार र थरघरका व्यक्ति उपस्थित हुनुपर्ने परम्परा विगतमा रहेको थियो भनिन्छ। सम्भवत: यसै कार्यका लागि यसको भोलिपल्टदेखि हुने वलिहरूका राँगा, वोकाहरूमध्ये थरघरका व्यक्तिलाई पनि दिने गरी नेग वाँधिएको प्रथा अद्यापि चालू छ। यसप्रकारबाट भद्रकाली भएर दशैंघर पसिसकेपछि गोरखादरवार दशैंघरको सप्तमीको दिनको पूजाकाम विधिवत् समाप्त हुन्छ।

२.१.१.१० आश्विनशुदी अष्टमी (महाअष्टमी) :

यसै पनि दुर्गा भगवतीको पूजाको लागि उत्तम मानिने अष्टमी तिथि, उसमाथि वर्षभरिको उत्तम मानिने आश्विनशुदी पक्षको महाष्टमी पर्वमा अन्यत्रका शक्तिपीठमा झैं गोरखादरवारमा पनि विशेष विधिपूर्वक पूजाअर्चना गर्ने कार्य सम्पन्न हुन्छ। गोरखादरवार दशैंघरमा अघिल्लो दिन नवपत्रिका भित्र्याएपछि सुरु भएको श्रीभवानीको दशैंपूजाको निमित्त अष्टमीका दिन गर्नुपर्ने कामहरू यस दिन विहानैवाट सुरु हुन्छन्। विहानैदेखि श्रीभवानीका ढोकामा र सहवर्ती पीठहरूमा पूजाआजा गर्ने भक्तजनहरूको घुइँचो लागिरहेको हुन्छ (चित्र नं. २९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. २९

बडादशैंको महाष्टमीका दिन गोरखादरबार श्रीभवानीको ढोकामा पूजा-आरधना गर्ने भक्तजनहरूको घुँइचो लागेको छ। मौलामा महानवमीका दिन बलि गरिने विशेष आकर्षक अजंगको सतार राँगो बाँधेको देखिन्छ।

आलम फेर्ने :

महाष्टमीका दिन सर्वप्रथम मन्दिरको ढोका अगाडि चैत्रदशैंमा ठड्याइएको दुईवटा अग्ला बाँसमा बाँधिएका ध्वजासहितका आलमलाई ढालिन्छ र पञ्चमीका दिन नै सिइराखेको आलमका कपडाहरू नयाँ तामाबाँसका लिङ्गामा राखी पञ्चैबाजा बजाएर ठड्याइन्छ। यसरी आलम ठड्याउँदा आलमसँगै मुसुरे कटुसका भाटाहरू पनि उभ्याइन्छ। यसप्रकार नयाँ आलम ठड्याएपछि झिकिएका पुराना आलमहरू पटाङ्गिनीको पूर्व र उत्तरतर्फ विजयादशमीको विसर्जनसम्मका लागि गाडिन्छ।

सर्जाम भित्र्याउने :

आलमको काम सकिएपछि मन्दिरको ढोका अगाडि सबै गुठीतर्फका सामानहरू जाँची पञ्चैबाजा बजाएर मन्दिरभित्र भित्र्याइन्छ। यसमा अन्य कुराको अतिरिक्त सुगन्धित २ मासाको कस्तूरीसमेत पर्दछ। पोशाकतर्फ चोला, पटुका, पछ्यौरा आदि पर्दछन्।[१३]

---

१३. यसमा दोपट्टा थान- १, गुलबदन चोला हात डेढको - १, अमलापाटको नीलो रंगको थान - १, सनरीम धुलपुरे गोटापट्टि लगाएको पाँचहाते - १ समेतका पोशाकहरू पर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभवानीको पूजा :

सवै प्रकारको राजकीय पूजाका सामान भित्रिइसकेपछि मूलपुरोहित पूजाकोठामा प्रवेश गर्दछन् र पूजा आरम्भ हुन्छ। पूजाको क्रममा पहिला पञ्चैवाजा - १, नगरा - १ सहित पूजा भएपछि पुन: २७ नगरा वजाउन लगाएर पूजा हुन्छ। यति भैसकेपछि मूलपुरोहित पूजाकोठाबाट वाहिर निस्कँदा पाठ गर्ने कोठामा प्रतिअष्टमीको साविकअनुसार हुने जपपाठ सकिइसकेको हुन्छ।

राँगा पर्सने :

मूलपुरोहित पूजाकोठावाट निस्केपछि भित्री बाजा वजाएका सुसारेहरूका साथमा वाहिर पटाङ्गिनीको मूलढोकासम्म राँगा पर्सन जान्छन्। त्यहाँ सोही दिन र भोलिपल्टका लागि समेत सर्वप्रथम काटिने (जेठो राँगो) र अन्तमा काटिने (कान्छो राँगो) राँगो छुट्याई छुट्टाछुट्टै वरण गरी पूजा गरिन्छ र ती राँगालाई ल्याई पटाङ्गिनीको मौलामा बाँधिन्छ। राँगो वरण र पर्सने काम सकेपछि बलि गरिने मौला वरपरको पटाङ्गिनी पोत्नेकाम गोरखादरवारका कसाईंले गर्दछन् भने सोही समयमा भित्र होम हुने ठाउँमा भीरकोटे सुसारेले पोत्छन्। मौला पोत्ने काम सुरु भएपछि तल्लो पटाङ्गिनीमा सानपूजा गरी वाड लगाउने कामीले भुजेली (खुँडा) मा सान लगाउन थाल्दछन्। चोख्याउने काम सकिएपछि पटाङ्गिनीमा र भित्र एकैसाथ चामलको पीठोको रेखी हाल्ने चलन छ। वाहिर मौलामा हालिएको रेखीको दक्षिणतर्फ खड्ग र उत्तरपूर्व कुनामा अष्टदल र पञ्चकोणको रेखीसमेत हालिन्छ (चित्र नं. ३०)। रेखी हाल्ने काम सुरु भएपछि निशानहरू ल्याएर आलममा बाँधिन्छ भने सगुनहरूले भरिएको कोटाल (पित्तलको ठूलो खड्कूँलो आकारको भाँडा) - २, झारी, पानस आदि बलिको मौलो नजिक ल्याएर राखिन्छ।

राँगा बलि :

बलिको लागि तयारी पूरा भएपछि अगाडि नै पर्सिएर ल्याएको जेठो राँगोलाई मौलामा बाँधी विधिपूर्वक 'महिष संकल्प र पूजा' गरिन्छ (चित्र नं. ३१)। यस क्रममा प्रथमपटक राँगो पूजा, कभिण्डो पूजा, खड्ग पूजा र संकल्प, दोस्रोपटक राँगो पूजा, कुभिण्डो संकल्प अनि तेस्रोपटक राँगाको संकल्प गरिसकेपछि जेठो कान्छो मार हान्ने 'राना' सुसारेले उक्त राँगो बलि गरेपछि दुई बढाइँ र नगरा दिइन्छ भने साथमा शंख, घण्टा र डमरु पनि बजाइन्छ। राँगो बलि गर्नुपूर्व राँगोको पूजा हुँदा पनि नवगाह भाकाको पञ्चैवाजा बज्दछ। उता वाजा बज्नासाथ मंगलेनीहरूले महाकालीको स्तुति गायन गर्ने क्रम स्वाभाविक रूपले चलिरहेको हुन्छ। सबै दिनमा हुने प्रत्येक राँगाको बलि गर्ने प्रक्रियामा फरक के छ भने जेठो कान्छो राँगाको पूजा संकल्प विशेष हुनाको साथै ती राँगो बलिमा दुई बढाइँ दिइन्छ भने अरू राँगा काट्दा एक पटक मात्र। यसप्रकार जेठो राँगो काटिसकेपछि त्यसको टाउको मन्दिरको ढोकाभित्र लगी टाउकामा त्यही राँगाको रगतको प्याला पायसमाथि राखी पूजा हुन्छ। त्यसलाई 'खपरु पूजा' भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ३०
गोरखादरबारमा महाष्टमीका दिन राँगाहरू बलि गरिने मूल मौलामा पवित्र रेखी हालिँदै ।

चित्र नं. ३१
महाष्टमीका दिन बलि गरिन लागेको राँगोको पूजा गर्ने क्रममा पुरोहितले धुपाउरो घुमाउँदै छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी खपरु पूजा सकेपछि पाठ गर्ने कोठामा हुन गइरहेको होम यज्ञमा ब्राह्मणवरण गर्ने काम गरिन्छ । त्यसपछि माथि बताएझैं अरू ६ राँगा बलि गरी जम्मा ७ राँगाको बलि गरिसकेपछि एकछिन यो क्रम रोकिन्छ । उपर्युक्त सात राँगा काट्ने बारे पनि गोरखादरबारमा पदअनुसारको पालो क्रम रहेको पाइन्छ । जसमा जेठो राँगो जेठो कान्छो काट्ने रानाले,[१४] दोस्रो राँगो भित्रिया सुसारे बोहोराले, तेस्रो राँगो भित्रिया द्वारेले, चौथो राँगो भित्रिया सारूले, पाँचौं राँगो 'भारत सर्वर' नामका ऐतिहासिक पुरुषका सन्तानले छैठौं राँगो श्री ५ को तर्फबाट राजप्रतिनिधिले र सातौं राँगो कटुवालले गरी सात राँगासम्म मार हान्ने क्रम पनि तोकिएको पाइन्छ[१५] भने महानवमी, चतुर्दशी र चैत्राष्टमीका दिनसमेत राँगो मार हान्ने रोलक्रम उपर्युक्तबमोजिम नै हुने चलन छ ।

चित्र नं. ३२

गोरखादरबारको मौलामा महाष्टमीका दिन भित्रियासुसारे बोहोराले राँगोको मार हानी छिनालेको दृश्य । चित्रमा राँगोको टाउको र गीँड छुटचाइसके पनि गीँड ढल्न भ्याएको छैन ।

---

[१४] जेठो, कान्छो राँगो काट्दा एकै पटकमा छिनेन भने राजालाई पिर्छ भन्ने तथा सो राँगो नछिनेमा अर्को ल्याएर काट्नुपर्ने भएकाले जेठो राँगो नछिनेमा हाकिमले र कान्छो नछिनेमा मूलपुरोहितले सट्टाभर्ना हाल्नुपर्ने चलन रहेको छ भनिन्छ ।

[१५] पृथ्वीनारायण काल पूर्व नै गोरखादरबारमा दशैंघर श्रीभवानीको पूजा सुरु भए पनि नरभूपाल शाहका पालाका गोरखाका विभिन्न ऐतिहासिक सामग्रीहरूमा गोरखादरबारलाई ७ राँगा चौधरीमार्फत किनिएको कुरा देखिनुका साथै सात राँगा बलि गरुन्जेल र सो पछि काममा विभेद आउने एवं ७ राँगा काट्ने क्रमसमेत बाँधिएको र त्यस्तो क्रम सोभन्दा पछिलाई नरहेकाले तात्कालीन समयमा गोरखादरबारमा श्रीभवानीको दशैंघर हुँदा ७ राँगाको मात्र बलि दिइँदो रहेछ कि भनेर सोच्नु स्वाभाविक भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्तबमोजिम यस दिन सात राँगाकाटेपछि मूलपुरोहित भित्र बलिगर्ने ठाउँमा गई सरकारी दरबन्दीको होमको बोका -१, गुठको भैँडा -९ र गुठको बोका -२ समेतगरी ३ थरी बलिको छुट्टा-छुट्टै पूजा संकल्प गर्दछन् र सो सकिएपछि ती पशुहरूको सोही क्रममा बलि दिइन्छ। यस क्रममा होमको बोका बलि हुँदा १ पटक, पहिलो भैँडा बलि हुँदा १ पटक र पहिलो गुठको बलि हुँदा १ पटक गरी ३ पटक नगरा तथा बढाईँसमेत दिइन्छ। यसप्रकार यस दिनको लागि तोकिएको भित्र गर्नुपर्ने सरकारी बलिहरू सकिएपछि जनताले चढाउन ल्याएको बोकाको बलि गर्ने क्रम सुरु हुन्छ। यस दिनसबेरैदेखि बलि गरिने बोका लिएर आएका भक्तजनहरू लाइन लाएर पर्खन्छन्। सरदर यस दिन जनताले ल्याउने ५००-७०० सम्म बोकाको बलि दिने काम सकेपछि पुन: माथि बताएकै विधिअनुसार बाँकी २६ वटा सरकारी दरबन्दीका राँगाहरूको पूजा संकल्प गरी शंख, घण्टा, डमरु, नगरा र बढाइँका साथ बलि दिने काम सम्पन्न गरिन्छ। यसप्रकार यस दिन सरकारीतर्फका ३३ वटा राँगाको बलि दिने काम हुन्छ। गोरखादरबारको परम्पराअनुसार १७ वटा सरकारी राँगाको बलि गरेपछि जनताले चढाउन ल्याएको राँगाको पूजासंकल्प गरी बलि दिने चलन छ भने सुरुका ७ राँगोको बलि हुनासाथ सुँगुर १ को श्रीभैरवतर्फ बलि गरिन्छ जसलाई भैरुङ्बलि भनिन्छ। गोरखादरबार पटाङ्गिनीमा यस दिन हुने ३३ औं अर्थात् कान्छो राँगाको बलिसँगै भित्र कोठामा गरिएको अग्निस्थापना तथा दुर्गा सप्तशतीको होमको 'पूर्णाहूति मेधा' गर्ने चलन छ। यसप्रकार राँगाको बलि सकिँदा भित्र भइरहेको होम यज्ञ पनि समाप्त हुने देखिन्छ।

कालरात्रि :

महाष्टमीका दिन गोरखादरबार दशैंघरमा राँगो तथा अन्य सबै बोकाको बलि दिने काम सकेर मध्यरात भैसकेपछि गोरखादरबारको पटाङ्गिनीमा ठूलो निखर कालो बोका - १ जसलाई कालरात्रिको बलि भनिन्छ। यसलाई विधिपूर्वक बलि दिइन्छ। वीरगञ्ज माइस्थानमा अन्य बलिका अतिरिक्त यस दिन मुसा र सुँगुरलाई बलि दिई हिंसाकर्म रोक्ने पूजा गर्दछन् भनेर लीलाभक्त मुनकर्मी लेख्नुहुन्छ। उहाँका अनुसार भक्तपुर तलेजुमा विशेष आकर्षक र ३२ लक्षणयुक्त 'निकथु' नामको राँगो १ र अन्य २४ राँगाहरूलाई मूल चोकमा देवताका प्रतिरूप मानेर उभ्याएका मानिसहरूलाई तान्त्रिक विधिले पूजा गरी भोगबलि दिइन्छ।[१६] गोरखादरबारमा कालरात्रि भइसकेपछि प्रतिअष्टमीको सरह भैँडा १ को पूजा संकल्प गरी बढाइँ र नगरासहित बलि दिने कार्य भैसकेपछि यसदिनको विधिवत् पूजाकाम समाप्त भएको मानिन्छ। पूजाको काम सकिएपछि काटिएका राँगा तथा बोकाका टाउका र शरीरसमेत गोरखादरबारका कामदारहरू तथा अन्य थरघरका व्यक्तिलाई नेग बाँडिदिने काम गरिन्छ।[१७]

---

१६ मुनकर्मी लीलाभक्त, कालरात्रि पूजा र भक्तपुरको कोलुक्यात जात्रा (साभार - प्राचीन नेपाल)।

१७ गोरखादरबारमा महाष्टमी तथा महानवमीका दिन काटिएका सरकारी बलिहरू र जनताले चढाउन ल्याएका ५००-७०० बोकाका टाउकासमेत विजया दशमीको दिन विसर्जन हुनुपूर्व झिक्न नहुने परम्परागत मान्यताअनुरूप केहीवर्ष पहिलासम्म ती नेगहरू (गोरखादरबारमा ती बलि गरिएका पशुका टाउका एवं शरीरलाई नेग भनिन्छ।) विजया दशमीका दिन मात्र बाँड्ने गरिएको भए तापनि हाल उक्त नेगहरू गन्हाउने, सड्ने भए भनेर प्रत्येक दिन पूजाको काम सकिएपछि बाँडिदिने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य पीठहरूमा पूजा :

साविक नवरात्रका दिनसम्मको लागि सप्तमीका दिनभित्रै पूजा गर्ने चलनअनुरूप श्रीगोरखनाथजी र भैरवको पनि विहान दुई नगरा र सन्जेसमेतको १ नगरा लगाएर पूजा हुने कुरा वताइयो। तदूपरान्त महाष्टमीदेखि साविकवमोजिम पूजा हुने भए तापनि पूर्णिमाको दिन नभै गोरखनाथजीमा रोट भने नचढाइने चलन छ।

महाष्टमीका दिन गोरखादरवार सम्वद्ध उपल्लाकोट तथा तल्लाकोटका कोटदेवीहरूमा पनि विधिपूर्वक दशैं गरिन्छ। तल्लाकोटमा नवरात्रका नवै दिन कुभिण्डो वलि र यस दिन भने १ वोकाको वलिसमेत हुन्छ भने उपल्लाकोटमा कोटदेवीमा १ वोका र १ राँगाको वलि दिई होमयज्ञ तथा पूजा हुन्छ। त्यसैगरी उपल्लाकोटका वज्रभैरवमा १ सुँगुरको वलि दिई पूजा हुन्छ। लिच्छवि राजा शिवदेव द्वितीयका पालादेखि अस्तित्ववान् यी देवता वौद्धमतको वज्रयानी सम्प्रदायले स्थापना गरेको भन्ने मान्यता रही आएको छ।

यसैगरी गोरखादरवारको दरवन्दीवमोजिम वरपरका सम्वद्ध पीठहरूमा दशैंका लागि वलि पार्न वोकाहरू जानेमा ढुंगाडे भगवती - १, वाराही - १, तल्लो दरवार भगवती - १, वैजनाथका घरका देवता - १, मैदानकाली १, श्रीविद्या - १, विन्ध्यवासिनी - १, तथा विरिमकालीमा राँगो - १, र वोका - १ समेत पर्दछन्। यी वलिहरू ती पीठहरूमा महाष्टमीका दिन गर्ने वा महानवमीका दिन गर्ने भन्नेवारे तिनै पीठहरूको आ-आफ्नै प्रचलनअनुरूप गर्ने चलन छ।

गोरखादरवारको चौघेराको परिसरमा रहेको श्रीविद्यालाई सरस्वतीको प्रतीक मानिन्छ। तापनि ती देवीका प्रति महाष्टमीका दिन वोका - १ को वलि दिने गरेको वुझियो। नेपाली परम्परामा देवी सरस्वतीलाई वलि (पशु) दिइएको देखिँदैन। तर धेरैजसो मन्दिरसँगै निशान जस्तो काठमा वा मन्दिरसँगै अन्य देवी स्थापित गरिएकोमा वलि चढाउने गरेको देखा पर्दछ। ...... हुन त शतपथ ब्राह्मणको एक ठाउँमा राजसूय यज्ञ गरिने सिलसिलामा सरस्वतीलाई वलि दिइने कुरा उल्लेख गरिएको छ।

यसरी गोरखादरवार दशैंघरमा प्रस्तुत महाष्टमी तथा महानवमी र चतुर्दशीका दिनसमेत हुने सरकारी राँगो र वोकाको वलि गरिएको नेग गोरखादरवारका वैतनिक र अवैतनिक कामदारहरूलाई वाँडिन्छ। यस्तो नेग पाउनेमा थरघरका व्यक्तिहरू र ऐतिहासिक पुरुषका सन्तानहरू पर्दछन्। गोरखादरवारमा ऐतिहासिक समयमा उल्लेखनीय सहयोग पुऱ्याउने व्यक्तिहरूलाई कदर स्वरूप दिने गरी नेगको स्थिति वाँधिएको कुरा आज पनि तिनै थरघरका कुलपुरुषको नाममा नेग दिने गरिएकाले पनि पुष्टि हुन्छ।

प्रस्तुत महाष्टमीका दिन त्यसरी राँगाको नेग पाउने अवैतनिक व्यक्तिहरू र ऐतिहासिक थरघरमध्ये कृष्ण चौधरी -१, चौवीस कोठी - १, फूलपाती सिंढी सफा गर्ने (विरिन्चोक गाउँले) - १, अस्तु लगाउने गाइने - १, सेवा लगाउने दमै - १, जोरदमाहा वजाउने दमाई - १ र ६ वटा राँगा विभिन्न व्यक्तिहरू सम्मिलित थरघरका सन्तानलाई र २ वटा राँगा गोरखादरवार उत्तरका र दक्षिणका गाउहरूलाई वाँडिदिने गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'श्वेतअश्विनो भवति श्वेता विवह्यश्चिनावविर्मल्हा

सारस्वती भवत्पृषभमिन्द्राय सुत्राम्नै ......'

(अश्विनीको लागि सेतो पशु बलि दिनुपर्छ । मल्हा भैँडो सरस्वतीलाई दिनुपर्छ)[१८]

यिनै आधारमा हेर्दा श्रीविद्याको सँगै रहेका पार्षद देवतालाई वलि दिइएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

२.१.१.११ आश्विनशुदी नवमी (महानवमी) :

महानवमीका दिन बिहानै गोरखादरवार दशैंघरमा सम्वद्ध पूजाको काम सुरु हुन्छ । यस क्रममा सर्वप्रथम यस दिन पूजाकाममा प्रयोग हुने हातहतियारहरू र वानाहरूको पूजा हुने देखिन्छ । यस दिन गोरखादरवारका कटुवालले आफ्नो घरमा छडीपूजा गर्दछन् भने श्रीभवानीको नगर्ची र श्रीगोरखनाथजीको नगर्चीले छुट्टाछुट्टै आ-आफ्नै घरमा नगरा पूजा गरी वोकाको वलि गर्दछन् । यसका लागि यिनहरूले गोरखादरवारको दरवन्दीवमोजिम पाउने १, १ वोका, पूजासामान र भोजका लागि चिउरा, रक्सीलगायतका सामान अघिल्लै दिन लिएर जान्छन् । त्यसपछि सो काम सम्वद्ध अन्य सहयोगीहरूलाई तिनीहरूले भोज खुवाउने गर्दछन् । यसैगरी श्रीभवानीको पञ्चैवाजाको मुख्य ढोलकी -१, उपल्लाकोटको वानादार -१, माईको नगरा मोर्ने - १ र गोरखनाथको नगरा मोर्ने सार्की - १ समेत ४ जनालाई पनि तिनको आ-आफ्नो वाना पूजा गर्न एक-एक वटा कुखुराको भाले, भेटी, अक्षता र अन्य पूजासामान गोरखादरवारले दिने चलन छ । ती व्यक्तिहरूले आ-आफ्नो घरमा सम्वद्ध वाना वजाई पूजाकाम सकेर भोज खाइवरी गोरखादरवार आएपछि गोरखादरवारमा खास रूपमा महानवमीको काम सुरु हुन्छ ।

श्रीभवानीको महानवमीको पूजा :

प्रस्तुत दिन गुठीको पूजासामान नहुने कारणवाट दरवन्दीवमोजिमको मामुलियत पूजासामान पूजाकोठामा भित्र्याउँदा साविकमा झैं पञ्चैवाजा वजाउनुपर्दैन । पूजासामान भित्रिइसकेपछि पाठ गर्ने कोठामा प्रतिअष्टमीसरह जपपाठ हुन्छ भने पूजाकोठामा मूलपुरोहित प्रवेश गरी पहिला पञ्चैवाजा -१ र नगरा -१ अनिपछि शंख, घण्टा, डमरुसहित २७ आवृत्ति पूजा हुन्छ र वाहिर २७ नगरा वजाउन लगाइन्छ । यसप्रकारवाट भित्र पूजाकोठामा हुने पूजा सिद्धिएपछि महाष्टमीकै रीतमा वाहिर पटाङ्गिनीमा राँगा वलि गर्न मौलो पोत्ने, रेखी हाल्ने (चित्र नं.३०) गरिसकेपछि वलि गर्दा ल्याउनुपर्ने सवै सामान ल्याइन्छ र अघिल्लै दिन पर्सिएर राखिएको जेठो राँगोलाई साविकवमोजिम जेठो राँगोको पूजा संकल्पको विधिले पूजा संकल्प गरी वलि गरिसकेपछि अघिल्लै दिनझैं भित्र खपरुपूजा र होम यज्ञको लागि व्राह्मणवरण

---

[१८] नेपाली जनजीवनमा देवी सरस्वतीको स्थान - रुक्मिणी प्रधान (वन्त), Contribution to Nepalese Studies, Vol.VIII, No. 1, Dec. 1980.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । यसपछि ६ राँगाको वलि गरी जम्मा सात राँगा वलि भैसकेपछि भित्र वलि गर्ने कोठामा होमयज्ञको लागि १ निखरा कालो वोकाको पूजा संकल्प गरी बढ़ाइँ र नगरासमेत दिई वलि दिइन्छ । यसरी वलि गरिएको वोकाको कलेजो झिकेर टुक्राटुक्रा पारी प्रस्तुत ठाउँमै भैरहेको होमयज्ञको कामअन्तर्गत दुर्गा सप्तशतीको अष्टम अध्यायको प्रत्येक श्लोकको अन्तमा हवन गर्दा यिनै कलेजोको टुक्राको हवन गर्ने चलन छ भने यसअघि नै चतुर्थ अध्यायको प्रत्येक श्लोकको अन्तमा भने 'पायस' को[१९] हवन गर्ने चलन छ ।

माथि वताएझैं होमको वोकाको वलि भैसकपछि जनसाधारणले चढाउन ल्याएको वोकाहरूको वलि गरिन्छ । सो क्रम टुङ्गेपछि वाहिर मौलामा थप ८ राँगाको विधिवत् पूजासंकल्प गरी वलि गरेर जम्मा १५ राँगाको वलि भैसकेपछि सतार राँगोको वलिको तयारी सुरु हुन्छ । यस दिन हुने वलिकार्यको सर्वाधिक रोचक यो सतार राँगाको वलि गरेको हेर्न असंख्य भक्तजनहरूको घुइँचो लागेको हुन्छ । यस अघि नै अर्थात् अघिल्ला सात राँगाको वलि भइसकेपछि आङ्गिक अनुष्ठानको रूपमा ठिङ्गा भैरवलाई सुँगुरको वलि दिई पूजा गरिन्छ (चित्र नं. ३४, ३५ र ३६) ।

चित्र नं. ३३

महानवमीका दिन सूर्यास्तको समयमा गोरखादरबार पटाङ्गिनीको मौलोमा महिषासुरको प्रतीक र विशेष आकर्षण स्वरुप रहेको सतार राँगो बलि गरिँदाको दृश्य । यस राँगाको बलि गर्दा ७ पटकभन्दा कम पटक मार हानी छिनाउन नहुने चलन छ । यसको बलि गरेको हेऱ्यो भने सम्पूर्ण पाप काटिन्छ र पूण्य प्राप्त गरिन्छ भन्ने विश्वासका साथ असंख्य भक्तजनहरू सतार बलि गरेको हेर्न जम्मा हुने गर्दछन् ।

---

१९ पायस भनेको विशेष विधिले घिउ तथा अन्य मसला राखी पकाइएको चामलको परिकार विशेष हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





चित्र नं. ३४, ३५, ३६

बडादशैंको महानवमीका दिन गोरखादरबार परिसरमा ठिङ्गा भैरवको पूजा गरी सुँगुर बलि दिंदाको दृश्य । उपरोक्त चित्र नं. ३४ र ३५ करिब १५ वर्ष पहिले खिचिएको र निल्स गुत्सोको सौजन्यबाट प्राप्त भएको हो भने चित्र नं. ३६ २०५४ सालको बडादशैंमा खिचिएको तस्बिर हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सतार राँगाको बलि

सतार राँगो काट्ने ऐतिहासिक चलनका बारेमा कुरा गर्दा इतिहासका यी हरफहरूलाई पनि बिर्सन नहुने देखिन्छ। *'यसैसालका बडादशैंमा लम्जुङ्देखि सतार राँगो पनि भागी गोरखादरबारमा आयो। जुन कुरो श्रीकालीबाट स्वप्ना भएथ्यो सोहीबमोजिम पूजाको विधि र सुसाऱ्याको बन्दोवस्त गरी श्रीकाली माईलाई प्रसन्न गराया। यस्ता प्रकारसँग बडा प्रतापले दीप्यमान भै सब पृथ्वीतलमा श्री गोर्खेश कहलाई श्रीद्रव्य शाह महाराज हुँदा भया।*[२०]

प्रस्तुत कथनले द्रव्य शाह गोरखामा राजा भएकै साल लमजुङबाट सतार भागेर गोरखादरबारमा आएको बताएर त्यसैवेलादेखि गोरखादरबारमा बडादशैंमा सतार काट्ने चलन भएको पुष्टि गर्न खोजेको देखिन्छ भने नरभूपाल शाहको पालाका खर्चको टिपोटमा समेत सतार राँगो किन्नमा खर्च भएको देखिँदा यसको ऐतिहासिकताका बारे अनुमान लगाउन सकिन्छ।

माथि विभिन्न शीर्षकमा बताएझैं साउने संक्रान्तिदेखि नै छानीछानी लायकको राँगो सतारको लागि रोकिसकेपछि फूलपातीको दिन दरबारमा पर्सिई मौलामा ल्याएर बाँधिने यो राँगोको सिंगको बीचको तालुको चक्रदेखि पुच्छरसम्म ढाडढाडै नाप्दा ७ हात १ बित्ता हुनुपर्ने, पुच्छरको रौंको झुप्पा ७ अंगुल, कान १० अंगुल, काँधको सेरोफेरो ३ हात हुनुपर्ने, सिंङ २२ अंगुल लामो हुनुपर्ने र ३$\frac{1}{2}$ हात अग्लो हुनुपर्ने परम्परागत नियम छ।

यसप्रकार महानवमीका दिन १५ राँगा बलि भैसकेपछि सतारको मौलामा नै सतारको विधिवत् पूजासंकल्प गरिसकेपछि धेरैजनाको बल मद्दतले राँगो तरिन्छ र सर्वप्रथम राना सुसारे तथा अन्यले पालैपालो सतारलाई काट्ने चलन छ (चित्र नं. ३३) र उक्त राँगो काट्दा ७ पटकभन्दा कममा छिनाउन नहुने यहाँको प्रचलन छ। सतार राँगो काट्दा कि घाम उदाउँदो कि घामअस्ताउँदो अवस्था पार्नुपर्ने हुँदा आधा घाम डाँडाभित्र आधा घाम डाँडाबाहिर हुने गरी सूर्यास्तको समयमा सतार बलि गरिन्छ र गर्नुपर्छ भन्ने स्थानीय आमधारणा छ।

कन्याकोठामा हुने पूजा :

सूर्यास्तको समयमा महिषासुरको प्रतीक सतार ढलिसकेपछि दरबारखण्डको भूइँतल्लाको पछाडिपट्टि रहेको कन्याकोठामा गोप्य विधिपूर्वक श्रीभवानीका प्रतीकमा पूजा हुन्छ। उक्त कोठामा हुने प्रस्तुत पूजामा भित्रिया सुसारे - ३, कन्या सुसारे -१ र मूलपुरोहित - १ लाई मात्र प्रवेशाज्ञा छ। यसप्रकार गोप्य तरिकाले हुने उक्त पूजामा एक भेंडा र एक बोकाको बलि दिई नगरा तथा बढाइँसमेत दिन लगाइन्छ। यसपछि गोरखादरबार दशैंघरमा कन्यापूजा गर्ने तथा तिनलाई भोजन गराउने क्रम सुरु हुन्छ (चित्र नं. ३७)। प्रस्तुत दिन उल्लिखित कन्याकोठामा ९ जना कन्यालाई (जसलाई राजकन्या भनिन्छ) र भण्डार कोठामा ९ जना

---

[२०] श्री ५ पृथ्वीनारायण शाहका उपदेश, नयराज पन्त र साथीहरू, पृ. ५२१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्यालाई (जसलाई मामुलियत कन्या भनिन्छ) र एक कुमारलाई क्रमश: कुमारीपूजाको विधिले र स्वामी कार्तिकेयको पूजाविधिले पूजा गरी दरवन्दीबमोजिमको भोजन गराउनुका साथै ऐना, चुरा, बट्टा, काँगियो, धागोजस्ता सौभाग्य र गहूनको फरिया - १, चोलाको कपडा -१ थान र पछ्यौरा र दक्षिणा तथा कुमारलाई भने १८ गज नैनसुत र नरिवल पगरी दिइन्छ । यसरी नै गुठीतर्फका ९ कन्यालाई र कुमार १ लाई रंगमहलखण्डको माथिल्लो तल्लामा पूजा गरी माथि बताएअनुरूपकै सामान र भोजन गराइन्छ ।

चित्र नं. ३७

गोरखादरबार दशैंघरको महानवमीका दिन साँझमा श्रीभवानीको प्रतीक मानी २७ वटा ब्राह्मणी कन्यालाई पूजा गरी भोजन गराउने चलन छ । त्यसैका लागि रूजू गर्ने क्रममा रहेका कन्याहरू दरबारको प्रवेशद्वारमा पर्खिरहेका छन् । यसदिन कन्यासँगै २ जना कुमारको पनि पूजा गरिन्छ ।

यसरी कन्या र कुमारको पूजा गर्ने क्रममा पहिला राजकन्या त्यसपछि मामुलियत र अन्तमा गुठीमा आई भित्रिया सुसारेहरूले पालैसँग कन्या र कुमारको हात गोडा धोइदिन्छन् र सो गोडा धोएको जल आफूले ग्रहण गरी राजप्रतिनिधिलाई समेत लिन लगाउँछन्। कन्याहरूको गोडा धोएको बखत मंगलेनीहरूले मंगलगीत गाउने चलन छ। यस अवसरमा उनीहरूले **'हे माई पञ्चकुमारी भक्तकी तिमी पालनी'** भन्ने बोलको गीत गाउने गर्दछन् *(हेर्नुहोस परिशिष्ट १४)* । पुरोहितहरूले कन्यापूजा गर्दा विधिवत् रूपमा दीप, कलश, गणेशको पूजा गरी प्रत्येक कन्यालाई आवाहन, ध्यान, अङ्गन्यासलगायत षोडशोपचारले पूजा गरी अन्तमा अङ्गपूजा गर्ने गरिन्छ। यसप्रकारबाट अत्यन्तै आल्हादपूर्ण वातावरणमा हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्यापूजाको क्रम सकिएपछि जव राजकन्याकोठावाट सबै कन्याहरू वाहिर निस्किसक्छन् तव कन्या सुसारेले उक्त कोठा सफा गरी १ जोडा कुखुराका भोलेपोथीको वलि गरी विशेष पूजा गर्ने गर्दछन्। माथि वताएझैं कन्यापूजा र सम्वद्ध सवै काम सकिएपछि पुरोहित, सुसारे सवै तल ओर्लिई तदुपरान्त वलि गर्नुपर्ने कान्छो राँगोसहित वाँकी ५ राँगाका पूर्वोक्त विधिपूर्वक पूजासंकल्प गरी नगरा र वढाइँका साथ वलि गर्ने काम समाप्त गरिन्छ। यसै क्रममा कान्छो राँगोको बलिको साथमा भित्र भएको होमको समाप्तिस्वरूप मेधा गर्ने काम गरी यज्ञको पनि समापन गरिन्छ।

सरकारी वोकाको बलि :

प्रस्तुत प्रकारवाट महानवमीका दिन जम्मा २० राँगाको वलि गर्ने कार्य सकेपछि गोरखादरवारको उपर्युक्त पटाङ्गिनीको कुनामा सरकारी दरवन्दीको निखरा कालो रंगको जेठो कान्छो वोकासहित ३२ वटा वोकाको वलि दिइन्छ। यसरी वोका वलि गर्ने क्रममा जेठो, कान्छो (सर्वप्रथम र अन्तमा काटिने) भनेर छुट्याइएका दुई वोकालाई एकसाथ पूजा तथा संकल्प गरी पानी छर्किएपछि जुन चाहिँले पहिला शरीर हल्लाउँछ (मान्छ) त्यसलाई जेठो र अर्कोलाई कान्छो तुल्याइन्छ। यी वोकाहरू वलि गर्ने क्रममा जेठो र कान्छो पूजा गर्दा राँगोपूज. गर्दासरह नवगाह पञ्चैवाजा र **'ले ले हानौं ....'** को भाकामा मंगल गाइन्छ र यी दुईवटा वोका वलि पर्दा मात्र प्रत्येकलाई २, २ वढाइँ र नगरा दिइन्छ र काटिएका वोकाको शरीर दरवारभित्र फालिन्छ।

निशान पुजा :

विजयको प्रतीक र शक्तिको स्रोत मानिने निशानहरूको पूजा गर्ने विधान शाक्त सम्प्रदायको दुर्गोत्सव पद्धतिको विशिष्ट कार्यमध्येको एक हो। सोहीअनुरूप गोरखादरवार दशैंघरको महानवमीको पूजाका अवसरमा मन्दिर अगाडि आलमसँगै वाँधिएको जंगीनिशान र नौनिशानलाई वलि दिई पूजा गर्ने गरिन्छ। यस क्रममा प्रत्येक निशानलाई गणेशको रूपमा असौंको पातमाथि सुपारी राखी विधिवत् पूजा (चित्र नं. ३८) तथा बलिको संकल्प गरी जंगीनिशान एवं अन्य निशानको लागि १० वटा वोकाको वलि दिइने स्थिति वाँधिएको पाइन्छ (चित्र नं. ३८)। यी निशानहरू तत्कालीन गोरखादरवारका सैनिकवल (कमाण्डो) का प्रतीक हुन्। गोरखादरवारमा रहेका विभिन्न जातथरका सेनाका गौरवस्वरूप रहेको तिनको निशानलाई ऐतिहासिक समयमा नै दुर्गोत्सव गर्दासमेत पूजा गराउने व्यवस्था मिलाइएको देखिन्छ। पृथ्वीनारायण शाह र उनीपूर्वका समयमा गोरखादरवारमा रहेका खप्तडी वस्नेत- १, सिरुपाली वस्नेत- १, वोगटी - १, खत्री - १, थापा - १, वानियाँ - १, गरंजा मगर - १, रेशमी मगर - १, भुसाल मगर १ गरी जम्मा ९ जातथरका प्लाटुनका प्रतीक नै यी निशानहरू भएको र आज पनि सोही नामवाट यी निशानहरूलाई सम्वोधन गरिन्छ। यसप्रकारवाट हुने निशान पूजा सकेपछि गोरखादरवारको कोटालेले वमगोलाको पूजा गरी एक वोकाको वलि दिने काम गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ३८

महानवमीका रातमा गोरखादरबार पटाङ्गिनीमा जंगीनिशान र अन्य नौ जातथरका नौ निशानको पूजा गरी प्रत्येकलाई एकएक वटा बोकाको बलि चढाउने काम हुन लागेको दृश्य ।

रेवन्त पूजा :

गोरखादरवार दशैंघरको दुर्गोत्सवको कार्यक्रममध्ये सर्वाधिक रोचक यो कार्य महानवमीको दिनको सबै कामको अन्तमा गरिन्छ । प्रस्तुत पूजाको लागि श्रीभवानीको पूजाकोठातर्फबाट गोरखादरबारका सुसारेहरू भित्री बाजा बजाउँदै आउँछन् भने उक्त पूजा हुने दरबारखण्डको पटाङ्गिनीमा फूलपातीमा लगाएको वस्त्र र आभूषण पहिरिई कलस्यौली, मंगलेनीहरू गीत गाउन थाल्दछन् (चित्र नं. ३९) । उपरोक्त पटाङ्गिनीको पूर्वभागमा दुईवटा अष्टदलको आकारमा रेखी हाली सोमाथि राखिएको चोखो माटोले भरिएको टपरीमाथि पनि अष्टदलकै रेखी हालिन्छ अनि नजिकै दीप, कलश, गणेश स्थापना गरी पन्चकोणको रेखीमाथि कुभिण्डो राखिन्छ र मूल ढोका अगाडि चारवटा घोडाको टापको रेखी हालेको ठाउँमा घोडालाई ल्याएर उभ्याइन्छ । यति गरिसकेपछि विधिपूर्वक दीप, कलश, गणेशको पूजा गरिन्छ र सो सकेपछि अघि वताइएको दुईवटा अष्टदलको दश दिशामा दशवटा हात्तीको नाम लिएर गजपूजा गरिन्छ । त्यसपछि कुभिण्डो तथा भेंडाको पूजा तथा संकल्प गरिसकेपछि घोडाको प्रत्येक अङ्गको पूजा गरिन्छ । यसप्रकार घोडाको पूजा सकिएपछि कुभिण्डो तथा भेँडाको बलि दिइन्छ र साथमा नगरा र २ नाल बढाइँसमेत दिइन्छ र सुसारेले उक्त काटेको भेंडा घिसारेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३ पटक घोडाको प्रदक्षिणा गर्दछन् (चित्र नं. ३९) र त्यसरी वलि र प्रदक्षिणा भैसकेपछि अन्तमा आकर्षक रंगीन सिन्के चिरागको वत्ती वाली कलस्यौलीले उक्त पूजा भएको घोडाको दर्शन गर्ने (चित्र नं. ४०) कार्य गरिसकेपछि रेवन्तपूजाको काम समाप्त हुन्छ । यही कार्यको समापनसँगै महानवमीको पूजा काम पनि समाप्त हुन्छ । प्रस्तुत पर्वको महत्त्वका वारेका थप कुराहरू यसै शोधको शास्त्रीय विश्लेषण गर्ने अध्यायमा प्रस्तुत छ ।

महानवमीका दिन अन्य पीठपीठमा हुने पूजाको काम :

महानवमीका दिन गोरखनाथजीतर्फ महाष्टमीकै विधिमा विहान र वेलुका १,१ नगरा लगाई पूजा हुन्छ भने श्रीभवानीतर्फ ७ राँगाको वलि भैसकेपछि श्रीभैरवमा एउटा सुँगुरको वलि दिने काम हुन्छ ।

यस दिन उपल्लाकोट भैरवमा १ सुँगुर तथा उपल्लाकोट देवीमा राँगो १, वोका १ तथा भेँडा १ गरी जम्मा ३ वटा पशुको वलि र विधिपूर्वक कोटदेवीको पूजा गरी होमसमेत गरिन्छ । चण्डीको थानमा १ सुँगुर र १ जोडा भालेपोथी कुखुराको वलि पूजा गरिन्छ । यो दिन उता तल्लाकोटमा भने एउटा राँगो वलि दिइन्छ । गोरखनाथका पूजारीहरूको कुलदेवता मानिने भण्डारा भैरवलाई प्रस्तुत दिनमा १ वोकाको वलि दिई पूजा गराउने व्यवस्था पनि गोरखादरवारले सनातनदेखि मिलाउँदै आएको देखिन्छ ।

गोरखादरवार सम्वद्ध सवै पीठहरूमा यस दिन विशेषरूपले पूजा हुने र सरकारी दरवन्दीको वलिको हकमा भने श्रीगोरखनाथजीमा हुने नित्यनैमित्यिक पूजासम्वन्धी विवरणमा वताएझैं महाष्टमी वा महानवमीका दिन गर्ने वारे प्रत्येक पीठमा आ-आफ्नै नियम रहेको छ ।



चित्र नं. ३९
महानवमीको रातमा गरिने रेवन्तपूजामा बलि गरिएको भेंडालाई घोडाको परिक्रमा गराउँदै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. ४०

रेवन्तपूजाको क्रममा मंगलेनीले रंगीन चिरागसहितको निराजन बालेर घोडाको दर्शन गर्ने चलन छ। त्यसैक्रममा मंगलेनी दर्शन गर्न चिराग बालेर अघि बढेकी छन् भने बलिगर्दा बन्दुक पड्काएको र चर्को गाना बजानाको हल्लाले तर्सिएको घोडा नियन्त्रण गर्न गाहो परिरहेको छ।

२.१.१.१२ आश्विनशुदी दशमी (विजया दशमी) :

गोरखादरवार दशैंघरकी श्रीभवानीको दुर्गोत्सवको क्रममा ९ दिनसम्म गरिएका विविध अनुष्ठानको पूर्णाहूति स्वरूप विसर्जनको काम यसै दिन सम्पन्न हुन्छ। यस दिन सर्वप्रथम व्रम्हमुहूर्तमा दीप, कलश, गणेशको स्थापना र पूजा गरी ४ माना धानको टपरीमाथि पूर्णघडामा घडी थापिन्छ र यसवाट प्रस्तुत दिनमा हुन गइरहेको विसर्जन तथा टीकाको विश्वसनीय साइत पत्ता लगाउनका लागि घटस्थापनासम्वन्धी विवरणमा वताएझैं विधिको प्रयोग गर्ने चलन छ।

विसर्जन गर्ने :

राजदरवारवाट प्राप्त साइतमा आवश्यक पूरा घडी डुविसकेपछि एक-एक गरी पलाको अन्दाज गरेर पला काटिन्छ र सो तोकिएको पला पुगेपछि २ बढाइँ र नगरा दिइन्छ र यसै साइतमा भित्र पूजाकोठामा दशैंघर पूजाको विसर्जन गरिन्छ। विसर्जन गर्ने कामचाहिँ गोरखनाथजीलगायत अन्य पीठमा समेत र गोरखाका स्थानीय वासिन्दाका घरमा समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरवारको उक्त वढाइँ भएपछि मात्र गर्ने चलन छ। विसर्जनको वढाइँ भैसकेपछि अघिल्लो दिन काटिएको सतार राँगोलाई टुक्र्याई नेग वाँड्ने काम सुरु हुन्छ । स्थानीय विश्वासअनुसार सतारको मासुको टुक्रा गोठमा लगेर राख्ने हो भने पशुहरूलाई रोग नलाग्ने धारणा भएकाले वरपरका मानिसहरू उक्त विलो लैजान तँछाड -मछाड गर्दछन्। माथि भनेझैं टुक्र्याइएको सतार राँगोको अगाडिका दुई साँप्रा पहिला मार हान्नेले र भित्रिया सुसारे वोहोराले पाउने पछिका दुई साँप्रा द्वारेले र सारूले पाउने (भित्रिया सुसारेहरू), ह्याकुलो भारत सरवरको सन्तानले पाउने, कँडचौलो माईको नगर्चीले पाउने, फोक्सो श्री ५ मा पठाइने र छाला सार्कीलाई नगरा मोहर्न दिने गरी नेग वाँड्ने चलन रहे तापनि यसमा पूर्ण सांस्कृतिक आधार र औचित्यको पुष्टि नभएको भन्ने अगिल्ला पृष्ठ कै कुराको पुनरावृत्ति हुने देखिन्छ ।

टीकाको साइत गर्ने :

विजया दशमीको दिन गोरखादरवार दशैंघरमा विसर्जनको काम सकेपछि तोकिएको साइतमा विसर्जनकै विधिमा पला काटी २ वढाइँ र नगरा दिइन्छ र सोही साइतमा भित्र पूजाकोठामा टीकाको साइत छोपी शंख, घण्टा, डमरु वजाएर पूजा हुन्छ। यसरी टीकाको साइत भैसकेपछि सवै पुरोहितहरू पाठ गर्ने कोठामा वसी दक्षिणा संकल्पपश्चात् विभिन्न स्वस्ति मन्त्रहरूको उच्चारण गर्दै पाती पढ्ने काम गर्दछन्। त्यसपछि दशैंघरको घडाको जलले अभिषेक गर्नका साथै पहिला रक्षावन्धन, तिलक र जल राजगद्दीमा पठाइसकेपछि राजप्रतिनिधि, हाकिम तथा सुसारेहरूलाई रक्षावन्धन, तिलक आदि पहिर्‍याइदिने काम गरिन्छ। यस्ता जल र प्रसादहरू ढोकामा ल्याएर सर्वसाधारणलाई पनि वाँडिदिने चलन छ ।

टीका थाप्ने काम :

अभिषेक पातीको काम सकिएपछि पूजाकोठावाट निकालिएको जमरा तथा पहेलो मेहँदी मुछेको पहेला अक्षताहरूको टीका लगाउने क्रम सुरु हुन्छ। यसक्रममा रोलक्रम र मर्यादाअनुसार सवैले राजप्रतिनिधिसँग र त्यहाँका कामदारहरूले दरवारका हाकिमसँग टीका थाप्दछन् भने काठमाडौंवाट आएकी कलस्यौली जना एकले श्री ५ को तर्फवाट मूलपुरोहित तथा गोरखादरवारका अन्य पुरोहितका हातको टीका थाप्दछिन्। यसक्रममा आफूले मान्ने क्रमअनुसार एक आपसमा समेत टीका थाप्ने काम सकिएपछि रंगदोहन अर्थात् रंग खेल्ने फागुको तयारी हुन थाल्दछ ।

फागु :

टीकाको क्रम सकिएपछि दुर्गोत्सव निर्विघ्नतापूर्वक सकिएको प्रत्यक्ष प्रेरणा तथा दानवी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकात्मक अर्थमा खुसी भई गोरखादरवार दशैंघर पूजामा संलग्न सवै कामदारहरू रंग खेल्न थाल्दछन्। यसक्रममा भित्री वाजा वजाई अघिअघि सुसारेहरू र पछिपछि नयाँ कपडाको फेटा लगाएका राजप्रतिनिधि अनि हाकिम, पुरोहितहरूले मौलाको ३ पटक प्रदक्षिणा गर्दछन् । यसरी प्रदक्षिणा गर्ने क्रममा रंगमहलवाट ठूलाठूला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाटामा घोलेर राखेको रंगहरू फाली मंगलेनी नानीहरूले सबैलाई रुझाई दिन्छन् (चित्र नं. ४१) भने प्रदक्षिणा सकेपछि पुरोहित सुसारेहरू आ-आफै फुको रंग खेल्ने क्रममा खासगरी सो समारोहका विशेष आकर्षण राजप्रतिनिधिमाथि जाइलागी रातामे पारिदिन्छन् (चित्र नं. ४१) । उता यस्तो रोमान्चक वातावरण हुने फागु सुरु भएपछि वज्ने बाजा पनि फागु भाकामै वज्ने हुँदा वातावरण आल्हादपूर्ण हुन जान्छ ।



चित्र नं. ४१

गोरखादरबार दशैंघरमा विजयादशमीका दिन रंगोत्सव (फागु) गरिँदाको दृश्य । दृश्यमा बाजा बजाउँदै एकापसमा सिन्दूर यात्रा गरिरहेका पुरोहित र सुसारेलाई रंगमहलको कौशीबाट मंगलेनी नानीहरूले रंगपानी फालेर रुझाइरहेका छन् ।

यस कार्यक्रमतर्फ विचार गर्दा ऐतिहासिक गोरखाली राजाहरू यस्तो फागु महोत्सवमा आफै प्रत्यक्ष संलग्न हुने रहेछन् भन्ने देखिन्छ । विजय र खुसीको समयमा राजालाई पगरी गुथाई सिन्दूरजात्रा गरिने आदिम सनातन हिन्दू परम्परामा 'पट्टवन्ध उत्सव' को विशेष महत्त्व देखिँदा आज गोरखादरवारको राजप्रतिनिधि संलग्न भई पूरा गरिने प्रस्तुत परम्परा 'पट्टवन्ध उत्सव' कै कुनै न कुनै रूप हो भन्ने देखिन्छ ।[२१]

आलम ढाल्ने र बलि गर्ने काम :

माथि वताएझैं फागुको काम सकिएपछि साविकमा रहने हालै फेरिएका नयाँ दुई आलम (हेर्नुहोस्, परिच्छेद २.१.१.१० अन्तर्गत 'आलम फेर्ने' नामको अनुच्छेद) वाहेक अन्य

२१ राज्याभिषेकको ऐतिहासिक महत्त्व, धनवज्र वज्राचार्य, CNAS Journal, Vol. 2, No., 1, 1955 .

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आलमहरू ढाली भित्र वलि गर्ने कोठामा राखिसकेपछि (चित्र नं. ४२) ७ वटा वोकालाई भित्र वलि गर्ने कोठामा पूजासंकल्प गरी दशैंघरको विसर्जन स्वरूप वलि दिइन्छ र उक्त वलि पर्दा बढाइँ र नगरासमेत दिइन्छ। यसरी वलि पर्ने काम सकिएपछि भित्र पूजाकोठामा देवतालाई विसर्जन पूजा गरेर विदा गरिन्छ। त्यसपछि प्रसाद झिकिन्छ र सो प्रसाद पूजाकोठावाट वाहिर ल्याई साविककै रीतमा मूलपुरोहितले सबैलाई प्रसादी दिने काम गरेपछि खास रूपमा विजया दशमीको पूजा काम र एक अर्थमा गोरखादरवार दशैंघरको पूजा नै सकिएको मान्न सकिन्छ।

गोरखादरबारमा बडादशैंको विजयादशमीका दिन फागुपछि आलम ढालिरहेको दृश्य। यस क्रममा महाअष्टमीका दिन ठडयाइएका बाँसका लिङ्गाहरू मध्ये दुई तर्फका लिङ्गाहरू छाडेर अन्य लिङ्गाहरू हटाइन्छ।

यो तस्विर करिब १५ वर्षअघि खिचिएको हो।

(साभार - निल्स गुत्सो)

चित्र नं. ४२

सवारी चलाउने :

गोरखादरवार र दशैंघरमा टीका, विसर्जन र पातीपर्सादी भैसकेपछि मन्दिरखण्डको कन्याकोठासम्म श्रीभवानीको प्रतीकलाई सवारी चलाइन्छ। यसरी दरवारको वाहिरी पटाङ्गिनीको वाटो भएर श्रीभवानीको सवारी चलाउनुपर्ने भएकाले मन्दिरको ढोकादेखि नै करिब १५ हात लामो पाल टाँगिन्छ (चित्र नं. ४३) र भित्रवाट सवारी चलाएको साइतमा बढाइँ तथा नगरा दिन लगाएपछि श्रीभवानीलाई वोक्ने सुसारेहरू, श्रीभवानीको सिंहासन, आशा, गुर्जा, छत्र, पंखा, चमर, सोंठा, पूर्णघडा वोक्नेसमेत सवै पुरोहित, सुसारे सो पालभित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पसी पालभित्रवाटै वन्द गरी आफूहरूले नै पाल सार्दै दरवारखण्डको ढोका अगाडि आइपुग्छन् (चित्र नं. ४३)। यसरी सवारी चलाउँदा सवारी दर्शन गर्न आउनेहरूले पालवाहिरवाटै दर्शन गर्दछन् । माथि वताएझैं सवारी दरवार खण्डको ढोकामा आइपुगेपछि पालवाट निस्केर सवारी कन्याकोठामा गराइन्छ र पूजाकोठावाट सार्नुपर्ने अरू वाँकी सामानसमेत कन्याकोठामा सारिसकेपछि सवारी चलाउने काम पनि सकिन्छ ।



चित्र नं. ४३

गोरखादरबार दशैंघरमा विजयादशमीका दिन विसर्जन र टीका भइसकेपछि श्रीभवानीलाई पूजाकोठाबाट पटाङ्गिनीको बाटो भएर दरबारखण्डको कन्याकोठामा सवारी चलाइन्छ । यस क्रममा सवारी लाई सर्वसाधारणले हेर्न नहुने चलन छ । यसरी सवारी चलाउँदा पुरोहित लगायत सुसारेहरूले आफूहरू पालभित्र पसी श्रीभवानीको प्रतीक आभूषण र अन्य सामग्रीहरू समेत पालभित्र राखी बन्द पाललाई आफैंले सार्दै लाने प्रचलन छ । सोही क्रममा उपरोक्त चित्रमा मन्दिरखण्डको ढोकामा पाल खडा गर्दैगरेको दृश्य ।

डोली सेलाउने :

विजयादशमीका दिनको सम्पूर्ण काम सकेर सवारी फिराउने कामसमेत सकिएपछि यस दिन दिउँसो ४ बजेतिर फूलपाती सेलाउन प्रस्थान गरिन्छ । प्रस्तुत अवसरमा फूलपातीको दिन पूर्णकलश र वाजागाजासहित भित्र्याइएको फूलको डोलीलाई सेलाउन लगिन्छ । फूलको डोली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् फूलपाती सेलाउने कामको लागि शुक्र छल्ने गरिन्छ। शुक्रको अवस्थिति पूर्वमा भए फूलपाती गोरखा धारापानी मुनिको ऐतिहासिक जलाशयमा[२२] र शुक्र पश्चिममा भए गोरखादरबार उत्तर-पूर्वको मानेपानीमा लगेर सेलाइन्छ। फूलपाती सेलाउन निस्कने क्रममा पूजाकोठावाट भित्रिया, सुसारे, द्वारे र वोहोराले नगराको आदेश दिई डोली उठाउँछन् र बाहिर ल्याएपछि सो डोली, डोली वोक्ने काम गर्ने वस्नेतहरूलाई हस्तान्तरण गर्दछन्। त्यसपछि छडी वोकेका कटुवालको नेतृत्वमा फूलपाती ल्याउँदाकै झाँकीमा सगुने, दीपे, छातेसमेत पहिरन र आभूषण पहिरिएका कलस्यौलीका साथमा गोरखादरवारवाट लावालस्कर फूलपाती सेलाउन जान्छन् (चित्र नं. ४४)। यसरी जाँदा मंगल गाउँदै र फगुवा भाकामा नगरा वजाउँदै रमाइलो वातावरणमा जाने गरिन्छ। यसप्रकारवाट फूलपाती सेलाउन जाँदा श्रीभवानीका सुसारेहरू भने जानुपर्दैन, जानुपर्दैनमात्र होइन श्रीभवानीका 'माइती' र 'मावली' खलक मानिएका भीरकोटे सुसारेले आफ्नो चेलीको डोली निकालेको हेर्न नहुने भएकाले डोली निकाल्नुपूर्व नै भीरकोटे सुसारेहरू आफ्नो घरतर्फ हिडिहाल्ने गर्दछन्। यसप्रकारवाट सेलाउन लगिएको डोली सेलाउने ठाउँमा पुगी घोप्ट्याएपछि १ वोकाको वलि दिएर पूजा गरिन्छ र संलग्न सवैजना भएर सोही ठाउँमा रक्सी, चिउरा, मासुसमेतको भोज खाने गर्दछन्।

चित्र नं. ४४

विजयादशमीका दिन सम्पूर्ण पूजा काम सकिएपछि फूलको डोली सेलाउन हिडेको दृश्य। चित्रमा अघिअघि बाजा बजाउने दमाईहरू र पछिपछि भार, सगुन, कलश, बोक्ने मानिसहरू, कलस्यौलो मंगलेनी तथा पछाडि डोली बोक्नेहरू हिडेका छन्।

---

२२ राजपुरोहित राधाबल्लभको घर नजिकको प्रस्तुत जलाशयमा फूलपाती सेलाउने स्थिति ऐतिहासिक समयमा गोरखादरबारले बाँधेको हुन सक्ने देखिन्छ। यसै परिसरमा हाल पनि पुरोहित राधाबल्लभले निर्माण गर्न लगाएको राधावल्लभेश्वरको मन्दिर रहेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाने क्रम सिद्धिएपछि रित्तो डोली दरवार फिर्दा चाँचरी भाकामा पञ्चैवाजा वजाइन्छ र डोली दरवारमा थन्क्याइसकेपछि पटाङ्गिनीमा वसी भवानीका बानादारहरूले ६ स्वरे भाकामा वाजा फिराउने काम गरिसकेपछि गोरखादरवार दशैंघरको टीकाको दिनको विसर्जनको काम सम्पूर्णरूपले पूरा हुन्छ।

प्रस्तुत प्रकारवाट गोरखादरबारको श्रीभवानीतर्फ दुर्गोत्सवको विसर्जन भएजस्तै श्रीगोरखनाथजीतर्फ पनि सोही साइतमा विसर्जन हुन्छ। साथसाथै गोरखादरवार सम्वद्ध सबै कोट तथा पीठहरूमा दशैंघरको साङ्गे गरिन्छ।

२.१.१.१३ आश्विनशुदी एकादशी :

प्रस्तुत दिन नवरात्रभर श्रीभवानीको पूजामा चढाइएका प्रसादहरू र खड्ग पूजामा चढाइएका ५ मुरी १९ पाथी चामलको नेग सवै कामदारहरूलाई बाँडिन्छ। यसपछि आश्विनशुदी द्वादशी र त्रयोदशीका दिन श्रीभवानीतर्फ कुनै पूजाआजाको काम हुँदैन।

२.१.१.१४ आश्विनशुदी चतुर्दशी :

दुर्गोत्सवको क्रममा अखिलवलि पूर्तिको विधान रहेको पाइन्छ। सोहीअनुरूप गोरखादरवार दशैंघरमा पनि विधिपूर्वक आश्विनशुदी चतुर्दशीका दिन अखिलबलि पूर्तिको काम पूरा गरिन्छ।

प्रस्तुत दिन सर्वप्रथम पञ्चैवाजासहित पूजाकोठामा सर्जाम भित्र्याइसकेपछि पञ्चैवाजा १ र नगरा १ का साथमा श्रीभवानीको पूजा हुन्छ। भित्र पूजाकोठामा पूजा सकिएपछि बाहिर मौलामा साविककै विधिमा राँगाहरूको बलि दिने काम सुरु हुन्छ। यसप्रकार यस दिन हुने वलिको काम हुँदा अष्टमी नवमीका दिनमा झैं धातुको कोटाल[२३] नल्याई टपरीको कोटाल वनाएर ल्याइन्छ भने यस दिन भित्र होम नहुने कारणबाट राँगो वलिको काम एकोहोरो रूपले अघि वढ्दै जान्छ। सर्वप्रथम जेठो राँगो वलि भएपछि साविक वमोजिम खपरु पूजा हुन्छ। अनि ७ राँगाबलि भएपछि भित्र वलि गर्ने कोठामा जनताले ल्याएको बोकाबलि गर्ने काम गरिन्छ। जनताको वोकावलि सिध्याएपछि साविक वमोजिमकै रीतले नगरा र बढाइँको साथमा २७ वटा राँगाको बलि दिने काम पूरा गरिन्छ।

प्रस्तुत प्रकारले राँगाको वलिको काम सकिएपछि जेठो र कान्छो बलिको लागि २ वटा कालो वोकाको साथमा जम्मा ३४ वटा वोकाको साविक वमोजिमकै रीतमा बलि गरिन्छ।[२४] यसरी पटाङ्गिनीमा हुने वलि सकिएपछि भित्र पूजाकोठामा पूजा समापनमा पञ्चैवाजा दिन लगाइन्छ र साविकवमोजिम पातीपर्सादीको काम हुन्छ। यसरी गोरखादरबारकी भवानीको दशैंघर पूजा सम्पूर्णरूपमा समाप्त हुनजान्छ। यसपछि काटिएका राँगा बोकाको नेग वितरण गर्ने काम गरिन्छ।

---

[२३] हेर्नुहोस् परिच्छेद २.१.१.१० को आश्विनशुदी अष्टमी (महाष्टमी) अन्तर्गत 'राँगा पर्सने' भन्ने अनुच्छेद।

[२४] हेर्नुहोस् परिच्छेद २.१.१.११ अन्तर्गत 'सरकारी बोकाको बलि' भन्ने अनुच्छेद।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.१.१५ आश्विनशुदी पूर्णिमा :

यस दिन विहानै ब्रह्ममुहूर्तमा कन्याकोठाबाट श्रीभवानीको सवारी कैलाशपुरीमा चलाइन्छ। यस अवसरमा पनि नगरा बढाइँ आदि दिइन्छ। यसप्रकार प्रस्तुत दिन भवानीको सवारी कैलाशपुरीमा चलाइसकेपछि ६ महिनासम्मका लागि श्री भवानीको प्रतीकलाई सोही ठाउँमा राखिन्छ।

प्रस्तुत दिन कराइ भोजको लागि भनेर श्रीविद्याका समीपमा एक बोकाको बलि गरिन्छ र साथै मध्यान्हतिर ठिंगा भैरवमा १ वोकाको बलि गरी १ बढाइँसमेत दिइन्छ। यसै बढाइँपछि श्रीगोरखनाथजीको साबिक पूजा सुरु भएको र श्रीभवानीको दशैंघरपूजाको सम्पूर्ण आह्निक कार्यसमेत सकिएको सूचना मिल्दछ। यसपछि गोरखादरबारको दशैंको काममा संलग्न सबै पुरोहित, सुसारे, कटुवाल, नगर्चीहरू तथा अन्य कामदारले पाउने कामअनुसारको साबिक दरबन्दीको दक्षिणा, दस्तुर, भेटी आदि बाँड्ने काम गरिन्छ र अन्तमा श्री ५ को निजी खर्चबाट प्राप्त हुने राजकीय भोज खुवाउने काम गरी सबैलाई बिदा गरिन्छ।

२.१.२ गोरखादरबार र सम्बद्ध पीठहरूमा चैतेदशैं

२.१.२.१ चैत्रशुदी अष्टमी (चैत्राष्टमी) :

गोरखादरवारकी श्रीभवानीको पूजा संवत् १८५६ भन्दा अघि वर्षमा दुईपटक अर्थात् चैत्र महिनामा चैत्राष्टमीको एक दिन र असोज महिनामा आश्विनशुदी पक्षभर मात्र गरिन्थ्यो भन्नेकुरा माथि बताइसकिएको छ। सम्भवत : त्यसैकारण राजपरिवारका गद्दीनसीनले समेत श्रीभवानीको दर्शन गर्न चाहेमा वर्षमा दुईपटक मात्र दर्शन गर्न मिल्ने चलन थियो[२५] भन्ने कुरा ऐतिहासिक सामग्रीले पुष्टि गर्दछ। यसप्रकार ऐतिहासिक समयदेखि नै श्रीभवानीको पूजामध्ये महत्त्वपूर्ण चैत्राष्टमी (चैतेदशैं) को पूजाआजा पनि गोरखादरवारमा भव्यरूपले सम्पन्न गरिन्छ।

प्रस्तुत पूजाका लागि चैत्राष्टमीअगाडि नै मन्दिर तथा दरवार लिपपोत गरी राखिन्छ। अनि चैत्रशुदी सप्तमीका दिन बडादशैंका लागि आश्विनकृष्ण औंसीमा गरे झैं ब्राह्मण तथा देवतालाई निमन्त्रणा गर्ने काम हुन्छ। त्यसपछि त्यसको भोलिपल्ट अर्थात् चैत्राष्टमीका दिन ब्रह्ममुहूर्तमा नै भित्रिया तथा भीरकोटे सुसारेहरू भएर कैलाशपुरीबाट रंगमहलमाथिको कोठाको बाटो भएर श्रीभवानीलाई पूजाकोठामा सवारी चलाउँछन्। यसरी सवारी चलाउँदा बढाइँ तथा नगरा दिइन्छ। सवारी पूजाकोठामा चलाइसकेपछि भाँडा माझ्ने, सफा गर्ने काम एकातिर चालू हुन्छ भने अर्कोतिर दर्शन गर्न आउने यात्रुहरूको भीड लागिराखेको हुन्छ। यसैबीच सर्वप्रथम पञ्चैवाजा वजाई आश्विनमहाष्टमीको विवरणमा वताएझैं पुरानो आलम ढाली नयाँ आलम फेरिन्छ। त्यसपछि पञ्चैवाजा वजाएर पूजाकोठामा सरकारी दरवन्दीको पूजासामान भित्र्याइसकेपछि जनताको पूजासामान वुझेर लिइन्छ। सामान भित्रिइसकेपछि

---

२५ इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १, योगी नरहरिनाथ, पृ. ७३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलपुरोहित पूजाकोठामा प्रवेश गरी पूजाको काम सुरु गर्दछन्। यता वाहिर नवरात्रको १ दिनको हुनेसरह सबै खालको पाठ गर्ने ब्राह्मणहरू जम्मा भई जपपाठ गर्दछन्। चैत्राष्टमीका दिन हुने सम्पूर्ण जपपाठको विवरण यसै शोधको परिच्छेद ३.२ मा विस्तृत रूपले व्याख्या गरिएको छ। यसप्रकारले पूजापाठ सुरु भैसकेपछि पूजाकोठावाट सर्वप्रथम पञ्चैवाजा १ र त्यसपछि नगरा १ समेत वजाउन लगाई पूजा भैसकेपछि मूलपुरोहित र सुसारेहरू ब्राह्मणवरणका लागि बाहिर पाठ गर्ने कोठामा आई यसैको परिच्छेद २.१.१.३ अन्तर्गत प्रतिपदाको तोकिएको रोजको काम भन्ने अनुच्छेदमा बताएझैं ब्राह्मणवरणको काम सक्दछन्। ब्राह्मणवरण सकिइसकेपछि पूजाकोठामा शंख, घण्टा, डमरु र वाहिर नगरा १ समेत वजाई श्रीभवानीको पूजा गरिन्छ।

पूजाकोठामा हुने पूजाको काम सकेर मूलपुरोहित र सुसारेहरू वाहिर निस्केपछि वडादशैंको महाष्टमीकै रीतले यसैको परिच्छेद २.१.१.१० अन्तर्गत 'राँगा पर्सने' नामको अनुच्छेदमा वताएझैं भित्रीवाजा वजाउँदै राँगो पर्सन जाने, मौला पोत्ने र भित्र-वाहिर रेखी हाल्ने, वलिको मौलो वरपर कोटालहरू ल्याउने आदि काम सकिन्छ र सोही प्रसंगमा वताएझैं जेठो राँगाको पूजासंकल्प र वलि गरी खपरु पूजा र होमसंकल्प गर्ने काम गरिन्छ। त्यसपछि जम्मा ७ राँगा वलि परेपछि भित्र वलि गर्ने ठाउँमा महाष्टमीकै रीतले होमको वोका एक र गुठको भैंडा ५ को छुट्टाछुट्टै पूजा गरी वलि गरिन्छ र सो काम सकेपछि जनताले ल्याएको वोकाको वलि दिने काम करीव ७, ८ घण्टासम्म चालू हुन्छ भने उता ७ राँगा वलिपछि भैरुङ्गवलिमा १ सुँगुरको वलि दिइन्छ। होमको वोकाको कलेजो होम्नेसम्वन्धी कुरा पनि यसैको महाष्टमी र महानवमीपर्व वारे उपशीर्षकमा वताएझैं नै हुने गर्दछ।

माथि वताएअनुरूप गर्न थालिएको जनताको बोकावलि सकिएपछि थप १५ वटा राँगावलि गरेर जम्मा २२ राँगाको वलि पुर्‍याएपछि कन्यापूजाको काम गरिन्छ। प्रस्तुत चैत्राष्टमीको दिन राजभान्सा कोठामा मामुलियत कन्या - १ र कुमार १ तथा गुठी भान्साकोठामा ५ वटा गुठीका कन्या र कुमार १ समेतको साविककै रितले पूजा-आजा गरी तिनलाई भोजनसमेत गराइन्छ। कन्यापूजाको काम समाप्त भएपछि सो दिन वलि गर्नुपर्ने बाँकी ५ राँगाको वलि गर्ने काम पूरा गरिन्छ। यस अवसरमा पनि कान्छो राँगो वलि पर्दा[२६] भित्रको होमयज्ञको पूर्णाहुति गर्ने रीति रहेको पाइन्छ।

वाहिर मौलामा राँगाको वलि सकिएपछि जेठो कान्छोका लागि दुईवटा निखरा कालोसहित ४५ वटा सरकारीतर्फका वोका वलि गर्न ल्याइन्छ र तीमध्ये जेठो र कान्छोको एकसाथ पूजा गरी वलि गर्न थालिन्छ। वोकाको वलि गर्दा जेठो र कान्छोको लागि मात्र दुई दुई वढाइँ र नगरा दिइन्छ। पटाङ्गिनीमा हुने ४५ वटा सरकारी वलि सकिएपछि दरवार खण्डको भण्डारकोठामा जंगीनिशान र नौनिशानको सम्झनामा तिनको प्रतीकमा विधिपूर्वक पूजा गरी ४ वटा वोकाको वलि दिइन्छ र अन्तमा श्रीभवानीतर्फ अष्टमी भेंडा १ को वलि गरी यस दिनको वलि पूजाको काम समाप्त हुन्छ।

---

[२६] सबै पर्वहरूमा जेठो र कान्छो मार हान्ने सुसारेले सो मार हान्ने बेला तैयारी भैसकेपछि भुजेली लिएर पटाङ्गिनीबाट पूजाकोठाको ढोकामा गई माईको दर्शन र शक्ति थापेर आई मार हान्ने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चैत्राष्टमीको दिन पनि वाहिर बलि गर्ने काम सकिएपछि पूजाकोठामा विसर्जन पूजा हुँदा बाहिर पञ्चैबाजा वजाइन्छ र सो कार्यपश्चात् पाठ गर्ने कोठामा पुरोहितहरूले असौंका पात र फूल-अक्षताले भरिएको टपरी लिई स्वस्तिपाठ पढ्दछन् । राजप्रतिनिधि र सुसारेहरूलाई जलले अभिषेक गर्ने तथा तिलक, रक्षावन्धन आदि पहिऱ्याइदिन्छन् । यसअघि नै अभिषेक जल, तिलक आदि श्री ५ का लागि छुट्याउने र गद्दीमा चढाउन पठाउने गरिन्छ । तत्पश्चात् पूजाकोठाको वाहिरी कोठामा पातीपर्सादी लगाउने काम गरिन्छ र अन्तमा पूजाकोठाबाट कैलाशपुरीमा माईको सवारी फिर्ता गराउने काम भैसकेपछि प्रस्तुत दिनको विधिवत् पूजाकार्य समाप्त हुन्छ ।

माथि वताएझैं विभिन्न विधिविधानपूर्वक गर्नुपर्ने चैत्राष्टमीको दिनको श्रीभवानीको पूजाकार्य समाप्त भएपछि राँगो, वोकाको टाउको तथा शरीरसमेतको नेग बाँड्ने काम गरिन्छ ।

प्रस्तुत दिन श्रीगोरखनाथजीमा महाष्टमीसरह रोट विनाको पूजा गरिन्छ भने नवरात्रमा पूजा जाने सबै पीठहरूमा पूजा गर्न एक एक पूजा सामान गोरखादरबारले पठाउने गर्दछ । उपल्लाकोटमा भने कोटदेवीमा भैंडा १ र बोका १ को बलि पूजा गरी होम गर्ने काम हुन्छ भने बज्रभैरवमा १ सुँगुरको वलि दिइन्छ एवं प्रकारबाट तल्लाकोट देवी तथा विरिम्कालीमा समेत बलिपूजाको लागि गोरखादरबारबाट १, १ वटा वोका दरवन्दी गरिएको छ । यस अवसरमा चण्डीमा पनि कुखुराको भालेपोथी र सुँगुर १ बलि दिइन्छ ।

२.१.२.२ चैत्रशुदी नवमी (रामनवमी) :

यस दिन गोरखादरवारको चैत्राष्टमीमा काम गर्ने सबै कामदारहरूलाई दरवन्दीमा व्यवस्था भएबमोजिम दक्षिणा, भेटी, दस्तुर बाँड्ने काम हुन्छ भने श्रीभवानीतर्फ चैत्राष्टमी पूजाको पर्सादी माग्न आउनेलाई पर्सादी बाँडिन्छ । चैत्राष्टमीका दिन भक्तजनले गोरखनाथलाई चढाउन ल्याएका रोटहरू सो दिन चढाउन नहुने हुँदा यसै दिन पकाएर चढाइन्छ ।[२७]

२.१.३ गोरखादरबार श्रीकालिकामा प्रतिअष्टमी पूजा

गोरखादरवार श्रीभवानीको साविकमा चैत्राष्टमी र वडादशैंमा मात्र पूजा हुने गरेकामा संवत् १८५६ देखि पुरकोटमा गुठी राखी प्रतिअष्टमीपूजा चलाई गोरखा ३६ थुम (चारभञ्ज्याङ्ग जस्तै) भित्रका जनताले पूजा तथा बलि चढाउन पाउने व्यवस्था गरिएकोमा १९९० सालबाट सारा जनताका लागि गोरखादरवार श्रीभवानीको पूजा गर्ने, बलि चढाउन पाउने अधिकार दिएको पाइन्छ ।

यसप्रकारबाट संवत् १८५६ बाट चालू भएको प्रतिअष्टमी पूजाले गोरखादरबार श्रीभवानीको पूजा गर्न चाहने भक्तहरूलाई सुगम बनाएको छ । साविकमा पुरकोट गुठीबाट

---

२७ गोरखनाथका पुजारीहरूको आन्तरिक अप्ठेराका कारणबाट जनताले चढाउन ल्याएका रोटहरू २०५० सालदेखि चढाउन बन्द गरिएको भए पनि पुनः २०५४ बाट चढाउन थालिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउने आयस्ता वा जिन्सी सामानबाट उपर्युक्त अष्टमीपूजा चलेको र सो पूजाका लागि स्थानीय छिपिटोलका नेवारहरू गुठियारका हैसियतले व्यवस्थापकझैं प्रतीत हुन्थे। आज गुठी व्यवस्थामा विचलन आएका कारण प्रस्तुत प्रतिअष्टमी पर्वलाई र अन्य पर्वलाई चाहिने सम्पूर्ण सामानहरू गोप्य टेण्डरद्वारा वर्षभरका लागि गोरखादरबारले ठेक्कामा लगाउने गर्दछ।

सामान्यत: वर्षभरमा पर्ने २४ अष्टमीमध्ये महाष्टमी र चैत्राष्टमीका दिन विशेष पूजापर्ने भएकोले सो बारेमा लामो विवरण माथि प्रस्तुत गरियो। सोबाहेक अन्य प्रतिअष्टमीका दिन हुने पूजाका विधिविधानमध्ये भाद्रशुदी अष्टमीको आंशिक काम र आश्विनवदी अष्टमीको दिनको काममा बज्ने बाजाको भाकामा मात्र हुने सामान्य अन्तर (जसका बारेमा परिच्छेद ३.१.१ को मालसिरी उपशीर्षकमा बताइने छ।) लाई छोडेर अन्य कार्यहरूमा बिलकुल कुनै कुराको अन्तर रहेको छैन।

त्यस्तो प्रतिअष्टमीपूजाका दिन विहान १० बजे श्रीभवानीको मन्दिरतर्फको ढोका खोलिन्छ र धुनीकोठामा बसेर पूजा सामग्री तयार गरेपछि भित्रिया र भीरकोटे सुसारेहरूले पञ्चैबाजा बजाउन लगाई सर्जाम भित्र्याउँछन्। सर्जाम भित्र्याइसकेपछि सुसारेहरूले जनताका पूजासामान बुझी पूजाकोठामा लान थाल्दछन् भने अर्कोतिर गोरखादरबारका पुरोहितहरूले पाठ गर्ने कोठामा बसी जपपाठहरू गर्दछन् र पूजा गर्ने पुरोहित श्रीकालिकाको (प्रतिअष्टमी पूजा हुन श्रीभवानीको प्रतीकलाई कालिका वा कसैले गोरखकालीसमेत भन्ने गरेको पाइन्छ) पूजाका लागि पूजाकोठामा प्रवेश गर्दछन्। पूजाका क्रममा पहिला पञ्चैबाजा १ र पछि नगरा १ बजेपछि बाहिर पाठ गर्ने कोठामा 'गन्धाक्षत' अर्थात् पुरोहित जना ५ लाई ब्राह्मणवरणको टीका लगाइन्छ। गन्धाक्षतको काम सकिएपछि भित्र पूजाकोठामा शंख, घण्टा, डमरु र बाहिर नगराका साथ कालिकाको पूजा हुन्छ। यसप्रकारबाट भित्र पूजाकोठामा हुने पूजाको काम सकिएपछि बाहिर बलि गर्ने ठाउँमा एक कुभिण्डो र एक सरकारी भेँडा तथा खड्गको विधिवत् पूजा तथा संकल्प गरिन्छ। त्यसपछि जेठो कान्छो मार हान्ने सुसारेले कुभिण्डो तथा भेँडाको बलि मार हानिसकेपछि १ नगरा दिइन्छ र तत्पश्चात् जनताले चढाउन ल्याएका बोकाको बलि दिने काम सुरु हुन्छ।

यसप्रकार हुने अष्टमी पूजाको पछिल्लो चरणमा अर्थात् अपरान्ह ४ बजेतिर राजभान्सा कोठामा कन्या एकलाई विधिपूर्वक पूजा गरी सौभाग्य र कपडा दिनाको साथै भोजन पनि गराइन्छ। यसरी कन्यापूजाको काम भैसकेपछि सो अष्टमीमा कालिकाको लागि जनताले ल्याएको बलि चढाउने काम बन्द हुन्छ। यसप्रकार कन्यापूजा भैसकेपछि भित्र पूजाकोठाको पातीपर्सादी बाहिर ल्याएर बाँडिन्छ भने उता सुसारेहरूले पूजाका भाँडा बुझाउने काम सक्छन् र अन्तमा बलि गरिएका बोकाका टाउकाहरूको नेग बाँडेपछि प्रत्येक अष्टमीमा एकै प्रकारले पूजा समाप्त हुने गर्दछ।

२.१.४ गोरखादरबार श्रीकालिकामा नुहागी पूजा

कृषिप्रधान नेपाली हिन्दू समाजमा वार्षिक रूपमा नयाँ अन्नलाई आफ्ना देवपितृलाई विधिपूर्वक चढाएरमात्र आफूले खाने चलन छ। फसल भित्र्याउँदा आफ्ना आराध्य देवतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गरी सो फसल चढाउने चलन संसारका विभिन्न संस्कृतिमा पाइन्छ । इराकमा त पशुबलि समेत गर्ने चलन छ भनिन्छ । नेपालमा पनि भूमिदेवतालाई खुसी पार्न फसल भित्र्याउँदा पशुभोग चढाउने चलन विभिन्न जातिहरूमा पाइन्छ । सम्भवत : यसै सामाजिक आधारमा १८५६ मा गोरखाकालिकाको नाममा गुठी राखिएको तनहुँ पुरकोटको जग्गाबाट आएको आयस्ताबाट नेपालका राजाहरूले आफ्नो इष्टदेवी गोरखकालीलाई कार्तिक शुक्लद्वादशीमा नुहागी चढाउने स्थिति बाँधेको हुनसक्ने देखिन्छ । हाल गुठी व्यवस्था चालू नभए पनि गोरखादरवारको ठेक्का व्यवस्थाबाट सामान प्राप्त गरी प्रस्तुत दिन श्रीकालिकामा नुहागी चढाइन्छ ।

यस दिन प्रतिअष्टमीसरह नै पूजासामान हाली पूजाकोठामा भित्र्याएर सोही विधिमा पूजा गरी श्रीकालिकामा नुहागी चढाइन्छ । यस दिन बलि तथा कन्यापूजाजस्ता अष्टमीपर्वमा गर्नुपर्ने कार्यहरू भने गर्न नपर्ने चलन छ । नुहागी चढाउने भोगमा चामल, केरा र दही मोली त्यसमा नरिवल, बदाम, ल्वाङ, अलैंची, जाइपत्री, दाख, मिश्री आदि मिलाएर तयार पारिन्छ र उक्त नुहागी श्रीकालिकामा चढाइसकेपछि पूजाको अन्तमा सोही 'नुहागी' लाई प्रसादको रूपमा बाँड्ने चलन छ ।

२.२ श्रीगोरखनाथजीमा हुने पूजा

२.२.१ श्रीगोरखनाथजीमा हुने नित्यनैमित्तिक पूजा

उपत्यकावासीसँग रिसाएर आएपछि गोरखामा रहन लागेका उनै आदि गोरखनाथको योजना र सिद्धिको योगले गोरखाली शाह राजाहरूका लागि राज्यलक्ष्मीको अखण्डभोग सम्भव भएको कथासँगै गोरखामा गोरखनाथको पूजाआजाका व्यवस्थाबारे पनि विभिन्न अनुश्रुति सुन्न पाइन्छ । जसअनुसार लमजुङवाट (पुस्तुङ) यायावर बनेर घुम्दै आएका योग धर्म लिएका वटुक कुमार 'आशानाथ' लाई श्रीगोरखनाथजीले आफ्नो सेवक बनाई सो कुरा नाथजीले पृथ्वीपति शाहलाई सपना दिएकाले ती राजावाट आफ्नो राज्यमा आएका ती व्यक्तिलाई निम्त्याई गोरखनाथजीको नित्यनैमित्तिक पूजाका लागि सन्तान दरसन्तानसम्मलाई अधिकार पाउनेसमेत व्यवस्था गरिदिएको भन्ने भनाइ छ । यसैकारण कम्तिमा पनि पृथ्वीपति शाहको पालादेखि नित्यनैमित्तिक पूजा थालिएको श्रीगोरखनाथजीको पूजा गर्ने हालका कुँवर योगीहरू आफूलाई तिनै घिमिरे ब्राह्मणवाट योगी बनेका आशानाथको सन्तान मान्दछन् ।

श्रीगोरखनाथजीको नित्यनैमित्तिक पूजाका लागि साविकदेखि विभिन्न समयमा विभिन्न खालका गुठीहरू राखिएको पाइन्छ । श्रीगोरखनाथजीमा भोग लगाउने रोट पकाउन दाउराका लागि ठूलो वनगुठी राख्नाको साथै गोरखा जिल्लाका तीनपीपले, वोहोरावेसी, टक्सार, नाङ्नेपानी जस्ता ठाउँहरूमा राखिएको गुठीका जरगावाट प्राप्त हुनुपर्ने जिन्सी आम्दानी प्राप्त नहुने गरेकोले पूजामा विस्तारै वाधा पर्दै जान थालेको बुझिन्छ ।

प्रत्येक चैत्राष्टमी, बडादशैं (आश्विनशुदी पक्षको १४ दिन), साउने भण्डाराका ४ दिन, शिवरात्रि दिन १ तथा वैशाखशुदी पूर्णिमा जस्ता विशेष पर्वपूजाका दिनदेखि बाहेक अन्य दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदासर्वदा समान रीति र विधिविधानले श्रीगोरखनाथजीको नित्यनैमित्तिक पूजाआजा गर्ने चलन छ। आजकल तिनै आशानाथ तथा सुन्दरनाथका सन्तानहरूमध्ये ४ जना कानफट्टा योगीहरूले १, १ हप्ताको पालोमा श्रीगोरखनाथजीको पूजाआजा गर्दछन्। पूजाक्रममा विहानै गोरखनाथको गुफा लिपपोत गरिसकेपछि पवित्रतापूर्वक पूजासर्जाम हाली सकिन्छ। त्यसपछि करिब विहान ११ बजेतिर तिनै कानफट्टा योगीहरूद्वारा गुफामा श्रीगोरखनाथजीको प्रतीकस्वरूपको चक्कामा तथा वालगोपाल, भैरव तथा गुफामा रहेका अन्य देवदेवताहरूको समेत पूजा गरिन्छ। तोकिएका तिथिहरूमा सरकारी व्यवस्थाअन्तर्गत पकाइएको रोटको वीचको भाग (नाभी) मन्त्रोच्चारणका विधिपूर्वक चुपिले काटेर निकालिन्छ र श्रीगोरखनाथजीलाई चढाइन्छ। यसरी पूजाअर्चना गर्नुपूर्व नै योगी पूजाहारीद्वारा गोरक्षसहस्रनाम पाठ भैसक्छ भने श्रीगोखनाथजीको मुख्य पूजा हुँदा एकजनाले ठूलो घण्टा लगातार बजाइरहन्छ र डमरुको नादको साथमा 'नाद' (वाजा) वजाएर पूजाहारीहरूले गोरखनाथको पूजा सम्पन्न गर्दछन्। यसरी हुने मुख्य पूजामा गोरखनाथका नगर्चीहरूले नगरा वजाउने चलन छ। यसरी सरकारी व्यवस्थाअन्तर्गतको पूजा सकिएपछि जनताले ल्याएको पूजा गर्ने र रोट चढाउने काम साविकमा हुने गरेको भए तापनि हाल यसमा व्यवधान आएको पाइन्छ।

प्रस्तुत प्रकारवाट विहानको पूजा सकिन्छ भने वेलुका पनि प्रत्येक दिन सन्ध्याकालमा धूप, दीप, जल चढाई 'सन्जे' जगाइन्छ। वेलुका श्रीगोरखनाथजीमा 'सन्जे' जगाउँदा पनि नगरा वजाउनुपर्ने चलन छ।

२.२.२ श्रीगोरखनाथजीमा हुने विशेष पर्वपूजाहरू

(१) शिवरात्रि :

महाशिवरात्रिको दिन गोरखादरवारमा श्रीगोरखनाथजी तथा श्रीपशुपतिनाथसमेतको विधिपूर्वक पूजा गरिन्छ। पूजा सकिएपछि यस दिन स्थानीय योगीहरू र घुमन्ता, फिरन्ता, फकिरहरूलाई समेत भण्डारा खुवाउने चलन साविकमा रहेको र जसमा फापर ३ पाथी, पिंडालु, सागपात आदि सुसारेहरूले ल्याई भण्डारा तयार गर्ने चलन थियो। तर आजकल जोगीहरूलाई भण्डारा खुवाउन आवश्यक सबै सामानहरू गोरखादरवारले ठेक्काप्रथाद्वारा जुटाइदिने गर्दछ। यस दिन रातमा अखण्डदीपसमेत बालिन्छ।

गोरखनाथजीमा हुने पूजाको अलावा यो दिन पोखरीथोकमा श्रीरामेश्वर महादेवमा पनि विशेष पूजा र मेला लाग्दछ। यस दिन गोरखादरबारका बानादारहरू यहाँ आएर पन्चैवाजा वजाउने नियम छ।

(२) वैशाखशुदी पूर्णिमा (चण्डीपूर्णिमा) :

यस दिन पनि श्रीगोरखनाथजीको विशेष पूजा हुन्छ। यस क्रममा साबिक पूजाकाम सकिएपछि उपल्लाकोटमा यिनै योगीहरूद्वारा बज्रभैरवको पूजा हुनाको साथै वर्षमा यो एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन मात्र बज्रभैरवलाई रोट चढाइन्छ । यस अवसरमा बज्रभैरवमा सुसारेहरूले १ सुँगुरको वलि पनि दिन्छन् भने चण्डी भञ्ज्याङ्गको चण्डीदेवीको थानमा यस दिन वलिपूजा सम्पन्न हुन्छ। यस दिन यहाँ सुँगुर १, कुखुराको भालेपोथी २, भेंडा १ र बोका १ समेतको वलि गर्नुको साथै सोही वलि गरेको भेंडा र वोकाको मासु तथा गोरखादरवारको ठेक्कावाट प्राप्त अन्य सामानसमेत मिलाई शिवरात्रिमा झैं जोगीहरूलाई भण्डारा खुवाइन्छ। भण्डाराका लागि ठेक्कावाट सामान प्राप्त गर्ने व्यवस्था मिलाउनुपूर्व उपल्लाकोटका सुसारेहरूले ३ पाथी सरकारी दरवन्दीको चामलवाट रोटी पकाई, अचार, सिप्लीगान आदि मिलाई जोगीहरूलाई भण्डारा खुवाउने गर्दथे भनिन्छ ।

(३) साउने भण्डारा :

श्रावणशुदी प्रतिपदाको दिनदेखि ऐ. चतुर्थीसम्म एउटै रीतले श्रीगोरखनाथजी तथा भण्डारा भैरवको समेत विधिवत् विशेष पूजा गरी पुजारी योगीहरू, मगन्ता, फिरन्ताहरूलाई समेत भण्डारा खुवाइन्छ। यस अवसरमा पहिलो पटक साविकवमोजिम श्रीगोरखनाथको नित्यपूजा तथा नगरा भैसकेपछि योगीहरू तल भण्डारा भैरवको स्थलमा जान्छन्। त्यहाँ गएपछि भण्डारा भैरवको विभिन्न तीन चरणमा पूजा हुन्छ। भण्डारा भैरवको प्रतीक त्रिशुललाई गुरुआसनमा[२८] ठडयाएर दीप, कलश र गणेशको पूजाका साथ भण्डारा भैरवलाई वलिपूजा गरिन्छ। यस अवसरमा विभिन्न कामका लागि ३ पटक नगरा बजाइन्छ। साउने भण्डाराको क्रममा प्रतिपदादेखि चतुर्थीसम्मको लागि जम्मा ४ दिनमा प्रत्येक दिन १, १ वटा सुँगुरको वलि र पहिलो र अन्तिम दिन २, २ वटा वोकाको वलि अनि बीचमा २ दिन प्रत्येक दिन १, १ वटा वोकाको वलि गरिन्छ। बलि गरिएको वोकाको मासु तथा गोरखादरवारको दरवन्दीवमोजिम प्राप्त हुने अन्य सामानहरूवाट ४ दिनसम्म योगीहरूलाई भण्डारा खुवाइन्छ। यसरी भण्डाराका लागि ठेक्कावाट सामान प्राप्त गर्ने व्यवस्था हुनुपूर्व यस कामका लागि गोरखाका थुमथुमका जनताले खीर, दही, तामा, टुसाहरू वलकको रूपमा वुझाउन ल्याउने गरी स्थिति वाँधिएको कुरा परिशिष्ट २४ का सामग्रीवाट वुझिन्छ।

२.२.४ गोरखादरबारमा सम्पन्न हुने अन्य सांस्कृतिक तथा सामाजिक पर्व र पूजाहरू

श्रीगोरखनाथजीका नित्यनैमित्तिक पूजादेखि वाहेक हुने विशेष पूजामध्येको चैतेदशैं तथा वडादशैंका अवसरमा गोरखनाथजीतर्फ हुने पूजाआजाका वारेमा समेत श्रीभवानीतर्फको पूजाआजाको व्याख्या गर्दा विषय समावेश भैसकेकाले सोही कुरा यहाँ पुनरावृत्ति गरिन्न ।

माथि विभिन्न शीर्षक, उपशीर्षकहरू अन्तर्गत गोरखादरवारका श्रीभवानी तथा श्रीगोरखनाथजीको वर्षभरमा हुने पर्व तथा पूजाहरूको रूपरेखा खिचियो। यस सन्दर्भमा गोरखादरवारसँग सम्वन्ध राख्ने अन्य वरपरका पीठहरूमा पनि विभिन्न खालका विशेष

---

[२८] यसै गुरुआसन भनिने ढुंगामा आशानाथको कान चिरेर योगी बनाई श्रीगोरखनाथजीको पूजाका लागि सन्तान दरसन्तानसम्मका लागि पूजारीको काम गर्न अभय प्रदान गरिएको थियो भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाहरू र नित्यनैमित्तिक पूजा हुने कुरा स्मरण गर्न योग्य भएको छ । यसमध्ये प्रचुर गुठीको आम्दानीबाट पोखरीथोकका रामेश्वरमहादेव, मुरलीधरनारायण, गणेश तथा गोरखादरबार परिसरमा रहेको श्रीविद्याको नित्यनैमित्तिक पूजा हुन्छ । निजी गुठीबाट नित्यनैमित्तिक पूजा चल्दै आएका देवालयहरूमध्ये नारेश्वरको श्रीविन्ध्यवासिनी तथा छिपिटोलको राधावल्लभेश्वर र मैदानका मैदानकाली मुख्य छन् । विरिम्काली, ढुंगाडे भगवती र पद्माख्य नारायणको त झन् नित्यनैमित्तिक पूजाका लागि गोरखादरबारले पूजा सामानको खर्चको लागि वार्षिक दरबन्दीको व्यवस्था गर्नुका साथै श्री ५ को सरकारको सेवाको १, १ जना कर्मचारीलाई उक्त काममा खटाएको समेत पाइन्छ । अन्य देवदेवालयमा हुने पूजा तथा विशेष कार्यका बारेमा माथि विभिन्न प्रसङ्गमा उल्लेख गरिसकिएको हुँदा यहाँ दोहोर्‍याइरहनु आवश्यक देखिएन ।

यसबाहेक संवत् १६१६ मा गोरखामा द्रव्य शाह राजा भएपछि र कम्तिमा पनि संवत् १८०१ सम्म नै गोरखाली राजाहरूको राजकीय राजदरबारको गरिमा ओगटेको गोरखादरबारमा तात्कालिक समयदेखि चालू कैयन्, सामाजिक रीतिरिवाज, सांस्कृतिक र सामाजिक पर्वहरू आज पनि कायमै रहेको पाइन्छ । नरभूपाल शाहको पालाको खर्चको टिपोटमा तीजमा महादेवलाई भेटी चढाउन, संक्रान्तिमा पूजाको लागि गाईजात्रा तथा कृष्णजात्रामा भेटी चढाउन, अष्टमीश्राद्ध गर्न, चौथीमा गणेशपूजाका लागि खर्च भएको कुरा देखाइएकाले सर्वसाधारण जनताले सरह सामाजिक अर्वपर्वहरू मनाउने काममा राजदरबार पनि संलग्न रहेको पाइन्छ । त्यसमध्ये आज पनि गोरखादरबारमा नियमित रूपमा सम्पन्न हुने निम्न पर्वहरूका बारे संक्षेपमा चर्चा गरिन्छ ।

(१) अक्षय-तृतीया

प्रस्तुत दिन गोरखादरबारमा खुदो पानीमा घोलेर तयार पारिएको सर्वत र जौको सातु आगन्तुकहरूलाई र दरबारकै कामदारहरूलाई समेत बाँडिन्छ ।

(२) साउने-संक्रान्ति :

परम्परागत वलकका रूपमा आउने तामा, टुसालगायतका कृषिजन्य फलफूलहरू समेतबाट साउने संक्रान्तिका दिन 'कण्डारक' पूजा गर्ने कार्य सम्पन्न हुने गर्दथ्यो । आज आएर वलक आउने क्रम टुटेको अवस्थामा पनि गोरखादरबारले उपलब्ध गराउने सामानबाट साउने संक्रान्तिमा 'कण्डारक' पूजा गरी लुतो फाल्ने काम गरिन्छ ।

(३) नाग-पञ्चमी :

श्रावणशुदी पञ्चमीका दिन प्रत्येक सर्वसाधारण हिन्दूहरूका घरमा झैं गोरखादरबारका पुरोहितले नागपट ल्याएर विधिपूर्वक 'घृतधारा' समेत दिई पूजा गरेर उक्त पटलाई दरबारको ढोकामा टाँस्ने काम गर्दछन् । यसप्रकार यस दिन नागपटमा नागराजहरूको पूजा गरी घरदैलोमा टाँसेमा वर्षभर सर्पले दुःख नदिनाका साथै समृद्धिका प्रतीक नागको आराधनाबाट उपासकलाई समेत समृद्धि मिल्छ भन्ने धारणाले यहाँ पनि काम गरेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) जनै-पूर्णिमा :

श्रावणशुदी पूर्णिमाका दिन सप्तर्षिको पूजासमेतको विधिवाट मन्त्रणा गरिएको रक्षाबन्धन ल्याएर गोरखादरवारका पुरोहितले श्री ५ का लागि र श्री ५ का सम्भनामा उक्त रक्षाबन्धन गोरखादरवारको पुरानो गद्दीमा चढाउने गर्दछन् ।

प्रस्तुत दिन ग्रहण गरिने जनै (यज्ञोपवीत) रक्षा, आयु र आरोग्यको प्रतीक मानिन्छ ।

(५) कुशे-औंसी :

भाद्रवदी औंसीका दिन वैदिक मन्त्रोच्चारणका साथ काटेको कुशलाई गोरखादरबारका पुरोहितले ल्याई गोरखादरवारमा चढाउने गर्दछन् ।

(६) जलधारा :

वैशाखशुदी पञ्चमीका दिन गोरखादरवारका पुरोहितहरूले पुष्करतीर्थमा अवस्थित रामेश्वरमहादेवको स्थानमा विधिपूर्वक पूजा तथा श्रीमहादेवमा जलधारा चढाई रुद्रीपाठ लगाउँदछन् । सुख्खा खडेरी तोड्न र सरस वर्षा गराई संसारलाई हराभरा बनाउने सौम्य कामनाका साथ गरिने यो कामना पूजाको पर्व आज पनि निरन्तर रूपमा गोरखादरवारले वार्षिक रूपमा गर्दै आएको छ । यस अवसरमा गोरखा दरवारका श्रीभवानीका नगर्चीहरूले पञ्चैबाजा बजाएर पूजा होउन्जेल परिक्रमा गरिरहन्छन् र पूजा सकिएपछि रंगपानी खेल्दै गोरखादरबारबाट आएका उपर्युक्त सबै कामदारहरू बाजा बजाउँदै गोरखादरबारतर्फ फर्कन्छन् । यस अवसरमा पहिला पहिला स्थानीय गोरखाबजारका मानिसहरूको पनि व्यापक सहभागिता रहन्थ्यो भनिन्छ । यसका लागि र लाखपत्रका लागि अघि कौशी तोसाखानाबाट खर्च अ।उने गरेको भए पनि हाल यस कार्यलाई आवश्यक पर्ने सामग्री गोरखादरबारले ठेक्कामार्फत प्राप्त गर्दछ ।

(७) समीक्षे :

प्रत्येक वर्षको वैशाखशुदी अष्टमीका दिन ३६ थुमका जनताहरूले आ-आफ्नो गाउँबाट एक-एक वटा बोका ल्याई साभ्फेदारीका रूपमा पूजा गर्ने र सोको लगत गोरखादरवारमा राख्ने परम्परागत चलन रहेको भए पनि यो परम्पराको अब केही अवशेष मात्र बाँकी रहेको पाइन्छ ।

(८) लाखपाती :

वैशाखशुदी दशमीका दिन धर्मनदीका (दरौंदी) तीरमा बसेर गोरखादरबारका पुरोहितहरूले अन्य ब्राह्मणहरूका समेत सहायताले १ लाख २५ हजार पीपलका पातमा गाईका दूधले सूर्यको मन्त्र लेखी बगाउने गरिराखिएको परम्परागत स्थितिमा यस कामलाई 'लाखपत्र बगाउने' भनिन्छ । आजकल रीतपूर्वक सवालाख पीपलका पातमा गाईको दूधले एकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनमा मन्त्रहरू लेखी सिध्याई पात बगाउने काम ज्यादै असम्भव देखिन्छ भने स्रोत र व्यवस्थाको अभावमा आजकल यो कार्य त्रुटिपूर्ण तरिकाले औपचारिकता पुऱ्याएर मात्र गर्ने गरिएको छ ।

यस अवसरमा गोरखादरबारका यस कामसँग सम्बद्ध सबै कामदारहरू नगर्चीहरूलाई पञ्चैवाजा वजाउँदै अगाडि हिँड्न लगाएर दरौंदी किनारमा झर्दछन् । त्यहाँ पुगेपछि दीप, कलश, गणेश पूजा गरी महादेवलाई अखण्ड गाईको दूधको दुग्धधारा दिइन्छ र साथमा दुर्गा सप्तशती तथा रुद्री पाठ गर्ने काम हुन्छ । यसप्रकार पीपलको पात बगाउने र पाठको काम समाप्त भएपछि यज्ञको पनि अन्त गरिन्छ र अन्तमा दरौंदीको बीचमा पुगी गंगापूजा गर्ने काम गरिन्छ । पूजा सकिएर भोज खाइसकेपछि सबै कामदारहरू बाजा वजाउँदै र श्रीमहादेवसँग पानी माग्दै गोरखादरवारतर्फ फर्कन्छन् । साविकमा कौशीको खर्चमा हुने यो कामका लागि हाल गोरखादरवारले गोप्य टेण्डरद्वारा ठेक्का लगाउने गरेको छ । प्रस्तुत कार्य गर्न तोकिएको थलो (चोरकाटे) ऐतिहासिक समयमा विशिष्ट आवश्यकताको प्रतिफल झैं देखिन्छ । गोरखावाट लमजुङ जाने मूल प्रस्थानविन्दुमा रहेको चोरकाटे भन्ने स्थानमा उक्त पूजाको काम गरिन्छ । यो स्थान शेरा (राजाको खेती गर्ने जग्गा) नजिक रहेको र यहाँ राजाको पुरानो शीतकालीन दरवारसमेत रहेको[२९] अनुमान गरिएको छ ।

(९) गाईजात्रा :

प्रस्तुत दिन गोरखाका टोलटोलमा लगाइएको गाईजात्राहरू ल्याएर गोरखादरवारमा देखाइन्छ । तत्कालीन समयमा गोरखादरवारमा राजाहरू वस्दा राजालाई उनको सम्मानमा देखाउने र वकस पाउने उद्देश्यले यी जात्राहरू ल्याई देखाउने चलन वाँधिएको हुनसक्ने देखिन्छ । आज पनि त्यसरी गोरखादरवारमा जात्रा देखाउन ल्याउने जात्रेहरूलाई भेटी तथा फलफूल वाँडिदिने गरिन्छ ।

(१०) कृष्णजात्रा :

भाद्र कृष्णाष्टमीका दिन स्थानीय गोरखा पोखरीथोकका मुरलीधर नारायणलाई विशेष आभूषणसमेत पहिऱ्याई पूजा गरिन्छ (चित्र नं. ४५) ।

यस अवसरमा श्रीकृष्णलाई रथयात्रा गराउने क्रममा परम्परागत रूपमा नै सो रथ गोरखादरवारमा समेत ल्याउनुपर्ने रीतिस्थिति रहेकाले आजकल पनि प्रत्येक वर्ष श्रीकृष्णाष्टमीका दिन उक्त रथ गोरखादरवारमा ल्याई देखाउने गरिन्छ (चित्र नं ४६) । यस काममा आउने कामदारलाई ज्याला तथा भेटी दिने र भगवान्लाई फलफूल र दही चढाउने गरी हाल पनि गोरखादरवारले व्यवस्था मिलाउने गरेको पाइन्छ ।

---

[२९] विस्तृत जानकारीको लागि हेर्नुहोस् भट्टराई लोकप्रसाद 'हराएको सम्पदा कहाँ थियो त गोरखावेसीको ऐतिहासिक दरबार' वैशाख ७, २०५४ गो.प. शनिवासरीय परिशिष्टाङ्क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ४५
गोरखा पोखरीथोकस्थित श्रीमुरलीधर नारायणको मन्दिरका श्रीभगवान् मुरलीधरलाई वर्षको १ दिन श्रीकृष्णाष्टमीका दिन यसरी मुण्डमाला, मुकुट, किकिंपा आदि आभूषण पहिराई दिने चलन छ।



चित्र नं. ४६
श्रीकृष्ण जन्माष्टमीका दिन गोरखा पोखरीथोकका श्रीमुरलीधर नारायणको रथयात्राको दृश्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(११) वैशाख महिनामा पशुपतिमा हुने जलधारा :

वैशाख महिनाभर गोरखादरबारको श्रीपशुपतिनाथको शिवलिङ्गमा अखण्ड-जलधारा गर्ने गरेको पाइन्छ ।

(१२). कार्तिकमा हुने महादीप पूजा :

कार्तिक महिनाभर पोखरीथोकका श्रीमहादेवमा विशेष पूजा गर्ने र बत्ती बाल्ने कामका लागि चाहिने सामग्री गोरखादरबारले उपलब्ध गराउँदछ भने प्रस्तुत महिनाभर प्रत्येक साँझ श्रीमहादेवको पूजा हुँदा गोरखादरबारका श्रीभवानीतर्फका बानादार गई पञ्चैबाजा बजाउने गर्दछन् ।

चित्र नं. ४७

गोरखादरबारमा श्रीभवानी र अन्य पीठमा पूजाहुँदा बजाइने पञ्चबाजा । यस बाजा समूहमा ढलकी, टचाम्को, झ्याली, कर्नाल, सनाही र दमाहा पर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग ३

गोरखादरबारक्षेत्रका रीतिस्थिति र परम्पराहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - ३

गोरखादरबारक्षेत्रका रीतिस्थिति र परम्पराहरू

३.१ गोरखादरबार श्रीभवानीतर्फ बजाइने बाजागाजा

३.१.१ गोरखादरबारको परम्परागत पर्व तथा पूजाका दिनहरूमा बजाइने बाजागाजा

गोरखादरबारको परम्परागत पर्व-पूजाहरूमा बजाइने बाजागाजाहरूलाई मुख्यतया तीन प्रकारमा विभाजन गर्न सकिन्छ। त्यसमध्ये 'पञ्चैबाजा' तथा 'नगरा' भन्ने बाजाहरू दमाई जातिका बानादारले बजाउँछन् भने 'भित्री-बाजा' चाहिँ विशेष पर्वहरूमा मगर जातिका सुसारेहरूले बजाउँछन्। विभिन्न अवसरमा बजाइने 'पञ्चैबाजा' गोरखानाथजीतर्फ र श्रीभवानीतर्फ गरी दुई भिन्नाभिन्नै 'बाजा-समूह' मा व्यवस्थित गरिएको पाइन्छ। भवानीपट्टिको पञ्चैबाजामा रासा (सहनाई), ढलकी, झ्याली, ट्याम्को, कर्नाल र दमाहा (चित्र नं. ४७) पर्दछन् भने गोरखनाथजीतर्फ जम्मा ५ वटा बाजाहरूको एक बाजा-समूह रहेको छ। सम्पूर्ण नित्यनैमित्तिक पूजामा बज्ने ती बाजाहरूमा नगरा, धोप, कर्नाल, रासा र कहाल पर्दछन्।

त्यसैगरी श्रीभवानीपट्टिको नगरा बाजा-समूहमा धोप, रासा (सहनाई), कहाल, भेरी, बिजुली, न्याउली, नगरा, शिकार र कर्नाल नाम गरेका बाजाहरू (चित्र नं. ४८) पर्दछन्। यी बाजाहरूको चित्र यहाँ प्रस्तुत गरिएको छ। त्यसैगरी 'भित्री-बाजा' अन्तर्गत ठूला-ठूला मादल - २ तथा झ्याली - २ पर्दछन्। अब यहाँ उपरोल्लेखित बाजाहरू वर्षदिनभरिका के कस्ता पूजा तथा पर्वहरूमा के कसरी कुन भाकामा बजाउने गरिन्छ भन्नेबारे विस्तृत रूपमा चर्चा गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र नं. ४८

गोरखादरबारमा श्रीभवानीको पूजा हुँदा बजाइने 'नगरा बाजा समूह' ।
यसमा नगरा, कर्नाल, धोप, कहाल, बिजुली भेरी, शिकार र जोर सहनाई पर्दछन् ।

मालसिरी भाका :

प्रसङ्गअनुसार यस अनुसन्धानको विभिन्न अध्यायहरूमा गोरखादरबार दशैंघरको पूजाका बारे बताइसकिएको छ। जसअनुसार गोरखादरबारमा सम्पन्न हुने दशैंघरप्रभृति मामुलियत पूजा राजा राम शाहको पालादेखि पृथ्वीपति शाहको पालासम्मबाट चलेको हुनसक्नेतर्फ मजबूत प्रमाणहरू उपस्थित छन् भन्ने कुरा हामीलाई थाहा भैसकेको छ ।

त्यसमध्ये बडादशैं, दशैंघरको पूजाको लागि पूर्वाङ्ग स्वरूपको कर्म खास रूपमा भाद्रशुक्ल अष्टमी (कागे अष्टमी) को दिनबाट सुरु हुन्छ। यस दिन साबिक प्रति-अष्टमीको पूजाकै क्रममा बिहान पञ्चैबाजासहित पूजा सर्जाम पूजाकोठामा भित्र्याइने, दोस्रो पञ्चैबाजामा गणेशपूजा अनि पूजा सुरु हुने नगरा र ब्राह्मणवरण तथा श्रीको पूजा हुँदा बज्ने नगरासमेत २ पञ्चैबाजा तथा २ नगरा साबिक प्रति-अष्टमीमा बजाइने '६ स्वरे' तालमा बजाइसकेपछि उक्त दिन बलि पर्नुअघि दशैंको आगमन स्वरूप 'मालसिरी' फुकाउने गरिन्छ। उक्त अवसरमा पञ्चैबाजाको रासाले भाका फिराई-फिराई 'मालसिरी' भाकाको रासा बजाएको र अरू बानादारले सोही माफिकको तालले बजाएको बाजाको कर्णप्रिय मधुर धुनले प्रत्येक रसिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनलाई द्रवित पारिदिन्छ। यसरी हाकिम, पुरोहित, सुसारे, कटुवाल, वानादारहरूको उपस्थितिमा सम्पन्न हुने यो मालसिरी फुकाउने समारोहले वास्तविक रूपमा दशैंको निकटस्थ आगमनको संकेत गर्दछ। यसरी मालसिरी फुकाउने कार्य सकिएपछि उक्त अष्टमीको दिनको साविक वलि पर्ने कार्य सम्पन्न हुन्छ र उक्त वलि पर्दासमेत मालसिरी रागमा नै नगरा वजाइन्छ। यसरी यसै अवसरदेखि नै श्रीभवानीतर्फको प्रत्येक पूजाहरूमा मालसिरी भाकामा नै सबै पञ्चैवाजा तथा नगराहरू वजाइन्छ। यो क्रम आश्विनकृष्ण अष्टमीको दिनको सबै काम तथा नवरात्रको घटस्थापनादेखि सप्तमी (फूलपाती) को दिन फूलपाती भित्र्याएर दशैंघर पस्ने काम सिद्धिउन्जेलसम्म कायम रहन्छ।

यसरी कागे अष्टमीको दिनवाट बजाउन सुरु गरिएको मालसिरी भाका नवरात्रको प्रत्येक रोजका सम्पूर्ण कामहरूमा वजाउँदै फूलपातीको डोली भित्रने तथा सन्ध्याकालीन (सन्जे जगाउने) कामसम्म चालू रहन्छ। त्यसकारण गोरखादरवार दशैंघरमा मालसिरी भाकाको बाजा बजाउनुपर्ने कामको सूची तयार गर्दा पञ्चैवाजा ३० पटक र नगरा ४० पटक वज्ने देखिन्छ। जसको संक्षिप्त विवरण यसप्रकार छ।

गोरखादरबार दशैंघरमा बज्ने मालसिरी बाजाको विवरण

पञ्चैबाजा		*नगरा*	
१.	आश्विनवदीको अष्टमीमा सर्जाम भित्र्याउँदा र गणेशपूजनमा - २।	१.	कागेअष्टमी वलि पर्दा - १।
२.	घटस्थापनाको दिन सर्जाम भित्र्याउँदा, गणेशपूजनमा अनि धूप, दीप गर्दासमेत तीनपटक- ३।	२.	आश्विनवदी अष्टमीको ब्राह्मणवरण तथा पूजा अनि वलिसमेत गर्दा जम्मा तीनपटक -३।
३.	द्वितीयाको दिन सर्जाम भित्र्याउँदा, गणेशपूजन तथा धूप दीपमा र पुरोहित कहाँ सेवा लगाउँदा समेत जम्मा चारपटक - ४।	३.	घटस्थापनाको दिन माईको सवारीमा घटस्थापना गर्दा ब्राह्मणवरण, भवानीको पूजा र बलि तथा सन्ध्यासमेतमा गरी जम्मा ६ पटक - ६।
४.	तृतीयाको दिन ऐ. वमोजिम चारपटक - ४।	४.	नवरात्रको द्वितीयाको दिन आवाहन, भवानीको पूजा, बलि, तथा सायंकालीन सन्ध्यामा समेत गरी जम्मा चारपटक - ४।
५.	चतुर्थीको दिन ऐ. बमोजिम चारपटक - ४।	५.	तृतीयाको दिन ऐ. बमोजिम चारपटक - ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. पञ्चमीको दिन ऐ.बमोजिम चारपटक - ४।	६. चतुर्थीको दिन ऐ.बमोजिम चारपटक - ४ ।
७. षष्ठीको दिन ऐ.बमोजिम चारपटक तथा बिल्वनिमन्त्रणाको लागि सर्जाम बैडाउँदा समेत जम्मा पाँचपटक - ५।	७. पंञ्चमीको दिन ऐ. बमोजिम चारपटक - ४ ।
८. सप्तमी (फूलपातीको दिन) मा सतार राँगो पर्साउँदा - १, सर्जाम भित्र्याउँदा - १, गणेशपूजा - १, तथा धूपदीपमा - १ समेत चारपटक - ४ ।	८. षष्ठीको दिन ऐ. बमोजिम चारपटक - ४ ।
	९. सप्तमीको दिन साबिकबमोजिम आवाहन पूजा - १, भवानीको पूजा - १, बलि - १, फूलपातीको क्रममा कलश सिंगार्ने काममा मंगलसूत्रले कलश बाँध्दा-१, भेटी चढाउने तथा हवालाको सामानसहित नौ निशानको प्रस्थान हुने साइतमा -१ (यसै साइतमा भित्र देवतामा भित्रिया सुसारेद्वारा विशेष पूजा हुन्छ र त्यसपछि सारू सुसारेले कलस्यौलीलाई आफ्नो श्रृंगार दशर्न गराउन ऐना देखाउँछ ।), फूलपाती लिन प्रस्थानको साइतमा - १ (यो नगरा धार्नेगौंडा (दारेगौंडा) पुगुन्जेलसम्ममा ९ लहरी लगाएर समाप्त हुन्छ ।), तल्लो चौताराबाट पर्सने ठाउँसम्म नौ लहरीकै नगरा - १, पुरोहितद्वारा नरिवल पगरी चढाई पर्सँदा नगरा-१, (जुन नगरा तल्लो चौतारामा सकिन्छ) धार्नेगौंडाबाट दरबार पसुन्जेलसम्ममा नगरा १, पूर्णघडाको बलिपूजापश्चात् डोली भित्र्याउँदा नगरा- १ समेतमा सप्तमीको दिन नगरा संख्या -१० ।
जम्मा पञ्चैबाजा बजाइने - ३० पटक ।	जम्मा नगरा बजाइने - ४० पटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबार दशैंघरमा बजाइने मालसिरी भाकाको बाजा भाद्रशुदी अष्टमीको दिनदेखि आश्विनशुदी सप्तमीको दिनसम्ममा करिब १ महिनासम्म बज्दछ र यसमा नियमित काममा पञ्चैबाजा ३० पटक तथा नगरा जम्मा ४० पटकसमेत गरी कुल ७० पटक बज्ने देखिन्छ। यहाँ पञ्चैबाजा भन्नाले उपरोल्लेखित पञ्चैबाजाको ६ वटा बाना बज्ने तथा नगरा भन्नाले पञ्चैबाजाको ६ वटा बाना तथा नगरातर्फका ९ वटा बानासमेत जम्मा १५ वटा बाना बज्ने कुरा बुझ्नु पर्छ। यसप्रकार शरद ऋतुको महान् पर्व दशैंको पूर्वपीठिका झैं प्रस्तुत यी मालसिरी भाकाका गीत तथा लयहरू देवीको भक्तिभाव गर्ने खालका छन्। गोरखादरबार दशैंघरमा मालसिरी भाकामा बाजा बज्ने अवसरहरूमध्ये आश्विनशुदी प्रतिपदाको दिन प्रातःकालमा श्रीभवानीको सवारी कैलाशपुरीबाट पूजाकोठामा गराइने अवसरदेखि सप्तमीको दिनको सायंकालीन सन्ध्याका अवसरसम्म कायम रहन्छ भने बाजासँगै हनुमानढोका दरबारबाट खटिएर आएका मंगलेनीहरूले मंगल गायन गर्दछन्। उक्त मंगलगायनको शब्द रचना हाल नेपालीभाषामा भए पनि आजभन्दा १२ वर्ष अघिसम्म हिन्दी भाषामै रहेको थियो। यसरी गोरखादरबारमा गाइने मालसिरीका गीतहरू बाजाझैं पञ्चैबाजा तथा नगरा गरी दुई अवस्थामा दुई थरी गाउनुको सट्टा पूजाको प्रकार अर्थात् कुन देवताको र कस्तो प्रकारको पूजा तथा मंगल कार्य हो सोहीबमोजिम गाउने गरिन्छ। यस्ता सबैखालका गीतका शब्दरचनाहरू यसैको परिशिष्ट १४ मा दिइएको छ। त्यसमध्ये गणेशपूजाको अवसरमा गाइने **'गणेशपुजौं नदी किनारमा .....'** भन्ने गीत गणेशको पूजा हुने प्रत्येक अवसरमा गाइन्छ। त्यसैगरी **'धन्य, धन्य, धन्य, धन्य गुह्येकालिका ....'** भन्ने गीत प्रत्येक मंगलकार्य तथा फूलपाती सिंगार्ने अवसरमा गाइन्छ। आश्विनशुदी प्रतिपदाको दिनदेखिकै प्रत्येक रोजरोजको बलि तथा आश्विन शुक्ल पक्षभरिको सम्पूर्ण राँगा, बोका तथा भेंडासमेतको बलि हुने अवसरमा भने **'ले ले हानौं ले ले ....'** भन्ने भाकामा गाइन्छ। श्रीभवानीको मुख्य पूजामा भने **'जय विन्दवासिनी तिमी भवानी ......'** भन्ने गीत तथा श्रीगोरखनाथजी तथा श्रीभवानीको समेत दुबै थरिको पूजामा गाइने गीतको रूपमा **'जय देवी भैरवी ....'** भन्ने गीतलाई लिन सकिन्छ। एवं प्रकारले **'हे माई पञ्चकुमारी ......'** भन्ने गीतद्वारा कुमारीपूजाको अवसरलाई अझ भक्तिभावले परिपाक बनाएको हामी पाउँछौं।

यसरी पूजाका अवसर र प्रकारअनुसार विभिन्न लयमा तथा विभिन्न शब्द-रचनामा परिवेष्टित मालसिरीका उपरोल्लेखित गीतहरू सबैलाई मालसिरी भन्ने गरिए तापनि बलिका अवसरमा गाइने **'ले ले हानौं ले ले ......'** भन्ने गीत मालसिरी भाकामा नभई नवगाह भाकामा बाजा बजेको बेला गाइने भएकाले यसलाई पृथक रूपमा हेर्नुपर्ने देखिन्छ।

गोरखादरबार दशैंघर पूजाको प्रमुख आकर्षण तथा धार्मिक दृष्टिकोणले अत्यन्त संवेदनशील यस गीति परम्परालाई अक्षुण्ण राख्नु अपरिहार्य देखिन्छ, एकातिर भने परम्परागत रूपमा श्री ५ महाराजाधिराजका राजदरबारबाट खटिई आउने कलस्यौली तथा मंगल गाउने नानीहरू आउन छाडेपछि हाल हनुमानढोका दरबारका निम्नस्तरका सरकारी वैतनिक कर्मचारी महिलाहरूलाई यस काममा खटाउने गरेबाट यसको गुणात्मक पक्षमा केही विचलन आउन थालेको पाइन्छ। एकातिर निम्न वैतनिक कर्मचारीहरूलाई त्यसप्रकारको गायनकलामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निपुण बनाउन श्री ५ को सरकारको जिम्मेवार निकायहरू उदासीन रहेको पाइन्छ भने प्रत्येक वर्ष महिला कर्मचारीहरूलाई दशैंजस्तो महान् चाडमा घर छाडी जान काजमा खटाउन गाह्रो परिरहेको भन्ने यथार्थ बुझ्दा यसको संरक्षण तथा परम्परागत गरिमालाई सम्बर्द्धन गर्नका लागि गोरखादरबारमै विद्यमान मौजुदा जनशक्तिलाई तालिम प्रदान गरी यस कार्यमा परिचालन गर्नु मितव्ययिताका दृष्टिले औचित्यपूर्ण तथा स्वाभाविक र दीर्घजीवी उपचारात्मक उपायको रूपमा प्रस्तुत छ ।

(नोट : माथि प्रस्तुत गरिएका मालसिरी गीतका बोलहरूको पूर्णपाठ परिशिष्ट १४ मा दिइएको छ। प्रस्तुत गीतहरू हनुमानढोका स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयमा कार्यरत धनकुमारी, नानु तथा साथीहरूको सौजन्यबाट प्राप्त भएको हो ।)

नवगाह भाका :

बडादशैंको फूलपातीको दिन साँझमा दशैंघर पस्ने काम सिद्धिइसकेपछि पटाङ्गिनीको ढोकाबाहिर बसेर बानादारहरूले 'बाजा फिराउने' काम सम्पन्न गर्दछन् । यसमा साबिक बजाइरहेको मालसिरी भाकाको सट्टा नवगाह बाजा बजाउन आरम्भ गरिन्छ । यसरी बाजा फिराएपछि बज्न थालेको नवगाह बाजा आश्विनशुदी दशमीको दिन फागुको रङ्ग खेल्नुअघिसम्म हुने सम्पूर्ण काममा बजाइन्छ । यसरी मुख्यत: बलि प्रधान पूजा तथा प्रत्यक्ष बलिका कार्यहरूमा बजाइने नवगाह बाजा हिंसाको प्रतीक तथा देवी र दानवबीच युद्धको अवस्थाको सामरिक संकेतको रूपमा प्रस्तुत छ । गोरखादरबारको दशैंघर पूजाअन्तर्गत महाकाली रूपकी देवीको पूजाको विधिवत् आरम्भ स्वयं 'दीप भगवान्' को सवारी र साथमा वर्छा, भाला, तीर, धनु, काँड, बन्दुक, ढालको पूजाकोठामा पुऱ्याउने कार्यसँगै थालिन्छ । यसरी युद्धजनित परिवेशमा यसै दीपको सवारीको अवसरदेखि नवगाह बाजा पनि बज्न थाल्दछ । फूलपातीको दिनको बाँकी काम तथा अष्टमी, नवमीको सम्पूर्ण काम र विजयादशमीको दिन रङ्ग खेल्नुअघिसम्म बजाइने यो बाजा पुन: आश्विनशुदी चतुर्दशीको दिनको सम्पूर्ण काम तथा चैत्राष्टमीको दिनको बलि गर्ने कामका लागि मात्र बजाइन्छ । यसरी हेर्दा बलि-प्रधान सम्पूर्ण कर्ममा बज्ने यो बाजा पञ्चैबाजा बज्ने तथा नगरासमेत बज्ने अवसरका आधारमा तथा विभिन्न प्रकारका लहरीका आधारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । यसका लागि गोरखादरबार दशैंघरमा बडादशैं तथा चैत्राष्टमीमा समेत बज्ने नवगाह भाकाको पञ्चैबाजा तथा नगराहरूको पूर्णविवरण यसप्रकार भएको पाइन्छ :

गोरखादरबार दशैंघर पूजामा नवगाह बजाइने अवसरहरूको सूची

नवगाह पञ्चैबाजा	नवगाह नगरा
क. आश्विनशुदी सप्तमी (फूलपाती)	
१. फूलपातीको दिन दीपको सवारीपछि भित्र पूजामा गणेशपूजा हुँदा - १ ।	१. फूलपातीको साँझ बाजा फिराउँदा -१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	२. फूलपातीको साँझ हुने दीप भगवान्‌को सवारी हुँदा - १ ।
	३. फूलपातीकै दिन दीप सवारीपछि आवाहन पूजामा - १ ।
	४. सोही दिन प्रति ३ लहरीयुक्त २७ नगरा लाग्दा नगरा संख्या -२७ ।
	५. फूलपातीकै दिन काम समाप्त हुने वेलामा भद्रकाली वलिमा - १ ।
जम्मा १	जम्मा नगरा - ३१
ख. आश्विनशुदी अष्टमी (महाष्टमी)	
१. प्रात: आलम फेर्दा - १ ।	१. पूजाकोठामा आवाहन पूजामा - १ ।
२. गुठीको सामान पूजाकोठामा भित्र्याउँदा - १ ।	२. पूजाकोठामा भवानीको पूजा हुँदा - १ ।
३. पूजाकोठामा गणेशपूजनमा - १	३. श्रीभवानीको पूजा हुँदा प्रत्येक ३ लहरीको २७ नगरा संख्या - २७ ।
४. बाहिर ढोकामा राँगो पर्संदा - १	४. यो दिन हुने ३३ राँगाको प्रत्येकको बलि हुँदा बज्ने ५ लहरीको नगरा संख्या - ३३ ।
५. माथि पटाङ्गिनीमा रेखी हाल्दा - १	५. यसदिन सात राँगा काटेपछि भित्र हुने गुठको भेंडा -९, होमको बोका -१, तथा गुठको बोका - २ को बलि पर्दा प्रत्येकको जेठो बलिलाई ९ लहरीयुक्त नगरा जम्मा गर्दा नगरा संख्या- ३ ।
६. यो दिनको जम्मा ३३ राँगा मौलामा बाँधी पूजा गर्दा जम्मा बज्ने पञ्चैबाजा - ३३ ।	६. कालरात्रिको बलि पर्दा नगरा - १ ।
७. कालरात्रि बलिको लागि पूजा गर्दा बज्ने पञ्चैबाजा - १ ।	७. अष्टमी भेंडाको बलि पर्दा नगरा - १ ।
८. अष्टमी भेँडो बलिको लागि पूजा गर्दा बज्ने पञ्चैबाजा - १ ।	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा - ४०	जम्मा नगरा - ६७ ।
ग. आश्विनशुदी नवमी (महानवमी)	
१. भित्र गणेशपूजा हुँदा - १ ।	१. भित्र आवाहन पूजामा - १ ।
२. यो दिन बलि हुने बीस राँगा बलि हुनुपूर्व पूजा गर्दा पञ्चैबाजा जम्मा -२० ।	२. भित्र भवानीको पूजा हुँदा हुने प्रति ३ लहरीको २७ नगरामा जम्मा नगरा संख्या - २७ ।
३. सतारपूजा हुँदा बज्ने पञ्चैबाजा - १ ।	३. यसदिन बलि हुने जम्मा राँगा बीसको बलि पश्चात् बज्ने प्रति ५ लहरीको नगरा संख्या-२० ।
४. यो दिन बलि हुने ३२ बोकामध्ये जेठो कान्छोलाई एकसाथ पूजा गर्ने बेला बज्ने पञ्चैबाजा - १ ।	४. यस दिन सात राँगाको बलिपश्चात् हुने होमको बोकाको बलि हुँदा बज्ने नगरा - १ ।
५. निशानपूजाको जेठो बोका पूजा गर्दा बज्ने पञ्चैबाजा १ ।	५. सताररााँगो बलि हुँदा विशेष प्रकारको नवगाह नगरा - १ ।
६. रेवन्तेपूजा गर्दा बज्ने पञ्चै बाजा - १ ।	६. कन्याकोठामा हुने पूजाको बलिमा हुने नगरा - १ ।
	७. यस दिन काटिने ३२ बोकामध्ये पहिलो (जेठो) र अन्तिम (कान्छो) बोका बलि हुँदा हुने नगरा संख्या - २ ।
	८. निशानपूजाको जंगीनिशानको लागि गरिने बोका बलि हुँदा बज्ने नगरा - १ ।
	९. रेवन्तेपूजा हुँदा हुने भेंडो बलिको नगरा - १ ।
जम्मा - २५	जम्मा नगरा ५५ ।
घ. आश्विनशुदी दशमी (टीका) को धुपदिपमा-१	
	१. विसर्जनको साइतमा बज्ने नगरा- १ ।
	२. टीकाको साइतमा बज्ने नगरा - १ ।
	जम्मा नगरा - २ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार गोरखादरवार दशैंघरमा फूलपातीको दिन साँझ फूलपातीको डोलीलाई दीप, कलश, गणेश, सगुन तथा भारहरूका साथ दशैंघर पूजाकोठामा भित्र्याएपछि श्रीभवानीको प्रचण्ड स्वरूप अर्थात् महाकाली रूपको राजसीपूजा सुरु हुनासाथ वाजा फिराएर बजाउन थालिएको नवगाह वाजा तत्पश्चात् हुने सम्पूर्ण कामहरूमा वज्दै आश्विनशुदी दशमी अर्थात् टीकाको दिनको टीकाको साइत गर्ने नगरा बज्दासम्म कायम रहन्छ। यसप्रकार प्रमुख बलिप्रधान पूजाको प्रतीकको रूपमा रहेको यो बाजा टीकाको साइत पश्चात् समाप्त भए पनि पुन: आश्विनशुक्ल चतुर्दशीको दिन हुने 'अखिल वलि पूर्ति' पूजाको कामका लागि हुने सम्पूर्ण कर्म हुँदा यही नवगाह बाजा वज्दछ भने वडादशैंको अतिरिक्त गोरखादरवार दशैंघरमा चैत्र शुक्लाष्टमीमा हुने वलिपूजाका दिनसमेत नवगाह वाजा वज्दछ तापनि उक्त दिन वडादशैंका अवसरमा झैं सम्पूर्ण दिनभरको काममा नवगाह वाजा नवजी वलिको काममा मात्र नवगाह बजाउने गरेको देखिन्छ। यस हिसाबबाट हेर्दा गोरखादरवारको वडादशैं तथा चैत्राष्टमीसमेतको महापूजामा खास गरी वलिप्रधान कर्म हुँदा वज्ने नवगाह बाजाहरू कुन रूपमा र संख्या वा आवृत्तिमा वज्दछन् भन्ने कुरा निर्क्यौल गर्न सकिने भएको छ। जसका लागि बडादशैंको फूलपाती, महाष्टमी, महानवमी तथा विजयादशमीमा वज्ने वाजाहरूको विवरण माथि दिइएको तालिकाका आधारमा तथा आश्विनशुक्ल चतुर्दशीको दिन तथा चैत्राष्टमीको दिन बज्ने बाजाहरूको विवरण तलको तालिकाले प्रष्ट पार्दछ। यसअनुसार गोरखादरवारको वडादशैंको दशैंघर पूजाअन्तर्गत आश्विनशुक्ल सप्तमी, अष्टमी र नवमीको तीन दिनमा बज्ने नवगाह पञ्चैवाजाको आवृत्ति क्रमश: १, ४० र २५ छ भने आश्विनशुक्ल चतुर्दशी र चैत्राष्टमीका दिन वज्ने उक्त वाजाको संख्या क्रमश: ३१ र ३० हुने देखिएबाट गोरखादरवारको वर्षभरिको नियमित पूजामा बज्ने नवगाह पञ्चैवाजाको कुल आवृत्ति १२७ हुने देखिन्छ। एवं प्रकारले यहाँ वर्षभरि बज्ने नवगाह नगराको संख्या आश्विनशुक्ल सप्तमी, अष्टमी, नवमी, दशमी, चतुर्दशी तथा चैत्राष्टमीसमेतको क्रमश: ३०, ६७, ५५, २, ५७ र ३३ हुन हुँदा यसको कुल आवृत्ति २४४ हुने देखिन्छ।

गोरखादरबारको दशैंघरमा बज्ने नवगाह बाजाहरूको थप विवरण तालिका

पञ्चैबाजा	नगरा
क. आश्विनशुक्ल चतुर्दशी	
१. भित्र गणेशपूजनमा - १	१. आवाहन पूजामा- १।
२. मौलामा २७ राँगाको बलिपूजा हुँदा प्रत्येकको एकपटक - २७।	२. श्रीभवानीको पूजा हुँदा २७ नगरा लाग्दा बज्ने प्रति ३ लहरीको नगरा - २७।
३. सरकारी बोकामध्ये जेठो र कान्छो दुई बोकाको एकसाथ पूजा गर्दा बज्ने पञ्चैवाजा - १	३. २७ वटा राँगाको वलिपश्चात् प्रत्येक राँगोलाई १ नगराको दरले - २७।
४. पातीपर्सादी हुनुपूर्व पूजाको साङ्गे र धूपदीपमा - १।	४. काटिने कुल बोकामध्ये जेठो र कान्छो बोका वलि हुँदा बज्ने नगरा - २।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा - ३०	जम्मा नगरा - ५७।
ख. चैत्राष्टमी	
१. राँगा काट्ने मौलामा रेखी हाल्दा - १।	१. २७ राँगाको बलि पर्दा प्रत्येकको लागि एक नगराको दरले – २७।
२. २७ राँगाको बलि हुनुपूर्व प्रति एकको पूजा हुँदा एक पटकले – २७।	२. गुठका ५ भेंडा बलि हुनेमध्ये जेठो भेंडा बलि पर्दा नगरा – १।
३. ४५ बोकाबलि हुँदा जेठो र कान्छोको एकसाथ पूजा हुँदा – १।	३. होमको बोका १ बलि पर्दा नगरा – १।
४. अष्टमी भेंडोपूजा हुँदा – १।	४. ४५ बोकाबलि हुनेमध्ये जेठो र कान्छो बलि पर्दा प्रत्येकलाई १ नगराले – २।
	५. अष्टमी भैंडोबलि पर्दा – १।
जम्मा- ३०	जम्मा नगरा- ३२।

फागु भाकाको बाजा :

गोरखादरबार दशैंघरमा आश्विनशुक्ल प्रतिपदाको दिनदेखि सुरु भएको शारदी महापूजाको लोमहर्षक भव्यता विजयादशमीको दिन विसर्जन तथा टीकाको साइतपछि हुने सिन्दूर–यात्रा (फागु) मा पुगेर चूडान्त हुन्छ। यस अवसरमा भित्र दशैंघर पूजाकोठाबाट ठूलो जोरमादल– २ तथा ठूलो जोरझ्याली– २ बजाउँदै अघि–अघि भीरकोट सुसारे तथा पछि-पछि मूलपुरोहित तथा अन्य पुरोहितहरू निस्कन्छन् भने दरबारपट्टिबाट राजप्रतिनिधि, कटुवाल, हाकिम आदि आउँछन् र मौलो रहेको पटाङ्गिनीमा ३ पटक सबै जनाले प्रदक्षिणा गर्दछन्। यस अवसरमा तल्लो पटाङ्गिनीमा ३ पटक सबै जनाले प्रदक्षिणा गर्दछन् र सोही बखत तल्लो पटाङ्गिनीमा वसेर नगर्चीहरूले फागुको भाकामा पञ्चैबाजा बजाइरहन्छन्। यसरी प्रदक्षिणाको क्रममा कलस्यौली तथा मङ्गलेनीहरूले रङ्गमहलमा बसेर १० औं पाथी रातो रङ्गपानीले पुरोहित, सुसारे र हाकिमलाई छ्यापेर रुझाइदिन्छन् भने सो पछि फुको अबीर तथा सिन्दूरले 'सिन्दूरयात्रा' गरिन्छ (चित्र नं. ४१)। यसरी फागुको अवसरमा बज्न थालेको यो फागु बाजा सोही दिन फूलपातीको डोली सेलाउन गई डोली घोप्ट्याउने अवसरसम्म बज्छ। दानवका प्रति देवीको विजयको घटनालाई हर्षका साथ लिइएको पौराणिक कथावस्तुको प्रतीकात्मक प्रमाण तथा दशौं दिनदेखि बहुत व्यस्त भएर सम्पन्न गरिएको श्रीभवानीको महापूजाको समाप्ति तथा टीकाको साइत गरिएको यस अवसरमा गोरखादरबार दशैंघरका हाकिम, पुरोहित, सुसारेहरूले आनन्दका साथ गर्ने यो सिन्दूरयात्राको अवसरमा बजाइने बाजालाई फागुको भाकामा बजाइनु सान्दर्भिक र युक्तिपूर्ण देखिन्छ। यो भाकामा बाजा बज्ने अवसरहरू तथा तिनको सांख्यकीय आवृत्ति निम्नप्रकार देखिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबार दशैंघरमा बजाइने फागुभाकाको विवरण तालिका

पञ्चैबाजा	नगरा
क. आश्विनशुक्ल दशमी	
१. पटाङ्गिनीमा रङ्ग तथा सिन्दूर जात्रा गर्दा - १।	१. आलम ढालेपछि भित्र विसर्जनको बोका – ७ बलि गर्दा नगरा – १
२. पूजा साङ्गेको धूपदीप गर्दा पञ्चैवाजा - १।	२. माईको सवारी दशैंघर पूजाकोठाबाट दरबारखण्डको कन्याकोठातर्फ गराउँदा नगरा - १।
	३. फूलपातीको डोली सेलाउन दरबारबाट बैडाउँदा नगरा - १।
	४. फूलपाती घोप्टयाएपछि लाग्ने सात लहरीको नगरा – १।
जम्मा – २।	जम्मा नगरा ४।

यसप्रकारवाट गोरखादरबारको वर्षभरिको नियमित पूजाकाममा वजाउनुपर्ने फागुभाकाको पञ्चैवाजाको आवृत्ति २ र फागुनगराको आवृत्ति ४ हुने देखिन्छ।

चाँचरीभाका :

गोरखादरबार दशैंघरबाट विजयादशमीको दिन विसर्जन, टीका, पातीपर्सादी तथा माईको सवारी चलाउनेसमेत कार्य सकिएपछि वेलुकीपख फूलको डोली सेलाउनका लागि पूजाकोठाबाट निकाली बाजागाजा तथा सगुन, भार, दीप तथा कलशका साथै सेलाउने ठाउँतर्फ लगिन्छ। (चित्र नं. ४४) यसरी दरबारबाट फूलपाती सेलाउने ठाउँसम्म पुग्दा बज्ने फागुभाकाको बाजा फूलपाती सेलाएपछि पनि सात लहरीको एक नगरा वज्छ र अन्तमा नगरा घोप्ट्याइन्छ र त्यहाँबाट दरवारतर्फ फर्कन थालेपछि नगरा नबजिकन आउँछ भने पञ्चैवाजा मात्र बजाइन्छ। यसरी फूलपाती सेलाएर फर्किई दरवार नभित्रुन्जेल बज्ने पञ्चैवाजा चाँचरीभाकामा बजाइन्छ। फूलपातीका दिन उपवास बसी तोकिएको वनक्षेत्रबाट सुसारेहरूले जम्मा पारी ल्याएको नवपत्रिका, वन्य कन्दमूल तथा फलफूल र दश दिनसम्म भक्तले चढाएका श्रद्धाका सुमनहरू पूजाकाम सिद्धिएपछि पवित्र ठाउँमा सेलाउनुपर्ने पारम्परिक चलनअनुकूल गरिने यस कार्यपश्चात् बजाइने चाँचरीभाकाको अभिधात्मक रूपमै अर्थसंकेत बुझ्न सकिन्छ।

गोरखादरबार दशैंघरकी देवीको उत्पत्तिका बारे एकातर्फ अनेकौं मानवीकरण गरिएका कथाहरू सुन्न पाइन्छन् भने त्यसैको सापेक्षतामा अझ विशिष्ट रूपमा यहाँ प्रवेश गराउने फूलपातीको डोलीलाई मानवीकृत गरिएको पाइन्छ। फूलपातीको डोली लिन आउने गोरखादरबारतर्फका पुरोहित तथा अन्य भलादमी हुन्छन् भने डोली दरबारमा भित्र्याउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबारका आफ्नै मान्छेहरू भित्रिया सुसारे बोहोरा तथा द्वारे हुन्छन् भने देवीका माइतीतर्फका भनिने भीरकोटे सुसारे लोहकन्तीको रूपमा दायाँ बायाँ रहन्छन्। यसप्रकार वर्तमानमा हिन्दू नारीको विवाहको प्रचलनसँग समीकरण गर्दै प्रस्तुत फूलको डोली वधुलाई वर-गृह प्रवेश गराइएको धारणाका साथ हेर्ने गरेको पाइन्छ। यतिसम्म सामान्य रूपमा हेर्ने दृष्टिकोण राखे तापनि विजयादशमीको दिन डोली घोप्ट्याउन जाने प्रचलनलाई असामान्य मानवीकरण गरेको पाइन्छ। दशैंघरबाट निकाल्ने डोलीलाई आफूहरू देवीको माइती तथा मावली भएका कारण हेर्न नहुने परम्परा रहेको हो भन्ने भनाइ भीरकोटे सुसारेको रहेको छ। यता आफ्नो छोरीबेटीको अन्त्यावस्था र सद्‌गत गरेको माइतीले हेर्न नहुने हिन्दू मान्यता रहेको सापेक्षतामा उक्त विजयादशमीको डोली घोप्टचाउने कार्यलाई धेरैथोरै दुःखद रूपमा लिने गरिएको प्रतीत हुन्छ। यसै तथ्यको धरातलमा उक्त कार्य पश्चात् दरबार फर्कदा बजाइने चाँचरी भाकाको बाजाको मर्म झंकृत हुन्छ। यस भाकाले संक्षेपमा भन्ने हो भने मानवीय नियति, सांसारिकता, सुखदुःखको शाश्वत यथार्थ जस्ता तथ्यलाई हृदयङ्गम गरी मन बुझाउने प्रेरणा दिने लक्ष्य राखेको बुझिन्छ। डोली घोप्ट्याएर दरबार भित्रुन्जेलमात्र पञ्चैबाजामा १ पटक बज्ने यो भाका गोरखादरबारमा हुने वर्ष दिनभरिको अन्य कुनै पनि काममा कहिल्यै नबजाइने तथ्य हामीलाई थाहा हुन्छ।

गोरखादरबारको दशैंघर पूजाकार्यमा बज्ने चाँचरी भाकाको विवरण तालिका

पञ्चैबाजा	नगरा
क. आश्विन शुक्लदशमी	
१. डोली घोप्ट्याएर फर्किई दरबार भित्रुन्जेल पञ्चैबाजा - १।	
जम्मा पञ्चैबाजा - १।	

बेलाराग वा ६ स्वरेभाका :

बडादशैंमा विजयादशमीको दिन फूलपाती सेलाएर दरबार भित्रेपछि बानादारहरूले पटाङ्गिनीमा बसेर बाजा फिराउँछन्। यस अवस्थामा साबिकमा दशैंघर पूजाका विभिन्न विशेष अवसरहरूमा बज्ने विभिन्न भाकाको सट्टा नित्य र नियमित काममा बज्ने ६ स्वरे भाकामा बाजा बजाइन्छ। यसले अब उप्रान्त ६ स्वरे भाकामा नै बाजा बज्ने कुरा बताएको बुझिन्छ। हुन पनि यसपछि आश्विनशुक्ल चतुर्दशीको दिन 'अखिल बलि' पूर्तिका लागि हुने बलिप्रधान पूजाका सम्पूर्ण राजसी कार्यका अवसरमा नवगाह भाकामा बाजा बज्नेदेखि बाहेक आश्विनशुक्ल पूर्णिमाको दिन माईको सवारी कन्याकोठाबाट कैलाशपुरीतर्फ गराउने अवस्थामा र तदुपरान्त हुने नित्यप्रति अष्टमीपूजाका सम्पूर्ण कार्यहरूमा यसै भाकामा बाजा बजाइन्छ। चैतेदशैंको चैत्राष्टमीका केही कार्यहरूमा तथा बडादशैं र सोको पूर्ववर्ती २ वटा अष्टमीहरूको आंशिक कार्यहरूमा अन्य भाकामा बाजा बज्ने देखिएको र सोबाहेक अन्य बाँकी २० वटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमित प्रति अष्टमीका सम्पूर्ण पूजाकार्यमा तथा अन्य विशेष पर्व तथा अवसरहरूमा, गोरखादरबार पूजाकोठाको श्रीभवानीको पूजाकार्यमा, गोरखादरबारको आफ्नै पारम्परिक पर्व तथा सम्वद्ध शक्तिपीठ तथा पाञ्चायन देवताका स्थानहरूमा हुने विशेषपूजाका अवसरमा समेत गोरखादरबारका बानादारहरूले ६ स्वरे वा यही बेला रागमा बाजा बजाउने गरेको पाइन्छ । यस प्रकार गोरखादरबारको नियमित र बहुधा पूजाकार्यमा बजाइने यो ६ स्वरे भाका पञ्चैबाजा र नगरा बज्दासमेत बज्दछ । यस भाकामा वर्षदिनभरिमा बज्ने बाजाको सांख्यकीय आवृत्ति गणना गर्दा निम्नानुसार रहेको हामी पाउँछौं :

गोरखादरबार र सम्बद्ध पीठहरूमा गोरखादरबारकी श्रीभवानीतर्फका बानादारहरूले बजाउने ६ स्वरे भाकाको विवरण तालिका

नगरा	पञ्चैबाजा
क. आश्विनशुक्ल दशमी (टीका) ।	
	१. फूलपातीको डोली घोप्टाएर कलश दरबार भित्रेपछि बाजा फिर्ता - १ ।
ख. आश्विनशुक्ल पूर्णिमा ।	
१. माईको सवारी कैलाशपुरीतर्फ हुँदा नगरा - १ ।	
ग. प्रतिअष्टमी पूजामा र अन्य ।	
१. आश्विनवदी, भाद्रशुदी, आश्विनशुदी तथा चैत्रशुदी गरी चारवटा अष्टमीबाहेक बाँकी वर्षभरिका २० वटा अष्टमीका दिन नियमित रूपमा प्रत्येक अष्टमीपूजाका दिनमा हुने आवाहन पूजामा - १ पटक र श्रीभवानीको पूजामा - १ पटक तथा बलिमा एकपटक गरी जम्मा ३ पटकका दरले २० अष्टमीमा बज्ने नगरा - ६० ।	१. आश्विनवदी, आश्विनशुदी तथा चैत्रशुदी गरी ३ वटा अष्टमीबाहेक बाँकी वर्षभरिका २१ वटा अष्टमीका दिन नियमित रूपमा प्रत्येक अष्टमी पूजाका दिनमा हुने पूजासर्जाम भित्र्याउँदा पञ्चैबाजा - १ तथा गणेशपूजामा पञ्चैबाजा - १ गरी २ पञ्चैबाजाको दरले २१ अष्टमीमा बज्ने पञ्चैबाजाको आवृत्ति - ४२ ।
२. चैत्राष्टमीका दिन माईको सवारी पूजाकोठामा हुँदा र आवाहन पूजामा नगरा - २ ।	२. चैत्राष्टमीका दिन सर्जाम भित्र्याउँदा - १ ।
३. चैत्राष्टमीका दिन भवानीको पूजामा र	३. चैत्राष्टमीको दिन गणेशपूजनमा - १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोही दिन राती माईको सवारी कैलाशमा गराउँदा नगरा - २ ।	
४. भाद्रशुदी अष्टमीमा आवाहन पूजामा - १ ।	४. चैत्राष्टमीको दिन साङ्गे र धूपदीप गर्दा -१ ।
५. भाद्रशुदी अष्टमीमा श्रीभवानीको पूजामा - १ ।	
घ. कार्तिकशुक्ल द्वादशी	१. पूजाकोठामा नुहागी चढाउँदा पञ्चैबाजा - १ ।
ङ. कार्तिक	२. कोजाग्रत पूर्णिमादेखि कार्तिकशुक्ल पूर्णिमासम्म पोखरीका पाञ्चायन मन्दिरमा साँझ प्रतिदिन पञ्चैबाजा एकका दरले जम्मा पञ्चैबाजा - ३० ।
कृष्णाष्टमी	३. कृष्णाष्टमीका दिन ठूलो आँगनदेखि मुरलीधरनारायणको मन्दिरसम्म बजाइने पञ्चैबाजा -१ ।
ङ. शिवरात्रि	१. श्रीमहादेव स्थानमा बज्ने पञ्चैबाजा - १ ।
च. तीज	१. यसदिन पुष्करतीर्थ र रामेश्वर-महादेवस्थानमा पञ्चैबाजा- १ ।
साउने संक्रान्ति	२. यस दिन राँको पूजामा बज्ने पञ्चैबाजा - १
जम्मा नगरा - ६७ ।	जम्मा पञ्चैबाजा - ८१ ।

यसप्रकार संवत् १८५६ बाट गोरखादरवारमा चलेको प्रतिअष्टमीको गुठीपूजा तथा अन्य परम्परागत पर्वहरूमा बहुधारूपमा नियमित कामका लागि बजाइने पञ्चैबाजाको आवृत्ति ८१ तथा नगराको आवृत्ति ६७ रहेको पाइन्छ । यसका अतिरिक्त नागपञ्चमीमा नाग टाँस्दा, जनैपूर्णिमामा डोरो चढाउँदा र कुशेऔँसीमा कुश चढाउँदासमेत धेरै अघिअघि पञ्चैबाजा वजाइने गरेको तर्फ हामीलाई ज्ञात हुन्छ तापनि आजकल यी दिनहरूमा गोरखादरवारमा पञ्चैवाजा बज्ने गरेको देखिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असारेभाका :

हिन्दू संस्कृतिमा पारलौकिक धारणाको सुगठित स्वरूप देखिन्छ। यसका अनुयायीहरू प्रकृतिका शास्वत नियमहरूका कोही विशिष्ट नियामक रहेको विश्वास गर्छन्। हिन्दूहरू त्यतिमात्र नभएर सम्पूर्ण प्राकृतिक वस्तुका नियन्त्रण गर्ने शक्तिसम्पन्न देवताहरू रहेको मान्दछन् भने पुरातन युगमा तिनै अविजेय प्राकृतिक शक्तिलाई नै देवता मानी पुज्ने गरेको देखिन्छ। आजको युगमा पनि हिमालको स्वर्गीय काखमा रहेको हिन्दू अधिराज्य नेपालमा परम्परानुकूल विभिन्न प्रचलनहरू रहेका पाइन्छन्। त्यसमध्ये सुख्खा याममा पानी प्राप्त गर्न पानीका स्वामी- देवताको आराधना गर्ने परम्परा पनि एक रहेको छ। विभिन्न स्थान विशेष, परिवेश र अवस्थाअनुसार जलका स्वामी विभिन्न रूपमा प्रस्तुत हुन्छन्। जल प्राप्तिका लागि कतै विन्ध्यवासिनी, कतै गरुड तथा मकरको पूजा गर्ने गरेको पाइन्छ भने भक्तपुरक्षेत्रमा किसानहरू त समयमा वर्षा नभएमा खेतको हिलो लगेर चाँगुनारायणमन्दिरको गरुडलाई छ्यापिदिएर रिस पोख्ने कामसमेत गर्दछन्। गोरखामा भने पानी नपरेको अवस्थामा महादेवको पूजा, रुद्रीपाठ तथा जलधारा गरी उनै भगवान्सँग पानी माग्ने गरिन्छ। यस्तो विशेष पर्वका अतिरिक्त गोरखादरबारबाट वैशाखशुक्ल दशमीका दिन धर्मनदीमा लाखपाती बगाउने तथा वैशाखशुक्ल पञ्चमीका दिन पोखरीथोकका रामेश्वरमहादेवका स्थानमा रुद्रीपाठ गरी जलधारा गर्ने नियमित प्रचलन रहेको छ।

खासगरी ऋतुगत रूपमा पनि वर्षा ऋतुको सुरुआतमा पर्ने यस पर्वमा यथेष्ट वर्षाको कामना गर्दै श्रीमहादेवको पूजा तथा जलधारा गर्ने यस पर्वलाई वर्षाको 'निमित्त-पूजा' भन्न सकिने देखिन्छ। यी दुबै लाखपाती तथा जलधारा भनिने दुई पर्वका पूजाकार्यमा असारेभाकामा वाजा वजाइन्छ। यसको अतिरिक्त यो भाकाको बाजा वैशाखशुदी पूर्णिमाको दिन गोरखादरबारको हनुमान भऱ्याङनिरको चण्डीदेवीको बलि-पूजा हुने अवसरमासमेत वजाइन्छ। यसप्रकार वैशाख महिनामा हुने विभिन्न शक्तिपीठ पूजा तथा शिवोपासनाका अवसरमा वज्ने असारेभाकाले स्थानीय जनजीवनको यथार्थलाई पनि अभिव्यक्त गरेको छ। रोपाइँको अवसरमा विशेष गरी वज्ने यो भाकाले खेतीपाती र वर्षाको सहसम्वन्धलाई मुखरित गरेको छ।

गोरखादरबार र यससँग सम्बद्ध पूजाकार्यमा बज्ने असारेभाकाको विवरण तालिका

तिथि र पर्व	पञ्चैबाजा
वैशाखशुक्ल पञ्चमी	१. वैशाखशुदी पञ्चमीका दिन गोरखादरबारबाट महादेवस्थानसम्म वजाउँदै जाने पञ्चैबाजा - १।
	२. श्रीमहादेवको पूजा हुँदा पञ्चैबाजा - १।
	३. श्रीमहादेवको पूजा समाप्तिको पुष्पाञ्जलि हुँदा - १।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	४. पूजा समाप्तिपछि पानी माग्दै गोरखादरबार जाँदा पञ्चै बाजा - १ ।
वैशाखशुक्ल दशमी	१. वैशाखशुदी दशमीकादिन गोरखादरबारबाट बाजा बजाउँदै धर्मनदी (दरौंदी) तर्फ जाँदा पञ्चैबाजा - १ ।
	२. धर्मनदीमा श्रीमहादेवको पूजा हुँदा - १ ।
	३. श्रीमहादेवको पूजा, साङ्गे, पुष्पाञ्जलि र गङ्गापूजा हुँदा - १ ।
	४. धर्मनदीबाट पानी माग्दै गोरखादरवार फिर्दा - १ ।
वैशाखशुक्ल पूर्णिमा	१. चण्डीदेवीको पूजा हुँदा पञ्चैबाजा - १ ।
	२. चण्डीदेवीमा बलि चढाउँदा पञ्चैवाजा - १ ।
	जम्मा पञ्चैबाजा - १० ।

यसरी गोरखादरबारको नियमित पूजा काममा १० आवृत्ति असारेभाकाको पञ्चैबाजा बज्ने देखिन्छ ।

भित्रीबाजा :

गोरखादरबार दशैंघर पूजाका विभिन्न अवसरहरूमा दमाई बानादारहरूले वजाउने विभिन्न भाकाका वाजाहरूको अतिरिक्त विशिष्ट कार्यहरूमा २ वटा ठूला मादल र २ जोर झ्याली भएको 'भित्री बाजा' मगर जातिका भीरकोटे सुसारेले बजाउने गर्दछन् । विशेष महत्त्व दिइएका कार्यहरूमा यो बजाइने गरेको पाइन्छ ।

गोरखादरबार दशैंघरपूजामा बजाइने 'भित्रीबाजा' को विवरण तालिका

तिथि र पर्व	भित्री बाजा
आश्विनशुक्ल सप्तमी (फूलपाती) ।	१. फूलपातीको दिन साँझमा दरबारखण्डबाट दीपभगवान्‌को सवारी सँगसँगै मन्दिरखण्डतर्फ जाँदा एकपटक - १ ।
आश्विनशुक्ल अष्टमी (महाष्टमी) ।	१. अष्टमीको दिन राँगो पर्सन बाहिरीढोकामा आएको बेला एकपटक - १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्विनशुक्ल नवमी (महानवमी)।	१. यस दिन राती रेवन्तेपूजा हुँदा एकपटक - १।
आश्विनशुक्ल दशमी (टीका)।	१. यस दिन टीकाको साइतपछि रङ्ग खेल्दा एकपटक - १।
चैत्राष्टमी।	१. यस दिन राँगो पर्संदा एकपटक - १।
	जम्मा भित्रीबाजा - ५।

यसप्रकार गोरखादरबार दशैंघरपूजामा मगर जातिका भीरकोटे सुसारेहरूले चैतेदशैं तथा बडादशैंमा गरी जम्मा ५ पटक यो भित्रीबाजा बजाउनुपर्ने चलन रहेको छ।

अन्य :

यी उपरोल्लिखित विभिन्न पूजाका लागि विभिन्न प्रकारका भाकाहरूमा वजाइने बाजाका अलावा दुई जना अवैतनिक बानादारहरूले चैत्राष्टमी तथा वडादशैंको नवरात्रभर अरू नगरा बज्दा साथमा 'जोर-दामाहा' नामका अरू दुईवटा दमाहाले साथ दिने गरेको पाइन्छ। यी दुई बानादारहरू खासगरी चैत्राष्टमी तथा बडादशैंको बलिपूजाको कार्य हुँदा अटूट रूपमा उपस्थित भई जोर-दमाहा बजाउने गर्दछन्।

३.१.२ श्रीभवानीतर्फ बजाइने बाजाहरूको लहरीका आधारमा विवेचना

गोरखादरवारमा आयोजना हुने पूजाकार्यमा बजाइने वाजाहरू पर्व तथा पूजाका आधारमा विभिन्न भाकामा प्रस्तुत भएझैं ती बाजाहरू बजाउँदा कति लामो समयसम्म र कसरी बजाउने भन्नेबारेको पनि स्थापित नियम रहेको हामी पाउँछौं, जसअनुसार नगरा बजाउँदा सुरुमा छिटोछिटो बजाउने अनि बीचमा ज्यादै ढिलो बजाएर विश्राम गर्दै बजाउने गरिन्छ। यसो गर्दा प्रत्येकपटक छिटो बजाएर त्यसको बजाउने गति धीमा हुनासाथ एक लहरी टुङ्गिन्छ र फेरि अर्कोपटक छिटो बज्न थालेपछि दोस्रो लहरी सुरु हुन्छ। यसरी ढिलो र छिटो गर्दै लहरी कस्ने काम मुख्य नगराले गर्छ र अन्य वाजाहरूले यसैलाई अनुसरण गर्दछन्। विभिन्न प्रकारका कामहरूको लागि यद्यपि कति-कति लहरीको नगरा लगाउनुपर्छ भन्नेवारे बानादारहरू सबैलाई राम्रोसँग थाहा नभएको तथा एकापसमा उनीहरू बीच यसवारेमा मतैक्य नभएको कुरा यस अनुसन्धानको क्रममा थाहा लाग्यो भने त्यसैगरी बाजाका विभिन्न चालहरू, सम्बद्ध गीतहरू, लय र सुर तथा तानहरूका वारे हाल कार्यरत बानादारहरू अनभिज्ञसमेत रहेको पाइनुबाट यो अवस्था विद्यमान रही नै रहेमा यहाँको गौरवमय सांस्कृतिक परम्पराको अक्षुण्णतामाथि कालोवादल लाग्नसक्ने स्पष्ट देखिन्छ।

यहाँ यस कुरातर्फ अगाडि नगई अनुसन्धानका क्रममा ठम्याइएवमोजिम उपर्युक्त वानाहरू बज्दा मोटामोटी र सूत्रवत् रूपमा भन्ने हो भने निम्नानुसारको निम्न कामका अवसरमा निम्नानुसार लहरीमा वानाहरू वज्ने गरेको देखिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) प्रत्येक पूजाका कार्यहरूमा नौ लहरीको नगरा - १।

(२) बडादशैंमा दशैंघरको पूजामा आश्विन शुदी सप्तमी, अष्टमी, नवमी तथा चतुर्दशीको दिनको महापूजाका अवसरमा बजाइने २७ नगरा बज्दा प्रति एक तीनलहरीको नगरा - २७।

(३) मौला तथा पटाङ्गिनीहरूमा हुने बलिपछि बज्ने नगराहरू प्रत्येकमा पाँच लहरीका दरले।

३.२ गोरखादरबारक्षेत्रमा हुने जपपाठ तथा पुराणहरूको विवरण

३.२.१ गोरखादरबार दशैंघरमा हुने जपपाठहरू :

शाह राजाहरूको पुर्ख्यौली थलो रहेको गोरखादरबार सोही राजपरिवारको पारिवारिक इतिहाससँग अत्यन्त निकट रहेका कारण यहाँ परम्परागत रूपमा पालना तथा प्रयोग गर्दै आएका रीतिस्थिति, प्रचलन र धार्मिक कृत्यसमेत सोही विराट ऐतिहासिक यथार्थसँग नङमासुझैं एकाकार भएको छ। गोरखादरबारमा राजा द्रव्य शाहको पालादेखि पृथ्वीनारायण शाहको पालासम्म राजकीय आवास तथा राज्यस्तरका कार्यालयसमेत रहेका थिए। राजाकै दरबार भएका कारण राजा तथा राज्यले पूजेका विभिन्न देवदेवीका मूर्ति तथा मन्दिरहरू यसै क्षेत्रमा रहनु स्वाभाविक देखिन्छ। शाहकालभन्दा पूर्व नै हाल गोरखादरबार रहेको तत्कालीन स्वर्णगिरि पर्वतको सेरोफेरोमा भगवान् बज्रभैरव तथा अन्य महादेवप्रभृति देवताहरूको मन्दिर रहेको बुझिन्छ।[१] त्यसैगरी त्यतिबेलासम्म गुरु गोरखनाथको तपस्थलको रूपमा पनि यो ठाउँ प्रख्यात भैसकेको बुझिन्छ। तत्पश्चात् गोरखादरबारमा शाह राजपरिवारको प्रवेशपछि राजाहरूबाट उपासना गरिएकी र राजपरिवारकी इष्टदेवी मानिएकी गोरखादरबार दशैंघरकी श्रीभवानीको पूजा हुन थाल्नुको साथसाथै गोरखादरबार र वरपरका क्षेत्रमा विभिन्न मन्दिर तथा मूर्तिहरू स्थापना गर्न थालिनुका साथसाथै चैत्राष्टमी तथा बडादशैं र अन्य पर्वहरूमा ती पीठहरूमा पूजा तथा पाठ लगाउने काम पनि गोरखादरबारबाट हुन थाल्यो। यसरी चालू भएका परम्पराअनुसार आज पनि गोरखादरबारबाट चैत्राष्टमी तथा बडादशैं नवरात्रमा त्यस्ता पीठहरूमा जपपाठ तथा पूजा गराउने गरिन्छ। जसअनुसार गोरखादरबार दशैंघरमा गरिने जपपाठ निम्नप्रकार छन् :

दुर्गा सप्तशती पाठ :

गोरखादरबार दशैंघरमा मूलपुरोहित, भट्टराई पुरोहित, खनाल पुरोहित तथा आचार्य पुरोहित गरी जम्मा चारजना पुरोहितहरूद्वारा बडादशैंमा घटस्थापनादेखि नवरात्रको महानवमीका दिनसम्मका लागि सप्तमीका दिनभित्र प्रतिदिन ९ आवृत्तिका दरले ९ दिनसम्म ८१ आवृत्ति दुर्गा सप्तशती पाठ गर्नुपर्ने देखिन्छ भने चैत्राष्टमीका दिन जम्मा ९ आवृत्ति पाठ

---

१ लोकप्रसाद भट्टराई, गोरखादरबारक्षेत्रका दर्शनीय स्थल र स्मारकहरूमा आधारित।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्ने देखिन्छ। यस कार्यका लागि यसअघि विभिन्न समयमा विभिन्न प्रकारको व्यवस्था भएको भए तापनि हालमा कौसी तोसाखानाको दरवन्दीअनुसार उपर्युक्त पाठ गर्ने चार जनालाई बडादशैंमा जनही रु. २५०।- का दरले जम्मा रु. १०००।- व्यवस्था भएको पाइन्छ भने चैत्राष्टमीका लागि जनही रु. २५।- का दरले जम्मा रु. १०० व्यवस्था भएको पाइन्छ। यता कामका हकमा भने उपर्युक्तबमोजिमको पाठ हुने गरेको पाइँदैन। उपर्युक्तबमोजिमको जम्मा दक्षिणा चार पुरोहितहरूको लागि दस्तुर दिइएको हो र सोवापत पाठ गर्नु नपर्ने तर्क दिँदै उपर्युक्त चार पुरोहितहरूमध्ये आफू प्रमुख भएको नाताले उक्त दक्षिणा रु. १०००।- चैत्राष्टमीको रु. १००।- आफ्नो हक लाग्ने भन्दै गोरखादरवार दशैंघरका मूलपुरोहितले लाने र पाठ भने कत्ति पनि नहुने गरेको पाइन्छ।

शुक्ल यजुर्वेद पाठ :

बडादशैंमा घटस्थापनाको दिनदेखि नवरात्रको महानवमीका दिनसम्ममा जम्मा नौ दिनका लागि सप्तमीका दिनभित्र प्रतिदिन प्रतिजवान १० अध्यायका दरले ४ जना ब्राह्मणद्वारा ४० अध्याय अर्थात् १ आवृत्तिको दरले नौ दिनमा नौ आवृत्ति पाठ गराउनुपर्ने देखिन्छ। त्यसैगरी चैत्राष्टमीका एक दिन चारजना ब्राह्मणद्वारा जम्मा १ आवृत्ति पाठ गराउनुपर्दछ। हाल यो कार्य गर्न कौसी तोसाखानाबाट बडादशैंका लागि प्रतिजवान रु. ४०० का दरले जम्मा रु. १६०० र चैत्राष्टमीका दिन प्रतिजवान रु. ४० का दरले जम्मा रु. १६० व्यवस्था गरेको पाइन्छ। सुपठित ब्राह्मणहरूको अनुपलब्धता तथा समयानुकूल रकमको अभावमा विद्वान् वेदपाठीहरू उपलब्ध नहुनाको कारण गोरखादरबारका पुरोहितहरूलाई यो काम गराउन मुश्किल परेको बुझिन्छ।

सामवेद पाठ :

बडादशैंमा घटस्थापनाको दिनदेखि महानवमीका दिनसम्म जम्मा नौ दिन तथा चैत्राष्टमीका दिन १ समेत प्रतिदिन गोरखादरबारमै स्थायी सामवेदी दरवन्दीमा रहेका २ जना ब्राह्मणहरूद्वारा १, १ आवृत्तिका दरले सामवेद पाठ गराइन्छ। उक्त काम गरेवापत अन्य सुविधाका अतिरिक्त निजहरूले बडादशैंमा प्रत्येकले रु. ४००।- र चैत्राष्टमीमा रु. ४०।- पाउने गरेको देखिन्छ।

नवचण्डी पाठ :

गोरखादरबारको बडादशैं, दशैंघरमा घटस्थापनाको दिनदेखि महानवमीका दिनसम्म जम्मा नौ दिनका लागि सप्तमीका दिनभित्र तथा चैत्राष्टमीको दिन १ समेतमा जम्मा ९ जवान ब्राह्मणद्वारा प्रतिजवान ब्राह्मण १०८ संख्यामा नवार्ण मन्त्र जप तथा ३ आवृत्ति चण्डी पाठ गराउने गरिन्छ। यसमा आद्योपान्त रूपमा देवीको महिमाको पाठ मात्र नभएर स्तोत्रको समेत पाठ हुने हुँदा यसलाई साङ्गोपाङ्ग पाठ भनेर भनिन्छ। यसरी नवरात्रभरमा जम्मा २४३ आवृत्ति र चैत्राष्टमीको दिन यो पाठ २७ आवृत्ति हुने कुरा छर्लङ्ग देखिन्छ। यस कार्यका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुशिक्षित विद्वान् ब्राह्मणहरू नपाइए तापनि वरपरका सामान्य कर्मकाण्डी ब्राह्मणहरू बोलाई गोरखादरबारबाट यो काम गराउँदै आएको पाइन्छ। यसका लागि हालमा बडादशैंमा जम्मा नौ दिनका लागि एक ब्राह्मणले दक्षिणा रु. २५०।- तथा चैत्राष्टमीका दिन जम्मा रु. २५।- मात्र पाउने कारणबाट यो कार्य विधिवत् पूरा गराउन पनि समयानुसार निकै मुस्किल हुन थालेको देखिन्छ।

तीनवटा सहस्रनामहरूको पाठ :

उपर्युक्तबमोजिमका पाठहरूझैं गोरखादरबारको बडादशैंमा घटस्थापनाका दिनदेखि महानवमीका दिनसम्ममा जम्मा नौ दिनका लागि सप्तमीका दिनभित्र तथा चैत्राष्टमीको दिन एकमा समेत प्रतिदिन गणेशसहस्रनाम ८ आवृत्ति, दुर्गासहस्रनाम तथा विष्णुसहस्रनाम ९, ९ आवृत्तिका दरले बडादशैंमा गणेशसहस्रनाम ७२ आवृत्ति र दुर्गासहस्रनाम तथा विष्णुसहस्रनाम प्रत्येक ८१ आवृत्ति पाठ हुने देखिन्छ। यसरी गणेशसहस्रनाम, दुर्गासहस्रनाम तथा विष्णुसहस्रनाम पाठहरू क्रमश: गोरखादरबारका भट्टराई पुरोहित, खनाल पुरोहित तथा आचार्य पुरोहितहरूद्वारा गरिन्छ। यस कार्यका लागि निजहरूले अन्य सुविधाका अतिरिक्त कौसी तोसाखानाको दरबन्दीबमोजिम जनही बडादशैंमा रु. १५० र चैत्राष्टमीमा रु. १५ पाउने गरेको देखिन्छ।

सिद्ध मन्त्रको जप :

यस मन्त्रको जप गोरखादरबारको बडादशैं दशैंघरको पूजाको नौ दिन तथा चैत्राष्टमीका दिनमा समेत नियमित गर्ने गरिन्थ्यो भन्ने कुरा विभिन्न प्रमाणले पुष्टि गरेको छ। यसदेखिबाहेक यो मन्त्रको जप कहिले कहिले र कति संख्यामा गरिन्थ्यो भन्ने ठम्याउन मुस्किल परेको छ। समयको क्रममा जेजस्तो व्यवस्था हुँदै आएको भए तापनि चैत्राष्टमी तथा बडादशैं दशैंघरमा ब्राह्मणवरण गर्नका लागि गोरखादरबारमा अझ पनि गुरुलाई निमन्त्रणा गर्ने गरिन्छ। त्यसैगरी यो सिद्धमन्त्र जप भए पनि नभए पनि दक्षिणाको सूचीमा गुरुको भाग पनि समावेश गरेकै पाइन्छ। परन्तु इतिहासका प्रमाणका आधारमा भन्ने गोरखादरबारमा श्रीभवानीको स्थापना गरी पूजा सुरु भएपछि गोरखाका शाह राजाहरूले देवीको उक्त सिद्धमन्त्र जप गर्ने जिम्मा सन्तान दरसन्तानका लागि समते आफ्ना गुरु पन्थहरूलाई दिएको बुझिन्छ। पछि संवत् १८५५ मा गोरखाका श्रीधर पन्थले गोरखादरबारको थितिरीति बिग्रन थालेको व्यहोरा जाहेर गर्दा श्री ५ रणबहादुर शाहले आफ्ना पुर्खाले दिएको सिद्धमन्त्रको जप गर्ने जिम्मा निवेदक श्रीधर पन्त र उनका सन्तानको समेत हुने वताउँदै त्यसका लागि अभय प्रदान गरिएको पत्रको आधारमा र त्यस्तै व्यहोरामा १८७८ मा गीर्वाणयुद्धले तारानिधि पन्तलाई लेखेको पत्रको आधारमा गोरखादरबारमा उक्त सिद्धमन्त्रको जप गर्ने जिम्मा सन्तान दरसन्तानको रूपमा तिनै पन्त गुरु खलकको रहेछ भन्ने कुरा अनुसन्धानको क्रममा ज्ञात हुन्छ। उपर्युक्तबमोजिमको पत्र यसै शोधको परिशिष्ट १७ (क) मा दिइएको छ।

जीवित बुढापाकाका अनुसार अघिअघि गुरु खलकका पन्तहरूले अर्वपर्वमा दरबारमा आई जपपाठ गर्ने गरेको र हाल सो क्रम टुटेको कुरा थाहा हुन आएको छ। कैही समय यता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबारको दशैंघरमा ब्राह्मणवरण गर्दा प्रतिअष्टमी पूजा गर्ने पुरोहितलाई नै उक्त कामका लागि गुरु-वरण गरेको पाइन्छ। त्यसो हुनुमा केही समययता गोरखादरबारमा प्रतिअष्टमी पूजा गर्ने पुरोहित पाण्डे थरका ब्राह्मण रहेका र पन्त गुरुका नातेदार तथा पन्त गुरुजस्तै यी पाण्डे पनि कुमाइ ब्राह्मण भएकाले पन्त गुरुका सन्तानको अनुपस्थितिमा तिनै पाण्डेलाई पन्त गुरुको गुरुदक्षिणा दिने गरेको कुरा बुझिन्छ।[२]

हाल आएर यसै अध्यायको उपशीर्षक (१) मा दिइएको दक्षिणा दुर्गा सप्तशतीपाठको लागि दिइएको नभई ४ पुरोहितको दस्तुर दिइएको भनिएझैं यी गुरुलाई दिइएको दक्षिणा गुरुको दस्तुर दिइएको हो। त्यसैले यसबापत मन्त्र जप गर्नु पर्दैन भनेर भन्ने गरेको पाइन्छ भने यदाकदा सिद्धमन्त्रको कुरा गर्दा सिद्धमन्त्रको लागि भिन्दै दक्षिणा हुनु पर्नेमा सो नभएको कारणले सिद्ध मन्त्रको जप नभएको भन्ने कुरा पनि उठ्ने गरेको पाइन्छ।

गोरखा मैदान निवासी हिडम्बराज पन्थका संग्रहमा रहेको श्री ५ राजेन्द्रले निज पन्थका पुर्खाहरू आफ्नो गुरु भएका कारण जगगा विर्ता दिएको व्यहोराका ताम्रपत्रले पनि यस दिशामा विचार गर्न सघाउ पुऱ्याएको छ।

यी विभिन्न प्रमाणका आधारमा शताब्दीयौं अघिदेखिको गोरखादरवारमा सिद्धमन्त्र जप गर्ने कार्यको तथा श्री ५ हरूबाट आफ्नो सन्तान दरसन्तानलाई दिएको गुरु पदको समेत पन्थहरूले बेवास्ता गरेको देखिन्छ। यसो हुनुमा गुरुको नाताले राजाले दिएका विर्ता बकसहरू रैकर हुनु र मासिनु, राजाबाट अरू थप आर्थिक सहयोग पाउने आशा नहुनु, बदलिंदो परिस्थिति तथा राजासँगको र राजदरबारसँगको सम्बन्ध टाढा हुनु तथा गोरखादरबार स्वयं आकर्षण गर्ने स्थल हुन नसक्नु मुख्य कारण देखिन्छन्।

यसप्रकारको कामको हकमा निकै नै उतारचढाव आई ऐतिहासिक यथार्थसमेत समयको गतिमा धमिलिँदै जान थालेको भए तापनि अवशेषकै रूपमा भए पनि गोरखादरबार दशैंघरमा ब्राह्मणवरण गर्ने परम्परा तथा ब्राह्मण निमन्त्रणाको सूची जस्ता क्षीण आधारहरूले यस दिशामा यति गहिरिन सकिएको छ। हाल उक्त कार्यका लागि कौसी तोसाखानाको दरवन्दीवमोजिम वडादशैंका लागि रु. २५०।- तथा चैत्राष्टमीका लागि रु २५-को व्यवस्था गरिएको पाइन्छ। तर दशकौंअघिदेखि यहाँ सिद्धमन्त्रको जप नहुने गरेको देखिन्छ।

भित्रदेवतामा हुने जप तीन :

गोरखादरबार दशैंघरको श्रीभवानीको पूजा गोप्यविधि तथा अनुष्ठानपूर्वक गरिन्छ। श्रीभवानीको पूजा हुने मुख्य कोठामा भित्रिया सुसारे - ३, पूजा गर्ने पुरोहितमध्ये मूलपुरोहित - १ र गद्दीको अधिकारप्राप्त श्री ५ हरूलाई मात्र प्रवेशाज्ञा छ। यसैले श्रीभवानीप्रति प्रीति गरी

---

२ यद्यपि यसअघि कार्यरत अष्टमी पुरोहित पाण्डे थरका व्यक्तिले आफू गौरीश्वर पाण्डेका सन्तान भएकाले र आफना पुर्खाले नै गोरखादरबारको 'गुरु' पद पाएकाले आफूले गुरुको काम गर्ने गरेको बताउने गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बडादशैंको नवरात्रभर अर्थात् नौ दिन र चैत्राष्टमीका दिन एकसमेत भित्र पूजाकोठामा मूलपुरोहितद्वारा तीन प्रकारका विशेष जप गरिन्छ। यस कार्यका लागि अन्य सुविधाका अतिरिक्त निजले प्रत्येक जपको लागि बडादशैंमा रु. १५०।- र चैत्राष्टमीमा रु. १५।- पाउने गरी कौसी तोसाखानाले रकम उपलब्ध गराउँछ।

३.२.२ गोरखादरबारसँग सम्बद्ध अन्य पीठहरूमा हुने जपपाठ :

उपल्लाकोट :

गोरखादरबारभन्दा उचाइमा रहेको एक भञ्ज्याङ काटेर उकालो चढ्नुपर्ने अत्यन्त रमणीय स्थानमा उपल्लाकोटकी कोटदेवीको कोटघर रहेको छ। उपल्लाकोटको किल्लाभित्र रहेको बज्रभैरव तथा विन्ध्यवासिनी देवताका अतिरिक्त यो कोटकी देवीको पूजा प्रत्येक चैत्राष्टमी तथा बडादशैंको नवरात्रभर गरिन्छ। यस अवसरमा घटस्थापनाको दिन घटस्थापना गरी दैनिक पूजाका साथ पुरोहितद्वारा नवरात्रका ९ दिनसम्म १, १ आवृत्ति दुर्गा सप्तशती पाठ गराइन्छ। गोरखादरबारको दशैंघर पूजाकै साइतबमोजिम पाठपूजा गरिने यो कोटमा बडादशैंको नवरात्रभर पाठपूजा गरेबापत ब्राह्मण १ ले रु २५०।- र चैत्राष्टमीमा रु. २५।- कौसी तोसाखानाको दरबन्दीअनुसार पाउने गर्दछन्।

तल्लाकोट :

गोरखादरबार रहेको डाँडाभन्दा केही तल एकै लहरमा देखिने वनदुर्गजस्तो थुम्कोलाई तल्लाकोट भनिन्छ। राजा द्रव्य शाहले गोरखाविजयको क्रममा सर्वप्रथम यस कोटमा विजय गरी कोटदेवी स्थापना गरेका थिए। त्यसै अवसरदेखि यस कोटका पुरोहितका रूपमा पाण्डेहरूलाई श्री ५ हरूले सन्तान दरसन्तानसम्म पाउने गरी अधिकृत गरेको देखिन्छ। यस कोटमा पनि उपल्लाकोटमा झैं बडादशैंको नवरात्रभर घटस्थापना गरी पूजापाठ तथा बलि गरिन्छ भने चैत्राष्टमीमा पनि पूजापाठ र बलि गरिन्छ। नवरात्रभर प्रतिदिन एक आवृत्ति दुर्गा सप्तशती पाठ गर्नुपर्ने तथा चैत्राष्टमीका दिन पनि यहाँ एक आवृत्ति दुर्गा सप्तशती पाठ गर्नुपर्ने तथा सो काम गरेबापत निज पुरोहितले बडादशैंमा रु. २५०।- तथा चैत्राष्टमीमा रु २५।- पाउने व्यवस्था उपर्युक्तबमोजिम कौसी तोसाखानाले गरेको छ। हाल आएर तल्लाकोटमा पाण्डे पुरोहितहरूले आर्थिक अनाकर्षणको कारण आफ्नो काम प्रति अरूचि तथा उदासीनता देखाउन थालेको बुझिन्छ।

गोरखनाथजीका स्थानमा हुने गोरक्षसहस्रनाम पाठ :

गोरखादरबारको दशैंघर श्रीभवानीको पूजा हुँदा आङ्गिक पीठहरूमा समेत पाठ-पूजा गरिने कुरा माथि बताइसकिएको छ। ती पीठहरूमध्ये श्रीगोरखनाथजीको पूजाअर्चना विशेष उल्लेखनीय रहेको छ। गोरखादरबारबाट चैत्राष्टमी तथा बडादशैं नवरात्रभरका लागि पूजापाठको निमन्त्रणा गर्दा गोरखनाथमा गोरक्षसहस्रनाम पाठ गर्ने एघारजना कानफट्टा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीहरूलाई समेत निमन्त्रणा गरिन्छ। ती एघार जना योगीहरूले बडादशैंको घटस्थापनादेखि महानवमीसम्म दिन ९ तथा चैत्राष्टमीका दिन १ समेतमा प्रतिजवान प्रतिदिन ११ आवृत्ति गोरक्षसहस्रनाम पाठ गर्दछन्। यसरी प्रतिदिन १२१ आवृत्तिमा गोरक्षसहस्रनाम पाठ हुने गर्दछ। सो काम गरेबापत प्रति योगीले बडादशैंमा जम्मा रु. २५०।- तथा चैत्राष्टमीमा जम्मा रु. २५।- दक्षिणा पाउने गरी कौसी तोसाखानाले बन्दोवस्त मिलाएको छ।

यसप्रकार साविकदेखि नै गोरखादरबारमा बडादशैंको दशैंघर तथा चैत्राष्टमीसमेतमा मामुलियत पूजा हुँदा मूल रूपमा मुख्य जपपाठको रूपमा ३९ वटा जपपाठको लागि व्यवस्था मिलाइएको देखिन्छ। राजसंस्थाको चिरायु एवं देशमा शान्ति सुव्यवस्थाको मंगल कामना गरी उक्त जपपाठ गर्ने ब्राह्मणहरूलाई संवत् १९७६ भाद्र महिनाको दरबन्दीअनुसार दक्षिणा दिन बडादशैंमा जम्मा रु. ९१।- तथा चैत्राष्टमीका लागि रु. २७।- ठेकिएकोमा समयानुकूल सो रकम अपर्याप्त भएपछि संवत् २०२६ सालदेखि उक्त रूपैयाँ बढाइँ बडादशैंका लागि रु. ४००।- र चैत्राष्टमीका लागि रु. २००।- ठेकिएको कुरा गोरखादरवारको व्यवस्था गर्नेसम्वन्धी गृहपञ्चायत मन्त्रालयले गोरखादरबारलाई लेखेको पत्रसंख्या - स्था. प्र. (ख. १) ०२५-०२६-१ छ ११, मिति २०२६।३।२३।२ को पत्रबाट ज्ञात हुन्छ। जसको पूर्णपाठ यसै शोधको परिशिष्ट ९ मा दिइएको छ।

वर्तमानमा भने सो रकम पुनः अपर्याप्त भएबाट प्रत्येक जपपाठको लागि माथि प्रत्येक जपपाठसम्वन्धी उपशीर्षकमा बताइएबमोजिम पाउने गरी बडादशैंमा कुल रु १०,४००।- र चैत्राष्टमीमा कुल रु १,०४०।- कौसी तोसाखानाले दरबन्दी बमोजिम निकासा गर्ने गरेको छ। यसरी निकासा हुँदा माथि उल्लेखभएका ३९ वटा जपपाठका लागि सोहीबमोजिम र एउटा अतिरिक्त कामका लागि बडादशैंमा रु. २५०।- र चैत्राष्टमीमा रु. २५।- समेत गरी रकम उपलब्ध गराउने गरेको छ। उक्त एकमुष्ट अतिरिक्त एक दक्षिणा उपर्युक्तबमोजिममा ३९ वटा जपपाठ गर्ने ब्राह्मणहरू तथा पूर्व उल्लेख गरिएबमोजिमका आङ्गिक पीठमा जपपाठ गर्ने ब्राह्मणहरूलाई दामाशाहीले बाँडिदिने गरिन्छ। यसका अतिरिक्त बडादशैं नवरात्रमा उपर्युक्तबमोजिम जपपाठ गर्ने ब्राह्मण तथा योगीसमेत जम्मा ३९ ज़नालाई पवित्र पोशाकसमेत कौसी तोसाखानाको ठेक्काबाट गोरखादरबारलाई उपलब्ध हुने गरेको छ। त्यसअनुसार जपपाठ गर्ने प्रत्येक ब्राह्मणले रङ्गाएको भोटो - १, धोती - १, उपर्ना - १, कुशासन -१, आचमनी पञ्चपात्रो - १, पाउँछन् भने योगीहरूले भोटोको सट्टा कुर्ता पाउँछन्। त्यस्तै जोगीहरूले पाउने ११ जोर तथा दुई थरी वेदपाठ गर्ने ६ जनाले समेत जम्मा १७ जनाले पाउने वस्त्रहरू पहेंलो रङ्गले रङ्गाएको र बाँकी अरू २२ जना ब्राह्मणले पाउने वस्त्रहरू रातो रङ्गले रङ्गाइएको हुन्छ।

द्रष्टव्य : गोरखादरवारको बडादशैंमा नवरात्रभर जम्मा ९ दिन गर्नुपर्ने भनी माथि उल्लिखित जपपाठहरू घटस्थापनाको दिनदेखि सप्तमी (फूलपाती) को दिन भित्रमै पूरा गर्ने गरिन्छ।[३] अष्टमी र नवमीका दिन देवीको चण्डिका स्वरूपको बलिप्रधान पूजा हुने हुँदा

---

[३] हेर्नुहोस्, परिशिष्ट ९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साबिक नवरात्रमा गरिने सबै किसिमका जपपाठ तथा पूजाहरू अष्टमी र नवमीको सट्टा षष्ठी र सप्तमीको दिनमा नै दोब्बर काम गरी पूजा गरिन्छ। यी दुई दिन सबै कामहरू दुई दिन गर्ने जति एकै दिनमा गर्नुपर्दछ। त्यसैले गोरखादरबारमा षष्ठी र सप्तमीको दुई दिनलाई रोज खापिने दिन भनिन्छ।

३.२.३ गोरखादरबार दशैंघरमा लगाइने पुराण :

मार्कण्डेय पुराण :

गोरखादरबार दशैंघर श्रीभवानीको बडादशैंमा पूजा हुँदा घटस्थापनादेखि सप्तमीको दिनसम्ममा श्रीभवानीको ढोकामा मार्कण्डेय पुराण भन्ने भनी दुर्गा सप्तशतीको जम्मा १३ अध्यायको पाठ तथा माहात्म्य सुनाइन्छ। यस कामका लागि मार्कण्डेय पुराण भन्ने भनी आश्विनकृष्ण औंसीकै दिन ब्राह्मण छनौट गरी गोरखादरबारले निमन्त्रणा गर्दछ। उल्लेखित नवरात्रका सातै रोजमा भित्र देवताको पूजा तथा बलिको कार्य सकिएपछि मात्र उक्त पुराण भन्न आरम्भ गरिन्छ। दीप, कलश र गणेशको पूजा गरी गोरखादरबारका पुरोहितलाई नै गणेश राखी विधिवत् लगाइने उक्त पुराणका लागि पुराण भन्ने पण्डितलाई संवत् १९७६ सालको सनद्को दरबन्दीबमोजिम व्यवस्था भएको रु. १०।- लाई संवत् २०२६ मा बढाई रु. ५०।- पुऱ्याए यता त्यसका लागि आजसम्म कुनै थप व्यवस्था हुन सकेको छैन। त्यसकारण समयानुकूल आर्थिक सुविधाको अभावमा स्तरीय र विद्वान् पण्डितबाट उक्त पुराण भन्ने कार्य गराउनु आज मूल समस्या भएको छ।

३.२.४ गोरखादरबार दशैंघरबाहेक अन्य पर्वमा लगाइने जपपाठ तथा पुराणहरूको विवरण :

३.२.४.१ प्रतिअष्टमी पूजाका दिनमा हुने जपपाठहरू :

गोरखादरबारमा श्रीकालिका माईको प्रतीकमा प्रतिअष्टमी पूजा चलेको संवत् १८५६ बाट मात्र रहेछ अन्यथा यसभन्दा अघि यहाँ चैत्राष्टमी र बडादशैंमा दशैंघर भगवतीको नवरात्रभर मात्र वर्षको २ पटक पूजा हुँदो रहेछ भनेर हामीलाई थाहा भैसकेको छ। यसरी संवत् १८५६ मा तनहुँ जिल्लाको पुरकोट भन्ने ठाउँमा गुठी राखी त्यसैको आयस्ताले यहाँको प्रतिअष्टमी पूजा चल्न थालेको रहेछ।

यसप्रकार प्रतिअष्टमी पूजाको हकमा चैत्राष्टमी तथा आश्विनशुदीको महाअष्टमीसमेत जम्मा अष्टमी दुई बाहेक वर्षभरि जे जति अष्टमी पर्दछन्, तिनमा पूजा गरिने सामान, विधि तथा जपपाठहरूमा समेत एकरूपता पाइन्छ। गोरखादरबारमा श्रीकालिका माईको प्रतिअष्टमी पूजामा नियमित रूपमा गर्नुपर्ने जपपाठहरू मुख्य रूपमा निम्न ३ प्रकारका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गासप्तशती पाठ :

गोरखादरबारकी श्रीकालिका माईको प्रतिअष्टमी पूजा हुँदा अष्टमीका पुरोहितसमेत जम्मा ४ जना पुरोहितद्वारा ९ आवृत्ति दुर्गासप्तशती पाठ गर्नुका साथै प्रत्येकले १०८ संख्यामा नवार्ण मन्त्र जपसमेत गर्नुपर्ने गरी दरवन्दी गरिएको छ ।

गणेशसहस्रनाम पाठ :

प्रतिअष्टमी श्रीकालिका माईको पूजा हुँदा भट्टराई पुरोहितद्वारा जम्मा ९ आवृत्ति गणेशसहस्रनाम पाठ गर्ने गरी दरबन्दी व्यवस्था गरिएको पाइन्छ ।

उपर्युक्तबमोजिमको दुर्गासप्तशती तथा गणेशसहस्रनाम पाठ गर्नेबारे यसै शोधको परिशिष्ट ९ मा दिइएको गुठीको लगतमा स्पष्ट रूपमा विषय समावेश गराइएको छ । उक्त जपपाठ गर्ने ब्राह्मणहरूलाई साबिकमा गुठीको आम्दानीबाट प्रतिअष्टमीमा आउने जम्मा रु. ४।५२ मध्ये प्रतिअष्टमी पूजा गर्ने पुरोहितलाई दक्षिणा रु. १।३२, गणेशसहस्रनाम पाठ गर्ने भट्टराई पुरोहितलाई दक्षिणा रु. १।१२ तथा दुर्गा सप्तशतीपाठ गर्ने अन्य पुरोहित ३ जनालाई प्रतिजवान रु. ।५६ पाउने गरी गरिएको व्यवस्था समयानुकूल नभएकाले यसै शोधको परिशिष्ट ९ मा दिइएको गृहपञ्चायत मन्त्रालयको दरबन्दी पुनर्व्यवस्थित गरिएको पत्रअनुसार वर्तमानमा पनि गोरखादरबारको भैपरिआउने शीर्षकमा खर्च लेखिने गरी उपर्युक्तबमोजिमको दक्षिणाको अतिरिक्त पाँचैजवान पुरोहितले प्रतिअष्टमी रु. ५।- का दरले दक्षिणा पाउने गरी व्यवस्था गरिएको छ ।[४]

सामवेद पाठ :

यसका अतिरिक्त दशकौंअघिदेखि प्रतिअष्टमीमा समेत श्रीकालिका माईको पूजा हुँदा २ जवान ब्राह्मणहरूले जम्मा १ आवृत्ति सामवेद पाठ गर्दै आएबाट संवत् २०२६ बाट निज २ जवान ब्राह्मणहरूलाई गोरखादरबारमा स्थायी 'सामवेद' दरवन्दीमा नियुक्त गरी कामकाज लगाइएको पाइन्छ । प्रतिअष्टमी पूजा सुरु हुँदा व्यवस्थित गरिएको गुठीको लगतमा भने यससम्बन्धी कुनै व्यवस्था पनि नभएको र तत्सम्बन्धी विषयको कुनै प्रसङ्गसमेत उल्लेख पाइन्न । तर हाल नारेश्वर गाविसमा रहेको विन्दवासिनी देवीको पूजाहारी भनेर चिनिने तिवारीका विश्वनिधि नामका कुनै पुर्खालाई उपल्लाकोटमा भएकी विन्दवासिनीको पूजा गरेबापत सामवेदी भएकाले गोरखाका शाह राजाले घडेरी बिर्ता दिएका थिए । यसबाट यी दुई ठाउँमा भएकी भगवती विन्दवासिनीको सम्बन्ध तिवारी ब्राह्मणहरूको सन्दर्भमा उल्लेख्य हुने र गोरखामा सामवेदी ब्राह्मणहरूको कदर गर्ने पुरानो चलन रहेको पाइन्छ । राजा राम शाहको पालामा सं. १६९२ मा गोरखामा बसेर सामवेदमा विद्वान् भएका काशीनाथ भन्ने ब्राह्मणले कालिका पूजाविधि सारी सिध्याए भन्ने व्यहोराको अभिलेख राष्ट्रिय अभिलेखालयको रील नं. बी १८०।११ मा भएकाले उपर्युक्त कुरा पुष्टि हुनाका साथै यसले सोही बेलादेखि

---

[४] हेर्नुहोस्, यसै शोधको परिशिष्ट ९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबार दशैंघरमा कालिकाको पूजा गर्न थालिएको कुरामा समेत विश्वास गर्न आधार मिल्दछ ।

३.२.४.२ दशैंघरबाहेक अन्य पर्वमा हुने पुराण :

चतुर्मास पुराण :

श्रीभवानीको ढोकामा आषाढशुक्ल एकादशी (हरिशयनी) का दिनदेखि कार्तिकशुक्ल एकादशी (हरिबोधिनी) का दिनसम्म नित्य दीप, कलश, गणेशको पूजा गरी चतुर्मासभरि देवीभागवत पुराणको पाठ तथा माहात्म्य सुनाउनुपर्ने दरबन्दी भएको पाइन्छ । यसका लागि साबिक पुरकोट गुठीको आयस्ताबाट पुराण भन्ने पण्डितलाई रु. ६०।- तथा गणेशलाई रु. २८।- दक्षिणाबापत पाउने तथा पूजासामानको लागि रु १२।- व्यवस्था भएकोमा पछि २०२६ सालदेखि गोरखादरबारकै दरबन्दीमा नियमित गरी पण्डितलाई दक्षिणा रु. १००।-, गणेशलाई दक्षिणा रु ५०।- तथा पूजासामानको लागि रु २५।- दिने गरी व्यवस्था भएको पाइन्छ।[५] यसप्रकार एकातिर ४, ४ महिनासम्म काम गरेर पण्डितले दक्षिणा जम्मा रु. १००।- तथा गणेशले रु. ५०।- मात्र पाउने व्यवस्था हुनु समयानुकूल अत्यन्त न्यून भएको पाइन्छ भने अर्कोतिर सम्भवत: यसैका कारण प्रस्तुत पुराण भन्ने कार्य केही वर्ष यतादेखि नियमित रूपमा भएको पाइन्न ।

३.३ गोरखादरबारक्षेत्रका परम्पराहरू

गोरखादरबारक्षेत्रमा हालसम्म जीवित रहेका धार्मिक क्रियाकलाप, ऐतिहासिक व्यवस्था र सांस्कृतिक प्रचलनहरूलाई अक्षुण्ण र अमर राख्नुमा ती प्रचलनहरूलाई कायम राख्न विगत युगमा बाँधिएका सुव्यवस्थित रीतिस्थितिहरूकै प्रमुख भूमिका रहेको छ । सत्रौं शताब्दीको सुरुदेखि उन्नाइसौं शताब्दीको पूर्वार्द्धको प्रथम चतुर्थांशसम्म अर्थात् करीब सवा दुई सय वर्षसम्म गोरखाका शाह राजाहरूको राजदरबार भएको गोरखादरबारक्षेत्रमा आफूलाई ईश्वरीय अनुकम्पा भएको, न्याय र विद्यामा पारङ्गत भएको भन्न रुचाउने ती राजाहरूले आफ्नो मौलिक संस्कृतिको जगेर्ना गर्न तथा तिनलाई निरन्तरता दिन धेरै प्रयास गरेको देखिन्छ। उपर्युक्त अवधिभित्र सम्भवत : राजा राम शाहका पालाबाट सुरु गरी पृथ्वीपति शाहको पालामा थप रूपले व्यवस्थित गरिएको गोरखादरबार श्रीभवानीको विशेष दुर्गोत्सवको समृद्ध परम्परा तथा पृथ्वीपति शाहकै पालाबाट व्यवस्थित गरिएका गोरखनाथजीका पर्वपूजाका परम्पराहरू एक आपसमा अन्तरसम्बन्धित र गोरखादरबारक्षेत्रका सांस्कृतिक पर्वहरूमा प्रमुख भूमिका राख्ने परम्पराहरू हुन्। ती मुख्य पर्व, पूजा र परम्पराका अतिरिक्त गोरखादरबार सम्बद्ध अन्य पीठका बारेमा प्रचलित प्रचलन पनि यिनै दुई महान् पीठसँग आबद्ध र निर्देशित भैं प्रतीत हुन्छन्। त्यसप्रकार महत्त्वपूर्ण र केन्द्रीय महत्त्वमा रहेको गोरखादरबारका गोरखनाथ तथा गोरखकालीको विशेष पूजाका सम्बन्धमा तिनलाई अमर बनाइराख्ने उद्देश्यले

---

[५] हेर्नुहोस्, परिशिष्ट ९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयसमयमा घटेका विभिन्न घटनाहरूलाई स्मरण गराउनेखालका तथा समयानुकूल रूपमा र स्वाभाविक तवरबाटै तत्सम्बन्धमा उठेका र भविष्यमा उठ्ने समस्याहरूलाई समेत सजिलै समाधान गर्न सकिने गरी बाँधिएका रीतिस्थिति र वर्तमानमा गोरखादरबारमा प्रयोग र प्रचलनमा रहेका केही परम्पराहरूको बारेमा यहाँ निम्नानुसार चर्चा गरिन्छ ।

३.३.१ वंशगत उत्तरदायित्व वा हक अधिकार सर्ने वंशपरम्परा :

गोरखादरबारक्षेत्रको रीतिस्थिति र परम्पराको कुरा गर्दा मुख्य रूपले उठाउने गरिएको प्रसङ्ग भनेको वंशपरम्पराको प्रसङ्ग हो । गोरखादरबार श्रीभवानीको दुर्गोत्सव तथा अन्य पर्वपूजाहरूमा र उता गोरखनाथजीका सेवामा समेत कार्यरत धेरैजसो पुरोहित, पूजाहारी, सुसारे, नगर्चीलगायत अन्य कामदारहरूसमेत आफूले उक्त काम वंशपरम्परावमोजिम पाएको र सो पाउने आफ्नो हक भएको कारणवाट अब आइन्दा पनि उक्त काम आफूपछि आफ्नै सन्तानले पाउनुपर्ने दाबी गर्दछन् । परन्तु हाल काम गरिरहेका सबै पूजाका कामदारहरू बाबुपछि छोराले नै पाएर अर्थात् वंशपरम्पराका आधारमा नियुक्त भएर एकातिर काम गरिरहेका छैनन् भने अर्कोतिर गोरखादरबारमा विभिन्न पदहरूमा आफ्नो वंश परम्पराको हक हुँदाहुँदै पनि सम्बन्धित अधिकारीले सो हकको हनन् गरेकोले उक्त हक अधिकार पुनस्थापना गर्न भनेर आफ्नो आवाज दिइरहेका तथा अड्डा अदालत गरिरहेका केही व्यक्तिहरू तथा तत्सम्बन्धी समस्याहरू गोरखादरबारमा देखिएका छन् । यसरी आफ्नो पैतृक हकसम्बन्धी समस्याहरू खास गरी पुरोहित, सुसारे, पूजाहारी आदि पदहरूमा आइपरेको छ भने तत्सम्वन्धी हकअधिकारको दाबी गर्ने व्यक्तिहरूसँग निजहरूको त्यस्तो अधिकारलाई प्रमाण गर्ने तात्कालिक अवस्थाकै भए तापनि कुनै प्रमाण निजहरूले प्रस्तुत गर्न नसकेकाले समस्या एकतर्फी बनेको देखिन्छ ।

वास्तविक रूपमा भन्ने हो भने द्रव्य शाहलाई गोरखाको राज्य प्राप्त गर्न सघाउ पुऱ्याउने कुलपुरुषहरू तथा ती थरघरका व्यक्तिहरू तत्कालीन गोरखाराज्यका हर्ताकर्ता हुनु स्वाभाविक छ । त्यसरी राज्यका हर्ताकर्ता बनेका व्यक्तिहरू तथा ठूलो योगदान दिने व्यक्तिहरूलाई स्मरणीय बनाउन तथा कदर गर्न गोरखादरबारको पर्वपूजाका लागि रीतिस्थिति बाँधिदा ती सम्बद्ध कामहरू तिनै व्यक्ति वा तिनका सन्तानलाई दिइएको हुन सक्छ । पछि कालान्तरमा यसरी दिइएको देवतासम्वन्धी कामलाई अरू कसैले लोभसमेत नगर्ने हुँदा त्यस्ता कामहरू स्वाभाविक रूपले पुस्तौनी जिम्मेबारीका रूपमा वंशगत हुँदै जानु स्वाभाविक देखिन्छ । यसरी चालू प्रचलनमा नगण्य आर्थिक सुविधा भएका कामहरूमा खास रूपमा चर्कोसँग हक अधिकारको प्रश्न नउठेको र केही राम्रै सुविधा भएका पदहरूमा भने चर्को विवाद भएकाले राम्रै आर्थिक सुविधा भएको अवस्थामा मात्र यो समस्या चर्किने देखिन्छ । तथापि माथि भनिएका सबै पदहरूमध्ये धेरैजसो पदका व्यक्तिहरूबाट कुनै प्रमाण उपलब्ध हुन नसके पनि विभिन्न ऐतिहासिक अभिलेखहरूमा तीमध्ये केही पदहरूमा काम गर्न विभिन्न राजाहरूबाट तत्सम्बन्धी व्यक्ति तोकी निजका सन्तान दरसन्तानले उक्त काम गर्ने गरी तोकिएको पनि हामी पाउँछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको अवस्थामा गोरखादरबारका प्रस्तुत प्रकारका पूजाका काम गर्ने व्यक्तिहरूमध्ये त्यस्ता सन्तान दरसन्तानका लागि अधिकार पाएकाहरू र नपाएकाहरू छुट्याउन र पहिचान गर्न गाह्रो भएको, सन्तान दरसन्तानसम्मलाई अधिकार पाएकाहरूमा बाबुपछि एउटै छोराले वा कुनै छोराले काम गर्ने वा सबै छोरालाई सो भाग लाग्ने वा नलाग्ने सम्बन्धी विवाद छिनाउन कुनै कानून वा व्यवस्था प्रभावी नभएको तथा पूजा काम गर्ने अधिकांश पदहरूलाई श्री ५ को सरकारको पूर्णवैतनिक पदमा परिणत गरिएकाले त्यस्ता पदहरूमा प्रवेश गर्न वंश परम्पराको कुनै आधार नलिइनुका साथै भिन्दै शर्तहरू तथा प्रक्रिया पूरा गर्नुपर्ने जस्ता समस्याहरू यस परम्पराका सन्दर्भमा प्रस्तुत भएका छन् ।

'हुमे र डुमे फेर्न हुँदैन' भन्ने स्थानीय लोकविश्वासका अनुसार कुलको पुरोहित र दमाईलाई सन्तान दरसन्तानसम्म एउटै व्यक्तिको खलकलाई काम लगाउने प्रचलन रहेको हाम्रो समाजको सन्दर्भमा गोरखादरबारका पूजाका कामदारहरूलाई वंशपरम्पराअनुसार काम लगाउने गरेको हुनसक्ने देखिन्छ। लिखित अभिलेखहरूले बताएझैं वंशपरम्पराकै रूपमा गोरखादरबारको गुरु पदवी पाई विशेष अवसरमा गोप्य सिद्धमन्त्र जप गर्नुपर्ने काम तोकिएका कुलपुरुष रामेश्वर पन्थ, श्रीहर्ष तथा श्रीधर पन्थ जस्ता व्यक्तिका सन्तानहरूबाट उक्त काम हाल भैरहेको पाइँदैन। गोरखादरबारको दशैंघर श्रीभवानीको पूजा हुँदा गरिने 'गुरु' निमन्त्रणामा अनुकूल र अवस्थाअनुसार सो सुपारी मूल्यहीन सम्झिई पन्छाउने गरिन्छ भने सम्बन्धितक्षेत्रका मानिसहरूलाई समेत उक्त 'गुरु' पदको ऐतिहासिकताका बारेमा ज्ञानशून्य रहेको पाइन्छ। यसैगरी गोरखाको राजदरबारसम्बद्ध कर्मकाण्डीय राजपुरोहितको रूपमा राजा द्रव्य शाहको पालादेखि लालमोहर प्राप्त गरेका गोरखादरबारका तत्कालीन पुरोहित श्रीगणपति भट्टराईलाई उक्त काम निजको सन्तान दरसन्तानले गर्न पाउने अधिकार दिइएको सम्बन्धी अभिलेख हालै प्राप्त भएको छ। यिनैका सन्तान भट्टराई थरका पुरोहितलाई पछि गोरखादरबार दशैंघरमा श्रीभवानीको विधिपूर्वक दुर्गोत्सव हुन थालेपछि उक्त पूजाका लागि मूलपुरोहित भई काम गर्ने गरी थरघर कायम गरिएको बुझिए तापनि आज गोरखादरबार दशैंघर श्रीभवानीको पूजा हुँदा भट्टराई थरबाहेकका ब्राह्मणसमेत मूलपुरोहित भई आउने गरेकोले यसमा पनि प्रचलित परम्परामा विचलन आएको पाइन्छ।

यसप्रकार परम्परागत रीतिस्थितिहरू अभिलिखित नहुनु तथा केही त्यस्ता लिखित सामग्री पनि कानूनीमान्यता प्राप्त गर्ने हैसियतमा नभएका कारणबाट गोरखादरबारको परम्परागत पूजाकामैमा संलग्न पदहरूमा वंशपरम्पराको आधारमा नियुक्त हुनुपर्ने वा नपर्ने तथा हुनुपर्ने भए कुन-कुन पदहरू र कुन प्रक्रियाबाट नियुक्ति हुने बारे कुनै स्पष्टताको अभावमा प्रस्तुत परम्परा 'खोलाको गीत' जस्तै भएर विलुप्त हुँदै गरेको पाइन्छ। परम्परागत रूपमा नै वंशपरम्पराको आधारमा काम गर्दै आएका पदहरूमा गोरखादरबारका चार पुरोहित, भित्रिया सुसारे तथा भीरकोटे सुसारेहरू, तल्लाकोटका सुसारे एक, गोरखनाथका नगर्ची एक, माईको पञ्चैबाजाको नाइके एक र नगर्ची एक तथा श्रीभवानीको दर्जी एक मुख्य रहेछन् भन्ने कुरा छर्लङ्ग देखिन्छ। उता गोरखनाथजीको पूजा गर्नका लागि सुन्दरनाथ योगीका सन्तान मध्येका कानफट्टा योगी हुनुपर्ने व्यवस्था छ। वंशपरम्पराको अर्थ लाग्ने गरी स्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नकिटिए पनि भावार्थ त्यस्तै झल्कने गरी गोरखाको धन्या (धने) दमाईलाई संवत् १८५४ साल भाद्रशुदी १२ रोज १ मा श्री ५ रणबहादुर शाहबाट निजलाई साबिकदेखि प्राप्त भएको गोरखनाथको नगरा बजाउने काम साबिकबमोजिम थामेको बारे उल्लेख भएको पूर्वप्रकाशित पत्र परिशिष्ट १९ (क) मा संलग्न छ।[६]

३.३.२ थरघर कायम गर्ने परम्परा :

गोरखादरबारमा पूजा काम तथा अन्य दरबारका सम्बद्ध काम गर्ने विभिन्न खालका परम्परागत पदहरूमा गोरखादरबारमा थरघरको व्यवस्था भएको हामी पाउँछौं। यसको अर्थ विशिष्ट पदमा काम गर्नका लागि विशिष्ट जातथरको व्यक्ति चाहिने गरी व्यवस्था गरिएको आरक्षण प्रथा नै थरघरको परम्पराको अर्थमा अर्थिन्छ। माथि नै वंशपरम्पराको प्रसङ्गमा उल्लेख गरेझैं गोरखादरबारमा कार्यरत अधिकांश कामदारहरू आफूले काम गरिरहेको पदमा आफ्नो पुस्तौनी र जन्मगत अधिकारको दावी गर्दछन् र यिनीहरूले यस्तो दावी गरे तापनि 'थरघर' को दावी वंशपरम्पराको दाँजोमा सीमित र गुणात्मक रूपमा केही उदार देखिन्छ। थरघरको मूल्यको सम्बन्ध कुनै विशिष्ट पदमा काम गर्नेको शेषपछि उसैको छोरोले सो कामको उत्तराधिकार पाउने वंशपरम्पराको जस्तो व्यवस्थासँग नभई कुनै पदको लागि तोकिएको थरघर वा कुलका व्यक्तिमध्येबाट नियुक्ति गर्नुपर्ने प्रथासँग रहेको छ। यसप्रकार व्यवस्था गरिएका परम्परागत पदहरू कुन कुन हुन् भनेर सबैका बारे स्पष्ट रूपमा किटेर भन्न नसकिए तापनि गोरखादरबार श्रीभवानीको दशैंघर पूजामा काम गर्ने तथा अन्य हाल वैतनिक तथा अवैतनिक हैसियतका कामदारमध्ये केही पदमा काम गर्न थरघर तोकिएका बारे ऐतिहासिक प्रमाणहरू हाम्रा सामु मौजुद छन्। त्यसपछि साबिकमा थरघर तोकिएका र हालमा वैतनिक हैसियतका साथ अवैतनिक हैसियतका पदहरू निम्नानुसार रहेको पाइन्छ-

(१) थरघर तोकिएका हाल वैतनिक हैसियतका पदहरू :

- (क) गणेश पुरोहित - भट्टराई थरको उपाध्याय ब्राह्मण,
- (ख) ब्रह्मा पुरोहित - खनाल थरको उपाध्याय ब्राह्मण,
- (ग) होता पुरोहित - वगाले अर्याल थरको उपाध्याय ब्राह्मण,
- (घ) आचार्य पुरोहित - विहारे अर्याल थरको उपाध्याय ब्राह्मण।[७]

(२) थरघर तोकिएका हाल अवैतनिक हैसियतका पदहरू :

- (क) तल्लोदरवारको पुरोहित - पाण्डे थरको उपाध्याय ब्राह्मण
- (ख) दरवारको ददायी पद - गरञ्जा थापा (हाल यो पद गोरखादरवारमा छैन।)

---

६ मनकामना २०३८, गाउँ सुधार समिति बक्राङ भोगटेनी गोरखाको पृष्ठ २६५ बाट।
७ गोरखाको इतिहास भाग ३ - दिनेशराज पन्त पृ. ८७७- पृ. ८८३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) कापर्दारी पद - आले, गरञ्जा थापा, गरञ्जा रानालाई आलोपालो पाउने गरी (हाल यो कापर्दारी पद पनि गोरखादरबारमा छैन ।)

(घ) डोली बोक्ने - बस्नेत क्षेत्री थर

(ङ) नौनिशान बोक्ने - विभिन्न ९ थरका क्षेत्री र मगरहरू (हेर्नुहोस् परिच्छेद २.१.१.११ अन्तर्गत) निशान बोक्ने नामको अनुच्छेद ।

यसप्रकारबाट गोरखादरबार श्रीभवानी तथा गोरखनाथको पूजाकाममा प्रत्यक्ष रूपमा संलग्न हुने पद वा अन्य दरबारका परम्परागत काम गर्नुपर्ने पदहरूमध्ये आज पनि कैयौं पदहरू वैतनिक हैसियतमा रहेका छन् भने कैयौं पदहरू अवैतनिक । एकातिर खास आर्थिक सुविधा नभएका त्यस्ता अवैतनिक पदमा काम गर्न थरघरका मान्छे पाउन मुस्किल भैरहेको बुझिन्छ भने थरघरका परम्परा तोकिएका हाल वैतनिक सुविधा भएका पदहरू सबै श्री ५ को सरकारको नि.से.नि. पालना गर्ने र लोकसेवाको कार्यविधि पुऱ्याई नियुक्ति गरिनुपर्ने पद भएकोले त्यस्ता पदहरू रिक्त भएका अवस्थामा कुनै विशिष्ट पदहरूमा विशिष्ट जातथरका व्यक्तिलाई नियुक्ति गर्ने गरी व्यवस्था गर्न नियमानुकूल नहुने हुँदा प्रस्तुत थरघरको परम्परा अत्यन्तै समस्याको केन्द्रबिन्दु भएको देखिन्छ ।

जागिरको रूपमा रहेको भए तापनि गोरखादरबार दशैंघर पूजाको पवित्र कार्यको अभिन्न अङ्ग स्वरूप रहेका विभिन्न काममा सामग्री ल्याउनुपर्ने तथा पूजाकाममै संलग्न हुनुपर्ने गरी व्यवस्था गरिएका अरू केही पदहरूमा पनि थरघरको व्यवस्थाको आभास मिल्दछ । त्यसमध्ये लाम्गराको गाग्राभार, सल्यानी गाग्राभार, बुंकोटघाटको माछाभार ल्याउन कुमाल जातिलाई, धर्मनदीको माछा ल्याउने काममा बोटे जातिलाई र सल्यानटारको केराभार ल्याउन दराई जातिलाई तोकिएको पाइन्छ ।

अन्तत: सामाजिकपरम्परा र मान्यताको पृष्ठभूमिमा कुरा गर्दा आनुषाङ्गिक रूपमै पनि नगरामा बाड् लाउने कामी, नगरा मोर्ने सार्की, कपडा सिउने र बाजा बजाउने दमाई तथा पूजाकाममा ब्राह्मणहरूलाई पुरोहित पद दिने गरी व्यवस्था गरिएको गोरखादरबारको रीतिस्थितिमा सङ्गति देखिन्छ ।

त्यसैगरी गोरखादरबारमा हाल काम पर्ने तथा नपर्ने विभिन्न कामहरू गर्नका लागि पूर्वसमयमा तोकिएका थरघरको व्यवस्थामा उपर्युक्त पदका अतिरिक्त निम्नानुसारका पदहरूको बारेमा उल्लेख गर्न सकिन्छ ।

(क) भान्से

नरभूपाल शाहको पालाको खर्चको टिपोटमा अडैलाई रकम दिइएकाले त्यतिबेला पनि विभिन्न भान्सेहरू गोरखादरबारमा रहेको बुझिन्छ । परन्तु गोरखादरबारबाट राजकीय आवास काठमाडौं सरिसकेपछि पनि जीवन्त रहेको गोरखादरबारका पर्वपूजाहरूमा पूजाकार्यका लागि भुजा पकाउन दरबन्दी व्यवस्थित गरिएको पाइन्छ । त्यसमध्ये आश्विनशुदी पक्षको सात दिन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चैत्राष्टमीका दिन १ समेत वर्षमा जम्मा ८ दिन उक्त काम गर्ने अर्याल ब्राह्मणी र प्रतिअष्टमी, बडादशैं तथा चैत्राष्टमी र अन्य सम्पूर्ण पर्वहरूसमेत गुठीतर्फका लागि भट्टराई थरकी ब्राह्मणीलाई भान्से तोकिएको पाइन्छ। उक्त कार्यहरू अवैतनिक र सुविधाविहिन भए पनि हालसम्म परम्पराअनुसार नै प्रचलनमा रहेको पाइन्छ। गुठीतर्फ काम पर्ने सबै पदहरूको नि.से.नि. अनुसार दरबन्दी व्यवस्था भइसक्दा पनि भुजा पकाउने भट्टराई ब्राह्मणीको भने उक्त दरबन्दी व्यवस्था हुन नसकेको देखिन्छ। दशैंको नवरात्र र चैत्राष्टमीका दिनमात्र काम पर्ने थुप्रै पदहरू हाल पनि दक्षिणा भेटिका भरमा काम लगाइएको पाइए पनि प्रतिअष्टमीसमेत सम्पूर्ण पर्वमा काम पर्ने गुठी तर्फका दरबन्दीमध्ये भने हालसम्म दरबन्दी नबनाइएको पद भुजा पकाउने ब्राह्मणीको मात्र हो।

(ख) राँगा, बोका किन्ने

पृथ्वीनारायण शाहभन्दा पूर्वसमयदेखि कुनै न कुनै रूपमा प्रचलित दशैंघर पूजाका लागि आवश्यक राँगा बोका जस्ता बलिका पशुहरू व्यवस्था गर्ने जिम्मा पनि थरघरलाई तोकिएको रहेछ भनेर परिशिष्ट १० मा संलग्न अभिलेखबाट हामीलाई जानकारी हुन्छ। उक्त पत्रमा गोरखादरबार दशैंघरका लागि चाहिने बोकाहरू बानियाँले किन्नुपर्ने र राँगाहरू बस्नेतले किन्नुपर्ने परम्पराअनुसार अब आइन्दा पनि सोबमोजिम गर्नु भनी रणबहादुर शाहले गोरखाका दस्या वस्न्यात (दशे बस्नेत) र जगसिं बानियाँ (जगत्सिं बानीयां) लाई उद्धृत गरेका छन्।

गोरखादरबारमा दशैंलाई चाहिने राँगा बोकाहरू यस प्रकारले थरघरले खोज्नुपर्ने तत्कालीन व्यवस्थामा पछि थुमथुमलाई सो कामको जिम्मा सुम्पिएको र हाल भने घटाघट ठेक्काबाट उक्त बलिहरू गोरखादरबारले प्राप्त गर्दछ।

(ग) सगुने

माङ्गलिक कार्यमा पवित्र मङ्गलका वस्तुहरूलाई 'सगुन' का रूपमा प्रयोग गर्ने हाम्रो सामाजिक संस्कृतिमा परिचित प्रचलन हो। यसैअनुरूप गोरखादरबारको विशिष्ट सांस्कृतिक पर्वहरूमध्येको गोरखादरबारको दुर्गोत्सव गर्दा आश्विनशुदी सप्तमीका दिन गोरखादरबारबाट फूलपाती लिन जाँदा र फर्कंदा, नवमीका दिन रेवन्तेपूजा गर्दा र विजयादशमीका दिन फूलपाती सेलाउन जाँदासमेत संलग्न हुनुपर्ने सगुन बोक्ने व्यक्ति कुमाल थरको हुनुपर्ने प्रथा छ। सगुन, भारजस्ता माङ्गलिक वस्तुसँग कुमाल जातिलाई सम्बद्ध (Associate) गरी हेर्ने हाम्रो पारम्परिक प्रथाको सन्दर्भमा उपर्युक्त विषयले सङ्गति राखेको छ।

(घ) निशान बोक्ने

विजयको प्रतीक मानिने निशानहरूको पूजा दुर्गोत्सव पूजाको अभिन्न अंगको रूपमा अर्थिन्छ। गोरखादरबारमा दशैंघर पूजा हुँदा महानवमीका दिन जङ्गी निशानसहित नौनिशानको लागि १० वटा बोकाको बलि दिई नौनिशान र जङ्गीनिशानको पूजा गरिन्छ। यसअघि नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फूलपातीको दिन गोरखादरबारमा फूलपाती ल्याउँदा डोलीको साथमा नौनिशानहरू पनि दशैंघर भित्र्याइन्छ। उक्त निशानहरू पृथ्वीनारायण शाहकालीन गोरखा सेनाको प्रतीक मानिन्छ। तत्कालीन समयमा गोरखाका विशिष्ट भारदार र सैनिक अधिकृतहरूले आफ्नो बटालियनको छुट्टै निशान (प्रतीक) खडा गरेका कारण आज पनि गोरखादरबारको दुर्गोत्सवमा पूजिने निशानहरूलाई तत् तत् थरको निशान भन्ने गरिन्छ। आज पनि गोरखादरबारको फूलपातीमा बानीयाँको निशान बानियाँले, खत्रीको निशान खत्रीले, थापाको निशान थापाले, बोगटीको निशान बोगटीले, रेशमी मगरको निशान रेशमी मगरले, गरंजाको निशान गरंजाले, भुसाल मगरको निशान भुसाल मगरले, सिरुपाली बस्नेत र खप्तडी बस्नेतको गरी दुईवटा निशान सिरुपाली बस्नेत र खप्तडी बस्नेतले बोक्ने चलन छ। यसरी हेर्दा गोरखादरबारको नौनिशानमा ३ वटा निशानमा मगरको र ६ वटा निशानमा क्षेत्रीहरूको अधिकार रहेको देखिन्छ। जङ्गीनिशान भने गोरखादरबारको जङ्गी निशानेले बोक्दछ।

३.४ गोरखादरबारको भार, सगुन, वलक र झाराप्रथा

परम्परागत रूपमा चलिआएको गोरखा दरबारका विभिन्न पर्व र पूजाका लागि व्यवस्था गरिँदा तात्कालिक समय र त्यसको परिवेशअनुकूल सकभर दूरदृष्टि राखी स्थिति बाँधेको पाइन्छ। गोरखादरबार नेपालएकीकरणमा जुटेको बेला स्थिति बाँधिएको गोरखादरबारका पर्वहरूसँग तात्कालिक विशिष्ट ऐतिहासिक यथार्थको सम्बन्ध देखा पर्दछ। समय एकै नहुने देखी आफ्ना इष्टदेव देवताका पूजाकार्यमा कसैगरे पनि बाधा नपर्ने गरी गोरखाका शाह राजाहरूले स्थिति बाँधिदिएको देखिन्छ। आफ्नो राज्यअन्तर्गतका तर आन्तरिक विद्रोह हुनसक्ने सम्भावना भएका तथा केन्द्रको प्राय: आँखा नपुग्ने ठाउँमा आफ्नो सार्वभौमिकता कायम राख्न र त्यहाँका निम्नस्तरका जनतासँग समेत अन्तरक्रिया जारिराख्न तत्कालीन समयमा त्यस्ता ठाउँहरूबाट गोरखादरबारका विभिन्न पर्वका अवसरहरूमा सगुन,भार आदि आउने गरी व्यवस्था बाँधिएको देखिन्छ जसका बारे तल संक्षेपमा चर्चा गरिन्छ।

सल्यानी भार :

राजा राम शाहको मावली सम्बन्ध भएको सल्यानटारसँग सुमधुर सम्बन्ध कायम राख्न गोरखादरबार दशैंको दुर्गोत्सवमा सो ठाउँबाट जम्मा २४ जनामध्ये १२ जना दरैले २४ घरी केरा र १२ जना कुमालले ४८ वटा गाग्राको भार ल्याएपछि मात्र गोरखादरबारको फूलपाती लिन जान कलश बैड्याउनुपर्ने स्थिति बाँधेर सल्यानटारको भारको महत्त्वलाई अझ बढावा दिइएको छ।[८] यसरी स्थिति बाँध्दा सल्यानीभार ल्याउनेलाई दरबारमा बोलाएपछि मात्र जानुपर्ने गरी स्थिति बाँधिएको छ। आज पनि फूलपातीका दिन सल्यानटारबाट उक्त भार ल्याउने व्यक्तिहरू गोरखादरबार नजिकै आएर पर्खन्छन् र दरबारबाट बोलाएपछिमात्र माथि जाने गर्दछन्।

---

[८] सं. १९९६ को कौसी तोसाखानाको लगतमा सल्यानीभार ल्याउने २७ जना भनिएको।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाम्गराको गाग्राभार :

भार ल्याउनेलाई खेतको तिरो तिर्न नपर्ने गरी सहुलियत दिएर लाम्गराको गाग्राभार गोरखादरबार दशैंघरमा ल्याउनुपर्ने गरी व्यवस्था गरेको पाइन्छ। ४ गाग्रा र १ हाँडी अनि एक टपरी माछा ल्याउने लाम्गराको प्रस्तुत भारलाई वि.सं. १९९६ को कौसी तोसाखानाको लगतमा 'धुँवाकोटका कुमालबाट ल्याउने भार' भनिएको छ।

सातथर कुन्दूरको गाग्राभार :

यस भारमा पनि लाम्गराको गाग्राभार ल्याउनेले ल्याएसरहको सामान ल्याउने ११ वटा भार समावेश गरिएको छ। यो भार पनि स्थानीय कुमालहरूले ल्याउने चलन छ।

धर्मानदीको माछा ल्याउने :

नवरात्रको घटस्थापनादेखि सप्तमीसम्म श्रीभवानीमा भोग लगाउनका लागि बोर्लाङ्घाटका माझीहरू आई दरौंदीको निमेलफाँटदेखि कुन्दूरसम्ममा दैनिक २४ झुत माछा (आलो) मारी श्रीभवानीमा भोग लगाउन ल्याउने चलन छ।[१] यसरी श्रीको काममा त्रुटि पार्न नहुने कारणबाट पूजाका लागि अति आवश्यक उक्त माछा सुलभ होस् भन्नाका निमित्त उक्त दिनहरूमा माथि तोकिएका क्षेत्रमा कसैले माछा मार्न नपाउने गरी रोक्का गर्ने पुरानो चलन रहेको बुझिन्छ।

बुङ्कोटघाटको माछा :

बडादशैंको फूलपातीका दिनमा नै गण्डकीमा जालहाली मारेको आलो सहरमाछा २, कन्याभोजन र सगुनका लागि माछा २ र माछाले भरिएका साना पेरुङ्गा ९, फूलपातीका दिन ल्याएर बुझाउनुपर्ने गरी व्यवस्था गरिएको प्रस्तुत भारका जिम्मावाललाई ६० मुरी माटोको तिरोभरो मिनाहा हुनाको साथै बुङ्कोटघाटमा डुँगा चलाई खान पाउने अधिकार दिने गरी पुरानो व्यवस्था बाँधिएको छ।

सगुने :

गोरखादरबारका प्रत्येक मंगल कार्यहरूमा उपस्थित हुनुपर्ने सगुन बोक्ने सगुनेले चैत्राष्टमीको दिन, घटस्थापनाको दिन र फूलपातीको दिनसमेतमा १ घरी केरा, १ टपरी माछा र १ ठेकी दही लिई आउने चलन छ। मंगल कार्यमा सगुन बोक्ने यिनीहरू पनि कुमाल जातिकै हुनुपर्ने भनी पुरानो रीतिस्थितिका कागज्मा लेखेको भेटिन्छ।

---

[१] दैनिक २४ झुत ल्याउनेबारेमा र घटस्थापनाको दिनदेखि वा द्वितीयाको दिनबाट मात्र सो माछा ल्याउने बारे मतभेद भएकाले त्यसका बारेमा थप जानकारीका लागि हुर्नुहोस्, यसेको अनुच्छेद २.१.१.३ सम्बद्ध अंश ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिएको अतिरिक्त उपर्युक्त ६ प्रकारकै भार र सगुनलाई जिन्सी तथा नगद पाउने गरी विभिन्न समयमा सुविधा थप गर्दै ल्याइएको कारण यी सांस्कृतिक प्रथाहरू हालसम्म सुचारु रूपले सञ्चालन भएको पाइन्छ ।

वलक :

राजालाई सिर्तो बुझाउने रूपमा बुझिने यो वलकप्रथा गोरखादरबारमा हाल छैन । यसमा तात्कालिक समयमा विभिन्न ५५ थुमथुमबाट दशैंलाई राँगा, बोका ल्याउनुपर्ने तथा साउनेसंक्रान्ति, साउनेभण्डारा जस्ता पर्वमा समेत आवश्यक सामग्री ल्याउनुपर्ने स्थिति बाँधिएको थियो भनिन्छ । यसैको परिशिष्ट २४ मा संलग्न पत्रबाट पनि गोरखादरबार दशैंघर र अन्य पर्वपूजालाई उहिल्यै ती ५५ गाउँको वलकबाट काम चलाउने गरी व्यवस्था गरेको पाइन्छ ।

झारा :

झारा भनेको राज्यलाई तिर्नुपर्ने 'राजभाग' हो भनेर बुझ्नुपर्दछ । गोरखादरबार र सो वरपरको वैभवपूर्ण क्षेत्रमा व्यवस्था बनाइराख्न पृथ्वीनारायणपूर्व र पृथ्वीनारायणपछिको समयमा पनि गोरखा शहरवासीलाई अरू खालका झाराहरू माफ गरी तिनीहरूलाई गोरखादरबार, पोखरी, मौला, शिवालय, देवालय बनाउन र दुरुस्त पारी राख्ने काम गर्न प्रेरित गरिएको कुरा यसै शोधको परिशिष्ट २५ मा संलग्न पत्रले हामीलाई जानकारी गराउँछ ।

खेताला, ह्यामी, ज्यामी :

गोरखादरबारमा परिआउने काम गर्न खेताला, ह्यामी जम्मा १६ जनालाई वार्षिक जनही रु. ४।५० ले जम्मा हुने रु. ७२।- कौसी तोसाखानाबाट जाने कुरा वि.सं. १९९६ को लगतले प्रष्ट पार्दछ । यसप्रकार परिआउने खेतालाका रूपमा काम गर्ने ती 'खेताला' आजकल ह्यामी भनेर चिनिन्छन् र तिनीहरू श्री ५ को सरकारको दरबन्दीमा रही काम गरिरहेका छन् ।

३.५ वर्षदिनभरिमा गोरखादरबार र सम्बद्ध पीठहरूमा हुने बलिहरूका विवरण

प्रस्तुत शोधकार्यको विभिन्न अध्यायहरूअन्तर्गत गोरखादरबार र सोसँग सम्बद्ध अन्य पीठहरूमा समेत गरी वर्षभरिमा हुने बलिपूजामा जाने बलिहरूको व्याख्या गर्दै विवरण प्रस्तुत गरिसकिएको छ । त्यसअनुसार गोरखादरबारको साबिक सरकारी दरबन्दीबमोजिम प्राप्त हुने राँगा, बोकालगायत बलिहरूमध्ये अधिकांशत: गोरखादरबार दशैंघर तथा चैत्राष्टमीको पूजाकार्यमा खर्च हुने र अन्य बलिहरू वरपरका पीठमा खर्च भई जाने देखिन्छ । ती बलिहरूलाई प्राप्त हुने स्रोत र खर्च हुने अवसरका आधारमा तल तालिकाबद्ध गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बडादशैंमा प्राप्त हुने बलि र तिनका स्रोतको तालिका

	सतार	कालरात्रि भद्रकाली	रांगा	कालो बोका	अन्य बोका	भेंडा	सुँगुर	कुखुरा
बलिसम्बन्धी ठेक्काबाट	१	२	८४	४०	८६	५	५	७
गुठीको ठेक्काबाट	-	-	-	२	-	९	-	-
बोका र फूल ल्याउने द्वारेबाट (ल्याउने यसमा गणना नहुने बोका १)	-	-	-	-	-	-	-	-
जम्मा	१	२	८४	४२	८६	१४	५	७

यसरी हेर्दा बडादशैंमा प्राप्त हुने जम्मा सरकारी बलि २४१ हुने देखिन्छ ।

चैत्राष्टमीमा प्राप्त हुने बलि र तिनका स्रोतको तालिका

	राँगा	कालो बोका र अरू बोका	भेँडा	सुँगुर	कुखुरा भालेपोथी
बलिको ठेक्काबाट	२७	१०+४३	३	३	२
गुठीको ठेक्काबाट	-	-	५	-	-
जम्मा	२७	५३	८	३	२ = ९३

यसप्रकार चैत्राष्टमी र बडादशैं गरी जम्मा हुन आउने ३३४ बलि र बाँकी २२ वटा प्रतिअष्टमीका लागि गुठीका ठेकेदारले ल्याउने भैंडा २२ तथा साउनेभण्डारा र चण्डिपूर्णिमामा खर्च हुने जम्मा बलि १६ वटासमेत गरी गोरखादरबार तथा अन्य सम्वद्ध पीठहरूमा गरी वर्षभरमा ३७२ वटा बलि व्यवस्था गरेर गोरखादरबार श्रीभवानीको पूजासँग आबद्ध र त्यहाँ पूजा भएका कारणवाट बलिपूजा पाउने पीठहरूमा गरी जम्मा ३७२ बलि दिने व्यवस्था[१०] गराएर वर्षदिनभरका सवै दिनका लागि कम्तिमा १, १ वटा बलि चढाएसरह हुनेगरी व्यवस्था गरेको बुझिन्छ ।

३.६ गोरखादरबारको सांस्कृतिक परम्पराका सन्दर्भमा उल्लेख्य ऐतिहासिक परिवारहरू र व्यक्तिहरू

गोरखादरबार शाह राजदरबारका रूपमा स्थापित हुने कालदेखि नै सक्रिय सहयोग पुऱ्याइआएका व्यक्तिहरू गोरखादरवारका विश्वासपात्र हुने नै भए। त्यसकारण रीतिस्थिति

[१०] विस्तृत विवरणका लागि हेर्नुहोस् यसैको परिशिष्ट १८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँध्दा तिनै विश्वासिला मान्छे वा सोही घरानालाई गोरखादरबारको पूजासँग सुहाउँदो काम जिम्मा लगाइएको बुझिन्छ। त्यसैकारण गोरखादरबारका सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण काम गर्ने ऐतिहासिक परिवारहरू वा व्यक्तिहरू र हाल तिनका सन्तानहरूको बारे तल संक्षेपमा कुरा उठाइने छ।

राना :

शाहकालीन गोरखादरबारमा ६ थरघरको ठूलो सम्मान थियो। यी थरघरहरू नै राजसभाका पूर्ववर्ती रूप थिए। राज्यसम्बन्धी निर्णयहरूमा यिनीहरूको हात हुन्थ्यो। त्यसमध्ये 'राना' थर पनि एक हो। त्यसैकारण तत्कालीन दरबारीया खानदानमा पर्ने रानाहरू ऐतिहासिक पुरुषका रूपमा महत्त्वपूर्ण देखिएका छन्। संवत् १८५६ मा पुरकोटमा १३०० मुरी माटो गुठी राखी गोरखादरबारमा श्रीकालिकाको पूजा सञ्चालन गर्नेबारे दानपत्र गरिएको ताम्रपत्रमा सीमाङ्कन समयको साक्षी बस्ने मध्येमा वंशवीर राना पनि एक छन्। त्यसैगरी गोरखामनकामनाको ढोकामा रहेको संवत् १८५९ को दुईवटा अभिलेख त झन् स्वयं शूरवीर रानाले राख्न लगाएका छन्। यी शूरवीर राना जैराज (जयराज) रानाका नाति र बन्धु रानाका छोरा हुन् भन्ने बुझिएकाले[११] सम्भवत: यिनी वंशवीर रानाका निकट भाइबन्धु हुनसक्ने देखिन्छ। यी रानाहरू गोरखादरबारमा प्रतिष्ठा पाउने व्यक्तिका रूपमा देखिएको सन्दर्भमा हाल पनि गोरखादरबार श्रीभवानीको प्रत्येक पर्वपूजामा मुख्यमुख्य बलिहरू र जेठो कान्छो राँगो मार हान्ने काम रानाले नै गर्नुपने स्थिति परम्परादेखि बसाएको पाइनु सान्दर्भिक र अर्थपूर्ण देखिन्छ। द्रव्य शाहको राज्यप्राप्ति अभियानमा सहायक भएका गंगाराम रानाका सन्तान यी रानाहरूले गोरखादरबार पूजामा स्थान पाउनु स्वाभाविक भएको सन्दर्भमा गोरखादरबारका थरघरका ब्राह्मणहरूलाई पुरोहित र बोहोरालाई श्रीभवानीको पूजाकाम गर्ने भित्रिया सुसारेको काम दिएजस्तै रानालाई सेना प्रमुखका सन्तान भएका कारण पूजामा पनि प्रमुख बलि हान्ने काम दिइएको पाइन्छ।

बोहोरा :

द्रव्य शाहलाई सहयोग गर्ने थरघरका बोहोरा (रञ्जित?)[१२] का सन्तानहरू नि:सन्देह रूपमा गोरखाका भारदारका रूपमा स्थापित रहिरहेको कुरा माथि उल्लिखित तथा यसै शोधको परिशिष्ट २ मा संलग्न दानपत्रको अभिलेखमा सीमासाक्षीका थरघरका रूपमा हरिवंश बोहोरा पनि साक्षी बसेकाले पुष्टि हुन मद्दत गर्दछ। सम्भवत: निकै लामो समयसम्म ऐतिहासिक गोरखा पशलाङमा बसोबास गर्ने बोहोरा थरका यिनै भारदारहरूको जग्गा जमिन छेवेटार र दरौंदी नजिक रहेकाले आज पनि उक्त ठाउँलाई बोहोरावेसी भनिन्छ। उता गोरखादरबारमा भित्रिया मूल सुसारेका रूपमा बोहोरा थरका व्यक्ति आज पनि कार्यरत रहेकाले उपर्युक्त कुराहरूमा संगति मिलेको छ।

---

[११] शाहकालका अभिलेख, धनबज्र वज्राचार्य, पृष्ठ ३७६।

[१२] गोरखादरबारको व्यवस्था गर्न बनेको कार्यदलको प्रतिवेदनले रनजीत बोहोरा भनेर उल्लेख गरेको छ भने उक्त अवस्थामा दलवीर सारू र मुरली खवासको समेत नाम लिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खवास :

माथि उल्लेख गरिएका श्रीभवानीका पूजाकाममा भित्रिया सुसारेका रूपमा 'द्वारे' (ढोकामा काम गर्ने वा बाहिरी सहयोग गर्ने) का हैसियतमा आज पनि खवास थरका मगरले काम गर्दछन्। तर पादटिप्पणी संख्या (१२) मा ऐतिहासिक पुरुष मुरली खवासको नाम उल्लेख गरेको भए तापनि द्रव्य शाहको अभियानलाई सहयोग गर्ने थरघरमा खवास समावेश भएको पाइन्न।

त्यसो भए तापनि गोरखादरबारको रीतिस्थिति बाँध्दा द्रव्यशाहभन्दा निजको उत्तराधिकारीहरूका पालादेखि बढी रूपमा दरबारमा नजिकका सहयोगीका रूपमा देखिएका खवासमगर तथा भट्टराई थरका ब्राह्मणलाई ६ थरभित्र नपरे पनि अरूलाई सरह वा अरूभन्दा पनि बढी सम्मानजनक स्थान दिइएको बुझिन्छ। आज पनि गोरखाका भित्रिया सुसारेका रूपमा खवास थरका द्वारे र दशैंघरका मूलपुरोहितका रूपमा र भट्टराई पुरोहितका रूपमा समेत भट्टराईहरू सम्मानित रहेको पाइन्छ। हुन त द्रव्य शाहलाई सहयोग गर्ने ऐतिहासिक पुरुषका रूपमा मुरली खवासको नाम गणपति (गजानन) भट्टराईको नामसँगै नआउने भने होइन।

खवास थरको कुरा गर्दा उक्त कुलका अन्य ऐतिहासिक व्यक्तित्वका रूपमा केशौंद्वारेको (केशव)[१३] नाम मुख्य रूपले आउँछ। केशौंद्वारे पृथ्वीनारायणका मुमाको कृपापात्र थिए भने इतिहासमा पृथ्वीनारायणले उनको उखु चोरेर खाइदिएको कुरा पनि उल्लेख छ। सम्भवत: तिनै केशौंद्वारे (खवास) का सन्तान (भाइ, छोरा वा नाति) हुनसक्ने देखिएका देवसिं षवास (खवास) आफ्नो समयमा प्रतिष्ठित व्यक्तिका रूपमा रहेका देखिन्छन्। मनकामनाका वर्षबन्धन पूजाका लागि हर्ताकर्ता भएर खटिएका यी देवसिं खवासलाई सहयोग गर्न भनी संवत् १८५० मा विभिन्न व्यक्तिहरूलाई श्री ५ रणबहादुर शाहले लेखेको पत्र तथा संवत् १८६५ मा श्री ५ गीर्वाणयुद्ध विक्रमले नवलसिं बाँडालाई समेत लेखेको पत्रहरूका आधारमा खवासथरका उपर्युक्त कुलपुरुषहरू श्री ५ गीर्वाणयुद्धको पालासम्म दरबारियाशक्तिका निकटस्थ व्यक्तिहरूका रूपमा प्रस्तुत हुन्छन्। यी माथि उल्लिखित पत्रहरूमध्ये पहिलो व्यहोराका पत्रहरू लगतफाँट डिल्लीबजारबाट र पछिल्लो व्यहोराका पत्रहरू गुठी लगत तथा तहवील कार्यालयबाट नक्कल उतार गरिएको भन्दै मनकामना पत्रिकाको वर्ष १, अंक १, २०३८ मा छापिएको छ।

सम्भवत : यिनै केशौंद्वारे तथा देवसिं खवासका सन्तान नै आज गोरखादरबारमा काम गर्ने द्वारेहरू हुन् कि भन्ने देखिन्छ।[१४]

---

१३ केशौंद्वारे स्वयं खवास थरका मगर थिए। गोरखा दरबारमा द्वारेपद खवासले नै पाउने हुँदा खवासहरूले आफूलाई द्वारे मात्र पनि लेख्ने गरेको देखिँदा खवास र द्वारेपद पर्यायवाची झैं बनेको छ। गोरखनाथको गुफाको संवत् १८५८ को अभिलेखमा 'लिगलिगका द्वाऱ्या रनसिं षवास' भन्ने उल्लेख भएकाले उपर्युक्त कुराको पुष्टि गर्दछ र साथमा लिगलिगमा पनि खवास नै द्वारे बन्दोरहेछ भनेर बुझिन्छ।

१४ थप जानकारीको लागि हेर्नुहोस् यसै लेखकको अनुसन्धानग्रन्थ 'मनकामना मन्दिर र त्यस क्षेत्रको जनजीवनको सांस्कृतिक अध्ययन।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्टराई :

गोरखाराज्य स्थापनामा सहयोग पुऱ्याउने गणपति (गजानन) भट्टराई तथा अन्य कुलपुरुषहरूका कारणबाट गोरखादरबारमा पछिल्लो समयमा पनि भट्टराईहरूलाई सम्मानित स्थान प्राप्त भएको देखिन्छ। द्रव्य शाह पछिका उत्तराधिकारीहरूका पालामा र अन्य विभिन्न समयमा प्रतिष्ठित बन्ने श्रीपति भट्टराईसमेतका योगदानका कारण गोरखादरबारमा शाह राजाहरूले श्रीभवानीको दशैंघर पूजा आरम्भ गरेपछि गोरखादरबारका स्थापित अर्याल परिवारको भानिजसमेत भएकाले उनीहरूबाट सिफारिस पाएका भट्टराईलाई सन्तान दरसन्तानसम्म दशैंघरको गोप्य रूपमा श्रीभवानीको पूजा गर्ने अधिकार दिएको देखिन्छ। त्यसैकारण गोरखाबाट राजदरबार काठमाडौं सरेपछि दुई दरबारवीच सञ्चार कायम राख्न र गोरखादरबारमा स्थिति बिग्रन नदिन काठमाडौंदरबारबाट प्रत्येक बडादशैं तथा चैत्राष्टमीमा तिनै राजपुरोहित भट्टराईलाई गोरखामा दशैंघर पूजा गर्न पठाएको कुरा गोरखादरबारमा श्रीभवानीलाई पृथ्वीनारायण शाह पछिका राजाहरूले चढाएका धेरै गहनाहरूमा मार्फत् पुरोहित '.......... (भट्टराई)' भनी विभिन्न समयमा विभिन्न भट्टराई थरका पुरोहितहरूको नाम उल्लेख हुनुले पनि पुष्टि गर्दछ।

यो त भयो गोप्यरूपमा गोरखादरबार दशैंघर श्रीभवानीको पूजाकाममा स्थापना कालदेखि नै भट्टराईहरूले स्थान पाउँदै आएको कुरा, यसका अतिरिक्त राम शाहका पालादेखि नै धर्मकर्म, कर्मकाण्ड र अन्य खालका राजदरबारका पौरोहित्यकार्यमा काम गर्न ४ पुरोहितका रूपमा भट्टराई, विहारे अर्याल, बगाले अर्याल तथा खनाललाई थरघर तोकिएको देखिन्छ। यसप्रकार ४ थरका ब्राह्मणलाई राजपुरोहित तोकेकै व्यवस्थाअनुरूप आज पनि करिब सोही व्यवस्था गोरखा र काठमाडौंदरबारमा चालू रहेको देखिन्छ। गोरखादरबारमा भने ४ पुरोहितका रूपमा रहेका पुरोहितहरूको राजदरबार काठमाडौं सरेपछि खासरूपमा पौरोहित्यकाम नभए पनि संवत् १८५६ मा अष्टमी पूजा चलेपछि प्रत्येक अष्टमीमा र सदासाबिकको दशैंघरको पूजाका काममा मात्र काम गर्ने रूपमा हाल ४ पुरोहितको स्थान रहेको छ जसमध्ये भट्टराई पनि एक हो।

खनाल

गोरखाराज्य स्थापनामा सक्रिय बनेका सर्वेश्वर खनाल भनिने कुलपुरुषको कारण गोरखादरबारका ४ पुरोहितमध्ये 'खनाल' थरको पनि समाविष्टि रहेको पाइन्छ। यसैको परिशिष्ट २ मा संलग्न पत्रमा पनि पुरकोट गुठीको सीमासाक्षीका रूपमा श्रीभानु उपाध्याय खनालको उपस्थिति रहेको गोरखनाथ गुफामा रहेको, संवत् १८५८ को अभिलेखअनुसार गोरखनाथको पर्खाल मर्मत गर्दा चिट लाउने काम गर्नेको रूपमा भद्र षदाल (भद्र खनाल) को नाम पनि उल्लेख भएका कारण गोरखादरबारमा खनालहरूको निरन्तर उपस्थिति दृष्टिगोचर हुन्छ। आज पनि खनाल थरका एक पुरोहित गोरखादरबारमा छँदैछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्याल :

गोरखाराज्यमा शाहहरू राजाका रूपमा स्थापित गराउन केन्द्रीय भूमिका निभाउने व्यक्ति नारनदास अर्ज्याल थिए। यी अर्ज्याल कुलभूषणका सन्तानहरू निरन्तर गोरखादरबारको इतिहासमा देखा पर्दछन्। थरघरमध्ये एक थरमा पर्ने यी कुलपुरुषका कुनै पुस्ताका सन्तानहरू बिहारघरमा बसेका कारण (विहारे) र बङ्गलारूपको घरमा बस्नेहरू तर्फका सन्तान बगाले भनी चिनिन थाले भन्ने गरिन्छ। परन्तु तथ्य भरपर्दो नभएकाले थप अनुसन्धेय विषय हो यो, तथापि यी दुवैथरि अर्यालका सन्तानलाई गोरखादरबारको रीतिस्थिति बाँध्दा ४ पुरोहितमा राखेको पाइन्छ। आज सो व्यवस्था हुबहू बाँकी नरहे पनि कुनै न कुनै रूपमा गोरखादरबारका पुरोहितमा अर्ज्यालहरू रहिरहेको पाइन्छ। यी अर्यालका कुनै श्रीहरि नामका सन्तान पनि पुरकोट गुठीको सीमासाक्षीका रूपमा देखिएका छन् भने विख्यात कवि तथा राजपुरोहित शक्तिबल्लभ तथा राधावल्लभसमेत यसै परिवारका व्यक्तिहरू भएको कुरा प्रसङ्गअनुसार यसै शोधको अन्य ठाउँमा समेत उल्लेख गरिएको छ। उपर्युक्त पुरकोट गुठीको दानपत्र गर्दा संकल्प पढ्ने व्यक्ति पनि कतै अर्याल नै हुन् कि भनेर सोच्नुपर्ने भएको छ। यी दैवज्ञकेशरीको कुरा गर्दा राजपुरोहित भएका यिनी अर्याल हुन् वा होइनन् भन्नेबारे अभिलेख मौन रही 'संकल्पवाक्यवक्ता पुरोहित : श्रीदैवज्ञकेशरी पण्डित :' मात्र भनेकाले यसवारेमा अगाडि विचार गर्नुपरेको छ।

संवत् १८५५ माघशुदी १५ रोज ४ मा श्री ५ रणबहादुर शाहले श्री ५ गीर्वाणयुद्ध शाहलाई उत्तराधिकार दिँदा ताम्रपत्रमा साक्षीबस्ने भारदारहरूको नाम उल्लेख गर्ने क्रममा 'सत्यधर पण्डितका नाति चक्र (पाणि) पण्डितका छोरा पुरोहित दैवज्ञकेशरी' भनिएको भेटिएको र उता संवत् १८६१ साल जेष्ठवदी १३ तिथिमिति भएको यसैसँग सम्वद्ध अर्को ऐतिहासिक पत्र पनि प्रकाशित भएको पाइन्छ। प्रस्तुत पछिल्लो पत्रमा श्री ५ गीर्वाणयुद्धवाट विगत ४ वर्षअघि आफ्ना वावु श्री ५ रणबहादुर शाह बनारस बस्दा लागेको ऋण तिर्न सारा भारदारलाई पद माफिक रकम तोकी सोबमोजिम सलामी तिर्न ल्याउनु भन्ने हुकुम दिएको सन्दर्भमा ६ थरघरका व्यक्तिमध्ये हरिवंश वोहोरा, वंशवीर राना, खनाली भानुपाध्या, पंथ्याई श्रीनाथ पंथ, पंड्याती मुरारि पाँडेका साथमा अर्जाली श्रीचक्रको नामसमेत परेकाले यिनै ६ थरघरमध्ये अर्ज्याल थरका श्रीचक्र अर्थात् चक्रपाणिको नाम भेटिएकाले पूर्वोक्त संकल्पवाक्य वक्ता पुरोहित दैवज्ञकेसरी यिनै चक्रपाणि अर्ज्यालका छोरा हुन् भन्ने देखिन आएवाट दैवज्ञकेशरी पनि अर्याल नै रहेछन् भनेर बुझिन्छ।

त्यसैगरी प्रस्तुत पछिल्लो पत्रले तत्कालीन समय (सं. १८६१) सम्म पनि राजभारदारको रूपमा खनाली, अर्ज्याली आदि पद नै दिई ६ थरघरलाई सम्मान गरिएको र साथमा परम्परागत रूपवाट दरबारका पुरोहितका रूपमा भट्टराई, खनाल, विहारे, वगाले अर्याललाई राखिरहेकै वुझिन्छ। प्रस्तुत पत्रमा ६ थरघरका अतिरिक्त प्रोहित जदूनाथ, प्रोहित भट्टराई, अर्ज्याल प्रोहित, राधारमण खनाल प्रोहित सत्यधरको नाम लिइएको र यिनमा ३ जना पूर्वोक्त अनुसारकै ३ थरवाट र बाँकी एकजना जदूनाथको थर नखुलाइएकोवाट यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहित जदूनाथसमेत गर्दा जम्मा ४ पुरोहित पुग्ने देखिँदा यो व्यवस्था परम्परागत रीतिस्थितिअनुरूप नै रहेको देखिन्छ।

पाण्डे :

ऐतिहासिक पुरुष गणेश पाँडेसँग कालुपाण्डेको पैतृक सम्बन्ध देखाउँदै कालुपाण्डे गणेश पाँडेका सन्तान (क्षेत्री पट्टिका) हुन् भनिन्छ। गोरखाराज्यको स्थापनामा सक्रिय योगदान गर्ने गणेश पाँडे तथा पृथ्वीनारायण शाहका अभियानका महारथी कालुपाण्डे नेपाली इतिहासमा अमर नामहरू हुन्। सम्भवत : यसैकारण गोरखादरबारको विशिष्ट प्रकारको रीतिस्थिति बाँध्दा गोरखादरबारको विशिष्ट अङ्गको रूपमा रहेको तल्लोकोट भगवतीको पुरोहितका रूपमा गणेश पाँडेका सन्तानलाई दरसन्तानसम्म पाउने गरी व्यवस्था गरिदिएको पाइन्छ। सो व्यवस्था हाल पनि कायम छ। त्यसैगरी गोरखादरबारका ६ थरघरमा समेत पाँडेहरूको उल्लेख पाइन्छ। त्यसैकारण पुरकोट गुठीका साक्षी बनेका गंगाधर पाँडेका नाति सिरै पाँडेका छोरा जगजीत पाँडे गीर्वाणको उत्तराधिकारका अवस्थामा पनि साक्षी बसेको पाइन्छ। श्री ५ गीर्वाणयुद्धले बाबु बनारस बस्दा लागेको ऋण तिर्न सलामी उठाउँदा पनि पंड्याति मुरारि पाण्डेको नाम उल्लेख भएबाट थरघरका भारदारका रूपमा गणेश पाण्डे तथा कालु पाण्डेका सन्तानको विशेष स्थान रहेको पाइन्छ।

पन्थ (त) :

गोरखादरबारको थरघरका व्यक्ति हुनाको साथै गोरखादरबार र हनुमानढोकाको पन्थकोठाको काजी पगरीसमेत राजाबाट पाएका पन्थहरू ऐतिहासिक परिवारका व्यक्तिहरू हुन्। उक्त परिवारका चर्चित श्रीहर्ष पन्थ श्री ५ गीर्वाणकी मुमाले राखेको गोरखादरबार श्रीकालिकाको पूजाका निमित्त पुरकोट गुठीको सीमासाक्षीका रूपमा पनि प्रस्तुत छन् भने उल्लिखित संवत् १८७८ मा श्री ५ राजेन्द्रबाट गोरखाका तारानिधि पन्थलाई लेखेको पत्रमा समेत उनको नाम उल्लेख भएको छ। उक्त पत्रमा उनका अतिरिक्त उल्लेखनीय कार्य गर्ने गुरु रामेश्वर पन्थ, काजी महेश्वर पन्थ र श्रीधर पन्थको बारेमा पनि उल्लेख भएको छ। यसरी राजदरबार नजिक बसी राज्यका विशिष्ट काम गर्ने पन्थहरूलाई 'गुरुपद' तथा काजीपदसमेत मिलेको देखिन्छ।

यिनै पन्थका सन्तान तारानिधि पछिल्लो समयसम्म पनि गोरखाका हर्ताकर्ता थिए भन्ने कुरा यसै शोधको परिशिष्ट १७ (ख) मा संलग्न पत्रले बताउँछ। यसप्रकार गोरखा राज्यस्थापना कालमा सहयोग गर्ने भगीरथ पन्थदेखि तारानिधि पन्थका पालासम्म चर्चित पन्थ परिवारको हाल गोरखादरबारमा कुनै स्थान रहेको पाइँदैन। परन्तु पूर्वउल्लेख भएको ऋण तिर्न सलामी उठाउने गीर्वाणको पत्रमा ६ थरघरमध्ये पन्थबाट पन्थ्याइँ श्रीनाथ पन्थको नाम उल्लेख भएकाले थरघरका रूपमा यिनीहरू त्यतिबेलासम्म सम्मानित रहिरहेको देखिन्छ। गोरखादरवारमा दशैंघर पूजामा दशैंघर बस्न अन्य थरका साथमा पन्थलाई पनि आमन्त्रण गर्ने चलन भने अद्यावधि छँदैछ भने यहाँको 'गुरु' पद भने अष्टमी पूजा गर्ने पुरोहितका पर्यायका रूपमा मानिन थालेकाले आज पन्थबाट खोसिन पुगेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारत र सरवर अर्थात् (अश्लामी र पुलामी)

गोरखादरबार श्रीभवानीको पूजाकामका लागि वाहिरबाट सहयोग गर्ने ८ जना भीरकोटे सुसारेहरू पुलामी तथा अश्लामी थरका रहेका छन्। उनीहरू आफूलाई गोरखादरबारको आमन्त्रित अतिथिका रूपमा आएका आफ्ना पुर्खाहरू 'भारत' र 'सरवर' का सन्तान मान्दछन् र साथै आफूहरूलाई श्रीकालिकाको माइतीखलक र मावलीखलक भएको दावी गर्दछन्। उनीहरूका अनुसार उनीहरूकी छोरी तथा भान्जी पर्ने अद्वितीय शक्तिरूपा कुमारी नै गोरखादरबार भगवतीका रूपमा पूजिएकी हुन्। आफ्ना पुर्खाहरूको गोरखा आगमनसम्बन्धी कुरामा उनीहरू अगाडि पुष्ट्याइँ गर्दै भन्दछन् : 'श्रीभवानीको विधिवत् पूजा गर्न गोरखालीहरूले नजानेकाले सो गोप्यविधि सिकाउन हामी आयौं र हामीले सो कुरा यहाँकाहरूलाई सिकाएर उनीहरूले जानेपछि हामीलाई भित्र पूजाकोठामा नगई ढोका बाहिरै बसेर श्रीभवानीको टहल चाकड गर्नू भन्ने राजाबाट स्थिति राखिएको हो।' यसमा कत्तिको सत्यता र विश्वसनीयता छ सो कुरा जटिल शोधखोजको विषय हो।

हाल गोरखादरबारमा कार्यरत यी भीरकोटे सुसारेहरूले पाउने पुरानो रीतिस्थितिको नेगमा 'भारत' र 'सरवर' कै नाम उल्लेख भएको पाइन्छ भने बडादशैंको विजयादशमीको दिन फूलपाती सेलाउने बेलामा निकाल्ने डोली हेर्न नहुने (आफ्नी छोरी भान्जीको भित्र्याउने होइन, सेलाउने डोली भएकाले) प्रचलन रहनु निकै चाखको विषयका रूपमा प्रस्तुत छ। यसलाई अर्थात् फूलपातीको डोलीलाई मानवीकरण गरी डोली निकाल्ने कार्यलाई प्रतीकात्मक रूपमा मृतशवसँग तादात्म्य गर्ने चेष्टा रहेको यस प्रसंगले देखाउँछ।

आशानाथ र सुन्दरनाथ तथा तिनका सन्तान :

माथि सम्बन्धित प्रसङ्गमा बताएझैं घिमिरे ब्राह्मणका छोरा आशानाथ योगी बनी गोरखनाथका पूजाहारा बनेको मानिन्छ र उनैका कुनै पुस्ताका सन्तान सुन्दरनाथ गोरखनाथका पूजाहारी परम्परामा उल्लेख्य छन्। यिनै सुन्दरनाथका सन्तानहरू हामीहरू हौं भनेर वर्तमान समयको गोरखनाथको पूजाहारी काम गर्ने योगीहरू आफूलाई चिनाउने गर्दछन्। थप प्रमाणको लागि यससँग सम्बद्ध परिशिष्ट २० संलग्न गरिएको छ।

बिसे नगर्ची र धन्या दमाई :

किम्वदन्तीहरूमा आधारित इतिहासमा पृथ्वीनारायण शाहका अनन्य हितैषीका रूपमा बिसे नगर्चीलाई चित्रित गरिएको छ। परन्तु कुनै ठोस अभिलेखले बिसे नगर्चीको अस्तित्व देखाउन सकेको पाइएको छैन तापनि हाल गोरखादरबारमा श्रीभवानीतर्फ दर्जी काम गर्ने, तथा माईको मुख्य नगर्चीसमेतले र अरूहरू समेतले आफूलाई बिसे नगर्चीको सन्तान भन्न रुचाउँछन्। परन्तु यस विषयमा प्रामाणिकता नभए पनि नरभूपाल शाहको पालाको खर्चको टिपोटमा दुईवटा नगर्ची र एकजना पञ्चैबाजेलाई खर्च दिइएकाले बाजा बजाउने दमाईहरू आज जस्तै त्यतिबेला पनि रहेछन् भनेर बुझिन्छ। बरु हालै गोरखनाथको नगर्ची धने दमाईलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परापूर्वदेखि उसैका पुर्खाले गरिआएको गोरखनाथको नगरा बजाउने काम अब उप्रान्त पनि उसैलाई गर्न दिने कुरा उल्लेख भएको संवत् १८५४ को श्री ५ रणबहादुर शाहको पालाको पत्र भेटिएको छ (परिशिष्ट २०)। जसले यस सम्बन्धमा अगाडि विचार गर्न मद्दत पुऱ्याएको छ। प्रस्तुत पत्र मनकामना वर्ष १ अंक १ मा छापिएको दिनेशराज पन्तको लेखबाट उद्धृत गरिएको हो।

राजप्रतिनिधि रणरुद्र शाह :

पृथ्वीनारायण शाहले गोरखादरबारबाट आफ्नो दरबार नुवाकोट हुँदै काठमाडौं सारेपछि गोरखादरबारको रेखदेखको पूर्णअधिकार दिएर राजप्रतिनिधिका रूपमा रणरुद्र शाहलाई नियुक्त गरेका थिए भने ८, १० वर्ष अघिसम्म गोरखादरबारमा काम गर्ने राजप्रतिनिधिले आफूलाई 'तिनै रणरुद्र शाहका सन्तान हुँ' भनेर भन्ने गरेका थिए। तर हाल गोरखादरबारका लागि स्थायी राजप्रतिनिधि नियुक्ति भएको देखिन्न।

चौधरी (पुनजोति चौधरी, कृष्ण चौधरी) :

गोरखादरबारको पूजाकामको लागि स्थिति बाँधिदा दूरदृष्टि राखी प्रायः कामहरू एउटै व्यक्तिका सन्तानबाट स्वाभाविक रूपले निरन्तरता पाउने गरी व्यवस्थित गर्न खोजिएको देखियो। पुरोहितहरू, दमाईहरू, सुसारेहरू समेत त्यसै प्रकारले नियुक्ति गर्ने व्यवस्था गरेको कुरासमेत यहाँ हामीलाई थाहा भैसक्यो। यहाँ त्यस्तै अर्को महत्त्वपूर्ण पदको कुरा गर्न खोजिएको छ।

आज पनि गोरखादरबारमा काटिएका नेगहरू बाँड्दा 'कृष्ण चौधरी' भनेर एउटा काटेको राँगो पन्छाइन्छ। यता गोरखातिर कुनै ऐतिहासिक पुरुष कृष्णचौधरीका नाममा दिने गरिएको उक्त नेग हो भन्ने अर्थ लगाउने गरिन्छ। आजकल न त त्यो राँगो लाने व्यक्तिले राँगो किन र केका लागि लाँदैछु भन्ने बुझेको छ न त कुनै गोरखादरबारका कर्मचारीलाई उसलाई सो राँगो किन दिइँदैछ भन्ने थाहा नै छ। यो त एउटा उदाहरण मात्र हो यस्तो अज्ञानता र अन्योल इतिहास र सांस्कृतिक अनभिज्ञता गोरखादरबारमा यति बढी भैसकेको छ, यति सीमा नाघिसकेको छ कि त्यहाँ आयोजना हुने कुनै पर्व सञ्चालनको विधिविधान र तरिका हेरेर अब कसैले गोरखादरबारमा गरिएको कुनै कामका बारे कुनै अडकल नै लाउन नसक्ने र ती कार्यहरू विचित्रता र विडम्बनाको दृष्टिले मात्र उल्लेखनीय हुन सक्ने देखिन्छन्।

प्रसङ्ग कृष्ण चौधरीको नेगको छ। आजकल कृष्ण चौधरीको नेग लैजाने स्थानीय जोशी परिवारका व्यक्तिहरू आफू पक्का पनि कृष्ण चौधरीको सन्तान हुनुपर्ने ठान्दै आफ्नो वंशावली तयार पार्ने क्रममा जुटेका छन्, यो खुसीको कुरा हो।

चौधरी भन्ने पदले राजदरबारको जिन्सी भण्डारको रेखदेख गरी खास गरी ध्यू तेलको व्यवस्था गर्ने पद भन्ने समेत जनाएको बुझिन्छ। आजकल गोरखादरबारमा चौधरी पदको अस्तित्व नपाइए तापनि यसै शोधको परिशिष्ट ९ मा संलग्न संवत् १९९६ को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरबारको नगद जिन्सी सम्बन्धी कौसी तोसाखानामा रहेको लगतको खड्ग निशानामा 'चौधरीमार्फत् ध्यू, तेल खरिदके' भन्ने शब्द परेकाले हाल गोरखादरबारको 'भण्डारे' भन्ने पदको काम गर्ने रूपमा त्यतिबेला 'चौधरी' को व्यवस्था गरिएको रहेछ भनेर बुझिन्छ। सम्भवत: सोही चौधरी पदमा कुनै समयमा काम गरेका कारण कृष्ण नामका कुनै चौधरीका नाममा उपर्युक्त राँगाको नेग बाँधिएको पनि हुनसक्ने देखिन्छ। उता श्रीकृष्णजात्रा गोरखादरबार लाने प्रसंगमा पनि कृष्ण चौधरी भन्ने उल्लेख भएकाले सोही कृष्णजात्रा ल्याउने चौधरी परिवार भन्ने अर्थमा कृष्ण चौधरी भन्ने नाममा नेग बाँधिएको पनि हुनसक्ने देखिन्छ। यसबाट कृष्ण चौधरीले काम मात्र जनायो कि व्यक्तिको नाम पनि जनायो यसै भन्न सकिएन।

यस सन्दर्भमा गोरखा पंदेलथोकमा (प्रनालीथोक) श्रीभीमसेन मन्दिर निर्माण पूरा भई पूजा व्यवस्थासम्बन्धी संवत् १८४४ मा श्री ५ रणबहादुर शाहले गरिदिएको ताम्रपत्रमा साक्षीका रूपमा भिक्षु पुनजोति पनि रहेका देखिन्छन्।[१५] त्यहाँ पुनजोतिसँगै नाम उल्लेख भएका 'जगत, वंशिधरका छोरा नन्दुभवानी विष्णुदेवी महन्त र चार भाइका' भन्ने वाक्यांश परेकाले भिक्षु पुनजोतिलगायतका यी चारजना महन्त रहेछन् भनेर बुझिएकाले एकातिर त्यसबेलासम्म पनि गोरखाली नेवारहरूमा बौद्ध सम्प्रदायको प्रभाव निकै भएकै देखियो र अझ अर्कोतिर तत्सम्बन्धी जिज्ञासा बढेकाले अध्ययन गर्दै जाँदा अनुसन्धानका क्रममा उपर्युक्त पुनजोतिका बारेमा थप प्रकाश पार्ने सामग्रीसमेत पाइयो। प्रस्तुत पत्र[१६] १८५० मा रणबहादुर शाहद्वारा मनकामनाका वर्षबन्धन पूजाका लागि चाहिने सामग्री उपलब्ध गराउने काम स्थानीय अधिकारी भएका नाताले चौधरी पुनजोतिले गरून् भन्ने आशयका साथ लेखिएको छ। यसबाट अघिल्लो भीमसेनस्थानको अभिलेखमा र सोभन्दा ६ वर्षपछि गरिएको यस पत्रका समयमा समेत पुनजोति गोरखाका प्रतिष्ठित व्यक्ति थिए भन्ने बुझियो भने थप कुरा अघिल्लो ताम्रपत्रबाट पुनजोति भिक्षु बनेका थिए भन्ने कुरा र पछिल्लो पत्रबाट उनी गोरखाका चौधरीमा नियुक्त भएका थिए भन्ने कुरासमेत बुझियो।

अब सम्भावना के पनि रहन्छ भने यिनै पुनजोतिले गोरखादरबारमा रथसमेत लैजाने चलन चलाएकाले माथि उल्लेखित राँगाको नेग कृष्णको रथ लाने यिनै चौधरीलाई दिने गरी सो नेग फाल्दा कृष्ण चौधरी भन्ने गरिएको हो।

३.७ गोरखादरबारको पौरोहित्य परम्परा

विभिन्न मठ, मन्दिरहरूका सेवा-पूजा गर्ने कामदार, सुसारे, पूजारी तथा पुरोहित वर्गको ऐतिहासिकता र मानवशास्त्रीय अध्ययनमा ठूलो महत्त्व रहेको हुन्छ। यसबाट सांस्कृतिक, ऐतिहासिक विकासका क्रममा मानवीय गतिविधि आदिको बारेमा थाहा लाग्दछ।

जहाँसम्म गोरखादरबारको पौरोहित्य परम्पराको कुरा छ, यहाँको प्रथालाई नेपालका अन्य शक्तिपीठहरूको प्रचलनसँग दाँजेर हेर्न अमिल्दो देखिन्छ। नेपालका विभिन्न शहर र

---

[१५] शाहकालका अभिलेख, पहिलो भागबाट।

[१६] मनकामना वर्ष १, अंक १, दिनेशराज पन्तको लेखसँग सम्बद्ध।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्तीदेखि बाहिर निर्जन जङ्गल वा नदी किनारमा शक्तिपीठहरू रहेका हुन्छन् र त्यस्ता धेरैजसो शक्तिपीठ, मातृका र खासगरी महालक्ष्मीका मन्दिरमा शूद्र वर्गका निम्न व्यक्तिलाई पूजारी बनाइएको हुन्छ। कौलतन्त्री शाक्तहरूले त्यस्ता सेवापूजा गर्ने निम्न जातका भनिने व्यक्तिका कन्यालाई सहगामिनी बनाएर तन्त्रसाधना गर्ने हुँदा त्यस्ता मन्दिरहरूमा निम्न जातका व्यक्ति पोडे, च्यामेजस्तालाई पूजारी बनाइएको हो भन्ने अर्थ गर्ने गरिएको पाइन्छ। काठमाडौं उपत्यकाका शक्तिपीठहरूमध्ये कुनैमा निम्नजातिका शूद्र आदिलाई पूजारी बनाएको पाइन्छ भने कुनैमा बज्राचार्य, कर्माचार्य आदि उच्च जातिका व्यक्ति पनि पूजारीको रूपमा कार्यरत रहेको भेटिन्छ।

गोरखाको सन्दर्भमा कुरा गर्दा यस ठाउँमा सोह्रौं शताब्दीको अन्तमा शाहहरूको शासन प्रारम्भपूर्व जनसंख्याको हिसाबले सम्पूर्ण गण्डकीक्षेत्रमा मगर र गुरुङहरूको मुख्य रूपले बसोबास रहेको बुझिन्छ। त्यसैबेला नै सम्भवतः गोरखा प्रदेशमा 'सात बहिनी' वा 'तीन बहिनी' देवीको अवधारणाको विकास भएको पाइन्छ। ती सात वा तीन संख्याको एक आपसमा अन्तरसम्बन्धित गरेर हेर्ने गरिएका शक्तिस्वरूपका देवी देउरालीहरूको कालान्तरमा विभिन्न प्रकारले विकास भएको कुरा यसैको विभिन्न प्रसङ्गमा बताइयो। यसरी हेर्दा गोरखाभेगका ती देवी देउरालीहरूमा सेवापूजा गर्ने सुसारे, पूजारी आदि गुरुङ, मगर नै रहनु स्वाभाविक देखिन्छ। हुन पनि गोरखाको निकट दक्षिणीभेगमा रहेको मनकामना मन्दिरमा प्रारम्भमा मगर अनि पछि बौद्ध मतका बज्राचार्य र पछिल्लो समयदेखि हिन्दू पुरोहितहरूले समेत पूजाआजाको काममा स्थान पाउन थालेको देखिएकाले[१७] यस विषयलाई सामाजिक-ऐतिहासिक घटनाचक्रले राम्रैसँग प्रभाव पार्ने बुझिन्छ। त्यसैगरी मनकामना भेगको त्रिवेणीमा गुरुङ जातिले पूजा गर्ने गरेको पाइन्छ भने गोरखादरबारदेखि उत्तरतर्फरहेको नामरुङ भगवतीमा पनि गुरुङहरू नै पूजारी रहेको भेटिन्छ। यता अकला र अन्नपूर्णदेवीका मन्दिरमा क्षेत्री र छिम्केश्वरी र छाब्दी बाराहीमा भने मगर जातिका व्यक्तिहरू पूजाहारी रहेको भेटिनुमा ती स्थल वरपर प्रारम्भमा तिनै जातिका मानिसहरूको बसोबास रहेको बुझिन्छ। यस भेगका उपर्युक्त ३ बहिनी देवी कालिका, मनकामना र छिम्केश्वरीलाई पछि महाकाली, महालक्ष्मी, महासरस्वतीका रूपमा र उपर्युक्त ७ बहिनीको अवधारणालाई सप्तमातृकाका रूपमा हेर्न थालेको पाइन्छ। आजकल उपर्युक्त देवी देउरालीमध्ये मनकामनामा हिन्दू वैदिक कर्मकाण्डीय तथा बौद्ध कर्मकाण्डसमेतका विधानबाट पूजा उपासना गर्ने गरिएकोले यसलाई साझा संस्कृतिको आश्रयस्थल **(Melting pot)** को रूपमा विकास गरिएको छ। त्यसबाहेक अन्य ५ ठाउँमध्ये धेरैजसोमा परम्परागत गैर-आर्य पूजाहारीबाट लौकिक विधिबाट पूजा गर्ने गरिएको पाइन्छ। यसरी गैर-आर्यहरूको शक्तिपीठमा भएको संलग्नतालाई डा. जगमान गुरुङले बौद्ध विहारहरूलाई शक्तिपीठ र कोटघरका रूपमा रूपान्तरण गर्ने हिन्दू अभियानको परिणामका अर्थमा अर्थ्याउनुभएको छ।

यता गोरखादरबारको श्रीभवानीको पूर्ववर्ती स्वरूपलाई स्याङ्जा भीरकोट र लसर्घा आलमदेवीका सन्दर्भमा समेत राखेर हेरिएको सन्दर्भमा नै भीरकोटबाट मगर जातका

---

१७ विस्तृत जानकारीका लागि हेर्नुहोस्, भट्टराई, लोकप्रसाद - 'मनकामना मन्दिर र त्यस क्षेत्रको जनजीवनको सांस्कृतिक अध्ययन' अन्तर्गत 'मनकामना मन्दिरको पूजाहारी र पौरोहित्य परम्परा'।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुसारेलाई यहाँ ल्याई काम लगाइएको कुरा अर्थपूर्ण हुनआउँछ । यहाँ आजतक भीरकोटे सुसारे रहेको पाइनुले पनि त्यस कुरालाई अझ पुष्टि गर्दछ । तर आलमदेवीमा जस्तो कुमार **(Celibate)** मगरले नै पूजा गर्ने प्रथा यहाँका सन्दर्भमा तुलनीय देखिन्न ।

गोरखाराज्यको समृद्धि र विकासका क्रममा शास्त्रीय हिन्दू मतानुकूल परम्पराहरू गोरखादरबारमा विकास भएकाले हिन्दूमतका वैदिक कर्मकाण्डीहरू नै गोरखाकालिका श्रीभवानीको पूजा उपासनाका लागि पुरोहित नियुक्त हुने गरेको बुझिन्छ । श्री ५ रणबहादुर शाहले कास्कीका जयभद्र बोहोरालाई लेखेको यसैको परिशिष्ट २२ को पत्रअनुसार कास्कीराज्य गोरखामा मिलाइनुपूर्व त्यहाँको कोटमा तिवारी जैसीहरू पुरोहित रहेको देखिन्छ । यता वर्तमान समयमा गोरखादरबारमा जस्तै लमजुङदरबार र हनुमानढोकादरबारमा समेत ४ पुरोहितको अवधारणा कायम रहेको पाइन्छ । पूजा र यज्ञका क्रममा समेत आवश्यक पर्ने गणपति, ब्रह्मा, होता तथा आचार्य गरी ४ पदको काम गर्ने यी ४ पुरोहितहरू गोरखादरबार, हनुमानढोका र राजदरबारमा त भट्टराई, खनाल र अर्याल थरको नै हुनुपर्ने चलन छ । गोरखाराज्य प्राप्तिका सन्दर्भमा श्रीद्रव्य शाहलाई सघाउ पुऱ्याउने उपर्युक्त थरघरका व्यक्तिलाई सन्तान दरसन्तानसम्म खान पाउने गरी श्री ५ राम शाहको पालामा स्थिति बाँधिदा व्यवस्था मिलाएको र सो परम्परालाई परवर्ती हनुमानढोका र नारायणहिटी राजदरबारमा समेत अवलम्बन गरिएको बुझिन्छ तापनि राजदरबारमा भने पूजाकोठाका अन्य पूजाआजा र कर्मकाण्डीय कामका लागि भने ४ पुरोहितका अतिरिक्त अन्य थरघरका उपाध्याय ब्राह्मणलाई समेत पुरोहित बनाइएको पाइन्छ ।

उता गोरखादरबार श्रीभवानीको जस्तै गुरु गोरखनाथको पूजाहारीहरू घिमिरे ब्राह्मणबाट योगी बनी गोरखनाथी सम्प्रदायको गुरु परम्पराको अनुयायी भएको बताइन्छ । ती कानफट्टा योगीहरू पनि पृथ्वीपति शाहकै पालादेखि वंशगत रूपमा सन्तान दरसन्तानको रूपमा पूजारी बन्दै आएका छन् ।

यसका अतिरिक्त गोरखादरबारक्षेत्रका अन्य मठमन्दिरमध्ये विरिमकाली, पशुपति, श्रीविद्या, पाञ्चायन मन्दिरक्षेत्रका श्रीगणेश, महादेव र नारायणका स्थानमा समेत उपाध्याय ब्राह्मण नै पूजाहारी अर्थात् पुरोहित रहेको भेटिन्छ । त्यसैगरी तल्लाकोट र उपल्लाकोट भगवतीमा त वंशजका रूपमै पुरोहित हुने व्यवस्था छ । त्यसैगरी पद्माक्षनारायण, विन्ध्यवासिनी, वैजनाथका घरका देवता, तल्लोदरबारभगवती आदिमा ब्राह्मण र गोरखादरबार नजिकको चण्डीदेवीमा मगरजातिका पूजाहारी रहेको भेटिन्छ ।

३.८ गोरखादरबारबाट मानसम्मान स्वरूप प्रसाद तथा नेग पाउने व्यक्ति र तिनको योगदान

गोरखादरबारमा दशैंघर तथा अन्य पूजाका अवसरमा दरबारका आफ्ना कर्मचारीहरूबाहेक अन्य गाउँठाउँ तथा व्यक्तिहरूको सहयोग हालसम्म पनि अपेक्षित रहने कुरा माथि भैसक्यो । यस सन्दर्भमा गोरखादरबारको पुरानो रीतिस्थितिमा गोरखादरबारको काममा इतिहासको कुनै कालखण्डमा विशिष्ट कार्य गर्ने व्यक्तिहरूलाई वा तिनका सन्तानलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाहरूको विभिन्न कार्यमा मानसम्मान दिने वा नेग वा प्रसादी दिने जस्तो प्रचलन पनि रहेको पाइन्छ । त्यसमध्ये गोरखादरबारको चैतेदशैं तथा बडादशैंमा बलि गरिएका राँगा तथा बोकाका टाउका तथा शरीर नेगका रूपमा पाउने कर्मचारी बाहेकका नेगदारहरूको नामांकन गर्दै सो नेग तिनले पाउने कारणका बारे संक्षेपमा चर्चा गरिन्छ ।

गोरखादरबारका कर्मचारी बाहेकका नेगदारहरू :

(१) मूलपुरोहित

(२) पूजाकोठे

(३) कलस्यौली

(४) मंगलेनी

(५) प्रतिनिधि

(६) भण्डार्नी कन्या

(७) सान तान्ने

(८) भुजा पकाउने

(९) जोर दमाहा

(१०) कलश बोक्ने

(११) छाता ओडाउने

(१२) कृष्ण चौधरी

(१३) चौबीस कोठी

(१४) सेवा लगाउने

(१५) अस्तु लगाउने

(१६) पोखरीथोक, पाटेचौर, छिपिटोल, मैदान, हटियाथोकसमेत ५ गाउँ ।

(१७) पीपलथोक, पदेलथोक, गुरुङथोक, भोगटेनी, कान्तेश्वांरा, रानाथोकसमेत ६ गाउँ ।

(१८) भारत सरवर

(१९) डोली बोक्ने

(२०) पन्थ

(२१) हवाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२२) धार्नी सार्की

(२३) फूलपाती सेलाउने

(२४) साहूपाठो

(२५) मालसिरी भन्ने ।

माथि उल्लेख गरिएका बाहेक पनि कैयौं नेगहरू विभिन्न व्यक्तिहरूका नाममा दिने गरिन्छ । यसमध्ये धेरैजसो नेगहरू पूजाकाममा संलग्न भएवापत दिइने नेग भनेर नामैले जानिन्छ भने कैयौं नेगहरू सम्मानका लागि दिइएको छ ।

प्रस्तुत सन्दर्भमा माथि उल्लिखित नं. १, नं. २, नं. ३, र नं. ४ का नेगहरू ती व्यक्तिहरू राजदरबार तथा हनुमानढोका दरबारदेखि दशैंभर गोरखादरबारमा आई काम गरेका कारण दिइएको हो ।

नं. ५ को नेग राजप्रतिनिधिलाई सम्मान गरेर दिइएको हो ।

नं. ६ को नेग नवरात्रभर गोरखादरबारमा चोखो पानी ल्याउने तथा अन्य पूजाकार्यमा पवित्र काम गरेका कारण कन्याहरूलाई दिने गरिएको हो भने ८ नं. को नेग पनि नवरात्रमा पूजाकाममा संलग्न भएबापत दिइएको हो ।

त्यसैगरी नवरात्रभर जोरदमाहा बजाउनेलाई नं. ९ बमोजिम तथा दशैंको वलि पूजा हुँदा भुजेली सान लगाउन सान तान्नेलाई नं. ७ को नेग दिइन्छ । नं. १०, नं. ११, नं. १९, नं. २१ तथा नं. २३ बमोजिमका नेगहरू फूलपातीका दिन सोही शीर्षकमा उल्लिखित काम गरेबापत सम्बद्ध व्यक्तिलाई दिइन्छ । नं. १२ बमोजिमको नेगका बारेमा यसै शोधको अगिल्लो परिच्छेदमा विस्तृत रूपले व्याख्या गरिएको छ भने नं. १४, नं. १५ र नं. २५ बमोजिमका नेगहरू नवरात्रभर तथा चैत्राष्टमीमा समेत श्रीभवानीको ढोकामा आई सेवा तथा अस्तु लगाउने र मालसिरी गाउने काम गरेबापत दिइएको हो ।

नं. १३ मा उल्लिखित चौबीसकोठी परिवारले पाउने नेग सो परिवारलाई सम्मान गरी गोरखादरबारले दिने गरेको हो । राजा राम शाहले पाटनका राजा सिद्धिनरसिंह मल्लसँग मितेरी लगाई गोरखामा वाणिज्यको विकास गर्न पाटनबाट व्यापारीहरू झिकाउँदा आएका ऐतिहासिक र गोरखाको लागि आमन्त्रित परिवारको रूपमा यिनीहरू चिनिन्छन् । इतिहासमा 'चौबीसकोठी महाजन झिकाई यिनलाई सात षत (खत) माफ गरिवक्स्यौं भन्या थिति बाँधिबक्सनु भयाको रहेछ सोही बमोजिम थामिबक्स्यौं,[१८] भनेर रीतिस्थितिका कागजमा उल्लेख भएबाट यसले अघि बाँधिएको स्थितिलाई पछिल्लो राजाले समेत मान्यता दिएको देखिन्छ ।

त्यसैगरी नं.१६ र नं. १७ का नेगहरू गोरखादरबारमा परिआएका जेसुकै काममा सघाउ पुऱ्याउने गोरखादरबार वरपरका गाउँहरूलाई प्रसाद बाँडी खान भनेर दिइएको हो ।

[१८] गोरखाको इतिहास, पहिलो भाग, पृ. १९१-१९५ र गोरखाइतिहास, तेस्रो भाग, पृ. ५६३-५६७ मा आधारित ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक गोरखा शहरको इलाकाभित्र पर्ने यी गाउँहरूलाई गोरखाराज्यले ठूलो सम्मान दिएको कुरा इतिहासका यी हरफले प्रष्ट पार्दछन् - 'गोर्षा शहरवासीलाई सात हराम सात विराम माफ रगतको पानी भयो भनी बक्स्याको रहेछ । सोहीबमोजिमको वन्देज थामीवक्स्यो,[१९] प्रस्तुत कुरा पनि माथि उल्लेख गरिएको रीतिस्थितिको कागजसँगै पछिल्लो समयमा अघिको रीतिस्थितिलाई मान्यता दिएको सन्दर्भमा प्रस्तुत छ ।

एवं प्रकारले माथि नं. १८ मा र नं. २० मा उल्लिखित नेगहरू ती व्यक्ति तथा परिवारले ऐतिहासिक समयमा गोरखादरबारमा गरेका अतुलनीय योगदानको कदरस्वरूप दिने गरिएको भन्ने कुरा यसभन्दा अघिल्लो अध्यायको सन्दर्भ मिल्दो ठाउँमा व्याख्या गरिसकिएकाले यहाँ यसबारे थप कुरा लेखिन्न ।

यसैगरी नं. २१ र नं २३ मा उल्लेख गरेझैं फूलपातीका दिन हवाला बोक्ने काम गरेबापत हवालालाई र टीकाको दिन डोली सेलाउने वेलामा विशेष काम गरी सहयोग पुऱ्याउने व्यक्तिहरूलाई यो नेग दिइन्छ ।

ऐतिहासिक समयमा कुनै काम विशेषले ल्याउन परेको कुनै विशाल धार्ने ढुंगा नामको प्रस्तरखण्डलाई कसैले नसकेको अवस्थामा सो ढुंगा बोकी ऐतिहासिक गोरखादरवार नजिकको धार्नेगौंडा (दारेगौंडा) मा ल्याएबापत धार्ने सार्कीलाई दिइएको नं. २२ वमोजिमको नेग उसको सन्तानले लाने गरेको छ भनिन्छ ।

अन्तमा नं. २४ अनुसार दिइने साहूपाठो नामको नेग आजकल गोरखादरवारले दिन छाडेको छ । गोरखाका शाह राजाहरूलाई ऋण दिएर असामी वनाई आफू साहू वनेका व्यक्ति र उनका सन्तानलाई यो नेग उपहारस्वरूप दिएको वुझिन्छ भने यसवाहेक पनि केही व्यक्तिहरूका नाममा थप केही नेगहरू गोरखादरवारवाट जाने गरेको छ ।

यस अध्यायअन्तर्गत यहाँ गोरखादरवारमा वलि गरिएका राँगा, बोका नग पाउने वारे व्याख्या गरेजस्तै यहाँ अन्य कुराहरू पनि नेगस्वरूप कुनै व्यक्ति तथा परिवारका लागि दिइने गरी आरक्षण गरिने प्रचलन छ। त्यसमध्ये नवरात्रमा दरवारमा श्रीभवानीको पूजा भएका बखत श्रीभवानीकै प्रतीक मानी पूजा गर्न ल्याउने ब्राह्मणी कन्याहरू चाहिँ उल्लेख्य छन् ।

कन्याको नेग :

नवरात्रभर नौ दिनका लागि गोरखादरवार दशैंघरमा सप्तमीका दिनभित्रै नौवटी कन्याको पूजा हुन्छ। यसमध्ये प्रतिपदादेखि चतुर्थीसम्मका नेगहरू दरवारमै कार्यरत पुरोहितहरूको थरघरको अधिकार भएकाले सो नेग उनीहरूले नै पाउँदछन् । सोवाहेक पञ्चमीको दिन पूजा गरिने कन्या कोइराला थरलाई दिने चलन छ । दशैंभन्दा अघि नै माइत हेराई गोरखादरवार तथा पूजाकोठा पोत्ने, माटो खन्ने गरिएको ऐतिहासिक जग्गाको जग्गाधनी कोइराला र उनका सन्तानलाई कदरस्वरूप यो नेग दिइएको हो भनिन्छ ।

---

[१९] ऐजन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैगरी षष्ठीका दिन खुवाइने २ वटी कन्या पाण्डे र पन्त थरका व्यक्तिलाई दिइन्छ। थरघर भित्रका यी ऐतिहासिक परिवारका विभिन्न कुलपुरुषहरूले गोरखादरबारमा विगत समयमा दिएका योगदानको कदरस्वरूप यो नेग दिइएको बुझिन्छ। जसका बारेमा यसभन्दा अघिल्लो अध्यायमा व्याख्या गरियो।

नवरात्रका अन्तिम दिनहरूका लागि सप्तमीका दिन खुवाइने २ वटी कन्या कडरिया र लोहनी थरको हुनुपर्ने पुरानो प्रथा भएको बुझिन्छ। गोरखाको ऐतिहासिक सन्दर्भमा राजालाई ऋण दिने तथा अन्य कुरामा समेत सहयोग गर्न सक्ने यी थरघरलाई यो नेग उपहार स्वरूप दिने प्रथा बसाएको देखिन्छ। परन्तु गोरखादरबारमा यस दिन ती तोकिएका थरघरका कन्या खुवाउने चलन हराइसकेको देखिन्छ।

३.९ गोरखादरबारको पूजासम्बन्धी चलन प्रचलन र किम्वदन्तीमा आधारित परम्पराहरू

(क) बलि रोक्का गर्ने, खुन गर्ने, हातछाडा गर्ने :

गोरखादरबारका लागि आवश्यक बलिहरू ठेक्का नलागुन्जेल दशैं अगावै गाउँमा पसी रोक्का गर्ने चलन थियो। त्यसरी रोक्का गरिएका बलिलाई रगत निकालेर (खुन गर्ने) वा कान काटेर बलि गर्न नहुने पारिदिनेलाई दण्ड गर्ने अधिकार गोरखादरबारलाई थियो भने कामका बेलामा बलि नपुगेमा जहाँ जसको घरमा बलिलायक पशु देखे पनि पछि तोकिएको रकम दिनेगरी ल्याउनसक्ने अधिकार पनि गोरखादरबारले प्रयोग गर्दथ्यो। हाल त्यस्तो अधिकार कानूनत: गैह्रकानूनी ठहरिन्छ।

(ख) बारनाको उर्दी :

गोरखादरबारको जलधारा, समीक्षे र लाखपातीजस्ता काम हुने दिन तात्कालिक गोरखाशहर इलाकाका मानिसले खेतवारीमा काम गर्न नपाइने भएकाले ती दिनहरू कहिले पर्दछन् भनेर केही दिन पहिला नै गोरखादरबारका कटुवालले उर्दी लगाउँथ्यो। उक्त उर्दी नमान्नेलाई कडा कारवाही गर्ने काम गोरखादरबारले गर्दथ्यो।

(ग) धुँवा बिर्ताको मोहीहरूलाई झारा माफ :

गोरखादरबारवरपरको गोरखाशहर इलाकाका जग्गाहरूलाई धुवाँ बिर्ता नामकरण गरिएको थियो। सो जग्गाका मोहीहरूले चाहिएका बखत गोरखादरबारलाई जेजस्तोसुकै सहयोग पनि गर्नुपर्ने तथा देवालय, शिवालय, पोखरीसमेत मर्मत, सफासुग्घर गर्नुपर्ने र सो काम गरेबापत सो इलाकाको मानिसलाई झारा माफ गरिएको थियो। सोही सहुलियतलाई उल्लेख गर्दै गोरखाको रीतिस्थितिको कागजमा गोरखाशहरबासीलाई सात हराम सात विराम माफ गरेको कुरा उल्लेख छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) फूलपातीमा सल्यानी भार ल्याउनेहरू बोलाएपछि मात्र दरबार आउनुपर्ने :

गोरखाली राजाहरू गोरखादरबारमा रहेका बखत सम्भवत: उपहार लिएर आएका सल्यानीहरूले राजालाई भेट्न खोज्दा ढोकेहरूले उनीहरूलाई रोक्नु र भित्रबाट बोलाहट आएपछिमात्र पठाउने गर्नु स्वाभाविक देखिन्छ। संयोगले उनीहरूका उपहार फूलपातीका सगुन बनेकाले तदुपरान्त ल्याउनैपर्ने नियम बनेको सल्यानीभारलाई दरबारबाट बोलाएपछि मात्र भित्र पस्नुपर्ने स्थिति बसेको पाइन्छ।

(ङ) फूलपातीमा धार्नेगौंडामा बाजा बजाउन नहुने :

बडादशैंको फूलपातीका दिन गोरखादरबारबाट फूलपाती लिन बाजागाजाका साथ जाने प्रोशेसन धार्नेगौंडाको उत्तरतर्फ फर्केको बाटोको एउटा खण्डमा बाजा बजाउन नहुने परम्परा रहेको कारण बाजा नबजाईकन अघि बढ्छ। अघि थुमथुम पिच्छे बेग्लै राज्य हुने युगमा त्यसरी धूमधामपूर्वक बाजा बजाएपछि गोरखादरबारका भारदारहरू फूलपाती लिन गएको सबैले थाहा पाउने र सोही अवसरमा माथि दरबारमा हमला हुने भयका कारण विशेष शक्तिशाली उत्तरका राज्यहरूलाई फूलपातीको थाहा नदिई उक्त फूलपाती ल्याउने त्यस्तो परम्परा बसालिएको हुनसक्ने देखिए पनि आज पनि उक्त प्रचलन स्वाभाविक रूपले पूरा गरिन्छ।

(च) तल्लाकोटमा पूजा भएपछि मात्र माथि दरबारमा पूजा बलिदान गर्ने :

गोरखाराज्यमा अधिकार गर्ने क्रममा द्रव्य शाहले पहिले तल्लाकोटमा गद्दी प्राप्त गरेका कारण दशैंमा पूजा गर्दा तल्लाकोटमा देवता स्थापना तथा पूजा नगरी माथि दरबारमा पूजा बलिदान नगर्नू भनी ऐतिहासिक रीतिस्थितिका कागजमा उल्लेख गरेको पाइन्छ तापनि आजकल यो नियम पालन गरिएको छैन।

(छ) फूलपाती सेलाउने र लाखपाती बगाउने ठाउँ :

बडादशैंमा टीकाको दिन फूलपाती सेलाउन दक्षिणतर्फ छिपिटोल नजिक लाने चलन छ। उहिल्यै प्रतिष्ठित वनेका पुरोहित राधावल्लभ, शक्तिवल्लभहरूका कारण तीनैको घर रहेको उक्त ठाउँलाई नै फूलपाती सेलाउने प्रयोजनका लागि तोकिएको हो भनिन्छ।

त्यसैगरी वैशाखशुदी दशमीमा सम्पन्न हुने लाखपाती र गंगापूजाको लोमहर्षक अनुष्ठान दरौंदी नदीको चोरकाटे तर्ने मूल वाटोको ठीक माथिपट्टि गर्नुपर्ने चलन छ। सम्भवत: गोरखाली शाह राजाहरूको शीतकालीन दरवार यसै पारिपट्टि शेरा (चोरकाटे) मा रहेका कारण राजदरबारको समीपमा उक्त कार्य गरेमा राजालाई उक्त कार्य देखाउन सजिलो पर्ने कारणबाट उक्त ठाउँमा नै उपर्युक्त कार्य गर्नुपर्ने चलन वसाइएको हुन सक्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) नयाँ अन्न हनुमानजी र गोरखनाथलाई चढाउने :

तात्कालीन गोरखाशहर, ३६ थुम तथा हालका गोरखाभेगका जनताको जनजीवनसँग गोरखादरबारक्षेत्रका रीतिस्थितिहरू एकाकार भएका छन्। यस भेगका जनताले श्रावण महिनामा गोरखनाथमा रोट चढाएमा रोग मुक्त भइने मंसिरमा रोट चढाए धनधान्यले परिपूर्ण भइने विश्वासका साथ ती महिनाहरूमा सकभर नदुटाई रोट चढाउने गर्दथे। त्यसैगरी नयाँ मकै पाकेपछि गोरखा हनुमानभञ्ज्याङका हनुमानलाई मकैं चढाएमा मकैबारीमा बाँदरले दुःख नदिने विश्वासका साथ र चण्डीपूर्णिमामा वज्रभैरवलाई रोट चढाएमा घरमा वज्र नपर्ने विश्वासका साथ सो कार्य गर्ने गर्दथे र सो चलन अद्यापि गोरखाभेगमा चालू रहेको पाइन्छ।

(झ) गोरखादरबारकै साइतमा दशैंमा घटस्थापना गर्ने र टीका थाप्ने:

गोरखाभेगका जनताहरूले गोरखादरबारमा बढाइँ पड्काएको सुनेर सोही साइतमा घटस्थापनाका दिन जमरा राख्ने र टीकाको दिन टीकाको साइत मानी टीका लगाउने गर्दछन् भने कतिले त गोरखादरबार दशैंघरको टीका जमरा मिसाएर मात्र टीका लगाउने गरेको पाइन्छ।

यी माथि उल्लेख गरिएका परम्पराहरू साना पक्षका संकेत मात्र हुन् यस्ता अनगिन्ती चलन प्रचलन र परम्पराहरू गोरखादरबारक्षेत्रमा अत्यन्तै धेरै रहेका पाइन्छन्। तिनै र त्यस्ता प्रथाहरू मात्र उल्लेख गरेमा एउटा भिन्दै पुस्तक तयार हुनेहुँदा यस शोधमा तत्सम्बन्धी यिनै कुराहरू मात्र उल्लेख गरी अब विषयान्तर गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग ४

गोरखादरबारको रीतिस्थितिको तुलनात्मक र शास्त्रीय विवेचना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - ४

गोरखादरबारको रीतिस्थितिको तुलनात्मक र शास्त्रीय विवेचना

४.१ गोरखादरबारको सांस्कृतिक प्रथाको उद्‌भव, विकास र परवर्ती परम्परामा यसको प्रभाव

गोरखादरबारको पूजा, पर्व र त्यसको प्रारूप :

पश्चिममा संस्कृतिसम्वन्धी अध्ययन गर्ने वैज्ञानिकहरूले सांस्कृतिक तत्त्व (Traits) को निरूपण, तुलना एवं तिनको विकास एवं प्रचारप्रसार आदि वारे व्यापक रूपमा सिद्धान्त प्रतिपादन गरेका छन्। जसमध्ये परिष्कारवादी सिद्धान्त (Classical Thoeory) को रूपमा संस्कृतिको उद्‌विकासवादी सिद्धान्त (Evolution Theory), प्रशारवादी सिद्धान्त (Diffusion Theory), प्रकार्यात्मक/संरचनात्मक सिद्धान्त (Functional/Structural Theory) को प्रतिपादन गरेका थिए। पछि पर्यावरणसँगको निरन्तर निकटताको मात्रा तथा पदार्थिक तत्त्वले संस्कृति निर्माणमा प्रभाव पार्ने भिन्न-भिन्न कुरालाई समेत सैद्धान्तिक अवधारणामा प्रस्तुत गरेको पाइन्छ।

पूर्वीय जगतमा समाजवैज्ञानिक सिद्धान्तको आधारमा मानवीय संस्कृतिको व्याख्या गर्ने त्यस्तो सुदृढ परम्परा बसेको छैन तापनि यस दिशामा कार्य गर्नै नसकिने भने होइन।

प्रस्तुत सन्दर्भमा गोरखादरवारको सांस्कृतिक धरोहर र त्यसका विभिन्न पक्षहरूलाई मुख्य रूपमा ऐतिहासिक प्रमाण, प्रथा र परम्पराको विधि र पूजापद्धति (Rituals) समेतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवरणात्मक प्रस्तुतिका साथमा तुलनात्मक विधिसमेतको अनुसरणबाट यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

गोरखादरवारमा शाह राजघरानाको बलियो पकड हुँदैजाने र सोहीअनुरूप गोरखाराज्यको विस्तार हुने क्रममा यहाँ मजबूत सांस्कृतिक प्रथा, प्रचलन र व्यवस्था बाँधिएको देखिन्छ । स्थानीय लोकविश्वास र किम्वदन्तीहरूमा गोरखादरबारकी कालिका भगवतीलाई वरपरका ७ वटा देवीहरूमध्येकी एक मानिन्छ र ती देवीहरूलाई '७ बहिनी' दिदीवहिनी मान्ने एकथरि मत भेटिन्छ जसमा यिनै कालिका, मनकामना, अकला, छाव्दी बाराही, अन्नपूर्णा, छिम्केश्वरी र नामरुङमाई पर्दछन् भने अर्को कथामा कालिका, मनकामना र छिम्केश्वरीलाई मात्र 'तीन बहिनी' को रूपमा मान्ने विश्वास रहेको पाइन्छ ।

आज आएर हेर्दा पूजा प्रचलन, परम्परा, विश्वास र लोकप्रियतासमेतका दृष्टिले यी सबै देवीका स्थानहरूको भिन्न अवस्था रहेको छ । स्थानीय पर्यावरण, बसोबास र ऐतिहासिक घटनाचक्रमा घाम छायाँ पर्दै आउँदा यस्तो विविधता आउनु स्वाभाविक पनि हो । गोरखा राजदरवारको प्रत्यक्ष दृष्टि, दान, आर्थिक योजना आदिका कारण दरवारकै कालिका भगवतीको जुन उचाइ प्राप्त भयो त्यो उचाइ अन्य देवी-देउरालीले पाउन सकेनन् भने विभिन्न ऐतिहासिक कारणहरूले गर्दा लोकप्रियताको दृष्टिले कालिकाभन्दा मनकामना वढी प्रख्यात हुनु पनि स्वाभाविक देखिन्छ ।

गोरखादरवारकी श्रीकालिकाको पूजापर्वहरूको अध्ययन गरिरहेका सन्दर्भमा यहाँ स्वाभाविकरूपले त्यस्ता प्रथाहरूको उत्पत्ति र विकाससम्बन्धी पक्ष जिज्ञासायोग्य भएको छ । निकै पुराना प्रथाहरूको रूपमा गोरखादरबारको कालिकाको उपासना र खासगरी दशैंघर पूजाको व्याख्या गरिआएको सन्दर्भमा यसको प्रारूप खोज्न सांस्कृतिक भूगोल, मानवशास्त्रीय प्रमाण र ऐतिहासिक तथ्यको सहायता लिनु आवश्यक भएको छ । माथिल्ला अध्यायहरूमा गोरखादरवारकी श्रीभवानीको प्रतिअष्टमी पूजाको व्यवस्था सं. १८५६ मा भएको वताइयो र सोभन्दा निकै अघिदेखि नै दशैंघर पूजाको व्यवस्था भएको कुरा नरभूपाल शाहको पालाको खर्चको टिपोटले पनि वताउँछ । वंशावलीहरूमा अष्टसिद्धिको प्राप्तिका लागि पृथ्वीनारायण शाह, नरभूपाल शाह र राम शाहसमेतले पुरश्चरण गराएको बताइएको छ । त्यसैगरी पृथ्वीनारायण शाहले काठमाडौं एकीकरणको भाकल पूरा भएको सन्दर्भमा आफ्नी पट्टरानीको कर्णफूलसमेतबाट मनकामनालाई गंजूर चढाएको, राम शाहकी रानी मनकामनाको रूपमा र आमा त्रिपुराको रूपमा अवतीर्ण भएको विश्वास पाइएको सन्दर्भमा त्यतिबेलाको समाजमा सिद्धत्त्व र शक्तिको स्वरूपको उपासना प्रति प्रगाढ जनआस्था रहेको देखिन्छ । उता किम्वदन्ती र वंशावलीहरूमा द्रव्य शाहको पालामा लमजुङबाट बत्तीमा शक्ति जगाई शक्तिलाई गोरखादरवारको कोठामा ल्याएको समेत उल्लेख छ । त्यसो हुँदा प्रथमत: गोरखादरबारको पूजा-उपासना कुनै न कुनै रूपमा लमजुङदरवारसँग सम्वन्धित रहेको हुनसक्ने बुझिन्छ । त्यति मात्र होइन आज पनि श्री ५ हरूकी इष्टदेवी मानी पूजा गरिने गोरखाकी कालिकाको कुरा गर्दा गोरखाली शाह राजाहरूको गोरखा आगमनको घटनापूर्वका स्थल, समकालीन अन्य शाह राजदरबार तथा त्यहाँका दशैंघर र सम्बद्ध पर्वहरू तथा शाहहरूका उत्पत्तिस्थलतर्फ ध्यान दिनु जरुरी भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१.१ गोरखाको शाहराजघराना : लसर्घादेखि गोरखादरबारसम्म

गोरखादरवारकी कालिका भगवतीको पर्वहरूसँग सम्वद्ध विभिन्न सांस्कृतिक पक्षको व्याख्या गर्ने क्रममा नेपालमा शाहहरूको उपस्थितिको ऐतिहासिकता वारे चर्चा गर्नु अपेक्षित छ। स्थानीय स्याङ्जा भेगमा अर्थात् कालीगण्डकी प्रस्रवणक्षेत्रमा नै सर्वप्रथम शाहहरूका पुर्खा दक्षिणतर्फको भारतीय मैदानवाट आइपुगेको भन्ने कुरा किम्वदन्ती र वंशावलीमा पाइन्छ। स्याङ्जा लसर्घाभेगमा प्रचलित अनुश्रुतिमा दक्षिणमा विरोधीको आक्रमण सहन नसकी आफ्नो कुलप्रतीक, राजसी चिन्ह, निशान, नगरा लिई कुनै वंशका ५ भाइ राजकुमारहरू चित्तौरगढवाट यहाँ आइपुगे। त्यहाँ कालीगण्डकी तर्न फेरीमा वसेपछि फेरी चलेन र वोटेको सल्लाहअनुसार रिसाएको ओके देवतालाई सुँगुरको बलि दिएपछि फेरी चल्यो र पारि पुगे तर सुँगुरबलि गरी पूजा गर्ने दाजुभाइमध्येको माइलो भाइको जात झिकी त्यहींको हनुमानलाई चढाई निजलाई जातिच्युत गरियो र ऊ जातवाट मासिएकाले (घटाइएकाले) मास्कीराना बन्यो। त्यसको भोलिपल्ट ती राजकुमारहरूको वास हालको आलमदेवी भनिने ठाउँमा पऱ्यो। जहाँ तिनीहरूले आफूसँग ल्याएको साक्षात् कुलदेवीको डोलीलाई वाचा वन्धनअनुसार रुखमा अड्काउनुपर्नेमा त्यसदिन सो नगरी भुइँमा नै राखिदिएकाले तिनले भेष परिवर्तन गरी अलप भइन्। त्यसैले सो घटना र ती देवीको सम्झनामा आज पनि उनी अलिपएको भीमसेनपातीको बुटाको फेदमा जहाँ प्वाल पनि छ, त्यहीं नै आलमदेवीको (अलपदेवीवाट अपभ्रंश भई आलमदेवी भएको) पूजा गर्ने चलन छ। उक्त देवीको पूजा पनि तिनै जातिच्युत गरिएका राजकुमार र तिनका सन्तान हालका मास्की राना मगरले नै गर्ने चलन छ भनिन्छ। यस घटना वा अनुश्रुतिजन्य कथालाई हुवहु रूपमा नहेरी प्रतीकात्मक रूपमा हेर्नुपर्ने मेरो जिकिर छ। सन्सारमा वहुपतित्व प्रथा (Polyandry) र कुमारीत्व संरक्षणको प्रथा (Virginity Protection) विभिन्न संस्कृतिमा देख्न पाउँछौं। कैयौं संस्कृतिमा अक्षत यौवना अविवाहिता कुमारीको यौनरक्षाको लागि विभिन्न उपाय अपनाइएको हुन्छ। कतैकतै यसका लागि रातमा कुमारीलाई पुरुष चढ्न नहुने रुखमा शयनकक्ष बनाई राखिन्छ भन्ने थाहा भएको छ। पपुवा न्यूगिनीमा कुमारीहरूलाई रातमा अग्ला रूखमा टाँड वनाएर वस्ने छाप्रो वनाइएको हुन्छ। जसलाई "DOBO" अर्थात् रूखको घर भनिन्छ भन्दै Johnson et.el अगाडि लेख्छन्- Another illustration shows a very peculiar house built up in a tall tree; these houses are called DoBo's (see pages 27). If any enemay comes to attack the inmates he receives a shower of stones, for they keep a supply ready on the floor. यसप्रकारको कथनबाट उक्त रूखघर यौवनाहरूको रक्षाको लागि बनाइएको बुझिन्छ। कुमारीहरूलाई किशोरी अवस्थाको सुरुआतका वेला समाजवाट छुटाएर राख्ने विभिन्न संस्कृतिको प्रथा (Seclusion on puberty) लाई पनि यस सन्दर्भमा स्मरण गर्न उपयुक्त हुन्छ। नेपालमा नेवारहरूको गुफा राख्ने जस्तै गरी न्यू आयरल्याण्डमा ५ वर्षसम्म पिंजडामा राख्ने, वोर्नियोको (at danoms) मा त केटीहरू ७ वर्ष गुफावास वसेर निस्केपछि गुफावास वस्दा टहल गर्ने नोकरलाई मारेर ज्यानमा उसको रगत दल्नुपर्ने चलन छ।

यी सबै संस्कृतिमा मासिक धर्म भएकी (Menstruation) केटीलाई धर्ती र सूर्य दुवैवाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्चित राख्नुपर्ने धारणा रहेको पाइन्छ । अन्यथा त्यसबाट जड, जगत र सारा जैविक अजैविक वस्तुसमेत दुषित हुने मानिन्छ । **Bushman** हरूले त यो अवस्थामा पालन गर्ने बन्धन पालन नगरेमा त्यस्ता किशोरी र बाँकी समाजको समेत अहित हुने मान्दछन् । त्यसैअनुरूप प्रस्तुत कथाका ५ भाइ राजकुमारले ल्याएकी कुमारी साझा अङ्कशायिनी भएको र तिनको विशेष मायाप्रीति माइलासँग मात्र भएको कारण ती राजकुमारहरूले षड्यन्त्र गरी माइलालाई जात कटाइदिएको तथा त्यसपछि अर्को बासमा तिनले तिनको कुमारीत्व हरण गर्न रुखमा राख्ने स्थापित मान्यता पनि अवलम्बन नगरी नीचकार्य गरेकोले एक त अपमान र अर्को आफ्नो खास प्रेमीसँगको विछोड सहन नसकी कुमारीले आत्महत्या गरी आलमदेवीको रूपमा प्रख्यात भएकी हुन् भन्ने किम्वदन्ती त्यस भेगमा पाइन्छ भन्ने कुरा मैले मेरो मनकामना मन्दिर र त्यस क्षेत्रको जनजीवनको सांस्कृतिक अध्ययन भन्ने अनुसन्धान ग्रन्थमा उल्लेख गरेको कुरा यहाँ स्मरणयोग्य देखिन्छ । त्यसैगरी त्यहाँ ती कुमारीका कारण स्थानीय युवकहरूसँग नवागन्तुक राजकुमारहरूको झगडा परेकोले आफ्नो धर्म रक्षार्थ ती कुमारीले देहत्याग गरेको पनि हुन सक्ने अड्कल गरिएको छ । हुन त यो अनुमानमा आधारित व्याख्या हो तापनि आलमदेवीलाई ऐतिहासिक समयदेखि शाह र राजपरिवारले समेत कुलदेवता मानेको प्रमाण देखिनु, शाहहरूको प्रथम आगमन क्षेत्र यही हुनु, आलमदेवीको पूजामा मगरहरू नै रहनु र भीमसेनपातीकै बुटामा उक्त आलमदेवी मन्दिर रहेको जस्ता कारण आदि तथ्यबाट यसमा सत्यता भएको अड्कल गर्न सकिन्छ ।

त्यसैकारण स्याङ्जा लसर्घाभेगमा प्रचलित कथामा अलप भएकी आलमदेवीले सपनामा राजकुमारहरूलाई तदुपरान्त गण्डकी प्रदेशका विभिन्न ठाउँमा आक्रमण गरी राज्य कायम गर्न प्रेरणा दिँदै त्यसका लागि शक्ति आफूले दिने वचन दिएकी थिइन् भनिन्छ । त्यसको लगत्तै लसर्घा, गह्रौं, भीरकोट, नुवाकोट, लमजुङ हुँदै ती राजकुमारहरूको राज्य पूर्वतिर बढेको मानिन्छ ।[१] पछि यी सबै ठाउँ शाहहरूको अधीनमा रहेको र एक समय ८ टीकाको नाममा यस भेगका राज्यहरूलाई चिनिने र यिनका बीच विशेषखालको सम्बन्ध र एकरूपताको आभास मिल्दथ्यो । पछि कुलमण्डल खान जसले 'शाह' उपाधिसमेत प्राप्त गरे उनैको पालमा कास्की राज्यसमेत यिनको कब्जामा रह्यो । यिनका छोरा यशोब्रह्मले लमजुङ र यशोब्रह्मका छोरा द्रव्य शाहले गोरखाराज्यमा आफ्नो अधिकार जमाएका थिए । यसरी लसर्घा भेगबाट

---

१ भूपाल रिढीबाट प्रस्थान गरेर भीरकोट (खिर्लु) भन्ने ठाउँमा वि.सं. १५५२ मा गएका हुन् भन्ने वर्णन वंशावलीमा पाइन्छ । भूपालका छोरा हुन् मिचा खान । मिचाका छोरा जयन्तखान, जयन्तका छोरा विचित्रखान, विचित्रका छोरा जयदेवखान, जयदेवका छोरा कुलमण्डल र कुलमण्डलका छोरा यशोब्रह्म । (पाँच सय वर्ष, पृ. २०५) तर हालै यस लेखकले एउटा अप्रकाशित र निकै धेरै पुस्ताको फेहरिस्त दिइएको वंशावलीको अंश भेटेको छ । जसमा कुनै वंशका प्रतापी क्षेत्रीयहरू रौर पर्वत देशान्तर गिरीमा रहेका र तिनको (हेमनारायण सी) तेस्रो पुस्ताको सन्तान गिरगढमा आएको र तिनको चौथो पुस्ताको सन्तान चितवरगढमा आएर राना कहलाइएको र तिनका छोरीका कारण तिनका छोराहरूले मुसलमान वादशाहसँग लड्नुपरेको र तिनको नाति लसर्घा आएको र तिनको १ नाति हरिसिं रानाले गह्रौंमा आएर राजा भएपछि मात्र 'खान' उपाधि पाएको र निजका भाई अजपसिं राना पल्लो नुवाकोटमा राजा भएर 'शाही' उपाधि पाएको र तिनैको नाति जसबम (यशोब्रह्म) र पनाति द्रव्य शाह भएको बताएर यसले निकै नयाँ क्षितीज खोलेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डकी प्रस्रवणक्षेत्रमा प्रवेश गरेका नवागन्तुक राजकुमारहरू यही शाह-घरानाका पुर्खाहरू रहेछन् भनेर गरिएको अड्कल सत्यको नजिक देखिन आउँछ। यसप्रकार लसर्घामा किल्ला बाँधी अघि बढेको अभियान गोरखासम्म आइपुग्दा दैवी रूपमा उनै आलमदेवीको प्रेरणा र शक्ति उद्दीपक भएको जनविश्वासले सार्थक कथा नै प्रवाह गरेझैं देखिन्छ।

मनकामनासम्वन्धी मेरो पूर्ववर्ती अनुसन्धान ग्रन्थमा तत्कालीन समयमा रहेको टोटमवाद **(Totemism)** को प्रभाव स्वरूप पुर्खाको सम्मान र सम्झनाको लागि नेपालको पहाडखण्डमा वायुदेवताको पूजा गर्ने प्रचलन रहेको र 'त्रिपुरा' र 'मनकामना' समेत यसै परम्पराको उपज भएको उल्लेख गरिएको सन्दर्भमा त्यतिवेला शाह राजघरानाले पनि वायुदेवता मानेर आफ्ना पुर्खा देवतालाई पूजा गर्ने गरेको कुरा श्री ५ को वायुदेवता गुठी रहेकोबाट देखिन्छ। हुन पनि राम्रोसँग पूजा, आराधना गर्न सके वायुदेवताले राम्रो फल दिने विश्वास रहेको सन्दर्भमा यो विचारले बल प्राप्त गर्दछ।

Jhonson को **Dictionary of Sociology (1995)** को पृष्ठ ९० को पुर्खा पूजा **(Ancestor Worship)** अन्तर्गत जापानी सिन्तोधर्ममा पनि वितेका पुर्खाका संवेग **(Spirit)** हरू सन्तानका भाग्य र भविष्यलाई प्रभाव पार्न सक्छन् भन्ने मानी तिनले राम्रो फसल उत्पादन आदि कामना गरी **Ancestor Worship** गर्दछन् भनिएको छ। यसप्रकार पछिल्लो समयको यो परम्परा पूर्ववर्ती समयको प्रभावका कारण प्रचलित भएको मान्न सकिन्छ। वायुको प्रथा मृतकको भावनात्मक आत्मा **(Spiritual Soul)** यसै संसारमा घुमिरहने र पछिल्ला पुस्तामा (कुनै व्यक्तिमा) आविर्भाव हुने अवतारवादकै एक पक्षजस्तै देखिन्छ। अस्वाभाविक मृत्यु हुने मात्र वायु बन्ने मानिन्छ। त्यसअनुसार पूर्वोक्त कथामा वताए जस्तै नवागन्तुक राजकुमारहरूसँग आएकी देवी अलप भएपछि कुनै पुस्तामा भीरकोट गाउँकी कुनै मगरकन्यामा उनको पूर्व आत्मा आरोपित भएको र उनले सपनामा गोरखाका राजा राम शाहलाई आफूलाई गोरखामा लगेर उपाशना गर्न प्रेरणा दिएकाले राजाले पुरश्चरण गरेपछि पुतलीको भेषमा देवीले गोरखादरवार प्रवेश गरेको र उनकै प्रेरणाअनुसार उनैको टहल-सुसार गर्न भीरकोटबाट देवीका माइती मावली पर्ने "अस्लामी" र "पुलामी" थरका मगरहरू गोरखा ल्याई काम लगाइएको मानिन्छ। हुन पनि हाल गोरखादरबारमा तिनै थरका भीरकोटे सुसारेहरू भनिने मगर सुसारेहरू कार्यरत रहेको पाइन्छ।

माथि उल्लेख गरेझैं शाहहरू लसघदिखि गोरखा आइपुग्ने क्रममा युवराज र राजकुमारहरू बाबुको राज्यमा चित्त नबुझाई स्वराज्य आर्जन गर्न अघि बढ्दै गरेको देखिन्छ। त्यसै क्रममा तिनीहरूसँगै आफ्ना दरबारका केही सेनापति, भारदार, सुसारे, केही भौतिक सम्पत्ति र केही चलन, प्रचलन, विश्वास, प्रथा र परम्परासमेत प्रसारण हुँदै आउनु स्वाभाविक हो। स्याङ्जाबाट कास्कीकोट आई राजधानी खडा गर्ने कुलमण्डल खान शाहले लसर्घाबाट कास्कीहुँदै लमजुङकोट आई दरवार ठड्याउने यशोब्रह्म शाहले कास्कीकोटवाट र लमजुङवाट गोरखामा आई राज्य खडा गर्ने द्रव्य शाहले लमजुङ दरवारबाट केही न केही रूपमा अंशहक वा पुर्ख्याली चिनोकै रूपमा आयात गर्ने क्रममा खासगरी वंशवृक्षको आराध्यदेवी वा सम्वद्ध आस्था र परम्परालाई भने मुख्य रूपमा ल्याउने वा अवलम्वन गर्ने गरेको ठोकुवा गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी हेर्दा नवागन्तुक राजकुमारहरू र उनका सन्तानले अलप भएकी आलमदेवीलाई उनैका प्रेरणाअनुसार आफ्नो कुलदेवी मानिआएको र सयौं वर्षपछि पनि शाह राजाहरूले स्याङ्जाकी आलमदेवीलाई नै आफ्नो कुलदेवता मानेको कुरा त्यहाँको कर्णालमा रहेको जीव शाहका अभिलेख र यसैको परिशिष्ट १५ मा रहेको सं. १८४३ आश्विनशुदी १३ को आलमदेवीका गुठी राखेको सम्बन्धमा रणबहादुर शाहको लालमोहर र ऐजनमा रहेको सं. १८४३ के ताम्रपत्रका अभिलेखले समेत पुष्टि गर्दछ ।

यस सन्दर्भमा शाहहरूले कुलशक्ति मानेको देखिएको आलमदेवीकै प्रतीकको रूपमा स्व-राज्य आर्जन गर्दै अघि बढ्ने कुलमण्डल खानले आफ्नो कास्कीकोट दरबारमा कोटदेवीको रूपमा उपासना गर्ने गरी देवी स्थापना गरेको कुरा वर्तमान सराङकोट नजिक कुलमण्डल खानका दरवार भनिने कास्कीकोट देवीमा आज पनि दशैं र अन्य पर्वमा पूजा भैरहेको पाइनुले पुष्टि गर्दछ । एवम् प्रकारले लमजुङमा राज्य प्राप्त गर्ने यशोब्रह्म शाहले पूर्ववर्ती लसर्धा र कास्कीकोटका परम्परालाई जागा राख्दै समयानुकूल विशेष व्यवस्था मिलाई राज्यशक्ति र कुलशक्तिका रूपमा लमजुङ कालीका उपासना गरेको कुरा वंशावलीमा लमजुङबाटै गोरखामा शक्ति लगेका कुरा पाउनु तथा हाल पनि सदियौंदेखि जीवित रहँदै आएको लमजुङकोट कालिकाका दशैंघर पूजाका मजबूत परम्परा दृष्टिगत हुनुले स्पष्ट गर्दछ । गोरखामा पनि यसरी लसर्घादेखिका परम्पराका उन्नयनशील र परिमार्जित शक्ति उपासनाको संस्करण स्थापित हुन गएका र समयक्रममा यसले विशिष्ट ऐतिहासिक घटनाका सकारात्मक सम्बलमा विशिष्ट रूपले फैलिने, विकसित हुने र वृहत्तर आयाम पाउन सकेको मान्न सकिन्छ ।

४.१.२.गोरखाकालिका र समकालीन अन्य शाहदरबार र निकटस्थ शक्तिपीठको पूर्ववर्ती उपासना परम्परा

भारतवर्ष र हिमालयका काँठमा फैलिएको हिन्दूधर्म र वौद्धधर्म सम्प्रदायमा दुवैले शक्ति उपासनाका अवलम्वन गर्दै आएका पाइन्छ । पुरातात्त्विक सामग्रीवाट सिन्धुघाँटी सभ्यता र मिश्र, किट, उरमा समेत मातृशक्तिका उपासनाको प्रमाण फेला परेको छ । मूर्ति स्थापनाका क्रममा पलाञ्चोक र नक्साल भगवती तथा शोभाभगवती नेपालका सन्दर्भमा प्रारम्भिक प्रमाण मानिन्छन् । यसरी आजभन्दा कम्तीमा हजारौं वर्ष पहिला सारा भारतवर्षमा प्रसिद्ध भैसकेको शक्ति उपासनाका प्रचलनलाई सोह्रौं शताव्दीको प्रारम्भमा भारतीय मैदानबाट गण्डकी प्रदेशमा प्रवेश गरेका वर्तमान शाहका पुर्खाले आफ्नो जीवनशैलीमा ग्रहण गरेको मान्न कुनै वाधा देखिन्न । त्यसमा पनि आज राष्ट्रियपर्व र महान्शक्ति महोत्सव मानिएको दशैंपर्वलाई मध्यविन्दुमा राखी वर्तमानमा गोरखादरवारमा अवलम्वन गरिने परम्परा र प्रथाका सन्दर्भमा विश्लेषण गर्न वस्दा तत्कालीन समयमा देवीका महिमाको विस्तार तथा उपासना गर्ने चलनका वारे विभिन्न चरण र विभिन्न स्थानका वारे विषयप्रवेश गर्नु सान्दर्भिक देखिन्छ ।

४.१.२.१ स्याङ्जा लसर्घाकी आलमदेवी :

आलमदेवी गाविस लसर्घाकी यी देवीका मन्दिर वनाउन नहुने मान्यतावमोजिम खुल्ला मन्दिर रहेकामा २००९ सालमा आएर भीमसेनपातीकै फंदमा मन्दिर वनाइएका छ । मूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नहुने भए पनि हाल काल्पनिक मूर्ति राखिएको छ। बिहान-बेलुका पूजा र आरती गर्ने काम परम्परागत मास्की राना थरका (मगर) अविवाहित कुमारले गर्दछन्। यहाँ भित्र भैंडोको बलि र बाहिर राँगा, बोका, कुखुरा र अलिकपर सुँगुरको बलि दिइन्छ। चण्डीपूर्णिमामा शाहहरूको कुलदेवताको पूजा यहाँ नै हुन्छ। 'प्रत्येक वर्ष वैशाखमा आफ्नो इष्ट देवताको पञ्चोपचारले पूजा गरी बोकाको बलि गर्नुपर्छ। यसो गर्नाले ग्रहहरूबाट हुने दुःख हटेर वर्षभर शुभ हुन्छ' भनेर शास्त्रले भनेको कुरामा प्रस्तुत परम्परालाई हेर्दा शाहहरूले शास्त्रानुकूल अनुसरण गरेको देखिन्छ।[२]

यहाँ बडादशैंमा बोकाबलि गरी घटस्थापना गर्ने र नवरात्रभर पूजा गर्ने तथा सप्तमीमा काँक्रा, कुभिण्डा, कालीको जल, गोलढुंगाको केरा, बेलडाँडाको बेल, फूलबारीको फूल गरेर ल्याई बोकाको बलि दिई फूलपाती भित्र्याइन्छ। नवमीका दिन २ बोका र एउटा राँगाको बलि दिई दशमीमा दशैंको विसर्जन गरिन्छ। गुठी तहबील कार्यालयमा रहेको लगतमा लसर्घा कुलदेवताको लागि र कन्याभोजनको लागि खीर, दही दक्षिणा व्यवस्था गरेबाट पनि यहाँ कन्यापूजाको प्रचलन रहेको देखिन्छ। यसप्रकार हाल कायम रहेको दशैंघर परम्परा देख्दा पहिला पनि यहाँ सूक्ष्मरूपले दशैं गर्ने गरिएको र राष्ट्रियपर्वकै रूपमा दशैंले मान्यता पाउन थालेपछि मात्र यतिसम्म पूजा व्यवस्था भएको देखिन्छ।

४.१.२.२ भीरकोट बडामौलाकी श्रीकालिका :

शाह राजाहरूले शक्तिको प्रतीकको रूपमा मौलोलाई हेर्ने गर्थे। राज्य र राजाका लागि विशिष्ट सेवा पुऱ्याउनेलाई पृथ्वीनारायणले मौलो दिने गरेको कुरा ऐतिहासिक दस्तावेजले बताउँछ। उतिबेला मौला ठड्याउन पाउनु शौर्यकै प्रतीक मानिन्थ्यो। उता शाहहरूको आगमन विन्दुस्वरूप रहेको लसर्घावरपर शाहराज्यको रूपमा रहेको भीरकोटको कालीकामा बडामौला रहेको देखिन्छ। यता हाल पनि गोरखादरबार श्रीकालिकाका सुसारेका रूपमा उनै देवीका माइती मावली मानिएका मगरहरू रहेका र तिनीहरूका पुर्खालाई भीरकोटबाट झिकाइएको मानिने सन्दर्भमा गोरखाकालीको प्रस्तुत स्थानसँग विशेष महत्त्व देखापर्दछ।

गुठी तथा तहबील कार्यालयको लगतमा यहाँ पूजा हुने श्रीपञ्चमी, अक्षयतृतीया, दशहरा, श्रावणमा खीर चढाउने, तथा बडादशैंमा चण्डीपाठ गर्ने दक्षिणा, राँगा र बोका १, १ समेतको लागि पर्वअनुसारको खर्चको दरबन्दी व्यवस्था भएको देखिन्छ। यसप्रकारबाट यसस्थलमा पनि सामान्य विधिबाट दशैंको पूजा र अन्य पर्वमा पूजा हुने गरेको देखिन्छ। यस्तो परम्परा ऐतिहासिक समयदेखि नै चल्दै आएको हुनसक्ने देखिन्छ।

---

२ **वैशाखे स्वेष्टदेव्या यत् पूजनमुत्तमं फलम्।**
एवं च वार्षिकी पूजा क्रियते प्रतिवत्सरम्॥
न भवेद् ग्रहजं दुःखं सम्वत्सरं शुभं भवेत्।
पञ्चोपचारपूजां च छागस्य बलिमाचरेत्॥ (वाराहीतन्त्र)

- प्रबुद्धसनातनरहस्यम्, पृष्ठ २५३ बाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१.२.३ कास्कीकोट कालिका :

नेपालएकीकरणपूर्व बलियो चौबीसी राज्यमा एक गनिने कास्की राज्यका राजाहरूको दरबार रहेको ठाउँसँगै कास्कीकोट कालिकाको स्थल पर्दछ। जुनठाउँ हाल कास्कीकोट गाविसमा पर्दछ । शाह उपाधि धारण गर्ने कुलमण्डल खान शाहको नामसँग संघत्व (Association) का कारण यस ठाउँको महत्त्व उचालिन्छ। यिनै राजा कुलमण्डलका छोरा, नाति लमजुङ र गोरखामा राजा हुन पुगी त्यहाँ आराध्य कालिकासमेत दरबारसँगै स्थापना गराएका सन्दर्भमा तिनका पूर्ववर्ती स्रोतका रूपमा कास्कीकोट दरबारसँग कास्कीकोट कालिकाको सहअस्तित्त्व देखापर्दछ। मूल शक्तिको प्रतीक गोप्य रहने मान्यता यहाँ पनि रहेको छ र देवता खाल्डो परेको ठाउँमा रहेका छन्। यी देवीलाई पछाडि फर्केर पाती चढाउने चलन रहेको छ । यस क्षेत्रमा आइपुगेपछि बिहेको पाल्कीबाट समेत दुलहा-दुलही झरेर हिँड्नु पर्ने चलन छ। वर्तमानमा दशैंघर पूजा गर्दा घटस्थापना गर्ने र नवरात्रमा पूजा-पाठ र अष्टमी-नवमी राँगा र बोका बलि गर्ने चलन छ। चैतेदशैंमा पनि सामान्यबलि पूजा हुने गर्छ।

कास्कीराज्य नेपालको अधीनमा आइसकेपछि त्यहाँका स्थानीय अधिकारी द्वारे जयभद्र बोहोरालाई संवत् १८४५ मा श्री ५ रणबहादुर शाहले कोटको पूजा अघि कास्केली राजाका पालामा धूमधामसाथ निकै बलि गरी गर्ने गरेको बताउँदै त्यहाँ हाल कार्यरत तेवारी जैसीलाई पुरोहितबाट हटाई गोरखाका उपाध्याय ब्राह्मणलाई पुरोहित तुल्याउनु भन्ने आदेश गरेको यसैको परिशिष्ट २२ मा संलग्न अभिलेखबाट कास्कीकोटमा स्थानीय कास्केली शाह राजाका पालामा विशिष्ट रूपले दशैं गर्ने गरिएको बोध हुन आउँछ। आज पनि कास्कीकोटका दशैंपूजाको फूलपाती र टीकामा स्थानीय कुंवर क्षेत्रीहरूको नेतृत्वमा विजयोल्लासको गाना, बजाना साथ विजय नृत्य गर्ने गरिन्छ। गोरखादरबारको फूलपातीको दिन र विजयादशमीको विजर्सनमा हुने रङ्गोत्सवसँग संगति हुने प्रस्तुत परम्परा दुर्गोत्सवको अन्तमा उत्सव मनाई रङ्गविधानका साथ गीत, राग, नृत्य र वादनका साथ गर्नुपर्छ भनेर शास्त्रमा उल्लेख गरेको विधिसम्मतसमेत देखिँदा प्रस्तुत स्थलमा ऐतिहासिक समयमा भव्यताका साथ दुर्गोत्सव हुने गरेको बुझिन्छ।

४.१.२.४ लमजुङकोट कालिका :

गोरखाको शाह राजदरबारको लमजुङदरबारसँग विशेष खालको सम्वन्ध हुनु स्वाभाविक हो। गोरखामा शाह राज्य स्थापना गर्ने श्रीद्रव्य शाह लमजुङ दरवारकै राजकुमार हुन्। गोर्खेश कहलाएका श्रीद्रव्य शाह लमजुङदरबारको उपज भएका कारण उनी स्वयं र उनको राज्यमा लमजुङे जीवनशैली, मान्यता र संस्कारको प्रतिबिम्ब पर्नु स्वाभाविक थियो। त्यसैले द्रव्यशाह र उनीपछिका गोरखाली राजाहरूले गोरखादरबारकी कालिकाको स्थापना र दशैंघर तथा अन्य पूजा व्यवस्था बाँध्दा त्यसमा लमजुङे परम्पराको कुनै न कुनै रूपमा छाप पर्नु स्वाभाविक हो। सम्भवत : त्यहाँको आधारभूत संरचनामाथि पछि गोरखादरवारमा पूजा व्यवस्था हुँदा लमजुङको भन्दा विशेष रूपले भव्य हुने गरी सजधज र वढाइचढाइ गराएको हुनसक्ने अडकल गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वंशावलीमा गोरखामा ल्याइएको कालिकाको शक्ति लमजुङबाटै ल्याएको तथा लमजुङदरवारको सतार राँगो द्रव्य शाहले गोरखामा राज्य स्थापना गरेको साल अर्थात् वि.सं. १६१६ को वडादशैंमा लमजुङबाट भागेर गोरखादरबार आएको बताइएको छ। यसबाट गोरखादरवारभन्दा पहिल्यै लमजुङमा सतार राँगो काट्ने लगायतका विधिवाट वडादशैंमा दुर्गोत्सव गर्ने गरेको देखिए पनि आजकल भने लमजुङकालिकाको दशैंघर पूजामा सतार राँगो भनेर कुनै विशेष वलि गरिन्न।

तैपनि गुठीलगत तथा तहवील कार्यालयको लगतमा हाल पनि लमजुङकोटकालिकाको चैतेदशैं, बडादशैं, लक्ष्मीपूजा, श्रीपंचमी र न्वागी जस्ता पर्वमा पूजाका लागि व्यवस्था बाँधेको देखिन्छ। यहाँ लक्ष्मीपूजा, श्रीपंचमी, न्वागी जस्ता पर्वमा महाकाली, महालक्ष्मी, महासरस्वतीको पूजा गर्ने चलन भए पनि गोरखादरबारमा न्वागीवाहेक अन्य उपर्युक्त २ वटा पर्वमा कुनै खालको पूजा गर्ने चलन पाइन्न। गुठीलगतमा खासगरी लमजुङ दरबारको दशैंघरपूजामा काम गर्ने कामदारको संकेत गर्ने क्रममा पुरोहित, राना, आले, बोहोरा, कलश माझ्ने, विहारे, नगरा बजाउने, चिराग बाल्ने, मंगलेनी, राँगेपाठे, चन्दने, फूलपाती ल्याउने, घडीवाल, कन्यावरनी, कटुवाल आदिको उल्लेख भएबाट गोरखादरबारमा जस्तै पूजाकाममा संलग्न हुने पदहरूको यहाँ पनि उस्तै राम्रो व्यवस्था भएको देखिन्छ। त्यसैगरी चामलको दरबन्दीलगतमा खड्गपूजा, कलशस्थापना, निशानपूजा, कन्याभोजन, कन्यावरनी, रोट पकाउने, मौलो लिप्ने, चरु-होमका लागि समेत व्यवस्था भएको देख्दा नवरात्रभर गोरखादरबारमा झैं विधिपूर्वक यहाँ पनि दशैंघरपूजाको प्रचलन भएको देखिन्छ। लमजुङकालीको दुर्गोत्सव पूजाको लागि प्रत्येक रोजरोज पूजाको विभिन्न सामग्री चढाउने क्रममा द्वितीयामा चुरा, डोरी, तृतीयामा थाल, कचौरा, चतुर्थीमा मधुपर्क, माहुर, पन्चमीमा गहना चुरा, षष्ठीमा बिल्वनिमन्त्रणा आदिको लागि सामान दिने व्यवस्था भएको पाइन्छ। त्यसैगरी सप्तमीमा चण्डीपूजा, दशअवतारको भेटी, डोली भित्र्याउने, माई कैलाशमा सवारी गराउने, षोडशीपूजा, सिंहासनपूजा, खड्गपूजा, कागेश्वरीको पूजा, दियो सार्नाको महाकाली पूजाको लागि समेत र अष्टमीमा कालरात्रि, यज्ञ, पूर्णपात्रो, सानपूजा, भित्री कलशको लागि दक्षिणाभेटीको व्यवस्था भएको बुझिन्छ। नवमीमा गोरखनाथको भेटी, भैरवपूजा, ब्राह्मणकन्या ९ को भेटी र दशमीका लागि टीकाको भेटी, पाठपूजा गर्नेको दक्षिणा आदिको व्यवस्था भएबाट यहाँ सुदृढरूपको दुर्गोत्सवको पूजा हुने कुरा आङ्गिक पूजासमेतको संकेत गर्ने सामाग्रीले पुष्टि गर्दछन्। लमजुङ्गकालिकामा बडादशैंको पूजाका लागि विभिन्न ठाउँमा बलि गर्न २७ बोका, ६ राँगा, १ कालरात्रिको कागेभेंडा र नवमीलाई भैरुङ्वलिको सुँगुर १ समेतको व्यवस्था भएको पाइन्छ। गोरखादरबारमा बडादशैंको आश्विनशुदी प्रतिपदामा घटस्थापना, दशमीमा विसर्जन र चतुर्दशीमा 'अखिलबलि पूर्ति' गर्ने र चैतेदशैंमा चैत्राष्टमीका दिनमात्र एक दिन दशैं गर्ने गरे तापनि लमजुङकालिकामा बडादशैंमा पूर्ववत् रूपमा आश्विनशुदी प्रतिपदामा घटस्थापना र रोजरोजको विधिपूर्वक पूजा गरी पूर्णिमाका दिनमात्र विसर्जन गरिन्छ भने चैतेदशैंमा पनि उपर्युक्त बमोजिम विधिपूर्वक १५ दिन नै दशैं गरी चैत्रशुदी पूर्णिमाका दिनमात्र विसर्जन गरिने चलन रहेको बुझिन्छ। यहाँ चैतेदशैंको लागि २ राँगा र १९ बोका तथा अष्टमीका लागि कागेभेंडा १, भैरवपूजाको सुँगुर १ समेत गरी बलिको व्यवस्था बाँधेको देखिन्छ। यसअवसरमा ५ कन्याको भोजनको र दक्षिणाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था मिलाइएको देखिन्छ भने गोरखादरबारमा भैंँ यहाँ कुमार पूजन र भोजनको व्यवस्था रहेको देखिन्न । यसप्रकार अत्यन्तै व्यवस्थित र कुनै कुरामा गोरखादरबारमा भन्दा विस्तृत र व्यवस्थित पूजाको प्रथा रहेको लमजुङदरबारको दशैंघर दुर्गोत्सव पछिल्लो समयमा व्यवस्थित गरेको नभई गोरखादरबारको प्रारूपको रूपमा कुनैकुनै रूपमा गोरखामा भन्दा पहिला चलेको र त्यसको अनुसरण र त्यसमा सजधज र थपथापसमेत गोरखादरबारमा हुन थालेपछि लमजुङराज्य नेपालमा मिसिनुपूर्व लमजुङका समकालीन शाह राजाहरूले पनि गोरखाको सिकोमा लमजुङदरबारको दशैंघर पूजाको प्रचलनलाई व्यापक र परिष्कृत बनाउँदै लगेको हुनसक्ने देखिन्छ ।

४.१.३ परवर्ती परम्परामा गोरखादरबारको उपासना परम्पराको प्रभाव

संस्कृतिका तत्त्वहरू निरन्तर विकसित हुँदै स्वरूप परिवर्तन, विस्तार, संकुचन आदि हुँदै अघि बढ्छन् र यी विभिन्न बाटोबाट समानान्तर रूपमा (parellel) वा चक्रीय रूपमा (Cyclical) विकसित हुँदै वा जहाँबाट उत्पत्ति भयो त्यहाँबाट वरपरको क्षेत्रतर्फ कुनै न कुनै रूपमा फैलन्छ भन्ने कुरा मानवशास्त्रीहरूले बताएका छन् । हाम्रो विषयको सन्दर्भमा कुरा गर्दा जसरी पूर्व परिच्छेदहरूमा गोरखादरबारको सुगठित परम्परा पूर्ववर्ती शाह दरबार र कोटमौलाका कुनै न कुनै संस्करणको रूपमा आयात भई पछि समयक्रममा विशिष्ट रूपले व्यवस्थित, परिमार्जित, विस्तृतीकरण हुँदै शास्त्रीय मतसमेतका आधारमा उँचो आयाम प्राप्त गर्न सकेको छ त्यसैगरी यो स्थापित परम्पराले निश्चित रूपमा परवर्ती परम्पराहरूलाई पनि कुनै न कुनै रूपमा प्रभावित पारेको अडकल गर्न सकिन्छ भनेर बताइयो । यता जुन गोरखादरबारको शाह राजघरानाले गोरखादरबार, दशैंघर र अन्य धार्मिक सांस्कृतिक विधिको सुगठित व्यवस्था गऱ्यो त्यस राजघरानाले पछि त्यही पुण्य र प्रतापको शक्तिले सिंगो नेपाल एकीकरण गरी सिंगो साम्राज्यको राजगद्दी प्राप्त गऱ्यो भन्ने विश्वास गरिन्छ भने निश्चित रूपले गोरखादरबारको प्रस्तुत स्थापित परम्पराले परवर्ती समयमा देशका अन्य धार्मिकस्थल, मत, परम्परा र राष्ट्रिय पहिचानमै समेत महत्त्वपूर्ण भूमिका खेल्नसक्नु अनौठो कुरा होइन ।

हुन पनि गोरखादरबारको प्रस्तुत परम्पराबाट दीक्षित राजा तथा भारदारहरूसमेतको कारण दशैंले राष्ट्रिय पर्वको रूप धारण गऱ्यो । गोरखादेखि सुदूरपूर्व र सुदूरपश्चिमका विभिन्न कोट, थुम र गाउँका देउरालीहरूमा घटस्थापना गरी दशैं गर्न थालिए । विभिन्न मन्दिरहरूमा दशैंमा जमरा राख्न थालियो, नगरा बज्न थाल्यो । जातीय विविधताको जटिलतामा दशैंको साझा आस्था र प्रचलनले समानताको आभास दिन थाल्यो ।

४.१.३.१ हनुमानढोकादरबार :

जब एकीकरण अभियानले गति लिन थाल्यो राजधानी र राजकीय आवास नुवाकोट हुँदै काठमाडौं सर्न पुग्यो । काठमाडौं विजयपछि पृथ्वीनारायण शाहले बसन्तपुरदरबार निर्माण गराए । केन्द्रीय प्रशासन गर्न उपयुक्त ठाउँ मानिएको काठमाडौंमा राजधानी सरेपछि गोरखाली शाह राजाहरूले गोरखादरबारमा गर्दै आएको इष्टशक्तिको उपासना कुनै न कुनै रूपमा गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमानढोकादरबारमा पनि दशैंघर गर्ने चलन चलाएको देखिन्छ। आज आएर हेर्दा दुर्गोत्सवको चलन, प्रचलन र विभिन्न लक्षणहरूका आधारमा गोरखादरवार र हनुमानढोका दरवारको दशैंघरको पद्धतिमा हामी प्रशस्तै विभिन्नता पाउँछौं र सो पाउँदापाउँदै पनि आधारभूत रूपमा समानता पाइने भएवाट हनुमानढोकाको सांस्कृतिक प्रथा सघनरूपमा गोरखादरवारको प्रथाबाट प्रभावित भएको हामी पाउँछौं।

गोरखादरबारमा हाल प्रत्येक महिनाको शुक्ल र कृष्ण पक्षमा श्रीभवानीको पूजा र भँडोवलि गरिन्छ भने हनुमानढोकामा शुक्लपक्षमा मात्र। गोरखामा श्रीको पूजा हुँदा पूजाको स्वरूपअनुसार पञ्चैवाजा वा नगरा बजाइन्छ तर हनुमानढोकाको पूजामा सवै अवस्थामा एकैखालको पञ्चैवाजा मात्र बजाइन्छ। नवरात्रको रोजरोजमा सप्तशती, सामवेद, यजुर्वेदपाठ, नवार्णमन्त्र, गायत्रीमन्त्र आदि जपको काम गोरखादरबारमा जस्तै हुने गर्छ। गोरखादरबारमा नवरात्रको आश्विनशुदी प्रतिपदादेखि नवमीसम्मको प्रत्येक रोजको कामलाई अष्टमीदेखि नवमीसम्म दिन २ विशेष बलिदान आदि पूजाको काम गर्नुपर्ने हुँदा सो २ दिनको सट्टा षष्ठी र सप्तमीका दिन नै 'रोज खप्टिने दिन' को नाममा दोव्वर पूजासामान र बलिका साथ थप २ दिनको पूजाको काम पनि सिध्याइन्छ तर हनुमानढोकामा अष्टमी, नवमीमा विशेष काम परे पनि रोजको काम सकेर मात्र विशेष पूजाकाम गरिन्छ, अघि नै रोज खप्टयाएर काम सकिन्न। श्रीभवानीको पूजाका क्रममा गोरखादरबारमा प्रत्येक रोजका लागि १, १ वटी कन्या गरी नवरात्रभर ९ कन्या पूजा र भोजन गराइन्छ तर हनुमानढोकामा प्रत्येक रोज कौसी तोसाखानाको दरबन्दीवाट १, १ कन्या र १, १ कुमार र राजदरबारको दरवन्दीवाट प्रतिरोज १, १ कन्या गरी जम्मा रोजको लागि १८ कन्या र ९ कुमारको पूजा गरिन्छ। अनि महाष्टमीमा र महानवमी प्रत्येकमा ९ कन्या र १ कुमार पूजा गर्ने चलन्न हनुमानढोकामा छ भने गोरखादरबारमा महाष्टमीमा कन्या कुमार पूजा गरिन्न र महानवमीमा राजकन्याको ९, मामुलियतको ९ र गुठीको ९ गरी २७ कन्या र मामुलियत र गुठीको १, १ गरी दुई कुमारको पूजा हुन्छ। यसप्रकार आश्विनशुदी पक्षभर हनुमानढोका दशैंघरमा ३६ कन्या र ११ कुमार र गोरखादरवार दशैंघरमा ३६ कन्या र २ कुमारको पूजा हुने गरेको देखिएको छ। हनुमानढोकामा कौसीको लगतवमोजिम १, १ बोकाबलिको लागि प्राप्त हुन्छ र उक्त पूजा मूलचोकमा हुन्छ भने विशेषपूजा नासलचोकमा हुन्छ। बलिको हकमा महाष्टमी, महानवमी र चतुर्दशीका दिन प्रत्येकमा ५४ वोका तथा ५४ राँगाको बलि हुन्छ। हनुमानढोकामा यो संख्या गोरखादरबारको भन्दा वढी छ। यहाँ यी ३ दिन प्रत्येकमा जेठो राँगो पूजा संकल्प गरी काटेपछि बोकाको बलि हुन्छ अनि अरू ५२ औं संख्याको राँगो काटेपछि ५३ औं महिषासुरको प्रतीक मानिएको राँगो काटिन्छ र अन्तिम राँगो काटिन्छ। यस्तो कुनै व्यवस्था गोरखादरबारको प्रथामा रहेको पाइन्न। अष्टमी र नवमी दुवै दिन गोरखामा झैं होम र नवमीमा निशानपूजासमेत हुन्छ। महानवमीका दिन गोरखामा १ भेंडाको वलि दिई रेवन्तेपूजा गरिन्छ तर हनुमानढोकामा १, १ बोका र १, १ राँगाको बलि दिई अश्वपूजा र गजपूजाको विधिले रेवन्तेपूजा सम्पन्न गरिन्छ। महाष्टमीका दिन आलम फेर्ने र दशमीका दिन आलम ढाली विसर्जन पूजा गर्न ७ वटा बोकाको बलि गर्ने चलन दुवै ठाउँमा समान पाइन्छ। बडादशैंमा श्रीभवानीलाई पूजाकोठामा लैजाने काम गोरखामा प्रतिपदाको दिन र सवारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्काउने काम दशमीका दिन हुन्छ भने हनुमानढोकामा सप्तमीका दिन पत्रिका भित्रेपछि सवारी गराउने र दशमीका दिन फर्काउने गरिन्छ। सप्तमीका दिन हनुमानढोकामा प्रवेश गराउने नवपत्रिकामा गोरखाबाट प्रेषित सामग्री पनि रहनुपर्ने चलन छ। चैत्रशुदी पक्षको दुर्गोत्सव गोरखामा अष्टमीका दिन मात्र बलिपूजा गरिसकिन्छ भने हनुमानढोकामा चाहिँ प्रतिपदादेखि अष्टमीका दिनसम्म नै पूजा गरिन्छ। अष्टमीका दिन यहाँ १ कुमार र ९ कन्याको पूजा हुन्छ तर गोरखामा भने २ ठाउँमा गरी २ कुमार र ६ कन्याको पूजा गर्ने चलन छ। गोरखामा वर्षबन्धन पूजा गर्ने चलन नभए तापनि हनुमानढोकामा भने आषाढशुक्ल द्वितीयाका दिन श्रीको वर्षबन्धनपूजा गर्ने गरिन्छ। सम्भवत: यसै तिथिमा गोरखास्थित श्रीको भावनात्मक प्रतीक हनुमानढोका दशैंघरमा लगी स्थापना गरेकाले यस दिन वर्षबन्धनपूजा गर्ने चलन चलेको हुनसक्ने देखिन्छ।

४.२ गोरखादरबारको पूजा परम्पराको शास्त्रीय विवेचना, विश्लेषण र मूल्यांकन

सांस्कृतिक मानवशास्त्रको अध्ययनक्रममा मानिस र उसले व्यवस्थित गरेका प्रचलन र प्रथालाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिन्छ। लोकमान्यता र अर्वपर्वको **(Rituals)** वर्तमान पद्धतिको श्रृंखलाबद्ध अध्ययनबाट अन्तत: सभ्यताको सुदूर अतीतको अज्ञात पक्ष र सांस्कृतिक तत्त्वका विविध पक्षहरूको विकासक्रम पनि हामीलाई थाहा हुन्छ। मानवजातिले अवलम्बन गर्ने जीवनका प्रत्येक आयामहरू ऐतिहासिक परिस्थितिका परिणाम हुन्। आफ्नो निकटस्थ पर्यावरण, आर्थिक गतिविधि, छिमेकी समाज र आफ्नो अतीत आदि तत्त्वहरूले संस्कृतिका भिन्न अवस्था सिर्जना गर्न र तिनको विविध रूपबाट विकास हुन सघाउ पुऱ्याउँछ। जस्तो कि सुदूर पूर्व एशिया र अमेरिका **(New World)** मा एकै समयमा धानको खेती सुरु भएको भएपनि त्यसको १०,००० वर्ष पछि ती दुवै ठाउँमा धानको खेतीको भिन्न अवस्था देखा पर्दछ। त्यो भिन्नता धानको खेती गर्ने प्रविधि, उत्पादन परिणाम, त्यो खेतीले अन्य कृषिप्रणालीमा वा सम्पूर्ण जनजीवनमा खेल्ने भूमिकाको भिन्नतामा स्पष्ट देखिन्छ। त्यसैगरी कुनै समाजले अवलम्बन गरेको औद्योगिक प्रथा, राजनैतिक अवस्था वा प्रथा तथा आस्था, विश्वास, पूजा, उपासना आदि जस्ता कुरा पनि पूर्ववर्ती परम्परा र तत्कालीन विशिष्ट परिस्थितिका उपज हुन् र कुनै २ वा सोभन्दा बढी ठाउँमा प्रचलित त्यस्ता प्रथा समयान्तरमा पर्याप्त पृथक् गुणले युक्त हुने गरेको कुरा तिनको परवर्तीकालमा गरिएको तुलनात्मक अध्ययनले स्पष्ट पार्दछ। यसैकारण पूजा, पर्व आदि परम्पराको सांस्कृतिक मानवशास्त्रको अध्ययनक्रममा महत्त्व झल्कन्छ।

आठ टीकाको एक अंश मानिएको मध्यकालीन गोरखाराज्यमा प्रचलित विशेष गरी दशैंघर पूजाको प्रथा र सामान्यत: शक्तिपीठको उपासना परम्परालाई पूर्ववर्ती र समकालीन महत्त्वपूर्ण स्थलका प्रथा र ऐतिहासिक आधारमा समेत माथि दाँज्ने काम गरियो। यस क्रममा पूर्ववर्ती लमजुङदरबारको परम्परा र परवर्ती हनुमानढोकादरबारको परम्पराको दोसाँधमा यसलाई राखेर हेर्ने काम गरियो भने कुनै न कुनै रूपमा निकटवर्ती '७ बहिनी' वा '३ बहिनी'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति समूहका बीच पनि यहाँको परम्परालाई हेर्ने काम गरियो । त्यस क्रममा अन्ततः यसका विशिष्ट स्वरूपवारे हामीलाई राम्रो ज्ञान हुन सकेको छ ।

४.२.१ गोरखादरबारको दुर्गोत्सव पद्धतिको ऐतिहासिक व्याख्या

वंशावलीमा संवत् १६१६ मा लमजुङदरबारबाट सतार राँगो भागी गोरखादरबार आएको उल्लेख भएको, नरभूपाल शाहका पालाको खर्चको टिपोटमा थुमथुमलाई राँगा एवं दरवारको मौलालाई राँगा र सतारको व्यवस्था भएको, मंगलेनीको हात्ती आउँदा चढाउने भेटी र पञ्चैबाजा र नगरा वजाउनेलाई नगद दिएको आदि कुरा उल्लेख भएको, गोरखा वंशावलीको पृष्ठ ७१-७२ मा पृथ्वीपति शाहले स्थापना गरेको देवदेवालयको सूचीमा 'श्रीकालीको स्थापना' भन्ने र 'दशैंघर बनायाको' भन्ने शब्द उल्लेख परेको र पृथ्वीपति शाहको पालासम्ममा पोखरीथोकका पान्चायन तथा मनकामना देवीको समेत पूजाको व्यवस्था भैसकेको देखिँदा कम्तिमा यी राजाको पालासम्ममा त दशैंघर श्रीभवानीको पूजाको सुदृढ परम्परा वसिसकेको अनुमान गर्न सकिन्छ । हुन त 'भीरकोटबाट शक्तिको प्रतीक गोरखादरबार ल्याई द्रव्य शाहको पालामा स्थापना गरिएको र 'द्रव्य शाहकै पालामा लमजुङबाट वत्तीमा श्रीभवानीलाई गोरखादरबार ल्याइएको' भन्ने जस्ता एकापसमा विवादास्पद कुरा पनि वंशावली र अन्य लिखतमा लेखिएको पाइन्छ, परन्तु लमजुङे कुमारको कारण देवीको कुनै न कुनै प्रतीक लमजुङबाटै ल्याई गोरखादरवारमा स्थापना गरिएको र समयक्रममा तिनको पूजा उपासनाको विशेष र सुगठित व्यवस्था गर्न गोरखा राजघरानाले आफ्नो कुलशक्तिको उद्भवको वा विशेष रूपले विशेषतायुक्त र चर्चित लसर्घा- भीरकोटसम्म उपासना विधि र परम्परा शोधखोज गर्न पुगेको हुनसक्ने देखिन्छ । राजा राम शाहले आफ्नो प्रशस्ति के हुन सक्छ ? भनेर सोध्न दिल्ली पठाएको र आज पनि वसाइँ सरेर नयाँ ठाउँमा जाने मनिसहरू कुल, धर्म, कुलदेवता वा वंशावली खोज्न आफ्नो पुरानो स्थलतर्फ जाने गरेको देखिएको सन्दर्भमा गोरखाका शाह घरानाले कुलशक्तिका उपासना विधि भीरकोटबाट अनुसरण गरेको मान्न बाधा पर्दैन । गोरखादरवार श्रीभवानीका माइती-मावली मानिएका मगर सुसारेहरू यहाँ आज पनि रहेको र सम्भवतः यस्तै परम्परा व्यवस्थित गर्ने क्रममा तिनका पुर्खा भीरकोटबाट गोरखा ल्याइएको भन्ने किम्वदन्ती यसप्रकार सत्य समरूप प्रतीत हुन्छ ।

जवजव शाह राजाहरूको नेतृत्वमा गोरखाराज्यले कायिक, भौतिक र साँस्कृतिक अवस्थामा सुधार र उन्नति गर्दै आयो त्यही क्रममा दरवारकी श्रीभवानीको पूजा व्यवस्थामा पनि आङ्गिक विविधता थपिँदै आयो । प्रारम्भमा दशैंघर पूजा सुरु हुँदा सामान्य विधिवाट थोरै सामग्री, थोरै वलिवाट पूजा हुने गरे पनि पछि यसमा विविधता र जटिलता आउन गएको वुझिन्छ । समयक्रममा जव गोरखाको वहुआयामिक विकास भयो त्यहीक्रममा उन्नत शैक्षिक पठनपाठनको कारण प्रस्तुत विधिलाई शास्त्रसम्मत वनाउने प्रयास हुन गएको देखिन्छ । राजा राम शाह र श्री ५ डम्वर शाहका पालामा गोरखामा निकै धेरै शास्त्रका पुस्तकहरू जस्तो कालिका पूजाविधि, गंगासहस्रनाम, सूर्यसहस्रनाम आदि सारिएकोले यिनै कुरा पुष्टि गर्दछ । यसरी पुस्ता पुस्तामा गोरखादरवारको उन्नयनशील परम्परा निकै व्यवस्थित हुँदै गएको र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूसमेत यस परम्परामा दीक्षितभएको उदाहरण श्री ५ प्रतापसिंह शाहले विभिन्न शास्त्रका सहायताले 'पुरश्चर्यार्णव' जस्तो शक्ति खेमाको प्रसिद्ध पुस्तक लेख्नुले पुष्टि गर्दछ भने शास्त्रका अनन्त गहिराई र सोही भावनाअनुरूप नै गोरखादरबारको पूजा परम्परा पालित हुँदै आएको देखिन्छ । प्रतापसिंह शाहको प्रस्तुत पुस्तकमा भएको दुर्गोत्सवविधिको ठूलो र व्यापक अंश स्वयं पनि आफ्ना दरबारमा हुने गरेको दुर्गोत्सवविधिको प्रति लेखक राजामा रहेको अद्वितीय ज्ञानको अनुपम नमुना हो । उता काठमाडौंमा दरबारिया संघर्ष हुँदा बहादुर शाह भागेर गोरखा आएको, श्री ५ गीर्वाणयुद्धकी मुमाले चाँगुनारायणलाई गुठी राख्दा सँगै र सोही मितिमा गोरखादरबारकी श्रीमहामायाको प्रतिअष्टमी पूजा चलाउन पुरकोटमा गुठी राखिदिएको देखिँदा काठमाडौंदरबार र गोरखादरबारको निरन्तर निकटता दृष्टिगोचर हुन्छ । त्यसैगरी जब काठमाडौंमा दशैंघर देवताको स्थापना भयो र पूजा सुरु भयो तब त्यहाँ नवपत्रिका प्रवेशमा गोरखाको सामग्री अनिवार्य रूपले रहनुपर्ने गरी स्थिति बाँधनुमा दुई दरबारबीच दोहोरो सम्बन्ध नवीकरण गराइरहने उद्देश्य अन्तर्निहित रहेको देखिन्छ ।

४.२.२ गोरखादरबारको दुर्गोत्सव परम्पराको समाजशास्त्रीय/मानवशास्त्रीय विश्लेषण :

नेपाल एकीकरण हुनुपूर्व गोरखाराज्य चौबीसी राज्यमा एक हुनाको साथै यसै राज्यको नेतृत्वमा नेपाल एकीकरणसमेत भएका कारण उद्भव र विकासका विभिन्न चरणहरू हुँदै आजसम्म आइपुग्दा पनि गोरखादरबारको परम्परा राज्यको प्रत्यक्ष पोषणबाट विमुख हुन गएको छैन । यसैकारण इतिहासका विभिन्न घटनाको प्रतिबिम्ब यहाँको परम्परामा आच्छादित हुन्छ ।

आफ्नो समयका निकै दूरदर्शी पृथ्वीनारायण शाहले जातीय र क्षेत्रीय विद्रोहको सम्भावनालाई निष्क्रिय पार्न पूर्वमा किराँतीहरूलाई किपट प्रथा कायम राख्न दिएको, पश्चिमका केही राजाहरूलाई 'राजारजौटाको रूपमा' सीमित सम्मानको व्यवस्था गरिदिएको, विजित प्रदेशका आन्तरिक संस्कृति र प्रथाहरूलाई सम्भव भएसम्म बाँच्न दिएको देखिन्छ । यता गोरखादरबारको परम्पराका सम्बन्धमा कुरा गर्दा यहाँका पूजापर्वका यस्ता धेरै प्रचलन र विधिहरू आजसम्म परिपालित भइरहेका छन्, जो ऐतिहासिक समयका विभिन्न कालखण्डमा समयानुकूल भएर ग्राह्य भएका थिए । संभवत: आजका सन्दर्भमा ती प्रथाहरू अनौठा समेत प्रतीत हुन्छन् । गोरखादरबारको फूलपाती लिन जाने प्रोसेसन गोरखादरबारदेखि तल पश्चिम फर्केको पाटोमा पुग्दा बाजा बजाउन नहुने चलन रहेको छ जुन तत्कालीन अवस्थामा छिमेकी लमजुङ राज्यतर्फका गुप्तचरहरूले गोरखादरबार सम्पूर्ण रूपमा चाड मनाउन लागेको गुह्य थाहा नपाऊन् भन्ने सामरिक उद्देश्यले चलाइएको र सो आजसम्म कायम रहेको हो भन्ने बुझिन्छ । फूलपातीका दिन उपयुक्त बेलामा मात्र सल्यानको भार ल्याउने चलन चलाएर दरबारले कमसेकम वार्षिक रूपमा आफ्नो अधीनस्थ सल्यानक्षेत्रका जनतासँग प्रत्यक्ष अन्तरक्रिया कायम रहोस् भन्ने मनशाय रहेको अनुभव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना राज्यका सवै वासिन्दा, अर्थात् जातजाति र सांस्कृतिक समूह वा थरकुलका मानिसलाई कुनै न कुनै रूपमा दरवारमा पहुँच हुने अवस्थासिर्जना गरी त्यसलाई निरन्तरता दिन आफ्ना देशका सवै जातका मान्छेलाई दरवारको दशैंघर पर्वमा कुनै न कुनै काम दिएर तिनको अनिवार्य उपस्थिति हुने अवस्था सिर्जना गरेको पक्ष निकै महत्त्वपूर्ण सावित हुन्छ। आदिवासीका रूपमा रहेका रैथाने मगरहरूलाई पूजाकोठाको सुसारे र द्वारेका रूपमा, ब्राह्मणहरूलाई गुरु (कुमाई) र पुरोहितका (पूर्वीया ब्राह्मण) रूपमा, क्षेत्रीहरूलाई सुसारे (बोहोरा) र, भारदारी राँगा वोकाको व्यवस्था गर्नेको रूपमा (वस्नेत, वानीयाँ थर), दमाईहरूलाई वानादार र पोशाक सिलाउनेको रूपमा, सार्कीलाई छालाको काम र नगरामोहोर्ने कामदारको रूपमा, कामीलाई वलिका हतियार सान लगाउने र ठेकाभाँडा वनाउनेको रूपमा, मुसलमानलाई श्रीभवानीको आभूषण ल्याउनेको रूपमा, नेवारलाई भजनीयाको रूपमा, गाइनेलाई अस्तु गाउनेको रूपमा, माझी-दरै कुमालेलाई सगुन माछा, भाँडा, केरा आदि ल्याउने र सगुन-भार वोक्नेको रूपमा काम गर्नुपर्ने गरी गोरखादरवारको दुर्गोत्सव पद्धतिको व्यवस्थाको रीतिस्थिति वाँध्दा कर्तव्य तोकिएको छ। यसवाट राज्यका सवै तप्काका मानिसलाई दरवार पहुँचको अवसर निरन्तर रूपमा मिल्ने र सवैको सहयोगवाट दुर्गाको महोत्सव सम्पन्न हुने भएवाट कसैलाई पनि राष्ट्रिय अभियानमा न्यून-मूल्याङ्कन नगरिएको प्रतीक हुन्छ। यस्तो परम्परावाट नियमित र निरन्तर रूपमा निकट सम्पर्क हुन गई जातजातिवीच सद्भाव विकसित हुने मौका दिन चाहेको वुझिन्छ। यस्तो कार्य विभाजनको स्थिति बाँध्दा ती जातजातिका स्वभाव, विशेषता, जीवनशैलीलाई ध्यान दिएको देखिँदा यो परम्पराले सम्पूर्ण समाज वा राज्यको लघुस्वरूपको प्रतिनिधित्व गर्दछ भन्न सकिन्छ। गोरखादरवारको प्रस्तुत व्यवस्थाले तत्कालीन समाजको प्रतिकृति (Replica) कै काम गर्दछ।

राज्यमा भएका विविध जातजातिका मानिस जसरी आफ्नो विशिष्ट पेशागत आचरणका कारण एक-अर्कालाई सहयोगी र परिपूरक हुँदै सिङ्गो समाजव्यवस्था निर्माण हुन सघाउ गर्छन्। त्यहीं अवस्था गोरखादरवारको पूजा परम्परामा देखिँदा यसलाई मानवशास्त्रको प्रकार्यात्मक सिद्धान्त (Functional Theory) का आधारमा हेर्न सकिन्छ। जसरी ब्राह्मणहरू शैक्षिक पठनपाठन र पौरोहित्य कर्मको सेवा प्रदान गर्दछन्, क्षेत्रियहरू सैनिकसेवा र राष्ट्र रक्षाकर्म गर्दछन् र शूद्रहरू उपर्युक्त कर्महरूमा सहायक र सेवापूर्ण कार्य गर्दछन् र यस्तो प्रकार्यात्मक अन्तरसम्वन्धवाट समाज कायम रहन सक्छ। Functional Theory को अवधारणामा उपर्युक्त प्रथाले जसरी मेल खान्छ त्यसरी नै त्यस प्रकार्यात्मक सम्वन्ध अन्तरनिहित स्थिर संरचनाको कारण क्रियान्वित हुन्छ भन्ने संरचनात्मक/प्रकायात्मक सिद्धान्त (Structural/Functional Theory) को सैद्धान्तिक धरातल पनि गोरखादरवारको परम्परामा सार्थक हुने देखिन्छ। तत्कालीन गोरखाराज्यमा मंगोलियन समूहका गुरुङ, मगर र दक्षिणी सभ्यताका वाहक नदी किनारमा आधारित जीवन भएका माझी, दरै, कुमाल तथा इण्डो-आर्यन (ककेसाइड) समूहका ब्राह्मण, क्षेत्री जस्ता जातिको सम्मिश्रणवाट समाजको संरचना वनेको र त्यस्तै संरचनाको लघुस्वरूप (Miniature) को रूपमा गोरखादरवारको पूजाकाममा ती जातिका मानिसहरूलाई एकएक काम दिइएवाट संरचना अन्ततः प्रकार्यात्मक सम्वन्ध (Functional Relation) मा स्थिर हुने उद्घोष गरिरहेझैं देखिन्छ। तत्कालीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक व्यवस्थामा गोरखादरबारका ती तोकिएका जातजातिलाई तोकिएका काम मूल्य र मान्यता (Norms & Value) का कारण एकअर्कालि गर्न नसक्ने भएबाट अनिवार्य रूपमा प्रकार्यात्मक सम्बन्धका कारण एउटा सिंगो संरचना अड्न सक्ने कुरा सांस्कृतिक प्रथामा अभिव्यञ्जित भएको पाइन्छ ।

गोरखादरबारमा बलि गरिएका राँगा र बोकाको मासुलाई प्रसादको रूपमा ठूलो महत्त्व दिने र श्रद्धाका साथ खाने चलन छ। त्यहाँमाथि प्रोटिनको रूपमा मासुको महत्त्व हुने निर्विवाद छ। नेपाली समाजमा मासुको परिकार उत्कृष्ट खाना मध्ये पर्दछ। त्यस्तो हुँदा दशैंको चाडको बेलामा स्थानीय जनताले मासु पनि खान पाउने र सो खान पाएबापत ती जनतालाई राज्यले काम लगाउने व्यवस्था बाँधिएको देखिन्छ। त्यसअनुसार गोरखादरबार वरपरको बस्तीमा टोल-टोल गाउँ-गाउँलाई दुर्गोत्सवका बेलामा दरबार, कोट, मौलो, बाटो सफा गर्ने काम देवीको सेवाको नाममा गर्न लगाउने र सो काम गरेबापत दशैंमा श्रीभवानीको प्रसाद नेग (मासु) तिनलाई दिने व्यवस्था गरेबाट समाजको संरचना कायम राख्न प्रकार्यात्मक व्यवस्था तर्जुमा गरेकोबाट एकातिर यसलाई संरचनात्मक/प्रकार्यात्मक (Structural / Functional Theory) का आधारमा त अर्कोतिर सांस्कृतिक भौतिकवादी सिद्धान्त (Cultural Materialism Theory) का आधारमा व्याख्या गर्न सकिन्छ ।

संस्कृति प्रसार (Diffusion) हुन्छ भन्ने सांस्कृतिक प्रसारवादीको मतलाई पूर्वअध्यायमा उल्लेखित गोरखादरबारका प्रचलन भीरकोट, लसर्घा र लमजुङबाट प्रभावित भएको र गोरखाको प्रथा हनुमानढोकातर्फ प्रसार भएको कुराले पुष्टि गरेको छ। संस्कृति प्रसारणको सिद्धान्त (Theory of Cultural Diffusion) मा संस्कृति प्रसारणको क्रममा स्वरूप परिवर्तन हुन्छ भन्ने कुरा लमजुङदरबारमा चैत्रशुदी र आश्विनशुदी पक्षभर लगाएर गरिने दुर्गोत्सवको विधि यता हनुमानढोकामा पनि कायम रहेको भए पनि गोरखादरबारमा चैत्रशुदीको दुर्गोत्सव १ दिन मात्र गरिने प्रचलन रहेका कुराले छर्लङ्ग पार्दछ। यस्ता अनगिन्ति सांस्कृतिक तत्त्वहरू विभिन्न रूपबाट प्रसारण भएको कुरा माथि विवरणात्मक खण्डमा विस्तृत रूपले चर्चा गरिसकिएको छ ।

संस्कृतिमा उद्विकासवादी सिद्धान्त (Evolution Theory) मा विश्वास राख्नेहरूको मत पनि गोरखादरबारको सम्बन्धमा सही देखापर्दछ। सम्भवत: समकालीन समय सन्दर्भ र अन्य खालका समान परिस्थितिका बीच सुरु भएको लमजुङ र गोरखादरबारको दुर्गोत्सव विधिमा विषमता देखिनाले बहुरेखीय उद्विकासवादी सिद्धान्त (Multiliner Evolution Theory) को प्रमाण दिन्छ भने गोरखाभेगको सात बहिनी देवी (Seven–Sisters) को सांस्कृतिक आयाम ४०० वर्षको अन्तरमा व्यापक विषमताले युक्त भएकाले पनि सो सिद्धान्तको पुष्टि गर्दछ ।

सांस्कृतिक मानवशास्त्रीहरूले सांस्कृतिक तत्त्वहरू पर्यावरणबाट (Ecology) पनि निर्धारित वा प्रभावित हुने हुन्छ भन्ने कुरासँग सम्बन्धित सांस्कृतिक पर्यावरणवादी सिद्धान्त (Cultural Ecology) र सांस्कृतिक भौतिकवादी (Cultural Materialism) सिद्धान्तको पनि प्रतिपादन गरेका छन्। यी सिद्धान्तहरूको सत्यता गोरखादरवारका परम्परासँगका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धमा पनि प्रमाणित हुन्छन् । पूजाका लागि आवश्यक फूलहरू फलहरू कम्ति मात्रामा पाइने, पशुआहारका कारण धेरै पशु पाल्न चैत्र हुँदी हिउँदयाम अप्ठेरो हुने कारण दुर्गोत्सवका लागि आवश्यक वलि गर्न वोका र राँगा पाउन गाह्रोपर्ने, अप्रियकर मौसम आदि कारणबाट गोरखादरवारमा चैत्रशुदी पक्षको दुर्गोत्सवलाई संक्षेपीकृत गरिएको हुनसक्ने देखिन्छ । यता आफ्नो अधीनस्थ राज्यका वासिन्दावाट सिर्तोस्वरूप राजाले अन्य समयमा अन्य वस्तु लिनको सट्टा अनिवार्य र नियमित हुने वार्षिकी दुर्गोत्सवमा नै प्रयोग हुने गरी केरा, उखु, साग, दही, माछा ल्याउने व्यवस्था वाँधिदिएर सिर्तो बुझाउने चलनलाई धार्मिक, सांस्कृतिक प्रथासँग सम्वन्धित गरिदिएर निरन्तरता दिने उपाय गरेकोवाट सांस्कृतिक भौतिकवादी (Cultural Materialism) को सिद्धान्तको व्यावहारिक प्रयोगको आभास यहाँको परम्परामा दृष्टिगोचर हुन्छ ।

गोरखादरवारको दुर्गोत्सवका समयमा पालन गरिने प्रचलनहरूलाई प्रतीकात्मकताका आधारमा पनि प्रतिकात्मकताको सिद्धान्त (Symbolic Theory) का सन्दर्भमा हेर्न सकिन्छ । दरबारका सवै भारदार, थरघर र कामदारहरूलाई समेत दशैंघरका वेलामा हाजिर हुनुपर्ने व्यवस्था रहेवाट भारदारलाई अनुशासित र शीघ्र जुट्नसक्ने वनाउने उद्देश्य रहेको, वलि गरिएका सवै वलि भारदारहरू, टोल र गाउँलाई दिने व्यवस्था गरेवाट सवै गाउँ/गाउँ टोलटोलवाट राज्यलाई युद्धका समयमा सहयोग गर्न स्वयं उत्प्रेरित हुने अवस्था सिर्जना गराउने चाहना रहेको र फूलपातीका दिन संवेदनशील क्षेत्रतर्फ प्रोशेसन पुग्दा सामरिक सुरक्षाको दृष्टिले वाजा नवजाउने चलन चलाइएको, विजयादशमीमा रङ्गिने रङ्गोत्सव (होली) तत्कालीन रूपमा दुर्गोत्सव सकिएको खुसियालीमा र अभ्यान्तरिक रूपमा देवीको विजयको सम्झनामा विजय-उन्मादयुक्त उत्सव गरिएको (जो नेपालएकीकरण ताकाका सामरिक विजयको प्रतीक जस्तै मानिन्थ्यो) जस्ता अनगिन्ती प्रथालाई तत्कालीन गोरखादरवारको सामरिक महत्त्वाकांक्षाको प्रतीकको रूपमा Symbolic Theory को सहायतामा व्याख्या गर्न सकिन्छ । गोरखादरवारको सुगठित सांस्कृतिक पक्षको विश्लेषणमा भौगोलिक विशेषता सामाजिक र ऐतिहासिक यथार्थ तथा धार्मिक एवं दार्शनिकपक्षको ठूलो भूमिका देखिने हुँदा यसको भव्यतालाई Red Field को पवित्रस्थलको विकाससम्वन्धी सिद्धान्त (Sacred Complex Theory) का आधारमा पनि अध्ययन गर्न सकिन्छ । यस सिद्धान्तको प्रवक्ता Red Field र Milton Singer हुन् र यस स्कूललाई Chicago School of Anthropology भनिन्छ । यस सिद्धान्तको सन्दर्भमा जनकपुरधामको सांस्कृतिक पक्षमा Makhan Jha ले अध्ययन गर्दा उहाँले मूलत: पवित्रक्षेत्रको अवधारणा (Sacred geography) पवित्र उपाशना (Sacred performance) र पवित्र विशेषज्ञता वा प्रज्ञा (Sacred Specialist) को सन्दर्भमा गर्नुभएको छ । यस सिद्धान्तले कुनै क्षेत्र पवित्र धाम (Sacred Complex) को रूपमा विकास हुन केन्द्र र आवद्ध सञ्जाल (Center and Network) को विकास हुनुपर्ने मान्दछ । हाम्रो सन्दर्भमा कुरा गर्दा पूर्ववर्ती अध्यायहरूमा भनेझैं पूर्ववर्ती लसर्घा, कास्की, लमजुङ हुँदै प्रसारण हुँदै आएको परम्परा (Diffused Tradition) चाहिं सञ्जाल Network को रूपमा रही गोरखादरवारलाई केन्द्र (Center) को रूपमा विकास हुन सघाएको देखिन्छ । त्यसैगरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन बहिनी वा ७ बहिनी देवी भनिने विभिन्न स्थानीय पीठ (Local Sanctuaries) हरूका परम्पराहरू गोरखादरबारको केन्द्रीयतामा सो Center को Network को रूपमा विकास भएको सन्दर्भमा गोरखादरबार स्वयं कालक्रममा पवित्र धाम (Sacred Complex) को रूपमा विकास हुन सकेको देखिन्छ ।

४.२.३ वैदिक संस्कृतिको सन्दर्भमा गोरखादरबारको परम्परा

गोरखादरबारमा वर्तमान समयमा चालू रहेका पूजा, पर्व र प्रथाको अभिलेखन (Documentation) को काम यसअघि गरिसकियो । अब ती परम्परा र पर्वहरू (Rituals) का विधिहरू कुन धार्मिक मत, शास्त्र वा सम्प्रदायका सिद्धान्तमा आधारित छन् र तिनमा परम्परा र मौलिकताको कस्तो स्थान छ भन्ने कुरा खुटचाउनु परेको छ ।

मानवजातिको मनोवैज्ञानिक अध्ययनबाट तिनको मनस्तलको चेतन र अचेतन तहमा समेत आफ्नो अतीत वा पुर्खाको गौरवका प्रति गहिरो सम्मोहन हुने गर्छ भन्ने कुरा पत्ता लगाइएको छ । त्यसैले मानवमा पुराना पौराणिक आख्यान र अघिल्लो पुस्ताको भोगाइको श्रवणमात्रमा पनि श्रद्धा रहेको पाइन्छ । भारतवर्षमा पनि आर्ष जीवन भोगेका हाम्रा पुर्खाका जीवनचरित्र हामीलाई प्यारो लाग्दछ । तिनको जीवनशैलीको सूक्ष्म अनुसरणबाट पनि आज रोमान्चको अनुभूति दिने हुन्छ । अझ शासक वर्ग वा उच्चकुलका मानिसले विगतका प्रतापी व्यक्तिहरूले गरे जस्तै प्रतापी काम गर्न चाहनु स्वाभाविक हो । ऐतिहासिककालको सुरुआतका शताब्दीमा नेपालमा पनि वृहस्पतिसत्र, द्वादशाहनामक सत्रयाग, वाजपेय श्रौतयज्ञ, आदि महान् यज्ञ भएको कुरा इतिहासकारहरूले बताएका छन् । यस सन्दर्भमा गोर्खेश कहलाएर उत्तरदिशाका इन्द्रसमान भनेर आफ्नो प्रशस्ति लेखाउन मन पराउने गोरखाली राजाहरूले (पृथ्वीपति शाह) विधिपूर्वक वैदिक यज्ञहरू गर्न नसके पनि वा नगरे पनि पुस्ता पुस्तान्तरसम्म परिष्कृत र व्यवस्थित वनाउँदै ल्याएको गोरखादरबारको दुर्गोत्सवलाई कुनै न कुनै रूपमा वैदिक यज्ञकै समानान्तर भएको आत्मसन्तुष्टि लिने गरेको वा लिन मिल्ने गरी विधि र विधानमा सामान्जस्य ल्याउन प्रयास गरी सोहीअनुरूप व्यवस्था बाँधेको अनुमान लगाउन सकिन्छ ।

वैदिक ग्रन्थमा 'शुलगव यज्ञ,' 'पशुबन्ध यज्ञ', 'सोमयाग', 'वाजपेय', 'राजसूय', 'अश्वमेध,' 'पुरुषमेध', 'सर्वमेध' जस्ता यज्ञहरूको क्रमागत रूपमा वर्णन गरिएको छ । जसमध्ये सम्भवतः मानवसभ्यता शिकारी युगवाट (Hunting Age) र अझ खास गरी ठूलो शिकार (Big-hunting) वा Big-game को अवस्था (Stage) बाट गुज्रिरहेको अवस्थामा 'शुलगव' यज्ञको सुरुआत भएको हुनसक्छ । नबाँधिकन छाडा छाडेका पशुलाई युद्धपूर्वक भाला रोपेर मार्ने र मासु लुछेर खाने यसको विधि छ । वर्तमान सन्दर्भमा भने नेपालको 'भक्कूको राँगो' बलि प्रथालाई यसको प्रतीकको रूपमा हेर्न सकिन्छ ।

वेदमा उल्लिखित दोस्रो प्रकारको यज्ञ 'पशुबन्ध यज्ञ' हो । यो 'पशुबन्ध यज्ञ' गर्दा दक्षिणायन र उत्तरायणका प्रारम्भमा गर्नुपर्ने र सो यज्ञ गर्दा ब्रह्मा, गणपति, होता, आचार्य वरण गरी होम गराउने र यूप (मौला) मा बलि गर्ने विधि बताइएको छ । यस्तो बलि गरिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुका विभिन्न अंग विभिन्न अधिकारी देवगणलाई अर्पण गर्ने र केही भाग मन्थन गरेर निकालिएको आगोमा होम्नुपर्ने विधान देखिएबाट यो यज्ञ सभ्यताको पशुपालनको युग (Domestication of animal) र यसको आगो आविष्कारको चरणमा सुरुआत भएको अनुभव हुन्छ। वर्तमान समयमा गोरखादरबारमा सम्पन्न हुने चैत्रशुदी र आश्विनशुदीको 'अयन' परिवर्तन हुने समयमा पर्ने दुर्गोत्सवलाई जहाँ मौलामा प्रशस्तै पशुहरूको वलि दिने र सँगै चार पुरोहितको वरण गरी होमसमेत गराइन्छ। यो निरूढ पशुवन्ध यागको कुनै न कुनै शेष र विकृत रूप होइन भन्न सकिन्न।

विधिमा वताएझैं यो दुर्गोत्सवमा पनि वलि गरिएका पशुका विभिन्न अंगहरू दरवारका अधिकारीवर्गलाई भाग लगाउनुपर्ने चलन छ भने वलि गरिएका पशुको 'कलेजो' यज्ञमा होम्ने, पछि तिलकग्रहण गर्नुपर्ने, व्राह्मणभोजन गराउनुपर्ने आदि सम्पूर्ण विधि आज पनि कुनै न कुनै रूपमा चालू रहेको देखिनाको कारण प्रस्तुत परम्परालाई निरूढ पशुवन्ध यज्ञ जस्तो वैदिक यज्ञको समानान्तरमा राखी तुलना गर्ने काम गरिएको छ।

वेदमा उल्लिखित तेस्रो खालको 'सोमयाग' मा नर, वृष, अज, अश्व, महिष आदि वलिको साथमा सोमरसको प्रयोग हुन्थ्यो। आजकल देवीमन्दिरहरूमा गरिने पञ्चवलिको विधानलाई यसको सन्दर्भमा राखेर हेर्न सकिन्छ। सोमयाग, अग्निष्टोम, श्रौतामणीयज्ञ तथा वाजपेय र राजसूय जस्ता यज्ञहरू पनि वेदमा उल्लिखित छन्। वाजपेय गर्नेलाई सम्राट् र राजसूय गर्नेलाई राजा भनिने र पूर्णरूपमा राजा हुन राजसूय यज्ञ गर्नुपर्ने बताइएको छ। अति ठूलो काम्य यज्ञका रूपमा र पुत्रेष्टिका लागि गरिने अश्वमेध यज्ञ, वेदमा बताइएको अर्को ठूलो यज्ञ हो।

आधिभौतिकवाट अघि वढेर आधिदैविक उद्देश्यले गरिने वैदिक यज्ञ 'पुरुषमेध यज्ञ' हो। यसमा यज्ञशालामा नृसंश वलिदानको विधान गरिएको छ। यस यज्ञमा गरिने वलिका संख्याका बारेमा विभिन्न मत रहे पनि मुख्य मौलोमा ब्राह्मण १ र अन्य ४७ गरी जम्मा ४८ र वरपरका १० यूपमा १० तथा कर्ताको आसननेरको मौलामा २६ वलि गर्ने विधान रहेको कुरा धेरैजसोले व्याख्या गरेका छन्। पछि विश्वामित्रका अनुग्रहले वलि हुनवाट वचेका शुनसेपको सम्झनामा मानिसको सट्टा पशुवलि गर्ने चलन चलेको र वलिदान गर्दा 'शुनसेपसूक्त' पाठ गर्ने विधान छ भनिन्छ। यसरी समयक्रममा परिवर्तन, रूपान्तरण र परिमार्जन हुँदै आएको यस्तै यज्ञको क्षीण रूप नै वलिप्रदान गोरखादरवारको दुर्गोत्सवको पूजासँग तुलनायोग्य हुन आएको छ। माथि वताइएको 'पुरुषमेध यज्ञ' मा पनि यज्ञशाला वरपर ८४ (व्राह्मण कुमारसमेत) वलि गर्ने देखिएको र गोरखादरवारको आश्विनशुदी पक्षको दुर्गोत्सवमा अष्टमी, नवमी र चतुर्दशीमा गरी सतार १ समेत ८५ राँगाको वलि हुने चलन छ। त्यसमध्ये महाष्टमीका दिन मुख्यरूपले गरिने अघिल्लो सात वटा र पार्श्ववर्ती पीठमा गरिने ३ वलि समेत १० वलिलाई यज्ञशालाको परिधीय यूप (मौलो) मा भएको १० वलिको रूपमा मान्ने र अष्टमीका दिनको वाँकी २६, नवमीका दिनको मूल मौलोको जम्मा २० र पार्श्ववर्ती पीठको १ समेत जम्मा ४७ वलि र सतार - १ समेत गर्दा हुने ४८ वलिलाई पुरुषमेधमा वताइएको मूल यूपमा गर्ने ४८ (ब्राह्मण - १ समेत) वलिसँग सम्वन्धन गरेर हेर्न नमिल्ने होइन। यसप्रकार मूल यूपमा गरिने ब्राह्मणकुमार - १ समेतको ४८ वलिसंख्या मिलेको सन्दर्भमा गोरखादरवारमा महिषासुरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीक मानी काटिने विशेष अजङ्गको सतारको वलिलाई व्राह्मण कुमारको विशेष वलिको सट्टाको रूपमा हेर्न मिल्दछ। पछि कर्ताको आसननेरबाट गरिने २६ वलिको ठाउँमा एक वलि थपी चतुर्दशीका दिन गरिने २७ राँगाको अखिलवलि पूर्तिको कार्यलाई हेर्न सकिन्छ। यसप्रकार पुरुषमेध यज्ञका वलिसंख्यासँग समीपमा राखी गोरखादरवारको आश्विनशुदी दुर्गोत्सवको महिषवलिको कार्यलाई हेरे पनि उक्त यागविधिसँग प्रस्तुत पर्वको अन्य पक्षले कुनै संगति राख्दैन।

उक्त पर्वमा गरिने ८४ राँगाको वलिलाई फेरि अर्को वेग्लै अवधारणाका साथ प्रतीकात्मक रूपमा हेर्ने हो भने ८४ लाख योनिवाट मुक्ति पाउने अभिप्रायले यति संख्यामा वलि दिएको भन्न सकिन्छ। हिन्दू दर्शनअनुसार विषय वासना रहुन्जेल जीवले विभिन्न जन्म लिइरहने र जीवको जन्मलाई दुःखको रूपमा हेरिन्छ। त्यसैले जन्ममरणवाट मुक्त हुन विभिन्न ८४ लाख योनिका विषयसुखवाट अनाशक्त हुन आवश्यक मानिन्छ। त्यसो हुँदा ८४ लाख योनिलाई ८४ संख्यामा प्रतिनिधित्व गराई ती प्रत्येक एउटा महिषवलि (राँगा) गरेर एक लाख योनिका विषयसुखलाई वलि (Sacrific) गर्ने अभिप्राय अभिव्यञ्जित हुन्छ। यसरी मानवशास्त्रको प्रतिकात्मकताको सिद्धान्त (Symbolic Theory) का मतानुसार गोरखादरवारको सांस्कृतिक परम्पराको प्रस्तुत पक्षलाई प्रत्यक्षरूपमा शक्ति, उपाशना र सामरिक विजयकामनाको काम्य उपाशनाको रूपमा आन्तरिक रूपमा मोक्षको कामनाका साथ परिपालित हुने गरेको मान्न सकिन्छ। यता गोरखामा ८४ राँगा वलि दिएजस्तै भक्तपुर तलेजुको कुमारी चोकमा दशैंको कालरात्रिका दिन ८४ रोटी बाँध्ने नाममा रोटीको मन्दिर चढाउने प्रचलन (मुनकर्मी) प्रतिकात्मक रूपमा गोरखाको परम्परासँग मिल्दो देखिन्छ। त्यसैगरी यहाँ चैतेदशैं र वडादशैंमा गरी गरिने १११ राँगाको वलिले १०८ जस्तो अनन्त र सहस्र संख्याभन्दा वढी वलि दिने अभिप्राय अभिव्यञ्जित गरेको देखिन्छ। अर्कोतिर वर्षदिनभरि गोरखादरवार र सम्वद्ध पीठहरूमा गरी सरकारी दरवन्दीको सवै पर्व र सबै पशुहरूको गरिने वलिसंख्या ३७२ पुग्ने व्यवस्था मिलाइएकोवाट प्रतिदिन एउटा पशुवलि दिएको वरावर हुने गरी वर्षदिनकै पुण्य प्राप्त गर्ने अभिलाषा राखेको देखिन्छ।

४.२.३.२ बलिविधानको सैद्धान्तिक आधार :

माथि विभिन्न प्रसङ्गमा गोरखादरवारको विभिन्न पूजा र पर्वका अवसरमा कुनकुन पशुवलिहरू के कति संख्यामा दिइन्छ र तिनीहरू त्यति संख्यामा त्यसरी वलि दिइने प्रथाका के कारण हुन सक्छन् भन्नेवारे पनि माथि केही विचार गरियो। यसरी वलिप्रदान गोरखादरवारको दुर्गोत्सव र अन्य पूजाआजाको प्रथावारे विश्लेषण गर्न वस्दा प्रस्तुत सन्दर्भमा स्वयं वलिको विधान सन्दर्भमा पनि विचार गर्नुपरेको छ।

मानवसभ्यताको विकास क्रममा शिकारी युग (Hunting Age) सानो तथा ठूलो शिकारको युग (Big-game Age) हुदै अघि वढेकोवाट मानवको आदिम-जैविक मनस्तलको निर्माणमा नै 'वध चाहना' (Killing Instinct) टाँसिएर रहेको मान्न सकिन्छ। र त्यसैलाई सभ्य र नियन्त्रित रूपमा पेश गर्न यसलाई सांस्कृतिक स्वरूपमा आवद्ध गरी पशुबलिदानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था गरेको देखिन्छ। यस्तो प्रथा संसारका धेरै समाजमा विद्यमान रहेको पाइन्छ। 'जीवो जीवस्य जीवनम्'- यस वाक्यले पनि जीवनका लागि जीवको उपभोग नै अपरिहार्य देखिएकाले शक्ति सञ्चरण (Energy flow) को लागि मानव जातिले सांस्कृतिक रूपमा नै उपभोग्य जनावरको बलि गर्ने प्रथा बसाएको देखिन्छ।

यता प्राच्य जगतमा बलि गरिने पशुको पशुत्वलाई वा अज्ञानलाई बलि दिई उसलाई अनन्त ज्ञानको अवस्थामा पुऱ्याउने लक्ष्य रहेको दार्शनिक व्याख्या गर्ने गरिन्छ। यसअनुसार जसले कर्ता बनेर त्यो पशुको बलि गर्छ सोही व्यक्तिले उक्त बलि गरिने पशुको समेत दुःख भोग्नुपर्दछ। यसको अर्थ बाँच्न वा जीवनको लागि बलि गरिएको मासु खाने व्यक्ति नै जीवन बाँच्न सक्छ र जुन पशु बलि भएर मर्छ उसको दुःख सकिने नै भो अर्थात् ऊ मुक्त हुने नै भो र जो बाँच्छ उसले संसारको दुःख त भोग्छ। त्यसैले यो तर्क युक्तिसंगत नै देखिन्छ।

शास्त्रअनुसार बलि गरिने जीवका प्रति बलिकर्ताको कुनै नराम्रो आग्रह रहेको हुँदैन। हुन पनि बलिका लागि प्रोक्षण गरेपछि 'ह्रिं बलिरूपाय विद्महे देवी प्रियाय धिमही तन्नो पशु प्रचोदयात्' भनेर मन्त्रणा गरिन्छ। यसको अर्थ 'तँ बलिरूपमा छस् त्यो कुरा म जान्दछु। तँ देवीको प्रीय होस् र तँ अब देवीरूप हुन्छस् तैंले मलाई आधिभौतिक, आधिदैविक शक्ति दे' भन्ने रहेको बुभिन्छ। यस्तो मान्यता संसारका अरू संस्कृतिमा पनि भएको बुझिन्छ। क्याम्बोडियाका जनजातिहरू पशुलाई सुमर्दा (geld) पशुसँग 'मैले तँलाई दुःख दिन लागेको भए पनि त्यो मेरो खुसीले होइन बरू यो मेरो पुर्खाको चलन हो त्यसैले तैंले जन्मान्तरसम्म पनि म माथि कुनै रिस नगर' भनेर प्रार्थना गर्दछन् (Untrodden field of Anthropology : 1898)। त्यसैगरी उपर्युक्त पुस्तकमा West marks को हवाला दिंदै अगाडि भनिएको छ- शिकारी, काफिरहरू आफूले मार्न लागेको हात्तीलाई 'तँ बलवान होस्, महान् होस्, तैंले हामीलाई नमार भनेर त्यसलाई हत्या गर्छन् र पछि उसको मृत्यु नियोजित नभई दुर्घटना हुन गएको हो भनेर बहाना गर्दछन्' भन्दै लेखिएको छ- When Kafir hunters are in the act of showering spears on an Elephent they call out "Dont kill us great captain, dont stride or tread upon us, mighty chief when he is dead they make their excuses to him pretending that his death was a pure accident" यसरी हेर्दा पूर्वाग्रहहीन भएर पशुलाई हत्या गर्ने र ऊ सँग क्षमा माग्ने चलन संसारभर समानरूपमा भेटिन्छ।

महाकाल संहितामा विष्णुलाई गैंडा, ब्रह्मालाई हात्ती भैरवलाई सुँगुर, कामदेवलाई फ्याउरो, गणेशलाई भालु, यक्षलाई रातो मृग, स्कन्दकुमारलाई छेपारो, बेताललाई राँगो आदिको बलि दिनुपर्ने बताइएको छ। यी विभिन्न स्वभावका प्रतीकस्वरूप रहेका देवतालाई सोही साम्य स्वभावका पशु बलिदिने विधान गरिएको हुनसक्छ। बोका, राँगा, भेंडा, हाँस आदि जनावर काम, मोह, अज्ञान, राग, द्वेषका प्रतीक हुन् र तिनको बलिले बलिकर्ताले आफ्ना तिनै खराब भाव (Bad Instinct) को बलि हुने वा तिरोहित गराउन चाहने धारणा बलि सिद्धान्तको आधारस्थल हो। हुन पनि बलि गरिएको पशुको मूढ शरीरको केही भाग लंकारस्वरूप ब्रह्मामा (पृथ्वी) केही भाग रंकारस्वरूप विष्णुमा (जल) केही भाग वंकार स्वरूप रुद्रमा (तेज)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यंकार स्वरूप ईश्वरमा (वायु) र हंकारस्वरूप सदाशिवमा (आकाश) मिसिन जाने ध्रुवसत्य भाषण गरेको पाइन्छ। यसरी बलि गरेको विभिन्न अंग विभिन्न देवतालाई चढाउने चलन रहेको कुरा युक्तियुक्त देखिन आउँछ। सेर्ने, तल वा माथिबाट छिनाल्ने आदि बलि घातनको विधि पनि लक्षित देवताको स्वभाव र पशुको वायु प्रवाहंको विचार गरेर गर्ने गरिन्छ।

शाक्तहरूले बलि घातन गरेर आफूले शक्ति प्राप्त गर्ने अभिमत रहेको देखिन्छ भने संसारका विभिन्न कुनामा विभिन्न मानव समुदायमा आफ्नो कुल प्रतीक (Totem) को रक्षा र अन्यको विनाश गर्ने चाहना र चलन रहेको पाइन्छ। अभिचार कर्म गरेर शत्रुपक्षको खति गराउने चलन Australian aborigin मा रहने Polynesian मा पनि पाइएको छ। हाम्रोमा पनि बाज बलि दिएर अभिचार गर्‍यो भने शत्रु साधना भई उसलाई खति पुर्‍याउन सकिन्छ भन्ने मान्यता भएकाले यो नराम्रो उद्देश्यको अभिचारलाई पछि 'श्येनेन अभिचरेण त्यज्येते' भनेर निरुत्साहित पार्न खोजिएको हो भनिन्छ। गोरखाको पुरानो अभिलेखमा बाजको व्यापारमा 'कर' लगाएको देखिँदा अरूको खति गराएर आफ्नो शक्ति संग्रह गर्ने दाउपेच चलेको त्यतिबेला कतै त्यस्तै नराम्रो अभिचारजन्य कर्मको महत्त्वका कारण बढेको बाजको निर्यात आदिमा रोक लगाइने गरेको त होइन भनेर सोच्नुपर्ने देखिन्छ। महाभारतमा पनि थुप्रै अभिचारकर्मको उदाहरण देखिन्छ भने आज पनि टुनामुना प्रयोग गर्ने झाँक्रीवादका अनुयायी (Shamn) हरूले अभिचारको लागि यसको प्रयोग गरिरहेको देखिन्छ।

यता Dictionary of Anthropology मा Sacrifice को निम्नानुसार अर्थ गरिएको छ।

Sacrifice - The giving, sometimes including the destruction, of a symbolic offering for religious or sacred purposes. It may consist of food or drink tendered to the object of the sacrifice. Among the explanatory theories is that the sacrifice is a gift of the god for present or future favous. The substitutionary theory has if that sacrifice is a means of atoning for sin, with the sacrificed animal's death symbolizing the death of the sacrificer. The sacramental theory sees sacrifice as a means of the sacrificer's attaining a kind of sanctity through the device of the sacrifice. The communion theory suggests that sacrifice is a kind of symbolic eating of the god.

Sacrifice is a major part of early religion and is also found in advanced religion like Shintoism, Brahmanism, Taoism, Buddhism and others. Food and drink, flower incense and whole burnt animals are widely found offerings and such times as the solstices, the fall and the new mood are commonly celebrated by sacrifice. Sacrifice is present in almost all ritual observances. The death of the victim may be accomplished in

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

many ways, and the body is usually disposed of in a manner similar to the dispositions of the dead in the culture.

माथिको अर्थमा बलि विधानको 'व्याख्यात्मक सिद्धान्तमा बलि गरिएको वस्तु वर्तमान वा भविष्यका लागि उपहारको रूपमा अर्थिन्छ। पापबाट मुक्ति पाउन आफ्नो ठाउँमा पशुबलिकर्ताले पशुलाई बलि दिन्छ भन्ने मान्यता बलिको 'प्रतिस्थापना सिद्धान्त' को रहेको छ। पवित्रताको सिद्धान्तले बलिकर्ताले आफ्नो महत्तम स्थान प्राप्तिको लागि बलिलाई साधनको रूपमा लिएको मान्दछ। 'सन्चरण सिद्धान्त' ले बलिलाई ईश्वरको खानाको रूपमा लिन्छ।

यसप्रकारबाट संसारका प्राय: सबै संस्कृतिमा बलिप्रथाको कुनै न कुनै चिन्ह देखिन्छ। त्यसमा पनि मानवकै बलि गर्ने प्रथा पनि संसारमा सार्वजनिक रूपमा प्रचलनमा रहेको कुरा देखिन आउँछ। नेपालका विभिन्न शक्तिपीठ र खास गरी महालक्ष्मीका मन्दिरमा नरबलिको विधान उपासना प्रथामा रहेको कुरा गोरखाको मनकामना तथा काठमाडौंको ङतमरु अजिमा (श्वेतकाली) को सांस्कृतिक प्रथाको अवलोकनमा पाउन सकिन्छ। त्यस्ता पूजाप्रथामा आजकल पिठो वा भातको मानवाकृति बनाई बलि गरिएको देखिँदा यसलाई प्रतीकात्मकताको अर्थमा लिनुपर्ने देखिन्छ।

मानवसंस्कृतिको सुदूर अतीतमा कैयौं ठाउँमा महामारी शान्त पार्न, राम्रो फसल प्राप्त गर्न वा युद्धमा विजय प्राप्त गर्न उद्देश्य पूरा हुने मान्यता राखेर नरबलि गर्ने विधान रहेको बुझिन्छ भने ठूला निर्माण कार्यमा अर्थात् दरबार, किल्ला, पुल आदिको जगमा वा भित्तामा नरहत्या गरी चिहान राखेमा सो संरचना मजबूत हुने विश्वास गरेर आदिम समयमा नरबलि गर्ने गरेको अनुभव हुन्छ। कैयौं समाजमा आमाको उत्पादकत्व वृद्धिको लागि प्रथम शिशुहत्या गर्ने (infenticide) तथा जनसमारोहहरूमा 'बालहत्या' समेत हुने र त्यस्तो हत्या गर्न बालकहरू लुटेर वा किनेर ल्याउने गरिन्थ्यो कि भने भैं अनुमान हुन्छ, उक्त अनुमानलाई विभिन्न अध्ययनले पुष्टि गर्दछ।[३] अष्ट्रेलियन आदिबासी (Australian aborogine) (आदिवासी) हरूमा आइमाईहरूलाई बूढी हुन थालेपछि मारेर खाने र विरामी बच्चाको टाउको फोरेर खाने गरेको कुरा धेरै पहिला गरिएका अध्ययनमा अनुसन्धानका लागि भ्रमण गर्ने (Research expeditioner) हरूले लेखेका छन्। Untrodden field of Anthropology 1898 को volume II को पृष्ठ २३८ मा Polenesian Archipilago को Viti Island मा युद्ध विजयको कामना गरेर मान्छे मार्ने र त्यो रगतमा होली गर्ने गरेको चलन पाइने कुरा बताइएका छ। त्यहाँ Cannibalism अर्थात् मान्छेले मान्छेको मासु खाने प्रथाको वारेमा लेख्दै अनिकालमा आमाकै सामु बच्चा मारेर उनलाई समेत खान् दिने गरिएको वारे अगाडि लेखिएको छ- To eat children in times of famine, it is common practice in Australia said oldfield. The mother mustn't lament too loudly under penalty of being beaten. She is only permitted to utter some smothered

---

३ विस्तृत जानकारीको लागि हेर्नुहोस् - भट्टराई, लोकप्रसाद, 'मनकामना मन्दिर र त्यस क्षेत्रको जनजीवको सांस्कृतिक अध्ययन।' त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र कीर्तिपुर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

moans. But, however, great may be the grief of the mother it is appeated when she is offered her legal share the childs head, which she begins to eat, although she continues her sobbings. यस प्रकारबाट असभ्य र आदिम अवस्थामा रहेका मानिसहरूमा नरबलि (Human Sacrifice) र मान्छेको मासुखाने प्रथा (Cannibalism) रहेको पाइएको कारणवाट आज विकसित मानिएका जातिले पनि अतीतको कालखण्डमा त्यस्तै प्रथाबाट आफूलाई विकास गर्दै ल्याएका रहेछन् भनेर अड्कल गर्न सकिन्छ । हाल पनि सांकेतिक रूपमा मठमन्दिरका पूजाउपाशनाको क्रममा रहेको नरबलिको विधानलाई यसैसन्दर्भमा हेर्नुपर्ने देखिन्छ ।

४.२.४गोरखावरबारको सांस्कृतिक पर्व, प्रथाहरूको पद्धति र शास्त्रीय विश्लेषण :

शक्ति उपासनाको परम्परामा प्रचलित विभिन्न शास्त्रको मन्थन गर्दै व्यावहारिक र सरलरूपमा तयार पारिएको ग्रन्थ 'पुरश्चर्याणव' श्री ५ प्रतापसिंह शाहको कृति हो । थसमा अन्य कुराको अतिरिक्त दुर्गोत्सव पद्धतिको विस्तृत रूपमा व्याख्या गरिएको छ । गोरखादरबारको परम्पराको व्याख्या गर्ने क्रममा सोसँग अत्यन्त निकट सम्बन्ध रहेका श्री ५ प्रतापसिंह शाहको वस्तुगत ज्ञानको प्रस्तुत कृतिलाई आधार मान्नु उपयुक्त जँच्दछ ।

पूर्व अध्यायमा बताएझैं गोरखादरबारको दशैंघर पूजाको पूर्वाभास भाद्रशुक्लअष्टमीका दिन आयोजना हुने बाजाको भाका फिराउने कार्यक्रमले दिन्छ । यस दिनबाट दशैंको आगमन स्वरूप साबिकका पर्वहरूमा बजाइने बेलारागको सट्टा मालसिरी रागमा बाजा बजाउन थालिन्छ । यस कार्यलाई निम्न पंक्तिहरूमा गन्धर्वतन्त्रले समर्थन गरेको छ ।

'मासि भाद्रपदेऽष्टम्यां शुक्लपक्षे नराधिप ।

दुर्गानिमन्त्रणदिने मालश्रीरागगायनम् ॥

येन कुर्वन्ति मजुजा शारदी सुफलं भवेत् ॥'

यहाँ यस्तो कार्यबाट दुर्गोत्सव फलदायी र सफल हुने कुरा पनि बताइएको छ ।

'कुलागम रहस्य' ले श्रीका शक्तिहरू नवरात्रको नौ दिनमा विभिन्न ९ खालका हुने र यस्तो शक्तिको अनुष्ठान गर्न चार प्रकारको दुर्गोत्सव गर्नुपर्ने कुराको वर्णन गरेको छ। त्यसमध्ये आश्विन महिनामा 'बोधन', माघमा 'भोजन', चैत्रमा 'शयन' र आषाढमा 'परिवर्तन' दुर्गोत्सव पर्दछन् ।[४] यी चार नवरात्रमध्ये आश्विनको चाहिँ वैष्णवादिहरूसमेत सब आर्यमात्रले मान्नुपर्छ, शाक्तहरूले आश्विन र चैत्रको अनि वीर र कौलहरूले भने चारवटै मान्नु अत्यावश्यक हुन्छ ।[५] यसप्रकारबाट दुर्गोत्सवको अनुशरण गर्ने ३ समूहका मानिसमध्ये नेपालमा

---

[४] नवशक्तिसमायुक्तं नवरात्रं तदुच्यते । एकैव देवदेवेशि नवधा परिनिष्ठिता ॥ बोधनं भोजनं चैव शयनं परिवर्तनम् । चतुर्धा नवरात्रं तु भोगमोक्षप्रदं भवेत् ॥ हषे प्रवोधनं चैव माघमासेऽथ भोजनम् । चैत्रे तु शयनं प्रौक्तमाषाढे परिवर्तनम् ॥

[५] राणा, धनशमसेर, प्रबुद्ध सनातनरहस्यम् (सं. २०२०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खास गरी आश्विनशुदी पक्षको दुर्गोत्सव र केही मात्रामा चैत्रको दुर्गोत्सव हुने गरेको उदाहरण देखिँदा यहाँ पहिलो र दोस्रो प्रकारको परम्पराका अनुयायीहरू (discipled) धेरै रहेका पाइन्छन् । गोरखादरवार स्वयंमा आश्विनशुदी पक्षभर र चैत्रमा चैत्रशुदी अष्टमीका दिन मात्र पूजा हुने देखिँदा यहाँ 'बोधन दुर्गोत्सव' लाई मुख्य रूपमा र 'शयन दुर्गोत्सव' लाई सूक्ष्मरूपमा अनुष्ठान गर्ने गरेको पाइन्छ । उता परवर्ती हनुमानढोका दशैंघर र पूर्ववर्ती लमजुङ्दरबार दशैंघरमा चैत्र र आश्विन दुवै समयको दुर्गोत्सव पूरा एक पक्ष लगाएर गरेको देखिँदा ती ठाउँहरूमा 'बोधन' र 'शयन' दुर्गोत्सव हुने हो कि भन्ने अनुमान लगाउन सकिए पनि पूजाविधिको सम्पूर्ण अध्ययन बिना यसबारे किटेर भन्न सकिन्न ।

यसप्रकार सारा नेपालराज्यमा र खास गरी गोरखादरबार दशैंघरमा समेत मुख्य रूपमा अनुष्ठान गर्ने गरिएको आश्विनको दुर्गोत्सव परम्परालाई शास्त्रका सामीप्यमा हेर्नु उपयुक्त हुन्छ । शास्त्रहरूमा आर्द्रा नक्षत्रयुक्त आश्विनवदी नवमीमा सुरु गरी आश्विनशुदी नवमीसम्म दुर्गोत्सव गर्ने एकथरि मत भेटिन्छ [६] भने अर्कोथरि पौराणिक मतमा आश्विनशुदी चतुर्दशीमा दुर्गापूजाको आरम्भ गर्नुपर्छ भनिएको छ । त्यसैगरी 'महाथर्वणसंहिता र महाकालसंहितामा' भने आश्विनशुदी पक्षको शुक्ल प्रतिपदामा बोधन दुर्गोत्सवको आरम्भ गर्नुपर्ने मत अघि सारिएको छ ।[७] यसअनुसार षोडशभुजामा विश्वास गर्ने र भद्रकाली, कात्यायनी र उग्रचण्डीमध्ये भद्रकाली कल्पको विधिअनुसार गोरखादरबारमा आश्विनशुदी पक्षको दुर्गोत्सव हुने गर्दोरहेछ भनेर हामी निर्क्योल निकाल्न सक्छौं । भद्रकाली कल्पमा आश्विनशुक्ल प्रतिपदामा बोधन आरम्भ गर्ने र सो दिन कलशस्थापना गर्ने, जौको जमरा रोप्ने आदि कर्तव्यहरूको उल्लेख गरिएको छ । कात्यायनी कल्पमा भने सप्तमीमा मात्र कलशस्थापन गर्नुपर्ने बताइएको छ ।

शास्त्रहरूमा औंसी मिसिएको प्रतिपदामा कलशस्थापना गर्नु अत्यन्त अनिष्टकारी हुने र सोको सट्टा बरु प्रतिपदासहितको द्वितीयामा घटस्थापना गर्नुपर्ने र रातको समयमा कलशस्थापना गर्न नहुने[८] बताइएको छ । आज गोरखादरबारमा दुर्गोत्सवको प्रारम्भमा कलशस्थापना गर्दा औंसीयुक्त प्रतिपदामा नगर्ने गरिन्न । उपर्युक्त विधानलाई पुरश्चर्याणवका लेखक श्री ५ प्रतापसिंह शाहले 'अयं च नेपालदेशसम्प्रदाय:' भनेर यसबाट काठमाडौं उपत्यकाको प्रचलनलाई संकेत गरेको र उनको पुर्ख्यौली गोरखा प्रदेश र गोरखादरबारमा यो परम्परा प्रचलित नभएको कुरासँग यसैले संगति प्राप्त गरेको देखिन्छ । गोरखामा कलशस्थापना भने साइतअनुसार प्रात:कालमा गरिन्छ र चित्रा परेका बखत चित्रावैधृति शान्ति गरेर मात्र कलश स्थापनाको काम गरिन्छ । विभिन्न शास्त्रले चित्रावैधृति शान्ति गर्नुपर्नेबारे बताएका छन् ।[९] कलशस्थापना र जौको जमरा रोप्नेबारे शास्त्रमा शुभ ठाउँको माटो वा बालुवाको दुई हात लामो वेदी बनाएर 'भूरसीति' मन्त्रले पवित्र पार्ने र देवीको आवाहन गरी

---

६ आश्विनसितपक्षस्य नवमी या शिवर्क्षयुक् । बोधयित्वेश्वरी तस्या: शरदर्चनमारभेत् ।

७ इषे शुक्लप्रतिपदि भुजै: षोडशभिर्युताम् । बोधयित्वा भद्रकाली नवम्यन्तं प्रपूजयेत् ॥ (महाथर्वण)
प्रतिपद्येव शुक्लायां बोधयित्वा सुरेश्वरीम् । अभ्यर्चयेन्नवाहानि तन्त्रपौराणिकक्रमै: ॥ (महाकालसंहिता)

८ न रात्रौ स्थापयेत् कुम्भं विधिना मन्त्रपूर्वकम् ।

९ वैघृतौ पुत्रनाश: स्याच्चित्रायां धननाशनम् ।
तस्मान्न स्थापयेत् कुम्भं चित्रायां वैधृतौ तथा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिक्पालहरूको पूजा गर्नुपर्ने अनि गाना बजाना गर्दै जौ रोपण गर्नुपर्ने कुरा उल्लेख गरेका छन्।[१०] यस दृष्टिकोणबाट गोरखादरबारमा घटस्थापना र जमरा राख्ने काम उपर्युक्त विधानबमोजिम नै हुने गरेको स्पष्ट हुन आउँछ।

शास्त्रमा देवीको स्वरूप पूजा, ध्यानसमेत कल्पका भेदले फरक हुने बताइएको छ। अठार हात भएकी दुर्गा उग्रचण्डीका रूपमा, सोह्र हात भएकी भद्रकालीका रूपमा र दश हात भएकी कात्यायनीका रूपमा चिन्नुपर्छ भनिएको छ।[११]

पूर्वोक्त विधिअनुसार कलशस्थापना गरी आश्विनशुदी पक्षको दुर्गोत्सवको विधिवत् आरम्भ भएपछि प्रत्येक रोजमा श्रीको पूजाका क्रममा देवीलाई अलङ्कार तथा आभूषणद्वारा परिसज्जा गर्ने विधान छ। प्रतिपदाको (प्रथम) दिन कपालहरू काट्ने, र मिलाउने काम, दोस्रो द्वितीयाको दिन कपाल बाँध्ने डोरी वा धागो चढाउने, तृतीयाका दिन ऐना, सिन्दूर चढाउने, चतुर्थीको दिन मधुपर्क, गाजल चढाउने आदि विधान गरिएको छ। त्यसैगरी पञ्चमीका दिन अङ्गराग, षष्ठीका दिन बिल्वनिमन्त्रण गर्ने विधान छ।[१२] यही शास्त्रीय विधिलाई उद्बुद्ध गर्ने तर हुबहु यस्तै पद्धतिअनुसरण नगरिएको परम्परा हाल गोरखादरबारमा देखिन्छ। गोरखादरबारको दुर्गोत्सवमा प्रतिपदाको दिन स्वर्णप्रतिमा, द्वितीयाको दिन काँस्यपात्र, तृतीयाको दिन पिर्का (आसन), चतुर्थीका दिन कुमकुम र सुगन्धित कस्तूरा, पञ्चमीका दिन श्रीखण्ड, रक्तचन्दन र मधुपर्क, षष्ठीका दिन सफेद साडी र सप्तमीका दिन लालसाडी (चित्र नं. ४९) अर्पण गर्ने चलन छ। बिल्वनिमन्त्रणका लागि षष्ठीका दिन साँझमा भेंडा र बोकाको बलिका साथ पूजा गरिन्छ। गोरखादरबारको बिल्वनिमन्त्रणको पूजा सामान्य फूल अक्षता छरेर गर्ने र त्यसका लागि कुनै शास्त्रीय पद्धति अवलम्बन गरेको पाइँदैन भने कुनै पनि नक्षत्र, योग आदि विचार गरेर पूजाको चलन यहाँ नरहनुमा कार्यरत मानिसहरूमा शास्त्रीय ज्ञानको कमी नै मुख्य रूपपा जिम्मेबार रहेको देखिन्छ। शास्त्रमा भने **'उपचारैः षोडशीर्भिर्मूलमन्त्रेण देशिकः। पूजयित्वा जगद्धात्रीमर्धमस्तमिते रवौ॥'** भनेर जेष्ठा नक्षत्रयुक्त षष्ठीका दिन सूर्यास्तको बेलामा दुर्गाको बोधन गर्नुपर्ने बताउँदै विधिको पनि उल्लेख गरिएको छ।

गोरखादरबारको दुर्गोत्सवको क्रममा षष्ठीको बिल्वनिमन्त्रणको काम सकिएपछिका अघिल्ला चार दिन विशेष महत्त्वपूर्ण छन्। ती दिनहरूमा सम्पन्न हुने पूजाबलिको विस्तारित कामले यसलाई विशेषपर्वका रूपमा उभ्याएको छ। सप्तमीका दिन प्रतिरोजमा हुने सम्पूर्ण काम सकेपछि फूलपातीको तयारी सुरु हुन्छ। सूर्यास्तको समय पारेर नवपत्रिकाको डोलीलाई सगुन, भार, मंगलगायन, वैदिक मन्त्रोचारण र बाजागाजाका साथ पूजाकोठामा भित्र्याइन्छ।

---

१० पुरश्चर्यार्णव (पृष्ठ ३५-३६)

११ अष्टादशपूजा दुर्गा उग्रचण्डेति या स्मृता।
सैवैदं षोडशभुजा भद्रकालीति गीयते॥
दशभिर्बाहुभिर्युक्ता स वै कात्यायनी स्मृता॥
भिन्नध्याना कल्पभेदान्महिषासुरमर्दिनी॥

१२ केशसंस्कारद्रव्याणि प्रदद्यात् प्रतिपत्तिथौ। पट्टडोरं द्वितीयायां केशसंयमहेतवे॥ दपर्णं च तृतीयायां सिन्दूरालक्तकं तथा। मधुपर्कं चतुर्थ्यां तु तिलकं नेत्रमण्डनम्॥ पञ्चम्यामङ्रागं च शक्तचालंकरणानि च। षष्ठ्या बिल्वतरौ बोधं सायं सन्ध्यांसु कारयेत्॥ (भविष्य)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रमा पनि षष्ठीका दिन साँझमा वेलको रुखमा श्रीभवानीको वोधन गरी सप्तमीका दिन नवपत्रिकाको साथमा पूजाकोठामा भित्र्याउनु र सर्वतोभद्र मण्डलमा पूजा गर्नु भनिएको छ। प्रवेश गराउने नवपत्रिकामा कतै केरा, वेल, दाडिम, हरिद्रा, अशोक, कच्चु, धान र जयन्तीको नाम उल्लेख भएको पाइन्छ भने कतै **"रम्भा कच्ची हरिद्रा च जयन्ति बिल्वदाडिमौ। अशोको मानकश्चैव धान्यानि नवपत्रिका :॥"**[१३] भनेर भनिएको छ। यस अवसरमा डोलीको मुखमा वलि गर्ने भनेर एक वोकावलि गर्ने चलन गोरखादरवार, लमजुङकालिका र हनुमानढोकामा समानरूपले रहेको पाइन्छ। हनुमानढोकामा भने गोरखाको फूलपातीको नाममा धादिङ्ग जीवनपुरमा संग्रह गरी ल्याइएका द्रोणपुष्प, जयन्ती, असौपात, दाडिमको पात, सामा, नावोधान, वेलपत्र, जोरवेल, हलेदो, अदुवा, आलु, पिंडालु (फलसमेत), उखु, केरा आदि ल्याउने चलन छ। गोरखामा पनि यसमा १, २ सामान थपघट हुनेवाहेक अन्य सामान सामान्यत: उस्तै रहने चलन छ।

चित्र नं. ४९

गोरखादरबारकी श्रीभवानीलाई चैत्राष्टमीमा पहिऱ्याइने पवित्र पोशाकहरू। यसमा सफेद र लालसाडी, दोपट्टा, चोला, पछ्यौरा आदि रहेका छन्।

---

१३ दुर्गोत्सवमा नवपत्रिका प्रवेश गराउँदा ब्राह्मीका लागि कदली, कालिकाका लागि कच्चु, दुर्गाका लागि हारिद्रा, कार्त्तिकीका लागि जयन्ती, चामुण्डा अर्थात् रक्तदन्ताका लागि दाडिम, शिखाका लागि वेलपत्र, शचिप्रियाका लागि वेलपत्र र उमाका लागि (लक्ष्मी) धान आदि चढाउने विधान गरिएको हो भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमीका दिन साँझमा अघिल्लो दिन बोधन गराएर ल्याइएको बिल्वपत्रसहितको नवपत्रिका प्रवेश गराइसकेपछि दीपभगवान्‌को सवारी पूजा कोठामा गराइन्छ र २७ नगरासहितको मङ्गलगायन गराएर श्रीमहामाया भगवतीको भद्रकाली स्वरूपको पूजा आह्वान गरिन्छ र अन्तमा निखरकालो, ठूलो बोकालाई भद्रकालीको बलि नाम दिई बलि गर्ने चलन गोरखादरबारमा रहेको छ। चन्द्रहार, किर्कींपा, मुकुटमाला र अन्य आभूषण पहिर्‍याई सेतो वस्त्रले परिवेष्ठित गराइएको उक्त दीप भगवान् श्रीको संहाररूप भैरवको सवारी हो भन्ने बुझिन्छ। यसरी भद्रकाली गरेपछि सप्तमीको काम सकिन्छ तर सप्तमी र अष्टमीको काम एकै दिन गर्नपर्ने गरी तिथि घटबढ भएको अवस्थामा भने भद्रकाली सकेपछि लगातार रूपमा महाष्टमी पर्वको पूजाकाम गर्ने चलन छ। धर्मशास्त्र र ज्योतिष विज्ञानअनुसार विभिन्न शास्त्रहरूले दुर्गोत्सव गर्दा तिथि घटबढ हुने अवस्थाको बारेमा अभिमत व्यक्त गरेका छन्। **'शरन्महाष्टमी पूज्या नममीसंयुता सदा। सप्तमीसंयुता नित्यं शोकसन्तापकारिणी ॥'**[१४] जस्ता वाक्यले नवमीयुक्त महाष्टमी उत्तम हुने र सप्तमीसहितको अष्टमी अनिष्टकारी हुने बताएको छ। यस्तै आशय निर्णयामृत, स्मृतिसंग्रह, देवीपुराण आदि विभिन्न ग्रन्थले व्यक्त गरेका छन्। शास्त्रमा भद्रा परेका र मूल नक्षत्रयुक्त महाष्टमीको विशेष महिमा गाइएको छ।

यस सन्दर्भमा गोरखादरबारको परम्परामा भने दुर्गोत्सव या अन्य कुनै पनि पर्वको कार्य गर्दा शुक्लपक्षका लागि सूर्योदय हुँदा १ पला मात्र भए पनि जुन तिथि भेट्दछ, त्यस दिन सोही तिथिको काम गर्ने नियम छ र तिथि टुटेका बखत टुटेका तिथिको काम सोभन्दा अघिल्लो दिनको काम सकेपछि सोही दिन गर्ने चलन छ। जस्तो कि सप्तमी र अष्टमी, अष्टमी र नवमी, नवमी र दशमी जस्ता पर्वहरू एकैदिन गर्न पर्दा पनि राम्रो नराम्रो नछुट्याई गर्ने चलन छ। त्यसैगरी **'प्रातरावाहयेद् देवी प्रातरेव प्रवेशयेत्। प्रातरेव च सम्पूज्य प्रातरेव विसर्जयेत्'** तथा **'प्रात प्रवर्तते पूजा सप्तम्यादिदिनत्रये।'** जस्ता निर्देशनात्मक शास्त्रीय कथनले महामायाको पूजा अनुष्ठानको कर्म बिहान नै गर्नुपर्ने बताए पनि गोरखादरबारमा पत्रिका प्रवेशको कार्य सन्ध्याकालमा हुने चलन रहेको कुरा विचारणीय छ।

माथि बताएझैं सप्तमीको कार्य समाप्त भएपछि अष्टमीका दिन बिहान गोरखादरबारमा भवानीको पूजाकोठा अगाडि प्राङ्गणमा उभ्याइएका अग्ला ध्वजा-पताका फेर्ने काम हुन्छ जसलाई यहाँ 'आलम' फेर्ने भनिन्छ। कर्णाली र सुदूरपश्चिम नेपालका जिल्लाहरूमा विभिन्न देवस्थलमा ध्वजा-पताका टाँगेका अग्ला 'आलान' भनिने लिङ्गाहरू ठड्याइएको हुन्छ। सम्भवत: उपर्युक्त 'आलम' र यो 'आलान' को एकै अर्थ हुन सक्छ। अमरकोशमा **'तात्रं वेणुकमालानां बन्धस्तम्भेऽथ श्रृङ्खले ॥१५४९॥'**[१५] भनेर प्रस्तुत शब्दले हात्ती बाँध्ने स्तम्भ वा मौलाको नाम बताउँछ भन्ने संकेत गर्दै **'बन्धनाधारस्तम्भे आलानम्'** भन्ने लेखिएको छ भने पृष्ठ १७९ मा आलम्भको अर्थ 'मार्नु' ॥१६९८॥ भन्ने गरिएकोबाट यसलाई कुनै खालको

---

[१४] बृहद् पुरश्चर्याणव, पृष्ठ ४२।
[१५] अमरकोश, पृष्ठ १६४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तम्भको साङ्केतिक अर्थका रूपमा वा आलम्भवाट तद्भव भै 'आलम' भएको र यसले निकटवर्ती स्थान र समयमा हुन गैरहेको वलिका नृशंस घटनाको संकेत गरेको वुभिन्छ ।

यसप्रकार अष्टमीका दिन आलम ठड्याइसकेपछि पूजाकोठामा सामान भित्र्याउने र त्यसपछि विधिपूर्वक पूजाको काम सुरु हुन्छ । श्रीभवानीको गोप्य पूजाकोठामा हुने काम सकिएपछि वाहिर होमयज्ञ र साथै राँगाको वलिदानको काम सम्पन्न हुन्छ र अन्तमा वोकाको वलिसमेत सम्पन्न भएपछि प्रतिअष्टमी सरहको भेंडोको वलि र अन्तमा आधा रातमा 'कालरात्रिको वलि' को नाममा अजङ्गको कालो वोकाको वलि दिई सो दिनको काम सकिन्छ । शास्त्रमा अष्टमी र नवमीका दोसाँधमा चण्डिकाको पूजा गर्नु भनेकोमा प्रस्तुत कालरात्रिको परम्पराले यससँग संगति राख्दछ ।

आश्विनशुदी नवमीका दिन गोरखादरवारका कामदारहरूको वाना पूजाको काम हुन्छ । कटुवालको 'छडी' नगर्चीको 'नगरा' लाई तिनैका घरमा सरकारी पूजाको सामान, वलि र बाजागाजाका साथ पूजा सम्पन्न गरिन्छ । त्यसपछि दरवारमा कामदार जम्मा भएपछि श्रीको पूजाकोठामा सामान भित्र्याउने, बाहिर जपपाठ र भित्र पूजाको काम हुन्छ । भित्रको पूजा सकिएपछि वाहिर होम यज्ञको काम र पटाङ्गिनीको मौलामा राँगाको वलिको काम हुन्छ । १५ वटा राँगा काटेपछि सतार राँगोको वलि दिने काम हुन्छ । यो सतार राँगोको आङ्गिक विशेषताको वारे अघिल्लो अध्यायमा बताइएको छ भने सतार राँगोको शाब्दिक अर्थ गर्दा संक्षिप्त नेपाली शब्दकोशले 'खुव अग्लो, खुब सप्रेको' भन्ने गरेको छ । यस रूपमा सामान्य रूपबाट हेर्दा यसको अर्थ सप्रिएको राँगो भन्ने बुझिए पनि शास्त्रको महानवमी कार्यको पद्धतिमा एकातिर नरवलिको विधान गरिएको र त्यस्तो अर्थ लाग्ने कुनै पूजाकाम यस दिन गोरखादरबारमा हुने नदेखिएको र स्वयं सतार राँगोलाई अरू राँगाको वलिभन्दा भिन्दै रूपमा लिई, भिन्दै मौलामा, विशिष्ट समय पारेर महिषासुरको प्रतीक भनेर वलि गर्ने देखिएवाट उत्तर वैद्धिक युगको नरवलि प्रथालाई यहाँ प्रतीकको रूपमा यस राँगोमा आरोपण गरिएको हो कि भनेर अडकल लाउन सकिन्छ । मनकामना, श्वेतकाली (नेतमरु अजिमा) लगायत विभिन्न शक्तिपीठमा अद्यापि कुनै न कुनै खालको नरवलिको प्रतीकात्मक प्रचलन रहेको सन्दर्भमा प्रस्तुत परिकल्पना सान्दर्भिक देखिन्छ ।

यस्री सतार राँगो वलि भएपछि कन्याकोठामा पूजा र कुमार तथा कुमारी पूजा गरिन्छ र अन्तमा वाँकी ५ राँगाको वलि, वोकावलि, निशानपूजा तथा रेवन्तेपूजा गरी प्रस्तुत दिनको पूजाकाम सकिन्छ । वलिगर्ने राँगा कस्ता हुनुपर्ने भन्ने वारे वृत्तान्त वर्णन शास्त्रमा गरिएको छ भने पूजा गरिने कुमारीको लक्षणको वारे पनि वताइएको छ । गोरखादरवारमा भने छनौटका आफ्नै विधिहरू छन् जसमा कैयौं कुरा उपर्युक्त भनाइसँग मेल खान्छन् भने कैयौं कुराले बेमेल । यसदिन यहाँ पूजा गरिने निशानहरू विजयका प्रतिकहरू हुन् । यिनलाई गणेशको प्रतीकको रूपमा सजधज गराएर राखी प्रति एक निशानलाई एक वोकाको वलिको साथ नौनिशान र जंगीनिशानसमेतको पूजा हुन्छ । निशानपूजाको काम सकिएपछि उपल्लो पटाङ्गिनीमा लोमहर्षक दृश्यका साथ रेवन्तेपूजा हुन्छ । '**नीराजनमाश्वयुजे कारयेन्नवमेऽहनि । यात्रादाववसानेवा व्याधौ वा शान्तिके रत :॥**' अर्थात् घोडाहरूको शान्तिस्वस्ति पौष्टिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होस् भन्नाखातिर आश्विन नवमीका दिन (महानवमीमा) नीराजनविधि (शान्तिको आरती) गराउनू । यात्राको आरम्भमा, समाप्तिमा तथा रोग व्याध लागेमा पनि नीराजनविधि गराउनू ।[१६] भन्ने शास्त्रोक्त विधि रहेको सन्दर्भमा प्रस्तुत रेवन्तेपूजाको अर्थ खुल्छ । 'घोडा पाल्नेहरूले प्रतिवर्ष वडादशैंको महानवमीका दिन घोडाको तवेलामा भोगवलि दिएर घोडाका अधिष्ठातृ देवताको पूजा गर्ने चलन छ'[१७] भन्ने लेखिएको सन्दर्भमा प्रस्तुत पूजा घोडाको अधिष्ठातृ देवताको पूजा रहेछ भनेर बुझिन्छ । यस दिन दुई अष्टदल कमलको रेखी हाली सो माथि 'गजपूजा' र 'अश्वपूजा' को विधिले पूजा हुन्छ र स्वयं घोडालाई नै उपस्थिति गराई रङ्ग, फूलको माला, चन्दन, अक्षता, सुगन्धित धूप र रङ्गीचङ्गी निराजनको वत्ती वालेर पूजा गरी भेंडाको वलि दिई यो काम समाप्त गरिन्छ र प्रस्तुत दिनको सम्पूर्ण काम पनि समाप्त हुन्छ ।

आश्विनशुदी दशमीका दिन तोकिएको साइतमा विसर्जन र टीकाको पूजाकाम गोप्य पूजाकोठामा सम्पन्न हुन्छ र निर्विघ्नतापूर्वक दुर्गोत्सव समाप्त भएको तात्कालिक र आसुरीशक्तिमाथि दैवीशक्तिको विजयको वास्तविक व्यञ्जना हुने गरी रङ्ग खेलेर विजयोत्सव मनाइन्छ । यस दिन बाजा वजाएर, रङ्ग पानी छ्यापाछ्याप गरेको दृश्यले साँच्ची नै शास्त्रले प्रस्तुत दिन विजय उल्लास मनाउनू भनेर भनेको कुरालाई यहाँको परम्पराले अनुसरण गरेको देखिन्छ । रङ्ग खेलिसकेपछि विसर्जनको वलि गर्ने, पातीपर्सादी गर्ने, श्रीभवानीको सवारी कन्याकोठामा गराउने काम गरिन्छ र साँझपख दरवारका कामदारहरू फूलपातीको डोली सेलाउन जान्छन् । एक बोकाको वलि गरी डोली सेलाएपछि भोज खाने र राती जाग्राम वस्नेसमेत काम शास्त्रोक्त नै देखिन्छ । त्यसपछि चतुदर्शीका दिन अर्थात् 'अखिलवलि पूर्ती' का दिन पूजा कोठामा श्रीभवानीको पूजाकाम सकेपछि वाहिर राँगा, वोका वलिसमेत गरी दुर्गोत्सवको सम्पूर्ण काम समाप्त पारिन्छ । शास्त्रमा वताइएको चार दुर्गोत्सवमध्ये नेपालको पश्चिम पहाडी भूभागमा आजभन्दा करिव ३ सय वर्ष अघिदेखिको परम्परा चालू हुँदै आएको गोरखादरबारमा आश्विनको दुर्गोत्सव कसरी सम्पन्न गरिन्छ भन्ने बारे वताइयो । यता चैत्रमा हुने दुर्गोत्सव एक दिन मात्र (चैत्रशुदी अष्टमी) गरिने पर्वपूजामा सीमित रहने र यसमा सूक्ष्म र संक्षेपीकृत रूपमा श्रीको पूजा गर्ने गरेको देखिन्छ । शास्त्रमा यस दुर्गोत्सवमा अन्य पद्धति आश्विनको जस्तै हुने तर माघको दुर्गोत्सवमा भोजन चढाउने र यस चैत्रको दुर्गोत्सवमा शयनका लागि सामग्री चढाउनुपर्ने वताइएको छ तर त्यसरी शयनका सामग्री चढाउने चलन गोरखादरवारमा रहेको पाइन्न । यता लमजुङकालिकामा भने आश्विनशुदी पक्षमाझैं चैत्रशुदी पक्षभर लगाई दुर्गोत्सव गर्ने क्रममा रोजरोजको पूजा, सप्तमी स्थापना, भद्रकालीको वलि, निशानपूजा, विसर्जन आदि सम्पूर्ण आङ्गिक विधि दृष्टिगोचर हुन्छ र हनुमानढोकामा पनि यो पक्षमा पूरै नवरात्रभर पूजा भएको देखिन्छ तर गोरखादरबारको प्रस्तुत पर्वमा यस्तो पूजाको विस्तारित परम्परा पाइन्न ।

माथि बताएझैं गोरखादरवारको परम्परा पूर्ववर्ती लमजुङदरवारकी कालिका, स्याङ्जा भीरकोटको वडामौलाका श्रीकालिकाको परम्परावाट प्रभावित भएको वताइयो । त्यस क्रममा

---

[१६] नेपाल निरुक्त, पृष्ठ ६९।
[१७] नेपाल निरुक्त, पृष्ठ ७०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखादरवारमा हुने आश्विन र चैत्रको दुर्गोत्सवका प्रचलनवारे केही वताइयो जहाँ माघ र आषाढको दुर्गोत्सवको कुनै संकेत पाइन्न । परन्तु पूर्ववर्ती लमजुङ कालिकामा र भीरकोट बडामौलाका श्रीकालिकामा माघ महिनाको श्रीपञ्चमीमा श्रीभवानीको पूजाकाम हुने देखिएवाट प्रारम्भमा ती स्थानमा कुनै न कुनै रूपमा ३ वटा वा ४ वटै दुर्गोत्सव हुने गरेको र सो परम्परा गोरखासम्म हुवहु प्रसारित नभएको अनुभव गर्न सकिन्छ ।

गोरखादरवारमा हुने प्रतिअष्टमी पूजा दशैंघरका श्रीमहामायाको सम्झनामा सामान्य उपचारवाट भेंडाको सरकारीवलि र कुमारीपूजासमेत गरी गर्ने चलन छ भने नुहागी, जलधारा, लाखपाती आदि विभिन्न पर्वहरू सामान्यतः वार्षिक रत्नावलीले वताए जस्तै सर्वसामान्य गृहस्थीले समेत गर्ने पर्वका रूपमा लाखपातीवाहेक पूरा गरिन्छ । उता श्रीगोरखनाथजीको पूजा नित्यनैमित्तिक रूपमा गोरखनाथी सम्प्रदायको विधिअनुसार हुने भए पनि श्रीभवानीको दशैंघर पूजा भइरहेका दिनहरूमा अर्थात् आश्विनशुदी पक्षभर (चतुर्दशीसम्म) र चैत्राष्टमीका दिन विशेष सामानका साथ महाभोग (रोट) विना कोरापूजा गर्ने चलन भएवाट दुईका वीच घनिष्ठ अन्तरसम्वन्ध दृष्टिगोचर हुन्छ । निकटवर्ती ठिंगाभैरवको भने चैत्रशुदी अष्टमी र आश्विनशुदी नवमीका दिन सुँगुरको वलि दिएर पूजाकाम सम्पन्न गरिन्छ । यस्तो भैरवपूजाको परम्परा यहाँ र लमजुङकालिकामा समान प्रकारको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग ५

सिफारिस, निष्कर्ष र उपसंहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - ५
सिफारिस, निष्कर्ष र उपसंहार

५.१ गोरखादरबारक्षेत्र र स्थानीयक्षेत्रको विकाससँग यसको सह-सम्बन्ध

प्रस्तुत अनुसन्धानको विभिन्न अध्यायहरूमा गोरखादरबारक्षेत्रको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षको वारेमा उल्लेख गर्दै राष्ट्रिय र खासगरी स्थानीय जनजीवनसँग यसको गहिरो र प्रभावपूर्ण सम्बन्ध भएको वारे बताइसकिएको छ । वर्तमान समयसम्म आइपुग्दा पनि आफ्नो विशिष्ट महत्त्व र पहिचानलाई कायम गर्न सकेको गोरखादरबारक्षेत्रको स्थानीय क्षेत्रका विकासका समस्या र सम्भावनाहरूसँग विशेष सम्बन्ध रहेको हामी पाउँछौं ।

५.१.१ स्थानीय वातावरण संरक्षण र दिगो विकासको प्रश्नसँग गोरखादरबारक्षेत्र :

आज वातावरणविद्हरू, संरक्षणवेत्ताहरू तथा नृतत्वशास्त्रीहरू प्राकृतिक र सांस्कृतिक सम्पदा भनेर कुनै विशिष्ट वस्तुलाई विशिष्टीकरण गरी हेर्नु ठीक मान्दैनन् । यसको अर्थ प्रकृति र संस्कृतिको अविच्छेद्य र अविभाज्य सम्बन्ध हुनुसँग छ । यस सन्दर्भमा यस अध्ययनको मूल विषय रहेको गोरखादरबारक्षेत्र समग्ररूपमा प्राकृतिक भूबनोट तथा सयौं वर्षको मानवीय सभ्यताको प्रतिफल हो । आजभन्दा कम्तिमा पनि ४००-५०० वर्ष र सम्भवत: त्यसभन्दा पनि बढी समय अघिदेखि नै मानव वसोबासले युक्त भएको पहाडी सभ्यताको प्रमुख केन्द्रको रूपमा गोरखादरबारक्षेत्रको ऐतिहासिकता झल्कन्छ । यसप्रकार सभ्यताको केन्द्र भएको गोरखामा सीमित खेतीयोग्य जमिन र प्राकृतिक सम्पदाको बावजुद आवादी भने ज्यामितीय रूपले वढ्नुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक यथार्थको हात रहेको छ । पहाडी भूबनोट भए तापनि अचाक्ली ठूलो जनआवादीको माग पूरा गर्न अशोभनीय प्रकारले शोषण गरिएको वन उपज तथा जमिनको अत्यधिक र अधिक उपयोगका कारण पर्यावरण सन्तुलन तथा वातावरणचक्रमा यसले प्रतिकूल प्रभाव पारी यसवाट भूमिगत तथा सतहका जलभण्डारमा समेत कमी आउन गई वातावरणीय संकट देखिने तथा जनजीवनलाई यसले नराम्रो प्रभाव पार्ने जस्तो समस्या गोरखामा दृष्टिगोचर भएको छ । यसप्रकार सीमित जमिन भएको गोरखादरवार र आसपासको क्षेत्रमा सयौं वर्ष अघिदेखि वनक्षेत्र फँडानी गर्दै वसोवास गर्न गाउँ वसाउने तथा खेतीयोग्य जमिन बनाउने जस्ता प्रयोजनका लागि जमिनको वैज्ञानिक उपयोग तथा व्यवस्थापनको पूरा अवहेलना भएबाट जुन वातावरणीय समस्या उत्पन्न भएको छ त्यसको छिटो समाधान गर्नु यस क्षेत्रको भविष्यको लागि जरुरी भएको छ । आज संसारभर नै विकासको दिगो र दीर्घकालीन प्रभावको लागि विकासमा वातावरणको पक्षमाथि ध्यान पुऱ्याउनुपर्ने सिफारिस गरिन्छ । यस क्रममा अत्यधिक घनाआवादी, स्थानीय रूपमा स्रोतको अभाव तथा जमिनको अवैज्ञानिक र अतिक्रमणपूर्ण प्रयोगजस्ता वातावरणीय गल्तीहरू विद्यमान रहेको गोरखाबजार र वरपरको क्षेत्रको भविष्य गोरखादरवार र यसको व्यापक सेरोफेरोमा अवस्थित गोरखा संरक्षित स्मारकक्षेत्रको व्यवस्थापनसँग गाँसिएको छ । गोरखादरबार र तल्लो दरवारको परिपार्श्वमा रहेका बृहत्तर बस्तीहरूदेखि माथिल्लो भागमा गोरखादरवार र यसले चर्चेका अन्य वन हुर्किरहेका तथा पुरानो वन भएको क्षेत्र पर्दछ । यसकारण गोरखादरवार र यसले चर्चेको रानीवन-कुइरेभीरदेखि तल्लाकोटसम्मको लामो क्षेत्रमा उदाहरणीय रूपले वन हुर्काउन सकेमा यसवाट पर्यावरणीय सन्तुलन आउने, भूमिगत जलभण्डारको क्षमता बृद्धि हुन गई वातावरण संरक्षणमा ठूलो सघाउ पुग्न जान्छ । माथि उल्लेख गरिएको गोरखादरबारको स्वामित्वमा रहेको बृहद् वनक्षेत्रको चारैतर्फ ग्रामीणबस्तीहरू रहेका कारण उपर्युक्त वनक्षेत्रलाई जोगाई राख्न सुरक्षाकर्मीहरूलाई निकै ठूलो समस्या भएको छ भने स्थानीय रूपमा उपलब्ध वनको उपभोग गर्न नपाउने कारणबाट स्थानीय व्यक्तिहरूमा प्रस्तुत वनलाई संरक्षण गर्नतर्फ उदासीनता आई चोरी चरीचरन तथा घाँस दाउरा चोर्ने प्रवृत्ति वढेको देखिन्छ । यस समस्यालाई समाधान गर्न उक्त वन व्यवस्थापनमा स्थानीय जनताको पनि सहभागिता गराई उपयोगको समेत प्रक्रिया निर्धारण गर्दा नै संरक्षण सम्भव र दिगो हुन जाने देखिन्छ । यसप्रकार गोरखादरबारको वनमात्र नभई तमाम संरक्षित स्मारकक्षेत्रभित्र पनि वन हुर्काउन, बारी कान्लामा फलफूल तथा घाँसका विरूवा लगाउन प्रोत्साहित गर्नुपर्ने तथा 'एग्रो फरेष्ट्री' तर्फसमेत जनताको ध्यानाकर्षण गराउनु जरुरी देखिन्छ । थप आवादी तथा जनघनत्वको दबाव घटाउन संरक्षित स्मारकक्षेत्रभित्र हुने निर्माणमा कानूनको कडा पालन गराई बस्तीविकासको लागि निरुत्साहित पार्ने तथा विकासका पूर्वाधारहरूसमेत गोरखाको दरौंदी छेउछाउका बस्ती र टारहरूमा बढाई गोरखाबजारक्षेत्रमा आवासको माग र यसको चाप घटाउन मनोवैज्ञानिक उपाय अवलम्बन गर्नुपर्ने जस्ता कुरा सिफारिस गर्नु उपयुक्त देखिन्छ । यसप्रकारका उपायहरूबाट महत्त्वपूर्ण स्मारकक्षेत्रको शोभा बढ्ने, यसको दीर्घजीवी संरक्षणमा सघाउन पुग्नजाने, गोरखाबजार र वरपरको बस्तीको समुज्ज्वल भविष्य र सम्भावनाको भरपूर उपयोग हुनगई दिगो र वातावरणीय दृष्टिले उपयुक्त विकासको नमूना प्रस्तुत हुनजाने देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.१.२ गोरखादरबारक्षेत्र र यस क्षेत्रको पर्यटन विकासको सम्बन्ध :

ऐतिहासिक कालदेखि नै वडो महत्त्वपूर्ण शक्तिकेन्द्रको रूपमा चिनिई मध्यकालीन गोरखाली शाह राजाहरू र ती राजाहरूको राज्यकालमा घटेका विभिन्न घटनाहरूको स्मारकको रूपमा रहेका अनगिन्ती स्मारकीय सम्पदाहरू गोरखादरबार र यसको सेरोफेरोमा विद्यमान् छन् । नाथ, शैव र शाक्त सम्प्रदायका राष्ट्रिय महत्त्वका प्रमुख तीर्थस्थलहरू यस दरबारक्षेत्रमा हुनाको साथै यी स्थलमा आयोजना हुने अत्यन्त भव्य राष्ट्रिय महत्त्वका र विशिष्ट प्रकारका सांस्कृतिक पर्वहरूसमेत पर्यटन आकर्षणका निर्वाध स्रोत हुन् । गोरखादरवारक्षेत्रमा रहेका अनेकौं धार्मिक र ऐतिहासिक मन्दिर एवं स्मारकहरू तथा तिनको केन्द्रीय वृत्तमा रहेका ऐतिहासिक गोरखादरवार र तल्लोदरवार एवं पाञ्चायन मन्दिरहरू राष्ट्रिय सम्पदा सूचीमा समाविष्ट हुनाका साथै नेपाली कला तथा वास्तुकलाको समुज्ज्वल कलात्मक नमूना भएकाले यी स्मारकीय सम्पदाहरू पनि गोरखाका प्रमुख पर्यटकीय आकर्षणका स्रोत हुन् । संरक्षित गोरखास्मारकक्षेत्रको बृहद् सेरोफेरोमा फैलेका वनसम्पदाहरू एवं प्राकृतिक भूवनोटका कारण आकर्षणको स्थल वनेका गोरखा संरक्षित स्मारकक्षेत्र र वरपरका विभिन्न भूभागहरू दक्षिणी गोरखाभेग र महाभारतश्रृंखला तथा उत्तरतर्फ गणेश हिमाल, मनास्लु, हिमालचुली, माछापुच्छ्रे तथा अन्नपूर्णा हिमालका चुचुराहरूतर्फ अति सुन्दर र आकर्षक प्रकारले खुल्ने कारणबाट गोरखादरबार वरपरका क्षेत्र दृश्यावलोकन र प्राकृतिक पर्यटनका दृष्टिले समेत अत्यन्त सम्भाव्य देखिन्छन् ।

प्राकृतिक दृश्यहरू अनि धार्मिक र ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूले समृद्ध भएको गोरखादरवारक्षेत्र यस प्रकारबाट पर्यटकलाई आकर्षण गर्ने प्रशस्त चीजहरू भएको ठाउँको रूपमा देखिन्छ । पहाडी भूवनोट भएको र देशकै मध्यभागतर्फ रहेको प्रस्तुत ठाउँ देशका अन्य विभिन्न शहरहरूबाट सडकसम्पर्कले जोडिएको र अझ खास गरी चितवन, पोखरा तथा काठमाडौं जस्ता प्रमुख पर्यटनस्थलहरूको केन्द्रविन्दु जस्तै ठाउँमा अवस्थित भएकाले सुगमता र सहजगम्यता (Easily Accessiblity) का दृष्टिले पनि पर्यटन विकासका सम्भावनाले भरपुर रहेका छन् । त्यतिमात्र होइन, पर्वतारोहण र पदयात्राजस्ता प्राकृतिक पर्यटनको विकासका दृष्टिले पनि गोरखाक्षेत्रको पर्यटन संभावना उल्लेख्य रहेको छ । गोरखादरबारक्षेत्रदेखि उत्तरतर्फका उत्तरी लेकाली भूभाग एवं विकट हिमाली श्रृंखलामा अवस्थित समृद्ध लामा धर्म र संस्कृति तथा बौद्ध गुम्वाहरू अवलोकनका मुख्य स्थल हुन् भने नियन्त्रित मनास्लुक्षेत्रजस्ता विकट हिमालीभेगमा पदयात्रा तथा पर्वतारोहणमा जाने पर्यटकहरूको प्रस्थानविन्दु गोरखा नै भएकाले त्यस क्षेत्रमा जाने पर्यटकहरूसमेत प्रथमतः गोरखाबजारक्षेत्रमा अवतरित हुन्छन्। त्यसदेखिबाहेक जिल्लाका अन्य विभिन्न भूभागतर्फ रहेका कोट, थुम र मनकामनाप्रभृति मन्दिरतर्फ जाने पर्यटकको अलावा गोरखावाट लमजुङ, मनाङतर्फ जाने पर्यटकहरूसमेत गोरखा भएर नै जाने हुँदा यस क्षेत्रको महत्त्व झन् बढेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी राष्ट्रकै महत्त्वपूर्ण पर्यटन आकर्षणस्थलका रूपमा मौजुद रही सुगम यातायात सुविधा भएको गोरखादरवार संरक्षित स्मारकक्षेत्रलाई अझ सांस्कृतिक संरक्षण र स्मारकीय सम्पदाको उचित व्यवस्थापनबाट यसमा अन्तरनिहीत पर्यटकीय सम्भावनालाई उजागर गर्न सकिन्छ । विभिन्न शहरहरूको सम्पर्कमा रही अन्तर्राष्ट्रिय हवाई मैदानबाट करिव ४ घण्टाको सडक सम्पर्कमा रहेको गोरखावजारक्षेत्र एकातिर आन्तरिक पर्यटन **(Domestic Tourism)** का दृष्टिले छुट्टि मनाउने ठाउँ **(Holiday pleasure destination)** को रूपमा सम्भाव्य देखिन्छ भने भारतीय पर्यटकको लागि मुख्य तीर्थस्थल र हिल स्टेशन भएका कारण आकर्षक बन्छ । तेस्रो मुलुकका पदयात्री तथा पर्वतारोहीसमेतलाई अवलोकन गर्न सजिलो ठाउँमा रहेको गोरखादरवार र यस वरपरको तमाम संरक्षित स्मारकक्षेत्र अन्तर्राष्ट्रिय पर्यटकलाई बिदा मनाउन भ्रमण गर्ने **(Holiiday pleasure tour)** ठाउँका रूपमा लोकप्रिय हुनसक्छ ।

यसप्रकार अत्यन्त धेरै पर्यटन विकासका सम्भावना रहेको गोरखादरबारक्षेत्रमा आशातीत पर्यटक प्रवाह गर्न यद्यपि केही समस्याहरू विद्यमान रहेकाले तिनको समाधान गर्नुपर्ने देखिन्छ । संरक्षित गोरखा स्मारकक्षेत्रभित्र थप बस्ती बसाउन नियन्त्रण तथा दुरुत्साहन गरी गोरखा स्मारकक्षेत्रको व्यवस्थापनमा स्थानीय सहयोग परिचालन गर्ने, गोरखाबजार, गोरखादरबार तथा यसदेखि पश्चिमतर्फ रहेका दृश्यावलोकन उपयुक्त केन्द्रहरूमा पानीको विकराल समस्या भएकाले सो समस्या सुल्झाउने, गोरखामा अन्तरनिहित पर्यटन स्थलहरूको अध्ययन अनुसन्धान गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पर्यटक उद्‌गमस्थलमा प्रचारको व्यवस्था गर्ने तथा गोरखादरबार वरपरका क्षेत्रमा स्थानीय जनतालाई पर्यटनक्षेत्रवाट फाइदा लिन उत्प्रेरित गरी स्थानीय तहमा दक्ष जनशक्ति उत्पादन गर्ने, एवं सो क्षेत्रमा पर्याप्त स्तरीय होटल, लज, रेष्टूराँ, रिसोर्ट, क्याम्पसाइट एवं सेवा र हस्तकला उद्योग र विक्री स्टलहरू खोल्ने जस्ता कार्यबाट परिलक्षित उद्देश्यहरू प्राप्त गर्न सम्भव देखिन्छ । यसरी गोरखादरवारक्षेत्रलाई वैज्ञानिक व्यवस्थापन र यसको सांस्कृतिक संरक्षणबाट सम्भव हुने पर्यटन गतिविधिवाट यस क्षेत्रको हजारौं जनसंख्या प्रत्यक्ष वा परोक्षरूपमा रोजगार प्राप्त गर्न सफल हुने तथा पर्यटन गतिविधिबाट यसक्षेत्रका जनताको जीवनशैली र आर्थिक जनजीवनमा ठूलो अन्तर आउने देखिएकाले गोरखादरवारक्षेत्र र यस क्षेत्रको पर्यटन विकासको प्रश्न अविभाज्य र अविच्छेद्य विषय वनेको स्पष्ट छ ।

प्रस्तुत प्रकारबाट संरक्षित गोरखास्मारकक्षेत्रको वैज्ञानिक व्यवस्थापन र गोरखादरवारक्षेत्रको सांस्कृतिक संरक्षण जस्ता कार्यबाट जसरी पर्यटकलाई आकर्षण गर्न सकिन्छ, त्यसैगरी प्रस्तावित गोरखासंग्रहालयमा संग्रहित सामग्रीहरू पर्यटकहरू तथा अनुसन्धानकर्ताहरूलाई आकर्षण गर्न सक्षम हुनेछन् भन्ने आशा गर्न सकिन्छ । यसरी संरक्षित स्मारकक्षेत्रमा हरियालीकरणमा वृद्धि गर्न सघाउ पुऱ्याई निर्माणसम्बन्धी गतिविधि र वस्ती विकासमा दुरुत्साहन गर्ने, यस क्षेत्रमा पानीको आपूर्तिको उपयुक्त व्यवस्था मिलाउने, अमिलो जातका फलफूल तथा सागसव्जी र दूध उत्पादन गर्न अभिप्रेरणा दिने काममा स्थानीय प्रयास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चालू गर्नुपर्ने देखिन्छ । यसप्रकारका कार्यवाट यस क्षेत्रको सम्भाव्य वहुआयामिक विकासका सोचलाई वास्तविकतामा परिणत गर्न सम्भव हुनेछ ।

५.२. गोरखादरबारक्षेत्रका पर्वपूजा र परम्पराहरू र तत्सम्बन्धी जनअभिमत

यस शोध ग्रन्थका विभिन्न अध्याय तथा शीर्षक, उपशीर्षकहरूमा गोरखादरवारक्षेत्रका विविध महत्त्वका विषयहरूमा व्याख्या तथा वर्णन गरिसकियो । जसमा ती परम्पराहरू स्थानीय जनजीवनका अभिन्न अंग भएका कुरा पनि उल्लेख गरियो, परन्तु एउटा समाजशास्त्रको विद्यार्थीका हैसियतले प्रस्तुत सामाजिक विषयको व्यापक शोध कार्य गरिसकेपछि यसवाट समाजमा पर्ने प्रभाव वा अन्तरसम्बन्ध (Correlation) का वारेमा विषय समावेश नगर्दा शोधकार्य अपुरो देखिन जाने ठानी तत्सम्बन्धी विभिन्न चरणमा र विभिन्न प्रकारका सम्वद्ध समूहका व्यक्तिहरूसँग अन्तरवार्ता, प्रश्नावली तथा मत सर्वेक्षणका विधि अपनाई जनअभिमत एकीकृत गर्ने काम पनि गरिएको छ ।

ती अभिमत संकलनको तथ्यांकलाई विश्लेषण गरी हेर्दा निम्नप्रकारको जनअभिमतको परिणाम देखापर्दछ-

गोरखादरबारक्षेत्रका पर्वपूजामा स्वभाविक रूपले आफैं उत्साहित भई संलग्न हुने स्थानीय व्यक्तिहरू तथा भार, सगुन जस्ता वस्तुहरू ल्याउने मानिसहरूमा आएको व्यापक उदासीनताको कारणको रूपमा, गोरखादरवारको स्थायी कामदारको रूपमा काम गर्ने व्यक्तिहरूमा उदाहरणीय चरित्रको अभाव, कामचोर प्रवृत्ति, वाहिरवाट पूजाकाममा सहयोग गर्ने व्यक्तिहरूलाई आर्थिक सुविधा वृद्धि गरिदिनेतर्फ देखाउने गरेको उदासीनता तथा परम्परादेखि चल्दै आएका रीतिस्थितिका कुराहरूसमेत नाफा नोक्सानमा तुलना गर्ने तथा आफ्नो फाइदा हुनेमा र फाइदा नहुनेमा फरक व्यवहार गर्ने प्रवृत्ति नै प्रमुख जिम्मेवार तत्त्वका रूपमा देखा पर्दछ । त्यसैगरी सधैं सदासाविकमा जनताले अर्पण गरेको गोरखनाथको रोट चढाउने परम्परालाई पनि तोडी जनताको भावनामा आघात पारेको (२०५०।११।७ देखि २०५३।८।२६ गतेसम्म श्रीगोरखनाथमा रोट चढाउन ल्याउने सर्वसाधारण जनताको रोट नचढाउने काम भएको थियो ।) तथा दरवारक्षेत्रमा पूजाका लागि आउने यात्रुहरूलाई दुर्व्यवहार गरिएको, अन्जानमा क्यामेरा मात्र लिएर दरवार परिसरमा प्रवेश गरेको मान्छेको क्यामेरावाट रिल थुती फालेको, बलि चढाउन आउने मान्छेहरू बीच रोलक्रममा सुविधा नदिई मोलाहिजा हुने गरी अव्यवस्था हुने गरेका जस्ता कारणहरू नै यस पवित्रस्थलतर्फ जनचासो विकर्षणको प्रमुख जिम्मेवार कारकको रूपमा प्रस्तुत भएको पाइन्छ ।

निष्कर्षमा भन्दा राष्ट्रिय इतिहासका दृष्टिले र धार्मिक पर्यटन एवं राष्ट्रिय महत्त्वको स्मारकस्थल रहेका कारण दर्शनीय वनेको यस स्थलमा व्यवस्थापन पक्षको अत्यन्तै नाजुक कारणलाई नै मुख्य रूपमा यस स्थलको कमजोरीका रूपमा पर्यटकहरूले औंल्याउने गरेको पाइयो । त्यसैगरी विभिन्न समयमा, दशैंमा, वर्षायामको अष्टमीमा तथा हिउँदका अष्टमीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गर्न आएका यात्रुहरूसँग Random Sampling पद्धतिबाट र स्रोत व्यक्तिसमेत छनौट गरी भरिएका प्रश्नावलीहरू तथा स्थानीय भद्रभलादमी र वुद्धिजीवी वर्गसँग लिइएको अन्तर्वार्तासमेतको आधारमा निम्न जनअभिमत भएको पाइयो –

(१) राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम र योजनामा गोरखालाई समाविष्ट बनाइनुपर्ने, गोरखादरवारक्षेत्र वरपर हरदम सफा सुग्घर बनाउनुका साथै जनशक्ति परिचालन गरी फूलले ढकमक्क पार्नुपर्ने ।

(२) यस क्षेत्रमा पर्यटक र यात्रुहरूले प्रयोग गर्ने पानीको व्यवस्था हुनुपर्ने ।

(३) शीघ्रातिशीघ्र गोरखनाथको लागि जनताले ल्याएको पूजासामान चढाउने तथा रोट चढाउने व्यवस्था गरी श्रीकालिकातर्फ पनि दैनिक पूजा चलाउने पक्षमा ठूलो जनमतको हिस्सा रहेको कुरा सर्वेक्षणको तथ्याङ्कले देखाउँछ ।

(४) यस क्षेत्रलाई आकर्षक र गरिमामय स्थल बनाई जतनाको धार्मिक भावनाको परितोषपूर्ण गर्न सकेमा यो क्षेत्रमा हुने खर्चको अनुपातमा स्थानीय रोजगारीमा अभूतपूर्व विकास हुन जाने र यसका लागि यस क्षेत्रमा काम गर्ने व्यक्तिहरूमा जनउत्तरदायित्वको भावनाको विकास तथा कामका प्रति इमान्दार बन्न प्रशिक्षितसमेत बनाउनुपर्ने कुरा जनमत सर्वेक्षण तथ्यांकले देखाउँछ ।

(५) त्यसैगरी गोरखादरवारको ऐतिहासिक, धार्मिक र सांस्कृतिकपक्षको महत्त्वका वारे प्रचारप्रसार नभएकाले यहाँको महत्त्व धुमिल भएको हुँदा प्रस्तुत कार्यमा तीव्रता ल्याउने तथा गोप्यता र परम्पराका नाममा अनावश्यक कुराहरूमा समेत ढाकछोप गर्ने प्रवृत्ति हटाई भ्रमणमा आएकालाई यसको यथार्थ महत्त्व बोध गराउन सके अत्यन्तै सफल पर्यटनस्थलका रूपमा यस स्थलको विकास भई राष्ट्रिय एकतामा समेत यसले सहयोग पुऱ्याउने देखिन्छ ।

(६) यहाँ कार्यरत व्यक्तिहरूमा योग्यताको सख्त अभाव देखिएकाले अधिक रूपमा 'गोप्य' वा 'बताउन नहुने' भनिएका प्रथा, विधिहरूका शास्त्रीय महत्त्वका वारे स्वयं तिनलाई ज्ञान नभएका कारण त्यसलाई गोप्य भनेर पन्छ्याइदिनु नै उपयुक्त र सुगम भएकाले त्यसै गर्ने गरेका हुन् भन्ने जनमत छ । यसको निराकरणका लागि तिनलाई प्रशिक्षित गराउनु पनि जरुरी देखिन्छ ।

५.३ निष्कर्ष र उपसंहार

(१) नेपालकै इतिहासमा महत्त्वपूर्ण मानिएको लिच्छविकालीन २ अभिलेखहरू गोरखामा पाइएका छन् र अझ तिनीहरू धार्मिक र सांस्कृतिक विषयसँग सम्वद्ध भएको देखिएकाले त्यसपूर्वका मानवीय गतिविधिको अध्ययनका लागि पुरातात्त्विक उत्खननको समेत सम्भावना र आवश्यकता यस ठाउँमा देखिएकाले यो पुरातात्त्विक महत्त्वको क्षेत्रमा पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) बौद्ध सम्प्रदायको निङ्मापा सम्प्रदायको प्रभाव रहेको तिव्वत र नेपालको उत्तरी हिमालीक्षेत्रमध्ये गोरखा जिल्लाको अठ्ठार सय खोलाको 'चुम', 'नुव्री' वा 'रुई' भोट पनि मुख्य पर्दछन् । सम्भवत: त्यतैवाट वूढीगण्डकी नदी प्रणालीको वाटोवाट मानवीय आवागमन क्रममा वज्रयानको प्रभाव नेपालको पहाड र उपत्यका पसेको हुन सक्दछ, किनभने वज्रभैरवको वारेमा वताउने सं. १२२ को अभिलेख गोरखामा पाइएको र धोर्जेछ्याङको रूपमा उनीहरूले पनि वज्रदेवको पूजा गर्ने गरेको देखिएवाट उक्त तथ्यलाई वल मिल्छ ।

(३) गोरखा हनुमानभञ्ज्याङको द्वितीय जयदेवको मानिएको अभिलेखवाट कमसेकम त्यतिवेलासम्म गोरखामा शैव सम्प्रदायको प्रभाव वढिसकेको वुझिन्छ किनकि उक्त अभिलेखमा 'सर्वदिव' भनेर शिवका वारेमा वोलेको वुझिन्छ ।

(४) त्यसैगरी नरेन्द्रदेवको समयलाई गोरखामा आदि गोरखनाथको उपस्थितिको घटनासँग जोडेर हेरिन्छ ।

(५) सं. १६१६ मा द्रव्य शाहले गोरखा जित्नुपूर्व मुकुन्दसेनका स्थानीय शासक (भारदार) खड्काको समयसम्म पनि उत्तरको वारपाकी घले राज्य र तिनका संस्कृतिका कारण गोरखामा शैव र बौद्ध सम्प्रदायको मिश्रित प्रभाव रहेको कुरा गोरखादरवार वरपर हाल पनि पाइएका प्रस्तर चैत्यहरूले पुष्टि गर्दछन् ।

(६) द्रव्य शाहवाट गोरखाराज्यमा आधिपत्य कायम भएपछि यहाँ शक्तिमतका उपाशकहरू वढेका र इष्टशक्तिका रूपमा गोरखाली शाह राजाहरूले कालिकाको स्थापना गरेको देखिन्छ । यस परम्परामा लमजुङ, कास्की, भीरकोट हुँदै लसर्घासम्मको प्रभाव परेको र तिनै पूर्ववर्ती परम्परावाट सिक्दै स्थापना गरिएको देवीको उपाशना आदि प्रथामा शक्ति प्राप्तिको कामना निहित रहेको देखिन्छ । प्रारम्भमा त्यस्ता देवीहरूलाई शाहहरूले आफ्नै कुलपुर्खाको प्रतीक मानेको र पछिल्लो समयमा पनि यसभेगमा वायुदेवताको पूजा गर्ने चलन चलेको सन्दर्भमा यो उपाशना Ancestor Worship र Totemism को रूप हो भन्न सकिन्छ । त्यसैगरी यी सम्बद्ध स्थलहरूमा सेवापूजा गर्नेहरूमा मगरहरूको विशेषस्थान रहेको भेटिन्छ । गोरखादरवारमा आज पनि भीरकोटे सुसारे मगरहरू रहनु लमजुङमा पनि सुसारेको रूपमा राना, आले रहनु, कास्कीकोटमा पूजामा फेवाली आदि मगर नै चाहिनु, लसर्घा आलमदेवीमा मास्की राना मगरले नै देवीकै पूजा सेवा गर्नु र मनकामनामा पनि मगर नै पुजारी रहेको देखिएको र परवर्ती हनुमानढोकामा समेत पूर्ववर्ती परम्पराको प्रभावको आधारमा पूजाकोठामा सुसारे थापा, राना र आले जस्ता मगरहरू नै रहेका देखिन्छन् । यसलाई तारतम्य मात्र मान्नुभन्दा पनि पूर्वप्रस्तुत आलमदेवीको कथावाट नै 'अलप' भएकी देवीका प्रतीकलाई शाह वंशले कुलशक्ति मानेको र माथि उल्लिखित अधिकतम ठाउँमा यसै परम्पराको अनुशरण गरिएको तथा ती देवीको सेवक सुसारेका रूपमा तिनका माइती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मावली मगरहरू नै रहनुपर्ने मान्यताको पृष्ठभूमिमा यसलाई हेर्न सकिन्छ । यी देवीको अल्पने घटनासँग भीमसेनपातीको बुटाको सम्बन्ध रहेको र मगरहरूको बस्ती भएको ठाउँमा अत्यधिक पाइने यो वनस्पतिको उल्लिखित देवीको पूजाका सन्दर्भमा विशेष अर्थ अर्थिन र विशेष रूपले लिइने प्रचलन रहेको हुँदा यसलाई प्रतीकको रूपमा लिन सकिन्छ ।

(७) जब जब गण्डकी प्रदेशका यी राज्य र खासगरी ८ टीका भनिने क्षेत्रमा शाहहरूको अधीन भयो, तिनका कुलप्रतीक देवीलाई खाली पुर्खाको पूजाको रूपमा मात्र सीमित नराखी हिन्दू धर्मशास्त्र र विधिपूर्वक पूजा व्यवस्था गर्ने क्रममा र उल्लिखित शाह दरबारहरूका परम्परा बन्ने क्रममा शक्ति, स्रोत र गच्छेअनुसार पूजा सामान, उपचार र बलि आदिको व्यवस्था गर्दा सांख्यीकीय रूपले यिनमा निकै भेद देखिए पनि तात्त्विक हिसाबले समान उत्पत्तिको परम्पराबाट प्रभावित देखिन्छन् । यिनीहरू मूलरूपमा दशैंघरका देवताका रूपमा चिनिन थाले । त्यस्तो परम्परा अघिल्लोबाट पछिल्लोले अनुशरण गर्दा कुनै न कुनै रूपमा घटवढ हुनु स्वाभाविक हो ।

(८) गोरखामा पनि शाहहरूको शासन भएपछि दशैंघर देवता स्थापना गर्ने क्रममा लमजुङ तथा भीरकोटको प्रभाव ग्रहण गरेको देखिन्छ । राजा राम शाहको पालासम्म स्थापित भैसकेकी यी देवीको पूजा व्यवस्था पृथ्वीपति शाह, रणबहादुर शाह तथा गीर्वाणयुद्धविक्रम शाहको शासनकालमा विशेष रूपले व्यवस्थित भएको देखिन्छ ।

(९) साबिकमा बडादशैं र चैत्राष्टमीमा मात्र दर्शन र पूजा गरिने गोरखा कालिकाको सम्झनामा संवत् १८५६ बाट प्रतिअष्टमी पूजा व्यवस्था गरियो भने गोरखनाथ सम्प्रदायको सिद्ध परम्पराबाट विशेष प्रभावित गोरखाली समाजमा पृथ्वीपति शाहले उनको प्रतीक स्थापना गरी पूजाको व्यवस्था गरिदिए । तर किम्वदन्तीका आधारमा हेर्दा आदि गोरखनाथ काठमाडौंवासीसँग रिसाएर गोरखा आउँदा यस क्षेत्रमा पशुपालनको संस्कृति **(Pastoralist Culture)** भएको कुरा उनीसँग बालगोपालको (पशुपालक) कथा जोडिएकाले प्रष्टिन आउँछ । त्यसैगरी अनुश्रुतिमा गोरखनाथ गोरखामा पदार्पण गरेपछि गोरखादरवारक्षेत्रको चारैतर्फ बगेका खोलाहरू लुदी, वेनी, सिर्दी, ज्यादुल, मसेल, खोलाहरू अमृत भई प्रत्येकमा दूध, घीउ, दही, मह आदि बग्न थालेको मानिने सन्दर्भमा यसले तत्कालीन समयमा यहाँ विकास भएको पशुपालनको संकेत गरेको वुझिन्छ ।

(१०) शक्ति उपाशनाको लागि उल्लिखित ४ दुर्गोत्सवमध्ये गोरखादरवारमा भद्रकालीकल्पको मतवमोजिम आश्विन महिनाको वोधन दुर्गोत्सवमात्र विधिपूर्वक पूरा गरी यसैको सम्झनामा सामान्य उपचारले चैत्राष्टमीको 'दशैंघर' पूजा गर्ने गरेको देखिन्छ । त्यसैगरी देवीको सम्झनामा उनको माहात्म्य गर्न राम्रो मानिएको प्रतिअष्टमी तिथिमा सामान्य उपचारले पूजा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वली र कुमारी पूजाको चलन संवत् १८५६ मा आएर वसाएको देखिन्छ । वर्षभरिमा पर्ने अन्य सांस्कृतिक, सामाजिक पर्व यहाँ पनि कुनै न कुनै रूपले मनाउने चलन छ । 'भोजन दुर्गोत्सव' पर्ने माघ महिना दुर्गापूजाको लागि, सरस्वतीको उपाशनाको लागि, तथा स्वयं माधव (नारायण) को भक्तिको लागि उत्तम महिना भए पनि यस महिनामा गोरखादरबारमा त्यस्तो कुनै पर्व नपर्ने गरेको देखिन्छ ।

(११) माथि बताएजस्तै शाह राजाहरूले गोरखा दशैंको वलि आदि संख्या तोक्ने क्रममा वैदिक यज्ञका विस्तारित कर्मको फल पाउने आशाले तिनको संक्षेप र प्रतीकात्मक रूपमा व्यवस्था गरेझैं देखिन्छ । त्यसैगरी राज्यका विभिन्न जातिलाई एकताको सूत्रमा बाँधी साम्प्रदायिक सद्भाव कायम गर्न सारा जातजातिलाई दरबारको दुर्गोत्सवमा कुनै न कुनै काम दिएर समाजको कार्यमूलक संरचना यस परम्परामा पनि अभिव्यक्त भएको र यस परम्परामा पर्यावरण, ऐतिहासिक यथार्थ, प्रतीकात्मकता आदिले पर्याप्त स्थान पाएवाट यहाँको प्रथालाई मानवशास्त्रको **Functional Structural, Cultural Ecology, Symbolism** तथा **Sacred Complex** आदि सिद्धान्तको सन्दर्भमा हेर्न सकिन्छ ।

(१२) गोरखादरवारको पूजा र सांस्कृतिक परम्परामा तत्कालीन गोरखाराज्यको आर्थिक, सामाजिक, शैक्षिक र सामरिक अवस्थाको सजीव चित्रण हुने वस्तु देख्न पाइन्छ । आज यहाँको प्रथा शास्त्रीय हिसावले भन्दा लोकाचार र देखे सुनेको भरमा गर्ने गरिन्छ । यहाँको पूजाकाममा संलग्न हुनेहरूमा रहेको योग्यताका अभावका कारण यसो हुन गएको हो । यहाँ विधिपूर्वक हुनुपर्ने लाखपाती, दशैंका पाठपूजाहरू र अन्य पर्वहरू शास्त्रीय हिसावले अपूर्ण र देखावटी रूपले मात्र पूरा गर्ने चलन बढेको छ । अनावश्यक कुराहरूलाई पनि गोप्यताको नाममा ढाकछोप गर्ने चलन छ । वाजा वजाउनेहरूलाई लहरी, रागको बारेमा थाहा नभएको, पूजा गरिने कन्याहरू निश्चित थरघरका कन्या ल्याउने चलन नै कायम रहेमा नै सांस्कृतिक र ऐतिहासिक हिसावले प्रथा रोचक र दीर्घजीवी हुने भए पनि त्यस्तो गर्न छाडिएको, ऐतिहासिक टोल, गाउँ वा व्यक्तिहरूवाट गोरखादरवारको पूजामा हुनुपर्ने सहयोग र दोहोरो अन्तरसम्वन्ध कायम राख्ने व्यवस्था भएमा संस्कृति आकर्षक बन्ने भए पनि त्यस्तो प्रयास यहाँ नभएको पाइन्छ । पूजा गरिने कन्या होस् वा वलिका राँगाहरू छनौटको विधि शास्त्रले तोकेको छ तर त्यो विधि नवुझी यहाँका कामदारहरू वताउन नहुने गोप्य लक्षणका आधारमा आफूले छान्ने गरेको बताएर हास्यास्पद र उपहासमय काम गरी अनावश्यक ठाउँमा आफ्नो वर्चस्व देखाउन प्रयासरत रहेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) यहाँका चलन, प्रचलन र विधिका कैयौं कुराहरू लोप भएको र कैयौं लोप हुने अवस्थामा रहनुका कारण त्यस्ता रीतिस्थिति र प्रचलनका विषयहरू लिखित र लिपिबद्ध नहुनु नै हो । यसबाट गोरखादरबारमा पुरानो समयमा काम गर्ने पदहरूका बारेमा होस् वा पुरानो लगतअनुसार पूजा सामग्रीको नाम नचिन्ने कुरामा होस् वा पुराना नामका गहना चिनेर रुजू गर्ने अवस्थामा होस् समस्याम परेको छ । 'फराँस', 'सरवर भारत', 'चौधरी', 'हवाला', 'अडै' भनेको कस्तो पद हो त्यहाँ आज कसैलाई थाहा छैन । 'चम्पाकली', 'तरीवल', 'हैकलमाला', 'बनमाला' कस्तो गहनालाई भनिन्छ, छुट्याउन गाह्रो भएको छ । पूजामा चाहिने गुनकेशरी, धुलपुर साडी, अमला पाट, प्याङ, रचना, गौलोचन के वस्तु हुन् चिन्न गाह्रो भएको छ ।

(१४) पुरातात्त्विक, ऐतिहासिक, स्मारकीय, भौगोलिक दृश्यावलोकन, प्राकृतिक सम्पदा, धार्मिक र सांस्कृतिक तथा मानवशास्त्रीय दृष्टिकोणले महत्त्वपूर्ण स्वयं गोरखादरबार र यसका प्रथा तथा वरपरको जनजीवन पर्यटन उद्योगका दृष्टिले महत्त्वपूर्ण छ । त्यसैकारण गोरखादरबारक्षेत्रको संस्कृति पुन:स्थापन गरी पर्यटनयोग्य स्थलको रूपमा विकास गर्ने उद्देश्यले सञ्चालित गोरखादरबारक्षेत्र संरक्षण परियोजनाले संस्कृतिका भौतिक पक्षतर्फ मात्र ध्यान दिई सांस्कृतिक परम्परा, प्रचलन, आस्था, विश्वास र पर्वहरूलाई बेवास्ता गरेकाले यी सम्पदाहरू दिनानुदिन लोप हुने अवस्थामा पुगेका छन् । यदि यस्ता सम्पदाको पनि समान रूपले संरक्षण गरी यस स्थलको प्रचार हुन सके सम्भावित आन्तरिक पर्यटनको वृद्धि हुने र यसको कारण राष्ट्रिय इतिहासको वोध हुन गई राष्ट्रमा एकता र साम्प्रदायिक सद्भावमा वृद्धि हुन जाने देखिन्छ । यसैगरी वैदेशिक पर्यटनबाट देश र स्थानीय क्षेत्रको आय बढ्न गई रोजगारीको अवसर वृद्धि हुन जाने र अन्तत: राष्ट्रिय विकासको पक्षमा सकारात्मक प्रभाव पर्न जाने निश्चित देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

- अमात्य, साफल्य, गोरखादरबार वरपरका केही मूर्तिहरू, (मधुपर्क), वर्ष २०, अंक १०, पूर्णाङ्क २२५ ।
- आचार्य, शिवराज कौण्डिन्न्यायन, वैदिक धर्म मूल रूपमा (२०४५), स्वाद्ध्यायशालाकुटुम्ब काठमाडौं ।
- उन्वेसाइड, गुन्थर, महेश पन्त, ओरिजिन एण्ड डेभलपमेण्ट अफ सेक्चुयरिज एण्ड देयर कल्टस इन द डिस्ट्रीक्ट अफ गोरखा एण्ड जुम्ला जे.एस.आर.सी., भोलम VII. 1985.
- Unbescheid, Gunther, Blood & Milk or the Manifestations of the Goddess Manakamana (JNRC), Vol. VII, 1985.
- Unbescheid, Gunther, Kanphatta (1980).
- Untroden fields of Anthropology - manners & customs of semi-civilized peoples Asia, Africa, America & Ocenia, Vol I and II, by French Army Surgeon, Libraririe 'De medicine, Folklore of Anthroplogie 13 Faubourg, Montmartre 13-1998
- Ember, Carol R. & Melvin Ember, Anthropology (1995), printice Hall of India Pvt. Ltd.
- Workshop Technical Output *'Gorkha Bazar Intergrated Action Plan'* (1992), UDLE.
- कविताराम, आर्य अनार्य संस्कृतिको समिश्रण, शैवधर्म (प्रज्ञा) वर्ष ३, अंक ३, २०३० (वि.सं.) ।
- धर्मशास्त्रका इतिहास मूल लेखक काणे, पाण्डुरङ्ग, वामन (डा.) (प्रथम र द्वितीय भाग चतुर्थ संस्करण १९९२, तृतीय भाग तृतीय संस्करण १९९४, चतुर्थ र पञ्चम भाग तृतीय संस्करण १९९६) अनु. अर्जुन चौवे कस्यप, उत्तर प्रदेश हिन्दी संस्थान (हिन्दी समिति प्रभाग) राजर्षि पुरुषोत्तमदास टण्डन हिन्दी भवन, महात्मागान्धी मार्ग लखनऊ ।
- कोइराला, कुलचन्द्र, शोभा भगवती एक अध्ययन (नेपाल), वर्ष २३, अंक ४, २०४२ (वि.सं.) ।
- खत्री, प्रेमकुमार, नेपाली समाज र संस्कृति (दोस्रो संस्करण २०४४), साझा प्रकाशन, ललितपुर नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- Khatry, P.K., Manakamana – The Wish Fulfilling Delty of Gorkha, (Voice of Culture), Vol. 1, 1995, P.K. Campus.
- खेमराज, केशवशरण, दुर्गापूजा महापर्व (मधुपर्क), वर्ष १४, अंक ५, पूर्णाङ्क १५२।
- Gutschow, Niels, Gorkha – 'Ths Architectural Documentation of Two Palaces from the 18th & 19th Century (JNRC), Vol. VII, 1985.
- Gutschow, Niels,Gorkha - 'The Cradle of Modern Nepal's (The Rising Nepal), 4 March 1983.
- Gorkha Conservation Area Improvements, Asian Development Bank Project on Tourism, 1992.
- ज्ञवाली, सूर्यविक्रम, नेपालमा गोरखपन्थ, (प्रज्ञा) वर्ष ७, अंक ४, पूर्णाङ्क २६, २०२६।
- चित्रकार, अमर, तान्त्रिक पद्धतिका चित्रका अवलोकन तथा तिनका नवीकरण, (प्रज्ञा), अंक ४, वर्ष ८, (वि.सं. २०३७)
- जोशी, हरिराम, 'हिन्दू देवी देवता' (२०४९) श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग।
- Jha Makhan, The Sacred complex in Janakpur : Idological, Sociologicol, anthropologicol and philosophical study of the Hindu civilization (Phd thesis Ranchi University), Allahbad united publishers.
- Jha Makhan, The sacred complex of Kathmandu; religon of the himalayan kingdom (Nepal), New Delhi Gyan Publishing.
- डंगोल, सानुभाइ, तन्त्रपरम्परामा शक्तिसम्प्रदाय तथा दक्षिणकाली मत, (मधुपर्क), वर्ष २२, अंक ३, पूर्णाङ्क २४२।
- Timsina, Narayan P.- A detailed introduction to the Gandaki (River Rivulets) in the Sapta Gandaki regions, in Lost Horizon Vo. 3, No. 6 1996.
- दीक्षित, मदनमणि, प्राचीन आर्य नरवलि (मधुपर्क), वर्ष २६, अंक २, २०५० (वि.सं.)।
- दीप, ध्रुवकृष्ण, दशैं एक पौराणिक दृष्टि (प्रज्ञा), वर्ष १, अंक २, (वि.सं. २०२७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- नेपाल, ज्ञानमणि, नेपाल निरुक्त (२०४०), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- पन्त, दिनेशराज, गोरखाको इतिहास, भाग १ (२०४१) ।
- पन्त, दिनेशराज, गोरखाको इतिहास भाग २ (२०४३) ।
- पन्त, दिनेशराज, गोरखाको इतिहास भाग ३ (२०४५) ।
- पन्त, दिनेशराज, गोरखाको इतिहास भाग ४ (२०५०) ।
- पन्त नयराज र साथीहरू (सं.), श्री ५ पृथ्वीनारायण शाहका उपदेश, भाग १ (२०१५), जगदम्बा प्रकाशन, ललितपुर ।
- पोखरेल, बालकृष्ण (सं.), पाँचसय वर्ष (२०३१), साझा प्रकाशन, नेपाल ।
- पोखरेल, ऋषिराम, त्रिशक्तिको स्वरूप र उपासना (वैद्यनाथ क्षेत्र), वरदादेवी विशेषाङ्क, २०५३, वैद्यनाथक्षेत्र प्रकाशन समिति, काठमाडौं ।
- वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख (२०३७), नेपाल र एशियाली अनुसन्धान संस्थान, कीर्तिपुर ।
- वैद्य, तुलसीराम, गोरखाका ऐतिहासिक सामग्री (२०२९), त्रिभुवन विश्वविद्यालय, नेपाल अध्ययन संस्थान ।
- भट्टराई, लोकप्रसाद, गोरखादरबारक्षेत्रका दर्शनीय स्थल र स्मारकहरू (२०५०), (अप्रकाशित) ।
- भट्टराई लोकप्रसाद, गोरखामा पर्यटन विकासका समस्या र संभावनाहरू, (२०५१) अप्रकाशित ।
- भट्टराई लोकप्रसाद, मनकामना मन्दिर र त्यसक्षेत्रको जनजीवनको सांस्कृतिक अध्ययन (२०५३), त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुरको विशेष अनुसन्धान परियोजनाको प्रतिवेदन । हालै "धार्मिक र सांस्कृतिक पर्यटन तीर्थ मनकामना : ऐतिहासिक र मानवशास्त्रीय अध्ययन" नामको पुस्तकको रूपमा प्रकाशित (२०५४), त्रि.वि., नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं ।
- मनकामना (२०३८), गाउँ सुधार समिति बक्राङ भोगटेनी, गोरखा ।
- योगी, नरहरिनाथ, इतिहास प्रकाशमा सन्धिपत्र, संग्रह (२०२२), दाङ अध्यात्मिक सम्मेलनमा प्रकाशित ।
- राणा, धनशमशेर, प्रबुद्ध सनातन रहस्यम् (२०२०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- रेग्मी, वेदनाथ, नेपालमा अष्टमातृका (प्रज्ञा), वर्ष ११, अंक २, (वि.सं. २०४०) ।
- लाफा, अंक ४, संख्या १२-१३, (ई. १९९५) ।
- Shastry, D.R., Origin & Development of the Rituals of Ancestor Worship in India (1963), Bookland Pvt. Ltd., Calcutta.
- Sir Harry Johnston et.el, The living races of mankind. A popular illustrated account of the customs habits, pursuits feasts and ceremonies of the races of the mankind throughout the world, London : hutchinson and company Paternaster Row.
- श्रेष्ठ, तेजप्रकाश, ऐतिहासिक लमजुङदरवार र कालिका मन्दिर (मधुपर्क), वर्ष २० अंक ४, पूर्णाङ्क २१९ ।
- सप्तशती सर्वस्वम् (१९८६) प्राच्यविद्या प्रकाशन, वाराणासी ।
- शाह, विष्णुप्रताप, गोरखामा बडादशैं, गोरखापत्र, आश्विन २७, २०२९ ।
- Cities & Royal Palaces of Nepal (1983), Nippon Institute of Technology, Japan.
- हिमवत्खण्ड ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १

गोरखादरवारका पूजाकामका भाँडामा रहेका यी अभिलेखहरू 'शाहकालका अभिलेख' को पृष्ठ २३४-२३५ वाट यहाँ दुरुस्त नक्कल गरी राखिएको छ ।

(१)

गोरखाको अभिलेख

गोरखादरबारमा रहेको थालमा यो अभिलेख कुँदिएको छ । 'गोरखाको ऐतिहासिक सामग्री' को २२ पृष्ठमा तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा यो अभिलेख प्रकाशित भएको छ ।

मूल पाठ

१. सम्वत् १८५४ भाद्र सुदि ९ यो थलिया गोर्षादरवारमा कन्याभोजनको हो. कसैले लोभ गऱ्या पंचमहापतक. मार्फत कपर्दार भोटु पांडे.

(२)

गोरखाको अभिलेख

गोरखादरवारमा रहेको कोपरामा यो अभिलेख कुँदिएको छ । 'गोरखाको ऐतिहासिक सामग्री' को २२ पृष्ठमा यो प्रकाशित भएको छ ।

मूल पाठ

१. सम्वत् १८५४ भाद्र सुदि ९ रोज यो कोपरा गोर्षादरबार दसैंको हो. कसैले लोभ गऱ्या पंचमहापतक. मार्फत कपर्दार भोटु पांडे ।

व्याख्या -

गोरखादरवारमा रहेका दुई भाँडा-कुँडाका अभिलेख यी हुन् । एउटै मितिमा कपर्दार भोटु पांडे मार्फत यी भाँडा-कुँडा वनाइएका हुन् । यसकारण यी दुई अभिलेखको व्याख्या यहाँ एकै ठाउँमा दिइएको हो । यी साना अभिलेखले एकातिर गोरखा-दरवारमा हुने धार्मिक क्रियाकलापको अलिकता झलक दिन्छन् भने अर्कोतिर कपर्दार भोटु पांडेको संझना पनि केही दिलाउँछन् । दशैंभन्दा केही अगाडि वनाउन लाइएका यी भाँडा दशैंको लागि नै हो भन्ने स्पष्ट छ । एउटामा त 'गोर्षादरवार दसैंको हो' भनी स्पष्टसँग लेखिएकै पनि छ । गोरखा-दरवारमा सम्पन्न हुने धार्मिक क्रियाकलापमा 'दसैं' को ठूलो महत्त्व रहेको छ । त्यस अवसरमा 'कन्याभोजन' गराउने चलन पनि रहेछ । यसैले थालमा कुँदिएको अभिलेखमा 'यो थलिया गोरषादरबारमा कन्याभोजनको हो' भनी लेखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २

संवत् १८५६ मा श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहकी मुमाले गोरखादरबारकी श्रीभवानीको प्रतिअष्टमी पूजाको लागि तनहुँ पुरकोटमा गुठी राखिदिएको कुरा उल्लेख भएको ताम्रपत्रको नक्कल हो यो । यो ताम्रपत्र गोरखादरबारको मन्दिरखण्डको मूलढोकामा पूर्वतर्फ भित्तामा टाँसिएको छ । यहाँ 'शाहकालका अभिलेख' नामक पुस्तकबाट साभार गरिएको यो अभिलेख सन्दर्भयोग्य ठानी समावेश गरिएको छ ।

मूलपाठ

१. स्वस्ति महामायायै नम : ॥ ॥ स्वस्ति श्रीशालिवाहनीयशके चन्द्रनयनाश्वैक
१७२१ मिते प्रमोदाख्यसंवत्सरे श्रीसूर्ये दक्षिणायने आश्विनमासे कृ-

२. ष्णपक्षे अष्टम्यां पुण्यतिथौ रविवासरे आर्द्रानक्षत्रे व्यतीपातयोगे बालवकरणे
गिरिशमुहूर्ते कन्याराशिस्थिते श्रीसूर्ये मिथुनराशिस्थिते चन्द्रे देवगु -

\- रौ चान्येषु ग्रहेषु यथास्थानस्थितेषु सत्सु स्वस्ति
श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत
श्रीमन्महाराजा -

४. धिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेज्जंङ्गदेवानां सदा
समरविजयिनाम्. श्रीमन्मात्रा नवरात्राधिष्ठातृश्री ३ महामायाप्रीतये प्रति -

५. वर्ष सर्वासु शुक्लकृष्णाष्टमीषु दानपत्रस्थयथालिपिसामग्रीभिरन्यूनाभिर्यथोक्तपूजां
कारयितुं त्रितुँगनगरभूभागान्तर्गतपुर्कोटाख्यग्रामनिकटवर्ति -

६. त्रयोदशशत १३०० मूरिपरिमितक्षेत्रं सकुशोदकं संकल्प्य समर्पितमस्ति श्री ३
महामायापूजार्थसमुत्सृष्टक्षेत्रसीमा पूजनसामग्री देवक्षेत्ररक्षाधिकारस्थ-

७. जनोदरभरणोपयोगिभोग्यं चैतत्पर्ववृत्तान्तविलसितमरुणमुद्रालङ्कृतं
पूर्वोक्तदानपत्रमधिकारिहस्ते स्थापितमस्ति. अधिकारिणा च दानपत्रलिखि -

८. ता यथालिपिसामग्री प्रत्यष्टमीषु श्री ३ महामायापूजागृहसन्निधौ प्रापयितव्या ॥
कदाचिद्दैववशादन्तराये पतिते अधिकारिणैव राजद्वारमागत्य सचिवप्रभृतिभा

९. रनिके विज्ञप्तिं कृत्वा यथोक्तसामग्री संपादनीया सचिवादिभिश्च
तदीयोक्तिमवधार्य दानपत्रलिखितमनतिक्रम्य पूजा कारयितव्या । अथैतस्मिन्देवस्वे
त-

१०. दधिकार्यन्यो य: कश्चन पापात्मा लोभमाचरिष्यन् पूजाखंडनं करिष्यति
सपंचमहापातकी तमेव श्री ३ महामाया कोपदृष्टचा पश्यतु. स एव
पुनर्वर्णाश्रमानुसारे-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. ण नीत्यनुसारेणापराधानुसारेण च वधार्हश्चेद्धन्तव्य : । तत्कलत्रादिकं च दास्यत्वे नियोज्यम्. अवध्यो ब्राह्मणादिर्मुण्डनापराधयुक्तश्चेत्तथा विधेय : ॥ धना -

१२. पहारयोग्यश्चेत्तदीयधनं दायानुसारेण ग्राह्यम्. अपसारणयोग्यश्चेद्देशतो बहिर्निःसारणीयः ॥ यः कश्चन धर्मात्मा एतद्धर्मसंरक्षणं विधास्यन् पूजां

१३. निर्वाहयिष्यति स पंचमहायज्ञजन्यपुण्यभाग्भविष्यति तस्मिन्नेव श्री ३ महामायाकृपासुदृष्टिश्च नितरां पतिष्यतीत्यत्र साक्षिण आदित्यचन्द्रादयो देवा : ॥ मनु-

१४. ष्याश्चैते ॥ संकल्पवाक्यवक्ता पुरोहितः श्रोदैवज्ञकेशरी पंडितः मंत्रिनायकाः पंच॥ श्रीरणोद्योतसाहश्रीसमरसेरसाहश्रीवलभद्रसाहश्रीविदुरसाहश्री-

१५. सेरवहादुरसाहा : ॥ सचिवाश्च पंच ॥ पांडेश्रीरणजित्पांडे श्रीदामोदरः श्रीत्रिभुवनः । श्रीनरसिंहः उदकन्यासकर्ता श्रीकीर्तिमानसिंहः । महाकोशाध्यक्ष :

१६. पांडेश्रीभोटुः । कोशाध्यक्ष श्रीश्यामलाल उपाध्यायः स्वर्णरौप्यमुद्राधिकारस्थः श्रीभीमः । सीमासमयसाक्षिणस्तु श्रीहर्षः पन्तः । अर्ज्याल श्रीहरिः खना-

१७. ल : श्रीभानु उपाध्याय : । पांडे श्रीजगजित् । वोहरा श्रीहरिवंशः राना श्रीवंशवीर : । इति श्रीविक्रमार्कसंवत्सरे १८५६ आश्विनशुक्लाष्टम्यामादित्य-

१८. वासरे लेखोऽयं कान्तिपुरीयःशुभः । स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् । षष्टिवर्षसहस्राणि विष्टायां जायते क्रिमि : ॥१॥ शुभं ॥

अनुवाद

कल्याण होस् । महामायालाई नमस्कार । शकसंवत् १७२१, प्रमोद संवत्सरमा दक्षिणायनमा सूर्य गएमा, आश्विन कृष्ण अष्टमी पुण्यतिथि आदित्यवार आर्द्रानक्षत्र व्यतीपातयोग वालवकरण गिरीश मूहूर्तमा, कन्याराशिमा सूर्य बसेमा, मिथुनराशिमा चन्द्रमा बसेमा, वृहस्पति र अरु ग्रहहरू आफ्ना आफ्ना स्थानमा वसेका बेलामा,

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिविराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज गीर्वाणयुद्धविक्रम शाह वहादुर समशेर जङ्गदेव सदा समरविजयीकी मुमाले नवरात्रका अधिष्ठातृदेवता श्री ३ महामायालाई प्रसन्न पार्न प्रतिवर्ष हरेक शुक्लाष्टमी र कृष्णाष्टमीहरूमा दानपत्रमा लेखिएवमोजिम कत्ति कम नपारी पूजा गराउन कुश र पानी हातमा लिई संकल्प गरी तनहुँशहर इलाकाभित्र पुर्कोट भन्ने गाउँ नजीकै रहेको तेह्र शय १३०० मुरी खेत चढाउनुभएको छ ।

श्री ३ महामायाको पूजाको लागि चढाइएको खेतको चारकिल्ला, पूजा गर्ने सामग्री, देवताको सम्पत्ति रक्षा गर्ने अधिकारीले पाउने कुरा, यी जम्मै कुरा खुलाएर यो दानपत्र लालमोहर गरी अधिकारीको हातमा सुम्पिएको छ। ती अधिकारीले पनि दानपत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएबमोजिमका पूजा गर्ने सरसामान प्रत्येक अष्टमीमा श्री ३ महामायाको पूजाघरनजीकै पुऱ्याउनू ।

कुनै बखत दैववशले कुनै विघ्न बाधा आइपरेमा अधिकारीले नै राजाको ढोकामा आएर मन्त्री (काजी) आदि भारदारहरूको नगीचमा बिन्ति चढाएर साबिकबमोजिम सरसामग्री जुटाउनू । मन्त्रीहरूले पनि उनको कुरा सुनेर दानपत्रमा लेखिएबमोजिमको पूजा चलाइदिनू ।

अनि यो देवस्वमा ती अधिकारीले वा अरु कुनै पापीले लोभ गरेर पूजा टुटायो भने त्यसलाई पञ्चमहापाप लागोस् । त्यसलाई श्री ३ महामायाको कुदृष्टि पनि परोस् । जातभातअनुसार त्यसको अपराध हेरी ऐनसवालबमोजिम ज्यान सजाय दिनुपर्ने रहेछ भने ज्यान सजाय दिनू । त्यसका जहान छोराछोरीहरूलाई पनि कमारा कमारी बनाइदिनू । ज्यान सजाय दिन नहुने ब्राह्मण आदि जातका भए मुडिदिनू । पैसा जरिवाना गर्नुपर्ने ठहरिए उसको अंशबाट कट्टा गरी जरीवाना गर्नू । देशनिकाला गर्नुपर्ने भए निकाली दिनू ।

कुनै धर्मात्माले यो धर्मलाई रक्षा गर्न चाहेर पूजा चलायो भने त्यसलाई पञ्च महायज्ञको पुण्य लागोस् । ती धर्मात्माप्रति श्री ३ महामायाको दया र सुदृष्टि पनि राम्ररी परोस् ।

यहाँ साक्षीहरू- सूर्य चन्द्र आदि देवताहरू । मानिसमा चाहिँ यिनीहरू हुन्- संकल्प पढ्ने पुरोहित दैवज्ञकेशरी पण्डित । मन्त्रिनायक (चौतरिया) पाँच जना - श्रीरणोद्योत शाह, श्रीसमरशेर शाह, श्रीबलभद्र शाह, श्रीविदुर शाह र श्रीशेरबहादुर शाह, मन्त्रीहरू पाँचजना श्रीरर्णजित् पाँडे, श्रीदामोदर पाँडे, श्रीत्रिभुवन, श्रीनरसिंह, पानी हाल्ने श्रीकीर्तिमानसिंह, महाकोषाध्यक्ष (मुख्य खजाञ्ची) श्रीभोटु पाँडे, कोशाध्यक्ष (खजान्ची) श्रीश्यामलाल उपाध्याय, स्वर्णरोप्यमुद्राधिकारस्थ (टकसारका हाकिम) श्रीभीम । चारकिल्ला छुट्याउँदा खेरिका साक्षीचाहिँ यिनीहरू हुन् - श्रीहर्ष पन्त, श्रीहरि अर्ज्याल, श्रीभानु उपाध्याय खनाल, श्रीजगजित् पाँडे, श्रीहरिवंश बोहरा, श्रीवंशवीर राना ।

विक्रमसंवत् १८५६ आश्विन शुक्ल अष्टमी आदित्यवारको दिन कान्तिपुरमा यो ताम्रपत्र गरिदिइएको हो ।

आफूले दिएको वा अरुले दिएको जग्गा जसले हरण गर्छ, त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भई रहन्छ । शुभ होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ३

प्रतिवर्ष कौसीतोसाखानावाट गोरखादरवार वडादशैंको दशैंघरका पूजाका लागि आउने सामानहरू निम्नानुसार छन् :

१.	श्रीखण्ड सात पाउ	१ ।।।
२.	रक्तचन्दन सात पाउ	१ ।।।
३.	मानचगी सुपारी ठूलो धार्नी तीन	३
४.	जाइफल गोटा अठार	१८
५.	हिंग तिनतोला आधा	३।।
६.	मरिच तोला वीस	२०
७.	सिंधे नुन तोला दश	१०
८.	मिस्री तोला चौवीस	२४
९.	अलैंची तोला छ्यहत्तर	७६
१०.	धुलो धूप तोला वीस	२०
११.	सिम्रिक तोला नौ	९
१२.	जीरा माना तीनं	३
१३.	दालचिनी तोला चार	४
१४.	गोकुल धुप तोला पच्चीस	२५
१५.	सक्कली केशरी एक धार्नी	१
१६.	ल्वाङ चौध तोला	१४
१७.	चिनी धार्नी चार	४
१८.	ऐना गोटा वयालीस	४२
१९.	प्लाष्टिक वट्टा गोटा वयालीस	४२
२०.	धागो डोरी वयालीस	४२
२१.	काइयो गोटा वयालीस	४२
२२.	फूर्का भएको इजार जोरी गोटा	४२
२३.	चुरावाही ५ गोटाको वयालीस	४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४.	बदाम तोला बयालीस	४२
२५.	छोगडा तोला बयालीस	४२
२६.	टिका पाकेट बयालीस	४२
२७.	गरी नरिवल तोला अठतिस	३८
२८.	कपुर तोला सन्ताउन्न	५७
२९.	जटा नरिवल गोटा पन्ध्र	१५
३०.	असल अबिर दुई धार्नी	२ऽ
३१.	अत्तर तोला आधा	॥
३२.	रेसम धागो तोला एक	१
३३.	एकहाते मैनवत्ती गोटा दश	१०
३४.	सक्कली सिंदूर एक धार्नी	१ऽ

लत्ताकपडा

३५.	सक्कली तीनखाप र सक्कली रंगीनपार एकगडा एकपाउको टुक्रा एक	१
३६.	४२ डे. २॥ गजको दोपट्टा थान एक	१
३७.	जरी गाच (सक्कली) साटन गज तीन	३
३८.	रोजिन्दा कन्या नौ मामुली कन्या नौ र कन्या २ को जनही एक	१
३९.	गहून गज एकसय पैंतीस	१३५
४०.	लाल सजेप (सकली तुल) साढे सट्सठ्ठी	६७॥
४१.	नैनसुत गज दश	१०
४२.	श्रीखण्ड पुरीको सट्टामा ३५ ई. कोरा दश गजको (वाक्लो) थान	५
४३.	९ ई. १८ हाते पगडी थान	१८
४४.	खासा एकको सट्टामा रातो तुल गज	४९
४५.	१० हाते मर्दाना धोती सुसारेलाई	१३
४६.	१३ इ. १२ हाते धवा थान ११ को सट्टामा ३४ इ नैनसुतलाई आधा गरी १७ ई. १२ हाते ३३ गजको नैनसूत गज	३६
४७.	२८ ई खरुवा खाडिमा रंगाएको खरुवा रंगको गज आठ	८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४८.	४० ई. खुस्करी छिट गहून ५ गजको थान दुई	२
४९.	४० ई. सर्दु गहून ५ गजको थान दुई	२
५०.	रंगीन भोटो थान चौतीस चाइनिजको	३४
५१.	अल्खा चाइनीज कोराको लं. ३८ ई. भएको थान चार	४
५२.	मर्दाना धोती थान रातो ३४ अल्खाको पहेंलो ४ समेत धोती थान	३८
५३.	१२ ई. ७२ हातं लाल धुवा रातो तुल थान (आठ)	८
५४.	९ ई. १२ हाते फिता थान	३३
५५.	४॥ वापता सक्ली रंगीन पाट थान एक	१
५६.	१८ हाते खाडी थान एक (कोरा)	१
५७.	सक्ली पटा तोला पौने सात	६॥।
५८.	तयारी धोती रातो २३ पहेंलो १७ समेत गोटा	४०
५९.	तयारी रातो भोटो २३ पहेंलो १७ समेत भोटो	४०
६०.	२॥ गजा रातो उपर्ना २३, पहेंलो १७ समेत	४०
६१.	कुशासन गोटा चालीस	४०
६२.	पंचपात्र थान चालीस	४०
६३.	आचमनी थान चालीस	४०
६४.	धुलो कपुर नैनसुत कपडा गज	५
६५.	२७ ई. कोपा थान (३) (वनारसीपात)	३
६६.	धोती थान एक (रातो)	१
६७.	भोटो थान एक (रातो)	१

(साभार : कौसी तोसाखाना)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ४

प्रतिवर्ष कौसी तोसाखाना कार्यालयवाट गोरखादरवारको चेत्रदशैं पूजाका लागि प्राप्त हुने सामानको विवरण यसप्रकार छ :

१. दालचिनी तोला चार ४
२. हिंग तोला दुई २
३. मरिच तोला वत्तीस ३२
४. कंसरी तोला नौ ९
५. सिधेनून तोला चार ४
६. छोगडी तोला आठ ८
७. जिरा तोला नौ ९
८. मिश्री तोला सोह्र १६
९. रक्तचन्दन तोला अठार १८
१०. श्रीखण्ड तोला अठार १८
११. अलैंची तोला अठार १८
१२. फुस्रो सिंदूर तोला तेह्र १३
१३. मानचंगी सुपारी डेढ धार्नी १ऽ१॥
१४. जाइफल गोटा चार ४
१५. सुकुमेल तोला चार ४
१६. वदाम तोला चार ४
१७. रामपत्री तोला दुई २
१८. कपुर तोला चार ४
१९. प्लाष्टिक वट्टा गोटा चार ४
२०. जटा नरिवल गोटा दुई २
२१. अविर एक सेर १
२२. धागो डोरी गोटा चार ४
२३. चिनी धार्नी एक १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४.	४॥ गजावापत थान एक	१
२५.	९ ई. १८ हातेपगडी थान एक	१
२६.	२८ ई. खरुवा गज एक	१
२७.	लालसंजेप साढे दुई गज	२॥
२८.	४० ई. गहुन गज पांच	५
२९.	४२ ई. २॥ गज दोपता थान एक	१
३०.	३४ ई. जरिगांच गज तीन	३
३१.	९ ई. १२ हाते पिता थान आठ	८
३२.	सकली तीन खाप १॥ गजाको टुक्रा एक	१
३३.	३४ ई. साटन मिटर एक	१

(साभार – कौसी तोसाखाना)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ५

स्यार्तान सात्थरको अम्बलको आयस्ताबाट गोरखादरबारको दशैंघरको मामुलियतमा खर्च गर्नेवारे गरेको व्यवस्थासम्वन्धी रुक्का

श्री दुर्गाज्यू

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे वसंत पनेरु पद्मनिधि पनेरुके अघिदेषी गोर्षा दसैलाई मोहर रुपैयाँ ८२ तोसाषानाबाट जादा रह्याछन् अवप्रान्त तोसाषानाबाट जान्या रूपैयाको सट्टा स्यार्तान सात्थरका अम्वलमध्ये अघि तिमिहरूका नाउमा मोहर भयाको तपसिलवमोजिमका षेत २।८० र यसको लगायत स्मेतको महसुल रुपैया ७० दर्सनि रूपैया ४ थप् रूपैया ८ ज्मा रूपैया ८२ गोर्षा दशैंका मामुलिमा दरिवकस्यौं आफ्ना षातीरज्मासगदरियाका रूपैया सात्थरका अमालिमार्फत् सालवसाल बुझाई षेतको चलन गर।

तपसील

असामी	*षेत*	*के महसुल रू*
ग्याजि गोकुलधुप्या	।२०	५॥
ऐ कुडुल्या	।५०	१२॥
ऐ टिमुऱ्या	।५०	११॥।
ऐ कान्ह्या	।४०	१०।
ऐ फलाटन्या	।१०	२॥
ऐ को छेउछाऊ बिह्नौटो	।१०	२॥
फिनाम टार काहूल्या	३०	७॥
ऐ वर्षऱ्या	।५०	१।
ऐ नापावोस्या	।१०	३॥
ऐ षोलाविडी	।३०	१४।
ऐ भुम्या थान्	।२५	१०।

इति संवत् १८९५ साल मिती माघवदी ३ रोज ५ शुभम्..........

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत परिशिष्ट ३, ४ र ५ को अभिलेखहरूसँग सम्बद्ध :

माथि प्रस्तुत परिशिष्ट ३ र ४ का दुईवटा पूजासामग्रीको उल्लेख भएको लगत हालसाल कायम रहेको दरवन्दी व्यवस्थाअनुसार प्रतिवर्ष वडादशैं तथा चैत्रदशैंको पूजाको लागि गोरखादरबार दशैंघरमा कौसी तोसाखानावाट निकासा भै जाने सामानको विवरणसँग सम्बन्धित छ ।

गोरखादरबार दशैंघरको पूजालाई आवश्यक पर्ने सामग्रीहरू आपूर्ति हुने विभिन्न स्रोतमध्ये कौसी तोसाखाना कार्यालय पनि एक हो । यसको अलावा बलिका लागि आवश्यक राँगा, बोका, सुँगुर, कुखुरा, भेंडाहरू बलि व्यवस्थाका लागि कवोल गर्ने ठेकेदारवाट तथा गुठीका लागि र मामुलियत पूजाका लागि आवश्यक सामग्री सोहीवमोजिम व्यवस्था गरिएको ठेक्काबाट प्राप्त हुने गर्दछ । यी ३ स्रोतको अलावा यस कार्यका लागि राजदरवारवाट पनि प्रशस्त सामग्री आउने व्यवस्था भएको बुझिन्छ ।

यसरी हाल विभिन्न स्रोतबाट दशैंघरका लागि पूजासामग्री आउने व्यवस्था भए पनि राणाकाल र सोभन्दा पहिला यस कार्यका लागि पुरकोटका गुठीका मोहीहरूवाट गुठीका सामान तथा विभिन्न समयसमयका व्यवस्थाबमोजिम विभिन्न रूपमा स्थानीय जनतावाट यस्ता पूजाका सामान प्राप्त हुने देखिन्छ । यसै क्रममा यसैको परिशिष्ट ५ मा दिइएको अभिलेखवाट पनि यस बारेमा केही विचार गर्न सहयोग पुगेको छ । प्रस्तुत पत्र 'सम्वत् १८९५ माघ वदि रोज ३' को रुक्काको नक्कल हो । यसमा संवत् १८९५ पूर्व गोरखादरवार दशैंघरका लागि आवश्यक खर्च रु. ८२। तोसासानावाट जाने गरेकोमा तदुपरान्त उक्त रकम स्यार्तान सात्थरका अम्वलको राजस्ववाट खर्च गर्ने व्यवस्था भएवमोजिम सम्वन्धित व्यक्तिहरूलाई सोहीबमोजिम गर्नु भनी लेखिएको पत्र हो यो। यसरी विभिन्न समयमा दशैंघरका पूजासामानको लागि कस्तो आपूर्ति व्यवस्था थियो भन्नेवारेमा जानकारी राख्न चाहनेहरूका लागि उपयुक्त ठानी प्रकाशित गरिएको यो पछिल्लो पत्र 'मनकामना' पत्रिकावाट उद्धृत गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ६

यसमा प्रस्तुत सामानहरू, दिइएका विभिन्न पर्वहरूको लागि गोरखादरबारमा ठेक्का (घटाघटबाट) बाट प्राप्त हुने व्यवस्था गरिएको छ । संवत् १८५६ मा पुरोकोटमा गुठी राखी त्यसैका आम्दानीबाट ज़िन्सी प्राप्त गरिने व्यवस्था भएकोमा हाल सो व्यवस्था कामायावी नभएकाले यी सामानहरू सरकारी बजेटबाटै खर्च हुने गरी नियममा व्यवस्था भएको छ । यसलाई 'गुठीको ठेक्का' नामकरण गरिएको छ ।

पर्वहरू

१. **चैत्रदशैं :-**

सि.नं.	चीजहरूको नाम	चाहिने गोटा
१.	पगरी थान दुई	१
२.	दोपटा थान एक	१
३.	दुवैपट्टी विट भएको नैनसुत गज एघार	११
४.	दुवैपट्टि विट भएको तुल गज एघार	११
५.	मर्दना धोती दुवैपट्टि विटभएको वडा गजी हातआठ	८
६.	२२ हात लामो तामा वाँस घना चार	४
७.	धुलपुर सारी गोटापट्टि लगाएको हात पाँच	५
८.	कुमारको पछ्येउरा जामा वडा गजी नैनसुत गज अठार	१८
९.	कन्याको चोला मुसुरी हात दश	१०
१०.	कन्याको लुगा गउन गज पचास	५०
११.	कन्याको पछ्येउरा तुल हात पच्चीस	२५
१२.	पताका वाँध्न फिता हात दश	१०
१३.	प्रशाद वाँध्न र वत्ति वाल्न फित्ता हात पाँच	५
१४.	अमला पाट थान एक	१
१५.	जट्टा नरिवल दुई	२
१६.	मरिच तोला पाँच	५
१७.	पाकेको केरा कोसा पच्चीस	२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८.	चिनि धार्नी एक	१
१९.	साली धानको चामल आठ पाथी	८
२०	अमिलो चौथाइ एक	१
२१.	दही माना चार	४
२२.	मासको दाल एक पाथी	१
२३.	श्रीखण्ड तोला दुई	२
२४.	ऐना गोटा छ	६
२५.	छोडा तोला एक	१
२६.	कागे भेडा निखुनीपाँच	५
२७.	गाईको दूध मुठी पाँच	५
२८.	गुजराती सिन्दूर तोला तीन	३
२९.	वेसार माना एक	१
३०.	अविर तोला पाँच	५
३१.	भेट्नुसहितको भुइकटहर दुई	२
३२.	अलैची दाना पन्ध	१५
३३.	घीउ धार्नी डेढ	१॥
३४.	चोलो गुलवदन हात डेढ	१॥
३५.	तेल माना चार	४
३६.	वलिलाई कुविण्डो एक	१
३७.	भेटनुसहितको विमिरो एक	१
३८.	जरापात सहितको उख्खु ढांक एक	१
३९.	बेलपत्र एक टपरी	१
४०.	मिश्री तोला एक	१
४१.	सुपारी कप्टेरा आठ	८
४२.	हाडे बदाम तोला एक	१
४३.	डोरी छ	६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४४.	हिङ तोला एक	१
४५.	माटाको गाग्री दुई	२
४६.	सुकुमेल तोला आधा	॥
४७.	दालचिनी तोला आधा	॥
४८.	नरिवल तोला एक	१
४९.	चुरा गोटा तीस	३०
५०.	धागो गोटा छ	३०
५१.	वट्टा गोटा छ	६
५२.	सिम्रिक तोला आधा	॥
५३.	मरिच तोला पाँच	५
५४.	मेथी मुठी पाँच	५
५५.	मह मुठी पाँच	५
५६.	सिंगो सुपारी गोटा पच्चीस	२५
५७.	केसरी तोला दुई	२
५८.	धूप गोकुल पाँच तोला	५
५९.	बत्ती पचास जोर	५०
६०.	जौ तिल मुठी एक	१
६१.	दाउरा भारी दुई	२
६२.	वाबियो मुठा पाँच	५
६३.	जाइपत्री तोला आधा	॥
६४.	रक्तचन्दन तोला दुई	२
६५.	जाइफल तोला दुई	२
६६.	कस्तुरी मासा दुई	२
६७.	माटाको हाडी तीन	३
६८.	माछा सेर दुई	३
६९.	काँचो धागो तोला एक	१
७०.	गाजल सिक एक	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७१.	टिका गोटा छ	६

२. **बडा दशैं :**

१.	प्रसाद बाँध्न र बत्ति बाल्न फित्ता हात पाँच	५
२.	दोपट्टा थान एक	१
२.	चोला गुल बदन हात डेड	१॥
४.	कन्या पछेउरा तुल हात पैंतालीस	४५
५.	घीउ धार्नी दुई	२
६.	सनरिम धुलपुरे गोटापट्टि लगाएको हात पाँच	५
७.	पगरी थान दुई	२
८.	कालो भेडा गोटा नौ	९
९.	अमला पाटको निलो रंगको थान एक	१
१०.	पगरी थान दुई	२
११.	कुमारीको पछेउरा पटुका दुवैपटी विट भएको	२
..	अदारारासा नैनसुत गज १८ को वडागजी थान एक	१
१२.	रक्तचन्दन तोला तीस	३०
१३.	तीनपात भएको वेलपत्र एक टपरी	१
१४.	चुक अमीलो माना दुई	२
१५.	चीनी धार्नी दुई	२
१६.	वलिलाई कुभिण्डो नौ	९
१७.	तामा वाँस २२ हात लामो घना चार	४
१८.	गोकुल धुप तोला चार	४
१९.	कामकामे सुपारी गोटा त्रिसट्टि	६३
२०.	कपुर तोला दुई	२
२१.	खड्ग पुजाको साली धानको चामल मुरी दुई	२
२२.	गाईको दूध माना तीन	३
२३.	श्रीखण्ड तोला दुई	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४.	गोलोचन तोला दुई	२
२५.	जरापात सहितको उखु ढाँक दुई	२
२६.	नरिवल तोला एक	१
२७.	दाख तोला एक	१
२८.	मिश्री तोला एक	१
२९.	ल्वाङ तोला एक	१
३०.	काटेको सुपारी कप्टेरा तेह्र	१३
३१.	पात भेट्नुसहितको भुईंकटहर एक	१
३२.	वदाम तोला दुई हाडे बदाम	२
३३.	सुकुमेल तोला आधा	२
३४.	छोडा तोला दुई	२
३५.	जाइफल तोला एक	१
३६.	ऐना गोटा दश	१०
३७.	टीको गोटा दश	१०
३८.	सिम्रिक तोला दश	१०
३९.	पटका बाध्ने फित्ता हात दश	१०
४०.	कस्तुरी मासा दुई	२
४१.	पतका दुवैपट्टि बिट भएको नैनसुत गज एघार	११
४२.	पतका दुवैपट्टि बिटभएको तुल गज एघार	११
४३.	तेल पाथी दुई	२
४४.	भेट्नुसहितको विमिरो एक	१
४५.	वेसार माना दुई	२
४६.	कन्याके बडागजी गज गहुन पैंतालीस	४५
४७.	जट्टा नरिवल दुई	२
४८.	पानविरा दुई	२
४९.	दाउरा भारी चार	४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०.	अलैंची दाना चालीस	४०
५१.	पाकेको केरा कोसा तीनसय	३००
५२.	अविर तोला नौ	९
५३.	मरिच तोला दश	१०
५४.	गाजल सिक एक	१
५५.	सालको पात मुठ्ठा तीस	३०
५६.	काँगियो गोटा दश	१०
५७.	धुली तोला नौ गुलाफी रंग	९
५८.	नून माना दुई	२
५९.	जिभ्रो समेत कालो भएका वोका ठूला दुई	२
६०.	कन्याको चोला गुलबदन हात अठार	१८
६१.	मर्दना धोति दुवैपट्टि बिट भएको हात आठ	८
६२.	विभिन्न प्रकारको धुप तोला दश	१०
६३.	माछा सेर डेढ	१॥
६४.	हिङ तोला एक	१
६५.	जिरा तोला साँढे नौ	९॥
६६.	दही पाथी एक	१
६७.	माटाको गाग्री दुई	२
६८.	माटाको हाँडी दुई	२
६९.	मह माना एक	१
७०.	मासको दाल पाथी दुई	२
७१.	जाइफल तोला तीन	३
७२.	काचो धागो तोला एक	१
७३.	केसरी तोला पाँच	५
७४.	वावियो मुठा पाँच	५
७५.	फरिया बाँध्नाको डोरी नौ	९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७६.	गुजराती सिन्दूर तोला पाँच	५
७७.	भटमास माना एक	१
७८.	धागो गोटा दश	१०
७९.	पगरी थान दुई	२
८०.	जटा नरिवल दुई	२
८१.	मेथी मुठी पाँच	५

३. कार्तिकशुक्ल एकादशी :

१.	साली धानको चामल पाथी चार	४
२.	अबिर तोला दुई	२
३.	पाकेको केरा कोसा एक सय	१००
४.	नरिवल बदाम सुकमेल अलैंची ल्वाङ जाइपत्री दाख जाइफल मिश्री गरी तोला दश	१०
५.	भेट्नुसहितको विमिरो एक	१
६.	चिनी धार्नी एक	१
७.	भेट्नुसहितको भुईंकटहर दुई	२
८.	सुपारी गोटा बाह्र	१२
९.	ऊखु ढांक एक	१
१०.	जौ तिल मुठी पाँच	५
११.	श्रीखण्ड तोला दुई	२
१२.	तेल माना एक	१
१३.	दही पाथी चार	४
१४.	मरिच चौथाई एक	१
१५.	माछा तोला दश	१०
१६.	घीउ तोला चार	४
१७.	मह तोला दुई	२
१८.	गाइको दुध मुठी दुई	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. काँचो धागो तोला एक	१
२०. वेलपत्र एक टपरी	१
२१. सिन्दूर तोला दुई	२
२२. ऐना गोटा एक	१
२३. वट्टा गोटा एक	१
२४. अलैंची तोला दश	१०
२५. काँगियो गोटा एक	१
२६. चुरा गोटा पाँच	५
२७. टीका गोटा पाँच	५
२८. सिम्रिक तोला दुई	२
२९. हाडे वदाम तोला दुई	२
३०. वत्ति जोर नौ	९
३१. धुप तोला दुई	२
३२. केसरी तोला दुई	२
३३. रक्तचन्दन तोला पाँच	५
३४. सुकमेल तोला दश	१०
३५. नरिवल तोला दश	१०
३६. ल्वाङ तोला दश	१०
३७. दालचिनी तोला दश	१०

४. **प्रत्येक अष्टमी :**

१. सिन्दूर तोला तीन	३
२. प्रसाद वाँध्न र वत्ति वाल्न फित्ता हात	२॥
३. नून माना एक	१
४. पाकेको केरा कांसा तेह्र	१३
५. मासको दाल पाथी एक	१
६. दही मुठी पाँच	५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.	साली धानको चामल पाथी आठ	८
८.	निखुनी वलिलाई कागे भेंडा एक	१
९.	रक्तचन्दन तोला दुई	२
१०.	वलिलाई कुभिण्डो एक	१
११.	कन्याको लुगा गद्दन गज पाँच	५
१२.	मर्दनाधोती वडागजी हात आठ	८
१३.	घीउ माना एक	१
१४.	चोला गुलवदन हात दुई	२
१५.	माछा तोला दश	१०
१६.	तेल माना दुई	२
१७.	वेसार माना एक	१
१८.	श्रीखण्ड तोला दुई	२
१९.	मरिच तोला पाँच	५
२०.	ल्वाङ तोला आदा	॥
२१.	सुपारी गोटा एक्काईस	२१
२२.	दाख तोला आधा	॥
२३.	नरिवल तोला एक	१
२४.	जाइपत्री तोला आधा	॥
२५.	नौसुते कातेको वत्ति जोर दश	१०
२६.	पछेउरा नैनसुत वडा गजी गज दुई	२
२७.	काचो धागो तोला आधा	॥
२८.	तीनपाते बेलपत्र एक टपरी	१
२९.	जाइफल तोला आधा	॥
३०.	मिश्री तोला एक	१
३१.	दालचिनी तोला आधा	॥
३२.	हिङ तोला र जिरा गरी एक तोला	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३३.	मुकुमल तोला आधा	॥
३४.	ह्राड वदाम तोला एक	१
३५.	छ्वाडा तोला एक	१
३६.	मह तोला एक	१
३७.	दाउरा भारी आधा	॥
३८.	जौ तिल मुठी एक	१
३९.	केसरी तोला एक	१
४०.	अविर तोला चार	४
४१.	काँगियो दुई	२
४२.	कपालमा लगाउने धागो दुई	२
४३.	ऐना गोटा दुई	२
४४.	वट्टा दुई	२
४५.	चुरा गोटा दश	१०
४६.	सिम्रिक मासा दुई	२
४७.	डोरी एक	१
४८.	टीका गोटा दुई	२
४९.	सालकोपात मुठा वाह्र	१२
५०.	काँचो धागो तोला आधा	॥
५१.	अलैंची दाना वाह्र	१२
५२.	मरिच तोला पाँच	५
५३.	चिनी माना डेढ	१॥
५४.	गाइको दूध मुठी पाँच	५
५५.	अमिलो मुठी एक	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ७

प्रस्तुत परिशिष्ट ७, हाल गोरखादरबार र सम्बद्ध धार्मिकस्थलमा आयोजना हुने र गोरखादरवारले परम्परागत रूपमा संरक्षण र व्यवस्था गर्दै आएको धार्मिक र सांस्कृतिक पर्वलाई आवश्यक पर्ने सामानसँग सम्बद्ध छ । यसमा उल्लिखित परिणामअनुसारका यी सामान परम्परागत रूपमा जे जस्तो व्यवस्था भएको भए तापनि (हेर्नुहोस् यसैको परिशिष्ट ५ र ९ तथा तीसँग सम्बद्ध व्याख्या) हाल गोरखादरवारले घटाघट ठेक्काद्वारा वार्षिक रूपमा व्यवस्था गर्ने गरेको छ । यसअनुसार सामान प्राप्त हुने गरी व्यवस्था गरिएको ठेक्कालाई 'पर्वको ठेक्का' भन्ने चलन छ ।

पर्वहरू

(१) **बडादशैं**

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	चार हात लम्वाई, दुई हात चौडाइ भएको मान्द्रो चार	४
२-	अन्दाजी दश, बार पाथी अटाउने सोली एक	१
३-	साली धानको चामल मुरी ६ पाथी १९	६/१९
४-	तिलको तेल धार्नी सोह्र	१६
५-	पाकेको केरा कोसा चालीस	४०
६-	धूप गोटा एकसय दश	११०
७-	खुदो धार्नी एक	१
८-	घीउ धार्नी ४ (चार) तीन पाउ	४।३
९-	चिउरा मुरी एक पाथी आठ	१।८
१०-	भटमास माना एक	१
११-	सालको दाउरा भारी चार	४
१२-	सिन्दूर धार्नी डेड	१॥
१३-	ठूलो प्याङ दुई	२
१४-	खुर्सानी धार्नी दुई	२
१५-	मह माना दुई	२
१६-	दाख तोला पचास	५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७-	गोकुल धूप तोला वीस	२०
१८-	जाइफल तोला पन्ध	१५
१९-	श्रीखण्ड धार्नी दुई	२
२०-	साली धान पाथी दश	१०
२१-	सुकमेल दाना एकसय चवालीस	१४४
२२-	सुन्तला, अम्वा, जम्मा चौध सय बाईस	१४२२
२३-	रायो सरसिउँ मुठी आठ	८
२४-	हलेदो तोला चार	४
२५-	जौ पाथी तीन	३
२६-	ल्वाङ तोला चालीस	४०
२७-	कासको थाल कचौरा गरी धार्नी आधा	॥
२८-	नेपाली कागज ढेप पाँच	५
२९-	मासको दाल पाथी पाँच	५
३०-	खजुरी, पैंडा, लड्डू, वालसाई, ऐठेसमेत गरी धार्नी	८
३१-	माहुर एक	१
३२-	सावुन धार्नी एक	१
३३-	टीका गोटा वीस	२०
३४-	गाईको दूध माना एक	१
३५-	नून पाथी एक	१
३६-	कोदोको रक्सी पाथी	१०
३७-	अदुवा सेर तीन	३
३८-	कवास धार्नी एक	१
३९-	केशरी तोला पच्चीस	२५
४०-	तुल गज पैतालीस	४५
४१-	जाइपत्री तोला पन्ध	१५
४२-	काँचो धागो धार्नी आधा	॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४३-	लाल तोला चालीस	४०
४४-	ऐना गोटा दश	१०
४५-	कपालमा लगाउने धागो	१०
४६-	काइयो गोटा दश	१०
४७-	असल नैनसूत गज तीन	३
४८-	मिश्री धार्नी आधा	॥
४९-	दालचिनी तोला एकाईस	२१
५०-	अन्दाजी २ माना पानी अटाउने भुँड्का चालीस	४०
५१-	माछा तोला दश	१०
५२-	जनै जोर छ	६
५३-	अविर धार्नी एक	१
५४-	अन्दाजी दुई पाथी अटाउने माटाको गाग्रो तीस	३०
५५-	माटाको हाँडी दश	१०
५६-	कालो तिल एक माना पाँच मुठी	१।५
५७-	दही पाथी चार	४
५८-	रचना तोला पच्चीस	२५
५९-	रक्तचन्दन धार्नी डेड	१॥
६०-	वेसार पाथी एक	१
६१-	मरिच तोला पच्चीस	२५
६२-	जिरा धार्नी आधा	॥

(२) नैते दशैं

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	साली धानको चामल मुरी दुई	२
२-	घीउ धार्नी डेढ	१॥
३-	तिलको तेल धार्नी पाँच	५
४-	माटाको हाँडी गोटा चार	४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५-	दाख तोला एघार	११
६-	नून माना चार	४
७-	माटाको अन्दाजी ३ पाथी अटाउने गाग्रो दश	१०
८-	मावल पाट थान दुई	२
९-	कस्तूरी मासा दुई	२
१०-	कपास धार्नी आधा	॥
११ -	केशरी तोला एक	१
१२ -	रेशम तोला पाँच	५
१३ -	टीका गोटा चार	४
१४-	ऐना गोटा चार	।४।
१५-	काँइयो चार	४
१६-	मलमल गज चौध	१४
१७-	गाजल सिक दुई	२
१८-	पाकेको केरा कोसा तीन सय	३००
१९-	मह तोला चौवीस	२४
२०-	नैनसुत गज दश	१०
२१-	गोलोचन तोला दुई	२
२२-	दही पाथी दुई	२
२३-	ल्वाङ तोला एक	१
२४-	बेसार माना दुई	२
२५-	सेलरोटी गोटा पचास	५०
२६-	रक्तचन्दन तोला तीस	३०
२७-	अविर धार्नी आधा	॥
२८-	काँचो धागो तोला तीस	३०
२९-	कुमकुमे धूप तोला वीस	२०
३०-	ल्वाङ गोटा एक	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१-	नेपाली कागज ढेप तीन	३
३२-	चुक अमिलो एकमाना	१
३३-	खजुरी, पेडा, वालसाई समेत धार्नी दुई	२
३४-	साली धान पाथी पाँच	५
३५-	तुल गज नौ	९
३६-	सुन लाल एक	१
३७-	चिउरा पाथी पाँच	५
३८-	सालको दाउरा भारी चार	४
३९-	मासको दाल माना पाँच	५
४०-	सिम्रिक तोला आधा	॥
४१-	श्रीखण्ड तोला तीस	३०
४२-	सिन्दूर धार्नी आधा	॥
४३-	साबुन धार्नी आधा	॥
४४-	जौ, तिल माना एक	१
४५-	गोकुल धूप तोला बीस	२०
४६-	अत्तर तोला पन्ध	१५
४७-	दुईमाना अटाउने माटाको भुँड्का पन्ध	१५
४८-	खुदो धार्नी आधा	॥

पर्वहरू

(३) वैशाखशुदी रोज १० मा धर्मावती नदीमा ल्याउने

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१ -	साली धानको चामल माना तीन	३
२-	वेलपत्र एक सय	१००
३-	अबिर तोला डेड	१॥
४-	जौ, तिल मुठी एक	१
५-	सिन्दूर तोला एक	१
६-	तेल मुठी पाँच	५
७-	बेसार तोला पाँच	५
८-	सुपारी तोला एकाईस	२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९-	गाईको दूध पाथी दश	१०
१०-	धूप गोटा दश	१०
११-	जनै जोर चार	४
१२-	पाकेको केरा एक सय	१००
१३-	रक्तचन्दन तोला एक	१
१४-	खुदो धार्नी तीन	३
१५-	अलैंची तोला आठ	८
१६-	काँचो धागो तोला एक	१
१७-	घीउ तोला आठ	८
१८-	माटाको घुपाउरो एक	१
१९-	छोडा तोला एक	१
२०-	दही पाथी पाँच	५
२१-	बत्ती जोर चालीस	४०
२२-	चिउरा पाथी पाँच	५
२३-	टपरी गोटा साठी	६०
२४-	वोहता गोटा साठी	६०
२५-	श्रीखण्डा तोला एक	१
२६-	मरिच तोला चौबीस	२४
२७-	केसरी तोला एक	१
२८-	रातो सेतो वस्त्र हात दुई	२
२९-	साली धानमाना चार	४
३०-	पन्चामृत पाँच मुठी	५
३१-	चिनी धार्नी दुई	२
३२-	माटाको गाग्री तीन	३
३३-	पीपलको पात सफा राम्रो १०० को दरले मुठा पारी जम्मा पीपलको पात एक लाख पच्चीस हजार	१,२५,०००
३४-	दुना साठी	६०
३५-	कपुर तोला एक	१
३६-	माटोको हाँडी दुई	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) साउने सक्रान्ति राँको फाल्ने

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	साली धानको चामल माना तीन	३
२-	सुपारी तोला तीन	३
३-	दही माना तीन	३
४-	माटाको हाँडी एक	१
५-	पञ्चामृत मुठी पाँच	५
६-	सल्लाको दाउरा भारी चार	४
७-	सिन्दूर तोला डेढ	१॥
८-	तेल मुठी पाँच	५
९-	धूप गोटा दश	१०
१०-	श्रीखण्ड तोला एक	१
११-	रक्तचन्दन तोला एक	१
१२-	केसरी तोला एक	१
१३-	जौतिल मुठी एक	१

पर्वहरू :

(५) कोजाग्रत पूर्णिमादेखि धान्यपूर्णिमासम्म विष्णु, शिव, पाञ्चायन मन्दिरमा अखण्ड बत्ती बाल्ने :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	वत्तीको धागो डेढ धार्नी	१॥
२-	तेल धार्नी अठार	१८

पर्वहरू :

(६) श्रावणशुदी रोज ५ मा नाग टाँस्ने :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	साली धानको चामल माना तीन	३
२-	पाकेको केरा कोसा आठ	८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३-	घीउ तोला एक	१
४-	पञ्चामृत मुठी पाँच	५
५-	जौतिल मुठी एक	१
६-	सेतो रातो कपडा हात एक	१
७-	सिन्दूर तोला तीन	३
८-	सुपारी गोटा पाँच	५
९-	तेल तोला दुई	२
१०-	अबिर तोला दुई	२
११-	केसरी तोला एक	१
१२-	दही माना चार	४
१३-	हाँडी एक	१
१४-	कातेको बत्ती जोर चालीस	४०

पर्वहरू :

(७) श्रावणशुदी रोज १ देखि ४ तक भण्डारा :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	सुपारी तोला आठ	८
२-	ल्वाङ तोला चार	४
३-	मरिच तोला दुई	२
४-	अमिलो मुठी पाँच	५
५-	सुर्ति तोला बाह्र	१२
६-	केरा कोसा सोह्र	१६
७-	कोदोको रक्सी पाथी चार	४
८-	खुदो धार्नी एक	१
९-	तेल पाथी एक	१
१०-	साली धानको चामल पाथी दश	१०
११-	रंगीन वस्त्र चार गज	४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२-	धूप गोटा चालीस	४०
१३-	नून माना दुई	२
१४-	तमाखु तोला चौबीस	२४
१५-	मास माना चार	४
१६-	बेसार माना चार	४
१७-	घरवुना थान आधा	॥
१८-	चिउरा मुरी एक	१
१९-	केसरी तोला तीन	३

पर्वहरू :

(८) कृष्णजात्राके

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	चामल मुठी आठ	८
२-	जौ, तिल मुठी एक	१
३-	सिन्दूर तोला तीन	३
४-	पाकेको केरा कोसा आठ	८
५-	धूप गोटा दश	१०
६-	सुन्तला, अम्बा दाना सोह्र	१६
७-	कातेको बत्ती जोर पच्चीस	२५
८-	सेतो रातो कपडा हात एक	१
९-	अबिर तोला तीन	३
१०-	सुपारी तोला तीन	३
११-	तेल माना एक	१
१२-	केशरी तोला एक	१
१३-	पन्चामृत मुठी चार	४
१४-	बास्ना आउने धूप तोला एक	१
१५-	दही माना चार	४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वहरू :

(९) गाइजात्राके :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	पाकेको केरा एक सय	१००
२-	पाकेको काँक्रो गोटा चालीस	४०
३-	पाकेको नास्पाती गोटा एकसय	१००

पर्वहरू :

(१०) वैशाखशुदी रोज १५ (चण्डीपूर्णिमा) के :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	चामल पाथी आठ (साली धानको)	८
२-	रंगीन सेतो रातो वस्त्र हात दुई	२
३-	चिउरा पाथी चार	४
४-	नून माना तीन	३
५-	कोदोको रक्सी पाथी चार	४
६-	तिल माना डेढ	१॥
७-	चिनी धार्नी दुई	२
८-	तेल पाथी एक माना चार	१/४
९-	ल्वाङ तोला डेढ	१॥
१०-	माछा तोला दश	१०
११-	अदुवा सेर एक	१
१२-	धूप गोटा दश	१०
१३-	पाकेको केरा एक सय	१००
१४-	भटमास माना एक	१
१५-	मासको दाल माना चार	४
१६-	दही पाथी चार	४
१७-	सुपारी तोला एक्काईस	२१
१८-	सिन्दूर तोला तीन	३
१९-	खुदो धार्नी एक	१
२०-	नरिवल तोला चार	४
२१-	दाउरा भारी छ	६
२२-	वेसार मुठी पाँच	५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३-	घीउ पाथी दुई माना चार	२१४
२४-	तमाखु तोला सोह्र	१६
२५-	सुर्ती तोला बाह्र	१२
२६-	जिरा तोला चालीस	४०
२७-	आलु धार्नी चार	४
२८-	बेसार तोला चार	४
२९-	मरिच तोला एक	१
३०-	अमिलो चुक मुठी पाँच	५
३१-	कुखुराको फुल दुई	२
३२-	खुर्सानी माना चार	४

पर्वहरू :

(११) शिवरात्रि :

सि.नं.	*चीजको नाम*	*चाहिने गोटा*
१-	गहुँके पिठो धार्नी आठ	८
२-	घीउ माना बीस	२०
३-	बेसार मुठी पाँच	५
४-	नून माना दुई	२
५-	अदुवा पाउ दुई	२
६-	चिनी धार्नी आठ	८
७-	जिरा तोला दश	१०
८-	सुकमेल तोला एक	१
९-	अलैंची तोला पाँच	५
१०-	आलु धार्नी दश	१०
११-	खुर्सानी माना चार	४
१२-	सेतो वस्त्र गज चार	४
१३-	खुदो धार्नी पाँच	५
१४-	केशरी तोला दुई	२
१५-	दही पाथी चार	४
१६-	जौ, तिल मुठी एक	१
१७-	मरिच तोला दश	१०
१८-	गाँजा तोला दुई	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट ८

यसमा उल्लिखित विभिन्न वलिहरू र तिनको संख्याहरू सम्वद्ध पर्वका लागि गोरखादरवार र सोअन्तर्गतका धार्मिक स्थलमा वलि गर्नका लागि व्यवस्था गरिएको 'वलिको ठेक्का' भन्ने ठेक्काको पोका (**Package**) मा परेका विवरणहरू हुन् । गोरखादरवार दशैंघरमा गरिने वलिसम्वद्ध के कस्तो व्यवस्था ऐतिहासिक समयमा गरिएको थियो भन्ने कुरा नरभूपाल शाहको पालाको खर्चको टिपोटमा, यसैको परिशिष्ट ९ मा तथा १० मा दिइएका अभिलेख तथा तिनका व्याख्याले केही स्पष्ट पार्नेछ भने वर्तमान समयमा यी वलिहरू गोरखादरवारले वार्षिक रूपमा घटाघटद्वारा ठेक्का लगाई प्राप्त गर्ने व्यवस्था रहेको छ ।

पर्वहरू

(१) बडादशैं

सि.नं	*चीजहरूको नाम*	*चाहिने गोटा*
१-	७०/८० धार्नीको निखुनी २२ अंगुलभन्दामाथि सिंग भएको सतार राँगो	१
२-	६/७ धार्नीको ठाडो सिंगभएको जिभ्रोसमेत कालो भएको कालरात्रि वोका एक	१
३-	६/७ धार्नीको ठाडो सिंग भएको जिभ्रोसमेत कालो भएको भद्रकाली वोका एक	१
४-	चार अंगुलभन्दामाथि सिंग भएको निखुनी पुष्ट राँगा	८४
५-	दुई अंगुलभन्दामाथि सिंग भएको कालो वोका	४०
६-	दुई अंगुलभन्दामाथि सिंग भएको कालो बोका	८६
७-	कागे भेडा वलिलायक अन्दाजी दुई तीन धार्नीको निखुनी	५
८-	एक रंगी निखुनी सुँगुर अन्दाजी तीन विसौलीको गोटा	५
९-	कुखुरा, बासेको भाले ५ र पोथी २ जम्मा कुखुरा सात	७

पर्वहरू

(२) चैतेदशैं

सि.नं	*चीजहरूको नाम*	*चाहिने गोटा*
१-	चार अंगुलभन्दामाथि सिंग भएको वलिलायकको निखुनी पुष्ट राँगो	२७
२-	दुई अंगुलभन्दामाथि सिंग भएको पुष्ट कालो बोका	१०
३-	बोका	४३
४-	बलिलायक कागे भेडा अन्दाजी २।३ धार्नीको निखुनी	३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५- कुखुरा बासेको भाले १ पोथी १ जम्मा कुखुरा २

६- सुंगुर एकरंगी निखुनी अन्दाजी ३ बिसौलीको ३

पर्वहरू

(३) **चण्डीपूर्णिमा :**

सि.नं चीजहरूको नाम	*चाहिने गोटा*
१- दुई अंगुलभन्दामाथि सिंग भएको बलिलायक निखुनी बोका	१
२- कांगे भेडा बलिलायक अंदाजी २।३ धार्नीको निखुनी	१
३- एकरंगी निखुनी सुँगुर ३ बिसौलीको गोटा	२
४- कुखुरा बासेको भाले १ पोथी १ जम्मा दुई	२

पर्वहरू

(४) **साउने भण्डारा :**

सि.नं चीजहरूको नाम	*चाहिने गोटा*
१- दुई अंगुलभन्दामाथि सिंग भएको बलिलायक निखुनी बोका	२
२- एकरंगी निखुनी सुँगुर अंदाजी तीन बिसौलीको गोटा	४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट -९

१९९६ साल आषाढ २७ गते रोज ३ को ख. नि. दरबन्दी उतार

२०२ गोरखादरवार के नगदी रू. ८।८८

वैशाख शुदी ५ रोजमा जलधारा गर्ना के रू. २।३६

वैशाख शुदी १० रोजमा लाखपत्र वगाउन के रू. ५।६१

साउने संक्रान्तिमा राँको पूजा के रू. -।३३

नागपञ्चमीमा नागपट टाँस्ना के रू. -।३३

कृष्णाष्टमी के रू. -।२५

----

२३५ गोरखादरबार के १७७२।८०।२

नगदी भेटी दस्तुर दक्षिणा र अरू देहायका जिन्सी समेतके नगदी दिने रू. १४५८।४६।२

राँगा गोटा ८४ के रू. ५३१।

सतार राँगा १ के रू. ३३।-

थुमथुममा खरीद गर्ने ३५ के दर ६।- ले रू. २१०।-

ठेकदार मार्फत खरीद गर्ने ४८ के दर रू. ६।- ले २८८।-

वोका गोटा १२७ के रू. ३९०।-

कालरात्रि के १ के रू. ८।-

भद्रकाली के १ के रू. ७।-

.... ठाउँ ठाउँमा देवताके गोटा १२५ के दर रू. ३।- ले ३७५।-

भेंडा गोटा ५ के दर रू. ३।- ले १५।-

सुंगुर गोटा ५ के दर रू. २।- ले १०।-

कुखुरा गोटा ४ के दर रू. -।८४ ले ३।३६

चौधरी मार्फत ध्यूतेल खरीद के साविक गोरखाको स्थिति
चलं ४ तोलाको १ गंडा ७ गंडाको १ सेर ८ सेरको १
धार्नीको हिसाबले देहायवमोजिम ध्यूतेल के रू. ३५।५।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेल धार्नी १ के दर २।५० ले रू.		२७५९।२
धार्नी ८५। ।३ के २१।६७१ तोला ५२३॥ के		५।८४।१
घ्यू के धार्नी १ को दर २।५० ले रू.		७८४
सेर। ॥ २ के २।३४ तोला ४६६ के रू.		५।२०
दशैंघर बस्ने पण्डितको दक्षिणा		१४।-
दरबारमा जप पाठ गर्ने पण्डित के दक्षिणा		९१।-
कल्स्यौली के		१७।-
मंगल्यानी मद्यौल्यानी के		१३।-
नैवेद्य फलफूल मिठाई के		१९।-
भिन्न देवदेवताके भेटी प्याला दस्तुर के समेत		३२०।५
आश्विनशुदी १ रोज के भेटी भित्र देवता के	१।-	
घटस्थापना के	-।५०	
भित्रका गणेश के	-।३१	
चौंडाके	-।३१	
पशुपति के	-।३१	
विन्दुवासिनी के	-।१५	
श्रीभगवती के	-।१५	
कलश के	१।-	
कोठा गणेश के	-।१५	
मैदानका श्रीकालीके	-।३१	
श्रीगणेश कलश के	-।१५	
तल्ला कोट के	-।३१	
श्रीगोरखनाथ के भेटी	१।२५	
श्रीमहादेव के	-।१५	
श्रीगणेश के	-।१५	
पोखरीका श्रीमहाविष्णुके	-।१५	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराहाजीको	-।३१
श्रीअच्युतनारायणजि के	-।२३
कोट भण्डार श्रीगणेश के	-।१५
नगरा २ के	-।१५
श्रीभगवती के	-।१५
वैजनाथका देवताको	-।१५
उपल्ला कोट के	-।३१
कन्या के	-।१६
राजकन्या के	२।८८
रामचन्द्र शाहका षडग के	-।१५
राधा वल्लभेश्वर के	-।१५

आश्विनशुदी २ रोजमा भित्र देवता के भेटी — १।१६

भित्र देवता के	१।-
कन्या के	-।१६

१।३१

आश्विनशुदी ३ रोजमा भेटी रू.

भित्र देवता के	-।१
श्रीचण्डेश्वरी के	-।१५
कन्या के	-।१६

२।७०

आश्विनशुदी ५ रोजमा भेटी

भित्र देवता के	२।-
वस्त्र धुना के	-।०८
भवानी पूजा के	-।१५
भित्र फारका भित्र न्याहा पूजा के	-।१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्या के	-।३२	
	……..	
आश्विनशुदी ५ रोजमा भेटी		३।३२
भित्र देवता के	२।-	
श्रीमनकामना के	१।-	
कन्या के	-।३२	

आश्विनशुदी ६ रोजमा भेटी		११।८८
भित्र देवता के	२।-	
खड्ग पूजा के	-।३२	
श्रीभद्रकाली पूजा के	१।-	
पूर्ण घडा के	-१५	
वोर्लाङका माझीमार्फत पूजा के	१।८३	
आलम के	-।३१	
कन्या २ के	-।३२	
नौ निसान के	३।-	
दुर्गास्थान के	१।३४	
फूलपाती पर्सना के	-।९९	
विल्लो निमन्त्रणा के	-।३१	
भवानी के	-।३१	

आश्विनशुदी ८ रोजमा भेटी		५।-
कालरात्रि के	१।-	
होम यज्ञ द्रव्य के	४।-	

आश्विनशुदी ९, रोजमा भेटी		९।३४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र देवता के	११३८	
होम यज्ञ द्रव्य के	४।-	
चण्डी के	-।३१	
कुमारी के	-।४८	
निसान के	११५८	
ब्राह्मणी कन्या ९ के	११४४	
हनुमान के	-।१५	

आश्विनशुदी १० रोजमा		१२२।८२
विसर्जन के	१।-	
माइका हजुर्मा टीका के	१।-	
गहना किन्ना के	१०५।-	
भट्टराई प्रोहित	-।९९	
फूलपाती सेलाउना के ज्याला	४।-	
फूलपाती सेलाउने ब्राह्मण के	-।३१	
नगरा मोर्ना के	-।५६	
पूजा के	-।३०	
वाडा लाउना के	-।१२	
गहना माझ्ना के	-।१२	
कलश माझ्न्या के	-।१२	
चिरैया के	-।१५	
कलश पंच बाजा के	-।६०	
दर्बार लिपन्या के	-।६०	
चौका लिपन्या के	-।१२	
भाडा माझ्न्या के	-।०८	
रोटी पोलन्या के	-।६०	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा प्रसाद पुऱ्याउने	३।-	
पात गांसन्या के	-।१५	

आश्विनशुदी १४ रोजका दिनभित्र देवता के भेटी		१।-
आश्विनशुदी १५ रोजमा		१३।८४
श्रीगोरखनाथ के	१।-	
उपल्ला कोट के भेटी	-।६४	
पुराणको दक्षिणा के	१०।-	
प्रोहित के बाटा खर्च	२।२०	

नेपालबाट जिन्सी माल बोकी जाने भरिया के ज्याला		८।-
अडैबाट धान चावल षरीद के	५९।४९	
मु. प्रोहित मार्फत् मुल देवताको जप के	२७।-	
कन्या वर्न्या खडका के	१३।-	
दर्बारीया हजाम के	४।-	
चन्द्रदर्शन के	१।२५	
काँसको थाल १ के	१।-	
कटौरा के	-।२५	

दक्षिणा दशैंघर		१४।-
राजकन्या के	४।५०	
अरू कन्या १८ के	९।-	
कुमार १ के	-।५०	
देहायका देवता के भेटी र भार ल्याउने कुमालहरूको प्याला नपुग मसला षरिदसमेत		८।८०
घडी थापना के	-।८	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुफाका ठिंगा भैरु के	-।१६
भञ्ज्याङ सरस्वती के	-।ᒥ
श्रीविद्या के	-।१६
श्रीकृष्णजी के	-ᒥ
पउना र षे नारायाण के (पदमाख्या नारायण)	-।ᒥ
भंडारी कन्या के	-।३२
असौ पूजा के	-।ᒥ
नव समिका के	२।२५
कलस के	-।ᒥ
बक्रेश्वरी के	-।ᒥ
कटुवाल के मझाला	-।४
वोर्लाङका माझी ४ के ज्याला	-।३२
वोर्लाङ माझी २ के ज्याला	-।ᒥ
सातघर धुवाकोटका कुमाल हाँडी गाग्री ल्याउने जना ८ के	-।१६
दरै टारका फूलपातीमा सगुने भार बोक्ने २ के ज्याला	-।२०
कन्या भोजन वुंकोटको माझी भार ल्याउने २ के	-।४०
सल्यानटारको कुमाल गाग्रो केरा भार ल्याउने २७ के चक्रपूजा के	-।४०
खपरु पूजा के	-।ᒥ
हटीया चोकका भीमसेन के	-।ᒥ
पोखरीका भीमसेन के	-।ᒥ
पञ्च वाजा के	-।६४
सान पूजा के	-।ᒥ
भंडार भैरुं के	-।ᒥ
खपरु पूजा के	-।ᒥ
छडी पुजा के	-।ᒥ
वंगोला के	-।ᒥ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेवन्ते पूजा के	-।८
महादेव के	-।२४
पादुका के	-।८
गुफाका ठिंगा भैंरु के	-।८
खपरु पूजा के	-।८
गोरखनाथका ठिंगा भैंरु के	-।८
हनुमान के	-।८

(नोटः यो दरबन्दीको नक्कलबाट गोरखादरबारक्षेत्रका पर्वपूजाका परम्परागत व्यवस्था, ऐतिहासिक विकासक्रम तथा तुलनात्मक अध्ययनका लागि मद्दत हुनजाने र एवं प्रकारले यसबाट समसामयिक अवस्थाका विभिन्न वस्तु तथा सामानहरूको दरभाउसमेत बुझ्न सहायक हुने हुँदा जिज्ञासु र अनुसन्धानकर्तालाई उपयोगी हुने ठानी प्रकाशित गरिएको छ ।)

चैत्र दशैंमा देव देवता पूजाको काम के गोरखा दरबार के नगदी जाने देहायबमोजिम जिन्सीबापत नगदी जानेसमेत		५२७७५।२
बलि गोटा ८७ के		३३४।६८
राँगा २७ के दर ६।- ले	१६२।-	
बोका ५२ के दर ३।- ले	१५६।-	
भेंडा ३ के दर ३।- ले	९।-	
सुँगुर ३ के दर २।-ले	६।-	
कुखुरा २ के दर -।८४ ले	१।६८	

भेटी के		१२।६४
भित्र देवता के	१।-	
श्रीगणेश के	-।५०	
श्रीहनुमान के	-।१६	
पोखरीका विष्णु के	-।१६	
श्रीवैजनाथ के	-।१६	
उपल्लाकोट श्रीमाई के	-।३२	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नौ निशान के	-।७४
जंगी निशान के	-।३२
पोखरीका श्रीगणेश के	-।१६
मैदानका श्री कालिका के	-।१६
श्री वराहाजी के	-।१६
पंच वाजा के	-।१६
श्री चंडी के	-।३२
कोटका श्री गणेश के	-।१६
श्रीपशुपतिनाथ के	-।३२
यज्ञ द्रव्य के	५।-
श्रीविद्या के	-।१६
श्रीगोरखनाथ के	१।-
श्रीविन्दवासिनी के	-।१६
पोखरीका श्रीमहादेव के	-।१६
ढुंगा गाडे श्रीभगवती के	-।१६
श्रीरामचन्द्र साहाको खडग के	-।१६
श्रीअच्युत नारायण के	-।३२
श्रीराधा वल्लभेश्वर के	-।२४
तल्ला दरवारका श्रीभगवती के	-।१६

मूल प्रोहित धोति के	३।१०
ह्यामी जना १६ के खाना खर्च	१।७५
भट्टराई प्रोहित के	२।-
मंगल्यानी जना ४ के	६।२०
रोटी पोल्ने के	-।६४
सुनको टीका के	-।१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुक के	-।२१
दशैं घरमा बस्ने ब्राह्मण के	-८।५२
गौलोचन के	-।१०
केशरी के	-।१७
दाख के	-।११
नेपालमा प्रसाद पुऱ्याउने के	१।३२
भान्छे ब्राह्मण के दक्षिणा	-।६४
श्रीगणेशको कोठामा काम गर्ने के	१।-
नगरा पंच बाजा के	-।९८
कटुवाल के	-।२४
फरास के	-।८
कन्या के गुनियां वापत	-।४०
रेसम के	-।१६
गादी तन्ना धुने के	-।१६
कन्या सुसारे के	-।४७
मुसारे ९ के	४।-
पानी भर्ने के	-।१६
पाठ गर्ने ब्राह्मण के दक्षिणा	३२।५४
कस्तूरी के	-।५०
कचौरी टिकने के	-।८
मूल (कुल) देवता गहना के	६०।-
बोहरा कोट पति रुमाल के	१।-
मूल प्रोहित मार्फत मुल देवताको पूजाको	९।-
नैवेद्य फलफूल मिठाइ के	५।५
कन्या के दक्षिणा	-।५०
विसर्जनको भेटी	-।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खपरु पूजा के	-।८
उपल्ला कोटका वज्र भैरुं के	-।८
ऐ को विन्दवासीनी के	-।८
नगरा २ के	-।१६
श्रीमहादेव के	-।८
कोठाका गणेश के	-।१६
श्रीवक्रेश्वरी के	-।८
गुफाका ठिङ्गा भैरुं के	-।८
भंज्याङ सरस्वती के	-।८
ऐ का श्रीगणेश के	-।८
श्रीकृष्णजी के	-।८
सान पुजा के	-।८
भित्रीया सुसारे द्वारे के धोति रुमाल वापत	१।-
पूर्ण घडा के	-।८
श्री चौधा के भेटी	-।८
वंगोला के	-।८
कुमारी के	-।१६
श्रीपादुका के भेटी	-।८
श्रीचंडेश्वरी के	-।८
श्रीमनकामना के	-।५०
श्रीभडार भैरुं कै	-।८
तल्ला कोट के	-।१६
पोषरी के भिम्सेन के	-।८
पदमाख्ये श्रीनारायण के	-८
हटिया थोकका श्रीभिम्सेन के	-।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमार दक्षिणा के -।५०

(साभार : कौसी तोसाखाना)

व्याख्या - (परिशिष्ट ९. सम्वद्ध) :-

गोरखादरबार र त्यससँग सम्वद्ध विभिन्न पर्वहरूका लागि आवश्यक पर्ने पूजा सामान तथा नगदी भेटी, दक्षिणाको संवत् १९९६ सालको लगत हो यो । कौसी तोसाखानावाट तत्कालीन समयमा गोरखादरबारमा चाहिने पर्वपूजाको लागि जाने यी रकमको व्यवस्थावाट यससँग सम्वद्ध विविध पक्षमा खुलासा हुने आशा गर्न सकिन्छ । यसमा उल्लिखित जलधारा, लाखपाती, साउने संक्रान्ति, नागपन्चमी, कृष्णअष्टमी आदि पर्वका लागि रकम व्यवस्था भएकोबाट यस अनुसन्धानमा खुलाइएका विभिन्न तथ्यहरूलाई सहायता **(Reference)** उपलब्ध भएको छ ।

थुमथुमबाट र ठेक्कावाट राँगाहरू प्राप्त गर्ने त्यतिवेलाको व्यवस्था तथा राँगा, वोका, सुँगुर, कुखुरा, घ्यू, तेल आदिको मूल्यको व्यवस्थावाट तत्कालीन समयको वजार भाउ वुझ्न र तत्सम्वन्धी सामाजिक-आर्थिक विविध पक्षमा अरू स्पष्ट हुने आशा गर्न सकिन्छ । त्यसैगरी गोरखादरवारमा हाल नरहेको 'चौधरी' भन्ने पदका वारे पनि यस लगतमा उल्लेख भएवाट यसवारे अरू स्पष्ट पार्न सघाउ पुगेको छ (यसवारे थप विवरणका लागि हेर्नुहोस् यसै लेखकको त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्रको 'मनकामना मन्दिर र त्यसक्षेत्रको जनजीवनको सांस्कृतिक अध्ययन' नामक परियोजनाको अन्तिम प्रतिवेदन) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १०

गोरखादरबारको रीतिस्थिति सम्बद्ध श्री ५ रणबहादुर शाहको अभिलेख

(श्री ५ रणबहादुरको प्रशस्ति)

आगे दस्या वस्न्यात जगसिं वानियां प्रति श्रीमनकामनाका वर्षवंधन पूजा वैसाप कार्तिकको र गांर्पाका दर्वारमा दसैका रागा वस्न्यातले किन्नु वोक्या वानियाले किन्नु . भारा हिजोदेषि वन्देज गरिराष्याको हो . आज र पूजाको रागा वोका किनिदिदैन भनि यांहां विंति गर्न आयो . हिजोको वंदेज गरिराष्याको भारा जसले गरैन . उसउसलाई डंड पर्ला . तसअर्थ कार्तिकमा रागा ३ वोका १३ वैसाषमा रागा ३ वोका १३ सालवसाल चोपो हेरि किनिदिन्या गर अघीको रित्ता समकाज गरि रूजु रहु .

इति संवत् १८५३ वैशाखवदी ३०

(प्रस्तुत अभिलेख 'मनकामना' पत्रिकावाट साभार गरिएको हो ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - ११

लगतफाँट डिल्लीबजारबाट प्राप्त विवरण

गोरखादरबारको तात्कालिक कामदारहरूको पद र नाम उल्लेखित विवरण :

१. सुब्बा दीर्घसिङ्ग गुरुङ्ग
२. वैदार चामुनारान
३. भित्रिया सुसारे भक्तु खवास्
४. भित्रिया सुसारे रनधोज थापा
५. „ टेकबहादुर बोहोरा
६. (यो नं. छैन)
७. भीरकोटे सुसारे - बुद्धिमान थापा
८. भीरकोटे सुसारे - चन्द्रध्वज थापा
९. भीरकोटे सुसारे - जस्मन थापा
१०. भीरकोटे सुसारे - जयवहादुर थापा
११. भीरकोटे सुसारे - रनधोज थापा
१२. भीरकोटे सुसारे - दिलमान थापा
१३. भीरकोटे सुसारे - बलमान थापा
१४. भीरकोटे सुसारे - जङ्गवीर राना (सम्भवत: मनकामनाको ढोकामा अभिलेख राख्ने सुरवीर राना यिनका बन्धु हुन्)
१५. भीरकोटे सुसारे - घनश्याम थापा
१६. मानध्वज हजाम
१७. जङ्गीनिसान दलमान थापा गोर्खा
१८. (यो नं. छैन)
१९. फरास- लीलाधर माझी क्षेत्री
२०. नयाँदरवारका झाडुवडारु - वखति कसाई गोर्खा
२१. उपल्लाकोटका सुसारे - इन्द्रमान खवास
२२. उपल्लाकोटका सुसारे - भुवानीभक्त खवास
२३. उपल्लाकोटका आलम काट्ने - हस्तबहादुर वानिया
२४. (यो नं. छैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. कन्यासुसारे - खड्गध्वज खवास, गोर्खा

२६. पशुपति सुसारे - इन्द्रदत्त पाध्या

२७. वोसी - दीर्घमान

२८. कर्मी - हरिकृष्ण

२९. अवाल - लक्ष्मीनारान्

३०. भवानीका नगर्ची - गोरे दमाई

३१. भवानीका रासा - वखते दमाई

३२. भवानीका विजुलि - काले दमाई

३३. भवानीका धोप - सेते दमाई

३४. भवानीका भेडी - मलवीर दमाई

३५. भवानीका कहाल - चाउथे दमाई

३६. भवानीका दर्ज़ी - धने दमाई

३७. गोरखनाथका नगरा - जसे दमाई

३८. गोरखनाथका रासा - मनिराम दमाई

३९. गोरखनाथका धोप - वीरे दमाई

४०. गोरखनाथका काहाल - दधिराम दमाई

४१. गोरखनाथका कटुवाल - अमृ घर्ती

४२. माहाने - कुल्मान् जोसी, गोर्खा

४३. पानी भर्ने - वाग्दाल खवास्

४४. कोटाले - टिस्नु कंवर

४५. कोटाले सर्वजित खवास्

४६. श्रीमाईका नगरा मर्ने - पन्चेराम सार्की

४७. गोरखनाथका नगरा मर्ने - शेरे सार्की

४८. पन्चवाजा - काले दमाई

४९. (यो नं, छैन)

५०. उपल्ला कोट तल्ला कोट वढाई गर्ने - हस्ते दमाई

५१. गहना कलश माझ्ने - इन्द्रज्योति बाँडा

५२. वाड लगाउने - टीके कामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५३. चुंदरा - गजाधर कामी

५४. चिराखभाँडा खुरा मलने - बलवीरे कामी

५५. चुरेटा - सेतु मिया

५६. घडी - लाल् सिं गुरुङ्ग

५७. गादिको पोसाख धुने - सत्मान् नेवार

५८. तल्लाकोट उपल्लाकोट वाढ लगाउने - सेते कामी

ह्यामी - रणकुमारी खवासिनी - उपल्लाथोक

ह्यामी - लक्षीयाकुमारी खवासिनी हटियाथोक

चन्द्रकुमारी खवासिनी पदेलथोक,

वसन्धरा खवासिनी हटियाथोक,

मानकुमारी खवासिनी हटियाथोक,

बालकुमारी खवासिनी उपल्लाथोक,

वर्नकुमारी खवासिनी हटियाथोक,

धनकुमारी खवासिनी उपल्लाथोक

सेती खवासिनी उपल्लाथोक

नन्दकुमारी खवासिनी उपल्लाथोक

सन्तकुमारी खवासिनी उपाल्लाथोक

जनकुमारी खवासिनी उपल्लाथोक

भद्रकुमारी घर्तिनी उपल्लाथोक

पद्मकुमारी घर्तिनी उपल्लाथोक

पुतली घर्तिनी उपल्लाथोक

सन्तकुमारी खवासिनी उपल्लाथोक

व्याख्या :

यो विवरण साल संवत् नभेटिएको लगतफाँट डिल्लीबजारको लगतबाट लिइएको हो । यसले त्यतिवेला गोरखादरबारमा काम गर्ने कामदारहरूको बारेमा बताउँछ । त्यसैगरी यो विवरण त्यहाँ कार्यरत कामदारहरूको परम्परागत इतिवृत्त, गोरखादरबारको संगठनात्मक संरचनाको कालक्रमिक विकास तथा सम्बद्ध व्यक्तिहरूको वंशावली अध्ययन र निर्माणका लागि समेत उपयोगी हुने सम्झी प्रकाशित गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १२

गोरखादरबारक्षेत्रमा गोप्यरूपमा रहेका बाहेक अन्य मूर्तिहरूको विवरण

१.	हनुमान भञ्ज्याङको -	समभंग हनुमान, ६४ $\frac{१}{२}$ २' १०'
२.	हनुमान भञ्ज्याङ्गको -	नागराज १" ३" ६"
३.	हनुमान भञ्ज्याङ्गको -	समभंगमा उभेको गणेश २" ५" २"
४.	हनुमान भञ्ज्याङ्गको -	बसेकी सरस्वती २' ९" १' ७"
५.	हनुमान भञ्ज्याङ्गको -	उमामहेश्वर २४" १" ५"
६.	चण्डी भञ्ज्याङ्गको -	उकालोमा - उभेको श्रीवच्चुगणेश १" ५$\frac{१}{२}$ " ९"
७.	चण्डी भञ्ज्याङ्गको -	सिंहवाहिनी चण्डी १" ८" १०"
८.	चण्डी भञ्ज्याङ्गको -	चैत्यको शिरोभाग १" २$\frac{१}{२}$ " ६"
९.	दरवारको परखाल -	कछुवा ३" २" २" ४"
१०.	दरवारको परखालको -	श्रीपशुपति १" २" १" ३"
११.	शिववाहन, गुह्येश्वरी	
१२.	नरसिंह -	पण्डितपाटी २" १" १" ९"
१३.	राधाकृष्ण -	पण्डितपाटी १" ३" ७"
१४.	विष्णुनारायण -	भण्डार
१५.	तोषाखाना-	गणेश - १"
१६.	श्रीविद्यामा थाहा नभएको -	१
	राधाकृष्ण -	१
	गणेश -	१
	कछुवा -	१
	चैत्य -	१
१७.	कोटभण्डार -	पाञ्चायन (नारायण नभएको) - १
	बसिरहेको गणेश -	१ (काठ)
	उभेको गणेश -	१ (ढुंगा)
	उभेको शिवजी-	१ (ढुंगा)
	बसेको लक्ष्मी -	१ (ढुंगा)
	उभेको विष्णु -	१ (ढुंगा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिंग (योनि शुद्ध) -	१ (ढुंगा)
शिवलिंग (इँटको) -	१ (ढुंगा)
१८. बसाहा -	श्रीविद्यामा - १
१९. द्वारे -	विष्णु पाञ्चायन - १ (१६७१ वि.सं.)
२०. पाले -	विष्णु पाञ्चायन - १ (१६७१ वि.सं.)
२१. विष्णु -	विष्णु पाञ्चायन
२२. महादेव -	महादेवस्थान - १
२३. गणेश -	गणेश थान - १
२४. देवी -	महादेव थान - १
२५. गरुडनायक -	विष्णु थान - १
२६. भगवती विष्णु थान -	१
२७. गणेश विष्णु थान -	१
२८. गरुडनायक विष्णु थान -	१
२९. लक्ष्मी विष्णु थान -	१
३०. भगवती -	१
३१. उभेको गणेश -	विष्णु पाञ्चायन - १
३२. सूर्य विष्णु, पाञ्चायन -	१
३३. रानीवन सरस्वती	

(साभार - गोरखादरबार कार्यालय, गोरखा)

नोट : गोरखादरवारक्षेत्रको धार्मिक इतिहास, मूर्तिकलाको अध्ययन तथा तत्सम्वन्धी अनुसन्धान गर्ने र अन्य जिज्ञासुहरूलाई समेत लाभ हुने देखी यो विवरण प्रकाशित गरिएको छ ।

व्याख्या :

गोरखादरबारक्षेत्र स्मारक संरक्षणकै दृष्टिले पनि गोरखावजार क्षेत्रसम्म विस्तृत भूभागमा फैलिएको छ भने यसको धार्मिक र सांस्कृतिक इतिहाससँग निकटस्थ र सम्बन्धित ठूलो क्षेत्रमा फैलेका विभिन्न स्मारकक्षेत्रमा रहेका यी मूर्तिहरू व्यापक अध्ययन क्रममा जानकारीमा राख्नुपर्ने विषय भएकोले प्रकाशित गरिएको छ । अधिकांश शाहकालीन मूर्ति रहे तापनि चैत्यहरू, गुह्येश्वरी, उमामहेश्वर आदिका मूर्तिहरूले शाहकालपूर्वकै कलात्मक गुण बोकेकाले ती Object हरू निकै महत्त्वपूर्ण ठानी यहाँ स्थान दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १३

गोरखादरबारक्षेत्रका स्मारकहरूको सूची

गोरखादरबारक्षेत्र भित्र रहेका मन्दिर तथा अन्य स्मारकको विवरण :

१.	कालिका मन्दिर	ल.	५१ फि.	चौ. २४ फि. ६ ई.
२.	रंगमहल	ल.	३४ फि. ७ ई.	चौ. १२" ३"
३.	गोरखादरबार	ल.	४५ फि.	चौ. २८" ७"
४.	पण्डितपाटी	ल.	११" २"	चौ. ५"
५.	धुनीपाटी	ल.	२७"	चौ. ११"
६.	गोरखगुफा	ल.	१२"	चौ. १०"
७.	चौघेरा	ल.	३९" ५"	चौ. ३०" ५"
८.	श्रीविद्या मन्दिर	ल.	६" ६"	चौ. ६" ५"
९.	शितलपाटी	ल.	२३" ६"	चौ. १४" ६"
१०.	दमाईपाटी	ल.	१५" ५"	चौ. ९" ५"
११.	रोटपाटी	ल.	३५" ३"	चौ. १६" २"
१२.	राँगागोठ	ल.	२५" ६"	चौ. १३" ८"
१३.	का.प्र. क्वार्टर	ल.	३३"	चौ. २५" ८"
१४.	सेतो घर	ल.	३३" ४"	चौ. १८" ३"
१५.	सेतोघरको भान्सा	ल.	१२" ५"	चौ. २४" ५"
१६.	सेतोघरको शौचालय	ल.	५" २"	चौ. १३" ५"
१७.	उपल्लाकोटको पाटी	ल.	१६" २"	चौ. १३" ५"
१८.	का.प्र. को धन्सार	ल.	१६" ६"	चौ. १२" ५"
१९.	का.प्र. बसेको गोठ	ल.	२७"	चौ. १५" ८"
२०.	गणेश थान मन्दिर	ल.	८"	चौ. ६" ६"
२१.	गणेश थान पाटी	ल.	३९" ३"	चौ. १२" ४"
२२.	तल्लो दरवार	ल.	५०३१. ५० मी	चौं ३१.१५ मी.
२३.	महादेवस्थान	ल.	५०.२० मी	चौ. ५.९० मी
२४.	विष्णुपाञ्चायन मन्दिर	ल.	४.०८ मी	चौ. ४.०८ मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५.	सोह्रखुट्टे पाटी	ल. ४.९० मी	चौ. ४.७० मी
२६.	गणेश मन्दिर	ल. ४ मी	चौ. ४ मी.
२७.	विरिमकाली मन्दिर	ल. १३" ४"	चौ. ११ फी.
२८.	ढुंगाडे मन्दिर	ल. १५ हात	चौं १४ हात
२९.	ढुंगाडे सत्तल	ल. १४ हात	चौ. ७ फीट
३०.	दमाई पाटी	ल. १५ फि. १५$\frac{१}{२}$ ई.	चौ. ९ फि.१ इन्च
३१.	पदमाखे नारायण मन्दिर	ल. ३ मी	चौ. ३ मी उचाई २ मी

(साभार : गोरखादरबार कार्यालय)

नोट : गोरखादरबारक्षेत्रका स्मारकहरूको बारेमा जानकारी राख्न चाहनेहरूका लागि उपयुक्त हुने ठानी यो विवरण प्रकाशित गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १४

गोरखादरबारमा हुने दुर्गोत्सवका अवसरमा गाइने मालसिरी गीतको पूर्णविवरण

श्रीगणेश

(१) श्रीगणेश पुजौं नदि किनारमा
चन्द्र वदन मृगलोचनी
आउ गंगा जमुना त्रिवेणी
संगमा मध्य दाहिने कालिका
चण्ड प्रचण्ड रुपिणी
छत्तीस वाहन साधिनी
शंख चक्र गदा पद्म
खड्ग खप्पर लिएर
लाल लहंगा वीर गीत
छत्तीस वाजा वजाएर
गणेश पुजौं नदी किनारमा
वजाई डिमी डिमी डमरु डिमी डिमी (२)
खड्ग खप्पर धारिणी
हात खप्पर त्रिशुल लिएकी
कोटी सेना मारनी
गणेश पुजौं नदी किनारमा
चन्द्र वदन मृगलोचनी

(२) ले ले हानौ ले ले ले (२)
देत्यासु मार्न खड्ग च्यापेकी (१)
प्रकट विकट वदन रूप (२)
चण्ड मुण्ड मालिनी (२) काला काला आंखा भएकी (२)
सोह्र अरुण वाहन छमछम (२)
प्रकट विकट वदन रूप (२) उन्मत्त नयन लिएकी (२)
सोह्र अरूण वाहन छमछम (२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ले ले हानौं ले ले ले

(३) जय विन्दवासिनी तिमी भवानी (२)

पुजा लेउ मन लाएर (२)

तनमन सारा आफ्नो तिमीमा (२) गर्दैछौं अर्पण (२)

घरकी दुर्गा मनाउँछौं (२) हामी बाह्रै वर्ष (२)

जननी आउ घरकी दुर्गा मनाउँछौं (२)

जय विन्धवासिनी तिमी भवानी (२)

पुजा लेउ मन लगाएर

अन्माउ फूलपाती, चढाउ डोली (२)

भन्दै जय जय कालिका (२)

वैद जगाई जननी आइन् (२) कालरात्री मनाऊं (२)

जय विन्धवासिनी तिमी भवानी

(४) जय देवी भैरवी गोरखनाथ ....

अम्विके जगदम्वीके (२)

ज्योतिज्वाला विशाल आंखा

वीर गीत कथी कथी (२)

ताता थैया तत् तत् थैया (२)

नाच संग ली जोगीनी (२)

भक्तका दु:ख हटाउ जननी (२)

अम्विके जगदम्बीके (२)

(५) धन्य धन्य धन्य माता । धन्य गुह्य कालिका (२)

तिमी नै कोटी चन्द्र बदन तिमीनै उमा राधिका (२)

तिमी नै तारा तिमी नै सारा तिमी नै गुह्य कालिका

धन्य धन्य धन्य माता धन्य गुह्य कालिका

सिद्धिकाली सिद्ध जननी सिद्ध एवं पुजनी (२)

धन्य धन्य धन्य माता । धन्य गुह्य कालिका (२)

(६) भैरवी देवी तिम्रो शरण हामी आयौं (२)

नुवाकोटमा सुन्दर मन्दिर (२) भित्र बसेर आसन बाँधी (२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संजेकालमा दीप जलाई (२) नगरा वजाई शब्द सुनाई (२)

भैरवी देवी तिम्रो शरण हामी आयौं

(७) हे माई पन्चकुमारी भक्तकी तिमी पालनी (२)

उत्तर पर्वत हिमाल नजीक तिम्रो स्थान सवैतिर (२)

रातो वस्त्र रातो चन्दन

पुजन गर्छौं हजुरको

भक्तिभाव जान्दैनौं केही (२)

खुसी होउ प्रणामले (२)

हे माई पन्चकुमारी भक्तकी तिमी पालनी

व्याख्या -

प्रस्तुत भक्तिभावले युक्त मालसिरी गीतहरू हनुमानढोका संरक्षण तथा दरवार हेरचाह कार्यालयका कामदारहरू (जो गोरखादरवारमा कलस्यौली तथा मंगलेनीका रूपमा काम गर्न वडादशैंमा जाने गर्छन्) नानु तथा तिनका अन्य साथीहरूको सहयोगमा संग्रह गरिएको हो । यी विभिन्न गीतहरू गोरखादरवारमा दशैंघर पूजा हुँदा आश्विनशुदी प्रतिपदादेखि आश्विनशुदी चतुर्दशीसम्म विभिन्न पूजाको प्रकृति हेरी गाइन्छ । यी गीतहरूको सट्टा एक दशक अघिसम्म पनि हिन्दी भाषामै रहेको मालश्री गाइने चलन रहेकोमा हाल केही वर्ष यतादेखि नेपाली भाषामा यी गीतहरू तयार पारिएको छ । मिठासयुक्त लय र तालमा दशैंघरका हरेक पूजाका अवसरमा गोरखादरवारमा गाइने यी गीतहरू यहाँको सांस्कृतिक जीवनको अन्तरंग र अविच्छेद्य अंगका रुपमा एकाकार भएको छ ।

यी सात प्रकारका गीतहरू मध्ये १ नं. को गीत श्रीभवानीको पूजा क्रममा गरिने श्रीसिद्धिविनायक गणेशको पूजा हुँदा गाइन्छ । त्यस्तै नं. ३ र नं. ५ का गीतहरू श्रीभवानीको मुख्य प्रतीकमा पूजा हुँदा गाउने गरिन्छ । नं. ४ र नं. ६ मा प्रस्तुत गीतहरू श्रीभवानी, श्रीगोरखनाथजी र भैरवसमेतका पूजामा गाएको पाइन्छ । त्यसैगरी नं. ७ को गीत कुमारी पूजा गर्दा र नं. २ को गीत मारकाटको अवसरमा हिंसाको संकेत गर्ने नवगाह वाजाको सहवर्ती भएर प्रस्तुत हुने गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १५

स्याङ्जा लसर्घाको आलमदेवी सम्बद्ध पुराना अभिलेखहरू

यस परिशिष्ट १५ अन्तर्गत क, ख तथा ग गरी तीनवटा ऐतिहासिक पत्र प्रस्तुत गरिएको छ । यी पत्रहरू स्याङ्जा जिल्ला आलमदेवी गाविस लसर्घा बस्ने आलमदेवीका पुजाहारी ज्ञानबहादुर मास्की रानाको संग्रहमा रहेका लालमोहर र रुक्का जस्ता पत्रको नक्कल हुन् । यी पत्रहरू तिनै सग्रहकर्ताको सौजन्यवाट प्राप्त भएको हो ।

गोरखादरवार श्रीभवानीको उत्पत्तिसम्बन्धी कथा तथा पूर्वपीठिका झैं प्रस्तुत स्याङ्जाकी आलमदेवीको पूजाका लागि तथा कामदारको खान्कीसमेत व्यवस्था गर्ने बारेका यी पत्रको यहाँ विशेष महत्त्व हुने देखिएको छ। गोरखाली शाह राजाहरूको पुर्ख्यौली इतिहास निर्क्यौल गर्ने क्रममा जसरी स्याङ्जा लसर्घाकी आलमदेवी सम्वद्ध कथा माइलस्टोन झैं देखापर्दछ त्यसैगरी शाह राजाहरूले कुलदेवताकै रूपमा मानेको यी देवीको कथा मध्यकालीन नेपाली इतिहासको कैयौं अनुत्तरित प्रश्नको उत्तर ठम्याउनका लागि पनि कालक्रममा उपयोगी र आवश्यक हुने ठानी यी अभिलेखको फोटोकपि प्रकाशित गरिएको छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १६

रंगमहलको राजेन्द्रविक्रम शाहको शिलालेख

गोरखादरबार, रंगमहलको छिडीमा खोपाभित्र यो शिलापत्र राखिएको छ । यसको लम्वाई १२ इन्च, चौडाइ ९ इन्च छ । यहाँ वि.सं. १८८१ दिइएको छ ।

१. श्रीगणेशाय नम : ॥ शाके षद्सागरद्रिक्षितिभिरधिमिते माधवे कृष्णपक्षे

२. नक्षत्रे वायुदैवे श्वसनसखतिथौ वासरे चन्द्रजस्य ॥ श्रीकालिप्रीतये

३. सौ सुकनककलसप्रापर्णं चाकरोच्छ्रिराजेन्द्रो राजचूडामणिगणकिर-

४. णप्रख्यचित्रांघ्रिपद्म : ॥ १ ॥ गिर्वाण(यु)द्धपदपूर्वकविक्रमस्य पुत्रो वभूव गु-

५. ण शस्त्रयशोदयार्द: ॥ राजेन्द्र विक्रम इति प्रथितस्त्रिलोक्यां शूरो विदारित

६. समस्तसपत्नसंघ : ॥२॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणे-

७. त्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीश्रीश्रीश्रीश्रीमा

८. हाराजाधिराजराजेन्द्रविक्रमसाहवहादूरसंसेर्जङ्गदेवानां सदा सम-

९. रविजयिनाम् ॥ वैसाख कृष्ण प्रतिपदा बुधवारका दिन श्रीगोर्षा दसै-

१०. घर प्रिति गरि श्री ५ महाराज राजेन्द्रविक्रम साहले चढ़ायाको गजुल हो .

११. वापत . पुर्कोटका स्याहमोहरका वदला लालमोहल गलिवक्साको आमदनि

१२. र ०८० सारमाहा-व्रतवंध हुंदा लाग्याको चुमावनका दस्तुरले वनाया -

१३. को हो । हेम्ना स्याच्छाचा -निर्माणकर्ता तारानाथो भूमिजा निपुरोधा : । का -

१४. र्यस्यास्य प्रार्पणस्याधिकारिभूतो ज्ञेय: सुप्रसन्नास्तु कालि ।१। मार्फत

१५. पुरोहित तारानाथ अर्ज्याल शाके १७४६ संवत् १८८१ सार मिति वैशाख

१६. वदि १ रोज ४ शुभम् ॥०॥

व्याख्या :

गोरखादरवारको रंगमहलको खोपामा रहेको यी प्रस्तर अभिलेखले श्री ५ राजेन्द्रवाट आफ्ना ब्रतवन्धका अवसरको चुमावनका दस्तुरवाट श्रीकालीलाई प्रसन्न पार्ना निमित्त गजूर चढाएको कुरा स्पष्ट गर्दछ । श्री ५ गीर्वाणयुद्धकी मुमाले प्रतिअष्टमी पूजाका निमित्त पुरकोटमा गुठी राखी सं. १८५६ मा ताम्रपत्र गरिदिएको र श्री ५ राजेन्द्रवाट सं. १८८१ मा गजूरसमेत चढाएको देखिंदा आफ्नो पुर्ख्यौली दरवार तथा इष्टदेवी कालीप्रतिको भक्तिभावमा शाही राजपरिवारले कमी आउन नदिएको देखिन्छ । सांस्कृतिक अध्ययनको कार्य गरिरहेको वेला सान्दर्भिक हुने ठानी यो अभिलेखलाई प्रस्तुत अनुसन्धानको परिशिष्टमा समावेश गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १७ (क)

गोरखादरबारको पूजा व्यवस्थासम्बन्धी श्री ५ रणबहादुर शाहको अभिलेख

स्वस्तीश्री श्रीधर पंथके प्रणामपूर्वक पत्रमिदम . यहां कुशल . तहां कुशल चाहिये . आगे इहाको समाचार भलो छ . उप्रान्त पुजामा विघ्नबाधा बढ्दै गयो भन्या पत्र आयो . अर्थ मालुम भयो . बलि आयध्यान पूंजा दरबारबाट भैरह्याको र वैदिक श्रीको सिद्धमन्त्र राजलक्ष्मी नित्य गोप्य पूजा पुरश्चरण तम्रै घरबाट अघि श्रीहरूदेषिं तम्रा पूर्षालाई वक्स्याको परापूर्वको रीतसँग तिमी र तिम्रा संतान दरसन्तानले गर्ने गरी अभय वक्सेका छौं . इति सम्वत् १८५५ साल मिति चैत्रशुदी १० रोज २ मुकाम कान्तीपुर शुभम् ।

साभार : गोरखाका ऐतिहासिक सामग्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १७ (ख)

गोरखादरबारको पूजा व्यवस्थासम्बन्धी श्री ५ राजेन्द्रको लालमोहर

आगे तारानिधी पथके प्रणाम हाम्रा पूर्षा श्रीहरूदेर्षी नै श्री गुरुपरमेष्टि गुरु रामेश्वर पंथज्यूलाई र हाम्रा श्रीजिज्यू श्री ५ पृथ्वीनारायण शाहको समहेमा तिम्रा पुर्षा काजी महेश्वर श्रीधर श्रीहर्कपंथ समेतले लडायीभिडायी हाल हुकूममा रुजू रही स्वभ्मो चिताई तिमीले हाम्रा गाथगादीको स्वभ्मो गऱ्याबापत तिमी र तिम्रा सन्तान दरसन्तान पर्यन्तलाई गोर्षा दरवारको र हनुमानढोकाको दरवारको पंथकोठाको काजी पगरी बक्स्यौं . धर्माधिकारको सातौं भाग विर्ता दस्तुरको खेत थरघरको खेत छ वासंपूर षुवा १ हाम्रा दरबारको अन्नप्राशन उपनयन दानको गुरु प्रोहितको मोहर गरिवक्स्यौं . निमक्को स्वभ्मो चिताई श्री गोरष इष्टदेवीको सिद्ध मंत्र जपी आसिर्वाद दिंदै रहू . इति सम्वत् १८७८ साल जेष्ठवदि १२ रोज ५ मुकाम कान्तीपुर शुभम् ।

साभार : गोरखाका ऐतिहासिक सामग्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १८

वर्षदिनभरमा गोरखादरबार र सम्बद्ध पीठमा खर्च भै जाने बलिहरूको खर्च हुने दिनअनुसारको तालिका

	सतार (मौलामा)	कालरात्रि भद्रकाली (बोका)	अरू रांगा ८४	गुठको बोका २ (भित्र)	गुठको भेंडा ९ (भित्र)	कालो बोका ४०	अन्य बोका ८६	कागे भेंडा ५	कुखुरा ७	सुंगुर ५	अष्टमी भेंडा २२	कैफियत
						(जम्मा – १२६)						
बडादशैं												
आश्विनशुदी प्रतिपदा	-	-	-	-	-	२	-	-	-	-	-	
आश्विनशुदी द्वितीया	-	-	-	-	-	२	-	-	-	-	-	
आश्विनशुदी तृतीया	-	-	-	-	-	२	-	-	-	-	-	
आश्विनशुदी चतुर्थी	-	-	-	-	-	२	-	-	-	-	-	
आश्विनशुदी पञ्चमी	-	-	-	-	-	२	-	-	-	-	-	
आश्विनशुदी षष्ठी	-	-	-	-	-	४	१	१	-	-	-	
आश्विनशुदी सप्तमी	-	१	-	-	-	६	-	-	-	-	-	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

परिशिष्ट

आश्विनशुदी अष्टमी	-	१	३५	२	९	२	९	१	-	२	-	नवमी बलि हुने भनेर नतोकेको अन्य पीठमा जाने बोका ९ यसैमा
आश्विनशुदी नवमी	१	-	२२	-	-	४	४६	३	७	३	-	
आश्विनशुदी दशमी	-	-	-	-	-	-	८	-	-	-	-	
आश्विनशुदी चतुर्दशी	-	-	२७	-	-	२	३२	-	-	-	-	
आश्विनशुदी पूर्णिमा	-	-	-	-	-	-	२	-	-	-	-	
चैते दशैं												
चैत्राष्टमी	-	-	२७	-	५	४+४९		३	२	३	-	
प्रतिअष्टमी												
महाष्टमी र चैत्राष्टमी बाहेक बाँकी २२ प्रतिअष्टमी	-	-	-	-	-	-		-	-	-	२२	

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

साउने भण्डारा											
श्रावणशुदी प्रतिपदा	-	-	-	-	-	२	-	-	१	-	साउने भण्डारामा
श्रावणशुदी द्वितीया	-	-	-	-	-	२	-	-	१	-	काटिने बोका ६
श्रावणशुदी तृतीया	-	-	-	-	-	२	-	-	१	-	मध्ये ४ अमानतवाट
श्रावणशुदी चतुर्थी	-	-	-	-	-	२	-	-	१	-	२ ठेक्कावाट
चण्डीपूर्णिमा											
वैशाखशुदी पूर्णिमा	-	-	-	-	-	१	१	२	२	-	
जम्मा	१	२	१११	२	१४	१८६	९	११	१४	२२	= ३७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - १९ (क)

गोरखनाथको नगर्चीलाई श्री ५ रणबहादुर शाहले गरिदिएको लालमोहर

(श्री ५ रणबहादुरको प्रशस्ति)

आगे धन्या दमाइके श्रीगोरखनाथको नागारा हिजोदेखि तेरो रहेछ . आज पनि तँलाई थामिवक्स्यौं . नागाराका वखतमा नीत्य नैवित्य साज विहान नगारा गर्नामा रुजु रहि विगऱ्याको नागारा वनाई आफ्ना खातिज्मासंग नागाराको गुठ खेत मुरि ६० भोग्य गर्नु .

इति सम्वत् १८५४ साल भाद्रसुदि १२ रोज १ शुभम् ।

टिप्पणी :गुठी तथा तहवील कार्यालयमा रहेको पत्रवाट 'मनकामना' पत्रिकामा दिनेशराज पन्तवाट प्रकाशित भएको यो पत्र सोही स्रोतवाट साभार गरिएको हो ।

परिशिष्ट - १९ (ख)

श्री ५ गीर्वाणको लालमोहरको प्रति

(श्री ५ गीर्वाणको प्रशस्ति)

आगे वलभद्र जैसीके रत्नमनि जैसीको खायल गोर्खा पांषरिथोकका श्रीनारायेनको पुजा गुठिसमेत वक्स्यौं, परापुर्वका रीतीमीत नीत्यनैमीत्य पूजा चलाई हाम्रो जय मनाई सेष रह्याको भोग्य गर .

इति सम्वत् १८६७ साल मार्गसुदि ४ रोज ६ शुभम् ।

टिप्पणी :गुठी तथा तहवील कार्यालयमा रहेको पत्रवाट मनकामना पत्रिकामा प्रकाशित यो पत्र सोही स्रोतवाट यहाँ साभार प्रस्तुत गरिएको हो । यो पत्र गोरखा पोखरीथोकका नारायणलाई गुठी राखी सोको प्रयोग र उपभोगका लागि सम्वन्धित पुजाहारीलाई अधिकृत गरिदिएको व्यहोरासँग सम्वद्ध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २०

गोरखनाथको पूजाको लागि फूलवारी बनाउनेसम्बन्धी अभिलेख

श्री दुर्गा सहाय श्री गोरषनाथ २ श्री ५ को सरकार १

स्वस्ति श्रीकपतानकुलराजपांडेकस्य पत्रम् -

आगे . रुपनाथपुजाहारीके गोर्षा छिं छिं कालिमाटी छविस्या षेतको लिग तुल्को साध . पूर्व मूलबाटो . उत्तर अवाल लेकमायाको जगा . दषिन छविस्याको साध . पश्चिम गुठको साध . यति चार किलाभित्र पाथि १ मकैको विज जान्या जरगामा फल फुल लाई . फुलवारी वनाउनु १ बाट २ लाई पुजा जादा तेसै फुलवारिको फलफूल ल्याई चढाइ १ को जै मनाई फूलवारि वनाई जगाको चलन गर . ईति . सम्वत् १८९५ साल मिति मार्गवदि ४ रोज २ शुभम्.

(माथिको यो यौटा लालमोहोर गोर्खा गोरक्षनाथका पूजक आदित्यनाथ . वलरामनाथ योगी विशारदबाट प्राप्त भएको छ र श्री ५ पृथ्वीपतिसाहका पालादेखि -आशानाथ. सुन्रदनाथ. वहादुरनाथ. रूपनाथ. भुण्टुनाथ. काशीनाथ. झपरनाथ. गोपालनाथ आदित्यनाथ. विष्णुनाथ – बलरामनाथ. यसरी चेला नाती क्रम छ)

साभार : इतिहास प्रकाशमा सन्धिपत्र संग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २१

श्री ५ हरूले गोरखा कालिकाको दर्शन गर्नेसम्बन्धी अभिलेख

(गोर्षामा कालिकाको दर्शन गर्ने नियम)

श्री स्वस्ति श्री साके १४८१ मा गोर्षा श्री दर्वे साहा रजायाका हुन् -

थापना गरि. सुसाऱ्याजाचि : टहलमा राष्याका हुन्

श्री पृथिपतिसाह : श्री माईका दर्सन गऱ्याका हुन् ७

श्री पुरन् साहा : श्री माइका दर्सन् गऱ्याका हुन् १

श्री विरभद्रसाह: श्री माईका दर्सन गऱ्याका हुन् ८

श्री छत्र साहा : श्री माइका दर्सन गऱ्याका हुन् २

श्री नरभुपाललसाह : श्री माईका दर्सन गऱ्याका हुन् ९

श्री रामसाह : श्री माईका दर्सन गऱ्याका हुन् ३

श्री पृथिनारायण साह : श्री माईका दर्सन गऱ्याका हुन् १०

श्री डम्वर साह : श्री माईका दर्सन गऱ्याका हुन् ४

श्रीसिंहप्रतापसाह : श्री माईका दर्सन गऱ्याका हुन् ११

श्री कृस्न साह : श्री माईका दर्शन गऱ्याका हुन् ५

श्री रणवहादुरसाह : श्री माईका दर्सन गऱ्याका हुन् १२

श्री रुद्रसाह : श्री माईका दर्सन गऱ्याका हुन् ६

श्री गीर्वान्‌युद्धविक्रमसाह १३

श्री पंठा (जेठा) महारानि गोर्षा पालनु हुन्या उदी भैरहछ श्रीसाहेवजु पनि पालनु होला : श्री पंठा (जेठा) महारानि गोर्षा पालनु हुन्या उदी भैरहछ श्रीसाहेवजु पनि पालनु होला : त जेल्ह गोर्षाका देउ देउता सवैका दर्सन गर्नलाई हुकुम होला : अरू देउताका दर्सन गर्न : त जेल्ह भन्या पनि हुन्छ. श्री कालिका माइ ठूला दसै र चैत्र्या दसै : छ : छ मैन्हामा: गादिसिंघासनमा : चलाउछन्. तस् वेलामा श्री ५ माहाराजा टिकंत : पनि दिन्छ,चालि दर्सन गर्नु हुन्थ्यां : भनी वुढा वुढाहरूले वोल्याका सुन्याकोहां. श्री माइल्हा साहेवजु का विभा पाल्पामा : भैफिर्दा. गोर्षामा : राज गर्नु भयाका हां तस वेलामा : चैत्र्या दसै परं छ : माइल्हा साहेवज्यू. सुसाऱ्या थर घर सवै वसि सल्ला गर्दा. म त राजा हुन्या हैन : नानि न हां भनि साहेपिमा श्रीरणवहादुर साहवाट द्रर्सन् हुन्थ्यां : आज साहेव ज्यु पालनु भया देउताका दर्सन् गर्छु भनि हुकुम भया छ, छ, मैनामा ढोका उग्रन्या हां. हामि सुसाऱ्या थर घरले कसो गर्न्या जो हुकुम-

साभार : इतिहास प्रकाशमा सन्धिपत्र संग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २२

कास्कीमा गोर्खाका उपाध्याय ब्राह्मणलाई पुरोहित तुल्याउनू भन्ने

श्री ५ रणबहादुर शाहको पत्र

यसको नक्कल इतिहास प्रकाश सन्धिपत्र संग्रह पृ. ७२२ वाट लिइएको हो ।

श्री दुर्गा सहाय : १

स्वस्ति श्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली विराजमानमानोन्नत श्रीश्रीश्री महाराजे रणवहादुरसंम्सेरजङ्गदेवानां सदा समरविजयीनाम् लि.

स्वस्ति श्री सर्वोपमायोग्य श्री जयभद्र वांहराके आशिष. पूर्वकपत्रमिदं, याहां कुशल ताहां कुशल चाहिय. पत्र आयो. पत्रार्थ मालूमभयो : आगे यहांको समाचार भलो छ । उप्रांन्त सरदारसंग वसि कास्कीमा पजनी गर्‍याको फर्द र. दर्शन भेटको रुपैया चह्राइ पठाया छौं. रुपैयाँ १३५ फर्दसमंत दाखिल भयो. कास्कीको वाह्राहा उमरां साथ ली ठानाका सहारलाई हिंड्याछौं . वनायाछौ. चांडो . ठाना पुग. त्यां जगामा मितिलाई (तिमीलाई) द्वारि दियाको. त्यां जगह जमाउला वन्दोवस्त गरौला. भनि हो. वाभ्का रोपाव. मुलुक गुलजार गराव. हाम्रा वन्न्या सप्रन्या र. तिमीहरूलाई जस हुन्या आमदानी वढ्न्या अर्थ गर. वांकि. दसैंमा. पप्तरी. वटकुवारी फंवाली चाहिन्या रहंछ राष्याछौ वनायाछौ. तंवारि जैसि व्राह्मणकन अघि पश्चिमाका पाला जैसि पूजंदा रह्याछन त पनि. हाम्रा अमल भयापछि जैसि पूजनु छैन. हाम्रा गोर्षाको उपाध्या व्राह्मणलाई पुरोहित दि. दशैं गराव रांगा वोक्या वलि चाहिन्या सराजाम का अर्थकन. अघि तेस जगहमा राजा रहंथ्या र भारी पर्च हुन्थ्यो. आज र. थुमका सरह संग ५ रांगा ११ वोक्या. तंही माफिकको अरू पर्च लगाइ. दसैं गराव. वांकी पाङ्दूर वीर्‍यावस्न्यातलाई पोरका समय दियाको हो यस् समय पनि हाम्रा हजूरमा थमाउनी गरि गयो. तसैकन थामी वक्स्याको छ. थामी दंउ. इति सम्वत् १८४५ भाद्र वदि ४ रोज रात्रि घटि ५ मुकाम. काठमाडौं शुभम् -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २३

(प्रतिवेदनको दफा उपदफा (च) को (ओ) सँग सम्बन्धित

गोरखादरबारको थितिरीति

लिखितम गोरखादरवारका मुव्वा कविराज अधिकारी क्षेत्रीका छोरा फौद सिं अधिकारी क्षेत्री तनहुँ पुरकोटका वहिदार वृजलाल श्रेष्ट गोरखा पोखरीथोकहरू आग सो गोरखा दरवारमा अघिदेखि थितिरीतिले गरी चली आएका वर्ष दिन सम्म सालवसाल गर्नु गराउनु पर्न्या मामुलियत कामको यो यो वर्ष यो यो काम गर्नु गराउनु पर्छ भन्या गर्नु गराउनु पऱ्यो । काम तपसिलमा लेखियं दियाका छौं । साँचो हो गर्नु पर्न्या काम लेखि नदी नगर्नु पर्न्या काम लेखि दियाको ठहऱ्यो भन्या एेन सवाल सनद हुकम मर्जी वमोजिम वुझाउला भनी कामको लगत लेखि मुव्वा दीर्घ सिं गुरुङ मार्फत् गोरखा दरवारमा चढायाँ ।

तपसील

रितिस्थिति सम्वन्धी साविक दर साविक देखिको व्यवस्था	उक्त व्यवस्थामा साविककै कायम रहेको वा परिवर्तन आएको
१. वैशाख १ गतदेखि चैत्र २०. गते तक वर्ष १ मा गोरखा दरवारमा माल वसाल हुन्या काम ५३ वैशाख वदी ८ देखि चैत्रशुदी ८ तक वडा दशैं चैत्या दशैंसमेत अष्टमी २४ के पूजा खर्च पुरकोट गुठीका आम्दानीले पश्चिम ३ नं. वक्यौता तहसिल अड्डावाट पूजा खर्च चलाउनु पर्न्या १	कामहरू सवै यथावत चालू रहेको र आम्दानीको स्रोत काटिई सरकारी तर्फवाट रकम निकासा हुने गरेको ।
२. वैशाखशुदी ५ मा आफूआफूले गरी साविकमा गरिआयाका ठाउँठाउँमा जलधारा गरी नाचवार गर्नु भनी दहायवमोजिम हाकिमका उर्दी पूर्जी गर्नु पर्न्या काम १	यथावत् चालू ।
३. पस्लांग, मैदान रानाथोक दरवार उपल्लाकोट, पीपलथोकवाट कटुवाल कराउना लगाई उर्दी गर्न्या १	यथावत् चालू ।
४. हाकिम मुव्वाको, पूर्जी गरी सो पुर्जी कटुवाल जिम्मा दिन्या थुम १८ (१) मकैपूर (२) टक्सार चिसापानी (३) सातथर रीपथोक (४) छपटार वाहरा वसी (५) नाम्ले पानी अमराइ (६) खाप्लांग (७) उल्ट शिखर (८) संराकमलावारी (९) आंमडाँडा, कटेलडाँडा (१०) दुंश्री चिसापानी (११) महटार गाइखुर, (१२) कोंखे कोइन्या (	यथावत् चालू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३। मिमलगेरी (१४) घलाङ आंमचौर (१५) सातथर कुन्दुर (१६) डांडं (१७) अमराई कांब्रवांट (१८) फिनाम कुवापानी	
५. ए. मितिमा कौसीतांपाखानाबाट चैत्या दशैं पर्व लाई हस्तेवारी ल्यायाका खर्चका कसरी वाँकी मध्यवाट खर्च गरी पांखरी थांकका श्री पञ्चायन दवता श्री महादेवका थानमा जलधारा गर्न्या काम १	यथावत् चालू ।
६. वैशाखशुदी ८ मा समीछे पूजा गर्न भनी जलधारालाई उर्दी पूर्जी गर्न्या माथि लेखियाका ठाउँ थुमलाई लेखियावमोजिम हाकिमको उर्दि पूर्जी गर्न्या काम १	समीच्छे पूजा : गाउंवाट कालीलाई १ वांका र गारखनाथका निम्ति रोट उठाएर वैशाख शुक्ल अष्टमीमा गरिने पूजा यो पूजा नल्याउने गाउँलाई जरिवाना समेत गर्ने चलन थियो । हाल जरिवाना हुँदैन, १५-२० थुमवाट स्वच्छाले पूजा आउने गर्छ ।
७. दशमी तिथिमा लाखपत्र बगाउनलाई पीपलका पात ली साविक ठाउँमा धर्मा नदीमा सामेल हुन भनी जलधारालाई उर्दी पूर्जी गर्न्या माथि लेखियका ठाउँ थुमलाई लेखिया वमोजिमको उर्दी पूर्जी गरी कौसी तोपावाट चैत दशैं खर्चलाई हस्तेवारी ल्यायका खर्चको कसर वाँकी मध्येवाट खर्च गरी धर्मा नदीमा लाखपत्र वगाउने काम १	काम यथावत् चालू । थुमवाट सामान झिकाई उक्त काम गरिने प्रथा अन्त भई हाल २०२६ वाट वजेट निकासा भई कार्य सञ्चालन हुने गरेको ।
८. वैशाखशुदी १५ मा भण्डारा खुवाउना के खर्च कौसीतोषाखानावाट नगदी मोहरू १०।- हस्तेवारी ल्याई खर्च गरी भण्डारा खुवाउने काम १	हाल कौसीवाट रकम निकासा नभई ठेक्का व्यवस्था भई भण्डारा खुवाउने काम यथावत् चालू हुने गरेको ।
९.. साउने संक्रान्तिमा राँका पूजा के दियालो वीटा ४ दही ठेका १ टुसा मूठा ४	हाल कौसीबाट रकम निकासा नभई ठेक्का व्यवस्था भई भण्डारा खुवाउने काम यथावत् चालू हुने गरेको ।
१०. खारचोकवाट आउन्या कौसीतोषाखानाबाट चैतेखर्चलाई हस्तेवारी ल्यायाका खर्चको कसर वाँकी मध्येवाट खर्च गरी वढाई समेत गरी राँका पूजा गर्न्या काम १	हाल कौसीबाट रकम निकासा नभई ठेक्का व्यवस्था भई भण्डारा खुवाउने काम यथावत् चालू हुने गरेको ।
११. कौसीतोषाखानाबाट चैत्या दशैं खर्चलाई हस्तेवारी ल्यायाका खर्चको कसर बाँकीवाट श्रावणशुदी ५ मा खर्च गरी पूजा गरी दरबारमा नाग टाँस्ने काम १	हाल कौसीबाट रकम निकासा नभई ठेक्का व्यवस्था भई भण्डारा खुवाउने काम यथावत् चालू हुने गरेको ।
१२. सो माथि लेखियाका लाखपत्र बगाउँदा धर्मा नदीमा विंनी खोला कुमाल गाउँबाट खुदोको व्राह्मणहरूलाई	हाल कौसीवाट रकम निकासा नभई ठेक्का व्यवस्था भई भण्डारा खुवाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानी खुवाउना के माटाको गाग्रो ४ हाँडी १ ल्याउनु पर्न्या १	काम यथावत् चालू हुने गरेको ।
१३. श्रावणशुदी १ देखि ऐ. शुदी ४ तक दिन ४ सम्म भण्डारा खुवाउनाके थुमथुमवाट देहायवमोजिम आउने वलक र कौसीवाट नगदी मोहरू ११।२८ हस्तेवारी ल्याई खर्च गरी सां दिन ४ भण्डारा खुवाउने काम एक	२०२६ देखि श्री ५ महेन्द्रवाट थुमथुमवाट सामान आउने प्रथा अन्त भई वार्षिक एकमुष्ट रु. ।१५००।- निकासा दिई भण्डारा चलाउने गरेको ।

वलक ल्याउन्या थुम र वलक

१.	फुन चोके	०
	दही ठेकी	१
	तामा वीटा	५
	टुसा वीटा	६
२.	भीरकांट	१
	खीर घडा	१
	दही ठेकी	१
	माछा परम्गा	१
	केरा हाता	१
	सागपात	प्रशस्त
३.	ताङ्लीचांक	
	खीर परम्गा	१
	दही ठेकी	१
	तामा वीटा	१
	केरा घरी	१
	सागपात	प्रशस्त
४.	घ(घू ?) चोक	
	दही ठेका	१
	तामा गोटा	१
	टुसा वीटा	२
	सागपात	प्रशस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.	(खाल्ती ?) पाखरा	
	दही ठेका	१
	तामा वीटा	२
	सागपात	प्रशस्त
६.	आ (खा ?)न्चोक	
	दही ठेका	१
	तामा गोटा	१
	टुसा वीटा	१०
	सागपात	प्रशस्त
७.	बक्राङ	
	दही ठेका	२
	तामा वीटा	७
	केरा हाता	२
	सागपात	प्रशस्त
८.	खानचोक	
	दही ठेका	१
	तामा गोटा	१
	सागपात	प्रशस्त
९.	देउराली	
	दही ठेका	१
	तामा गोटा	१
	सागपात	सवै
१०.	भुँलीन्चोक	
	दही ठेका	१
	केरा घरी	१
	तामा गोटा	१
	सागपात	प्रशस्त
११.	गहाभक्तको धारा पानी	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	दही ठेका	१
	सागपात	प्रशस्त
१२.	घ्यालचोक	
	दही ठेका	१
	टुसा वीटा	७
१३.	स्याप्राक	
	खीर पेरम्गा	१
	दही ठेका	१
	केरा हाता	१
१४.	झारगाउँ	
	दही ठेका	३
	तामा वीटा	१
	सागपात	सवै १
१५.	खारचोक	
	दही ठेका	३
	तामा वीटा	३
	टुसा वीटा	३
	सागपात	सवै
१६.	वालुवा	
	दही ठेका	१
	तामा गोटा	१
	सागपात	सवै
१७.	मक्यासिं	
	दही ठेका	२
	तामा गोटा	६
	केरा घरी	१
	रूख कटहर	१
	भईकटहर	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सागपात	सवै
१८. सिरान्चोक राम्चे	
दही ठेका	१
तामा वीटा	१
सागपात	सवै
१९. धुनचोक	
खीर पेरम्गा	१
दही ठेका	१
तामा वीटा	२
माछा पेरम्गा	२
केराहाता	१
भुइँकटहर	२
सागपात	सवै
२०. सिलिङ तीनथर	
दही ठेका	३
तामा वीटा	६
केरा हाता	२
सागपात	सवै
२१. सिलमी	
दही ठेका	१
टुसा वीटा	७
सागपात	सवै
२२. सिंजुङ	
दही ठेका	१
टुसा वीटा	२
सागपात	सवै
२३. दु (द ?) वुंङ	
दही ठेका	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खीर पेरम्गा	१
तामा गोटा	५
केरा हाता	३
सागपात	सवै
२४. जराङ	
दही ठेका	१
तामा गोटा	१
सागपात	सवै
२५. खाल्पा	
खीर टपरी	१
दही ठेका	२
तामा गोटा	२
केरा हाता	२
सागपात	सवै
२६. खुर्पाजुङ	
खीर पेरम्गा	१
दही ठेका	१
तामा गोटा	४
केरा हाता	३
सागपात	सवै
२७. ग्याजी	
खीर पेरम्गा	१
दही ठेका	१
सागपात	सवै
२८. स्यार्तन माझथर	
दही ठेका	१
तामा वीटा	३
टुसा वीटा	५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सागपात	सवै
२९.. ताकु भञ्ज्याङ	
दही ठेका	१
माछा पेरम्गा	१
सागपात	सवै
३०. ठूलो ग्याजी	
खीर पेरम्गा	१
दही ठेका	१
तामा गोटा	१
सागपात	सवै
३१. सिरान्चोक थालाजूङ	
खीर पेरम्गा	१
तामा वीटा	३
सागपात	प्रशस्त
३२. अजीरगढ	
दही ठेका	१
तामा वीटा	४
टुसा बीटा	३
सागपात	प्रशस्त
३३. चीसापानी सिरान्चोक	
दही ठेका	१
टुसा वीटा	४
सागपात	प्रशस्त
३४. वुङकोट	
दही ठेका	१
खीर ठेका	२
तामा वीटा	१
सागपात	प्रशस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५. अश्राङ	
खीर ठोका	२
दही ठेका	३
तामा वीटा	५
केरा हाता	२
सागपात	प्रशस्त
३६. थयाल्चोक	
खीर पेरम्गा	२
दही ठेका	२
तामा वीटा	२
केरा हाता	१
रूख कटहर	२
सागपात	प्रशस्त
३७. च्याङली जफदी	
खीर पेरम्गा	१
दही घडा	१
तामा वीटा	१
केरा हाता	६
सागपात	प्रशस्त
३८. च्याङली झाक्रा	
खीर पेरम्गा	१
दही गउवा	१
तामा वीटा	३
केरा हाता	३
सागपात	प्रशस्त
३९. तीनभान्चो	
खीर टपरी	१
दही ठेका	१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केरा हाता	२
सागपात	सबै
४०. गाखु वासपुर	
खीर पेरम्गा	२
दही ठेका	२
केरा हाता	२
सागपात	सबै
४१. साना गाखु जमरल	
खीर पेरम्गा	१
दही ठेका	१
सागपात	सबै
४२. मसिल सातथर	
दही ठेका	२
तामा वीटा	४
सागपात	सबै
४३. पन्द्रुङ	
दही ठेका	१
सागपात	सबै
४४. देउराली जफदी	
खीर ठेका	२
दही ठेका	२
तामा वीटा	४
माछा पेरम्गा	१
सागपात	सबै
४५. ता (न ?) द्राङ धावा	
खीर पेरम्गा	४
दही ठेका	२
तामा वीटा	२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कटहर	१
सागपात	सवै
४६. धुवाकोट	
खीर पेरम्गा	१
तामा गोटा	१
माछा पेरम्गा	१
केरा हाता	३
सागपात	सवै
४७. हर्मी	
खीर पेरम्गा	२
दही ठेका	१
तामा गोटा	२
माछा पेरम्गा	२
केरा घरी	१
कटहर	१
सागपात	सवै
४८. स्यातार्न भंज्यांग	
दही ठेका	१
टूसा वीटा	८
सागपात	सवै
४९. चयानपुर	
दही ठेका	१
टूसा वीटा	१
सागपात	सवै
५०. अपुन	
दही ठेका	१
टूसा वीटा	६
सागपात	सवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५१. गाइखुर झाँक्रा दफदी	
खीर पेरम्गा	२
दही ठेका	२
तामा गोटा	६
केरा हाता	२
कटहर	१
सागपात	सवै
५२. ताकुकोट	
खीर घडा	१
खीर पेरम्गा	१
दही ठेका	१
दही घडा	१
तामा गोटा	१
माछा पेरम्गा	१
सागपात	सवै
५३. लिगलिग	
खीर घडा	१
खीर पेरम्गा	४
दही घडा	१
तामा गोटा	४
कटहर	२
रुखकटहर	४
खरवुजा	४
सागपात	सवै
५४. वयाक	
खीर ठेका	१
दही ठेका	१
केरा हाता	३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सागपात	सवै
५५. आरु	
खीर पेरम्गा	१
तामा गोटा	२
दही ठेका	२
माछा पेरम्गा	२
केरा हाता	४
कटहर	२
सागपात	सवै

१४. श्रावण भंडारालाई वलक ल्याउने मौजा ५५ का तालुकदारहरूको नाउमा लेखिया वमोजिम वलक श्रावण वदी ३० का दिन गोरखा दरवारमा ल्याई पुऱ्याउनु भनिपूर्जी लेखि हाकिमको छाप लगाई सो मौजा ५५ चौधरी जिम्मा दिन्या काम १	नं. १३ का सम्वन्धमा भएका व्यवस्था अनुसार प्रस्तुत दफा निस्क्रिय ।
१५. वडा दशैंको र चैत्या दशैंको खर्च कौसीतोसाखानावाट जिन्सी हस्तेवारी ल्याई सो खर्च गरी आस्वीन वदी ३० देखि ऐ. सुदी १० तक दिन ११ र आस्वीन शुदी १४।१५ दिन २ समेत दिन १३ वडा दशैं र चैत्र सुदी ८ अष्टमी दिन १ चैत्या दशैं गर्न्या काम १	यथावत् चालू ।
१६. वडादशैंमा आउन्या रंगैका राँगाके देहायका थुमथुमका तालुकदारहरुका नाउँमा भोगटनी वस्न्या नर नारायण र पद्यालथोक वस्न्या जोगराज श्रेष्ठहरूले लेखि ल्यायाका दरवारमा हाकिमको छाप लगाई ८१ रंगैका राँगा १ के मोहरू ४ का दर्ले राँगाको मोल समेत चौधरी जिम्मा दिन्या समेत थ काम १	हाल ठेका प्रणालीवाट रांगा झिकाउने गरेको ।

राँगा ल्याउन्या थुम र राँगो सो राँगाके मोल

बुर्टाट (वुंकोट ?) राँगा १ के रु. ४

लकुवा राँगा १ के रू. ४।-

आमीनचोक राँगा १ के रु. ४।-

तान्द्राङ राँगा १ के रु. ४।-

घ्यालचोक राँगा १ के रु. ४।-

खरी राँगा १ के रु. ४।-

फुजेल राँगा १ के रू. ४।-

खुर्पाजुङ राँगा १ के रू. ४।-

देउराली राँगा १ के रु. ४।-

च्याङली राँगा १ के रु. ४।-

दरभूङ राँगा १ के रु. ४।-

भी (भी ?) रकोट रागा १ के रु. ४।-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सीमजुङ १ के रु. ४।-

सल्यां (न ?) राँगा १ के रु. ४।-

मैधी राँगा १ के रु. ४।-

हंर्मी राँगा १ के रु. ४।-

ताङलीचोक १ के रु. ४।-

ताकु राँगा १ के रु. ४।-

तापल्या राँगा १ के रु. ४।-

लिगलिग राँगा १ के रु. ४।-

अश्राङ १ के रु. ४।-

धुवाकोट १ के रु. ४।-

नरनपल्चोके राँगा १ के रु. ४।-

ग्याजी राँगा १ के रु. ४।-

घे (घै ?) रुङ राँगा १ के रु. ४।-

सिरान्चोक १ के रु. ४।-

धादिंग राँगा १ के रु. ४।-

अजीरगढ राँगा १ के रु. ४।-

नागालपानी राँगा १ के रु. ४।-

ताक्लुं राँगा १ के रु. ४।-

लकाङ राँगा १ के रु. ४।-

रों राँगा १ के रु. ४।-

१७. सो रंगैका रागा नल्याई हर्जा नगरायामा नल्यायाजती राँगो ठेकेदारवाट ली काम चलाउन सो राँगा नल्याउने थुमका तालुकदारवाट चौधरो जिम्मावाट गयाको मोल विगो फितलो ठेकदारलाई भर्ना दिन्या र निज राँगो नल्याउन्या। तालुकदारलाई मोहरू ५।- जरिवाना गरी सो जरिवाना भयाका रुपियाँसमेत ठेकेदारले खाने १	हाल थुमबाट नभिकाई ठेक्का व्यवस्थाबाट भिकाइने गरेकोले प्रस्तुत दफा निस्क्रिय भइरहेको
१९. स्वस्ती श्री गोरखा दरवारका सुव्वा फलाना कस्य पत्रम १ आगे फलाना थुमका द्वारे थरी मुखिया कटवाल भलादमीहरूके यथोचित उप्रान्त सवाका मामुली गोरखा दरवारका वडादशैंलाई चाहिन्या रंगैका राँगा १ लाई दरवन्दीका मोल मोहरू ४।- र पूर्जी पठाई दियामा राँगा नल्याया वापत तिमीहरूका थुम गाउँलाई भयाको जरिवानाको मोहरू ५।- र यहाँवाटपठाई दियाको मालविगो मोहरू ९।- लिनालाई दस्तखत लेखी थर घर ठेकदारलाई पठाएको छ । तसर्थ दस्तखत देखत साविक दर साविक बमोजिम सो मोहरू ९।- दस्खतली आयन्यालाई वुझाई दिन्या काम गर इति संवत २०. वडादशैंको प्रतिपदाका दिनदेखि नवमीका दिनतक रोजिन्दा र चैते दशैंमा गुनकेशरीको फूल पद्यालथोके वस्न्या वहिदार जोगराज श्रेष्ठले ल्याउन पर्ने १	हाल धुमबाट नभिकाई ठेक्का व्यवस्थावाट भिकाइने गरेकोले प्रस्तुत दफा निस्क्रिय रहेको ।
२१ वडादशैंमा आफ्ना आफ्ना वखडाका बाटो सफा गर्नु भन्या कटुवाल कराउन लगाई उर्दी गराउने १	यथावत चालू रहेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२ कार्तिकशुदी १२ रोजमा पुर्कोट गुठका गुठीयारवाट गर्नु पर्ने न्वागी चलाउने १	गुठीवाट खाउने प्रथा बन्द भएको ठेक्कावाट सामान प्राप्त गरी काम यथावत चालू रहेको ।
२३. श्रावणशुदी १५ मा प्रोहितले गादीमा रक्षा प्रसाद चढाउन्या १ कार्तिकवदी १ रोज देखि ऐ. सुदी १५ रोज तक महिना एक सम्म पोखरोथोकका श्री पंचायन श्री गणेश श्री विष्णु श्री महादेवका थानमा अखण्डवत्ती वाल्न लगाउने रंगै.. ल्याउन्या थुमथुमवाट ल्याउनु पर्नेमालको सो थुमका तालुकदारका नाउँमा नरनारायण श्रेष्ठ भोगटेनी वहिदार जोगराज पद्यालथोकहरुले लेखि ल्यायको दस्तखतमा हाकिमको छाप लगाई सो दस्तखत निजहरू जिम्मा दिन्या काम ।	यथावत् चालू रहेको रंगे (कर) को रूपमा थुमथुमवाट आउने प्रथा ०२६ वाट बन्द भइ ठेक्का वाट सामान प्राप्त भई काम
२४. वडादशैंमा प्रतिपदाका दिनदेखि सप्तमीका दिन तक रोजीन्दा श्री ७ देवताका प्रसाद र अर्जी काठमाडौं श्री ५ सरकारमा पुरयाउन पर्न्या ..हायामा लेखियाका थुमको व्राह्मणहरुले लेखियाका दिन लि जाने १	व्राह्मणमार्फत फूल प्रसाद जाने प्रथा २०१८ वाट अन्त भई हाल हुलाक द्वारा पुऱ्याइने गरेको ।

प्रसाद ली जान्या थुम र व्राह्मण

२५. प्रतिपदा छोप्राकका उपाध्याय जना २
द्वितीया हर्मीका उपाध्याय जना २
तृतीया लिगलिगका उपाध्याय जना २
चौथी मीरकोटका उपाध्याय जना २
पंचमीका लंकाङ व्राह्मण जना २
सप्तमी धुवाँकोट देउरालीका उपाध्याय जना २

२६. सो पाध्य व्राह्मणहरू नआई अड्काउ भै रहेको प्रसाद अर्जी आश्विनशुदी ८।९।१० दिन दिन ३ को प्रसाद अर्जी समेत पशुपतिका सुसारे ले सो माथि लेखियाका ठाउँमा पुऱ्याउन पर्न्या सो दशमीका दिन एकैपटक ली जान्या १	साविकवमोजिम पशुपति सुसारे मार्फत् पठाइने क्रम चालू रहेको
२७. सो प्रसादहरु पुऱ्याउन जानाके सो माथि लेखियाका थुमका तालुकदारका नाचाउमा लेखिएका दिन दिनमा लेखियाका व्राह्मणहरू यस दरवारमा आई पुग्न्या गरी पठाई दिनु भन्या पूर्जी लेखि हाकीमको छाप लगाई सो पूर्जी चौधरी जिम्मा दिन्या काम १	थुमथुमवाट व्राह्मण भिकाउने प्रथा हाल बन्द भएको ।
२८. सो प्रसाद व्राह्मणहरूले लेखियाका दिन दिनमा नआई काम अड्काउ गऱ्या भन्या सो	नं. २७ को व्यवस्थावाट प्रस्तुत दफाको व्यवस्था निस्क्रिय रहेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अड्काउन्या धुमका तालुकदारलाई माहरू ४।- जरीवाना गरी सो जरिवानाको रुपैयाँ आयाको प्रसाद अर्जीसमेत ली श्री ५ सरकारमा पुऱ्याउन जान्या पशुपतिका सुसारेले खान्या १	
२९. प्रसाद अड्काउन्या थुमका तालुकदारका नाउमा प्रसाद अड्काया वापत रु. ५।- जरिवाना दस्तखतवालालाई दस्तखत भनी देहायका ढाँचावमोजिम दस्तखत लेखि हाकिम सुव्वाको छाप लगाई सो दस्खत पशुपतिका सुसारे जिम्मा दिन्या १	नं. २७ को व्यवस्थावाट प्रस्तुत दफाको व्यवस्था निस्क्रिय रहेको ।
श्री ५ सरकार स्वस्ती श्री गोरखा दरवारका सुव्वा फलाना कस्य पत्रम.. आगे फलाना थुम गाउँको द्वारे थरी मुखिया कटुवाल भलादमीहरु के यथोचित उप्रान्त सदाका मामुली गोरखादरवारका वडादशैं फलाना दिनका प्रसाद श्री ५ सरकारमा पुऱ्याउन जान नआया वापत तिमीहरुका थुम गाउँलाई भयाको जरिवानाका मोहरू ५।- लिनलाई दस्तखत लेखि मानिस पठाएको छ । तसर्थ दस्खत देखत साविक दर साविकवमोजिम जरिवाना मोहरू ५।- यो दस्तखत ली आउन्यालाई पठाई दिनु काम गर इति सम्वत्	नं. २७ को व्यवस्थावाट प्रस्तुत दफाको व्यवस्था निस्क्रिय रहेको ।
३०. चैत दशैं दिन १ प्रसाद पुऱ्याउन्यामा पशुपतिका सुसारेले पुऱ्याउन जानु १	यथावत चालू रहेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१. सो वडादशैं चैत्या दशैंका प्रसाद लेखियका दिन दिनमा पठाउँदा दी अर्जीसमेत हनुमाने ढोका दाखिल गर्न मन्महाराजाधिराजका हजूरमा १ प्रसाद जान्या सरकार श्री ५ महाराजाधिराजका हजुरमा श्री ५त्र महारानीका हजुरमा श्री ३ महाराजका हजुरमा	यथावत चालू रहेको ।
३२. वडा चैत्या दशैंका हकमा देहायका लेखियाका दिन दिनमा प्रसाद देहायाना लेखयाको ढावावमोजिमको अर्जी प्रसादका साथमा पठाउनु पर्‍या १ आश्विन सुदी १ देखि सप्तमीसम्म रोजोन्दा श्री ७ देवताको अर्जी उप्रान्त हजूरमा पूण्य प्रतापले गोरखा वडादशैंभित्र वाहिर सव वढोया भयो अष्टमी नवमी टीकाका दिनको श्री को र अरु देवता कन्या कुमारका प्रसाद चरणोदक कन्या कुमारको चरणादक इन प्रोहित, सुब्वा सेवक, थर घर सबै सुसारेहरुको वेदोक्त शुभशुभ आसिरवाद कोटो कृणोस वदन्तो सलाम सलाम इति संवत .... वेतेदशैंको श्री ७ देवता अर्जी उप्रान्त हजुरका पुण्य प्रतापले गोरखा चैत्रसुदो ८ रोज चैत्याअष्टमी दशैंभित्र वाहिर सव वढीया भयो । भित्र श्री को र अरु देवदेवता कन्याका प्रसाद चरणोदक कन्या कुमारका चरणोदक राँगा, वोका काटियाका फर्द चडाई पठायाको छु । दाखिल होला विज्ञसु किमथिकम व्यहोरा माथिको आज सदर इति संवत साल मिति चैत्रशुदी ९ रोज शुभन्	यथावत चालू रहेको ।
३३. आश्विनशुदो १५का दिन राँगा वोका काटियाको फर्दर अर्जी रिपोर्टसमेत देहायवमोजिम जाहेर गर्‍या काम १ श्री ५ महाराजाधिराज सरकारका हजुरमा इलाकद्वारा हजुरमा चढाई दाखि गर्‍या ।	यथावत चालु रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जी ... उप्रान्त हजुरका पुण्य प्रतापलें गोरखादरवार आश्विनशुदा ८।८।१० का दिनतक काटियाकांख रांगा ८ प्रतिपदाका दिनदेखि पूर्णीमाका दिनतक काटीयाको वोका समेतको फर्दसमेत यसैमा गामी जाहेर गऱ्याका छौं दाखिल होला विज्ञेसु किमधिकम् इन प्राहित सुव्वा सेवक वोहरा लाघा सव सुसारहरु भक्त आसिरवाद कोटाकोटो कुर्णस वंद धी सलाम मलाम इती संवत ...	
३४. श्री ३ महाराजा कमपाण्डर चांफको हजुरमा वडा दशैं कम्वेस कोटा श्री ५ सरकार अर्जी चढाई पठाएको व्यहोराको जंगी अड्डामार्फत् हुलाकद्वारा रिपोर्ट जाहेर गर्नुपर्ऱ्या १	हाल श्री ५ महाराजाधिराजका राजकीय सम्पत्ति राजकीय सम्पत्ति कोप विभागमा जाहेरी पठाइन्न गरेको ।
३५. श्री ३ महाराजको कम्पाण्डर इन चांफका हजुरमा चेत्या दशैमा कम्वेसकोट श्री ५ सरकार अर्जी फर्द पठायाको व्यहोराको जंगी अड्डामार्फत् हुलाकद्वारा रिपोर्ट जाहेर गर्नुपर्ऱ्या १	,, ,,
३६. वडादशैलाई नेपाल हनुमानढोकावाट निलकमल १ रक्त कमल १ गुनकेशरी १ पान मुठा १, तयर दुहुना २ हुलाकद्वारा चलान भै आउन्या	हनुमानढोकावाट गत ५ वर्षदेखि निकासा हुन छाडेकाले गोरखादरवारलाई उक्त सामान जुटाउन समस्या परेको ।
३७. वडादशैं नवमीका दिन कन्या भोजनलाई सदा कालीन दहीहरु, चरा, माछा, केरा, कटहर, सागपात प्रसस्त गरी सप्तमीका दिन गोरखादरवारमा आई पुग्न्या गरी पठाई दिनु भनी देहायका शुभका तालुकदारका नाउमा पुर्जी लेखि हाकिमको छाप लगाई सो पुर्जी चौधरी जिम्मा दिन्या काम १ सिमजुङ १, लकाङ १, ताप्ल्या १, हर्मी १, वुंकोट १, लिगलिग १, धुवाँकोट १, तान्द्राङ १, अजीरगढ १, देउराली १, सीरानचोक १, भीरकोट १, अश्रा १, च्याङ्लो १, घेमङ १	थुमका तालुकदार मार्फत् सामान झिकाउने प्रथा २०२६ देखि अन्त गरी ठेक्कावाट सामान प्राप्त गरी काम चालू राखिएको
३८. वडादशैं र चेत्यादशैं साउने भंडारालाई मोटा सुक्याको १।१ भारी दाउरा ली खनखवासको साथ लागि गोरखादरवारमा आश्विन वदी ३० का दिन चैत्रशुदा ७ का दिन ल्याई पुऱ्याउनु भनी देहायका थुमका तालुकदारका नाउमा पूर्जी लेखि हाकिमको छाप लगाई	,, ,,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सो पुर्जी खनखवासको जिम्मा दिन्या १ धुन वडादशैं चैत्यादशैंको र उासने भंडारा बघुवा १, चराङ १, पन्द्रुङ १, ताकु मेहेलबोट १, ताकुडाँडा गाउँ १, बालुवा १	
३९. वडादशैंकै समीदाको दाउरा भारी ४ फुजेल कावरा थुन गाउँले ल्याउने सो थुनले ल्यायाको दाउराले नपुग्याकामा सर्कारीया बनमा कटाई काम चलाउनु पर्न्या १	„ „
४०. गोरखा वडादशैंमा फूलपाती लिन जान्या मूलबाटो आफ्ना वखडा सफा फाँडी जायाको बाटो आश्विन वदी ३० का दिन जम्मा भै आई बाटो बनाउने काम गर्नु भनी देहायका थुमका तालुकदारका नाउमा पुर्जी लेखी हाकीमको छाप लगाई सो पूर्जी कटुवाल जिम्मा दिन्या काम १ कोरने चोखर केउरानी उल्टे गाउँ १ विरिन्चोक सातथर गाउँ १	थुमका तालुकदार मार्फत् नभई हाल पञ्चायतमार्फत् गराउने गरिएको ।
४१. वडादशैं कै नेपालबाट आउने प्रोहितले देहाय बमोजिमको माल ल्याउने नैनकालाट गज-५, कासीवाल थान १।१, एकै रंगा गउन २॥, कोरा गज ३॥, पगरी थान-३, नरिवल गोटा ५, सीनदूर तोला १, सुपारी तोला २, धूप गोटा १०, बदाम तोला १, भरोच तोला १, ल्वाङ तोला ॥	यथावत चालू
४२. वडादशैं कै देहाय बमोजिम खड्गपूजाको चोवल आउन्या जग्गा भनी मामुलों खेत मुरो । ४० के घान पुरो १५ को चावल भुरो ।४ आउनन्या सातथर गाउँबाट चावल पाथी ।१५ आउने १	सातथरबाट चामल आउन छाडी सोको लागि ठेकामा सभावेस गरिएको र अरु ठाउँमा यथावत आईरहेको ।
४३. वडादशैं के देहाय बमोजिम खड्ग पूजाको चावल आउन्या जग्गा भनी मामुलों खेल मुरो ।४० कै घान भुरो १५ को चावल भुरो ।४ आउन्या सातथर गाउँबाट चावल पाथी ।१५ आउने १	सातघरबाट चामल आउन छाडी सोको लागि ठेकामा सभावेश गरिएको र अरु ठाउँमा यथावत आइरहेको ।
४३. जंगीअड्डामार्फत् रिपोर्ट जाहेर गरी निकासा गराई वडादशैं चैतेदशैं साउन्या सक्रान्तिमा बढाई गर्नाके पश्चिम १ नम्बर नुवाकोट बारुदखानाबाट पाथी । २ हस्तेवारी ल्याउनुपर्न्या १	नुवाकोटबाट बारुद आउनेको सट्टा गोरखा व्यारेकबाट प्राप्त हुने गरेको ।
४४. आश्विनशुदो २ देखि ७ तक रोजिन्दा धोलाङको	माझिहरुले पाउने साविक दस्तुरबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माझीहरु दरौदोंको माछा ल्याउनु पर्न्या १	चित्त नवुझी केही वर्षयता माछा ल्याउन छाडेको (दस्तुर वृद्धि गरी पुन: झिकाउनुपर्ने) ।
४५. आश्विनशुदां ७ का दिन फूलपाती के वोर्लाङका माझिहरुले वोर्लाङ के माछामार ल्याउनु पर्न्या १	,, ,,
४६. बुंकोटघाटको माझीहरुले कन्या भोजनमा समेत माछाको भार ल्याउनु पर्न्या १	साविकवमोजिमको आउने गरेको (यिनीहरुको समेत दस्तुर वृद्धि गरी पुन: भित्राउनुपर्ने) ।
४७. सातथर कुंदुरका कुनालहरुले हाडी गाग्रोको भार ल्याउनुपर्ने १	,, ,,
४८. दरांदीको सगुनलेले फूलपातीमा माछाको भार ल्याई निजैले सो फूलपातीमा भार वोक्न पर्न्या १	,, ,,
४९. सत्यान्टारको कुनालहरुले गाग्रो केराको भार ल्याउनुपर्ने १	,, ,,
५०. सत्याङटारको कुनालहरुले फूलपातीका दिन पूर्ण घडाको चोखो पानी ल्याउनुपर्ने १ ।	,, ,,
५१. चैत्या दशैंमा देहायवमोजिम्को भार ल्याउनु पर्न्या १ कुंन्दुरटार कुनालहरुले हाडी गाग्रोको भार ल्याउनु पर्न्या १ दरौटारवाटहाडी गाग्रीको भार ल्याउनु पर्न्या १ खान्चोकघाट केराको पातको भार ल्याउनुपर्ने १	यथावत् चालू रहेको । भार आउन छाडेकोले यसको समेत दस्तुर वृद्धि गरी पुन: कायम गर्नुपर्ने वा ठेक्कामा समावेश गरी सामान प्राप्त हुनुपर्ने ।
५२. वडादशैं चैत्यादशैं के तेलहरु र वडादशैंका कालरात्री भद्रकालीका वोका, चौधरी मार्फत् खरिद गर्नु पर्न्या १	हाल ठेक्कादरवाट प्राप्त हुने गरेको ।
५३. वडादशैं चैत्यादशैं के भैरव वली सुगुर र वडादशैंक सतारख राँगा वोका गराउन पर्न्या काम १	,, ,,
५४. वडादशैं चैत्यादशैं के राना के मोरु ४ वोका, भेंडा १ के मोहरु २।५० को दर्ले चाहिने । मोहरु रुपियाँ र देहायका ढाचावमोजिम जिल्ला जिल्ला, गाउँ गाउँका तालुकदारका नाउमा दस्तखत लेखि हाकिमको छाप लगाई सो दस्तखत समेत ठेक्कदार जिम्मा दिन्या काम १ दस्तखतको ढाचा	,, ,,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

गोरखा दरवारका सुव्वा फलाना कस्यं भवन .... १ आगे फलाना थुम गाउँका दार थरा मुखिया कटुवाल भलाआदमीहरु के यथोचित उप्रान्त सदाका मामुली गोरखादरवारका पलाना दशैंलाई चाहिन्या राँगा, वोका खरिद गर्नालाई सर्कारवाट वक्स्याको दलरवन्दीका मोल राँगा १ के मोहरु ४, वोका, भेंडा के मोहरु १।५० का दर्ले मोल रुपियाँ र दस्तखत लेखि दि थर घर ठकदार फलानालाई खटाई पठायाको छ । तसर्थ दस्खत देखन तिमीहरुका गाउँ घर गांठ खोरमा भयाको चखो ठरो ठूलो वलियो वर्कनदेखि उभोको राँगा, वोका खसी खास लेखाए मोल ली दिन्या काम गर लेखिया वमोजिम नगरी थर घर ठेक्कादारले मेरो ठहराई पक्रयाका राँगा, वोका सर्कारवाट वक्स्याका दरवन्दीका मोल रुपियाँ दिया पनि नदी हुल दंगा गर्न्या र राँगा, वोका, भेंडा, वुंगरको दशैंको काम हर्जा भयो भन्या एन थिति हुकुमवमोजिम जिम तिमिहरुले वुझाउनु पर्छा इति संवत ।	
५५. फूलपातीमा भार वान्नाके उखु फूलपाती पसर्ने ठाउँमा सांढी गोढन्याले ल्याउनु पर्न्या १	यथावत् चालू
५६. वडादशैं चैत्या दशैं समेत पर्व पर्वमा खर्च गर्नाके अरु माल थान चामल समेत जागीरदारहरु लगाई खरिद गर्नु पर्न्या १	" "
५७. महटारेलाई हाकिम सुव्वाको उर्दी पूर्जी गरी पूर्वपश्चिम जान्या मुलवाटो निमेल दोभान थर्मा नदीमा कात्तिक महिनामा निज महटारेहरुले पुल वनाउनु पर्न्या १	हाल ठेक्कामा समावेश गरी प्राप्त हुने गरेको हाल समय परिवर्तनअनुसार आवश्यक नभई गोरखा दरवारवाट जिम्मेवारी पञ्चायतमा सरेको ।
५८. दुनियाको खेतीवाली खान नपाउने गरी गाईं भैंसी, वाखासमेत वस्तुभाउ ठ गोठाला लगाई चलाउनु भनी वैशाखमा गोरखा शहरका साधु भाई कटुवाल कराउन लगाई उर्दी गर्न्या १	यथावत चालू
५९. वडादशैं चैतदशैं समेत अष्टमी अष्टमीमा श्री कालीका भवानीमा पूजा गर्दा अगि देखि गरी चली आयाका थितिवमोजिम जुनजुन वखतमा जसजसको पूजा लाग्न्या हो सो अघिदेखि गरी चली आयाका थितिवमोजिम पूजाहारी सुसारेहरुले पूजा लगाउनु गर्नु पर्न्या १	" "

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६०. अघिदेखि थिति रीतिले आफू आफूले गरी गराई आयाको काम काज साविक घर साविक देखि जजस्ले जुनजुन वर्षमा जे जे काम काज गरी गराई आयाको हो सो बमोजिम गर्नु गराउनु भनी पूजाहारी सुसाचरे कामदार कारीन्दाहरु गैह्रलाई हाकिमले उर्दी दिन्या काम १	,, ,,
६१. अघिदेखि सवाल सनद केही नभै थिति रीतिले मात्र साविक दर साविकदेखि गरी चलाई आयाको काम हुनाले गर्नु गराउनुपर्ने पर्व काम यस्मा लेखन छुटेको देखियामा काम अड्काउन नहुन्या हुनाले पूजाहारी सुसारे कामदार कारीन्दाहरु गैरह बुझी काम अड्काउ नगरी थितिरिति साविक दर साविक बमोजिम काम चलाउनु पर्न्या १	,, ,,
६२. वडादशैं के सातथर आउने बोका ४ र सोली १ भान्द्रो २ दही ठेको १ केरा, कोसा १ इति संवत १९६३ साल मिति आषाढ गते १७ रोज ७ शुभम्	साथ थरवाट झिकाउने प्रथा २०२६ वाट अन्त भई ठेक्कामा समावेश गरी प्राप्त हुने गरेको ।

साभार : गोरखादरवारको यो पुरानो अभिलेख पुरातत्व विभागको प्रतिवेदनबाट साभार गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २४

मा· प्रोहीत· रघुनाथ·

आगे· पुरोहीत· हेमलालके· लक्ष्मीनाथ· भट्टराईले· आयेल· गोर्खा· दसैं· वरषा आदे·
पुरा सो· गुठी· पुरकोट· धमल· गापात· स्मेत· वक्सौं· परापुर्वका रीतसीत· दसैं २र·
अरु अष्टमी· पुजा· गुठी चलाए· शेष वाक्यो· रकमले· श्राद्धा· खातेर· भामोत·
भोग्य गर· इतिमीतीसदर · - —— —— —— ——

टिप्पणी : प्रस्तुत पत्र गोरखा दरवारको पौरोहित्य परम्पराको अध्ययनक्रममा महत्त्वपूर्ण रहेको प्रतीत हुन्छ । आजसम्म पनि कुनै न कुनै रूपमा गोरखादरवारकी श्रीभवानीको दशैंघर पूजाका क्रममा मूल पुरोहितका रूपमा काम गर्दै आएका भट्टराई परिवारका व्यक्तिहरूले कमसेकम आजभन्दा १६५ वर्ष पहिलादेखि नै उक्त कार्य गर्दै आएको देखिन्छ । प्रस्तुत पत्रवाट अधिकृत गरिएका पुरोहित हेमलाल समेत भट्टराई परिवारका रहेका र निजलाई गोरखादरवार श्रीभवानीको २ वटा दशैं (चैतेदशैं र वडादशैं) र प्रत्येक महिनाका अष्टमीहरूको पूजाकाम चलाएवापत परापूर्वमोजिम तनहुं पुरकोटको गूठीवाट आउने लगापातसमेत सम्पूर्ण आयस्ता खानू भनी राजावाट लालमोहर गरिदिएको देखिन्छ ।

गूठी अभिलेखवाट उतार गरिएको उक्त पत्रमा इति मिति सदर भनिएको छ र सो पत्रभन्दा माथि हेर्दा "संवत् १८९० साल पौषवदी १४ रोज ५" लेखिएको देखिएकोले यो अख्तियारनामा कमसेकम पनि आजभन्दा १६५ वर्प पहिला अर्थात् संवत् १८९० मा गरिदिइएको वुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट - २५

भीमसेन थापाको पत्र

श्री :

स्वस्ति श्रीजनरलभिमसेनथापाकस्यपत्रम् -.

आगे गोर्षाका थरघर सहरवासी टक्सार विरिंचोक षोपलाङ्कोष्या केउऱ्यानी गैह्र सवके यथोचित्.

उप्रान्त्र गोर्षामा भक्त्या विग्रयाको बनाउनुपर्छ भन्नाका निमित्त तीम्हरूलाई अन्यत्रको झाग्र माफ भयाको छ. तसर्थ पोषरी पनि पुरी विग्री रहेछ गरे सुवा तारानिधि पन्तका सल्लाहसंग पोषरी सोहरसाहर पारी भाच्याको मौलो फेर्न्या काम चांडो गर, येस् कुरामा तनमन (न) लाई जो गाफील भैरहला. उसलाई दंड होला.

इति संवत् १८८५ साल मिति वैशाष शुदि १४ रोज २ शुभम् ।।

(क. कृष्णराज पन्तको सौजन्यवाट प्राप्त, यसको मूलप्रति उहांसंगै छ सं.)

टिप्पणी : प्रस्तुत परिशिष्ट २५ को पत्र पुराना गोरखा शहरवासीलाई जनरल भीमसेनथापाले अन्यन्त्रका रैतीले भन्दा विशेष सुविधा पाएका कारण उनीहरूले गोरखादरवारक्षेत्रका मठ, मन्दिर, मौलोको रेखदेख सम्भार गर्नमा सघाउ पुऱ्याउलान् भन्ने उद्देश्यले दिएको सम्झाउँदै अव उप्रान्त त्यस्तो काममा उदासीनता देखाउनेलाई सजाय हुने सूचनासमेत गर्दै लेखिएको छ । प्रस्तुत पत्र यहां पूर्ववत् मनकामना पत्रिकाबाट उद्धृत गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र-संस्कृत विश्वविद्यालयका महत्त्वपूर्ण

प्रकाशनहरू

	पुस्तक	लेखक/सम्पादक	मूल्य
१.	स्कन्दपुराणस्य अम्बिकाखण्डः	सं. श्रीकृष्णप्रसाद भट्टराईः	१२५/-
२.	कालचक्रान्तर्गतो ज्यौतिषभागः	सं.प्रा. श्रीनयराजपन्तप्रभृतयः	५०/-
३.	रामराज्यम्	ले. श्रीपूर्णप्रसादब्राह्मणः	२५/-
४.	षड्दर्शनीसङ्ग्रह :	ले. श्रीजापराजः, सं. डा. श्रीदीर्घराजघिमिरे :	३०/-
५.	जनकदर्शनम्	ले. डा. स्वामी रामानन्दगिरिः	११५/-
६.	श्रीकृष्ण श्रीरामचरितादर्शः	ले. श्रीपूर्णप्रसादब्राह्मणः	३५/-
७.	श्रीकृष्णचरितामृतम्	ले.पं. श्रीदधिराममरासिनिः	२०/-
८.	स्तवमाला	ले.पं. श्रीदधिराममरासिनिः	३०/-
९.	पदार्थीयदिव्यचक्षुः	ले. श्रीसुमतिरुमापतिः, सं.प्रा. श्रीरामेश्वरशर्मा	४५/-
१०.	हरिकेलिमहाकाव्यम्	ले. श्रीवंशमणिः, सं. डा. श्रीवेणीमाधवढकालः	२००/-
११.	श्रीस्वर्गद्वारी महाप्रभुचरित्र	ले. श्रीदुर्गादत्तपौड्यालः	४५/-
१२.	संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थः	सं. प्रा. श्रीशिवहरिमरहट्टाप्रभृतयः	२४०/-
१३.	संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)	ले. सह. प्रा. श्रीनीलमणिढुङ्गानाः	५२/-
१४.	संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)	ले. सह. प्रा. श्रीनीलमणिढुङ्गानाः	५०/-
१५.	आशौच विवेचन	ले. प्रा.डा. श्रीरामचन्द्रगौतमः	७५/-
१६.	मधुरिमा (संस्कृतकवितासङ्ग्रहः)	सं. सह प्रा. श्रीभागवतशर्मप्रभृतयः	२५/-
१७.	गण्डकीगौरवम्	ले. श्रीउमानाथपन्थी, सं. डा. श्रीवेणीमाधवढकालप्रभृतयः	३०/-
१८.	श्रीरामचरितामृतम्	ले. श्रीदधिराममरासिनिः, सं. डा. श्रीवेणीमाधवढकालप्रभृतयः	५०/-
१९.	साहित्यप्रवेशिका	ले. प्रा. श्रीतीर्थराजसुवेदिप्रभृतयः	५०/-
२०.	व्याकरणप्रवेशिका	ले.प्रा. श्रीस्थानेश्वरगौतमप्रभृतयः	१००/-
२१.	श्री ५ वीरेन्द्रगद्दीआरोहणरजतमहोत्सव स्मारिका	सं. प्रा. श्रीस्थानेश्वरगौतमप्रभृतयः	१००/-
२२.	कर्मकाण्डभास्करः	ले. श्रीदधिराममरासिनिः, सं. डा. श्रीवेणीमाधवढकालप्रभृतयः	२१५/-
२३.	संस्कृत-नेपालीशब्दकोशः	ले. श्रीकुलचन्द्रगौतमः, सं. डा. श्रीवेणीमाधवढकालप्रभृतयः	२६५/-
२४.	तन्त्रचिन्तामणिः पूर्वभाग :	ले. श्रीनवमिसिंहः, सं. प्रा. श्रीविद्यानाथोपाध्यायः	२९०/-
२५.	गोरखा दरवार क्षेत्रको सांस्कृतिक पक्षः यसको उद्‌भव र विकास	श्रीलोकप्रसादभट्टराईः	२८५/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal